—– घाँसको लागि लगाइएको मकै (हेर्नुहोस् ०११९)

## 0112 धानको उत्पादन (Growing of rice)

धानको उत्पादन (प्रांगारिक तथा आनुवांशिक खेतीसमेत) यस समूहमा पर्दछन्।

– धान बाली

- चैते धान
- बर्षे धान

- घैया धान

## 0113 तरकारीबाली, खरबुजा र कन्दमूल उत्पादन

**(Growing of vegetables and melons, roots and tubers)**

तरकारी खेती, खरबुजा, जरामा फल्ने र कन्दमूलहरूको निम्न उत्पादन यस समूहमा पर्दछन् ।

– पात तथा काण्डका तरकारी बाली
  - कुरिलो
  - बन्दाकोवी
  - काउली, ब्रोकाउली
  - चाइनिज साग
  - रायोको साग
  - चम्सुरको साग
  - पालुङ्गोको साग
  - अन्य सागपातहरू

– फल लाग्ने तरकारी बाली
  - काँको
  - भण्टा
  - गोलभेडा
  - तरबुजा
  - खरबुजा
  - अन्य फल लाग्ने तरकारीहरू

– कन्दमूल बाली
  - गाजर
  - सलगम
  - लसुन
  - प्याज
  - हिउँदे आलु, वर्षे आलु
  - तरुल
  - सखरखण्ड
  - पिँडालु
  - अन्य कन्दमूल बाली

– फूल वा सजावटका बिरुवाहरू

– च्याउ र ट्रफ्लेक्सको उत्पादन

– तरकारीको बीउ उत्पादन, चुकन्दरबाहेक

– चुकन्दरको उत्पादन

– अन्य तरकारीहरूको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

○ च्याउको बीउ उत्पादन (हेर्नुहोस् ०१३०)

○ खुर्सानी, मरिचका साथै अन्य सबै मसला बाली उत्पादन (हेर्नुहोस् ०१२८)

**0114 उखुको उत्पादन (Growing of sugar cane)**

निम्न उत्पादन यस समूहमा पर्दछन् ।

- उखुको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

○ चुकन्दर उत्पादन (हेर्नुहोस् ०११३)

**0115 सुर्तीको उत्पादन (Growing of tobacco)**

सुर्तीबालीको उत्पादन यस समूहमा पर्दछन् ।

- अप्रशोधित सुर्तीको उत्पादन

**0116 रेसा आउने बालीको उत्पादन (Growing of fibre crops)**

कपास, जुट, केतुकी, अल्लो, पाटजस्ता रेसा वा धागो आउने बालीहरूको निम्न उत्पादन यस समूहमा पर्दछन् ।

- कपास
- जुट
- सन्पाट
- केतुकी
- अवाका (केरा प्रजाति)
- अल्लो
- रेसा आउने अन्य बालीहरू

**0119 अन्य अस्थायी बालीको उत्पादन (Growing of other non-perennial crops)**

अन्यत्र उल्लेख नगरिएका अस्थायी बालीहरूको निम्न उत्पादनहरू यस समूहमा पर्दछन् ।

- घाँस बालीहरू
- चिनीजन्य वनस्पतिको बीउ उत्पादन (चुकन्दरबाहेकका)
- फूलको कोपिला, सबै फूलहरूको उत्पादन
- फूलको बीउ उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

○ सूर्यमुखीको बीउ उत्पादन (हेर्नुहोस् ०१११)

○ अस्थायी मसालाबाली, सुगन्धित, औषधीजन्य बाली उत्पादन (हेर्नुहोस् ०१२८)

**012 स्थायी बालीको उत्पादन (Growing of perennial crops)**

यस समूहअन्तर्गत स्थायी बालीको उत्पादन पर्दछन् । एक पटक उत्पादन लिएपछि पुनः रोप्न नपर्ने र धेरै वर्षसम्म उत्पादन दिइरहने बालीहरू यस समूहमा पर्दछन् । बीउ उत्पादनको उद्देश्यले खेती गरिएका भए

तापनि यस प्रकारका उत्पादनहरूसमेतलाई समावेश गरिएको छ ।

**0121 अङ्गुरको उत्पादन (Growing of grapes)**

निम्न उत्पादनहरू यस समूहमा पर्दछन् ।

- अङ्गुरको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

○ अङ्गुरको वाइन उत्पादन (हेर्नुहोस् ११०२)

**0122 उष्ण र समशीतोष्ण फलको उत्पादन (Growing of tropical and subtropical fruits)**

गर्मी वा उष्ण र समशीतोष्ण क्षेत्रमा उत्पादन हुने फलको निम्न उत्पादन यस समूहमा पर्दछन् ।

- एभोकाडो (Avocado)
- केरा
- खजुर/छोहोरा
- अञ्जीर
- आँप
- मेवा
- भूँइकटहर
- अन्य गर्मी वा उष्ण र समशीतोष्ण फलफूल आदि ।

**0123 अमिलो जातका फलको उत्पादन (Growing of citrus fruits)**

अमिलो जातका फल बालीको खेती यस समूहमा पर्दछन् ।

- भोगटे
- कागती, निवुवा, ज्यामीर, बिमिरो
- मोसम/मोसमी/मौसमी, चाक्सी
- सुन्तला, जुनार, मुन्तला
- अन्य यस्तै अमिलो जातका फलफूलहरू
- अन्य यस्तै रसिला फलफूलहरू

**0124 अनारजन्य तथा कडा कोया हुने फलफूल (Growing of pome and stone fruits)**

निम्न फलफूलको खेती यस समूहमा पर्दछन् ।

- अनार, दारिम
- स्याउ
- खुर्पानी
- चेरी
- नास्पाती
- बयर
- आरु
- आरुवखडा, चुत्रो

- अम्बा
- यस प्रकारका अन्य फलहरू आदि

## 0125 अन्य रुख, झाडी फल र कडा बोक्रा भएको फलफूलको उत्पादन (Growing of other tree and bush fruits and nuts)

रुख र झाडीमा फल्ने फलफूल बालीको खेती यस समूहमा पर्दछन् ।

– रुख तथा झाडी

- ऐँसेलु, निलो ऐँसेलु
- अमला
- किवी
- स्ट्रबेरी
- लप्सी
- काफल
- लिची
- अमारो आदि

– फलहरूका बीउ उत्पादन

– कडा बोक्रा भएको फलफूल

- हाडे बदाम
- काजु
- कटुस
- पिस्टा
- ओखर
- अन्य कडा बोक्रा भएका फल आदि

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैन

- ○ नरिवलको उत्पादन (हेर्नुहोस् ०१२६)

## 0126 तेलजन्य फलको उत्पादन (Growing of oleaginous fruits)

तेलजन्य फल बालीको खेती यस समूहमा पर्दछन् ।

- नरिवल
- जैतून (Olive)
- ताडीको तेल (Palm oil)
- अन्य तेलजन्य फल

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ भटमास, बदाम र अन्य तेलहन उत्पादन (हेर्नुहोस् ०१११)

## 0127 पेय बालीको उत्पादन (Growing of beverage crops)

पेय बालीको खेती यस समूहमा पर्दछन् ।

- चिया
- कफी
- मातेयी
- कोका
- अन्य पेय बाली

## 0128 मसला, सुगन्धित जडिबुटी तथा औषधीजन्य बालीको उत्पादन (Growing of spices, aromatic, drug and pharmaceutical crops)

मसला, सुगन्धित जडिबुटी तथा औषधीजन्य बालीको उत्पादन यस समूहमा पर्दछन् ।

– मसला बाली

- मरिच
- खुर्सानी (भेडे खुर्सानीसमेत)
- जाइफल, जाइपत्री, अलैंची
- सौफ, मेथी
- दालचिनी
- ल्वाङ
- अदुवा, हलेदो
- भेनिला
- सुकुमेल
- जीरा
- धनियाँ
- टिमुर
- केसर
- सुगन्धवाला आदि
- अन्य बास्ना आउने सुगन्धित बाली

– जडिबुटी तथा औषधीजन्य बाली

- गुर्जो
- बोजो
- तुलसी
- अफिम
- गाँजा

– औषधी, किटजन्य विषादी आदि प्रयोग गरिने अन्य बालीहरूको उत्पादन

– मेहदीको पातको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ प्याज, लसुन उत्पादन (हेर्नुहोस् ०११३)

## 0129 अन्य स्थायी बालीको उत्पादन (Growing of other perennial crops)

निम्न बालीहरू यस समूहमा पर्दछन् ।

- रबर
- क्रिसमस रुख
- बाँस, बेत
- सजीवन
- चोप आउने अन्य रुख बाली

–तरकारीको थाँक्राको लागि लगाउने रुख बाली

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैन

- ○ जङ्गलबाट चोप सङ्कलन गर्ने कार्य (हेर्नुहोस् ०२३०)

## 013 ब्याडको तयारी (Plant Propagation)

### 0130 ब्याडको तयारी कार्यहरू (Plant Propagation)

यस वर्गमा सानासाना बिरुवा उत्पादन गर्न तयार गरिएका नर्सरीहरू तथा नर्सरीको लागि गरिएका कटाइ, छटाइ, कलमी बनाउने, बीउ छर्नेजस्ता कार्यहरू पर्दछन् ।

- अन्यत्र रोप्न वा सार्नका लागि उमारिएका सानासाना बिरुवाहरू
- सजावटका लागि उमारिएका सजावटका बिरुवाहरू (दुबोका चपरी बिछ्याउने वा प्रत्यारोपण गर्नेसमेत)
- बोटबिरुवाको जरा, हाँगाबाट टुसा, मुना उत्पादन
- जङ्गली रुखबाहेकका अन्य रुखका (फलफुलका समेत) नर्सरी राख्ने क्रियाकलाप

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

— बीउ उत्पादनका उद्देश्यले गरिएको बाली खेती (हेर्नुहोस् ०११, ०१२)

— जङ्गली रुखहरूमा गरिने छाँटकाँट तथा नर्सरी कार्य (हेर्नुहोस् ०२१०)

## 014 पशुपन्छी उत्पादन (Animal production)

जलचरबाहेक सबै प्रकारका स्तनधारी तथा पशुपन्छीपालन (Raising) तथा उत्पादन (Breeding) कार्य यस समूहमा पर्दछन् ।

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

— प्रजननसम्बन्धी सेवाहरू, कृत्रिम गर्भाधान गराउने कार्य (हेर्नुहोस् ०१६२)

— फर्मका पशुपन्छीको हेरचाह गर्ने काम (हेर्नुहोस् ०१६२)

— पशुको छाला निकाल्ने र प्रशोधन गर्ने कार्य (हेर्नुहोस् १०१०)

### 0141 गाईवस्तु तथा भैंसी पालन (Raising of cattles and buffaloes)

गाईवस्तु तथा भैंसी पालनसम्बन्धी क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- गाईवस्तु र भैंसी पालन
- गाई तथा भैंसीको दूधको उत्पादन
- साँढे, राँगाको विर्य उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैन

— दुग्ध पदार्थको प्रशोधन (हेर्नुहोस् १०५०)

**0142 घोडा र घोडावर्गका वस्तुको पालन (Raising of horse and other equines)**

घोडा र घोडावर्गका वस्तु पालनसम्बन्धी क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- घोडापालन, खच्चरपालन र गधापालन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

— घोडा दौड वा घोडचढी कार्य (हेर्नुहोस् ९३१९)

**0143 उँट तथा उँटवर्ग पालन (Raising of camels and camelids_**

उँटपालनसम्बन्धी क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- उँटपालन र उँट बस्ने ठाउँको व्यवस्था

**0144 भेडाबाखापालन (Raising of sheep and goats)**

भेडाबाखापालनसम्बन्धी क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- भेडाबाखापालन
- भेडाबाखाको दूध उत्पादन
- कच्चा ऊन उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

— शुल्क लिई वा ठेक्कामा ऊन काट्ने काम (हेर्नुहोस् ०१६२)

— ऊन प्रशोधन गर्ने कार्य (हेर्नुहोस् १०१०)

— दूधको प्रशोधन (हेर्नुहोस् १०५०)

**0145 सुँगुर/बंगुरपालन (Raising of pig/ swine)**

सुँगुर र बंगुर पालनसम्बन्धी क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- सुँगुर/बंगुरको पालन

**0146 पन्छीपालन (Raising of poultry)**

पन्छीपालनसम्बन्धी क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- पन्छीपालन (कुखरा, हाँस, टर्की, लौकाट, परेवा आदि)
- अण्डा उत्पादन

- चल्ला उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैन

—— प्वाँख, र भुवा प्रशोधन गर्ने कार्य (हेर्नुहोस् १०१०)

## 0149 अन्य जनावर पालन (Raising of other animals)

यस समूहमा निम्न क्रियाकलापहरू पर्दछन्

अर्धघरपालुवा जनावर तथा पन्छीपालन र तिनबाट उत्पादन हुने क्रियाकलापहरू :

- अष्ट्रिच, इमु
- अन्य पन्छी (हाँस, कुखुरा, परेवा, टर्की, लौकाटबाहेक)
- कीरा फट्यांग्रापालन
- खरायो र अन्य भुवायुक्त जनावर

—— पशुपन्छी पाल्ने, ठूलाठूला घस्रने जीव (रेप्टायल) र चराको भुवा र छाला निकाल्ने कार्य

—— गँड्यौलापालन, शंखेकीरा/घोगी पालन

—— रेशमकीरापालन र कोकन उत्पादन

—— मौरीपालन, मह र चाका (मैन) उत्पादन

—— सोखको लागि जनावरपालन (माछा पालनबाहेक)

- ▪ विरालो र कुकुर
- ▪ मैना, सुगाजस्ता पन्छीहरू
- ▪ मुसा आदि

—— अन्य जनावर तथा पन्छीपालन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैन

—— शिकार वा पासोबाट मारिएका पशुपन्छीका छाला सुकाउने वा प्रशोधन कार्य (हेर्नुहोस् ०१७०)

—— भ्यागुता खेती, गोही खेती, समुद्री किरा खेती आदिको सञ्चालन (हेर्नुहोस् ०३२१,०३२२)

—— माछा खेती (हेर्नुहोस् ०३२१,०३२२)

—— सोखको लागि पालिने जनावरलाई तालिम प्रदान गर्ने (हेर्नुहोस् ९६०९)

## 015 मिश्रित खेती (Mixed farming)

खाद्यान्न बाली र पशुपालनको कार्य मिश्रित रूपमा गरिने क्रियाकलापहरू जुन बाली वा पशु खेती भनी विशेष खेती गरिएको हुँदैन त्यस प्रकारका मिश्रित खेतीहरू यस समूहमा पर्दछन् । खाद्यान्न र पशु उत्पादनको मिश्रित कार्य गर्दा जुन वस्तुको कार्य दुई तिहाइ उत्पादन परिणामभन्दा बढी हुन्छ त्यस उत्पादनलाई यसअन्तर्गत नराखी सम्बन्धित उत्पादन क्रियाकलापहरूमा नै राख्ने तर दुई तिहाई उत्पादन परिणाम (मूल्यमा) भन्दा कम अन्न र पशुपालन कार्य मिश्रित रूपमा गरिन्छ भने मात्र उक्त

क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

**0150 मिश्रित खेती (Mixed farming)**

- विभिन्न तरिकाले विशेष उत्पादनबाहेक विभिन्न खाद्यान्न बालीसँगै पशुपालन व्यवसायसम्बन्धी क्रियाकलापहरू यस मिश्रित खेतीमा पर्दछन् । दुई तिहाइ वा सोभन्दा बढी उत्पादन मिश्रित छ भने यस समूहमा पर्दैन ।

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ मिश्रित खाद्यान्न बाली खेती (हेर्नुहोस् ०११, ०१२)
- ○ मिश्रित पशुपन्छीपालन (हेर्नुहोस् ०१४)

**016 कृषिकार्यका सहयोगी क्रियाकलाप र बाली थन्कचाउने क्रियाकलापहरू**

**(Supportive activities to agriculture and post harvest crop activities)**

यस समूहअन्तर्गत शुल्क वा सम्झैताका आधारमा गरिएका कृषिकार्यसम्बन्धी सहयोगी क्रियाकलापहरू पर्दछन् र कृषिकार्यजस्तैः लाग्ने तर उत्पादनको उद्देश्यले नगरिएका (कृषि उत्पादन भित्र्याउने) कार्य पनि यसै समूहअन्तर्गत पर्दछन् । साथै कृषि उत्पादन भित्र्याइसकेपछि प्रथम बजारमा लैजाने उद्देश्यले गरिएका क्रियाकलापहरूसमेत यस समूहमा पर्दछन् ।

**0161 बाली उत्पादन गर्ने सहयोगी क्रियाकलापहरू**

**(Supportive activities for crop production)**

शुल्क तथा सम्झौता करारका आधारमा गरिने निम्न कृषि क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- – शुल्क तथा सम्झौता करारका आधारमा गरिने कृषि क्रियाकलापहरू
- खेती गरिने जग्गाको तयारी
- बाली लगाउने वा रोप्ने
- बालीको उपचार
- औषधी राख्ने वा छर्ने
- फलफूलका रुखहरूको काँटछाट
- धानको रोपाइँ गर्ने, गोड्ने
- बाली काट्ने वा भित्र्याउने
- बाली नष्ट गर्ने जनावरको नियन्त्रण
- – सिँचाइ गर्ने कृषि उपकरणको सञ्चालन
- – चालकको सहायताले कृषिको औजार मेसिन सञ्चालन
- – कृषिको लागि जमिन तयारीको सम्भार कार्य

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ बाली थन्क्याउने क्रियाकलाप (हेर्नुहोस् ०१६३)
- ○ कृषि वैज्ञानिक तथा कृषि अर्थशास्त्रीको गतिविधि (हेर्नुहोस् ७४९०)
- ○ भूदृश्य वास्तुकला (हेर्नुहोस् ७११०)
- ○ भूदृश्य उद्यान, बगैँचा, फूलहरू रोप्ने (हेर्नुहोस् ८१३०)

- ○ जमिन संरक्षणको लागि गरिने पर्यावरणीय सन्तुलनको कार्य (हेर्नुहोस् ८१३०)
- ○ कृषि प्रदर्शनी, मेला आयोजना (हेर्नुहोस् ८२३०)

**0162 पशुजन्य उत्पादन गर्ने सहयोगी क्रियाकलापहरू**
**(Supportive activities for animal production)**

शुल्क तथा सम्झौताका आधारमा गरिने पशुपालनसम्बन्धी निम्न क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

–शुल्क तथा सम्झौता करारका आधारमा गरिने पशुपालनसम्बन्धी क्रियाकलापहरू

- पशुको उत्पादन, वृद्धि, विस्तार र विकास गर्ने
- पशुको बथानको उपचार सेवा, पशु चरनमा गोठालो लाग्ने काम, पशु चरनको लागि छाडा छोड्ने काम, पन्छी बन्ध्याकरण, पन्छीको खोर सफाइ
- कृत्रिम गर्भाधानसम्बन्धी
- घोडाको वथानलाई बस्ने तवेला बनाउने
- भेडाको ऊन काट्ने
- फर्मका पशुपन्छीको हेरचाह गर्ने

–घोडाको नाल राख्ने

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ पशुपन्छी मात्र राख्ने ठाउँको प्रावधान भएको (हेर्नुहोस् ६८१०)
- ○ पशुचिकित्सा गतिविधि (हेर्नुहोस् ७५००)
- ○ पशुलाई खोप लागाउने क्रियाकलाप (हेर्नुहोस् ७५००)
- ○ पशुहरू भाडामा उपलब्ध गराउने क्रियाकलाप (हेर्नुहोस् ७७३०)
- ○ व्यवसायिक शिकार खेल्न दिइने सेवाको गतिविधि (हेर्नुहोस् ९४९९)
- ○ पाल्तु जनावर हेरचाह तथा राख्ने क्रियाकलाप (हेर्नुहोस् ९६०९)

**0163 बाली उठाउने वा थन्क्याउने क्रियाकलापहरू (Post-harvest crop activities)**

बाली उठाउने वा थन्क्याउने निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- उत्पादित बालीलाई बजारमा लैजान गरिने प्रारम्भिक कार्यहरू जस्तैः सफाइ, काँटछाँट, ग्रेडिङ आदि गर्ने काम
- कपासबाट बियाँ झिक्ने काम
- सुर्तीको पातको सफाइ र तयारी
- कोकाको बियाँ झिक्ने काम
- फलफूललाई चम्काउने काम
- फलफूल तथा तरकारीलाई घाममा सुकाउने काम

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ उत्पादकद्वारा कृषिजन्य उत्पादनको लागि गरिने तयारी (हेर्नुहोस् समूह ०११ र ०१२)
- ○ फलफूल तथा तरकारी संरक्षण गर्ने, कृत्रिम तरिकाले सुख्खा बनाउने कार्यसमेत (हेर्नुहोस् १०३०)

- उपभोगको लागि सुर्तीको पातडाँठलाई काट्ने तथा पुनः सुकाउने काम (हेर्नुहोस् समूह १२००)
- कृषि उत्पादनको व्यापारिक गतिविधि (हेर्नुहोस्  डिभिजन ४६)
- कृषि कच्चा पदार्थको थोक व्यापार (हेर्नुहोस् ४६२०)

### 0164 बीउ बिन्याउने वा प्रशोधन गर्ने कार्य (Seed processing for propagation)

यस वर्गअन्तर्गत बाली भित्र्याइसकेपछि बीउको गुणस्तर वृद्धि आदिको लागि गरिने सबै प्रकारका क्रियाकलापहरू पर्दछन् । यसअनुसार बीउमा काम नलाग्ने पदार्थहरू हटाउने, साना, यान्त्रिकीकरणका कारण बिग्रेका, किराले बिगारेका, पूर्ण विकास नभएका दानाहरू हटाउने, सुरक्षित बीउ भण्डारणको लागि उपयुक्त हुने गरी बीउको आवश्यक चिस्यान कायम गरी भण्डारण गर्ने क्रियाकलापहरू पर्दछन् । बीउ सुकाउने, सरसफाइ गर्ने, ग्रेडिङ गर्ने तथा बजारमा नपुऱ्याउँदासम्म गरिने बीउका उपचारका क्रियाकलापहरू यसमा पर्दछन् । यस वर्गमा बीउको अनुवांशिक सुधार पनि समावेश गरिएको छ ।

नोटः निम्न  क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- बीउ उमार्ने क्रियाकलाप (हेर्नुहोस् समूह ०११ र ०१२)
- तेल निकाल्नको लागि दानाको प्रशोधन (हेर्नुहोस् १०४०)
- बीउको नयाँ रूपको लागि गरिने अनुसन्धानका क्रियाकलाप (हेर्नुहोस् समूह ७२१०)

## 017 शिकार खेल्ने, पासो थाप्ने र तत्सम्बन्धी सेवाका क्रियाकलापहरू (Hunting, trapping and related service activities)

### 0170 शिकार खेल्ने, पासो थाप्ने र तत्सम्बन्धी सेवा क्रियाकलापहरू (Hunting, trapping and related service activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- व्यापारिक हिसाबले शिकार खेल्ने र पासो थाप्ने काम
- भुवा, छाला वा खानका लागि वा अनुसन्धानको लागि वा घरमा पाल्न वा चिडियाखानाको लागि (जीवित वा मरेका) जनावरहरूको प्राप्तिसम्बन्धी क्रियाकलाप
- भुवा तथा छालाको लागि  सरिसृप (reptile) र पन्छीहरूका शिकार गर्ने वा पासोमा पार्ने कार्य
- सिल, वालरसजस्ता समुद्री स्तनधारी जलचरहरू जमिनमा पक्रने कार्य

नोटः निम्न  क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- पशुपन्छीपालन गरिएको फार्मबाट भुवा, छाला, सरिसृप (reptile) र पन्छीहरूसमेत आदिको उत्पादन (हेर्नुहोस् समूह ०१४)
- पशुपालन सञ्चालनको लागि शिकारी पशुहरूको पालन (हेर्नुहोस् ०१४९)
- ह्वेलमाछा समात्ने काम (हेर्नुहोस् ०३११)
- वधशालामा हाडखोड, छाला उत्पादन गर्ने क्रियालाप (हेर्नुहोस् १०१०)
- खेल, मनोरञ्जन जस्ता क्रियाकलापका लागि गरिने शिकार (हेर्नुहोस् ९३१९)
- शिकार वा पासोको लागि गरिने प्रचारप्रसार सेवासम्बन्धी क्रियाकलाप (हेर्नुहोस् ९४९९)

## 02 वन तथा रुख कटानी (Forestry and logging)

यस डिभिजनमा वनमा आधारित उद्योग (डिभिजन १६ र १७ मा पर्ने) का लागि गरिने गोलीया काठको उत्पादनका साथै गैरकाठजन्य वन पैदावारको सङ्कलन तथा कटान गर्ने कार्यहरू पर्दछन् । साथै जङ्गलमा नै गरिने काठ आदिको सामान्य प्रशोधन गरी उत्पादन गरिने कार्य जस्तै: रुखलाई टुक्र्याउने, दाउरा बनाउने, गोल वा कोइला उत्पादन गर्ने आदि यसैअन्तर्गत पर्दछन् । उल्लिखित क्रियाकलापहरू प्राकृतिक वनजङ्गल वा वृक्षरोपण गरी संरक्षित वनजङ्गलमा गरिन्छन् ।

### 021 वन लगाउने, काँटछाँट गर्ने र अन्य वनसम्बन्धी क्रियाकलापहरू (Silviculture and other forestry activities)

#### 0210 वन लगाउने, काँटछाँट गर्ने र अन्य वनसम्बन्धी क्रियाकलापहरू (Silviculture and other forestry activities)

यस समूहमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- काठको लागि वृक्षरोपण गर्ने, रुख रोप्ने, पुनः रोप्ने (replanting), बिरुवा सार्ने (transplanting), काँटछाँट गर्ने र वनको संरक्षण गर्ने र वन क्षेत्रभित्र बाटो बनाउने (timber tracts)
- अग्निरेखा बनाउने
- दाउरा, रेसा, काठ तथा कागज बनाउने, काठ उत्पादन गर्ने
- वन नर्सरीको सञ्चालन

  नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्
  - क्रिसमस रुख रोप्ने हेर्नुहोस् (०१२९)
  - नर्सरी सञ्चालन गर्ने (हेर्नुहोस् ०१३०)
  - गैरकाठजन्य जङ्गली उत्पादनहरूको सङ्कलन (हेर्नुहोस् ०२३०)
  - काठको टुक्रा तथा अन्य भागहरूको उत्पादन (हेर्नुहोस् १६१०)

### 022 गोलिया काठ उत्पादन (Logging)

#### 0220 गोलिया काठ उत्पादन (Logging)

यस समूहअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन् ।

- वनमा आधारित उद्योगका लागि गोलिया काठको उत्पादन
- गोलिया काठका थाम/खम्बाहरू, सत्तरी/पसेट/निदाल र अन्य उपभोग्य खम्बाहरू आदिको उत्पादन
- दाउरा सङ्कलन तथा उत्पादन
- परम्परागतरूपमा गोल/कोइला उत्पादन
- डुङ्गा, पानीजहाज आदिका लागि गोलियाको तयारी गर्ने काम

नोटः निम्न  क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ क्रिसमस रुख उमार्ने हेर्नुहोस् (०१२९)
- ○ काठको लागि रुख उमार्ने : रोप्ने, पुनः रोप्ने, सार्ने, छाँटकाँट गर्ने, वनको संरक्षण गर्ने र प्राकृतिक वन क्षेत्र संरक्षण गर्ने (हेर्नुहोस् ०२१०)
- ○ गैरकाठजन्य उत्पादनहरूको सङ्कलन (हेर्नुहोस् ०२३०)
- ○ काठको टुक्रा तथा अन्य भागहरूको उत्पादन (हेर्नुहोस् १६१०)
- ○ काठको डिइस्पातङ (heating cooling) पद्दतिबाट गोल वा कोइला उत्पादन (हेर्नुहोस् २०११)

## 023 गैरकाठजन्य वन पैदावारको सङ्कलन (Gathering of non-wood forest products)

### 0230 गैरकाठजन्य वन पैदावारको सङ्कलन (Gathering of non-wood forest production)

गैरकाठजन्य वनपैदावारहरूको वनमा नै बिरुवा उमार्ने तथा सङ्कलन गर्नेसम्बन्धी निम्न क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- वनमा पाइने गैरकाठजन्य वस्तुहरूको सङ्कलन जस्तैः जङ्गली च्याउ, गोव्रे च्याउ, फुटूकी च्याउ, truffles आदि
- बयरजन्य फल
- सुपारीहरू
- गुँदजन्य फलहरूहरूको सङ्कलन जस्तैः वलाटा, वेल
- कर्क
- लाहा र खोटो तार्पिन,
- वनस्पतीय झुस (vegetable hair)
- औषधीजन्य घाँस (eelgrass)
- भालायो, horse chestnuts
- काई तथा जङ्गली झार
- पाँचऔँले, जटामसी, यार्चागुम्बा, टिमुर आदि वन औषधी (जडीबुटी) आदि सङ्कलन गर्ने
- गुँद, सालधुप

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ व्यवस्थित तरिकाबाट जङ्गली वस्तुको उत्पादन गर्ने वा उमार्ने कार्य (हेर्नुहोस् डिभिजन ०१)
- ○ च्याउ तथा ट्रुलिफको उत्पादन (हेर्नुहोस् ०११३)
- ○ सुपारीजन्य जङ्गली फलहरूको उत्पादन (हेर्नुहोस् ०१२५)
- ○ दाउरा सङ्कलन (हेर्नुहोस् ०२२०)

## 024 वन पैदावारका लागि सहयोगी सेवाहरू (Support services to forestry)

### 0240 वन पैदावारका लागि सहयोगी सेवाहरू (Support services to forestry)

यस समूहअन्तर्गत शुल्क लिएर वा ठेक्काका आधारमा वन विकास गर्ने पूरै वा केही भागको काम

सञ्चालन गर्ने कार्यहरू पर्दछन् ।

—वन सेवाका कार्यहरू

- वन उपजको लगत (Inventories) तयारी
- वन व्यवस्थापन परामर्श सेवा
- काठको मूल्याङ्कन
- वनको अग्नि नियन्त्रण तथा संरक्षण
- वनका लागि हानिकारक जीवजन्तुको नियन्त्रण
- दाउरा वा मुढा सङ्कलनका लागि वनभित्र गरिने ढुवानी सेवाहरू

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ रुख उमार्ने, सार्ने, काँटछाँट गर्ने र अन्य वन विकाससम्बन्धी क्रियाकलापहरू (हेर्नुहोस् ०२१०)

## 03 माछा मार्ने तथा जलचरपालन (Fishing and aquaculture)

यस समूहअन्तर्गत पोखरी, नदी वा खोलामा माछा मार्ने तथा अन्य जलचरहरू पालन गर्ने क्रियाकलापहरू पर्दछन् । माछा मार्ने, माछा सङ्कलन गर्ने उद्देश्यले समुद्र तथा स्वच्छ पानीमा भएको वातावरणमा माछाका फुल तथा भुराहरू सङ्कलन गर्नु, बल्छीले माछा समात्नु, समुद्री किराहरूको सङ्कलन गर्नु, माछा मार्ने र जलचरपालनको लागि उपयुक्त जलबिरुवा, मोतीको खेती, सीपी तथा शंख खेती आदि कार्यहरू पर्दछन् । यसमा आफ्नो उपभोग वा व्यवसायिक उत्पादन प्रक्रियामा सहभागी हुने मोती, सीपी तथा शंख खेतीको बीउ लगाउने क्रियाकलापसमेत पर्दछन् ।

यस समूहमा निम्न क्रियाकलापहरू पर्दैनन्

डुङ्गा, पानीजहाज बनाउने तथा मर्मत गर्ने  कार्यहरू (हेर्नुहोस् ३०११, ३३१५)

खेल तथा मनोरञ्जनका लागि गरिने माछासम्बन्धी क्रियाकलाप (हेर्नुहोस् ९३१९)

माछा, शंखेकिराजस्ता जलचर, पानी वा जमिनमा गरिने प्रशोधन क्रियाकलापहरू (हेर्नुहोस् १०२०)

## 031 माछा मार्ने (Fishing)

यस समूहअन्तर्गत माछा मार्ने, सङ्कलन गर्नेलगायत सङ्कलित जिउँदा जङ्गली जलचरका शरीरका अङ्गहरू सङ्कलन गर्ने (सिपी, सामुद्रिक गँगटा, झिँगे माछा, शंखेकिरा आदि), समुद्र, समुद्री किनार, नदीनाला, ताल, खोला आदि जलमा पाइने बिरुवा, मानवीय उपभोगका लागि तथा अन्य उद्देश्यका लागि जाल बिछ्याउने, बल्छी थाप्ने साथै विभिन्न प्रकारका माछा समात्ने माध्यम अपनाउने क्रियाकलापहरू यसअन्तर्गत पर्दछन् । यस प्रकारका गतिविधिहरू समुद्री तटीय क्षेत्रमा सञ्चालन गरिने (जस्तैः सिपी, सामुद्रिक गँगटा, झिँगे माछा र शंखेकिरा आदिको सङ्कलन) वा किनारमा आधारित जाल बिछ्याउने, मुढा खोपी (घरमा बनेको) बनाएको डुङ्गा, व्यापारिक प्रयोजनका लागि धेरै परिमाणमा डुङ्गा आदि प्रयोग गरी समुद्रमा, समुद्रको बीचमा बनेको घर आदिमा पनि माछा समात्ने क्रियाकलाप पर्दछन् ।

जलचरपालन (समूह ०३२) भन्दा भिन्न जलीय स्रोतहरू प्रायशः सार्वजनिक हुन्छन् । कसैको स्रोत प्रयोग गर्ने अधिकारको शोषण गरी वा नगरी सो क्षेत्रमा गरिने क्रियाकलापहरू मात्र यसमा समावेश गरिन्छ । माछाका भुरा पुनः छाड्ने कामसमेत यसमा पर्दछन् ।

## 0311 समुद्री माछा मार्ने (Marine fishing)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- व्यवसायिक रूपमा समुद्र तथा तटीय क्षेत्रमा माछा मार्ने
- सामुद्रिक गँगटा, झिँगे माछा, शंखेकिरा आदि समात्ने
- ह्वेल माछा मार्ने
- सामुद्रिक जनावर जस्तैः कछुवा, sea squirt, tunicates, sea urchins आदि लैजाने
- जहाज प्रयोग गरी समुद्रमा माछा मार्ने, प्रशोधन गर्ने तथा संरक्षण गर्ने क्रियाकलाप
- अन्य समुद्री जन्तु र सामग्री जस्तैः प्राकृतिक मोती, मुगा, स्पञ्ज, लेउ आदि समुद्री आभूषण सङ्कलन गर्ने

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ ह्वेल माछाबाहेकका, जलीय स्तनधारी जीवहरूको जस्तैः सील, वालरस (walruses) समात्ने क्रियाकलापहरू (हेर्नुहोस् ०१७०)
- ○ माछा, जलचर आदिको प्रशोधन गरिने क्रियाकलापहरू (हेर्नुहोस् १०२०)
- ○ समुद्र तथा ताल, नदी आदिमा चालकसहित मनोरञ्जनका लागि डुङ्गा भाडामा दिने कार्य ( माछा मार्नको लागि भए तापनि) सम्बन्धी क्रियाकलाप (हेर्नुहोस् ५०११)
- ○ माछा मार्ने कार्यको निरीक्षण, संरक्षण र घुम्ती संरक्षणसम्बन्धी क्रियाकलाप (हेर्नुहोस् ८४२३)
- ○ खेल तथा मनोरञ्जनका लागि गरिने माछालाई अभ्यास गराउनेसम्बन्धी क्रियाकलाप (हेर्नुहोस् ९३१९)
- ○ खेल तथा मनोरञ्जनका लागि गरिने माछाको संरक्षण तथा पालनसम्बन्धी क्रियाकलाप ( हेर्नुहोस् ९३१९)

## 0312 स्वच्छ पानीमा माछा मार्ने (Freshwater fishing)

स्वच्छ पानीमा माछा मार्ने कार्य यस वर्गमा पर्दछन् -

- व्यावसायिक रूपमा खोलानाला, नदीहरूमा माछा मार्ने
- खोलानालमा झिँगे माछा, शंखेकिरा, गँगटा आदि मार्ने काम
- खोलानाला, नदीमा माछा मार्ने तथा अन्य जलचर मार्ने काम
- खोलानाला, नदीमा स्वच्छ पानीमा पाइने जलजन्य सामग्रीको सङ्कलन गर्ने कार्य

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ माछा, जलचरको प्रशोधन क्रियाकलापहरू (हेर्नुहोस् १०२०)
- ○ माछा मार्ने निरीक्षण, संरक्षण र घुम्ती संरक्षणसम्बन्धी क्रियाकलाप (हेर्नुहोस् ८४२३)
- ○ खेल तथा मनोरञ्जनका लागि गरिने माछालाई अभ्यास गराउनेसम्बन्धी क्रियाकलाप ( हेर्नुहोस् ९३१९)
- ○ खेल तथा मनोरञ्जनका लागि गरिने माछाको संरक्षण तथा पालनसम्बन्धी क्रियाकलाप ( हेर्नुहोस् ९३१९)

## 032 जलचरपालन (Aquaculture)

यस समूहअन्तर्गत विभिन्न जलचर जस्तैः माछा, मोती, सिपी, सामुद्रिक गँगटा, झिँगे माछा लगायत शंखेकिरा, कछुवा, गोही तथा लेउ आदिको उत्पादनमा वृद्धि गर्ने उद्देश्यले प्रविधिको प्रयोगसमेत गरी उत्पादन बढाउने अर्थात् प्रकृतिको क्षमताभन्दा बढी उत्पादन गर्ने वातावरण (जस्तैः नियमित भण्डारण, दाना दिने, संरक्षण गर्ने, शिकारीबाट बचाउने) को निमार्ण गरी जलचरपालन गर्ने क्रियाकलापहरू पर्दछन् । माथि उल्लिखित जलचर वयस्क नहुँदासम्म अर्थात् उत्पादन नभित्र्याउँदासम्म गरिने पालनलाई बुझाउँछ । जलचरको उत्पादन गर्नेदेखि लिएर सबै जलचरपालनका सबै तहसहित उत्पादन भियाउनेसमेतका कार्यहरू, व्यक्तिगत, व्यापारिक वा राज्यको स्वामित्वमा रहेकोलाई पनि यसै समूहअन्तर्गत सामेल गरिएको छ ।

## 0321 सामुद्रिक जलचरपालन (Marine aquaculture)

निम्न क्रियाकलाप यसमा समावेश गरिएको छ ।

- समुद्री माछाको खेती तथा सामुद्रिक आभूषण माछा खेतीसमेत
- सिपी तथा माछाका अण्डाहरू, झिंगेमाछाका पोष्ट लार्वा, माछाका भुरा र फिंगरलिङस् आदिको उत्पादन
- खानयोग्य समुद्री वनस्पति (Laver, seaweeds) को खेती
- गँगटा, झिंगेमाछा, सिपी, अन्य शंखेकिरा र अन्य जलचरको पालन
- कम नुनिलो पानीका (brackish water) जलचरहरूको प्रशोधन कार्य गर्ने
- नुनिलो पानीयुक्त तलाउ वा कुण्डमा गरिने जलचरपालन
- माछाहरूको भुरा उत्पादन गर्ने क्रियाकलाप (समुद्रमा)
- सामुद्रिक किरा खेतीको सञ्चालन

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ भ्यागुताको खेती (हेर्नुहोस् ०३२२)
- ○ खेल तथा मनोरञ्जनका लागि गरिने माछाको संरक्षण तथा पालनसम्बन्धी क्रियाकलाप ( हेर्नुहोस् ९३१९)

## 0322 शुद्ध पानीमा (नुनिलो पानीबाहेक) गरिने जलचरपालन (Freshwater aquaculture)

यस समूहअन्तर्गत निम्न क्रियाकलाप पर्दछन् ।

- पोखरी वा नदीमा माछापालन खेती
- सजावटका लागि गरिने माछा खेती जस्तै एक्यूरियममा राखिने माछा
- माछाका भुरा उत्पादन कार्य
- गँगटा, झिंगेमाछा, सिपी, अन्य शंखेकिरा र अन्य समुद्रीबाहेकका जलचरपालन
- भ्यागुता पालन
- पानीमा बस्ने अन्य जनावर झिक्ने, हटाउने कार्य

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ नुनिलो पानीयुक्त तलाउ वा कुण्डमा गरिने जलचरपालन (हेर्नुहोस् ०३२१)
- ○ माछा समात्ने खेलको लागि माछा संरक्षण कार्य सञ्चालन (हेर्नुहोस् ९३१९)

# खण्ड बी : खानी र उत्खनन्
# (Mining and Quarrying)

यस भागअन्तर्गत प्राकृतिक खनिजहरूमा जस्तैः ठोस पदार्थ, तरल पदार्थ तथा ग्याँस पदार्थ उत्खनन् गर्ने र झिक्ने क्रियाकलापहरू पर्दछन् । यस्ता खनिज पदार्थहरू उत्खनन् गर्ने काम विभिन्न तरिकाबाट गर्ने गरिन्छ जस्तैः भूगर्भ अथवा सतह उत्खनन्, इनार उत्खनन् तथा सामुद्रिक उत्खनन् आदि ।

यस खण्डको सहयोगी क्रियाकलापको रूपमा कच्चा सामग्रीलाई बजारमा लैजाने उद्देश्यले गरिने क्रियाकलापहरू समावेश गरिन्छ । उदाहरणका लागि मिच्नु, पेल्नु, सफाइ गर्नु, सुकाउनु, छुट्याउनु, थिग्राउनु, प्राकृतिक ग्याँसलाई तरलमा परिणत गर्नु तथा ठोस इन्धनलाई सञ्चय वा थुप्रो लगाउने क्रियाकलापहरू पर्दछन् । यस प्रकारका क्रियाकलापहरू उत्खनन् गरिएको ठाउँमा वा सोको नजिकैमा सञ्चालन गरिन्छ ।

खानी उत्खनन् क्रियाकलापहरूका डिभिजन, समूह तथा वर्गहरूलाई सैद्धान्तिक रूपमा खनिज उत्पादनको आधारमा वर्गीकरण गरिएका छन् । डिभिजन ०५, ०६ मा जीवाष्म इन्धन (पत्थरकोइला, नरम कोइला, तेल, ग्याँस) आदिको उत्खनन्, डिभिजन ०७, ०८ धातु खानीसँग केन्द्रित विभिन्न प्रकारका खनिज तथा उत्खनन् उत्पादनहरूलाई वर्गीकरण गरिएको छ ।

यस खण्डमा केही प्राविधिक सञ्चालनहरू विशेष गरेर हाइड्रोकार्बनहरूको उत्खनन्, तेस्रो पक्षको लागि पनि हुन सक्दछ जुन विशेष एकाइमा औद्योगिक सेवासँग सम्बन्धित कार्य पनि पर्दछन् । यस्ता क्रियाकलापलाई डिभिजन ०९ मा वर्गीकरण गरिएको छ ।

**<u>यस खण्डमा नपर्ने क्रियाकलापहरू</u>**

खानी तथा उत्खनन्बाट उत्खनन् गरिएका सामग्रीहरूबाट उत्पादन गर्ने क्रियाकलाप (औद्योगिक उत्पादन–खण्ड C), प्राकृतिक झरना वा इनारबाट मिनिरल बाटरका बोतल भर्ने वा उत्पादन गर्ने क्रियाकलाप (हेर्नुहोस् ११०४), उत्खनन्सँग सम्वन्ध नरहेका चट्टान, ढुङ्गा आदि काट्ने, पिँधने, फोड्ने, क्रियाकलाप (हेर्नुहोस् २३९९) । भविष्यमा निर्माण गर्ने उद्देश्यले कुनै रूपान्तरण नगरी उत्खनन् गरिएका सामग्रीहरूको प्रयोग गरिने क्रियाकलापहरू (खण्ड F निमार्ण), पानीको सङ्कलन, निर्मलीकरण तथा वितरण (हेर्नुहोस् ३६००), उत्खनन्को लागि स्थान तयार गर्ने क्रियाकलाप (हेर्नुहोस् ४३१२) र भूभैतिक, भूगर्भिक र भूकम्प सर्वेक्षण सम्बन्धित क्रियाकलापहरू (हेर्नुहोस् ७११०) यस खण्डमा वर्गीकरण गरिएका छैनन् ।

**05 पत्थरकोइला र लिगनाईट (नरम कोइला) को उत्खनन् (Mining of coal and lignite)**

ठोस खनिजजन्य इन्धनहरूको उत्खनन् कार्य पर्दछन् जसअन्तर्गत भूगर्भबाट अथवा सतहबाट उत्खनन् क्रियाकलाप तथा बजारमुखी उत्पादन गर्ने कामको सञ्चालन जस्तैः ढुवानीको लागि आवश्यक पर्ने श्रेणी छुट्याउने, सफा गर्ने, खँदिलो बनाउनेजस्ता क्रियाकलापहरू यस समूहमा वर्गीकरण गरिएको छ ।

कोइला उत्पादन (हेर्नुहोस् १९१०), कोइला तथा नरम कोइला उत्खनन्को लागि आवश्यक सेवा दिने क्रियाकलाप (हेर्नुहोस् ०९९०) र ब्रिकेट उत्पादन (हेर्नुहोस् १९२०) आदि क्रियाकलापहरू यस समूहअन्तर्गत पर्दैनन् ।

**051 पत्थरकोइला उत्खनन् (Mining of hard coal)**

**0510 पत्थरकोइला उत्खनन् (Mining of hard coal)**

पत्थरकोइला सङ्कलन वा उत्खनन् गर्ने क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- पत्थरकोइलाको उत्खनन् : जमिनमुनि वा जमिनको सतहबाट उत्खनन् गर्ने, तरलीकरण पद्दतिबाट गरिने पत्थरकोइलाको उत्खनन् क्रियाकलापहरू ।
- पत्थरकोइला सफा गर्ने, साइज तयार गर्ने, साना टुक्रा बनाउने, खँदिलो बनाउने, वर्गीकरण गर्ने, गुणस्तरमा सुधार गर्ने, ढुवानी गर्ने र गोदाममा जम्मा गर्ने क्रियाकलापहरू ।
- घाँस तथा डाँठबाट पत्थरजस्तैः कडा कोइला बनाउने क्रियाकलापसमेत यसै वर्गमा पर्दछ ।

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ नरम कोइलाको उत्खनन् (हेर्नुहोस् ०५२०)
- ○ पीट (गाडेका जैविक वस्तुहरू) खन्ने वा पीटको थुप्रो (हेर्नुहोस् ०८९२)
- ○ कोइला उत्खनन्को लागि गरिएको प्रयोगात्मक उत्खनन् (हेर्नुहोस् ०९९०)
- ○ कोइला उत्खनन्को लागि आवश्यक सहयोगी क्रियाकलाप (हेर्नुहोस्०९९०)
- ○ कोइला उत्पादन (हेर्नुहोस् १९१०)
- ○ ब्रिकेट उत्पादन (हेर्नुहोस् १९२०)
- ○ उत्खनन्को लागि स्थान तयार गर्ने क्रियाकलाप (हेर्नुहोस् ४३१२)

## 052 लिगनाइट (नरम कोइला) उत्खनन् (Mining and lignite)

### 5220 लिगनाइट (नरम कोइला) को उत्खनन् (Mining and lignite)

लिगनाइट (नरम कोइला) को उत्खनन् गर्ने निम्न क्रियाकलापहरूः

- लिगनाइट (खैरो कोइला) खानीबाट उत्खनन् गर्ने, सतहबाट सङ्कलन गर्ने, तरलीकरण पद्दतिबाट गरिने नरम कोइलाको उत्खनन् क्रियाकलापहरू ।
- लिगनाइट (खैरो कोइला) नरम कोइलालाई सफा गर्ने, साइज तयार गर्ने, साना टुक्रा बनाउने, खँदिलो बनाउने, वर्गीकरण गर्ने, गुणस्तरमा सुधार गर्ने, ढुवानी गर्ने र गोदाममा जम्मा गर्ने क्रियाकलापहरू ।

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ पत्थरकोइलाको उत्खनन् (हेर्नुहोस् ०५१०)
- ○ पीट (गाडेका जैविक वस्तुहरू) खन्ने (हेर्नुहोस् ०८९२)
- ○ नरम कोइला उत्खनन्को लागि गरिएको प्रयोगात्मक उत्खनन् (हेर्नुहोस् ०९९०)
- ○ नरम कोइला उत्खनन्को लागि आवश्यक सहयोगी क्रियाकलाप (हेर्नुहोस्०९९०)
- ○ कोइला उत्पादन (हेर्नुहोस् १९१०)
- ○ ब्रिकेट उत्पादन (हेर्नुहोस् १९२०)
- ○ उत्खनन्को लागि स्थान तयार गर्ने क्रियाकलाप (हेर्नुहोस् ४३१२)

## 06 कच्चा पेट्रोलियम तथा प्राकृतिक ग्याँसको उत्खनन् तथा तत्सम्बन्धी सेवा कार्य (Extraction of crude petroleum and natural gas, service activities)

यस खण्डमा कच्चा तेलको उत्पादन, तेलीय पत्रेचट्टान एवं बालुवाबाट कच्चा तेलको उत्खनन् तथा झिक्ने काम, प्राकृतिक ग्याँसको उत्पादन तथा हाइड्रोकार्बनको पुनः प्राप्ति गर्ने क्रियाकलापहरू पर्दछन् । ग्याँस तथा तेलको गुणसँग सम्बन्धित समग्र क्षेत्रको विकास, सञ्चालन गर्ने क्रियाकलाप जस्तैः ड्रिलिङ कार्यहरू, तेलको कुवाको इनारमा आवश्यक सामग्री वा मेसिनेरीयुक्त बनाउने, छुट्याउने कार्यको सञ्चालन, तेल र

पानी अलग गर्ने, वाष्पीकरण गर्ने उपकरण, कच्चा पेट्रोलियम पदार्थहरूलाई फिल्डमा एकीकृत गर्ने पाइपलाइनहरू र अन्य क्रियाकलापहरू ग्याँस तथा तेललाई ढुवानी गर्ने ठाउँसम्म पुऱ्याउनको लागि तयार गरिएका सम्पूर्ण सम्पत्तिसम्बन्धी क्रियाकलापहरूलाई पनि यसैमा समावेश गरिएको छ ।

**यस खण्डमा नपर्ने क्रियाकलापहरू**

यस खण्डमा ग्याँस तथा तेल उत्खननको लागि आवश्यक सहयोगी क्रियाकलाप जस्तैः तेल र ग्याँसको लागि कार्यस्थलमा नै दिने सेवा जुन सशुल्क वा ठेक्कामा काम लगाइएको हुन्छ, जस्तैः तेल र ग्याँसको कुवाको खोजी, परीक्षण हेतु प्वाल पार्ने क्रियाकलापहरू (हेर्नुहोस् १९१०) समावेश गरिएको छैन । यस खण्डमा पेट्रोलियम पदार्थको प्रशोधन गर्ने कार्य (हेर्नुहोस् १९२०) लाई पनि समावेश गरिएको छैन र भूभौतिक, भूगर्भिक र भूकम्प सर्वेक्षणसम्बन्धी क्रियाकलाप (हेर्नुहोस् ७११०) हरूलाई पनि यस खण्डमा वर्गीकरण गरिएको छैन ।

## 061 कच्चा पेट्रोलियम पदार्थको उत्खनन् (Extraction of crude petroleum)

### 0610 कच्चा पेट्रोलियम पदार्थको उत्खनन् (Extraction of crude petroleum)

यस समूहमा कच्चा पेट्रोलियम पदार्थ झिक्ने निम्न कामहरू पर्दछन् ।

- कच्चा पेट्रोलियम पदार्थ झिक्ने काम
- पत्रे चट्टान र बालुवाबाट तेल तथा विटुमिन निकाल्ने काम
- विटुमिनयुक्त पत्रे चट्टान र बालुवाबाट कच्चा पेट्रोल निकाल्ने काम
- कच्चा तेलको प्रशोधन कार्यः थिग्ग्राउने, नुन निकाल्ने काम, निर्जलीकरण, स्थिरीकरण गर्ने काम

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- तेल तथा ग्याँसको उत्खननको लागि गरिने सहयोगी क्रियाकलाप (हेर्नुहोस् ०९१०)
- तेल तथा ग्याँसको उत्खनन् (हेर्नुहोस् ०९१०)
- तेल र ग्याँसको कुवाको खोजी, परीक्षण हेतु प्वाल पार्ने क्रियाकलापहरू (हेर्नुहोस् १९१०)
- पेट्रोलियम पदार्थको प्रशोधन गर्ने कार्य (हेर्नुहोस् १९२०)
- पेट्रोलियम पदार्थको प्रशोधन गर्दा प्राप्त तरल पेट्रोलियम ग्याँस (हेर्नुहोस् १९२०)
- पेट्रोलियम पदार्थको पाइप लाइन सञ्चालन (हेर्नुहोस् ४९३०)

## 062 प्राकृतिक ग्याँसको उत्खनन् (Extraction of natural gas)

### 0620 प्राकृतिक ग्याँसको उत्खनन् (Extraction of natural gas)

यस समूहमा प्राकृतिक ग्याँस झिक्ने कामहरू पर्दछन् ।

- कच्चा प्राकृतिक ग्याँस (hydrocarbon) को उत्पादन गर्ने क्रियाकलाप
- बाक्लोपना (Condensate) निकाल्ने काम
- तरल प्राकृतिक ग्याँसका भागहरूलाई छुट्याउने र निकास गर्ने क्रियाकलाप
- प्राकृतिक ग्याँसबाट अन्य ग्याँसहरू कार्बन, नाइट्रोजन, सल्फर आदि ग्याँस छुट्याउने काम
- प्राकृतिक ग्याँसको उत्खनन् गर्ने, विभिन्न तत्वहरूलाई छुट्याई वा धुलोहरूलाई पगाल्न अत्यधिक तापको प्रयोग गरी ग्याँस प्राप्त गर्ने ।

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ तेल तथा ग्याँसको उत्खननको लागि गरिने सहयोगी क्रियाकलाप (हेर्नुहोस् ०९१०)
- ○ तेल तथा ग्याँसको उत्खनन् (हेर्नुहोस् ०९१०)
- ○ पेट्रोलियम पदार्थको प्रशोधन गर्दा प्राप्त तरल पेट्रोलियम ग्याँस (हेर्नुहोस् १९२०)
- ○ औद्योगिक ग्याँसको उत्पादन (हेर्नुहोस् २०११)
- ○ पेट्रोलियम पदार्थको पाइपलाइन सञ्चालन (हेर्नुहोस् ४९३०)

## 07 धातुका धाउ (कच्चा धातु) को उत्खनन् (Mining of metal ores)

धातुका धाउको उत्खनन् कार्य जमिनमुनि, जमिनको सतहमा, समुद्री सतहमुनि आदिबाट खनिज पदार्थ प्राप्त गर्ने क्रियाकलापहरू यस समूहअन्तर्गत पर्दछन् । कच्चा धातु अर्थात् धातुको धाउलाई सफाइ गर्ने, धुने, सुकाउने, चम्काउने, छुट्याउने, मिसाउने, पिँध्ने, क्यालसिनेटिङ गर्ने, कच्चा धातु पगाल्ने, गुरुत्वाकर्षण अलग गर्ने वा तैराउने आदिजस्ता कार्यहरू पनि यस समूहमा पर्दछन् ।

**यस खण्डमा नपर्ने औद्योगिक क्रियाकलापहरू**

फलामलाई अत्यधिक तापक्रममा प्रोसेसिङ गर्ने कार्य (हेर्नुहोस् २०११), एल्मुनियम अक्साइडको उत्पादन (हेर्नुहोस् २४२०) र विस्फोट भट्टीहरूको सञ्चालन (हेर्नुहोस् २४१० र २४२०) ।

## 071 फलामको कच्चा धातुको उत्खनन् (Mining of iron ores)

## 0710 फलामको कच्चा धातुको उत्खनन् (Mining of iron ores)

यस समूहमा फलामका कच्चा धातुको उत्खनन् गर्ने निम्न क्रियाकलापहरू पर्दछन् ।

- मुख्यतया फलाम तत्व रहेको कच्चा धातु उत्खनन् कार्य
- फलामको कच्चा धातु सङ्कलन तथा एकीकृत गर्ने कार्य

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ Pyrites and Pyrrhotites कच्चा धातुको उत्खनन् वा तयार गर्ने (roasting बाहेक) (हेर्नुहोस् ०८९१)

## 072 गैरफलाम कच्चा धातुको उत्खनन् (Mining of non-ferrous metal ores)

यस समूहअन्तर्गत गैरफलामजन्य कच्चा धातुहरूको उत्खनन् क्रियाकलापहरू पर्दछन् ।

## 0721 युरेनियम र थोरियम (रेडियोधर्मी तत्व) कच्चा धातुहरूको उत्खनन् (Mining of uranium and thorium ores)

युरेनियम र थोरियम (रेडियोधर्मी तत्व) को कच्चा धातुको उत्खनन् गर्ने निम्न क्रियाकलापहरू पर्दछन् ।

- मुख्यतया युरेनियम र थोरियमको कच्चा धातु जस्मा पीच ब्लैण्ड आदि तत्व भएको धातु उत्खनन् कार्य
- त्यस प्रकारको कच्चा धातु एकीकृत गर्ने कार्य
- एल्लोकेक (यूरोनियम) को उत्पादन

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ युरेनियम र थोरियम कच्चा धातुको विस्तार वा प्रशोधन (हेर्नुहोस् २०११)
- ○ पिचव्लेण्ड वा अन्य कच्चा धातुबाट युरेनियम धातुको उत्पादन (हेर्नुहोस् २४२०)

○ युरेनियमलाई पगाल्ने प्रशोधन गर्ने (हेर्नुहोस् २४२०)

**0729 गैरफलाम अन्य कच्चा धातुहरूको उत्खनन् (Mining of other non-ferrous metal ores)**

फलाम तथा युरेनियम र थोरियमबाहेक अन्य धातुहरूको कच्चा धातु उत्खनन् गर्ने निम्न क्रियाकलापहरू यस समूहमा पर्दछन् -

- मुख्यतया फलाम तथा युरेनियम र थोरियमबाहेक अन्य धातुको तत्व आल्मुनियम, तामा, शिसा, निकल, पित्तल, जस्ता, क्रोज, टिन, म्याग्नेसियम टण्टालम, म्याग्नाडीयम, कोवाल्ट आदि भएको धातु उत्खनन् कार्य
- बहुमूल्य धातुहरू जस्तैः सुन, चाँदी, तामा, पित्तल, प्लाटेनियम आदि धातुहरूको उत्खनन् गर्ने

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

○ युरेनियम र थोरियम (रेडियोधर्मी तत्व) को कच्चा धातुको उत्खनन् र प्रशोधन (हेर्नुहोस् ०७२१)

○ अल्मोनिय अक्साइड र निकिल वा तामा का पाताहरू उत्पादन गर्ने (हेर्नुहोस् २४२०)

## 08 अन्य खानी तथा उत्खनन् (Other mining and quarrying)

यस डिभिजनमा ढुङ्गा, बालुवा र माटो आदिको खानीबाट उत्खनन गर्ने कार्य पर्दछ तर समुद्र, नदी आदिले जम्मा पारेका यी अधात्वयीक वस्तुहरूको उत्खनन्, चट्टान फोड्ने तथा नुनको दलदल (salt marshes) को प्रयोग पनि पर्दछ ।

यसका उत्पादनहरू, मुख्यतया धेरैजसो निर्माण कार्यको लागि (जस्तैः बालुवा, ढुङ्गा), वस्तुहरूको निर्माणको लागि (जस्तैः माटो, जिप्सम, क्याल्सियम अदि) र रसायनको उत्पादन आदि कार्यहरूमा प्रयोग गरिन्छ । यस डिभिजनमा उत्खनन् गरिएको खनिज पदार्थको प्रशोधन (कुट्ने, पिस्ने, काट्ने, धुने, सुकाउने, छुट्याउने र मिसाउनेबाहेक) आदि कार्यहरू समावेश गरिएको छैन ।

### 081 ढुङ्गा, बालुवा र माटोको उत्खनन् (Quarrying of stone, sand and clay_

**0810 ढुङ्गा, बालुवा र माटोको उत्खनन् (Quarrying of stone, sand and clay)**

ढुङ्गा, बालुवा र माटो आदि (अधात्विक वस्तुहरू) निकाल्ने एवं उत्खनन् गर्ने निम्न क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- स्मारक वा घरहरूको लागि मार्वल, ग्रेनाइट, वलौटे ढुङ्गा आदिको उत्खनन् गर्ने, रफ काँटछाँट गर्ने, कुँदेका ढुङ्गा बनाउने आदि क्रियाकलापहरू
- खरीढुङ्गा तथा चुनढुङ्गा निकाल्ने, फुटाउने र काट्ने काम
- जिप्सम, अनहाइड्राइड (gypsum and anhydrite) को उत्खनन्
- चक तथा क्याल्सिनाइट नभएको डोलोमाइटको उत्खनन्
- औद्योगिक बालुवा, निर्माण कार्यमा प्रयोग हुने बालुवा, गिट्टी आदिको जमिन वा समुद्री सतहबाट उत्खनन् गर्ने क्रियाकलाप
- ढुङ्गालाई फोड्ने, कुट्ने, गिट्टी बनाउने कार्य
- उत्खनन क्षेत्रमानै संचालित क्रसर उद्योग
- बालुवा उत्खनन् गर्ने कार्य

- मााटो, रिफ्याक्टरी माटो तथा kaolin (कमेरो माटो) को उत्खनन्

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ विटुविन बालुवाको उत्खनन् (हेर्नुहोस् ०६१०)
- ○ रासायनिक र मलखाद खनिजहरूको उत्खनन् (हेर्नुहोस् ०८९१)
- ○ क्याल्सिनाइट, डोलोमाइटको उत्पादन (हेर्नुहोस् २३९४)
- ○ खानीभन्दा बाहिर ढुङ्गा काट्ने, छाँट्ने र परिष्कृत गर्ने (हेर्नुहोस् २३९६)

## 089 अन्यत्र उल्लेख नगरिएको खनिज र उत्खनन् कार्य (Mining and quarrying n.e.c.)

### 0891 रासायनिक र मलखाद खनिजहरूको उत्खनन्

**(Mining of chemical and fertilizer materials)**

रासायनिक खनिज र मलखादसम्बन्धी वस्तुहरू निकाल्ने निम्न क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- प्राकृतिक फोसफेट र प्राकृतिक पोटासियम साल्टको उत्खनन् गर्ने काम
- प्राकृतिक गन्धक उत्खनन् क्रियाकलाप
- Pyrites and Pyrrhotites आदि तयारी तथा उत्खनन् गर्ने क्रियाकलाप (पकाउनेबाहेक)
- प्राकृतिक वारियम सल्फेट र कार्वोनेट (barytes and witherite), प्राकृतिक वोरेट्स, प्राकृतिक म्याग्नेसियम सल्फेट, रातो रङको अक्साइड वा गेरुको उत्खनन् ।
- प्राकृतिक रङहरू निकाल्ने काम, CaF2 (fluorspar) र अन्य रासायनिक जस्तैः सरल मूल्यमा ल्याउने सबै कार्यहरू
- किरा, चरा आदिबाट जम्मा भएको मलखादहरू (guano) आदि निकाल्ने काम
- प्राकृतिक रङहरू र मलखादहरू आदि उत्खनन् गर्ने कार्यलाई

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ नुनको उत्खनन् (हेर्नुहोस् ०८९३)
- ○ फलामको पाइराइटलाई पकाउने कार्य (हेर्नुहोस् २०११)
- ○ सेन्थेटिक रासायनिक मल तथा नाइट्रोजन कम्पाउण्ड उत्पादन गर्ने क्रियाकलाप (हेर्नुहोस् २०१२)

### 0892 पिट (वनस्पति कुहिएर इन्धनको रूपमा प्रयोग हुने वस्तु) को उत्खनन् गर्ने क्रियाकलापहरू (Extraction of Peat)

पिट (वनस्पति कुहिएर इन्धनको रूपमा प्रयोग हुने वस्तु) को उत्खनन् तथा सङ्कलन गर्ने क्रियाकलापहरू -

- पिट (वनस्पति कुहिएर इन्धनको रूपमा प्रयोग हुने वस्तु) निकाल्ने
- पिट (वनस्पति कुहिएर इन्धनको रूपमा प्रयोग हुने वस्तु) को सङ्कलन गर्ने
- पिट (वनस्पति कुहिएर इन्धनको रूपमा प्रयोग हुने वस्तु)को गुणस्तरमा सुधार, दुवानी तथा गोदाम सुविधासम्बन्धीकार्यलाई सहयोग गर्ने

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○पिट उत्खननसम्बन्धी लगायत अन्य सेवाहरू प्रदान गर्ने क्रियाकलाप (हेर्नुहोस् ०९९०)
- ○पीटबाट विभिन्न सामग्रीहरू उत्पादन गर्ने (हेर्नुहोस् २३९९)

**0893 नून उत्खनन् (Extraction of salt)**

नून उत्खनन् गर्ने निम्न क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- जमिनमुनिबाट नून उत्खनन् गर्ने, साथै जमिनमुनि वा खानीको नूनलाई पगालेर वा पम्पद्वारा निकाल्ने क्रियाकलापसमेत
- समुद्र वा नून भएको पानी सौर्य वाष्पीकरणबाट पानी सुकाई नून उत्पादन गर्ने काम
- नून उत्पादकद्वारा नै नूनलाई शुद्ध पार्ने, छान्ने र पेल्ने काम

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- खानको लागि नुनको प्रशोधन गर्ने क्रियाकलाप जस्तैः आयोडिन नुन (हेर्नुहोस् १०७९)
- नुनिलो पानी वाष्पीकरण गरी पिउनयोग्य पानी उत्पादन गर्ने क्रियाकलाप (हेर्नुहोस् ३६००)

**0899 अन्यत्र कतै नपरेका धात्विक वा अधात्विक वस्तुहरूको उत्खनन्**

**(Mining and quarrying n.e.c.)**

यस समूहमा अन्यत्र कतै नपरेका धात्विक वा अधात्विक वस्तुहरू उत्खनन् गर्ने क्रियाकलापहरू पर्दछन् ।

- खाग्सी वा चिल्लो बनाउने प्रयोग हुने एक प्रकारको बालुवा (abrasive materials), Asbestos, सिलेशियस जिवाश्म वस्तु, प्राकृतिक ग्रेफाइट, खरी (Talo), मिनरल, सिलीकन, आदिको उत्खनन्
- प्राकृतिक बहुमूल्य पत्थरहरू, हिरा, पन्ना, जास्पर आदि र प्रकृतिक सोडियम अलकत्राको उत्खनन्
- अभ्रक, स्फटिक (Quartz), पत्थर वा रत्न वा मणी (gem) आदिको उत्खनन्
- अन्यत्र कतै नपरेका यस्तै अन्य खनिज वस्तुहरूको उत्पादन र उत्खनन् गर्ने क्रियाकलापहरू

**09 खानी क्रियाकलापहरूलाई सहयोग पुऱ्याउने सेवाहरू**

**(Mining support service activities)**

यस डिभिजनमा शुल्क तथा करारका आधारमा खानीजन्य क्रियाकलापहरूलाई विशेष सहयोग पुऱ्याउने सेवा कार्य पर्दछ । परम्परागत किसिमका तरिका जस्तैः नमुनाको अध्ययनबाट भौगर्भिक अवलोकन गरी पेट्रोलियम पदार्थको कुवा, धात्विक तथा अधात्विक वस्तुहरूको अन्वेषणको लागि गरिने ड्रिलिङ कार्यहरू, परीक्षण ड्रिलिङ वा पुनः गरिने ड्रिलिङ कार्यहरू, परीक्षण सेवा कार्य यसैअन्तर्गत पर्दछन् ।

अन्य विशेष प्रकारका सेवाहरू जस्तैः प्राकृतिक ग्याँसका तथा तेल कुवाको आधार तयार गरिने, प्राकृतिक ग्याँसका तथा तेलका कुवालाई ढाक्ने गरी बाहिरी भागमा सिमेन्ट लगाउने, सरसफाइ गर्ने, विलिङ गर्ने तथा बढार्ने, खानीमा तेललाई निकास दिने तथा तेल तान्ने, खानीमा अधिक भएकोलाई पदार्थहरूलाई हटाउने कार्यहरू गर्ने सेवाहरू यस डिभिजनमा पर्दछन् ।

**091 पेट्रोलियम र प्राकृतिक ग्याँस निकाल्ने सहयोगी क्रियाकलापहरू**

**(Support activities for petroleum and natural gas extraction)**

**0910 पेट्रोलियम र प्राकृतिक ग्याँस निकाल्ने सहयोगी क्रियाकलापहरू**

**(Support activities for petroleum and natural gas extraction)**

शुल्क तथा करारका आधारमा पेट्रोलियम पदार्थ र प्राकृतिक ग्याँस निकाल्ने सेवा कार्य यस समूहमा पर्दछन् ।

- पेट्रोलियम पदार्थ र प्राकृतिक ग्याँस निकाल्ने अन्वेषण कार्यको परम्परागत सेवा कार्यहरू जस्तैः सम्भाव्य क्षेत्रमा गई भौगर्भिक अवलोकन आदि

- निर्देशित दिशामा प्वाल पर्ने वा पुनः प्वाल पार्ने कार्य गर्दा जमिनमुनिको पानीबाट वचाउने कार्य गर्ने, प्वाल पार्न प्रयोग हुने संरचनाहरूको मर्मत गर्ने वा भत्काउने गर्ने कार्य, पेट्रोलियम पदार्थ र प्राकृतिक ग्याँस निकाल्न प्वाल पार्ने ठाउँलाई सिमेन्ट लगाई बचाउने कार्य (cementing oil and gas well casings) ड्रिलिङ कार्य, कुवाबाट तेल वा ग्याँस तान्ने कार्य, ग्याँस वा तेलको कुवा बन्द गर्ने वा हटाउने कार्य आदि
- ढुवानीका लागि खानी क्षेत्रमा नै प्राकृतिक ग्याँसलाई तरलीकरण गर्ने पुनः ग्याँसको रूपमा ल्याउने क्रियाकलाप
- शुल्क तथा करारका आधारमा पेट्रोलियम पदार्थ तथा प्राकृतिक ग्याँस प्वाल पर्ने तथा तान्ने सेवा प्रदान गर्ने कार्य
- पेट्रोलियम पदार्थ तथा प्राकृतिक ग्याँस निकाल्ने परीक्षण कार्यहरू

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ ग्याँस वा पेट्रोलियम पदार्थ निकाल्न अपरेटरद्वारा दिइने सेवा (हेर्नुहोस् ०६१०, ०६२०)
- ○ उत्खनन् मेसिनको विशेष प्रकारको मर्मत सेवा (हेर्नुहोस् ३३२१)
- ○ ढुवानीका लागि खानी क्षेत्रभन्दा बाहिर प्राकृतिक ग्याँसलाई तरलीकरण गर्ने पुनः ग्याँसको रूपमा ल्याउने कार्य (हेर्नुहोस् ५२२१)
- ○ भौतिक भूगर्भ, भूगर्भ तथा सिस्मोलोजिक सर्वेक्षणहरू (हेर्नुहोस् ७११०)

**099 धातुको खानी तथा अधात्वीक वस्तु उत्खनन् कार्यका अन्य सहयोगी क्रियाकलापहरू**
**(Support activities for other mining and quarrying)**

**0990 धातुको खानी तथा अधात्वीक वस्तु उत्खनन् कार्यका अन्य सहयोगी क्रियाकलापहरू**
**(Support activities for other mining and quarrying)**

डिभिजन ०५, ०७ र ०८ मा उल्लेख भएका कार्यको लागि शुल्क तथा करारका आधारमा गरिने निम्न सहयोगी कार्यहरू यस समूहमा पर्दछन् ।

- अन्वेषण कार्यको परम्परागत सेवा कार्यहरू जस्तैः सम्भाव्य क्षेत्रमा गई भौगर्भिक अवलोकन गर्ने, नमुना परीक्षण गर्ने आदि सेवा कार्यहरू
- शुल्क तथा करारका आधारमा प्वाल पार्ने तथा तान्ने सेवा प्रदान गर्ने सहयोगी सेवा कार्य
- परीक्षणको लागि प्वाल पार्ने वा परीक्षणको लागि खन्ने सहयोगी सेवा क्रियाकलाप

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ सेवा शुल्क वा करारमा गरिएको खानी तथा उत्खखन् कार्यको सञ्चालन (हेर्नुहोस् डिभिजन ०५, ०७ र ०८)
- ○ उत्खनन् मेसिनको विशेष प्रकारको मर्मत सेवा (हेर्नुहोस् ३३२१)
- ○ भौतिक भूगर्भ, भूगर्भ तथा सिस्मोलोजिक सर्वेक्षणहरू (हेर्नुहोस् ७११०)

# खण्ड सी : औद्योगिक उत्पादन
# (Manufacturing)

औद्योगिक (प्रशोधित वस्तु) उत्पादनको वर्गीकरण गर्न सरल छैन । औद्योगिक उत्पादन कार्य भन्नाले निर्जीव वा जैविक वस्तु (कच्चा पदार्थ) लाई यान्त्रिक वा रासायनिक वा अन्य कुनै प्रक्रियाद्वारा प्रशोधन वा रूपान्तरण गरी नयाँ वस्तुमा परिणत गर्ने कार्यलाई बुझाउँछ । कृषि, जङ्गल, खनिज, उत्खनन् र स्वयं औद्योगिक उत्पादनहरू यसमा कच्चा पदार्थ हुन्छन् । कतिपय यसमा वर्गीकृत भएका उत्पादन कार्यहरूका सिमाहरू अरु क्षेत्रका कार्यसँग अस्पष्ट हुन सक्दछ ।

औद्योगिक उत्पादनसँग सम्बन्धित एकाइहरूलाई बोलीचालीको भाषामा फेक्ट्री, मिल, कारखाना आदिको रूपमा पनि सम्बोधन गरिन्छ । यद्यपि जुन एकाइ वा वस्तु वा सामग्रीहरू कामदारको घरमा हातैद्वारा नयाँ वस्तुमा रूपान्तरित हुन्छ र उत्पादन गरिने ठाउँबाट नै आम जनतामा बिक्री पनि हुन सक्दछ जस्तैः बेकरी उत्पादन, सिलाइकटाइ, बुनाइ वा टेलरिङजस्ता कार्यहरूलाई पनि यसै खण्डअन्तर्गत राखिएको छ । उत्पादित एकाइहरू आफैले प्रशोधन गरेका सामग्री पनि हुन सक्दछन् वा उसको लागि कसैले सम्झौतामा प्रशोधित गरिदिएको पनि हुन सक्दछ । यी दुवैथरि उत्पादनका एकाइहरू पनि यसै खण्डअन्तर्गत नै पर्दछन् ।

औद्योगिक उत्पादनहरू कुनै उपभोक्ताको लागि अन्तिम उपभोग हुन सक्दछ भने कसैको लागि अर्धप्रशोधित मात्र पनि हुन सक्दछ । अर्धप्रशोधित भन्नाले यस वस्तुलाई पुनः प्रशोधन गरी अन्य वस्तुको उत्पादन गरिने भन्ने बुझिन्छ । उदाहरणको लागि अल्मुनियम प्रशोधन उद्योगबाट उत्पादित अल्मुनियम यस उद्योगको अन्तिम उत्पादन ( आउटपुट) हो भने अल्मुनियमको तार बनाउने उद्योगको लागि यो आउटपुट उस्को लागि इनपुट अर्थात् कच्चापदार्थ हो । त्यसै गरी तारको जाली उत्पादन गर्ने उद्योगको लागि यो तार उसको लागि कच्चापदार्थ हो भने तारको जाली उस्को उत्पादन हो ।

मेसिन तथा उपकरणहरूको विशेष प्रकारका उत्पादनका भागहरू वा त्यससँग जोडिएका अन्य एसेसेरिजहरूको उत्पादन सामान्य नियमानुसार मेसिन तथा उपकरणहरूको उत्पादन गर्ने वर्गमा नै परिभाषित गरिन्छ जसको लागि केही भाग वा एसेसेरिजहरू अभिप्ररित हुन्छ । तर केही मेसिन तथा उपकरणहरूका पाटपुर्जाहरू जस्तैः इन्जन, पिस्टन, बिजुली मोटर, बिजुली जडिएका उपकरण, भल्व, गिएर रोलिङ्ग वेरिङ वस्तुहरू समावेश गरी उत्पादन भएका हुन सक्दछन् जुन मेसिन तथा उपकरणहरूको उत्पादन गर्ने वर्गमा नै परिभाषित गरिएका छैनन् । यी वस्तुका उत्पादनहरू अर्कै वर्गमा परिभाषित गरिएको छ । तथापि प्लास्टिकद्वारा मोडलिङ गरिएका सजावटका वस्तु वा अन्य यस्तै वस्तुहरू डिभिजन २२२० अन्तर्गत वर्गीकरण गरिएको छ ।

विभिन्न प्रकारका पार्टपुर्जा जोडी कुनै नयाँ वस्तु उत्पादनलाईसमेत औद्योगिक उत्पादनमा समावेश गरिएको छ । जस्तैः टेलिभिजन निमार्णको लागि आवश्यक पर्ने पिक्चरट्युब, डाएड, ट्रायड, बडीजस्ता सम्पूर्ण पार्टपुर्जाहरू अन्यत्रबाट खरिद गरी वा आफै उत्पादन गरी ती पार्टपुर्जालाई जोडी टेलिभिजन निमार्ण गरिने कार्यलाईसमेत औद्योगिक उत्पादनमा मानिएको छ ।

कवाडी सामग्रीहरूबाट पुनः उत्पादन गर्ने जस्तैः कवाडी सामग्रीहरूलाई दोस्रो कच्चा पदार्थको रूपमा प्रयोग गरी पुनः वस्तुहरू उत्पादन गर्ने कार्यलाई (कवाडी सामग्रीहरूबाट पुनःउत्पादन) ३८३० मा वर्गीकरण गरिएको छ । जबकि यी उत्पादनहरू भौतिक वा रासायनिक प्रक्रियाबाट परिवर्तन भै उत्पादन गरिए तापनि औद्योगिक उत्पादनको भागका रूपमा वर्गीकरण गरिएको छैन । यी उत्पादनको मुख्य उद्देश्य कवाडी सामग्रीहरूलाई प्रशोधन

गर्ने भएकोले यसलाई खण्ड E (पानीको आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा प्रशोधनसम्बन्धी क्रियाकलापहरू) मा राखिएको छ । तर यदि नयाँ सामग्रीहरू उत्पादनको लागि यी कवाडी सामग्रीहरू प्रथम कच्चा पदार्थको रूपमा प्रयोग गरी उत्पादन गर्ने क्रियाकलाप रहेछ भने औद्योगिक उत्पादनको भागका रूपमा नै परिभाषित गरिन्छ । उदाहरणको लागि फालिएको वा खेर गएको फिल्मबाट चाँदीको उत्पादन गरिन्छ भने यसलाई औद्योगिक उत्पादनको रूपमा लिनुपर्दछ ।

सामान्यतया औद्योगिक, व्यापारिक तथा यस्तै अन्य कार्यमा प्रयोग भएका विशेष प्रकारका मेसिन तथा उपकरणहरूको मर्मतसम्भारहरूलाई डिभिजन ३३ (मेसिन तथा उपकरणको जडान र मर्मत) मा वर्गीकृत गरिएको छ । जबकि कम्प्युटर, व्यक्तिगत वस्तु र घरपरिवारमा प्रयोग हुने वस्तुहरूको मर्मतसम्भार कार्यलाई डिभिजन ९५ ( कम्प्युटर, व्यक्तिगत वस्तु र घरपरिवारमा प्रयोग हुने वस्तुहरूको मर्मतसम्भार कार्य) मा, साथै मोटरगाडीको मर्मतसम्भारलाई डिभिजन ४५ (मोटरगाडी तथा मोटरसाइकलको थोक एवं खुद्रा बिक्रीका र मर्मतसम्भारको कार्य) मा वर्गीकरण गरिएको छ । त्यसै गरी विशेष प्रकारको कामको रूपमा मेसिन र उपकरणहरूको जडान गरिने कार्यहरूलाई वर्ग ३३२० मा वर्गीकृत गरिएको छ ।

**<u>टिप्पणी</u>:** औद्योगिक उत्पादनका सिमाहरू र वर्गीकरण पद्दतिबीच केहीहदसम्म अस्पष्ट हुन सक्दछन् । सामान्य शिद्धान्तअनुसार औद्योगिक उत्पादनमा, वस्तुहरूको रूप परिवर्तन भै नयाँ वस्तुको रूपमा रूपान्तरण हुन्छन् । यिनका आउटपुटहरू नयाँ उत्पादनहरू हुन्छन् तापनि नयाँ उत्पादनको परिभाषा केही हदसम्म वस्तुगत हुन सक्दछ । यसलाई प्रष्ट पार्नको लागि निम्नलिखित कार्यलाई नेपालस्तरीय औद्योगिक वर्गीकरणमा औद्योगिक उत्पादनको रूपमा वर्गीकरण गरिएको छ ।

- दूध प्रशोधन तथा प्याकेजिङ (हेर्नुहोस् १०५०)
- ताजा माछा प्रशोधन (काँडा निकाल्ने, सिपीबाट मासु निकाल्ने), माछा मार्ने डुङ्गामा नै नगरिएको कार्य (हेर्नुहोस् १०२०)
- छपाइ तथा यससम्बन्धी कार्य (हेर्नुहोस् १८११, १८१२)
- रेडिमिक्स रोडा उत्पादन (हेर्नुहोस् २३९५)
- छालामा रूपान्तरण गर्ने कार्य (हेर्नुहोस् १५११)
- काठ संरक्षण कार्य (हेर्नुहोस् १६१०)
- इलेक्ट्रोप्लेटिङ, प्लेटिङ, जलप लगाउने कार्य, मेटल हिट ट्रिटिङ (हेर्नुहोस् २५९२)
- मेसिनहरूको पुनः उत्पादन वा पुनः निर्माण (जस्तैः अटोमोबाइल इन्जन, हेर्नुहोस् २९१०)
- रबर टायरको परिमार्जन वा रिसोलिङ गर्ने (हेर्नुहोस् २२१०)

ठीक माथिको विपरीत केही उत्पादनहरू भौतिक तथा रासायनिक प्रक्रियाबाट रूपान्तरित भै उत्पादन भए तापनि ती उत्पादित वस्तुहरूको वर्गीकरण औद्योगिक उत्पादनमा गरिएको छैन । ती उत्पादन कार्यलाई निम्नअनुसार वर्गीकरण गरिएको छ ।

- काठका मुडा (हेर्नुहोस् खण्ड A कृषि, वन तथा माछा)
- कृषि उत्पादन (हेर्नुहोस् खण्ड A कृषि, वन तथा माछा)
- खनिज तथा अन्य धातु (हेर्नुहोस् खण्ड B खनिज तथा उत्खनन्)
- संरचनाहरूको निर्माण तथा निर्माणस्थलमा गरिने निर्माणसम्बन्धी कार्यहरू (हेर्नुहोस् खण्ड C निर्माण)

- धेरै परिणामहरूलाई टुक्राउने, सानोसानो आकारमा बनाउने, प्याकेजिङ गर्नेसमेत, पुनः प्याकिजिङ वा उत्पादनलाई प्याकेज गर्ने काम, जस्तैः रक्सी, रासायनिक तरल पदार्थ आदिलाई सानोसानो बोतलमा प्याकेज गर्ने काम, स्क्रापलाई छुट्याउने काम, ग्राहकको चाहनाबमोजिम रङहरू मिलाउने काम, ग्राहकको चाहनाबमोजिम धातुलाई टुक्राउने काम, उही उत्पादनलाई केही संशोधन गरी उही वस्तु उत्पादन गर्ने कार्यलाई खण्ड G (थोक तथा खुद्रा व्यापार, मोटरगाडी र मोटरसाइकलको मर्मत) मा वर्गीकरण गरिएको छ ।

## 10 खाद्य वस्तुको औद्योगिक उत्पादन (Manufacture of food product)

यस डिभिजनअन्तर्गत कृषि, वन र मत्स्यसम्बन्धी मानव खाद्य र जनावर खाद्य वस्तुहरूको उत्पादन समावेश गरिएको छ साथै विभिन्न प्रकारका अन्तिम उपभोगमा आउने खाद्य वस्तुको उत्पादन नभई मध्यवर्ती उपभोगमा आउने खाद्य वस्तुको उत्पादन पनि यसैअन्तर्गत समावेश गरिएको छ । उत्पादनहरू जोडिएर आउने क्रियाकलापले उत्पादनहरूको मूल्य घटी वा बढी हुन सक्दछ जस्तैः तेल उत्पादनमा पिनाको मूल्य लुकेको हुन्छ ।

यस डिभिजनमा विभिन्न प्रकारका उत्पादनका क्रियाकलापहरूलाई सोहीअनुसार व्यवस्थित गरिएको छ : मासु, माछा, फलफूल र तरकारी, बोसो र तेल, दुग्ध उत्पादन, धान चामल दाल मिल, पशु आहार र अन्य खाद्य उत्पादन । उत्पादनहरू, स्वयं उपभोगका साथै तेस्रो पक्षको लागि पनि हुन सक्दछ ।

केही क्रियाकलापहरूलाई उत्पादनको रूपमा मानिएको छ (जस्तैः बेकरी, पेस्टीज बनाउने पसल, तैयारी मासु वेच्ने पसल जसले आफ्नो उत्पादन मात्र वेच्दछन्) अझै यस्ता पसलहरूले आफ्नो उत्पादन खुद्रा बिक्रीसमेत गरेका हुन्छन् । तर पनि, जहाँ कम मात्रामा प्रशोधन गर्ने र वस्तुको वास्तविक परिवर्तन नहुने त्यस प्रकारका उत्पादनहरूलाई थोक तथा खुद्रा व्यापार (खण्ड G) अन्तर्गत वर्गीकरण गरिएको छ ।

वधशालाका फालिएका वा त्यसका उप–उत्पादनद्वारा तयार गरिएका पशु आहारलाई १०८० मा वर्गीकरण गरिएको छ तर खाद्य तथा पेय पदार्थका उत्पादन गर्दा निस्किएका फोहर पदार्थलाई दोस्रो कच्चापदार्थको रूपमा प्रयोग गर्नेलाई ३८३० मा वर्गीकरण गरिएको छ र सो फोहरहरूबाट मल उत्पादन गर्ने कार्यलाई ३८२१ मा वर्गीकरण गरिएको छ ।

### 101 मासुको प्रशोधन र संरक्षण गर्ने क्रियाकलापहरू (Processing and Preservation of Meat)

### 1010 मासुको प्रशोधन र संरक्षण गर्ने क्रियाकलापहरू (Processing and Preservation of Meat)

बधशाला सञ्चालन, मासुको उत्पादन, प्रशोधन, संरक्षण र यससम्बन्धी अन्य कार्य गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- वधशाला (slaughterhouse) को सञ्चालन, जनावर वा पशुपन्छी (खसी, बोका, भेडा, राँगो, वंगुर, खरायो, कुखुरा, हाँस, अष्ट्रिच आदि) को वध गर्ने
- मासु सफा गर्ने, संरक्षण गर्ने, प्रशोधन गर्ने र प्याकिङ गर्ने
- ताजा तथा चिसो मासुको उत्पादन, काट्ने

- ताजा तथा चिसो मासुको उत्पादन, भिन्न अङ्गहरू काट्ने
- घाम वा धुँवा वा नूनबाट सुकाएको मासुको उत्पादन
- मासुका विभिन्न परिकारहरूको उत्पादन जस्तैः ससेज, सलामी, आदि
- वधशालाबाट प्राप्त उप-उत्पादित वस्तुहरू (byproducts) जस्तैः छाला, हाड, रौं, सिङ, प्वाँख, ऊन आदिको उत्पादन गर्ने
- सँगुरको बोसो र अन्य जनावरहरूको खानयोग्य बोसोको उत्पादन
- जनावर वा पशुपन्छीको मल, प्वाँख, हाड, ऊन आदिको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- तयारी (prepared) मासुलाई चिस्याउने काम (हेर्नुहोस् १०७५)
- मासु मिसाएको सुप तयार गर्ने (हेर्नुहोस् १०७९)
- मासुको थोक बिक्री (हेर्नुहोस् ४६३०)
- मासुलाई प्याकेजिङ गर्ने कार्य (हेर्नुहोस् ८२९२)

**102 माछा र माछाबाट तयार हुने खाद्य पदार्थको प्रशोधन र संरक्षण**

**(Processing and preserving of fish and crustaceans and molluscs)**

**1020 माछा र माछाबाट तयार हुने खाद्य पदार्थको प्रशोधन र संरक्षण**

**(Processing and preserving of fish and crustaceans and molluscs)**

माछाबाट तयार हुने खाद्य पदार्थको प्रशोधन र संरक्षण, माछाको मासुको सफाइ र प्याकिङ गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- माछा र माछाबाट उत्पादित खाद्य पदार्थहरूको उत्पादन प्रक्रिया जस्तैः घाम वा धुवाँबाट सुकाउने, नून पानीबाट सुख्खा बनाउने काम
- माछाको मासु संरक्षण एवं प्रशोधन गर्ने वा डिब्बामा प्याक गर्ने काम
- मानिसको उपभोगको लागि तथा जनावरले खाने दानाको लागि ताजा माछाको मासु उत्पादन
- माछा मिसावट गरेको अन्य खाद्य पदार्थ बनाउने क्रियाकलापहरू
- माछा तथा माछाको मासु संरक्षण एवं प्रशोधन गर्ने भाँडा वा डिब्बा तयार गर्ने काम
- Seaweed को प्रशोधन कार्य

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- समुद्री जन्तुको तेल वा बोसो उत्पादन (हेर्नुहोस् १०४०)
- तयारी (prepared) माछालाई खानाको परिकारको रूपमा राखी चिस्याउने काम (हेर्नुहोस् १०७५)
- माछा मिसाएको सुप तयार गर्ने (हेर्नुहोस् १०७९)

**103 फलफूल तथा तरकारी प्रशोधन र संरक्षण**

**(Processing and preserving of fruit and vegetable)**

**1030 फलफूल तथा तरकारी प्रशोधन र संरक्षण**

**(Processing and preserving of fruit and vegetable)**

फलफूल तथा तरकारीको प्रशोधन र संरक्षण गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- फलफूल तथा तरकारीहरूको संरक्षण (preserve) गर्ने
- फलफूल तथा तरकारीहरूको क्यानिङ (Canning) र प्याक गर्ने
- फलफूल तथा तरकारीलाई तेलमा डुबाई वा सुकाई वा अमिलोमा राखेर प्रशोधन एवं संरक्षण गर्ने
- फलफूल तथा तरकारी प्रशोधन गरी जाम, जेली, जुस, कागतीको रस, अचार, गुन्द्रुक, मस्यौरा, सिन्की आदि तयार गर्ने र त्यसलाई संरक्षण गर्ने
- कडा बोक्रा भएका (Nuts) फलफूललाई भुट्ने (roast) गर्ने काम
- फलफूललाई प्रशोधन गरी त्यसको माडा, तितौरा, पाउँ आदि बनाउने काम
- चिस्याएर वा अन्य तरिकाले आलुको संवर्धन र संरक्षण गर्ने सम्पूर्ण कार्यहरू
- आलुको बोक्रा छोडाउने काम तथा आलुका विभिन्न तयारी परिकार जस्तैः चिप्स, पिठो आदि बनाउने काम
- ताजा फलफूल तथा तरकारीहरूका परिकारहरूको उत्पादन
- फलफूल तथा तरकारीहरूबाट तयार भएका छिटै उपभोग गर्नुपर्ने खाद्य पदार्थको प्रशोधन गर्ने जस्तैः सलाद, तोफु, बोक्रा फालेका फलफूल तथा तरकारीहरू आदि

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- सुख्खा गेडागुडीहरूको पिठो वा परिकार उत्पादन (हेर्नुहोस् १०६१)
- फलफूलहरू चिनीको चास्नीमा राख्ने काम (हेर्नुहोस् १०७३),
- कृत्रिम (गाढा/बाक्लो) कर्न्सनटेसन पदार्थ तयार गर्ने (हेर्नुहोस् १०७५)

## 104 वनस्पति तथा पशुको तेल र चिल्लो पदार्थको उत्पादन (Manufacture of vegetable and animal oil and fats)

### 1040 वनस्पति तथा पशुको तेल र चिल्लो पदार्थको उत्पादन (Manufacture of vegetable and animal oil and fats)

वनस्पति तथा जनावरको कोरा तथा शुद्ध तेल एवं चिल्लो पदार्थ यस वर्गमा पर्दछन ।

- वनस्पतिको बियाँ वा फलहरू जस्तैः तोरी, रायो, सर्स्यूँ, आलस, तिल, सूर्यमुखी, बदाम, भट्मास, जैतुन (olive) र अन्य खान हुने तेलीय फलहरूबाट तेल निकाल्ने, प्रशोधन एवं शुद्धीकरण गर्ने काम
- तेलीय वस्तुको बियाँको प्रशोधन
- मार्जारीयन (खाने तेल, बोसो, पानी, दूध मिलाएको पकाउने तेल) को प्रशोधन
- जनावरहरूको बोसोबाट उत्पादित गर्ने अखाद्य तेल
- अखाद्य, पशु तेल वा बोसो तयार गर्ने क्रियाकलाप
- माछा तथा सामुद्रिक जनावर आदिबाट तेल निकाल्ने क्रियाकलापहरू
- वनस्पति तथा जनावरहरूबाट तेल निकाली सकेपछिका पिना एवं अन्य बाँकी (residual) वस्तुहरूको प्रशोधन, संवर्धन र संरक्षण गर्ने काम

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- बोसोको प्रशोधन, अन्य खाद्य पशु बोसो उत्पादन (हेर्नुहोस् १०१०)
- मकैबाट तेल निकाल्ने र हरियो मकैको दाना पिस्ने कार्य (हेर्नुहोस् १०६२)
- सुगन्धित तेल उत्पादन गर्ने (हेर्नुहोस् २०२९)
- रासायनिक प्रक्रियाद्वारा तेल तथा चिल्लो पदार्थ उत्पादन गर्ने क्रियाकलाप (हेर्नुहोस् २०२९)

## 105 दुग्ध पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of dairy products)

### 1050 दुग्ध पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of dairy products)

दुग्ध पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- ताजा झोल दूधको प्रशोधन, दूध छान्ने, कीटाणुरहित बनाउने वा उमाल्ने वा चिस्याउने वा चिल्लो पदार्थ मिलाउने गरी दूध उत्पादन गर्ने
- दूधमा आधारित अन्य पेय पदार्थको प्रशोधन र उत्पादन
- ताजा झोल दूधबाट क्रिमको उत्पादन
- दूधबाट बाक्लो (concentrated) चिनीसहित वा रहित दुग्ध पदार्थ उत्पादन गर्ने
- ताजा झोल दूधबाट दुरखा, छुर्पी आदि ठोस प्रशोधन उत्पादन
- दूधबाट नौनी उत्पादन
- दूधबाट दही उत्पादन
- चिज र curd उत्पादन
- महीको उत्पादन
- धुलो दूधको प्रशोधन तथा उत्पादन गर्ने
- ल्याक्टो प्रशोधन तथा उत्पादन
- ताजा झोल दूधबाट आइस्क्रीम तथा अन्य खानयोग्य दुग्धपदार्थ उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- पशुपालन गरी दूध उत्पादन गर्ने काम (हेर्नुहोस् ०१४)
- गैरडेरी दूध तथा चिज उत्पादन गर्ने काम (हेर्नुहोस् १०७९)
- आइसक्रिम पार्लरसम्बन्धी क्रियाकलाप (हेर्नुहोस् ५६१०)

## 106 मिलबाट खाद्यान्न प्रशोधन गर्ने, स्टार्च (खाद्यान्नको माड) तथा स्टार्च भएका अन्य खाद्य पदार्थहरू प्रशोधन गरी उत्पादन गर्ने क्रियाकलापहरू

**(Manufacturing of grain mill products, Starch and starch products)**

अन्नबाली, तरकारी आदि खाद्यान्नलाई प्रशोधन गरी चामल उत्पादन गर्ने, पिठो बनाउने, चामललाई पालिस गर्ने पिठोहरू मिसाउने, मैदा बनाउने आदि क्रियाकलापहरू यस समूहमा समावेश गरिएको छ । त्यसै गरी हरियो मकै वा तरकारीहरूलाई मिलिङ गर्ने र माड र माडका अन्य खाद्य पदार्थहरू उत्पादन गर्ने क्रियाकलाप पनि यसै समूहमा समावेश गरिएको छ ।

### 1061 मिलबाट खाद्यान्न प्रशोधन गरी उत्पादन गर्ने क्रियाकलापहरू

**(Manufacture of grain mill products)**

मिलबाट खाद्यान्न प्रशोधन गरी उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन ।

- पिसानी गर्ने मिलहरूः जस्तैः मकै, गहुँ, जौ, कोदो, चना, फापर आदि खाद्यान्नहरू पिँधेर पिठो उत्पादन गर्ने
- कुटानी गर्ने मिलहरूः जस्तैः धान कुट्ने वा चामलमा पालिस गर्ने, चिउरा कुट्ने मिलहरू, उसिना चामल उत्पादन गर्ने, चामलको पीठो बनाउने मिलहरू
- तरकारी मिलहरूः जस्तैः अन्य गेडागुडी, वनस्पति, दाना भएका खाद्यान्न (vegetable, leguminous, tuber and edible nuts) पिँधेर पीठो बनाउने मिलहरू
- बिहान तथा दिउँसोको खाजा बनाउने पिठो प्रशोधन तथा उत्पादन
- पिठोलाई मिसाउने र क्रीम जस्तैः मैदा उत्पादन गर्ने, केक बिस्कुट आदिका लागि मुछेको पिठो तयार गर्ने मिलहरू
- कुटानी पिसानी मिलबाट विना प्रसोधन पशुआहारका लागि प्रयोगहुने उपउत्पादनहरु जस्तै : धानको ढुटो, चोकर, ब्राउन आदि

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○आलुको पिठो तथा खाद्यवस्तु उत्पादन (हेर्नुहोस् १०३०)
- ○हरियो मकैको दाना पिस्ने काम (हेर्नुहोस् १०६२)

## 1062 खाद्यवस्तुको प्रशोधन गरी माड र तथा माड भएका अन्य खाद्य पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू (Manufacturing of starch and starch products)

खाद्यवस्तुको प्रशोधन गरी माड उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- मकै, चामल, गहुँ, कोदो, जौ, आलु, र अन्य खाद्य पदार्थबाट स्टार्च (माड) निकाल्ने
- भिजेको (हरियो) मकै पिनेर लेदो उत्पादन गर्ने क्रियाकलाप
- ग्लुकोज, ग्लुकोज सिरप, माल्टोज, इन्सोलिन उत्पादन गर्ने क्रियाकलाप
- च्याटच्याट लाग्ने पदार्थको (ग्लुटेन) प्रशोधन तथा उत्पादन क्रियाकलाप
- सिमलतरुल (Casava) बाट स्टार्च निकाल्ने र प्रशोधन गर्ने क्रियाकलाप (Tapioca)
- मकैबाट तेल निकाल्ने क्रियाकलाप

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ लेक्टो (दुग्ध चिनी) उत्पादन (हेर्नुहोस् १०५०)
- ○ उखु, सखरखण्डबाट चिनी उत्पादन (हेर्नुहोस् १०७२)

## 107 अन्य खाद्य पदार्थको प्रशोधन गरी उत्पादन गर्ने क्रियाकलापहरू (Manufacturer of other food products)

यस समूहमा विभिन्न प्रकारका खाद्यान्न उत्पादन, अगाडिको समूहहरूमा समावेश नभएका बाँकी सबै उत्पादन गर्ने क्रियाकलापहरू यसमा समावेश गरिएको छ । बेकरी उत्पादन, चिनी, तथा चकलेटहरू उत्पादन, म्याक्रोनी, चाउचाउ, र यस्तै अन्य खानाहरू, कफी, चिया तथा मसला साथसाथै यस्तै प्रकारका छिटो खराब हुने खाद्य पदार्थ उत्पादन गर्ने क्रियाकलाप यसै समूहमा समावेश गरिएको छ ।

## 1071 बेकरी उत्पादन गर्ने क्रियाकलापहरू (Manufacturer of bakery products)

ताजा, चिसा वा सुख्खा बेकरी उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन ।

- ताजा पाउरोटी एवं क्रीम रोलको उत्पादन
- ताजा पेस्ट्री, केक, दुनोट, निम्कीको उत्पादन
- रस्क (दुई पटक पकाएको रोटी), बिस्कुट र अन्य बेकरीहरूको उत्पादन
- जन्मदिन वा अन्य उत्सवका लागि बनाइने केकको उत्पादन र संरक्षण
- गुलिया तथा नुनिला खाजा (स्न्याक) हरू जस्तैः कुकिज, क्र्याकर, प्रेटजल आदि
- एक प्रकारको मेक्सीकन रोटी टर्टिलाज (tortillas) उत्पादन
- चिस्याइएका बेकरीहरूको उत्पादन जस्तैः प्यान केक, रोल, आदि

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ पास्ता उत्पादन (हेर्नुहोस् १०७४)
- ○ आलुका खाद्य परिकारहरू उत्पादन (हेर्नुहोस् १०३०)
- ○ तत्काल प्रयोगको लागि बेकरीहरूलाई तताउने काम (हेर्नुहोस् डिभिजन ५६)

**1072 चिनी उत्पादन गर्ने क्रियाकलापहरू (Manufacturer of sugar)**

चिनी उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन ।

- उखुको रसबाट चिनी उत्पादन गर्ने क्रियाकलाप
- उखुको रसको प्रशोधन गरी गुड, खाडसारी चिनी उत्पादन गर्ने क्रियाकलाप
- खुदोको प्रशोधन
- चुकन्दर, मुगिला, चिनीरुख आदिबाट चिनीको उत्पादन गर्ने क्रियाकलाप

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ गुल्कोज, गुल्कोज सिरप, माल्टेज उत्पादन गर्ने काम यसअन्तर्गत पर्दैन (हेर्नुहोस् १०६२)

**1073 कोका, चक्लेट र गोली मिठाइहरूको उत्पादन गर्ने क्रियाकलापहरू**

**(Manufacture of cocoa, chocolate and suger confectionary)**

चकलेट र गोली मिठाइहरूको उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन ।

- चकलेटहरूको उत्पादन गर्ने क्रियाकलाप
- गोली मिठाइ, चाकु आदिको उत्पादन गर्ने क्रियाकलाप
- चुइगमहरूको उत्पादन गर्ने क्रियाकलाप
- कोका उत्पादन गर्ने क्रियाकलाप
- फलफूल, कडा बोक्रा भएका फलफूल, बोक्रा छोडाएका फलफूल आदि चिनीमा डुबाएर संरक्षण गर्ने कार्य

**1074 म्याक्रोनी, चाउचाउ, आदि वस्तुहरूको उत्पादन गर्ने क्रियाकलापहरू**

**(Manufacture of macaroni, noodle and couscous similar farinaceous production)**

म्याक्रोनी, चाउचाउ, पास्ता आदि खाद्यवस्तुहरू उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- पकाएको वा नपकाएको नरम पिठोबाट बनेको म्याकरोनी, दालमोठ,चाउचाउ, तत्सम्बन्धी खाद्य पदार्थको उत्पादन गर्ने काम

- पास्ता, सेवई, पापड उत्पादन गर्ने काम
- Couscous को उत्पादन
- नरम पिठोलाई प्याक गर्ने तथा संरक्षण गर्ने काम
- लावा, फोफा (मुरई), सोयाविन नट उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ पास्तासहितको सुप उत्पादन गर्ने काम यसअन्तर्गत पर्दैन (हेर्नुहोस् १०७९)

## 1075 खाना तथा खानाका विभिन्न परिकार तयार गर्ने क्रियाकलापहरू
## (Manufacture of prepared meals and dishes)

खाना तथा खानाका विभिन्न परिकार तयार गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन । यसमा तयारी खाना जमेको वा डिब्बामा बन्द गरी राख्न सकिन्छ । यो खाना पुनः बेच्नको लागि प्याक गरेको उत्पादक, उत्पादन मिति, आदिको लेबल लगाइएको हुन्छ । तुरुन्त उपभोग गर्नको लागि जस्तैः होटल रेस्टुरेण्टमा उत्पादन गर्ने क्रियाकलाप चाहिँ यसअन्तर्गत पर्दैनन् ।

- पशु तथा जनावर र हाँस एवं कुखुराको मासु र मासुका परिकारहरूको उत्पादन र संरक्षण
- माछाका खाद्य परिकारहरूको उत्पादन कार्यहरू
- तरकारी प्रशोधन गरी तयार गरिएका परिकारहरूको उत्पादन र संरक्षण
- तयारी माछा, मासु, तरकारी, फलफूल आदिलाई डब्बामा प्याकिङ गर्नेकाम
- अन्य खानाहरूको तयारी (such as "TV dinners", etc.)
- पिजा बनाउने तथा चिस्यान गराउने वा संरक्षण गर्ने क्रियाकलाप

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ तत्काल उपभोगको लागि खाना बनाउने काम यसअन्तर्गत पर्दैन (हेर्नुहोस्  डिभिजन ५६)

## 1079 अन्यत्र उल्लेख नगरिएका खाद्य पदार्थहरूको प्रशोधन तथा उत्पादन गर्ने क्रियाकलापहरू
## (Manufacture of other food products n.e.c.)

अन्यत्र उल्लेख नगरिएका खाद्य पदार्थहरूको प्रशोधन तथा उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- कफीको गेडा छान्ने, भुट्ने, पिँध्ने र प्याकिङ गर्ने
- कफीबाट कफीजन्य पदार्थ उत्पादन
    - पिँधेको कफी (ground coffee)
    - तत्काल घुलनशील कफीको धुलो उत्पादन गर्ने क्रियाकलाप
    - गाढा कफी वा कफी निकाल्ने क्रियाकलाप
- कफीका विकल्पहरूको उत्पादन
- चिया र त्यसका सहायक वस्तुहरू मिसाएर चियापत्ती उत्पादन (blending of tea and mate)
- चियामा आधारित चियाजन्य तत्व निकाल्ने उत्पादन
- विशेष प्रकारका खाना उत्पादन गर्ने क्रियाकलाप

- शिशुको खाना
    - दुग्ध पदार्थ वा अन्य खानासँग मिसाइएको खाना
    - बालबालिकाको खाना (लिटो आदि)
    - क्रिम ननिकाली वा मिसाई बनाइएको खाद्य पदार्थ
- मसला, सस, र अन्य मसलाहरूको उत्पादन
    - मेयोनेज (mayonnaise)
    - तोरी वा रायो वा तिलको धुलो उत्पादन
    - अन्य मसलाबालीलाई कुट्ने, पिस्ने तथा प्रशोधन गर्ने
- चुक, भेनेगरको प्रशोधन र उत्पादन
- कृत्रिम मह र कृत्रिम कुराउनी बनाउने
- छिटै खराब हुने खाना उत्पादन
    - स्याण्डविच (sandwiches)
    - नपकाएको पिजा बनाउने
    - नपकाएको म:म: बनाउने
    - नपकाएको रोटी बनाउने
- मर्चा (खमिर) बनाउने
- जडिबुटीको झोल बनाउने
- मासु, माछा, सामुद्रिक जीवबाट रस निकाल्ने
- वनस्पतिजन्य दूध तथा चिज बनाउने
- अण्डाबाट खाद्य वस्तु तयार गर्ने
- सामान्य नूनबाट खानयोग्य वा आयोडिनयुक्त नून बनाउने कार्य
- कृत्रिम रूपले तयार गरेको खाद्य (रसना, ट्यांगको धुलो) वस्तुहरू

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- मसलाबाली लगाउने (हेर्नुहोस् ०१२८)
- इन्सुलिन उत्पादन गर्ने (हेर्नुहोस् १०६२)
- तरकारी वा फलफूलबाट चाँडै बिग्रने खाद्यपरिकार जस्तैः सलाद, बोक्रा फालेको तरकारी आदि) उत्पादन गर्ने क्रियाकलाप (हेर्नुहोस् १०३०)
- चिस्याइएको पिजा बनाउने (हेर्नुहोस् १०७५)
- पेय पदार्थको रक्सी, जाँड, वाइन, सफ्ट ड्रिङ्क आदि उत्पादन (हेर्नुहोस् डिभिजन ११)
- वनस्पतिबाट औषधीहरूको उत्पादन (हेर्नुहोस् २१००)

## 108 पशु आहार (दाना) उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of prepared animal feeds)

### 1080 पशु आहार (दाना) उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of prepared animal feeds)

पशु आहार (दाना) को प्रशोधन तथा उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- पाल्तु जनावर तथा पशुपन्छीहरू जस्तैः कुकुर, बिरालो, खरायो, माछा आदिको दानाको प्रशोधन तथा उत्पादन ।
- पाल्तु जनावरहरू जस्तैः गाई, भैंसी, भेडा, बाख्रा, घोडा, चौंरी, सुँगुर, खरायो, चरा, माछा आदिलाई ख्वाउने दानाको प्रशोधन तथा उत्पादन ।
- जनावर वा पशुपन्छीका लागि विभिन्न चिजहरूको सम्मिश्रण नगरी दाना उत्पादन गर्ने
- पशु वधशालाबाट निक्लेका उपउत्पादन (slaughter waste) बाट पशु आहार बनाउने ।

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- पशुलाई खुवाउनको लागि खाद्य माछाको उत्पादन (हेर्नुहोस् १०२०)
- पिना उत्पादन (हेर्नुहोस् १०४०)
- पशुको आहारमा प्रयोग हुने तर उपउत्पादनको रूपमा उत्पादित वस्तुहरू जस्तैः धानको भुस (हेर्नुहोस् १०६१)

## 11 पेय पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of beverage)

यस डिभिजनअन्तर्गत पेय पदार्थ उत्पादन जस्तैः अल्लकोहल नभएका पेयपदार्थ, मिनरल वाटर, फरमेशन गरी (सडाएर) बनाइएका अल्कोहलिक पेय पदार्थ, बियर, जाँड, वाइन, र त्यसै गरी वाष्पीकरण गरी बनाइएका रक्सी उत्पादन तथा प्रशोधन गर्ने क्रियाकलापहरू पर्दछन ।

तर निम्न उत्पादनहरू यस डिभिजनमा समावेश गरिएको छैन :

फलफूल तथा तरकारीबाट जुस उत्पादन (हेर्नुहोस् १०३०), दूधमा आधारित पेय पदार्थ (हेर्नुहोस् १०५०) र कफी र चियाको उत्पादन (हेर्नुहोस् १०७९) ।

## 110 पेय पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of beverage)

## 1101 वाष्पीकरण, शुद्धीकरण र सम्मिश्रण गरी स्पीरिटको प्रशोधन र उत्पादन गर्ने क्रियाकलापहरू (Distilling, rectifying and blending of sprits)

स्पीरिट बनाउने वा प्रशोधन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- अल्कोहलजन्य पेय पदार्थहरू जस्तैः स्पीरिट, ह्वीस्की, ब्राण्डी, जिनलगायत अन्य (विभिन्न पेय पदार्थहरू मिसाएर बनाएको मिस्कट) अल्कोहलिक पेय पदार्थ बनाउने
- वाष्पीकरण गरी घरपाला रक्सी बनाउने क्रियाकलाप
- वाष्पीकरणयुक्त स्पीरिटको सम्मिश्रण (blending) गर्ने क्रियाकलाप
- न्यूट्रल स्पीरिटको उत्पादन गर्ने क्रियाकलाप

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- इथाइल अल्कोहलको उत्पादन (हेर्नुहोस्  २०११),
- वाष्पीकरण नगरी मादक पदार्थ उत्पादन (हेर्नुहोस्  ११०२),
- रक्सीका बोतल भर्ने, लेबल टाँस्ने यदि थोक व्यापारको लागि भए (हेर्नुहोस् ४६३०)
- यदि उक्त काम ठेक्कामा भए (हेर्नुहोस् ८२९२)

## 1102 वाइन बनाउने क्रियाकलापहरू (Manufacture of wine)

वाइन बनाउने क्रियाकलापहरू यस वर्गमा  पर्दछन् ।

- सबै प्रकारका फलफूलहरूबाट वाइन उत्पादन
- फिँज आउने वाइनको (sparkling wine) उत्पादन
- अङ्गुरको गाढा झोलबाट बनाइएको वाइन
- फलफूल र अन्य पदार्थ मिसाएर अल्कोहलयुक्त पेयपदार्थको उत्पादन गर्ने क्रियाकलाप
- वाष्पीकरण नगरीकन फलफूलहरू कुहाएर अल्कोहलयुक्त पेय पदार्थको उत्पादन गर्ने क्रियाकलाप
- सुगन्धित जडीबुटीबाट प्रशोधित विशेष वाइन (Vermouth) बनाउने
- विभिन्न वाइनहरूलाई मिलाई वाइन उत्पादन
- अल्कोहल कम भएको वा अल्कोहल नभएको वाइन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ भिनेगर, चुकको उत्पादन (हेर्नुहोस् १०७९)
- ○ रक्सीका बोतल भर्ने, लेबल टाँस्ने यदि थोक व्यापारको लागि भए (हेर्नुहोस् ४६३०)
- ○ यदि उक्त काम ठेक्कामा भए (हेर्नुहोस् ८२९२)

## 1103 अन्न कुहाई जाँड -बियर उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of malt liquors and malt)

जौ वा अन्य अन्न कुहाई जाँड, बियर उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- हल्का किसिमको मदिरा उत्पादन जस्तैः जौ तथा अन्य अन्न/अनाजहरू कुहाई जाँड वा बियर उत्पादन गर्ने क्रियाकलाप
- अल्कोहल कम भएको वा अल्कोहल नभएको बियरको उत्पादन तथा प्रशोधन

## 1104 हल्का पेय पदार्थको प्रशोधनः मिनरल वाटर र बोतलमा राखिएको पेयजलको उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of soft drinks: Prouduction of mineral water and other bottled waters)

हल्का पेय पदार्थको प्रशोधन तथा उत्पादन गर्ने  क्रियाकलापरु यस वर्गअन्तर्गत पर्दछन् ।

- अल्कोहल नभएका पेय पदार्थको उत्पादन तथा प्रशोधन गर्ने क्रियाकलाप
- हल्का किसिमको पेय पदार्थको उत्पादन जस्तैः कोक, पेप्सी आदि उत्पादन गर्ने क्रियाकलाप
- टनिक वाटर, स्क्वाइस, सर्वत (Lemonade, Orangeade, etc.) आदि उत्पादन गर्ने क्रियाकलाप
- मिनरल वाटर आदिको उत्पादन गर्ने क्रियाकलाप
- प्राकृतिक पेय जल र बोतलमा राखिएको पेयजलको उत्पादन गर्ने क्रियाकलाप

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ फलफूल तथा तरकारीको जुस (हेर्नुहोस् १०३०)
- ○ दुग्धजन्य पेय पदार्थ उत्पादन (हेर्नुहोस् १०५०)
- ○ कफी, चिया आदि पेय पदार्थ उत्पादन (हेर्नुहोस् १०७९)
- ○ अल्कोहलमा आधारित पेय पदार्थ (हेर्नुहोस् ११०१, ११०२, ११०३)
- ○ अल्कोहल नभएको वाइनको उत्पादन (हेर्नुहोस् ११०२),
- ○ अल्कोहल नभएको बियरको उत्पादन (हेर्नुहोस् ११०३)

○ रक्सीका बोतल भर्ने, लेबल टाँस्ने यदि थोक व्यापारको लागि भए (हेर्नुहोस् ४६३०)

○ यदि उक्त काम ठेक्कामा भए (हेर्नुहोस् ८२९२)

## 12 सुर्तीजन्य पदार्थको उत्पादन (Manufacture of tobacco products)

यस डिभिजनअन्तर्गत अन्तिम उपभोगका लागि उपयुक्त स्वरूपमा सुर्तीजन्य वस्तु उत्पादनका लागि कृषि उत्पादनको रूपमा रहेको सुर्तीको प्रशोधन गर्ने क्रियाकलापहरू पर्दछन् ।

## 120 सुर्तीजन्य पदार्थ उत्पादन (Manufacture of tobacco products)

यसको अवधारणाका लागि समूह १२०० हेर्नुहोस् ।

## 1200 सुर्तीजन्य पदार्थ उत्पादन (Manufacture of tobacco products)

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् ।

- सुर्तीजन्य पदार्थ र सुर्तीको सट्टामा प्रयोग हुने पदार्थहरू (substitute) जस्तैः चुरोट, सुर्ती बेरिएको चुरोट, बिँडी, सिगार, तमाखु (pipe tobacco), खैनी, सुर्तीको नस (snuff) आदिको उत्पादन
- सुर्तीका पातहरूलाई homogenized र reconstituted गर्ने (धुलो बनाउने)
- सुर्तीको बिरुवा काट्ने (stemming) र यसको पातलाई पुनः सुकाउने कार्य

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैनन् ।

○सुर्ती खेती तथा प्रारम्भिक प्रशोधन (हेर्नुहोस् ०११५, ०१६३)

## 13 कपडाको उत्पादन (Manufacture of textiles)

यस डिभिजनअन्तर्गत कपडाको धागो बनाउन तयारी र धागो कात्ने कार्य साथसाथै कपडा र रडिमेड पोशाक (Wearing apparel) को फिनीसिङ गर्ने, कपडाजन्य वस्तुहरू (Made-up textile articles) बनाउने क्रियाकलापहरू समेटिन्छ । तर यसअन्तर्गत लाइनेन, ब्ल्याङ्केट, ओढ्ने कम्बल र डोरीको उत्पादन समावेश गरिँदैन ।

प्राकृतिक रूपमा उमारिने खर वा रेसाहरू (Natural fibres) डिभिजन ०१ अन्तर्गत समेटिन्छ भने सिन्थेटिक फाइबरहरू, रासायनिक प्रक्रियाबाट उत्पादन गरिने भएकोले वर्ग २०३० अन्तर्गत पर्दछ । यस्तै रेडिमेड कपडा तयारी गर्ने वा उत्पादन गर्ने कार्यलाई डिभिजन १४ मा समेटिएको छ ।

## 131 कात्ने, बुन्ने, कपडालाई फिनिसिङ गर्ने (अन्तिम स्वरूप दिने) क्रियाकलाप (Spinning,weaving and finishing of textiles)

यस समूहअन्तर्गत कपडाको उत्पादनसहित उत्पादनका तयारी क्रियाकलापहरू जस्तैः कपडाका धागोहरू कात्ने, बुन्ने कार्यहरू समेटिन्छ ।

यस्ता वस्तुको उत्पादन वा उत्पादन तयारीका लागि विभिन्न कच्चा पदार्थहरू जस्तैः रेशम, ऊन, अन्य प्राणी वा वनस्पतिजन्य रेसाहरू वा मानिसले कातेको धागो रेसाहरू (fibre) कागज वा सिसा तथा सितारा आदिको प्रयोग गरिन्छ ।

त्यस्तै कपडा वा लगाउने तयारी वस्त्रको फिनिसिङ जस्तैः ब्लिचिङ, डाइङ, ड्रेसिङ गर्ने र यस्तै क्रियाकलापहरू यस समूहअन्तर्गत समेटिन्छन् ।

## 1311 कपडाको धागो तयारी र कात्ने क्रियाकलाप

**(Preparation and spinning of textile fibres)**

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिन्छन् :

- कपडाको धागो उत्पादन गर्न तयारीका क्रियाकलापहरू :
  - सिल्क (रेसम) धुने वा बेर्ने (Reeling)
  - ऊन सफा गर्ने (degreasing) र कार्बनीकरण गर्ने र भुत्ला ऊन (wool fleece) लाई डाइङ गर्ने, ऊन सफा गरी ऊनको धागो तयार गर्ने
  - सबै प्रकारका प्राणी वा वनस्पति वा मानिसद्वारा बुनिएका फाइबर रेसाहरूलाई सोझ्याउने (carding and combing); जनावर, वनस्पति, सेन्थेटिक तथा कृत्रिम रेसा तयार गर्ने; कपास, रेशम, जुट, पाट, नाइलन रेसा, आदिबाट धागो वा रेसा तयार गर्ने
  - थप प्रशोधन वा बिक्री गर्ने प्रयोजनका लागि तान लगाउन, बुन्न वा सिउनका लागि, धागो वा डोरीका (yarn) उत्पादन वा बुन्ने कार्य (manufacture and spinning) सेन्थेटिक तथा कृत्रिम रेसाहरूलाई टेक्सर गर्ने (धागोमा बुट्टयाउने, रङाउने), धागो बटार्ने, पट्याउने, लठ्ठा बनाउने र चोप्ने वा डुबाउने कार्यहरू
- यस वर्गमा कागजको रेसा उत्पादन गर्ने कार्य पनि समेटिन्छ ।

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैनन् ।

- कृषि वा खेतीपातीसँग गाँसिएर आउने तयारीका कार्यहरू (डिभिजन ०१ मा हेर्नुहोस्)
- जुट, सनपाट, आलसको झारजस्ता बिरुवाहरूको रेसा निकाल्न पानीपोखरीमा डुबाउने कार्य ( retting) (हेर्नुहोस् ०११६)
- कपासको बियाँ केलाउने वा झार्ने क्रियाकलापहरू (हेर्नुहोस् ०१६३)
- सिन्थेटिक वा कृत्रिम रेसाहरूको उत्पादन, सिन्थेटिक वा कृत्रिम धागोहरूका छुट्टै सिंगल रेसाहरूको उत्पादन जस्तैः कार्पेटका धागोहरूको उत्पादन (हेर्नुहोस् २०३०)
- ग्लास फाइबरको उत्पादन (हेर्नुहोस् २३१०)

## 1312 कपडा बुन्ने (Weaving of textiles)

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिन्छन् ।

- चौडा (ठूलो वा सानो) तानमा बुनिएका सुती, ऊनी, रेशमी (सिल्क) प्रकारका कपडाका (फेब्रिक) साथै सेन्थेटिक आदिको मिश्रित धागोबाट कपडा बुन्ने वा उत्पादन गर्ने क्रियाकलापहरू
- यस्तै कृत्रिम रेसा, जुट, फ्लाक्स तथा रामीजस्ता बिरुवाको रेसा, वास्ट फाइबर, भाङको रेसा (hemp), अल्लो आदिको धागोको प्रयोगबाट चौडाइ भएको अन्य कपडा बुन्ने

यस वर्गमा निम्न बुन्ने क्रियाकलापहरू पनि पर्दछन् ।

- woven pile जस्तैः बुनिएका कार्पेटहरू, राडीहरू, रेशमबाट बुनिएका कपडा वा डोरी (Chenille fabrics), टेरी टावेल, गज आदिको उत्पादन
- ग्लास फाइबरबाट बुनिएका कपडा उत्पादन
- कार्बन र सिन्थेटिक (एरामिड) धागोबाट बुनिएका कपडा उत्पादन
- बुनेर नक्कली (इमिटेसन) भुवा उत्पादन

नोट यस वर्गमा निम्न बुन्ने क्रियाकलापहरू समेटिँदैन ।

- ○ कुरुश, काँटाले बुनिएका फेब्रिक्सको उत्पादन (हेर्नुहोस् १३९१)
- ○ टेक्सटाइल फ्लोर कभरिङको उत्पादन (हेर्नुहोस् १३९३)
- ○ नबुनिएका फेब्रिक्स र फेल्टस्को उत्पादन (हेर्नुहोस् १३९९)
- ○ साँघुरो चौडाइ भएको फेब्रिक्स (फित्ता) उत्पादन (हेर्नुहोस् १३९९)

### 1313 धागो तथा कपडाको फिनिसिङ (अन्तिम स्वरूप दिने) (Finishing of Textiles)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- टेक्सटाइल फाइबरहरू, धागोहरू, कपडा फेब्रिकहरू र टेक्सटाइल आर्टिकलहरूका साथै ब्लीच गर्ने, डाइङ गर्ने (विभिन्न किसिमका धागोलाई धुने, सफा गर्ने, रङाउने, बाफबाट रङाउने, सुकाउने)
- कच्चा कपडा वा लगाउने पोशाकलाई फिनिसिङ गर्ने कार्य जस्तैः रङाउने, बाफबाट रङाउने, खुम्च्याउने, तन्काउने, सुधार गर्ने (mending), शब्द वा चित्र छाप्ने, चम्काउने कपडालाई धुने, पट्याउने वा प्याक गर्ने (sanforizing and mercerizing)

निम्न कार्यहरू पनि यस समूहमा समेटिन्छन् ।

- जीनको कपडालाई ब्लीच गर्ने
- कपडालाई पट्याउने (pleating)
- गार्मेन्ट कपडा वा लगाउने पोशाकमा प्रिन्ट गर्ने, वाटर प्रुफ बनाउने, कोटि गर्ने, रबराइजिङ गर्ने, कपडालाई इम्प्रीगन्याटिङ गर्ने आदि
- कपडा वा तयारी पोशाकमा सिल्क स्क्रीन प्रिन्ट गर्ने कार्य ।

नोटः यस वर्गमा निम्न कार्यहरू समेटिँदैनन् ।

- ○ मुख्यरूपमा रबर वस्तु भएको कपडाहरूको इम्प्रिगन्याटिङ, कोटिङ, कभरिङ वा ल्यामिनेटिङ गरिने कार्यहरू (हेर्नुहोस् २२१९)

### 139 अन्य प्रकारका कपडाहरूको उत्पादन (Manufacture of other textiles)

यस समूहअन्तर्गत तयारी पोशाकबाहेकका कपडाका उत्पादन कार्यहरू जस्तैः तयारी टेक्सटाइल्स् आर्टिकल्स (made-up textile articles), कार्पेट तथा दरीहरू, डोरी, सानो चौडाइका बुनिएका फेब्रिक्स, काँटछाँट (ट्रिमिङ) गर्ने कार्यहरू पर्दछन् ।

### 1391 मेसिन र कुरुशबाट कपडाको बुनाइ (Manufacture of knitted and crocheted fabrics)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- मेसिन तथा कुरुशबाट फेब्रिक कपडा बनाउने कार्यहरू :
- ○ पाइल र टेरी फेब्रिक कपडा
- ○ काँटा वा रसेल वा यस्तै मेसिनले बुनिने जालीदार वा झ्यालमा फर्निसिङ गर्ने खालको वा बुटा भर्ने कार्यहरू
- ○ सिलाइ वा बुनाइबाट तयार गरिने अन्य प्रकारका फेब्रिकहरू
- ○ काँटाबाट नक्कली भुवाका कपडा बुन्ने कार्यहरू

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैनन् ।

- ○ बुनेको तुना (लेस)द्वारा तयार गरिएको जालीदार वा झ्यालमा फर्निसिङ गर्ने खालका कपडाहरूको उत्पादन समेटिँदैन (हेर्नुहोस् १३९९)

○ सिलाइ तथा बुनाइ गरिएको तयारी पोशाकको उत्पादन पर्दैन (हेर्नुहोस् १४३०)

## 1392 तयारी पोशाकबाहेक अन्य तयारी कपडाहरूका उत्पादन
## (Manufacture of made-up textile articles, except apparel)

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिन्छन् ।

- लगाउने तयारी पोशाकबाहेक सिलाइबुनाइ गर्ने कार्यसहित अन्य कुनै पनि कपडाको तयारी वस्तुको उत्पादन कार्य जस्तैः
  - ○ ब्लाङ्केट, ओड्ने रग, कम्बल तयार गर्ने
  - ○ विस्तारामा प्रयोग हुने कपडाहरू (लाइनेन) सिरक, सिरानी, डसनाका खोल, भान्साका टेबलपोस कपडा तयार गर्ने
  - ○ सिरक, नरम प्वाँख, भुत्ला, रौँको सिरक (eiderdown), कुशनहरू, गद्दीहरू (pouffes), सिरानीहरू, स्लीपिङ ब्याग बनाउने कपडाहरूको तयारी
- कपडाका तयारी फर्निसिङ सामानहरू जस्तै
  - ○पर्दाहरू, पलङको चारैतिर झुल्लीने झल्लरहरू (valances), उज्यालो छेक्न लगाइने पर्दाहरू (blinds), पलङपोस (bed spreads), फर्निचर वा मेसिन छोप्ने कपडाहरू
  - ○त्रिपाल, टेन्टहरू, क्याम्पीङ पालहरू, जहाजको पाल, घामबाट छेक्न सनव्लाइन्डस्, मेसिन, फर्निचरहरू तथा कार छोप्ने पातलो कभर कपडाहरू, जुटका वोरा, झोला, कपडाका व्याग
  - ○झण्डा, व्यानर, पताकाहरू (pennants) तयार गर्ने
  - ○अन्य वस्तुहरू जस्तैः धुलो पुछ्ने कपडाहरू, भाँडा पुछ्ने कपडाहरू, सायर, लाइफ ज्याकेट, प्याराशुट, आदि बनाउने
- यस वर्गमा निम्न वस्तुहरू पनि समेटिन्छन् ।
  - ○विद्युतीय व्लाङ्केटको कपडाहरू मात्र उत्पादन गर्ने कार्य
  - ○हातले बुनिने ट्यापइस्ट्री (भित्तामा वा मंच ढाक्न बनाइएको बुट्टेदार लुगा) को उत्पादन
  - ○टायर कभरको उत्पादन

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैनन् ।

○यसमा प्राविधिक प्रयोगका लागि उत्पादन गरिने टेक्सटाइल वस्तुहरू (हेर्नुहोस् १३९९)

## 1393 दरी (कार्पेट) तथा रग (राडीपाखी) उत्पादन (Manufacture of carpets and rugs)

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिन्छन् ।

- भूइँमा ओच्छ्याउने वस्तुहरूको टेक्सटाइल उत्पादन जस्तै
  - ▪ भुइमा ओच्छ्याउने कार्पेट, म्याटहरू तथा रग (राडीपाखी) उत्पादन
  - ▪ जुट, नरिवलको जटा, उनी वा सुती धागो वा लाइनेन् वा अन्य रेसाबाट तयार गरिएको कार्पेट, रग, म्याट आदिको उत्पादन

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैनन् ।

○प्लेटिङ वस्तुहरूको म्याटिङ  म्याटहरू (हेर्नुहोस् १६२९)
○कर्कको भुँइ छोप्ने (हेर्नुहोस् १६२९)
○विनाइल, लिनोलियम जस्ता तन्कीने फ्लोर कभरिङ (हेर्नुहोस् २२२०)

## 1394 लठ्ठा, डोरी, सुतलीको डोरी र जाली बनाउने क्रियाकलाप
## (Manufacture of cordage, rope, twine and netting)

यस वर्गमा निम्ने क्रियाकलापहरू समेटिन्छन् ।

- लठ्ठा, डोरी, सुतलीको डोरी र जाली बनाउने, टेक्सटाइल फाइबरको केबल वा यस्तै स्ट्रीपहरू (इम्प्रीगनेटेट, कोटिङ, रबर वा प्लास्टिकले कभर गरिएका वा नगरिएका) को उत्पादन
- बाटेको डोरी, सामान्य डोरी वा कर्डेज (नरीवल, खर आदिबाट बनेका डोरी) को गाँठो पारी बनाइएको नाम्लो, दाम्लो आदि बनाउने वा  जुट वा सुतली वा साना मसीना डोरीबाट ठूला मोटो डोरी बनाउने
- माछा मार्ने जाल आदि बनाउर्न, डुङ्गा, जहाजको फेन्डर बनाउने, ठूला वजन भएका वस्तु लोड अनलोड गर्न धातुका रिङसँग जडान भएका केब्लको उत्पादन

नोटः  यस वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैन ।

- ○ hairenets कपाल ढाक्ने जालीहरूको उत्पादन (हेर्नुहोस् १४१०)
- ○ तारको लठ्ठा (हेर्नुहोस् २५९९)

## 1399 अन्यत्र कहीँ उल्लेख नभएका कपडा उत्पादन (Manufacture of other extile n.e.c.)

यस वर्गअन्तर्गत डिभिजन १३ र १४ मा उल्लेख नभएका कपडा वा कपडाका सामग्रीहरूका विभिन्न वस्तुहरू प्रशोधन गर्ने वा उत्पादन गर्ने क्रियाकलापहरू पर्दछन् ।

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन् ।

- तानमा साँघुरो गजमा (warp) बुनिएका कपडाहरूको उत्पादन जस्तैः झोलाका फित्ता
- लेबल, ब्याच वा बिल्ला (badges) का सामग्रीहरूको उत्पादन गर्ने
- गहनाका रूपमा प्रयोग गर्ने धागो/रिबन, इम्ब्राइडरी (braids, tassels, pompons)
- जनावरका भुत्लाहरूबाट बनेका वस्त्रहरूको उत्पादन
- जालीदार टुलेस वा अन्य जालीदार फेब्रिकहरूको उत्पादन
- कपडाहरूलाई इम्प्रीगन्याटिङ्, कोटिङ, कभरिङ वा प्लास्टिकको ल्यामिनेटिङ गरिने कार्यहरू
- धातुको धागो वा तारले बनाएको फित्ता वा प्लास्टिकको धागो आदिको कपडाजडित उत्पादन
- हातले बनाएको धेरै बलियो धागोको tyre cord फेब्रिकको उत्पादन (टायरको भित्री भागमा लगाइन्छ)
- अन्य treated वा coated fabrics जस्तैः ट्रेसिङ लुगाहरू, चित्रकारहरूले प्रयोग गर्ने क्यानभास, बक्रम र यस्तै प्रकारका मजबुत (stiffened) टेक्सटाइल फेब्रिकहरू
- विविध प्रकारका टेक्सटाइल वस्तुहरू
    - ○ सलेदो वा बत्ती बाल्न प्रयोग हुने फित्ता (textile wicks)
    - ○ Mantle वा गोबरग्याँस वत्तीको जाली, hosepiping (मोजा खालको कपडा)
    - ○ ट्रान्समिसन बेल्ट
    - ○ बोल्टिङ वस्त्र
    - ○ स्ट्रेनिङ क्लोथ (तन्कने, कस्सिने, ग्याँटीसका कपडाहरू)

- ○ वाहनहरूको सजावट कपडाहरू (automotive trimmings)
- ○ चिप्किने वा टाँसिने कपडाको टेप (pressure sensitive cloth-tape)
- ○ चित्रकारले प्रयोग गर्ने क्यानभास बोर्ड वा ट्रेसिङ कपडा
- ○ जुत्तामा लगाउने कपडाको तुना (shoe lace)
- ○ श्रृंगारको पाउडर लगाउने पफ वा मिट कपडा

नोटः यस वर्गमा निम्न उत्पादनका क्रियाकलापहरू समेटिँदैनन् ।

- ○ भूइँमा विच्छ्याउने विभ्न्ने वा घोँच्नेखालको दरी हेर्नुहोस् १३९३
- ○ टेक्सटाइल वेडिङ वा यसबाट बन्ने वस्तुहरू हेर्नुहोस् १७०९
- ○ इम्प्रिग्नेटेड, कोटेड, छोपेको वा ल्यामिनेट गरिएका र मुख्य वस्तु रबरको अंश बढी भएका टेक्सटायल फेब्रिक, यार्न, वा कर्डको उत्पादन हेर्नुहोस् २२१९
- ○ कपडासँगै गाँसिएर उत्पादन गरिने प्लास्टिक वा रबरका सिटहरू वा प्लेटहरूको उत्पादन हेर्नुहोस् २२१९, २२२०
- ○ धातुको तारले बुनिएको कपडा हेर्नुहोस् २५९९

## 14 लगाउने तयारी पोशाकको उत्पादन (Manufacture of wearing apparel)

यस डिभिजनमा सम्पूर्ण सामग्रीहरू जस्तैः छाला, फेब्रिक, मेसिन वा काँटाले बुनिएका कपडाबाट उत्पादन हुने सबै प्रकारका तयारी पोशाकहरू (जस्तैः पुरुष, स्त्री, केटाकेटीहरूको शरीर बाहिर लगाउने, भित्र लगाउने, यस्तै काम वा शहर वा औपचारिक ड्रेसहरू) र कपडाका एसेसोरिजको टेलरिङ वा सिलाइका कार्यहरू समेटिन्छन् । यस प्रकारको कपडा उत्पादनमा वयस्कहरूको पोशाक वा बच्चाहरूको पोशाक तयारी बीच र आधुनिक वा परम्परागत पोशाक तयारीबीच भेद गरिँदैन । यस डिभिजनमा भुवाबाट उत्पादन हुने भुवादार ( भुवादार छालासमेत) तयारी पोशाकहरू (fur skins and wearing apparel) पनि समेटिन्छन् ।

### 141 भुवादार पोशाकबाहेक लगाउने तयारी पोशाकको उत्पादन (Manufacture of wearing apparel, except fur apparel)

### 1410 भुवादार पोशाकबाहेक लगाउने तयारी पोशाकको उत्पादन (Manufacture of wearing apparel, except fur apparel)

यस वर्गमा लगाउने तयारी पोशाकको उत्पादनका क्रियाकलापहरू पर्दछन् । यस वर्गमा कुनै पनि प्रकारका कच्चा सामग्री (अपवादका सामग्रीहरू तल उल्लेख गरिएका छन्) बाट उत्पादन गरिने तयारी पोशाकहरू पर्दछन् । यस्ता सामग्रीहरू (materials) कोटिङ गरिएको, इम्प्रीगनेट गरिएको वा रबर टाँसिएको पनि हुनसक्दछ ।

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- छाला र छालाको मिसावट भएका छालाका तयारी पोशाकहरू बनाउने
  - ○ औद्योगिक क्षेत्रमा लगाइने जस्तैः वेल्डरले पहिरने छालाका एप्रोनहरूसमेत बनाउने
- काम गर्दा लगाउने पोशाक
- महिला, पुरुष र वालवालिकाले शरीर बाहिर लगाउने (outer wear) (कोट, सुट, ज्याकेट, समूहले लगाउने ड्रेसहरू (एनसेम्बल्स), स्कट, ट्राउजर आदि) बुनेका वा वुट्टा भरेका वा जालिदार पोशाक बनाउने

- ○ यस प्रकारको पोशाकहरू मेसिन वा काँटाले बुनिएका (knitted or crocheted fabric) वा नबुनिएका फेब्रिक कपडाहरूबाट तयारी गरिएका पोशाकहरू पर्दछन् ।

- महिला, पुरुष र बालबालिकाले लगाउने भित्री वस्त्र र सुत्दा लगाउने वस्त्र (underwear and nightwear) (कमिज वा सर्ट, टीसर्ट, अण्डरपैण्ट, ब्लाउज, ब्रासर, पाइजामा, नाइटड्रेस, ड्रेसीङ गाउन, स्लीप्स, कोसेंट्स आदि)
  - ○ यस प्रकारको पोशाकहरू मेसिन वा काँटाले बुनिएका (knitted or crocheted fabric) वा नबुनिएका फेब्रिक कपडाहरूबाट तयारी गरिएका पोशाकहरू पर्दछन् ।
- बच्चाले लगाउने ट्राकसुट, पौडी खेल्दा लगाउने स्वीमसुट वा स्वीमवीयर, स्की सुट, आदि पोशाकहरूको उत्पादन
- टोप/ह्याट, टोपीको उत्पादन
- कपडाका अन्य वस्त्रहरू (clothing accessories) जस्तैः पन्जा, कम्मरपेटी, पछ्यौरा सल, टाई, मोजा, क्रभ्याट (टाइजस्तै घाँटीमा लगाउने वस्त्र), कपालमा लगाउने जाली, वा चुल्ठो, कपालमा बाट्ने व्याण्ड उत्पादन

यो वर्गमा निम्न क्रियाकलापहरू पनि समेटिन्छन् ।

- परम्परागत सिलाइबाट बन्ने वस्त्रहरू
- जनावरको भुवादार छालाबाट बनाइने हेडगीयर (एक प्रकारको कान छोप्ने टोपी)
- सोल नभएका वा सोल पनि कपडा नै प्रयोग भएका कपडाबाट बनाइएको जुत्ताहरू
- सांस्कृतिक पर्वमा लगाउने पोशाकहरू जस्तैः गाउन, सांस्कृतिक टोपी आदि
- परम्परागत वा आधुनिक वा व्यवसायिक रूपमा पोशाकहरू कटिङ वा डिजायन गरी तयार गरेका पोशाकहरू जस्तैः चोलो, सर्ट, जाकेट, सर्ट, पाइन्ट आदि

नोटः यस वर्गमा निम्न उत्पादनका क्रियाकलापहरू समेटिँदैनन् ।

- ○ हेडगीयरबाहेक जनावरको भुवादार छालाका लगाउने पोशाकहरू हेर्नुहोस् १४२०
- ○ खुट्टामा लगाउने जुत्ताहरू हेर्नुहोस् १५२०
- ○ रबर वा प्लाष्टीकका ती पदार्थ एकआपसमा टाँसिएको तर स्टीच नगरिएको लगाउने पोशाकहरू हेर्नुहोस् २२१९, २२२०
- ○ छालाका स्पोर्ट्स पञ्जाहरू व हेड गीयर हेर्नुहोस् ३२३०
- ○ सेफ्टी हेड गीयर, हेर्नुहोस् ३२९०
- ○ अग्नी प्रतिरोधक र आगोबाट रक्षा गर्ने लुगा हेर्नुहोस् ३२९०
- ○ लगाउने तयारी लुगाको टालटुल वा मर्मत गर्ने हेर्नुहोस् ९५२९

## 142 भुवादार वस्तु वा कपडाको उत्पादन (Manufacture of articles of fur)

### 1420 भुवादार वस्तु वा कपडाको उत्पादन (Manufacture of articles of fur)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- जनावरका भुवादार छालाबाट बनेका वस्तुहरू वा लुगाहरू जस्तैः
  - ○ लगाउने पोशाक तथा अन्य भुवादार कपडाको वस्तु उत्पादन (fur wearing apparel and clothing accessories) जस्तैः ज्याकेट, टोपी, आदि
  - ○ भुवादार छालाका एसेम्बलीज (जोडजाड गर्ने) पोशाकहरूको उत्पादन जस्तैः dropped fur skin,

म्याट, रग, स्ट्रीप्स् आदि

- ○ भुवादार छालाका विविध वस्तुहरूको उत्पादन जस्तैः रग, गद्दाहरू (unstuffed pouffes), औद्योगिक पालिस गर्ने कपडाहरू आदि

नोटः यस वर्गमा निम्न उत्पादनका क्रियाकलापहरू समेटिँदैनन् ।

- ○ कच्चा भुवादार छालाका उत्पादनहरू, हेर्नुहोस् समूह ०१४ र ०१७
- ○ कृत्रिम भुवादार वस्तुहरूको उत्पादन, हेर्नुहोस् १०१०
- ○ भुवादार ह्याटहरू वा टोपहरू, हेर्नुहोस् १३१२, १३९१
- ○ भुवाजडित तयारी पोशाकहरू, हेर्नुहोस् १४१०
- ○ भुवाको ड्रेसीङ र डाइङ, हेर्नुहोस् १५११
- ○ भुवाजडित बुट वा जुत्ताहरू, हेर्नुहोस् १५२०

## 143 सिलाइ तथा बुनाइबाट तयारी लुगा बनाउने
**(Manufacture of knitted and crochted apparel)**

### 1430 सिलाइ तथा वुनाइबाट तयारी लुगा बनाउने
**(Manufacture of knitted and crochted apparel)**

यस वर्गमा मेसिन वा काँटाको बुनाइ (knitted and crocheted apparel) बाट लगाउने लुगाहरू तयार गर्ने निम्न क्रियाकलापहरू पर्दछन् ।

- हाते वुनाइ मेसिन वा सीयो वा अन्य सिलाइवुनाइका साधन जस्तैः काँटा कुरुशबाट तयार गरीएका लुगाहरू जस्तैः स्वेटर, टीशर्ट, कार्डीगनस्, जर्सीहरू, वेस्टकोटहरू र यस्तै प्रकारका वस्तुहरू आदि बुन्ने;
- होजीयारीका लुगा जस्तैः मोजा, टाइट्स (भित्री ट्राउजर) र पेन्टीहोउज् आदि तयारी गर्ने;

यस वर्गमा निम्न उत्पादनका क्रियाकलापहरू समेटिँदैनन् ।

- ○ तान लगाएर वा काँटाले वुनेर वा कपडामा वुट्टा राखी तयार गरिने कपडाहरू जस्तैः ढाकाको कपडा, पस्मीनाको कपडा आदि उत्पादन गर्ने क्रियाकलापहरू, हेर्नुहोस् १३९१

## 15 छाला र छालाजन्य वस्तु उत्पादन गर्ने क्रियाकलापहरू
**(Manufacture of leather and related products)**

यस डिभिजनमा फरको रङ्गाइ वा ड्रेसिङ, काँचो छालालाई अन्तिम उपभोग योग्य छाला बनाउनको गरिने क्रियाकलाप, टेनिङ, क्यूरीङ, रङरोगन एवं काँटछाँट गर्ने क्रियाकलापहरू पर्दछन् । त्यसै गरी अन्य सामग्री ( नक्कली छाला वा छाला झै प्रयोग गर्ने) जस्तैः रबरको जुत्ता चप्पल, कपडा सामानलाई पनि समावेश गरिएको छ । यी छालाको सटट्ा प्रयोग गर्ने सामग्रीहरू पनि छालालाई प्रयोग गर्ने तरिकाबाट नै बनाइएको हुन्छ र ती प्रायः जसो एउटै एकाइबाट निर्माण गरिन्छ ।

## 151 छालाको रङरोगन एवं काँटछाँट गर्ने, छालाको बाकस, हाते झोला, काठी, लगामका सामग्रीहरू बनाउने, भुवाको रङरोगन एवं काँटछाँट गर्ने क्रियाकलापहरू
**(Tanning and dressing of leather; manufacture of luggage, handbag, saddlery,**

**harness; dressing and dyeing fur)**

**1511 छालाको प्रशोधन, रङरोगन एवं काँटछाँट गर्ने क्रियाकलाप**
**(Tanning and dressing of leather; dressing and dyeing fur)**

छालाको प्रशोधन, रङरोगन एवं काँटछाँट गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- काँचो छाला प्रशोधन गर्ने सोको ड्रेसिङ, काँटछाँट तथा रङरोगन गर्ने
- जुत्ताको सोलको लागि छालाको काँटछाँट तथा रङरोगन गर्ने
- विभिन्न रसायन मिलाएर छाला प्रशोधन गर्ने
- भुवादार छाला (रौं भएको छाला) प्रशोधन गर्ने सोको ड्रेसिङ, काँटछाँट तथा रङरोगन गर्ने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- पशु फार्मबाट छाला उत्पादन (हेर्नुहोस् ०१४)
- वधशालामा छाला निकाल्ने (हेर्नुहोस् १०१०)
- छालाका वस्त्र निर्माण (हेर्नुहोस् १४१०)
- कृत्रिम छाला उत्पादन (हेर्नुहोस् २२१९, २२२०)

**1512 छालाको ब्याग, सुटकेश, ह्यान्डब्याग, काठी आदि बनाउने क्रियाकलापहरू**
**(Manufacture of luggage, handbags, and the like, addlery and harness)**

- छाला जस्तैः देखीने छाला मिसाएर बनाउने सामानहरू जस्तैः कपडा, प्लास्टिक, टेक्सटायल, रबर, पेपरबोर्ड आदिको प्रयोग गरी ब्याग, सुटकेश, ह्यान्डब्याग उत्पादन गर्ने
- छालाका सामग्रीहरू जस्तैः झोला, सुटकेश, ह्यान्डब्याग, खेलकुद सामग्री, पेटी, गैरधातुका घडीहरूको वेण्ड, छालाको जुत्ताको तुना आदिको उत्पादन
- छालाका काठी, लगाम बनाउने
- छालाका वस्तु वा छाला मिसाई विभिन्न ब्याग, सुटकेश, ह्यान्डब्याग आदि सामानहरू उत्पादन गर्ने कार्य

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- छालाका वस्त्र उत्पादन (हेर्नुहोस् १४१०)
- छालाको पन्जा, टोपी उत्पादन (हेर्नुहोस् १४१०)
- छालाको जुत्ता उत्पादन (हेर्नुहोस् १५२०)
- मूल्यवान् धातुको फित्ता उत्पादन (हेर्नुहोस् ३२११)
- गैरमूल्यवान् धातुको फित्ता उत्पादन (हेर्नुहोस् ३२१२)
- व्यवसायिक उपयोगमा प्रयोग हुने सुरक्षा वेल्ट उत्पादन (हेर्नुहोस् ३२९०)

**152 जुत्ता चप्पल उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of footwear)**

**1520 जुत्ता चप्पल उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of footwear)**

जुत्ता चप्पल उत्पादन गर्ने निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- जुनसुकै कच्चा पदार्थहरू (छाला, प्लास्टिक, काठ, रबर, सेन्थेटिक) आदिका प्रयोग गरी बनाइएको विभिन्न साइजका जुत्ता, चप्पल, वुट उत्पादन गर्ने कार्य

- छालाका जुत्ता, चप्पल, बुट बनाउँदा भित्र र बाहिर प्रयोग गर्ने विभिन्न सहायक अंश (Parts) को उत्पादन गर्ने क्रियाकलाप
- जुत्ताको लागि चाहिने सहायक सामग्रीहरू जस्तैः जुत्ता बनाउने साँचो, ग्यांटिस, सुतली, सोल, फित्ता आदिको उत्पादन गर्ने क्रियाकलापहरू

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- सोलको प्रयोग नगरी बनाइएको कपडाका जुत्ता (हेर्नुहोस् १४१०)
- काठबाट बनेका जुत्ताका पार्टहरू (जस्तैः हिल आदि) उत्पादन (हेर्नुहोस् १६२९)
- रबरको बुट, जुत्ताको हिल, सोल अन्य रबरका जुत्ताको पार्टहरूको (हेर्नुहोस् २२१९)
- प्लास्टिकका जुत्ताका पार्टहरू उत्पादन (हेर्नुहोस् २२२०)
- स्की बुटहरूको उत्पादन (हेर्नुहोस् ३२३०)
- अर्थोपेडिक जुत्ताहरूको उत्पादन (हेर्नुहोस् ३२५०)

## 16 पराल एवं छ्वालीबाट निर्मित फर्निचर वा वस्तुहरूबाहेक काठ वा काठ प्रयोग भएका वस्तुहरू र कर्क उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of wood and of products of wood and cork, except furniture; manufacture of articles and straw and plaiting materials)

### 161 काठ चिर्ने र रन्दा लगाउने क्रियाकलापहरू (Sawmilling and planing of wood)

#### 1610 काठ चिर्ने र रन्दा लगाउने (चिप्लो पार्ने) क्रियाकलापहरू (Sawmilling and planing of wood)

काठ चिर्ने र रन्दा लगाउने (चिप्लो पार्ने) क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- काठ चिर्ने, रन्दा लगाउने र काठ चिल्लो बनाउने
- नजोडीकन काठका टुक्रालाई भूइँमा छाप्नयोग्य बनाउने
- काठका विभिन्न साइजका टुक्रा बनाउने
- काठमा किरा नलागोस् भनी रसायन औषधीबाट उपचार गर्ने
- काठ सुकाउने काम
- विभिन्न रसायनद्वारा काठको संरक्षण गर्ने ।

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- रुख काट्ने काम (हेर्नुहोस् ०२२०)
- भेनिस्टा, प्लाइउड, काडबोर्ड बनाउने काम (हेर्नुहोस् १६२१)
- झ्यालढोकाका काठका चौकोस बनाउने काम (हेर्नुहोस् १६२२)

### 162 काठका वस्तुहरू, कर्क, पराल, छ्वाली, चोया आदिबाट बनाइने वस्तुहरूको उत्पादन (Manufacture of products of wood, cork, straw and plaiting material)

#### 1621 काठका पातला फल्याकहरू, प्लाइउड, लेमिन वोडका टुक्राहरू मिलाएर बोर्ड बनाउने, फेम बनाउने क्रियाकलापहरू (Manufacture of veneer sheets and wood-based panels)

काठका पातला फल्याकहरू, प्लाइउड, लेमिन वोडका टुक्राहरू मिलाएर बोर्ड बनाउने, फेम बनाउने

क्रियाकलापहरू यस वर्गमा  पर्दछन् ।

- प्लाइउड बनाउने क्रियाकलाप
- लेमिनेट कार्ड जस्ता पातलो काठका सिट (thin wooden sheet) बनाउने
- काठका टुक्राहरू मिलाएर बोर्ड बनाउने
- डेन्सीफाइड काठका टुक्राहरू राखिएर बनाइएका पार्टीकल वोड र फाइबरबोड
- पातला बोर्डहरूमा (veneer sheet)  गुँदले चप्काएर प्लाइबोर्ड बनाउने

**1622 काठ जोडेर काठका विभिन्न प्रकारका (फर्निचरबाहेक) सामान बनाउने क्रियाकलापहरू**
**(Manufacture of builders carpentry and joinary)**

काठ जोडेर काठका विभिन्न प्रकारका (फर्निचरबाहेक) सामान बनाउने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- निर्माण उद्योगमा प्राथमिकरूपले प्रयोग हुने काठका सामानहरू जस्तैः काठको बिम, झ्याल, ढोका, काठको सटर, काठको र्‍याक, शो केश, भर्‍याङ, रेलिङ, कठवार, फिक्चर, फ्लोर ब्लक (पारकेटिङ) आदि
- मोबाइल घरका लागि आवश्यक काठको सामान बनाउने
- छुट्याउन हुने काठका विभिन्न सामानहरू बनाउने
- घर निमार्ण गर्दा सिकर्मीले उत्पादन गर्ने क्रियाकलाप

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ नजोडिएका काठको फर्स तयार गर्ने (हेर्नुहोस्  १६१०)
- ○ भान्साका लागि तयार गरिने केविनेट, काठको पार्टीसन
- ○ किताब राख्ने दराज, फ्रि स्टयान्ड बनाउने काम (हेर्नुहोस् ३१००)

**1623 काठका भाँडाहरू वा काठका बाकस बनाउने क्रियाकलापहरू**
**(Manufacture of wooden container)**

काठका भाँडाहरू वा काठका बाकस बनाउने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- सामानहरू प्याक गर्ने काठको बक्स, क्रेट, ड्रम तयार गर्ने क्रियाकलाप
- चर्खा, वयलगाडा, कुमालेको भाँडा बनाउने चक्र र ती सामान राख्ने बाकस बनाउने क्रियाकलाप
- तोप वा बन्दुकको नाली बनाउने क्रियाकलापहरू
- तार वेर्ने काठका केबल ड्रम बनाउने क्रियाकलापहरू
- काठको ठेकी, चौठी, हर्पे, आरी काठको गाग्री, पानी वा झोल पदार्थ राख्न हुने काठका गहिरा सामान बनाउने क्रियाकलापहरू

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ यात्राका लागि आवश्यक सामग्री उत्पादन (हेर्नुहोस् १५१२)
- ○ जलप वा लेप लगाउने सामग्री (plaiting material) (हेर्नुहोस् १६२९)

**1629 काठजन्य अन्य वस्तुहरू जस्तैः कर्क, बाँस, पराल वा छ्वालीको प्रयोग गरी गुन्द्री, सुकुल आदि बनाउने क्रियाकलापहरू (Manufacture of other products of wood cork, bamboo, straw and plaiting material)**

काठजन्य वस्तुहरूको उत्पादन, कर्क, बाँस, पराल वा छ्वालीबाट गुन्द्री वा सुकुल बनाउने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- काठबाट बनेका सामानहरू जस्तैः कुटो, कोदालो, पिक, हँसिया आदि सामग्रीका विँड, जुत्ताको लागि चाहिने हिल, काठको कपडा राख्ने स्टैण्ड, ऐना तथा तस्वीर राख्ने काठका फ्रेम, कलात्मक वस्तुहरू राख्ने काठबाट बनेका फ्रेम, भान्छामा प्रयोग हुने अन्य भाँडाकुँडा, आदि बनाउने क्रियाकलापहरू
- बाँसबाट बनेका सामानहरू जस्तैः डालो, डोका, थुन्से, नाङलो, ह्याङ्गगर फ्रेम, भकारी, घुम, मान्द्रो, आदि बनाउने क्रियाकलापहरू
- खर वा पराल वा छ्वालीबाट बनेका सामानहरू जस्तैः गुन्द्री, चकटी, सुकुल, पेपरबोर्ड आदि बनाउने क्रियाकलापहरू

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- कपडाबाट बनाइने सुकुल (हेर्नुहोस् १३२२),
- लगेज बनाउने (हेर्नुहोस् १५१२),
- काठका जुत्ता (हेर्नुहोस् १५२०),
- सलाई बनाउने (हेर्नुहोस् २०२९),
- भित्ते घडीको केस (बाकस) बनाउने (हेर्नुहोस् २६५२),
- काठको बबिन (कपडा बुन्ने मेसिनमा प्रयोग हुन्छ) बनाउने (हेर्नुहोस् २८२६),
- काठका फर्निचरहरू (हेर्नुहोस् ३१००),
- काठका खेलौना (हेर्नुहोस् ३२४०),
- ब्रस वा कुचो बनाउने काम (हेर्नुहोस् ३२९०),

## 17 कागज र कागजजन्य वस्तु उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of paper and paper product)

## 170 कागज र कागजजन्य वस्तु उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of paper and paper product)

**1701 पल्प, कागज र कागजको बोर्ड उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of pulp, paper and paper board)**

पल्प, कागज र कागजको बोर्ड उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- कच्चा पदार्थ (पल्प) बनाउने क्रियाकलापहरू
- सामान्य कागज वा खेर गएका कागजलाई रासायनिक वा यान्त्रिक प्रक्रियाद्वारा प्रशोधन गरी छाप्ने कागज बनाउने क्रियाकलापहरू
- खेर गएको कागज सफा गरी मेसिनको प्रयोग गरी पल्प तयार गर्ने क्रियाकलापहरू
- पल्पको प्रयोग गरी कागज, कोटेड पेपर, नेपाली कागज, अखबारी कागज वा बोर्ड पेपर बनाउने

क्रियाकलापहरू

- मेसिनबाट पेपरबोर्ड, कार्टुन आदिजस्ता प्याकिङ गर्ने कागजको सामानहरू उत्पादन गर्ने क्रियाकलापहरू
- अन्य विशेष प्रकारको कागज (कम्प्युटर, स्टेसनरीमा प्रयोग नहुने) बनाउने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- करोगेटेट (बाक्लो कागज/कुट, दप्ती) कागज र कागज बोर्ड बनाउने (हेर्नुहोस् १७०२),
- अण्डाको क्रेट बनाउने (हेर्नुहोस् १७०९),
- नकोरिने कागज (abrasive) बनाउने (हेर्नुहोस् २३९९)

## 1702 बाक्लो कागज (नालीदार) का पाताहरू, कागजका बोर्डहरू र कागजका प्याक गर्ने बक्स बनाउनेक्रियाकलापहरू (Manufacture of corrugated paper and paperboard and containers of paper and paperboard)

बाक्लो कागजका (नालीदार) पाताहरू, कागजका बोर्डहरू र कागजका प्याक गर्ने बाकस बनाउने क्रियाकलापहरू यस वर्गमा पर्दछन्।

- बाक्लो कागजका पाताहरू र कागजका बोर्डहरू बनाउने क्रियाकलापहरू
- बाक्लो कागजका (नालीदार) पाताहरू, कागजका बोर्डहरूबाट बाकस बनाउने क्रियाकलापहरू
- कागजका बोर्डहरू पट्याइ प्याकेजिङ बाकसहरू बनाउने
- ठोस तथा कडा कागजको बाकस बनाउने क्रियाकलापहरू जुन पट्याउन सकिँदैन
- कार्यालयमा प्रयोग हुने बक्स फाइल वा सोजस्ता अन्य सामग्रीहरू बनाउने क्रियाकलापहरू
- कागजका बोरा र झोला बनाउने बनाउने क्रियाकलाप

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- चिठीको खाम बनाउने (हेर्नुहोस् १७०९),
- अण्डा राख्ने ट्रे बनाउने काम (हेर्नुहोस् १७०९)

## 1709 कागज र पेपरबोर्डका अन्य सामानहरू बनाउने क्रियाकलापहरू (Manufacture of other articles of paper and paperboard)

कागज र पेपरबोर्डका अन्य सामानहरू बनाउने क्रियाकलापहरू तथा व्यवसायहरू यस वर्गमा पर्दछन्।

- घरायसी, व्यक्तिगत तथा बिरामी हुदा प्रयोग गर्ने कागजका सामानहरू जस्तैः ट्वाइलेट पेपर, कागजका फिल्टर, कागजको रुमाल, कागजको नेपकीन, कागजको प्लेट, गिलास आदिको उत्पादन गर्ने क्रियाकलापहरू
- स्यानेटरी रुमाल उत्पादन गर्ने क्रियाकलापहरू
- लेख्ने र प्रिन्ट गर्न हुने कागजको उत्पादन गर्ने क्रियाकलापहरू
- कम्प्युटर प्रिन्ट गर्ने कागजको उत्पादन गर्ने क्रियाकलापहरू
- डुप्लीकेटिङ कागज, कार्बन पेपर, फिल्ट पेपर उत्पादन गर्ने क्रियाकलापहरू
- ट्रेसिङ पेपर, फोटोकपी पेपर, लेबल, लेटर कार्ड, खाम, पोष्ट कार्ड र चिठि पठाउने राम्रो कागज उत्पादन गर्ने क्रियाकलापहरू
- कुखुराको वा हाँस अण्डा राख्ने ट्रे बनाउने क्रियाकलापहरू

● भित्ते कागज र त्यस्तै कोटेड गरिएको कागज (भिनाइल कोटेडसमेत्) उत्पादन गर्ने क्रियाकलापहरू
नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- कागज वा कगजका बोर्ड बनाउने काम (हेर्नुहोस् १७०१),
- कागजमा छाप्ने काम (हेर्नुहोस् १८११),
- खेल्ने तास उत्पादन गर्ने काम (हेर्नुहोस् ३२४०),
- कागज या कागजको वार्डहरूबाट खेलौना उत्पादन (हेनुहोस-३२४०)

## 18 छपाइ र रेकर्डेड साधनको प्रतिलिपि उत्पादन गर्ने क्रियाकलापहरू (Printing and reproduction of recorded media)

- यो डिभिजनले मुद्रणसम्बन्धी उत्पादनहरू जस्तैः अखबार, पुस्तक, आवधिक पत्रिका, व्यवसायिक फाराम, शुभकामना कार्ड र अन्य मुद्रण सामग्रीहरू, साथै सम्बद्ध प्रकाशनका गतिविधिहरू जस्तैः जिल्द/गाता राख्ने (बुक वाइण्डिग), प्लेट बनाउने सेवाहरू र डाटा इमेजिङ जस्ता क्रियाकलापहरू समेट्छ । यस्ता सपोर्ट गतिविधिहरू समग्र मुद्रण उद्योगको एकीकृत अङ्गको रूपमा रहेको हुन्छ र यस्ता सम्बद्ध गतिविधिहरूको प्रक्रियाबाट प्रिन्टिङ प्लेट, तयारी पुस्तक, वा कम्प्युटर फाइलको रूपमा अन्तिम उत्पादन हुन्छ ।
- मुद्रण गर्ने प्रक्रियाहरूअन्तर्गत प्लेट, स्क्रीन वा कम्प्युटर फाइलबाट अन्य माध्यमहरू जस्तैः कागज, प्लास्टिक, मेटल, टेक्सटाइल आर्टिकल, वा काठमा ट्रान्सफर गर्ने विविध तरिकाहरू समावेश गरिन्छन् ।
- यस्ता विधिहरूमध्ये प्लेट वा लिथोग्राफिक, ग्रेभर, स्क्रीन वा फ्लेक्जोग्राफिक प्रिन्टिङ माध्यमबाट इमेज ट्रान्सफर गर्नु चलनचल्तीमा रहेको हुन्छ ।
- प्रायः इमेज वा इलेक्ट्रोस्टाटिक र अन्य प्रकारका सामान (डिजिटल वा नन इम्पाक्ट प्रिन्टिङ) सृजना गर्न प्रिन्टिङ प्रविधिका लागि कम्प्युटर फाइल प्रयोग गरिन्छ ।
- छपाइ गर्ने र प्रकाशन गर्ने कार्य एकै निकायबाट गरिने भए पनि यस्ता फरक कार्यहरू एउटै स्थानमा सञ्चालन गरिने अवस्था कमै हुन्छ ।
- यस डिभिजनमा रेकर्डेड मिडिया जस्तैः कम्प्याक्ट डिस्क, भिडियो रेकर्डिङ, डिस्क वा टेपहरू वा रेकर्डहरूको सफ्टवेयरको पुनः उत्पादन गर्ने कार्य पनि समावेश गरिन्छ ।

प्रकाशन गर्ने क्रियाकलापहरू यस डिभिजनमा समावेश गरिँदैन । यसका लागि खण्ड J हेर्नुहोस् ।

### 181 मुद्रण/छपाइ र छपाइसम्बन्धी सेवा सञ्चालन (Printing and service activities related to printing)

यस समूहमा छपाइका उत्पादनहरू जस्तैः अखबारहरू, पुस्तकहरू, आवधिक पत्रिकाहरू, व्यावसायिक फारमहरू, शुभकामना कार्डहरू, र अन्य सामग्रीहरू र सम्बद्ध सहयोगी (support) क्रियाकलापहरू जस्तैः बुक बाइण्डिङ, छपाइका प्लेटहरू बनाउने सेवाहरू, डाटा इमेजिङ गर्ने क्रियाकलापहरू समेटिन्छन् । विभिन्न सामग्रीहरू (materials) र विभिन्न प्रविधिहरू प्रयोग गरी छपाइका कार्यहरू गरिन्छन् ।

#### 1811 मुद्रण/छपाइसम्बन्धी काम गर्ने क्रियाकलापहरू (Printing)

यस वर्गमा मुद्रण/छपाइसम्बन्धी निम्न क्रियाकलापहरू समेटिन्छ ।

- सामान्य छपाइसम्बन्धी कार्यहरू जस्तैः अखवार, पत्रपत्रिका, अन्य आवधिक पत्रिकाहरू, किताब तथा ब्रोसरहरू, सङ्गीत र सङ्गीतका पाण्डुलिपीहरू (म्यानुस्क्रीप्टहरू), नक्शा, एटलस, पोष्टर, विज्ञापन क्याटलग,

विज्ञापनका किताबहरू (prospectus) र अन्य सामग्रीहरू, एलवम तथा डायरी, क्यालेन्डर, व्यवसायिक फारमहरू, कमर्सियल प्रिन्टेट सामग्रीहरू आदि छपाइ गर्ने क्रियाकलापहरू

- सुरक्षित मुद्रण/छपाइहरू (Security Printing) जस्तैः हुलाक टिकट, राजश्व आय छाप (अन्तः शुल्कको स्टीकर), लेटरप्याड, चेक, नोट र अन्य सुरक्षित छपाइका क्रियाकलापहरू
- व्यक्तिगत मसलन्द तथा अन्य छपाइका सामग्रीहरू जस्तैः लेटरप्रेस, अपसेट प्रेस, फोटोग्राभर, फ्लेक्सोग्राफिक, अन्य प्रिन्टेड प्रेससम्बन्धी क्रियाकलापहरू
- डुप्लिकेशन यन्त्र, कम्प्युटर प्रिन्टर, इम्ब्रोइशरबाट छिटो छपाइ गर्ने कार्यहरू

- लगाउने र अन्य कपडा, ग्लास, सेरामिक्स, प्लास्टिक, धातु, काठ, र सेरामिकमा (सिल्क र लगाउने कपडामाबाहेक) सोझै छपाइ गर्ने क्रियाकलापहरू

यस प्रकारको छपाएका वस्तुहरूमा प्रतिलिपि अधिकार सम्बद्ध रहेको हुन्छ ।

- यस वर्गमा निम्न छपाइका कार्यहरू पनि पर्दछन् ।

○ लेबल, ट्यागको छपाइसम्बन्धी क्रियाकलापहरू (lithographic, gravure printing, flexographic printing, other)

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैनन्

- कपडा, लगाउने लुगा, रेसमको स्क्रीन प्रिन्ट, हेर्नुहोस् १३१३
- कागजका वस्तुहरू बनाउने जस्तैः जिल्द/गाताको उत्पादन, हेर्नुहोस् १७०९
- मुद्रित सामग्रीको प्रकाशन, हेर्नुहोस् समूह ५८१
- डकुमेन्ट फोटोकपी गर्ने कार्य, हेर्नुहोस् ८२१९

### 1812 मुद्रण/छपाइसम्बन्धी सेवाको काम गर्ने क्रियाकलाप (Service activities related to printing)

यस वर्गमा छपाइसम्बन्धी सेवाका क्रियाकलापहरू समावेश गरिएकाछन् ।

- छापिएका पानाहरू पट्याएर, एसेम्बल गरी, स्टीच गरी, गुँद लगाई, कोलेटगरी, वाष्टिङ गरी, गमले टाँसिने वाइन्डीङ गरी, काँटछाँट गरी, gold stamping गरी किताब, ब्रोसर, मेगाजिन पत्रिका, क्याटलग पुस्तक आदिको रूपमा बाइन्डिङ गर्ने कार्य
- मुद्रण/छपाइसँग सम्बन्धित कार्यहरू जस्तैः डिजाइन गर्ने, कम्पोज गर्ने, टाइपसेटिङ मिलाउने, फोटो टाइपसेटिङ मिलाउने, छपाइ गर्नुअघि स्क्यानिङ वा OCR स्क्यानिङ गरी विद्युतीयरूपमा आवश्यक तयारी गरी pre-press data input गर्ने कार्यहरू
- लेटरप्रेस र अफसेटका लागि प्लेट सेट गर्ने र इमेज सेट गर्नेसहित प्लेट बनाउने सेवा कार्य
- ग्रेभरका लागि सिलीण्डरको एन्ग्रेभ (चित्राङ्कन) गर्ने वा एचीङ (खाँदेको साँचो वा पातोबाट सारेको तस्वीर) गर्ने
- छपाइ प्लेट वा फोटोपोलिमर प्लेटसहित छपाइसम्बन्धी प्लेट प्रक्रियाहरू गर्ने
- छपाइको उत्पादन र रिलिफ स्ट्याम्पिगका लागि प्लेट र टाँचा dies बनाउने कार्य
- प्रुफ तयार गर्ने
- छपाइमा काठका ब्लक तयार गर्ने, लिथोस्टोन तयार गर्ने कार्यसहित छपाइमा कलात्मक कार्य गर्ने
- रिप्रोग्राफीकको उत्पादन गर्ने
- छपाइका उत्पादनहरू जस्तैः स्केचहरू, लेआउटहरू र dummies आदिको डिजाइन गर्ने
- अन्य ग्राफिक कार्यहरू जस्तैः टाँचा वा साँचोलाई डुवाउने die-sinking, वा टाँचा छाप हान्ने die-

stamping, ब्रेल कपी गर्ने, पन्चीङ र ड्रिल गर्ने, बुट्टा काट्ने, वार्निस वा जलप लगाउने, ल्यामिनेट गर्ने, कोलेट र इनसेट (पेज मिलाउने), क्रिज वा धार मिलाउने कार्य

**182 रेकर्ड गरिएका सामग्रीको प्रतिलिपि उत्पादन (Reproduction of recorded media)**

**1820 रेकर्ड गरिएका सामग्रीको प्रतिलिपि उत्पादन (Reproduction of recorded media)**

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिएकाछन् ।

- ग्रामोफोन रेकर्डहरू, कम्प्याक्ट डिस्कहरू, संगितसहितको टेप वा अन्य रेकर्डिङहरूको गुरूप्रति (मास्टर कपी) बाट रेकर्ड गरी प्रतिलिपि उत्पादन गर्ने क्रियाकलापहरू
- चलचित्रहरू र अन्य भिडियो रेकर्डिङसहित भएको रेकर्डहरू, कम्प्याक्ट डिस्कहरू, टेपहरूको गुरूप्रति (मास्टर कपी) बाट रेकर्ड गरी पुन उत्पादन गर्ने क्रियाकलापहरू
- डिस्क वा टेपमा रहेका सफ्टवेयर र डाटाको गुरूप्रतिबाट पुन उत्पादन गर्ने क्रियाकलापहरू

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन् :

- मुद्रित वस्तुहरू (printed matter) को पुनर्उत्पादन, हेर्नुहोस् १८११
- सफ्टवेयरको प्रकाशन, हेर्नुहोस् ५८२०
- सीडी/डीभीडी वा यस्तै प्रकारका माध्यममा चलचित्रहरू, भिडियो टेपहरू, र मुभिजको उत्पादन तथा वितरण, हेर्नुहोस् ५९११, ५९१२, ५९१३
- थियटर वा हलमा प्रदर्शनका लागि वितरणका लागि चलचित्रको उत्पादन, हेर्नुहोस् ५९१२
- रेकर्ड वा श्रव्य सामग्रीहरूका लागि गुरूप्रतिहरू उत्पादन गर्ने कार्य, हेर्नुहोस् ५९२०
- खाली सीडी, डीभीडी उत्पादन गर्ने कार्य, हेर्नुहोस् २६२०

**19 कोक (अप्रशोधिक इन्धन), प्रशोधित पेट्रोलियम पदार्थ उत्पादन**
**(Manufacture of coke, refined fuel petroleum)**

कोइलालाई ताप दिई उत्पादन गरिने ठोस अशुद्ध इन्धनलाई कोक भनिन्छ । यस्तो इन्धनमा कार्बनको मात्राबढी र केही अशुद्ध पदार्थहरूको मात्रा रहेको हुन्छ ।

**191 कोक ओभनका उत्पादन तथा प्रशोधन (Manufacture of coke oven products)**

हेर्नुहोस् १९१०

**1910 कोक ओभनका उत्पादन तथा प्रशोधन (Manufacture of coke oven products)**

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिन्छन् ।

- कोक भट्टी (coke oven) सञ्चालन
- कोक तथा अर्धप्रशोधित कोक उत्पादन
- पिच (अलकत्रा) वा पिच कोक (pitch coke) उत्पादन
- कोकबाट ग्याँस (coke oven gas) उत्पादन
- अप्रशोधित कोइला तथा लिग्नाइटको खोटो (tar) उत्पादन
- कोकको थुप्रो बनाउने वा डल्लो बनाउने

**192 प्रशोधित पेट्रोलियम वस्तु उत्पादन (Manufacture of refined petroleum product)**

हेर्नुहोस् १९२०

**1920 प्रशोधित पेट्रोलियम वस्तुको उत्पादन (Manufacture of refined petroleum product)**

यस वर्गमा कच्चा पेट्रोलियम पदार्थहरू, विटुमीन खनिजहरू वा तिनीहरूको आंशिकीकरण (fractionation) उत्पादनबाट तरल वा ग्याँस इन्धन वा अन्य पेट्रोलियमका उत्पादनहरू समेटिन्छन् । पेट्रोलियम रिफाइनिङअन्तर्गत आंशिकीकरण (fractionation), कच्चा तेलको प्रत्येक्ष डिइस्पातेसन र क्र्याकिङका कार्यहरू पर्दछन् ।

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- मोटरमा प्रयोग हुने पेट्रोलियम इन्धन जस्तैः ग्याँसोलिन, मट्टीतेलको उत्पादन
- हलुका, मध्यम र अति प्रज्वलनसिल इन्धन, रिफाइनरी ग्याँसहरू जस्तैः इथेन, प्रोपेन, वुटाइन जस्ता ग्याँसका उत्पादन
- तेलमा आधारित लुव्रिकेटिङ तेलहरू वा ग्रीजहरूको उत्पादन
- पेट्रोकेमीकल उद्योगका लागि र सडकको कभरिङ जस्तैः अलकत्रा उत्पादनहरू
- विभिन्न पेट्रोलियम उत्पादनहरू जस्तैः सेतो स्पीरिट, भेसलाइन, पाराफाइन बाकस, पेट्रोलियम जेलि आदिको उत्पादन
- कडा कोइला (hard cola) र lignite (खैरो रङको कोइला) फ्यूल व्रिकेट उत्पादन गर्ने
- पेट्रोलियम व्रिकेट बनाउने
- जैविक इन्धनको व्लेन्डीङ जस्तैः ग्याँसोहोल जस्ता पेट्रोलियमसित अल्कोहोलको व्लेन्डीङ गर्ने जैविक व्रिकेटको उत्पादन

**20 रसायन र रासायनिक वस्तुको उत्पादन**
**(Manufacture of chemical and chemical product)**

यस डिभिजनमा रासायनिक प्रक्रियाबाट अर्गानिक वा इनअर्गानिक कच्चा पदार्थहरूको रूपान्तरबाट पदार्थहरूको उत्पादन पर्दछ ।

**201 प्राथमिक स्वरूपमा आधारभूत रसायन, रासायनिक मल, नाइट्रोजनयुक्त यौगिक पदार्थ, प्लास्टिक र सिन्थेटिक (कृत्रिम) रबरको उत्पादन (Manufacture of basic chemicals, fertilizer and nitrozen compound, plastics and synthetic rubber in primary forms)**

**2011 आधारभूत रसायनको उत्पादन (Manufacture of basic chemical)**

यस वर्गमा थर्मल क्र्याकिङ र डिइस्पातेसन जस्ता आधारभूत प्रक्रियाहरू प्रयोग गरी रसायनहरूको उत्पादन पर्दछन् । यी प्रक्रियाहरूबाट उत्पादनका (output) का रूपमा प्राय छुट्टै रासायनिक तत्वहरू वा छुट्टै रासायनिकरूपमा परिभाषित यौगिकहरू प्राप्त हुन्छन् ।

यस वर्गमा आधारभूत रसायनहरूको उत्पादन गर्ने क्रियाकलापहरू पर्दछन् ।

- तरलीकृत वा कम्प्रेस्ड इनअर्गानिक औद्योगिक वा मेडिकल ग्याँसहरूको उत्पादन

- अक्सिजन, नाइट्रोजन जस्ता इलिमन्टल ग्याँस
    - तरल तथा कम्प्रेसड वायु (compressed air)
    - रेफ्रिजिरेन्ट ग्याँस
    - मिश्रित औद्योगिक ग्याँस
    - कार्बनडाइअक्साइड जस्ता निष्कृय ग्याँसहरू
    - Isolating ग्याँसहरू
- आधारभुत वा कन्सन्ट्रेटको रूपमा कुनै स्रोतबाट रङाउने पदार्थ (dyes) वा पिगमेन्टको उत्पादन
- रासायनिक तत्वहरूको उत्पादन
- नाइट्रिक एसिडबाहेक अजैविक (Inorganic) एसिडको उत्पादन
- एमोनियाबाहेक अल्काली, क्षार (Lyes) र अजैविक जस्ता वस्तुहरूको उत्पादन
- अन्य अजैविक यौगिकहरूको प्रशोधन
- आधारभूत जैविक रसायनहरूको प्रशोधन जस्तैः
    - सेचुरेटेड वा अनसेचुरेटेड एक्रिलिक हाइड्रोकार्बन,
    - सेचुरेटेड वा अनसेचुरेटेड cyclic हाइड्रोकार्बन
    - एसिटिक एसिडसहित मोनो र पोलिकार्वोक्सीलिक एसिड,
    - एल्डीहाइड्स, किटोन्स, क्वीनाइन्स, र ड्वाल वा पोलि अक्सिजन कम्पाउण्डसहित अन्य पोलि अक्सिजन कम्पाउण्ड
    - सिन्थेटिक ग्लीसरल
    - Amine समेत नाइट्रोजनयुक्त जैविक यौगिक,
    - अल्कोहल वा इस्टर उत्पादनका लागि उखु, मकै, जौ आदिको फर्मीन्टेशन
    - wood distillations सहित अन्य जैविक यौगिकहरू जस्तैः काठबाट कोइलाको उत्पादन आदि
- अभिस्रभित पानी (distilled water) को उत्पादन
- सिन्थेटिक एरोम्याटिक (सुगन्धीत) वस्तुको उत्पादन
- फलामको कोरा खनिजलाई पगाल्ने (roasting of iron pyrites)
- लुमिनोफोरस तथा फ्लोरेसन्टलाई चम्कीलो बनाउने वस्तुको उत्पादन (manufacture of products of a kind used as fluorescent brightening agents or as luminophores यूरेनियम तथा थोरेनियम धातुको एनरिचमेन्ट र न्यूक्ल्यीयर रियाक्टरका लागि फ्यूलको उत्पादन (enrichment of uranium and thorium ores and production of fuel elements for nuclear reactors)

**2012 रासायनिक मल र नाइट्रोजनयुक्त यौगिकको उत्पादन**
**(Manufacture of fertilizer and nitrozen compond)**

- उत्पादनहरू जस्तैः नाइट्रिक तथा सल्फानाइट्रिक एसिडहरू, अमोनिया, एमोनियम क्लोराइड, एमोनियम कार्बोनेट, नाइट्राइट्स र पोटासियमको नाइट्रेट्सको उत्पादन प्रशोधन
  यस वर्गले निम्न क्रियाकलापहरू पनि समेट्दछ ।
- पिट (peat) चपरा मुख्य पदार्थ (main constituent) रहेको potting soil जस्तैः चक पाउडर, मुल्तानी माटो, पुटिङ धुलो, उत्पादन तथा प्रशोधन
- प्राकृतिक माटो, बालुवा, clays र खनिजहरू मिश्रित potting soil को उत्पादन तथा प्रशोधन

नोटः  यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- ग्वानोको माइनिङ, हेर्नुहोस् ०८९१
- कृषि रसायन उत्पादनहरू जस्तैः विषादीहरू (pesticides) हेर्नुहोस् २०२१
- कम्पोष्ट डम्पहरूको सञ्चालन हेर्नुहोस् ३८२१

**2013 प्राथमिक स्वरूपमा प्लास्टिक र सिन्थेटिक (कृत्रिम) रबरको उत्पादन**
**(Manufacture of plastics and synthetic rubbers in primary forms)**

यस वर्गमा रेजिनहरू, प्लास्टिक पदार्थहरू र non-vulcanizable thermoplastic elastomers, तन्किने वस्तुहरूको उत्पादन परम्परागत आधार (custom basis) मा रेजिनहरूको मिश्रण र ब्लेन्डिङ कार्यको  साथै ननकस्टमाइज्ड सिन्थेटिक रेजिनहरूको उत्पादन समेटिन्छ ।

यस वर्गमा प्राथमिक रूपमा प्लास्टिक र सिन्थेटिक रबर उत्पादन गर्ने क्रियाकलापहरू पर्दछन् ।

- प्राथमिकरूपमा प्लास्टिकहरू जस्तैः
  - इथिलाइन, प्रोपेलिन, स्टीरिन, भिनिल क्लोराइड, भिनिल एसेटेट, एक्रेलिकसमेतका पोलिमरहरू
  - पोलिमाइडहरू
  - फेनोलिक र इपोक्साइड रेजिनहरू
  - एल्कीड र पोलिष्टर रेजिनहरू र पोलीइथरहरू
  - सिलीकोनहरू
  - पोलिमारमा आधारित आयोन एक्सचेन्जर
- प्राथमिकरूपमा सिन्थेटिकको उत्पादन जस्तैः
  - सिन्थेटिक रबर
  - फ्याक्टीस
- प्राकृतिक रबर र सिन्थेटिक रबर वा रबरजस्तै गमको मिश्रित उत्पादन तथा प्रशोधन जस्तैः बलाटा
- सेलुलोज र यसका रासायनिक उपजहरूको उत्पादन तथा प्रशोधन

नोटः  यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- कृत्रिम तथा सिन्थेटिक फाइबरहरू, फिलामेन्टहरू तथा यार्नहरू, हेर्नुहोस् २०३०
- प्लास्टिक उत्पादनलाई धुजा वा टुक्रा पार्ने (स्रेडिङ गर्ने) हेर्नुहोस् ३८३०

**202 अन्य रासायनिक वस्तुहरूको उत्पादन (Manufacture of other chemical product)**

यस समूहमा आधारभूत रसायनबाहेकका रासायनिक उत्पादन र मानवनिर्मित रेसाहरू पर्छन् । त्यस्तै विभिन्न किसिमका वस्तुहरूको उत्पादन जस्तैः विषादिहरू, रङ र मसी, साबुन, सफाइ गर्ने वस्तुहरू, अत्तर, विष्फोटक पदार्थहरू, पोलिटेक्निक उत्पादनहरू, तस्वीर खिच्ने प्रयोजनका रसायन (फिल्म र कागजहरू), जिलेटिन, विभिन्न रसायनको मिश्रण यसमा समेटिएका छन् ।

**2021 किटनासक औषधी र अन्य कृषिजन्य रसायनहरूको उत्पादन गर्ने**
**(Manufacuter of pesticides and other agro chemical products)**

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- किटनासक औषधी, रोडेन्टीसाइड, फङ्गीसाइड, हर्विसाइडको उत्पादन तथा प्रशोधन
- घाउ निको पार्ने औषधी एन्टी स्प्राउटिङ रसायन वस्तुहरू र बिरुवाको छिटो वृद्धि गर्ने औषधी

(regulators) को उत्पादन तथा प्रशोधन

- कृषि, पशुपन्छीको तथा अन्य प्रयोगका लागि संक्रमण निवारण disinfectants औषधीको उत्पादन तथा प्रशोधन
- अन्यत्र उल्लेख नभएका अन्य कृषि रसायन (agrochemical products) को उत्पादन तथा प्रशोधन

  नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्
  - रासायनिक मलहरू तथा नाइट्रोजनयुक्त यौगिकहरू, हेर्नुहोस् २०१२

**2022 रङहरू, वार्निसहरू तथा यस्तै अन्य सतह ढाक्ने वस्तुहरू, छपाइ गर्ने मसी, र खोटो उत्पादन (Manufacture of paints, varnishes and similar coatings, printing ink and mastics)**

यस वर्गमा निम्न उत्पादन गर्ने क्रियाकलापहरू पर्दछन्।

- रङरोगनसँग सम्बन्धित रसायनहरू जस्तैः पेन्ट रङहरू, वार्निस, इनामेल, स्प्रीट वा तार्पिन तेल जस्ता lacquers को उत्पादन
- तयारी पिगमेन्टहरू र रङका डाइज्, ओपासीफायरहरू र रङहरूको उत्पादन
- चम्कीने वा टल्कीने इनामेलहरू (vitrifiable enamels and glazes and engobes) र यस्तै प्रकारका तयारी वस्तुहरूको उत्पादन
- खोटो (mastics) को उत्पादन प्रशोधन
- टाल्ने वस्तुहरू वा यौगिकहरू (caulking compounds) र यस्तै प्रकारका सजिलै गल्ने नन-रिफ्राक्टरी फिलीङ गर्ने वस्तुहरू जस्तैः पुटिङ वा रङ लगाउन सतह वा भीत्ताको तयारीगर्ने रसायन पदार्थहरू
- अर्गानिक कम्पोजिट सोल्भेन्टहरू (जैवीक घोलहरू) र रङ पातलो गर्ने (thinners) रासायनिक पदार्थहरूको उत्पादन
- लगाइसकेको रङ वा वार्निस हटाउने वा उडाउने रसायनको उत्पादन
- छाप्ने मसि (printing ink) को उत्पादन तथा प्रशोधन
- छपाइ गर्ने टोनर, मसी इत्यादिको उत्पादन

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- डाइस्टफहरू र पिगमेन्टहरूको उत्पादन, हेर्नुहोस् २०११
- लेख्ने र चित्रकोर्ने ड्रइङ गर्ने मसिहरूको उत्पादन, हेर्नुहोस् २०२९

**2023 साबुन तथा डिटरजेण्ट, सरसफाइ र पालिस गर्ने रसायन वस्तु र सुगन्धित अत्तरहरू एवं सौन्दर्य श्रृंगारका प्रशाधनहरू, सरसफाइका वस्तु उत्पादन (Manufacture of soap and detergents, cleaning and polishing preparations, perfumes and toilet preparations)**

यस वर्गमा निम्न उत्पादन गर्ने क्रियाकलापहरू पर्दछन्।

- जैविक सतह सक्रिय एजेन्टहरू (organic surface-active agents) को उत्पादन
- ठोस वा झोल सावुनको उत्पादनसावुन वा डिटरजेन्टले कोटेड गरिएका वा छोपिएका कागज, अस्तर (wadding), जमठ (felt) आदिको उत्पादन
- सरसफाइमा प्रयोग गर्ने कच्चा ग्लीसिरोलको उत्पादन
- जैविक सतहको तयारीका आवश्यक वस्तुहरू (surface-active preparations) का उत्पादनहरू जस्तै

- ठोस वा झोल वासिङ वा डिटरजेन्टका धुलोहरू (पाउडर)
- भाँडा माझ्ने साबुन वा झोलहरू
- कपडामा लागेका दागहरू मेटाउने टेक्सटाइल सफ्टनरहरू

● सफाइ गर्ने वा पालिस गर्ने वस्तुहरूको उत्पादन जस्तैः
  - कोठा सुगन्धित गर्ने अर्थात् नमिठो गन्धहटाउने पदार्थहरू (perfuming or deodorizing rooms)
  - कृत्रिम वा तयारी मैनहरू (waxes) गाडी तथा भूइँ टल्काउने मैन
  - छालाका वस्तुहरू टल्काउने पालिसहरू वा क्रिमहरू
  - सिसा, धातु वा काठको सोफा (coachwork) टल्काउने पालिसहरू

● भाँडा वा कुनै वस्तु मस्काउने माझ्ने पेस्ट वा धुलो पाउडरहरू वा यस्ता पदार्थहरूले कोटेड गरिएका वा छोपिएका कागज, अस्तर (wadding), जमठ (felt) हरू सुगन्धित अत्तरहरू तथा श्रृंगार, पोशाक, सजावट (ट्वाइलेट) मा प्रयोग हुने वस्तुहरू जस्तैः
  - अत्तरहरू र शृङ्गार जल/सुगन्धित पानी toilet water
  - सौन्दर्य र मेकअपका सामानरु,
  - सूर्यका किरणबाट सुरक्षित हुने क्रिम वा लोसनहरू
  - हात,गोडा र नङको स्याहारमा प्रयोग गर्ने नेल पालिस, क्रिम, रिमुभर जस्ता वस्तुहरू
  - कपालमा लगाउने स्याम्पुहरू, जलप वा जेलहरू hair lacquers, कपाल घुम्राउने वा सिधा गर्ने क्रिम वा जेल जस्ता पदार्थहरू
  - दन्तमञ्जनहरू, मुख सफा गर्ने झोलहरू, दाँत टाँस्ने जोड्ने पदार्थहरू
  - दाह्री बनाउने र सेभिङका सामानहरू जस्तैः सेभीङ क्रिम वा अफ्टर सेभ झोल
  - शरीरको गन्ध हटाउने स्प्रे, bath salts जस्ता पदार्थहरू
  - शरीरमा आएका रौँ हटाउने hair remover जस्ता पदार्थहरू depilatories
  - वालेर सुगन्धीत बनाइने पदार्थहरू जस्तैः अगर वत्ती, मच्छर धुप आदि

## 2029 अन्यत्र उल्लेख नगरेका अन्य रासायनिक वस्तुहरूको उत्पादन (Manufacture of other chemical product n.e.c.)

यस वर्गमा अन्यत्र उल्लेख नगरेका निम्न रासायनिक वस्तुहरू उत्पादन गर्ने क्रियाकलापहरू पर्दछन्।

- प्रोपेलेन्ट पाउडरको (रासायनिक धुलो छर्किने) उत्पादन
- आघात शिरहरू (percussion caps), डिटोनेटर, सङ्केतीङ फ्लेर्ससमेत पाइरोटेक्नीक र विष्फोटक पदार्थहरूको उत्पादन/बारुदको उत्पादन
- रबरमा आधारित गम/रबर टाँस्ने गम, गुँदहरूसमेत तयारी टाँसिने खालको (एडहेसिव) गुँदहरू, जिलेटिन र यसका व्युत्पन्नहरू (derivatives) को उत्पादन
- प्राकृतिक एरोमेटिक (aromatic) extracts को उत्पादन
- रेजिनोइड्सका उत्पादन
- एरोमाटिक डिइस्पातड पानीको उत्पादन
- सुगन्धित अत्तर बनाउनका लागि वास्ना वा गन्ध फैलाउने पदार्थहरू odoriferous products को मिश्रणको उत्पादन
- फोटोग्राफिक प्लेट, फिल्म, सम्वेदनशील (सेन्सीटाइज) पेपर र अन्य सेन्सीटाइज्ड उज्यालोमा

नदेखाइएको (unexposed) पदार्थहरूको उत्पादन

- फोटो धुलाउने वा फोटोग्राफिक प्रयोगका लागि आवश्यक पर्ने रसायनहरूको उत्पादन
- विविध रासायनिक पदार्थहरूको उत्पादन जस्तै
    - पेपटोन वा पेपटोनका व्युत्पन्नहरू (derivatives), अन्य उल्लेख नगरिएका प्रोटिनयुक्त पदार्थहरू र यसका व्युत्पन्नहरू (derivatives),
    - आवश्यक तेलहरू सौन्दर्य प्रशाधनमा प्रयोग हुने तेल
    - रासायनिक रूपमा परिवर्तीत तेल तथा चिल्लोहरू
    - छाला र टेक्सटाइल वस्तुहरूको फिनीसिङमा प्रयोग गर्ने पदार्थहरू
    - सोल्डरिङ (रसायनबाट जोड्नका लागि), ब्रेजीङ (पीत्तल जस्ता धातुबाट रसान गर्न) र वेल्डिङमा प्रयोग हुने धुलो वा लेपगर्ने (पेस्ट) वस्तुहरू,
    - धातु माझ्न प्रयोग गरिने अमिलो रासायनिक पदार्थहरू
    - सिमेन्टमा प्रयोग हुने तयारी रसायनहरू (prepared additives),
    - सकृय (activated) कार्बन, चिप्ल्याउने (lubricating) तेलका additives, तयारी रबरका एक्सीलेरेटर, औद्योगिक प्रयोगका लागि अन्य रयायनिक पदार्थहरू तथा उत्प्रेरक (क्याटालिस्ट) पदार्थहरू
    - Anti knock पदार्थहरू, एन्टीफ्रिज पदार्थहरू
    - मिश्रित (कम्पोजिट) डायग्नोस्टिक र प्रयोगशालाका रिएजेन्टहरू (कारक तत्वहरू)
- यस वर्गमा निम्न उत्पादन कार्यहरू पनि पर्दछन् ।
    - लेख्ने वा चित्र, रेखा कोर्ने वा ड्रइङगर्ने मसीहरूको उत्पादन
    - सलाइ दियास (matches) को उत्पादन

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- ठूला मात्रामा परिभाषित रासायनिक पदार्थहरू, हेर्नुहोस् २०११
- डिइस्पातड पानीको उत्पादन, हेर्नुहोस् २०११
- सिन्थेटिक एरोम्याटिक वस्तुहरूको उत्पादन, हेर्नुहोस् २०११
- मुद्रण गर्ने मसी, हेर्नुहोस् २०२२
- अत्तर तथा सौन्दर्य प्रशाधनहरू, हेर्नुहोस् २०२३
- एसफाल्टमा आधारित टाँसिने एडहेसिवहरू, हेर्नुहोस् २३९९

## 203 मानव निर्मित कृत्रिम रेसाहरूको उत्पादन (Manufacture of man-made fibre)

## 2030 मानव निर्मित कृत्रिम रेसाहरूको उत्पादन (Manufacture of man-made fibre tow)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन्

- सिन्थेटिक वा कृत्रिम फिलामेण्ट tow को उत्पादन/सेन्थेटिक, लाइनन (नाइलन), पोलिष्टर आदिको रेसा उत्पादन
- सिन्थेटिक वा कृत्रिम अङ्कुश तारहरू (fibres) को उत्पादन
- उच्च तन्कीने क्षमता भएका धागो (high tenacity yarn) समेत सिन्थेटिक वा कृत्रिम फिलामेन्ट डोरी (yarn) को उत्पादन
- सिन्थेटिक वा कृत्रिम मोनोफिलामेन्ट (एकै किसिमको तार) वा स्ट्रीप (पाता) को उत्पादन

नोटः  यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- सिन्थेटिक वा कृत्रिम फाइबर धागोहरू स्पीनिङ गर्ने, हेर्नुहोस् १३११
- मानव निर्मित अङ्कुश (staple) को धागोहरूको उत्पादन, हेर्नुहोस् १३११
- डिइस्पातड पानीको उत्पादन, हेर्नुहोस् २०११

## 21 सामान्य औषधी उत्पादन र औषधी बनाउने तयारी कार्यहरू

**(Manufacture of basic pharmaceutical products and pharmaceutical preparation)**

यो डिभिजनमा आधारभूत औषधी उत्पादन र औषधी तयारीका क्रियाकलाप पर्छन । यसमा औषधीजन्य रासायनिक र वनस्पतीय उत्पादनहरूसमेत पर्छन् ।

## 210 औषधी, चिकित्साजन्य रसायन र वनस्पतिजन्य उत्पादन

**(Manufacture of pharmaceutical, medicinal chemical and botanical products)**

## 2100 औषधी, चिकित्साजन्य रसायन र वनस्पतिजन्य उत्पादन

**(Manufacture of pharmaceutical, medicinal chemical and botanical products)**

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन्:

- औषधी उपचारमा प्रयोग गरिने एण्टीवायोटिक, सामान्य भिटामिन, स्यालिसाइक्लिक तथा ओएसिटाइल स्यालिसाइक्लिक एसिडहरू आदिको उत्पादनमा औषधीजन्य गुणको लागि प्रयोग हुने चिकित्सायोग्य सक्रिय पदार्थहरूको उत्पादन
- रगतको प्रशोधन
- एलोप्याथिक उपचारसम्बन्धी कार्य जस्तैः
  - एण्टिसेरा तथा अन्य ब्लड फ्र्याक्शन
  - भ्याक्सीनको उत्पादन
  - होमियोप्यथिक औषधीउपचारमा प्रयोग हुने औषधीसहित विविध औषधीका उत्पादन
- बाह्य प्रयोग तथा हार्मोनल कन्ट्रासेप्टिभका लागि रासायनिक जन्मनिरोध वस्तुको उत्पादन
- गर्भ परीक्षणसहित रोग पहिचान गर्न मेडिकल डायग्नोष्टिक तयारीका उत्पादन
- रेडियो विकिरणयुक्त भिभो डायग्नोष्टिक पदार्थहरूको उत्पादन
- वायोटेक फर्मास्युटिकलको उत्पादन
- रासायनिक शुद्ध चिनीको उत्पादन
- ग्ल्याण्डस्को प्रशोधन तथा ग्ल्याण्डस् एक्स्ट्रयाक्टको उत्पादन
- मेडिकल इम्प्रेग्नेटेड वेडिङ, गज, सर्जिकल (चिरफारमा प्रयोग हुने) ड्रेसिङ, व्याण्डेज आदिको उत्पादन
- औषधी बनाउनका लागि प्रयोग हुने वनस्पतीय उत्पादनहरू (कुट्ने, पिस्ने, प्याक गर्ने) तयारीका कार्यहरू

नोटः  यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- हर्व इन्फ्युजन (मिन्ट, भर्भैन, चामोमिल आदि) को उत्पादन, हेर्नुहोस् १०७९
- डेन्टल फिलिङ तथा डेन्टल सिमेन्टको उत्पादन, हेर्नुहोस् ३२५०
- हड्डि जोड्ने सिमेन्टको उत्पादन, हेर्नुहोस् ३२५०
- औषधीको थोक व्यापार, हेर्नुहोस् ४६४९

- ○ औषधीको खुद्रा व्यापार, हेर्नुहोस् ४७७२
- ○ औषधी तथा वायोटेक औषधीका अनुसन्धान र विकास, हेर्नुहोस् ७२१०
- ○ औषधी प्याकेजिङ, हेर्नुहोस् ८२९२

## 22 रबर वा प्लास्टिकका सामग्री उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of rubber and plastic products)

### 221 रबरजन्य वस्तुको उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of rubber producs)

#### 2211 रबरका टायर र ट्युबको उत्पादन गर्ने, रबर टायरको परिमार्जन वा रिसोलीङ गर्ने क्रियाकलापहरू (Manufacture of rubber tyres and tubes; retreading and rebuilding of rubber tyres)

रबरका टायर र ट्युबको उत्पादन गर्ने, रबर टायरको परिमार्जन वा रिसोलिङ गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- ठूला इक्यूप्मेन्ट तथा गुड्ने मोटरगाडीहरू जस्तैः वुल्डोजर, डोजर, रोलर, ट्रक, हवाईजहाज, मोटर, मोटरसाइकल, अटोरिक्सा आदिको रबर टायर र ट्युब उत्पादन गर्ने क्रियाकलाप
- साइकिल, रिक्सा खेलौनामा प्रयोग हुने रबर टायर, ट्युब उत्पादन गर्ने क्रियाकलाप
- ग्याँस अथवा हावा भर्ने रबर टायर, ट्युब, सोलिङ तथा कुसन टायरहरूको प्रशोधन तथा उत्पादन कार्य
- अन्य उपकरणका रबर टायर र ट्युबहरू बनाउने
- रबर टायरको परिमार्जन र री-सोलिङ गर्ने क्रियाकलापहरू

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ ट्युब मर्मत सामग्री तयार गर्ने काम (हेर्नुहोस् २२१९)
- ○ टाएर, ट्युबको मर्मत फिटिङ तथा फेर्ने काम (हेर्नुहोस् ४५२०)

#### 2219 अन्य रबरजन्य वस्तुहरूको उत्पादन गर्ने क्रियाकलाप (Manufacture of other rubber products)

रबरका अन्य वस्तुहरूको उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन ।

- प्रकृतिक वा कृत्रिम रबरका अन्य उत्पादनहरू जस्तैः रबरप्लेट, शीट, फन्टी, रड, पाइप, होज पाइप, अन्य रबर सामग्री उत्पादन गर्ने
- जुत्ताको रबरको तलुवा, पेटी, हट वाटर बोतल, रबरका डोरी तथा धागो, आदिको उत्पादन तथा प्रशोधन गर्ने
- रबर रिङ, फिटिङ र सिल गर्ने वासरहरूको (कुकर, धारा आदिमा प्रयोग हुने) उत्पादन तथा प्रशोधन गर्ने
- रबरयुक्त अन तथा भुवाको उत्पादन गर्ने क्रियाकलाप
- रबरका हावा फेर्नेबाला डसना, सोफा, वेलुन उत्पादन गर्ने क्रियाकलाप
- रबरको ब्रुसको उत्पादन
- रबरको पानी भरिएको डसनाको उत्पादन

- कडा रबरका पाइपको उत्पादन
- रबरका काँइयो, हेयर रोलर आदिको उत्पादन
- रबर मर्मतका सामानहरूको उत्पादन
- कपडामा रबर लेमिनेट गरेका सामानहरूको उत्पादन
- रबर प्रयोग गरी वनाएका नुहाउँदा लगाउने टोपी, एप्रोन, कृषिको काम गर्दा लगाउने पोशाक, गाडी चलाउँदा लगाउने पोशाक आदिको उत्पादन
- यौनजन्य कार्यमा प्रयोग गरिने रबरका सामानहरूको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

  - इलेस्टीक फ्रेबिक्सका पोशाक उत्पादन (हेर्नुहोस् १४१०)
  - रबरको जुत्ता (हेर्नुहोस् १५२०)
  - रबर गुँद र रबर खेलौनाहरू उत्पादन (हेर्नुहोस् ३२४०)
  - रबरका खेलकुद सामग्री (हेर्नुहोस् ३२३०)
  - हवा फेर्नेबाला डुङ्गा तयार गर्ने (हेर्नुहोस् ३०११, ३०१२)
  - नढाकोको रबर वा प्लास्टिकले बनेका डसना, मेट्रेस (हेर्नुहोस् ३१००)

## 222 प्लास्टिकका सामान उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of plastics product)

## 2220 प्लास्टिकका सामान उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of plastics product)

प्लास्टिकका सामान उत्पादन गर्ने क्रियाकलापहरू  यस वर्गमा पर्दछन् ।

- अर्धप्रशोधित प्लास्टिकका वस्तुहरूको उत्पादन जस्तैः सिट, प्लेट, ब्लक, फिल्म आदि
- पूर्ण प्रशोधित प्लास्टिकका सामानको उत्पादन जस्तैः ट्युब, पाइप, होज र यसका फिटिङका सामग्री आदि उत्पादन गर्ने क्रियाकलाप
- सामान प्याक गर्ने प्लास्टिकका सामानको उत्पादन जस्तैः झोला, थैलो, बाकस, बोतल, क्यारी, कन्टेनर आदि
- निर्माणमा प्रयोग हुने प्लास्टिकका सामानको उत्पादन जस्तैः ढोका, झ्याल, फ्रेम, सटर, स्कर्टिङ बोर्ड, ट्याङकी, रिजर्भायर, प्लास्टिक फ्लोर, प्लास्टिक वाल, प्लास्टिक सिलिङ, प्लास्टिक स्यानिटरी वेर, वाल्टीन, वासवेसिन, फ्लस सिस्टन आदि
- सफाइ र स्नान गृहमा प्रयोग हुने प्लास्टिकका सामानहरूको उत्पादन जस्तैः सिस्टन, सावुदानी, सावर, धारा आदि
- भान्छामा प्रयोग हुने प्लास्टिकका सामानहरूको उत्पादन जस्तैः सिङ्क, प्लास्टिक टायल आदि
- अन्य विभिन्न प्लास्टिकका सामानहरू जस्तैः प्लास्टिकका गहना, स्कूल तथा कार्यालय सप्लाइका सामानहरू, प्लास्टिकका पोशाकहरू, प्लास्टिक वाल पेपर, प्लास्टिक फर्निचरका फिटिङ सामग्रीहरू, प्लास्टिकका जुत्तामा प्रयोग हुने फित्ता, प्लास्टिकका काँइयो, कपाल घुमाउनको लागि प्रयोग हुने प्लास्टिकको हेयर करलर, चुरोट राख्ने डिब्बा, प्लास्टिकका अन्य सानातिना सामग्रीहरू  आदि

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

  - प्लास्टिकका झोला, बाकस उत्पादन (हेर्नुहोस् १५१२),
  - प्लास्टिकको जुत्ता (हेर्नुहोस् १५२०),

- प्लास्टिक बनाउने काम (हेर्नुहोस् २०१३),
- कृत्रिम वा प्रकृतिक रबरका सामग्री उत्पादन (हेर्नुहोस् २२११),
- प्लास्टिकका फर्निचर उत्पादन गर्ने काम (हेर्नुहोस् ३१००),
- नढाकोको रबर वा प्लास्टिकले बनेका डसना, मेस्ट्रेस (हेर्नुहोस् ३१००),
- प्लास्टिकका खेलकुदका सामग्री तयार गर्ने (हेर्नुहोस् ३२३०),
- प्लास्टिकका खेलौना तयार गर्ने (हेर्नुहोस् ३२४०),
- दन्त तथा अन्य चिकित्साको प्रयोगको लागि बनाइने प्लास्टिकका सामग्री (हेर्नुहोस् ३२५०),
- व्यक्तिगत सुरक्षाको लागि बनाइने कडा प्लास्टिकका सामग्री (हेर्नुहोस् ३२९०)

## 23 गैरधातुका खनिजहरू उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of other non-metalic minaral product)

### 231 काँच र काँचजन्य वस्तुको उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of glass and glass product)

#### 2310 काँच र काँचजन्य वस्तुको उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of glass and glass product)

- समतल सिसा, तार भएको सिसा, रङ भएको सिसा उत्पादन
- लेमिनेटेड समतल सिसाको उत्पादन
- सिसाका पारदर्शी रड तथा ट्युबको उत्पादन
- ऐना उत्पादन
- भित्तामा राख्ने सिसाको कुचालक (इन्सुलेट) उत्पादन
- काँच इनभिलोप ल्याम्पको उत्पादन
- काँचका पारदर्शी भाँडाकुँडाहरू, फ्यूज सिलिका, सिसाका ट्युब, पाइप, प्लेट वा सिटहरू, घडी, चस्मा, क्यामेराको सिसाको उत्पादन
- भान्छामा प्रयोग हुने सिसाका टेबुल र विभिन्न भाँडाकुँडाहरू जस्तैः पानी खाने गिलास, कचौरा, जग आदिको उत्पादन
- स्नान गृह, कार्यालय, प्रयोगशाला आदिमा प्रयोग हुने सिसाका विभिन्न सामानहरू
- औषधी राख्ने काँचका बोतलहरू
- सिसाका गहनाहरू तथा जुहारतहरू, चुरा, ग्लासउल, सिसाको धागो र रेसा आदिको उत्पादन
- सिसाका सजाउने विभिन्न सामग्री तथा सिसाका नक्कली गरगहनाहरू

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- काँचको धागोले बुनेका फेब्रिकहरू (हेर्नुहोस् १३१२),
- अप्टिकलको रूपमा काम गर्ने अप्टिकल वस्तुको उत्पादन (हेर्नुहोस् २६७०),
- अप्टिकल केबल बनाउने काम (हेर्नुहोस् २७३१),
- काँचका खेलौना तयार गर्ने (हेर्नुहोस् ३२४०),
- काँचका सिरिन्ज र अन्य औषधीजन्य काँचका सामग्रीहरू तयार गर्ने (हेर्नुहोस् ३२५०)

## 239 अन्यत्र उल्लेख नभएका गैरधातुका खनिज वस्तु उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of non-metalic minaral products n.e.c.)

### 2391 आवर्तक वस्तुको उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of refractory products)

सामान्य तापले स्वरूप नबदलिने (आवर्तक) वस्तुहरूको उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- आवर्तक कंक्रीट उत्पादन
- आवर्तक  सिरामिक्स सामानको उत्पादन
- ताप अवरोधक सिरामिक्स सामानको उत्पादन
- आवर्तक इँट, टायल, ब्लक आदिको उत्पादन
- आवर्तक  माटाको पाइप, नोजल, ट्युब आदिको उत्पादन
- डालोमाइट, क्रोमीटयुक्त आवर्तक सामानहरूको उत्पादन

### 2392 माटाका भवन निमार्ण सामग्रीहरू उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of clay building materials)

- तापका कुचालक माटाका वस्तुहरू जस्तैः इँट, टायल, ब्लकहरू; माटाका पाइप, चिप्स टायलहरू आदिको उत्पादन
- भवन निमार्णको लागि माटोको इँट बनाउने क्रियाकलाप
- गैररिफ्याटोरी सिरामिक्समा भित्ताको टायल, मोजिक क्यूव आदिको उत्पादन
- कुनै निश्चित आकारमा माटाले बनेका गैररिफ्याटोरी सामानहरूको उत्पादन जस्तैः घर छाउने टायल, चिम्नीका सामान, पाइप आदि
- चाइनीज माटोको स्यानिटरी फिक्सरहरूका सामग्रीहरूको उत्पादन
- भूइँमा बिछ्याउने पाकेको माटाको ब्लक

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- कृत्रिम संगमरमरको उत्पादन (हेर्नुहोस् २२२०),
- आवर्तक सेरामिक सामानको उत्पादन हेर्नुहोस् २३९१),

### 2393 प्रोसेलिन र चिनियाँ माटोबाट बनेका अन्य वस्तुहरूको उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of other porcelain and ceramic products)

प्रोसेलिन र चिनियाँ माटोबाट बनेका अन्य वस्तुहरूको उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- भान्छामा, स्नान गृह वा अन्य घरायसी प्रयोगको लागि प्रोसेलिन वा चिनियाँ माटोबाट बनेका वस्तुहरूको उत्पादन
- प्रोसेलिन वा चिनियाँ माटोबाट बनेका साना मूर्ति तथा गहनाको उत्पादन
- विद्युतीय सामानको लागि कुचालकको रूपमा प्रयोग हुने प्रोसेलिन र चिनियाँ माटोका सामग्री
- प्रयोगशालामा, रसायनको काममा र औद्योगिक कार्यमा प्रयोग गर्ने चिनियाँ माटोका सामानको

उत्पादन

- चिनियाँ माटोका प्याकिङ गर्ने सामानको उत्पादन
- चिनियाँ माटोका भाँडावर्तनहरूको उत्पादन
- चिनियाँ माटोका फर्निचरको उत्पादन
- चिनियाँ माटोका अन्यत्र उल्लेख नगरिएका सामानहरू जस्तैः विशेष प्रकारका इँट, ब्लक, टायल, माटोका तखता, माटाको चुलो आदिको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ कृत्रिम संगमरमरको उत्पादन (हेर्नुहोस् २२२०),
- ○ आवर्तक सेरामिक सामानको उत्पादन हेर्नुहोस् २३९१),
- ○ सेरामिकका भवन निमार्ण सामग्रीहरू (हेर्नुहोस् २३९२),
- ○ सेरामिकका नक्कली गहनाहरू (हेर्नुहोस् ३२१२),
- ○ सेरामिकका खेलौनाहरू (हेर्नुहोस् ३२४०),
- ○ नक्कली दाँतहरू (हेर्नुहोस् ३२५०)

## 2394 सिमेन्ट, चुन र प्लास्टरको उत्पादन गर्ने क्रियाकलापहरू
## (Manufacture of cement, lime and plaster products)

सिमेन्ट, चुन र प्लास्टरको उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- क्लीन्कर तथा हाइड्रोलिक सिमेन्ट, पोर्टलैण्ड तथा आलुमिनस सिमेन्ट, स्लाग सिमेन्ट, सुपर फोसफेट सिमेन्ट आदिको उत्पादन
- तत्कालीन चुन, स्लाकेड चुन, हाइड्रोलिक चुनको, खाने चुन आदि उत्पादन
- क्याल्सीनाइड जिप्सम, क्याल्सिनाइड सल्फेटबाट तयार प्लास्टरको उत्पादन
- क्याल्सियमयुक्त डोलोमाइटको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ रिफेक्टोरी मोर्टार, कंक्रीट उत्पादन (हेर्नुहोस् २३९१),
- ○ सिमेन्टका सामानको उत्पादन हेर्नुहोस् २३९५),
- ○ प्लास्टरका सामानको उत्पादन हेर्नुहोस् २३९५),
- ○ रेडीमिक्स वा ड्राइमिक्स तयार गर्ने (हेर्नुहोस् २३९५)
- ○ मानव स्वास्थ्यमा प्रयोग हुने सिमेन्टको उत्पादन (हेर्नुहोस् ३२५०)

## 2395 कंक्रिट, सिमेन्ट र प्लास्टरका सामान उत्पादन गर्ने क्रियाकलापहरू
## (Manufacture of articale of concrete, cement and plaster)

कंक्रिट, सिमेन्ट र प्लाष्टरका सामान उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन ।

- निमार्ण कार्यमा प्रयोग हुने मिलमा बनेको, सिमेन्ट या कृत्रिम ढुङ्गा आदिको उत्पादन
    - टायल, ढुङ्गाका चपेरा, इँट, बोर्डस, पाता, प्यानलस्, पाइप, खामा, मुड्का आदि
- भवन निर्माण वा सिभिल इन्जिनियरिङ कार्यका लागि प्रयोग हुने कन्क्रिट, सिमेन्ट आदि प्रयोग गरी बनाइएका प्री फेबरिकेटेड संरचनाहरू
- निमार्ण कार्यमा प्रयोग हुने प्लास्टरको प्रयोग गरी बनाइएका वस्तुहरू

- बोर्ड, सिट, प्यानल आदि

- निमार्ण कार्यमा प्रयोग हुने वनस्पतिजन्य वस्तुहरू (काठको उन, छ्वाली, पराल डाँठ) आदि खनिज पदार्थ तथा सिमेन्ट, प्लास्टर, आदिको मिश्रणबाट बनाइएका वस्तुहरू
- अन्य निर्माण कार्यमा प्रयोग हुने अभ्रक सिमेन्ट वा सेलुलोज फाइबरले बनेका सामानहरू जस्तैः
    - बोर्ड, करुगेटेड सिट, पाइप, रिजरभाएर, वेशिन, जार, सिङ्क, सिमेन्टका फप्यिानल आदिका उत्पादन
- कन्क्रिट, सिमेन्ट प्लास्टर आदि प्रयोग गरी बनाइएका, भाँडा, गमला, मुर्ती, मुड्का, फर्निचर, झ्यालको फ्रेम आदि
- मोर्टार पाउडरको निमार्ण
- रेडीमिक्स वा ड्राइमिक्स तयार गर्ने क्रियाकलाप

  नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्
    - निर्माणमा प्रयोग हुने गिट्टी, उत्खनन् क्षेत्रमाकै आसपास उत्पादन हुने क्रियाकलापहरू ( हेर्नुहोस्  ०८१०)
    - रिफेक्टोरी मोर्टार, कंक्रीट उत्पादन गर्ने क्रियाकलापहरू (हेर्नुहोस् २३९१)

## 2396 ढुङ्गा काट्ने, छाँट्ने र परिष्कृत गर्ने क्रियाकलापहरू
## (Cutting, shapping and finishing of stone)

ढुङ्गा काट्ने, छाँट्ने र परिष्कृत गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- छाना छाउन, सडकमा विछ्याउन,  चिहान निमार्ण गर्ने आदि प्रयोगको लागि ढुङ्गालाई काँटछाँट गरी परिष्कृत गर्ने कार्य
- ढुङ्गाको फर्निचर बनाउने क्रियाकलापहरू

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- खानी उत्खनन् क्रियाकलाप (हेर्नुहोस् ०८१०),
- जाँतोको ढुङ्गा, एब्रेसिव (जमोट) ढुङ्गाका उत्पादन (हेर्नुहोस् २३९९),
- ढुङ्गाको कालिगढीसम्बन्धी क्रियाकलाप (हेर्नुहोस् ९०००)

## 2399 अन्यत्र उल्लेख नभएका गैरधातुजन्य खनिजहरू उत्पादन गर्ने क्रियाकलापहरू
## (Manufacture of non -metallic mineral products n.e.c.)

अन्यत्र उल्लेख नभएका गैरधातुजन्य खनिजहरू उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- जाँतोको ढुङ्गा बनाउने, ढुङ्गालाई तिखार्ने, ढुङ्गालाई पालिस गर्ने, प्राकृतिक वा कृत्रिम अवास्थाको ढुङ्गालाई खुइल्याउने काम, खाग्सी कागज उत्पादन गर्ने क्रियाकलाप
- ढुङ्गा रगड्ने जस्तैः जाँतो, सिलाउटो लोहोरो, खल, तिखोलाई सम्म बनाउने काम
- खनिज इन्सुलेटका सामानहरू जस्तैः नरम धागो वा रेसा, खनिज उन, ताप इन्सुलेटिङ, ध्वनि इन्सुलेटिङ, ग्राफाईट आदि वस्तुहरू उत्पादन गर्ने क्रियाकलापहरू
- विभिन्न किसिमका खनिज वस्तुहरू जस्तै : खनिज अभ्रक, पिट, ग्राफाइट, एफाल्ट तथा यसका रेसाहरूको उत्पादन
- कार्बन र ग्रेफाइड फाइबरको उत्पादन (इलेक्ट्रोड र बिजुलीका सामानबाहेक)

- कोइला, तार पिच जिप्सम र अन्य खनिज पदार्थबाट वस्तु उत्पादन क्रियाकलापहरू

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- काँचको उन र नबुनेको काँचको उन उत्पादन क्रियाकलाप (हेर्नुहोस् २३१०),
- जाँतोको ढुङ्गा, एब्रेसिव (जमोट) ढुङ्गा,का उत्पादन हेर्नुहोस् २३९९),
- ढुङ्गाको कालिगढीसम्बन्धी क्रियाकलाप (हेर्नुहोस् ९०००)

## 24 आधारभूत धातुहरूको उत्पादन गर्ने (Manufacture of basic metal)

यो डिभिजनअन्तर्गत विद्युतीय धातु विज्ञान (electrometallurgic) र अन्य metallurgic प्रविधिहरू अपनाएर कच्चा धातु, टुक्राटुक्री स्क्र्याप धातुहरूबाट फलाम भएको वा फलाम नभएको धातु पगालेर वा रिफाइनिङ/प्रशोधान गर्ने क्रियाकलापहरू समावेश हुन्छन् । यो डिभिजनले शुद्ध धातुहरूको अन्य रासायनिक तत्वहरू मिसायर मेटल मिश्रण धातुहरू (alloys) र super-alloys उत्पादन गर्ने कार्यहरू पनि पर्दछन् । प्रायजसोः धातुको ढिक्कालाई आगोले पगालेर र रिफाइनिङ गरेर प्राप्त उत्पादन (output) लाई विभिन्न उत्पादनहरू बनाउने जस्तैः प्लेट, सीट, स्ट्रीप, बारहरू, डण्डी रडहरू, तारहरू, ट्युबहरू, पाइपहरू (plate, sheet, strip, bars, rods, wire, tubes, pipes) र खोक्रो पाइपहरू (hollow profiles) बनाउन र अन्य आधारभूत धातहरू rolling, drawing and extruding गर्ने कार्यहरू सञ्चालन गर्न र वस्तुको स्वरूपमा ढाल्न (castings) बनाउन पगालिएको धातुको प्रयोग गरिन्छ ।

## 241 आधारभूत फलाम र इस्पात उत्पादन (Manufacture of basic iron and steel)

हेर्नुहोस् २४१०

## 2410 आधारभूत फलाम र इस्पात उत्पादन (Manufacture of basic iron and steel)

यो वर्गअन्तर्गत अक्सिजन कन्भर्टरहरू र ब्लाष्ट फर्नेसेज (धातु पगाल्ने भट्टीहरू) मा फलामको कच्चा धातु पगालेर वा विद्युतीय आर्क फर्नेसहरूमा स्कयापहरू र खेरगएको फलामका टुक्राटाक्रीहरूलाई परिवर्तन गर्ने क्रियाकलापहरू सञ्चालन गर्ने कार्यहरू वा कच्चा इस्पात प्राप्त गर्न संयोग वा फ्युजनविना फलामको कच्चा धातुलाई प्रत्यक्षरूपमा रिडक्सन प्रक्रियाका कार्यहरू पर्दछन् (यसरी प्रत्यक्षरूपमा रिडक्सन गर्ने कार्यअन्तर्गत डाडु आकारको ल्याडल फर्नेसमा ती फलामको कच्चा धातुलाई आगोद्वारा पगाल्ने र रिफाइन गर्ने गरिन्छ । अनि अर्धतयारी वा semi-finished flat or long products को च्याप्टो र लामो फलाम वस्तु पैदा गर्नका लागि निरन्तर ढलाइ गर्ने भाँडा कास्टर (साँचो) मा पगालिएको कच्चा धातुलाई खनाई ठोस धातुको रूपमा परिणत गरिन्छ)। च्याप्टा र लामा फलामको ठोस धातुलाई पुनः तताएर तयारी फलामका धातुहरू जस्तैः प्लेट, सीट, स्ट्रीप, बारहरू, डण्डी रडहरू, तारहरू, ट्युबहरू, पाइपहरू उत्पादन गर्नका लागि बनाउनका लागि लपेट्ने वा वेर्ने (rolling), तान्ने (drawing) र धकेल्ने (extruding) गर्ने (तान्ने र धकेल्ने) कार्यहरू सञ्चालन गर्नमा प्रयोग गरिन्छ ।

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- धातु पगाल्ने (अग्निकुण्ड) ब्लाष्ट फर्नेसेजहरू, इस्पात कन्भर्टर, रोलिङ एवं तयारी धातु उत्पादन कार्य अर्थात् फिनिसिङ मिलहरू सञ्चालन गर्ने
- किट फलाम पिग्स, ब्लकस, वा अन्य प्रारंभिक रूपमा अर्धप्रशोधित वस्तुहरू जस्तैः किट फलाम (pig iron) र spiegeleisen को उत्पादन
- फलाम मिश्रित धातु (ferro-alloys) उत्पादन

- फलाम र अन्य स्पन्जी फलामयुक्त धातुहरूलाई प्रत्यक्ष रिडक्सन प्रक्रियाबाट फलामयुक्त धातुहरूको उत्पादन
- विद्युतीय इलेक्ट्रोलाइसिस पद्दति वा अन्य रासायनिक प्रक्रिया अवलम्बन गरी विशुद्ध फलामको (iron of exceptional purity) उत्पादन
- फलामका धुलो वा दानाहरूको (granular iron and iron powder) उत्पादन
- इस्पातका ढिक्काहरू (ingots) वा अन्य प्रारम्भिक स्वरूपका फलामका उत्पादन
- फलाम वा इस्पातका ढिक्काहरूका स्कयापहरू पुनः पगाल्ने कार्य
- इस्पातका अर्धतयारी वस्तुहरूको उत्पादन
- तताएर र चिस्याएर बेरिएका इस्पातका पाताहरूको उत्पादन
- इस्पातका छड/रडहरूको उत्पादन
- इस्पातका डुँड आकारका (open sections) छडहरूको उत्पादन
- चिस्याउने, पेल्ने तथा घुमाउने बंग्याउने प्रक्रियाद्वारा इस्पातको ठोस/खँदिलो भाग र इस्पात बारहरूको उत्पादन
- इस्पातको फ्ल्याट रोल गरिएको वस्तुहरूको प्रेशमा फोल्डीङ गरेर वा रोल मिलमा प्रोग्रेसिभ कोल्ड फर्मीङ प्रक्रियाबाट इस्पातका ओपन खण्डहरूको उत्पादन
- चिस्याउने तथा तन्काउने (cold drawing or stretching) विधिबाट इस्पातका तार बनाउने
- इस्पातको चाङ (sheet piling of steel/welded open sections) को उत्पादन
- इस्पातका रेल्वे ट्रयाक वा लिग बनाउने सामग्रीहरूको उत्पादन
- hot rolling, hot extrusion or hot drawing वा cold drawing or cold rolling तरिकाद्वारा इस्पातको सिमलेस ट्युबहरू वा पाइपहरू वा hollow profiles को उत्पादन
- चिस्यायर वा तताएर स्वरूपमा ढाल्ने तथा वेल्डिङ र छोटो पार्ने रेड्युसिङ विधिद्वारा इस्पातका वेल्ड गरिएका ट्युबहरू र इस्पातका पाइपहरूको उत्पादन
- इस्पातका ट्युब फिटिङस्का सामानहरूको उत्पादन जस्तै
    - बहिर निस्कने च्याप्टो गोलो वा फ्ल्याट फेल्यान्जेस फोर्ज्ड कोलारहरू
    - वुट् वेल्ड गरिएका फिटिङस् (जस्तैः टि, निपल, सकेट, एल्वा, युनियन आदि),
    - थ्रेडेड फिटिङ्स्
    - सकेट वेल्डेड फिटिङस्

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- कास्ट आइरनका पाप्प फिटिङहरू वा ट्युब र खोको वस्तुहरू, ट्युब र पाइपहरूको उत्पादन, हेर्नुहोस् २४३१
- सेन्ट्रिफ्युगल कास्टिङ विधिबाट इस्पातका सिमलेस ट्युब र पाइपको उत्पादन, हेर्नुहोस् २४३१
- कास्ट इस्पातको पाइप फिटिङस र ट्युबको उत्पादन, हेर्नुहोस् २४३१

## 242 आधारभूत बहुमूल्य तथा गैरफलामजन्य धातुको उत्पादन
## (Manufacture of basic precious and non-ferrous metal)

हेर्नुहोस् २४२०

**2420 आधारभूत बहुमूल्य तथा गैरफलामजन्य धातुको उत्पादन**
**(Manufacture of basic precious and non -ferrous metal)**

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- आधारभूत बहुमूल्य धातुहरूको उत्पादन जस्तै
    - कच्चा वा स्कयाप धातुबाट चलन गरिएका वा चलन नगरिएका बहुमूल्य धातुहरू जस्तैः सुन, चाँदी र प्लेटिनम आदिको रिफाइनिङ र उत्पादन
- बहुमूल्य धातुजन्य मिश्रणयुक्त धातुहरू वा मेटल अलोयजको उत्पादन
- बहुमूल्य धातुहरूका अर्धप्रशोधित वा अर्धतयारी उत्पादन
- वेस धातुहरूमा चाँदी रोल/लेपन गरिएका उत्पादन (silver rolled onto base metals)
- वेस धातुहरू वा चाँदीमा सुन रोल/लेपन गरिएका उत्पादन (gold rolled onto base metals or silver)
- सुन, चाँदी वा वेस मेटलहरू (मुख्य धातु) मा प्लेटीनम र प्लेटिनम समूहका धातुहरूको जलप लगाइ तयार गरिएका वस्तुहरूको उत्पादन (platinum and platinum group metals rolled onto gold, silver or base metals)
- आल्मुनियाबाट आल्मुनियमको उत्पादन (production of aluminium from alumina)
- खेर गएका वा फालिएका आल्मुनियमको टुक्राहरू व स्क्रयापको इलेक्ट्रोलाइट रिफाइनिङबाट आल्मुनीयमको उत्पादन
- आल्मुनियम मिश्रित धातु (aluminium alloys) को उत्पादन
- आल्मुनियम धातुका अर्धप्रशोधित उत्पादनहरू (semi-manufacturing of aluminium)
- कच्चा खनिजबाट सिसा, जस्ता र टिनको उत्पादन (production of lead, zinc and tin from ores)
- खेर गएका वा फालिएका सिसा, जस्ता र टिनका टुक्राहरू व स्क्रयापको इलेक्ट्रोलाइट रिफाइनिङबाट सिसा, जस्ता र टिनको उत्पादन (production of lead, zinc and tin from electrolytic refining of lead, zinc and tin waste and scrap)
- सिसा, जस्ता र टिनका मिश्रित धातु (lead, zinc and tin alloys) को उत्पादन
- सिसा, जस्ता र टिन धातुका अर्धप्रशोधित उत्पादनहरू (semi-manufacturing of lead, zinc and tin)
- खानीबाट तामा निकाल्ने काम वा कच्चा खनिज ores बाट तामाको उत्पादन
- खेर गएका वा फालिएका तामाका टुक्राहरू वा स्क्रयापको इलेक्ट्रोलाइट रिफाइनिङबाट तामाको उत्पादन
- तामा मिश्रित धातु (copper alloys) को उत्पादन
- तामाका फ्यूज तार वा फ्यूज पाता अर्थात् स्ट्रीपको बनाउने काम
- तामाका अर्धप्रशोधित उत्पादनहरू (semi-manufacturing of copper)
- कच्चा खनिजबाट वा अक्साइडबाट कोम, म्यांगानीज, निकल आदि निकाल्ने काम (production of chrome, manganese, nickel etc. from ores or oxides)
- खेर गएका वा फालिएका कोम, म्यांगानीज, निकल आदिका टुक्राहरू व स्क्रयापको इलेक्ट्रोलाइट वा एलुमिनोथर्मीक रिफाइनिङबाट कोम, म्यांगानीज, निकल आदिकाको उत्पादन
- कोम, म्यांगानीज, निकल आदिको मिश्रित धातु (alloys of chrome, manganese, nickel etc.) को उत्पादन
- कोम, म्यागानिज, निकल आदिको अर्धप्रशोधित उत्पादनहरू

- खस्रो चम्किलोपन नभएको निकलको उत्पादन (mattes of nickel)
- पिचब्लेण्ड वा अन्य खनिजहरूबाट युरेनीयम धातु निकाल्ने कार्य वा उत्पादन अर्थात् खानीबाट यूरेनियम निकाल्ने काम
- युरेनीयम धातुको रिफाइनिङ वा पगाल्ने कार्य
- यी धातुबाट तार बनाउने
- एलुमिनियम अक्साइडको उत्पादन
- एलुमिनियम र्‍यापिङ फोइल उत्पादन
- एलुमिनियम (टिन) फोइल ल्यामिनेट्सको उत्पादन
- बहुमूल्य धातुको फोइल ल्यामिनेट्स

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन् :

- गैरफलामयुक्त धातुहरूको कास्टिङ, हेर्नुहोस् २४३२
- बहुमूल्य धातुका गरगहनाहरूको उत्पादन, हेर्नुहोस् ३२११

## 243 विभिन्न धातुको ढलाइ (Casting of metal)

यो समूहमा ढलौट गर्ने (कास्टिङ) प्रक्रियाबाट धातुका विभिन्न ढलौटहरू र अर्धतयारी धातुका वस्तुहरूको उत्पादन कार्यहरू पर्दछन् ।

यो समूहमा वफाउने boiler र चिस्याउने वा रेडियटरहरू (boilers and radiators), हेर्नुहोस् २५१२ र घरायसी सामग्रीहरूको कास्ट गर्ने (cast household items), हेर्नुहोस् २५९९ जस्ता तयारी ढलौटका वस्तुहरू बनाउने कार्यहरू समावेश गरिँदैन ।

## 2431 फलाम तथा इस्पातलाई विभिन्न आकारमा ढाल्ने (Casting of iron and steel)

यस वर्गअन्तर्गत फलाम तथा इस्पातलाई विभिन्न आकारमा ढाल्ने निम्न क्रियाकलापहरू पर्दछन् ।

- अर्धतयारी फलामलाई विभिन्न आकारका वस्तुहरूमा ढाल्ने (casting of semi-finished iron products)
- ग्रेफाइट मिश्रित फलाम (gray iron) लाई विभिन्न आकारका वस्तुहरूमा ढाल्ने
- स्फेरोइडल ग्रेफाइट फलामलाई विभिन्न आकारका वस्तुहरूमा ढाल्ने
- नरम फलामलाई पिटेर वा ठोकेर विभिन्न आकारका वस्तुहरूमा ढाल्ने
- अर्धतयारी इस्पातलाई विभिन्न आकारका वस्तुहरूमा ढाल्ने
- ढलौटका इस्पातलाई विभिन्न आकारका वस्तुहरूमा ढाल्ने
- कास्ट वा ढलौटका फलामको ढलाइबाट पाइप, ट्युब, खोको पाइपहरू (tubes, pipes and hollow profiles) आदि बनाउने र पाइप फिटिङसका सामग्रीहरू बनाउने काम
- सेन्ट्रीफ्युगल कार्सटिङ वा केन्द्रमुखी ढलाइ पद्दतिबाट इस्पातका पाइपहरू वा सिमलेस ट्युब (गुना नभएको) वा पाइपहरू (seamless tubes and pipes of steel) बनाउने कार्य
- ढलौट इस्पात वा cast steel का ट्युब वा पाइप फिटिङसका सामानहरू बनाउने कार्य
- फलाम तथा किटका विभिन्न भाँडाकुडाहरू जस्तैः कराइ, ताप्के, ढक्कन आदि बनाउने काम

### 2432 गैरफलामजन्य धातुको ढाल्ने क्रियाकलापहरू (Casting of non ferrous metal)

यस वर्गमा गैरफलामजन्य धातुको ढलौट गर्ने निम्न क्रियाकलापहरू  पर्दछन् ।

- आल्मुनियम, म्याग्नेसियम, टिटानियम, जस्ता आदिका अर्धप्रशोधित वस्तुहरूलाइ ढाल्ने
- हलुका ढलौटका धातुहरूलाई ढाल्ने
- गह्रुंगा ढलौटका धातुहरूलाई ढाल्ने
- बहुमूल्य ढलौटका धातुहरूलाई ढाल्ने
- गैरफलामजन्य ढलौटका धातुहरूलाई साँचो (die) मा ढाल्ने काम

## 25 मेसिनरी र उपकरणबाहेकका विभिन्न ढाँचा र बुट्टामा बनेका वा फेब्रिकेट गरिएका धातुका वस्तुहरू उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of fabricated metal products, except machinary and equipment)

यस डिभिजनमा  शुद्ध धातुका वस्तुहरू जस्तैः पार्टपुर्जाहरू, केन्टनरहरू र विभिन्न संरचनाहरूको उत्पादन गर्ने कार्यहरू समावेश हुन्छन् । यस्ता वस्तुहरू सामान्यत स्थिर, अचल प्रकारका हुन्छन ।  गैरफलामजन्य धातुको ढलौट  गर्ने क्रियाकलापहरू पनि यस डिभिजनमा पर्दछन्  र यी कार्यहरू डिभिजन २६ देखि ३० का कार्यहरूभन्दा पृथक हुन्छन् । यस डिभिजनले धेरै जटिल उपकरणहरू वा एकाइहरूमा संयोजन गर्ने वा एसेम्बल गर्ने अर्थात् जाडेजाड गर्ने ती धातुका वस्तुहरूको उत्पादन गर्ने कार्यलाई पनि समेट्दछ ।  यदि यी वस्तुहरू चलायमान पार्टहरूसँग जडित भई कार्य गर्दछ ।

यस डिभिजनले हातहतियार तथा खरखजाना बनाउने वा उत्पादन गर्ने कार्यलाई पनि समेट्दछ । यस डिभिजनले विशिष्टीकृत मर्मत तथा सम्भार क्रियाकलापहरूलाई समेट्दैन (हेर्नुहोस् ३३१) । साथै यस डिभिजनले बिल्डिङ/भवनहरूमा यसअन्तर्गत उत्पादित वस्तुहरू जस्तैः सेन्ट्रल हिटिङ वोइलरहरू जस्ता उपकरण स्थापना गर्ने कार्य पनि समेट्दैन (हेर्नुहोस् ४३२२) ।

मेटल फेब्रिकेशन भनेको धातुलाई कटिङ, वेन्डिङ, र एसेम्बली प्रक्रियाद्वारा विभिन्न आकार प्रकारका स्वरूपहरू बनाउनु हो ।

## 251 धातुका विभिन्न ढाँचामा बनेका संरचनाहरू जस्तैः ट्याङ्क, रिजर्भ्याएर, स्टिम जेनेरेटरजस्ता वस्तुहरूको उत्पादन (Manufacture of structural metal products, tank, reservoirs and steam generator)

यस समूहअन्तर्गत धातुका विभिन्न संरचनाहरू जस्तैः निर्माणका लागि आवश्यक पर्ने पार्टहरू वा धातुका फ्रेमवर्कहरू साथै धातुका कन्टेनर जस्तो वस्तुहरू जस्तैः रिजर्भायर, ट्याङ्कहरू, सेन्ट्रल हिटिङ वोइलरहरू र स्टिम जेनेरेटरहरू पर्दछन् ।

### 2511 धातुका निर्माण संरचनाहरूको उत्पादन (Manufacture of structural metal)

यस वर्गमा धातुका विभिन्न संरचनाहरू बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- निर्माणकार्यहरू जस्तैः टावरहरू, छानाहरू, जहाजको मस्टहरू आदिका लागि आवश्यक पर्ने धातुका फ्रेमहरू वा  धातुका स्केलेटनहरू र तिनका जगेडा सामानहरूको उत्पादन
- उद्योगमा प्रयोग हुने धातुका फ्रेमवर्कहरूको उत्पादन (जस्तैः ब्लास्ट फर्नेसहरू, लिफ्टिङ र ह्याण्डलिङ

उपकरणहरू)

- मुख्यतः धातुका प्रिफेब्रिकेटेड भवनहरूको निर्माण जस्तैः साइट हट (छाप्रा) हरू, प्रदर्शनीमा सामान राख्ने तखता अर्थात् मोडुलर एक्जीविसन पार्टपुर्जाहरू बनाउने कार्य
- धातुका ढोकाहरू, झयालहरू र यसका फ्रेमहरू, सटरहरू, ग्रील, गेटहरू, कैँची गेटहरू बनाउने
- कोठा वार्नका लागि धातुका पार्टिसन फ्रेमहरू बनाउने कार्य

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन् :

  - मेरिन वा पावर वोइलरका लागि पार्टपुर्जाको उत्पादन हेर्नुहोस् २५१३
  - एसेम्बल गरिएका (जोडिएका) रेल्वे ट्र्याक फिक्स्चरहरूको उत्पादन, हेर्नुहोस् २५९९
  - पानीजहाजका खण्डहरूको निर्माण, हेर्नुहोस् ३०११

## 2512 धातुका पानी ट्याङ्की, जलाशय वा रिजर्भ्याएर र धातुका कन्टेनरहरूको उत्पादन (Manufacture of tank, reservoirs and container of metal)

यस वर्गमा धातुका निम्न सामग्रीहरू बनाउने क्रियाकलापहरू पर्दछन् ।

- धातुका रिजर्भोयरहरू, ट्याङ्कहरू, र यस्तै प्रकारका भाँडाहरू (जुन भण्डारण र उत्पादन कार्यमा प्रयोगका लागि फिक्स्चरको रूपमा सामान्य जडान गरिएको हुन सक्छ) बनाउने कार्यहरू
- दवाव थेग्ने वा कम्प्रेस्ड वा तरलीकृत ग्याँस राख्नका लागि धातुका सिलिण्डरहरू वा कन्टेनरहरू बनाउने कार्य
- सेन्ट्रल हिटिङ वोइलरहरू वा रेडियटरहरू बनाउने कार्य

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

  - बोक्न र वस्तुहरू प्याकिङ गर्न साधारणत प्रयोग गरिने एका प्रकारको धातुका भाँडा (क्यास्क), ड्रम, क्यान, बाल्टिन, बाकसहरूको उत्पादन, हेर्नुहोस् २५९९
  - ढुवानी कन्टेनर बाकसहरूको निर्माण, हेर्नुहोस् २९२०
  - हतियारसज्जित सैनिक वाहनका रूपमा प्रयोग गरिने ट्याङ्कहरूको उत्पादन, हेर्नुहोस् ३०४०

## 2513 स्टिम जेनेरेटरको उत्पादन (पानी तताउने मुख्य व्वाइलरबाहेक) (Manufacture of steam generator, except central heating hot water boilers)

यस वर्गमा सेन्ट्रल हिटिङ पानी तताउने वोइलरबाहेकका निम्न क्रियाकलापहरू पर्दछन् ।

- पानीको बाफ वा अन्य बाफबाट चल्ने जेनेरेटरको उत्पादन
- स्टिम जेनेरेटरमा प्रयोग हुने सहायक प्लान्ट बनाउने कार्यहरू जस्तैः
  - पानीको बाफ वा अन्य बाफबाट चल्ने जेनेरेटरको जगेडा सामानहरू (कन्डिन्सर, इकोनोमाइजर, सुपरहिटर, स्टिम कलेक्टरहरू र एकुमुलेटर) को उत्पादन
- वोइलर वा मरिन वोइलरका लागि आवश्यक पर्ने पार्ट पुर्जाहरू बनाउने कार्य

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

  - सेन्ट्रल हिटिङ तातो पानीको वोइलर तथा रेडियटर जस्ता वस्तुको उत्पादन, हेर्नुहोस् २५१२
  - वोइलर टर्वाइन सेटको उत्पादन, हेर्नुहोस् २८११
  - आइसोटोप सेपेरेटरहरूको निर्माण, हेर्नुहोस् २८२९

**252 हातहतियार र खरखजाना (गोलीगठ्ठा) को उत्पादन**
**(Manufacture of weapons and ammunition)**
हेर्नुहोस् वर्ग २५२०

**2520 हातहतियार र खरखजाना (गोलीगठ्ठा) को उत्पादन**
**(Manufacture of weapons and ammunition)**
यस वर्गमा हातहतियार र गोलीगठ्ठा जस्ता खरखजाना बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- ठूला हतियारहरू (heavy weapons) जस्तैः आर्टिलरी, मोबाइल वन्दुकहरू, रकेट लन्चरहरू, ट्युबहरू, हेवी टर्पेडोहरू, हेविमेसिनगनहरू उत्पादन गर्ने कार्यहरू
- साना हतियारहरू (small arms) को (रिभल्भर, शट्गन, हलुका मेसिनगनहरू) उत्पादन
- एयर वा ग्याँस गनहरू वा पेस्तोलहरूका उत्पादन
- गोलीगठ्ठा जस्ता युद्धका खरखजानाहरू (war ammunition) को उत्पादन
- शिकार तथा खेलकुद क्रियाकलापहरूका लागि प्रयोग हुने सुरक्षीत फाएरआर्म (protective firearms) हरू र यसमा प्रयोग हुन खरखजानाको उत्पादन
- विष्फोटक उपकरणहरू जस्तैः बम, माइन र टर्पेडोहरू आदिको उत्पादन

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्
- ○ पर्कसन क्याप, डिटोनेटर वा सिग्लन दिने चमकको उत्पादन, हेर्नुहोस् २०२९
- ○ धार भएको सानो तरवार, तरवार, बन्दुकको संगीन आदिको उत्पादन, हेर्नुहोस् २९१०
- ○ ब्याङ्क नोटहरू वा मूल्यवान् वस्तुहरूको ओसारपसार गर्नका लागि हतियार सुसज्जित हुने वाहनहरूको उत्पादन, हेर्नुहोस् २९१०
- ○ अन्तरिक्ष वाहनको निर्माण, हेर्नुहोस् ३०३०
- ○ ट्याङ्क तथा अन्य युद्धका लागि प्रयोग हुने वाहनहरूको उत्पादन, हेर्नुहोस् ३०४०

**259 अन्य फेब्रिकेटेड धातुका वस्तुहरूको उत्पादन र धातुसम्बन्धी काम गर्ने सेवाका क्रियाकलापहरू**
**(Manufacture of other fabricated metal products; metalworking service activities)**
यस समूहअन्तर्गत धातुका विभिन्न क्रियाकलापहरू जस्तैः धातु पिट्ने forging, प्रेश गर्ने, जलप लगाउने वा प्लेटिङ गर्ने वा काटिङ गर्ने, खोप्ने, कुँद्ने engraving कार्य, प्वाल पार्ने (वोरिङ गर्ने), पालिस गर्ने, टल्काउने, वेल्डिङ गर्ने आदि समावेश गरिन्छ । यस्ता कार्यहरू कुनै शुल्क लिई वा करारका आधारमा मात्र सञ्चालन गरिन्छ ।

यस समूहअन्तर्गत विभिन्न घरायसी र औद्यागिक प्रयोगहरूका लागि काँटा चम्चाहरू cutlery जस्ता सामानहरू, धातुका हाते ज्यावलहरू र सामान्य हार्डवेयरहरू, क्यान तथा वाल्टिनहरू, किल्लाकाँटीहरू, वोल्टहरू, र नटहरू, घरायसी प्रयोग हुने धातुका सामग्रीहरू, स्थिर धातुका फिक्स्चरहरू, पानीजहाजहरूका प्रोपेलरहरू र एङ्करहरू, एसेम्बल गरिएका रेल्वे ट्र्याक फिक्स्चरहरू जस्ता वस्तुहरू बनाउने वा उत्पादन गर्ने कार्यहरू समावेश गरिन्छ ।

**2591 धातुलाई गलाउने पिट्ने, थिच्ने, स्ट्याम्पिङ गर्ने, रोल बनाउने** (बेर्ने), **धातुलाई धुलो बनाउने अर्थात् पाउडर मेटालर्जीका क्रियाकलापहरू**

**(Forging, pressing, stamping and roll-forming of metal; powder metallurgy)**
यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- धातुलाई गलाउने पिट्ने, थिच्ने, स्ट्याम्पिङ गर्ने, रोल बनाउने (बेर्ने) काम, आरन (भाथी) को काम,

धातुका धुलोबाट वस्तु उत्पादनः
  - तापिय प्रक्रियाबाट (heat treatment (sintering)) वा अण्डर प्रेशर (under pressure) विधिद्वारा सोझै धातुका धुलोहरूबाट धातुका वस्तुहरूको उत्पादन

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन् :
धातुका धुलोको उत्पादन, हेर्नुहोस् २४१०, २४२०

**2592 मेसिनका सहायताबाट धातुहरूको प्रशोधन तथा जलप लगाउने**
**(Treatment and coating of metals; machining)**
यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- धातुका वस्तुहरूलाई प्लेटिङ, एनोडाइजिङ आदि गर्ने कार्य (plating, anodizing etc. of metals)
- धातुहरूलाई तताउने गलाउने कार्यहरू (heat treatment of metals)
- धातुहरू घोट्ने, टल्काउने, सफा गर्ने जस्ता फिनिसिङ कार्यहरू
- धातुमा रङाउने र कुँद्ने कार्य
- धातुलाई गैरधातुजन्य वस्तुले लेपन गर्ने जस्तैः
  - प्लास्टिकले लेपन गर्ने, इनामेल लगाउने, लेपन गर्ने आदि
- धातुहरूलाई कडा पार्ने कार्य वा वफिङ गर्ने कार्य
- धातुमा प्वाल पार्ने, चुरिया पार्ने, तह लगाउन, पट्याउने, लेभल लगाउने, पालिस गने, चिल्लो पार्ने आदि) काम
- लेजर विमको माध्यमबाट धातुहरू कटिङ गर्ने, वेल्डिङ गर्ने र धातुमा लेख्ने काम

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन् :
  - घोडाको टापमा नाल ठोक्ने, हेर्नुहोस् ०१६२
  - वेश धातु वा अन्य धातुहरूमाथि मूल्यवान् धातुहरू रोलिङ गर्ने, हेर्नुहोस् २४२०

**2593 काट्ने सामानहरू, हाते औजारहरू र सामान्य हार्डवेयर सामानहरू बनाउने क्रियाकलापहरू**
**(Manufacture of cutlery, hand tools and general hardware)**

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- घरायसी वा भान्छामा प्रयोग हुने सामानहरू जस्तैः चक्कु, चम्चा, काँटा, हसिया, ब्लेड, कैची, खुकुरी, चुलेसी, सँगी, छुरी बनाउने कार्य
- कट्लरीसम्बन्धी अन्य वस्तुहरूको उत्पादनः
  - चुपी र ठुलो धार भएका चुपीहरू
  - रेजरहरू तथा रेजर ब्लेडहरू

- कैँची तथा कपाल बाँध्ने धातुका क्लीपहरू

- यान्त्रिक उपकरणहरू वा मेसिनहरूका लागि आवश्यक पर्ने चक्कुहरू र काट्ने ब्लेडहरूको उत्पादन गर्ने कार्य
- हाते औजारहरू जस्तैः पिलाँस वा पेन्चिस (pliers), मार्तोल वा पेचकस (screw driver) आदि वस्तुहरू बनाउने कार्य
- कृषि, पशुपालन र बनमा काम गर्नका लागि आवश्यक पर्ने सामान्य पावर अर्थात् कुनै प्रकारको उर्जा शक्ति नचाहिने हाते कृषि औजारहरू जस्तैः कुटो, कोदालो, हलो, बन्चरो, बसिला, हाते करौँती आदि बनाउने वा उत्पादन कार्य
- काठ चिर्ने आरा वा करौँतीहरू वा यसका ब्लेडहरू साथै चक्रिय वा वृत्ताकार आराका पत्ती वा ब्लेडहरू र सिक्री ढाँचाको करौँती वा आराका ब्लेडहरू (chainsaw blade)
- कुनै पनि उर्जाको मद्दतबाट वा हातले पनि सञ्चालन गर्न सकिने औजार तथा मेसिनहरू जस्तैः ड्रिल गर्ने, बुट्टा काट्ने यन्त्र (punches, milling cutters, etc.) आदि
- थिच्ने औजार वा उपकरणहरू press tools बनाउने कार्य
- आरनमा प्रयोग हुने औजारहरू जस्तैः धातु पिट्ने औजारहरू forges, अचानो, लिहिहरू anvils आदि
- पगालिएको धातुबाट विभिन्न आकारका सामानहरू बनाउने धातुका फर्मा र साँचो (moulding boxes and moulds) को उत्पादन (ढलौट गर्ने ingot moulds बाहेक)
- बाग (vices) र च्याप्ने क्ल्याम्पहरूको उत्पादन
- भवन, फर्निचर तथा मोटरगाडीहरू आदिका लागि आवश्यक पर्ने धातुका साँचोहरू, कब्जा, चुक्कुल, अन्तराप, गजबार आदि र यस्तै प्रकारका वस्तुहरूको उत्पादन
- खड्ग, तरवार, संगीनहरू आदिको उत्पादन

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- भित्र खोको भएका सामग्रीहरू जस्तैः चिया बनाउने तथा किटेली, डिनरका भाँडा (कचौरा, प्लेटरहरू आदि) वा फ्ल्याटवेर (प्लेट, ससरहरू), हेर्नुहोस् २५९९
- उर्जाशक्तिको माध्यमबाट चल्ने हाते टुलहरू, हेर्नुहोस् २८१८
- धातुका ढिक्काको फर्मा (माउल्ड)को उत्पादन, हेर्नुहोस् २८२३
- बहुमूल्य धातुका कट्लरीका सामानहरू, हेर्नुहोस् २३२११

## 2599 अन्यत्र उल्लेख नभएका अन्य प्रकारको फेब्रिकेटेड धातुका वस्तुहरू बनाउने क्रियाकलापहरू (Manufacture of other fabricated metal products n.e.c.)

यस वर्गमा अन्यत्र उल्लेख नभएका अन्य प्रकारको फेब्रिकेटेड धातुका वस्तुहरू बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- पाताबाट डिब्बा (pails), क्यान, ड्रम, बाटा, वाल्टिन र बाकसहरूको उत्पादन
- खाद्य उत्पादन राखिने र प्रयोगपछि फ्याँकिने टिनहरू र क्यानहरू, ट्युब तथा बट्टाहरूको (collapsible tubes and boxes) उत्पादन
- धातुका ढक्कनहरू (metallic closures) को उत्पादन
- धातुका केबल तारहरू, कपाल बाँध्ने ब्याण्ड (प्लेटेड ब्याण्डहरू) र यस्तै समान प्रकारका वस्तुहरूको

उत्पादन

- धातुका नाङ्गो तारहरू (uninsulated metal cable) वा इन्सुलेटेड गरिएका तारहरूको उत्पादन (बिजुलीको तारको रूपमा यस्ता तारहरू प्रयोग गरिँदैन)
- धातुका तारहरूबाट बनाइएका सामानहरू
    - काँडे तार (barbed wire)
    - बारलगाउने तार (wire fencing)
    - ग्रील (मासु जस्ता खाना पोल्न वा तताउन प्रयोग गरिने) (grill)
    - तार जाली (netting)
    - धातुका तारबाट बुनिएका लुगा (cloth)
- किल्ला तथा पिनहरूको उत्पादन
- रिवीट (rivets), वासरहरूको र यस्तै गुना नकाटिएका सामानहरूको उत्पादन
- पेच किल्लाहरू बनाउने मेसिनहरूको (screw machine products) सम्पूर्ण उत्पादन
- नटवोल्ट, पेच किल्लाहरू, र यस्तै प्रकारका वस्तुहरू (bolts, screws, nuts and similar thread products) को उत्पादन
- अन्य स्प्रीङ्गहरूको उत्पादन (घडीको स्प्रीङ्गबाहेक)
    - गाडीका पत्ता स्प्रीङहरू (leaf springs), हेलिकल स्प्रीङहरू helical springs र टोर्जन बार स्प्रीङहरू torsion bar springs
    - स्प्रीङ बनाउनका लागि आवश्यक पर्ने पत्ताहरू (leaves for springs)
- पावर ट्रान्समिसनमा प्रयोग हुने चेनहरूबाहेक अन्य चेन वा सिक्रीहरू
- धातुका घरायसी भाँडावर्तनहरूको उत्पादन
    - फ्लाटवेर (flatware) (च्याप्टा भाँडावर्तनहरू) जस्तैः प्लेटहरू, सउसरहरू, थाल, प्लेट आदि
    - हलोवेयर अर्थात् खोक्रो भाँडावर्तनहरू (hollowware) जस्तैः केट्ली, जग, आम्खोरा, कसौँडी, प्रेसर कुकर र यस्तै प्रकारका भाँडा वर्तनहरू डिनर वेयरहरू (dinnerware) जस्तैः कचौराहरू वा वाउलहरू, किस्तीहरू (प्लाटरहरू (platters)) आदि
    - भान्सामा प्रयोग हुने वा डाइनिङ टेबुलमा राखिने वा प्रयोग हुने तापके वा सस्प्यान, फ्राइङ प्यानहरू, र अन्य गैरविद्युतीय भाँडावर्त्तनहरू
    - हातैले प्रयोग गरिने सानासाना भान्साका सामग्रीहरू तथा यसका पार्टपुर्जाहरू (accessories)
    - भाँडा माझ्ने वा मस्काउने धातुका तारका प्याड वा जालीहरू (metal scouring pads)
- बाथरुममा प्रयोग हुने धातुबाट बनेका सामानहरू जस्तैः सिङ्कहरू, वासवेसीन तथा यस्तै प्रकारका सामानहरू
- फर्निचरबाहेक कार्यालयमा प्रयोग हुने धातुका सामानहरूको (metal goods for office use) उत्पादन
- सेफ, बलियो बाकस, मजबुत ढोकाहरू (armoured doors) आदिको उत्पादन
- विभिन्न धातुका सामानहरू जस्तै
    - पानीजहाजका प्रोपेलरहरू र त्यसमा प्रयोग हुने पत्तीहरू blades
    - एङ्करहरू (anchors)
    - घण्टीहरू
    - टुक्रा टुक्रा वा पार्टपुर्जा जोडिएका रेल्वे ट्रयाकका फिक्सरहरू

- क्लास्प, बकल्स्, र अङ्कुशीहरू
- फोइल ब्यागहरू (foil bags) बनाउने
- स्थायी चुम्बकहरू बनाउने
- धातुका भ्याकुम जगहरू तथा बोतलहरू
- विद्युत्ले नचल्ने खालको धातुका चिह्नहरू
- धातुका विल्लाहरू र सैनिक, प्रहरीको पोशाकमा लगाइने धातुका फुलीहरू (metal badges and metal military)
- धातुका हेयर कर्लरहरू, छाताको ह्याण्डल र करङहरू र काँइयोहरू

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- सेरामिक तथा फेराइट म्याग्नेटको उत्पादन, हेर्नुहोस् २३९३
- ट्याङ्क तथा रिजर्भ्याएरको उत्पादन, हेर्नुहोस् २५१२
- तरवार तथा संगीनको उत्पादन, हेर्नुहोस् २५९३
- घडी तथा हाते घडीका स्प्रिङको उत्पादन, हेर्नुहोस् २६५२
- विद्युत् प्रसारणका लागि केबल तथा तारको उत्पादन, हेर्नुहोस् २७३२
- पावर ट्रान्समिसन चेनको उत्पादन, हेर्नुहोस् २८१४
- व्यापारका लागि प्रयोग गरिने ठेलागाडाको उत्पादन, हेर्नुहोस् ३०९९
- धातुका फर्निचरको उत्पादन, हेर्नुहोस् ३१००
- खेलकुदका सामानहरूको उत्पादन, हेर्नुहोस् ३२३०
- खेल तथा खेलौनाको उत्पादन, हेर्नुहोस् ३२४०

## 26 कम्प्युटर, इलेक्ट्रोनिक र अप्टिकल उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of computer, electronic and optical products)

यस डिभिजनमा कम्प्युटर, कम्प्युटरका पार्टपुर्जा, सञ्चार उपकरणहरू तथा यस्तै प्रकारका इलेक्ट्रोनिक उपकरणहरूको उत्पादन गर्ने तथा यसका अन्य पाटपुर्जाहरूको उत्पादनसमेत समावेश गरिएको छ। अति विशिष्टीकृत शूक्ष्म प्रविधिद्वारा डिजाइन र एकीकृत सर्किटको प्रयोगहुनु यस उत्पादन प्रक्रियाको खास विशेषता हो।

घरायसी उपभोगका इलेक्ट्रोनिक्स, नाप्ने, परीक्षण गर्ने, खोजकार्यमा प्रयोग हुने (navigating), नियन्त्रण उपकरण, विकिरण, विद्युतीय स्वास्थ्य परीक्षण उपकरण (electromedical and electrotherapeutic equipment), अप्टिकल यन्त्र र उपकरणको उत्पादन र चुम्बकीय र अप्टिकल मिडियाको उत्पादन पनि यस डिभिजनअन्तर्गत पर्दछन्।

## 261 इलेक्ट्रोनिक सामान बनाउने क्रियाकलापहरू (Manufacture of electronic components and boards)

## 2610 इलेक्ट्रोनिक सामान बनाउने क्रियाकलापहरू (Manufacture of electronic components and boards)

यसमा विद्युतीय उपयोगको लागि सेमि कन्डक्टर र अन्य इलेक्ट्रोनिक सामान बनाउने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- इलेक्ट्रोनिक क्यापासिटरको उत्पादन
- इलेक्ट्रोनिक अवरोधकको (resistors) उत्पादन
- माइक्रोप्रोसेसरको उत्पादन
- खुला सर्किट bare printed बोर्ड, कम्पोनेन्टबाट छापिएको सर्किट बोर्डको उत्पादन
- इलेक्ट्रोनिक ट्युबको उत्पादन
- इलेक्ट्रोनिक कनेक्टरको उत्पादन
- इलेक्ट्रोनिक इन्टिग्रेटेड सर्किट (एनालग, डिजिटल, हाइब्राइड) को उत्पादन
- इलेक्ट्रोनिक डायोड, ट्रान्जीस्टर र यससँग सम्बन्धित अन्य सामग्रीहरू उत्पादन
- इलेक्ट्रोनिक इन्डक्टर (जस्तैः चोक, क्वाइल, ट्रासफर्मर) इलेक्ट्रोनिकसँग सम्बन्धित वस्तुहरू उत्पादन
- इलेक्ट्रोनिक क्रिस्टल र क्रिस्टललाई एसेम्बल गरी गरिने उत्पादन
- इलेक्ट्रोनिक प्रयोगको लागि सोलेनाइड, स्वीच आदि गरिने उत्पादन
- प्रशोधित वा अर्धप्रशोधित डाइस वा बाफर, सेमिकन्टक्टरहरूको उत्पादन
- इलेक्ट्रोनिक इन्टरफेस कार्ड (साउण्ड, भिडियो, कन्ट्रोलर, नेटवर्क, मोडेम आदि) बनाउने
- इलेक्ट्रोनिक डिस्प्लेका सामानहरू (LCD, प्लाजमा, पोलिमार आदि) बनाउने
- Light emitting diodes (LED) को उत्पादन
- सर्किट बोर्डमा आवश्यक अवयवहरू राख्ने क्रियाकलाप
- प्रिन्टर केबल, मोनिटर केबल, USB केबल, कनेक्टर आदिको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- स्मार्टकार्डको छपाइ (हेर्नुहोस् १८११),
- मोडियम बनाउने (हेर्नुहोस् २६३०),
- कम्प्युटर र टेलिभिजनको डिस्प्ले (हेर्नुहोस् २६२०,२६४०),
- एक्सरे ट्युब (हेर्नुहोस् २६६०),
- बिजुलीका विभिन्न सामानहरू (हेनुहोस् डिभिजन २७)

## 262 कम्प्युटर र तत्सम्बन्धी सामान बनाउने क्रियाकलापहरू (Manufacture of computer and peripheral equipment)

## 2620 कम्प्युटर र तत्सम्बन्धी सामान बनाउने क्रियाकलापहरू (Manufacture of computer and peripheral equipment)

मेनफ्रेम, डेस्कटप, ल्यापटप, पामटप आदि कम्प्युटरहरूको उत्पादन गर्ने वा एसेम्बल गर्ने तथा तत्सम्बन्धी सामान जस्तैः डाटा भण्डारण गर्ने ड्राइभहरू, input output उपकरण जस्तैः प्रिन्टर, मोनिटर, किबोर्डहरूको उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दछन् । कम्प्युटरहरू एनालग, डिजिटल वा दुव्याङ्को मिश्रण हुन सक्दछ । धेरै प्रचलित डिजिटल कम्प्युटरले निम्न प्रकारका कामहरू गर्दछन् । १. प्रशोधन गर्न आवश्यक पर्ने

सफ्टवेयर प्रोग्राम वा अन्य सफ्टवेयर प्रोग्राम २. प्रयोगकर्ताको आवश्यकताअनुसार प्रोग्राम गर्न सकिने ३. प्रयोगकर्ताले निर्दिष्ट गरेको अङ्कगणितीय हिसाव गर्न सक्ने र ४. मानवीय हस्तक्षेपबिना तथ्याङ्क प्रशोधन गर्दा प्रोग्राम गरिएको तर्कअनुसार कार्य गर्नसक्ने हुनुपर्दछ । त्यसै गरी एनालग कम्प्युटरहरूले गणितीय मोडलअनुसार सिमुलेसन गर्न सक्ने प्रोग्राम कम्तिमा पनि हुनु पर्दछ ।

- डेस्टप कम्प्युटरहरूको उत्पादन
- ल्यापटप कम्प्युटरहरूको उत्पादन
- मेनफ्रेम कम्प्युटरहरूको उत्पादन
- ट्याब्लेट, हातैमा लिएर चलाउने कम्प्युटर (PDA) को उत्पादन
- चुम्बकीय डिस्क ड्राइभ, फ्ल्यास ड्राइभ र अन्य डाटा भण्डारण गर्ने ड्राइभहरूको उत्पादन
- अप्टिकल (CD-RW, CD–ROM, DVD-ROM, DVD-RW) डिस्क ड्राइभहरूको उत्पादन
- कम्प्युटरको लागि प्रिन्टर, मोनिटर, किबोर्डहरूको उत्पादन
- माउस, ज्वयस्टीक, ट्रेकवल जस्ता एसेसरिजहरूको उत्पादन
- डेडिकेटेड कम्प्युटर टर्मिनल आदि सामग्रीहरू उत्पादन
- कम्प्युटर सर्वरहरूको उत्पादन
- इमेज स्क्यानर, बार कोड स्क्यानर मेसिन उत्पादन
- स्मार्ट कार्ड रिडर मेसिन उत्पादन
- भरच्यूयल, रिएलिटी हेलमेट उपकरणको उत्पादन
- कम्प्युटर प्रोजेक्टर (भिडियो विमर) आदि उपकरण उत्पादन
- कम्प्युटर टर्मिनल, स्वचालित टेलर मेसिन (ATM), Point of sale (POS) -यान्त्रिक सञ्चालन हुनेबाहेकका मेसिनहरूको उत्पादन)
- बहुउपयोगी कार्यालय उपकरण जस्तैः फ्याक्स, स्क्यानर, कपियर आदि उत्पादन गर्ने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- रेकड भैसकेका ध्वनि, विडियो आदिहरूको पुनः उत्पादन(हेर्नुहोस् १८२०),
- कम्प्युटरमा प्रयोग हुने तर इलेक्ट्रोनिक सामानहरू बनाउने (हेर्नुहोस् २६१०),
- आन्तरिक तथा बाहिरी कम्प्युटर मोडिएम (हेर्नुहास्-२६१०),
- इनटरफेस कार्ड मोडुल र एसेम्वल गर्ने (हेर्नुहोस् २६१०),
- डिजिटल कम्युनिकेसन स्वीच, डाटा सञ्चार उपकरण उत्पादन (हेर्नुहोस् २६३०),
- सीडी प्लेयर, डीभीडी प्लेयर जस्ता उपकरण (हेर्नुहोस् २६४०),
- कम्प्युटर र टेलिभिजनको डिस्प्ले (हेर्नुहोस् २६४०),
- भिडियो गेमको कन्सुल बनाउने (हेर्नुहोस् २६४०),
- कम्प्युटर र अन्य उपकरणको लागि अप्टिकल र म्याग्नेटिक मिडिया बनाउने (हेर्नुहोस् २६८०)

## 263 सञ्चारका उपकरण उत्पादन गर्ने कियाकलापहरू (Manufacture of communication equipment)

## 2630 सञ्चारका उपकरण उत्पादन गर्ने कियाकलापहरू

**(Manufacture of communication equipment)**

रेडियो टेलिभिजन प्रसारण र ताररहित सञ्चारका उपकरणद्वारा ताररहित माध्यम वा तारबाट नै विद्युतीय सङ्केतहरू प्रसारण गर्न प्रयोग गरिने टेलिफोन र डाटा सञ्चार गर्ने उपकरणहरू बनाउने कार्यहरू यसअन्तर्गत पर्दछन् ।

- कार्यालयको केन्द्रीय स्वीचिङ प्रणालीका उपकरणहरू उत्पादन
- कर्डलेस टेलिफोन उत्पादन
- पीबीएक्स (private branch exchange) उपकरणहरूको उत्पादन
- टेलिफोन, फ्याक्स तथा टेलिफोन आन्सरीङ मेसिन जस्ता टेलिफोनसँग सम्बन्धित उपकरणहरू
- डाटा सञ्चारका उपकरण जस्तैः ब्रीजेज, राउटर्स, गेटवेजस्ता उपकरणहरू उत्पादन
- ट्रान्समिसन र रिसिभिङ एन्टीना जस्तैः डिश, भिस्याट, उपकरणको उत्पादन
- केबल टेलिभिजनका उपकरण उत्पादन
- पेजर उत्पादन
- सेलुलर फोन, मोबाइल फोनको उत्पादन
- मोबाइल सञ्चारका उपकरणहरूको उत्पादन
- रेडियो तथा टेलिभिजन स्टुडियो र ब्रोडकास्टिङका उपकरणहरू (टेलिभिजन क्यामरासमेत) उत्पादन
- मोडेम र क्यारिएर उपकरण उत्पादन
- वर्गलर (सुरक्षा साइरन), फाएर अलार्म, सार्वजनिक सम्पर्क प्रणालीका उपकरणको उत्पादन जसले कन्ट्रोल सिष्टमका सङ्केत पठाउदछ ।
- रेडियो तथा टेलिभिजन प्रसारणका उपकरण उत्पादन
- इनफ्रारेड उपकरण जस्तैः रिमोट कन्ट्रोलहरूको उत्पादन
- व्यवसायिक भिडियो क्यामरा उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- सञ्चार उपकरणमा प्रयोग हुने इलेक्ट्रोनिक उपकरणहरू (हेर्नुहास्-२६१०),
- कम्प्युटरमा प्रयोग हुने इलेक्ट्रोनिक भित्री वा बाहिरी मोडिएमहरू (हेर्नुहास्-२६१०),
- कम्प्युटर पेरिफिएल उपकरणहरू (हेर्नुहोस् २६२०),
- उपभोक्ता श्रव्य तथा दृश्य उपकरणहरू (हेर्नुहास्-२६४०),
- इलेक्ट्रोनिक स्कोर बोर्डहरू उत्पादन (हेर्नुहोस् २७९०),
- ट्राफिक लाइट उत्पादन (हेर्नुहोस् २७९०

## 264 घरायसी उपभोगका इलेक्ट्रोनिक्स सामानहरूको उत्पादन (Manufacture of consumer electronics)

## 2640 घरायसी उपभोगका इलेक्ट्रोनिक्स सामानहरूको उत्पादन (Manufacture of consumer electronics)

यसअन्तर्गत उपभोक्ताले घरमा, मोटरकारमा मनोरञ्जनको लागि प्रयोग गर्ने म्यूजिकल उपकरण तथा

एम्पलीफिकेशन उपकरणहरूको उत्पादन कार्य पर्दछन्

- भिडियो क्यासेट रेकर्डर, अडियो रेकर्डिड, डुप्लीकेटिङ उपकरण उत्पादन
- टेलिभिजनको उत्पादन
- टेलिभिजनको मोनिटर एवं डिस्प्लेएरको उत्पादन
- ध्वनि रेकर्डिङ र डुप्लीकेटिङका उपकरण उत्पादन
- स्टेरियोका उपकरण उत्पादन
- रेडियो रिसिभर उत्पादन
- स्पीकर सिस्टम उत्पादन
- घरायासीरूपमा प्रयोग हुने भिडियो क्यामरा उत्पादन
- जुकेबक्स (jukeboxes) को उत्पादन
- वाजाको लागि चाहिने एम्लीफाएर र public address systems को उत्पादन
- माइक्रोफोनको उत्पादन
- सीडी र भीसीडी प्लेयरको उत्पादन
- कारवके (karaoke) मेसिनको उत्पादन
- हेडफोन उपकरणको उत्पादन (रेडियो, स्टेरियो, कम्प्युटरका लागि)
- भिडियो गेम खेल्ने उपकरणको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- रेकड भैसकेका ध्वनि, विडियो आदिहरूको पुनः उत्पादन(हेर्नुहोस् १८२०),
- कम्प्युटर र सम्बन्धित उपकरणहरू (हेर्नुहोस् २६२०),
- टेलिफोन आन्सरिङ मेसिन उत्पादन (हेर्नुहोस् २६३०),
- पेजिङ उपकरणहरू (हेर्नुहोस् २६३०),
- रिमोट कन्ट्रोल (रडियो तथा इन्फारेड) उपकरणहरू (हेर्नुहोस् २६३०),
- रेडियो, टेलिभिजनका प्रसारण उपकरण पुनः प्रसारण उपकरण, ट्रान्समिसन र रिसिभिङ एन्टीना, व्यवसायिक भिडियो क्यामरा उत्पादन (हेर्नुहोस् ३२३०)
- रिप्लेस गर्न नमिल्ने इलेक्ट्रनिक गेमहरूको उत्पादन (हेर्नुहोस् ३२४०)

## 265 मापन, परीक्षण, खोजबिन र नियन्त्रण गर्ने उपकरण; घडी र भित्ते घडी उत्पादन (Manufacture of measuring, testing, navigating and control; watches and clock)

### 2651 मापन, परीक्षण, खोजबिन र नियन्त्रण गर्ने उपकरण (Manufacture of measuring, testing, navigating and control equipment)

यसवर्गमा खोजगर्ने, पत्तालगाउने, दिशा वा दूरी पत्तालगाउने, निर्देशन दिने, एरोनटिक र समुद्री पद्धतिहरूका उपकरणहरूको उत्पादन; स्वचालित नियन्त्रण तथा नियामक उपकरणहरू जस्तैः तापदिने, एयर कन्डीसन, रेफ्रीजेटर जस्ता उपकरण उत्पादन;  नाप्ने, प्रदर्शन गर्ने, सङ्केत दिने, रेकर्डिङ गर्ने यन्त्र तथा उपकरण उत्पादन गर्ने; औद्योगिक उत्पादनमा सहयोग गर्नको लागि प्रसारण गर्ने र नियन्त्रण गर्ने जस्तैः तापक्रम,

आर्द्रता, चाप, भ्याक्कुम, दहन, प्रवाह, स्तर, भिस्कोसिटी, घनत्व, अम्लियता, सघनता र रोटेसन उपकरणहरको उत्पादन; totalizing, तरल मापन मिटर र गणना उपकरणहरूको उत्पादन; विद्युतीय तथा सोको सङ्केत मापन गर्ने उपकरणहरू उत्पादन; भौतिक तथा रासायनिक मिश्रणहरूको वा ठोस, तरल ग्याँस वा अन्य मिश्रित पदार्थहरूको प्रयोगशालामा विश्लेषण गर्न  मापन वा परीक्षण गर्ने यन्त्र वा उपकरणहरू तथा सो सम्वन्धिका पार्ट पुर्जाहरूको उत्पादन गर्ने क्रियाकलापहरू पर्दछन् । गैरविद्युतीय मापन, परीक्षण, दिशा वा दूरी पत्तालगाउने, नियन्त्रण गर्ने उपकरणहरूको उत्पादन पनि यसैअन्तर्गत समावेश गरिएको छ ।

- एयरक्राफ्ट इन्जिनका उपकरणहरूको उत्पादन
- मोटरगाडीद्वारा उत्सर्ग वायु प्रदुषण परीक्षणका उपकरणहरूको उत्पादन
- जलवायु विज्ञानका उपकरणहरूको उत्पादन
- भौतिक गुण परीक्षण तथा निरीक्षण गर्ने उपकरणहरूको उत्पादन
- पोलिग्राफ मेसिनहरूको उत्पादन
- दूरसञ्चारमा प्रयोग हुनेसमेतका विद्युत् तथा विद्युतीय सङ्केत मापन र परीक्षणगर्ने  उपकरणको उत्पादन
- रेडियसन डिटेक्सन र त्यसको अनुगमन गर्ने उपकरणको उत्पादन
- इलेक्ट्रोन र प्रोटोन नाप्ने माइक्रोस्कोप उपकरणहरूको उत्पादन
- सर्वेक्षणका उपकरणहरूको उत्पादन
- थर्मोमिटर (मेडिकलमा प्रयोग गरिनेबाहेक),
- आर्द्रता मापक (Humidistats)  उपकरणहरूको उत्पादन
- हाइड्रोनिक लिमिट नियन्त्रक उपकरणहरूको उत्पादन
- ज्वाला र जलन नियन्त्रक उपकरणहरूको उत्पादन
- Spectrometer उपकरणहरूको उत्पादन
- ग्याँसको चाप नाप्ने (pneumatic gauges) उपकरणहरूको उत्पादन
- ग्याँस, पानी आदिको उपभोग्य परिमाण नाप्ने मिटर
- (माइक्रोमिटर, हाइड्रोमिटर, ब्यारोमिटर, पेडोमिटर, हिटमिटर, म्यानोमिटर) जस्ता उपकरणहरूको उत्पादन
- वहाव मापक (flow meters) तथा गन्ने यन्त्र (counting devices) उपकरणको उत्पादन
- ट्यालीकाउन्टर मिटरको उत्पादन
- विष्फोटक पदार्थ, मेटल र सङ्केत डिटेक्टर जस्ता उपकरणहरूको उत्पादन
- हवाई तथा समुद्री दूरी मापन तथा दिशा पत्ता लगाउने उपकरण उत्पादन
- राडार उपकरण उत्पादन
- जि.पी.एस. (global positioning system) उपकरण उत्पादन
- वातावरणीय प्रदुषण नियन्त्रण र विभिन्न सामग्रीमा जडान गरिने स्वचालित नियन्त्रणका उपरणहरूको उत्पादन (environmental controls and automatic controls for appliances)
- मापन र रेकर्डिङ गर्ने उपकरण उत्पादन जस्तैः फ्लाइट रेकर्डडर मापन
- गतिमापक यन्त्रको उत्पादन

- प्रयोगशालामा विश्लेषणमा प्रयोग हुने उपकरण जस्तैः रगत विश्लेषण उपकरण आदिको उत्पादन,
- प्रयोगशालामा प्रयोग हुने विभिन्न उपकरणहरू जस्तैः इन्कुवेटर, स्केल, तौल मेसिन आदि

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- टेलिफोन आन्सरिङ मेसिन उत्पादन (हेर्नुहोस् २६३०),
- चिकित्सा जाँच र इरेडिएसन उपकरणहरू (हेर्नुहोस् २६६०),
- अप्टिकल पोजिसिनिङ उपकरणहरू (हेर्नुहोस् २६७०),
- अप्टिकल मापन तथा जाँच गर्ने मेसिन जस्तैः आगो लागेकोमा नियन्त्रण गर्ने मेसिन, फोटोग्राफिक लाइटमिटर, रेञ्ज फन्डर डिटेक्टिङ मेसिन उत्पादन (हेर्नुहोस् २८१७),
- नाप्ने लेबल, टेप र त्यस्तै नाप्ने हाते औजारहरू (हेर्नुहोस् २८१९),
- मेडिकल थर्मोमिटर (हेर्नुहोस् ३२५०),
- औद्योगिक उत्पादनका नियन्त्रणगर्ने मेसिन उत्पादन (हेर्नुहोस् ३३२०)

## 2652 घडी र भित्ते घडी उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of watches and clocks)

घडी र भित्ते घडी उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- सबै किसिमका घडी तथा भित्ते घडीहरूको उत्पादन गर्ने
- बहुमूल्य धातु जडान गरी घडी तथा भित्ते घडीहरूको उत्पादन गर्ने
- समय रेकड गर्ने यन्त्र वा उपकरण जसले समयको गणनागर्ने वा समय देखाउने जस्ता घडीहरू उत्पादन गर्ने जस्तैः
    - पार्किङ मिटर,
    - डेट स्ट्याम्प, रबर स्ट्याम्प
    - टाइम रेकर्ड गर्ने,
    - प्रोशेस टाइम रेकर्डर,
    - टाइम लक,
- हाते तथा भित्ते घडीका पार्टपुर्जा (स्प्रीङ, डायल, प्लेट, ब्रीज आदि) उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- कपडा वा प्लास्टिक, फाइबरका घडीमा प्रयोग हुने फित्ता उत्पादन (हेर्नुहोस् १५१२),
- मूल्यवान् धातुद्वारा घडीका चैन उत्पादन (हेर्नुहोस् ३२११),
- गैरमूल्यवान् धातुद्वारा घडीका चैन उत्पादन(हेर्नुहोस् ३२१२)

## 266 इलेक्ट्रोमेडिकल, चिकित्साविज्ञान र विकिरण पद्धतिबाट रोग निदान गर्ने उपकरण उत्पादन (Manufacture of irradiation, electromedical and electrotherapeutic equipment)

## 2660 इलेक्ट्रोमेडिकल, चिकित्साविज्ञान र विकिरण पद्धतिबाट रोग निदान गर्ने उपकरण उत्पादन (Manufacture of irradiation, electromedical and electrotherapeutic equipment)

इलेक्ट्रोमेडिकल, इलेक्ट्रोथेरापी र विकिरण पद्धतिबाट रोग निदान गर्ने उपकरण बनाउने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- चिकित्सा विज्ञानअन्तर्गत उपचार, वैज्ञानिक, अनुसन्धान, रोगनिदानका लागि उपयोग गरिने उपकरणहरू उत्पादन जस्तैः अल्फा, विटा, गामा, X-ray, जस्ता विकिरण र अन्य रेडिएसनका उपकरण आदि बनाउने
- CT (Computed Tomography) स्क्यानरको उपकरण उत्पादन
- PET (Positron emission tomography) स्क्यानरको उपकरण उत्पादन
- MRI (Magnetic resonance imaging) को उपकरण उत्पादन
- मेडिकल अल्ट्रासाउण्डको (भिडियो मेसिन) उपकरण उत्पादन
- ECG (Electrocardiographs) उपकरण उत्पादन
- इलेक्ट्रोमेडिकल इण्डेस्कोपी उपकरण उत्पादन
- मेडिकल लेजर उपकरण उत्पादन
- पेसमेकरको उपकरण उत्पादन
- श्रवण यन्त्र उत्पादन
- खाना र दूध विकिरणबाट शुद्धपार्ने उपकरण उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- प्रयोगशालामा विश्लेषण गरिने उपकरणहरू (हेर्नुहोस् २६५१),
- टेनिङ वेड (हेर्नुहोस् २७९०)

## 267 अप्टिकल र फोटोग्राफी उपकरण उत्पादन (Manufacture of optical instrument and photography equipment)

### 2670 अप्टिकल र फोटोग्राफी उपकरण उत्पादन (Manufacture of optical instrument and photography equipment)

यस वर्गमा अप्टिकल यन्त्र र लेन्स जस्तैः वाइनाकुलर, माइक्रोस्कोप (इलेक्ट्रन, प्रोटोनबाहेक) दुरिबन, प्रिज्म, र लेन्स (आँखा भित्र लगाउनेबाहेक) हरूको उत्पादन पर्दछन् । त्यसै गरी लेन्स (आँखाभित्र लगाउनेबाहेक) लाई चम्काउने पालिस लगाउने र फोटोग्राफी उपकरण (जस्तैः क्यामरा, प्रकाशमिटर) उत्पादन गर्ने क्रियाकलापहरू यसैअन्तर्गत पर्दछन् ।

- लेन्स तथा प्रिजमको उत्पादन
- अप्टिकल वाइनाकुलर, मोनोकुलर, टेलीस्कोप, माइकोस्कोपको उत्पादन
- अप्टिकल ऐनाको उत्पादन
- म्याग्नीफाइङ उपकरणको उत्पादन
- अप्टिकल मेसिन प्रीसिजन औजारका (optical machinist’s precision tools) उत्पादन
- अप्टिकल कम्यारेटस (comparators) को उत्पादन
- अप्टिकल गन साइटिङको उपकरण उत्पादन
- अप्टिकल पोजिसनिङ उपकरणको उत्पादन
- अप्टिकल मापन र चेकिडका सामान तथा उपकरण जस्तैः फोटोग्रफिक लाइट मिटर, दूरि मापन

उपकरण आदिको उत्पादन

- डिजिटल क्यामेरा तथा सिनेमा वा मोसन पिक्चरका एनालग क्यामेरा उत्पादन
- मोसन पिक्चरका वा स्लाइड प्रोजेक्टरको उत्पादन
- ओभरहेड ट्रान्सपरेन्सी प्रोजेक्टरको उत्पादन
- लेजर एसेम्वल गर्ने उपकरण उत्पादन
- लेन्सका सामानहरूमा चम्काउने, रङ्ग लगाउने, माउन्टिड गर्ने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- कम्प्युटर प्रोजेक्टर (हेर्नुहोस् २६१०),
- व्यापारिक टेलिभिजन भिडियो क्यामरा (हेर्नुहोस् २६३०),
- घरायसी भिडियो क्यामरा (हेर्नुहोस् २६४०),
- इलेक्ट्रोन र प्रोटोन माइस्क्रोस्कोप(हेर्नुहोस् २६५१),
- मेडिकल लेजर उपकरणहरू (हेर्नुहोस् २६६०),
- फोटोकपी मेसिनको उत्पादन (हेर्नुहोस् २८१७),
- अपथालेमिक सामानको उत्पादन (हेर्नुहोस् ३२५०)

## 268 चुम्बकीय तथा अप्टिकल मिडियाको उत्पादन (Manufacture of magnetic and optical media)

## 2680 चुम्बकीय तथा अप्टिकल मिडियाको उत्पादन (Manufacture of magnetic and optical media)

चुम्बकीय तथा अप्टिकल मिडियाको उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गअन्तर्गत पर्दछन् ।

- चुम्बकीय श्रव्य दृष्यका खाली टेपको उत्पादन
- चुम्बकीय श्रव्य दृष्यका खाली क्यासेटको उत्पादन
- खाली डिस्कहरूको उत्पादन
- अप्टिकल खाली डिस्क उत्पादन
- हार्ड ड्राइभ मिडीयाको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- रेकर्ड मिडिया (कम्प्युटर मिडिया, श्रव्य, दृश्य रेकर्ड) उपकरण (हेर्नुहोस् १८२०)

## 2710 विद्युतीय मोटर, जनेरेटर, ट्रान्सफरमर र विद्युत् वितरण तथा नियन्त्रण गर्ने उपकरण उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of electric motors, generator, transformer and electricity distribution and control apparatus)

यस वर्गमा बिजुली शक्तिको उत्पादन, वितरण तथा विशिष्ट प्रसारण गर्ने उपकरणहरूको उत्पादन पर्दछ । विद्युतीय मोटर, जनेरेटर, र मोटर जेनेरेटर सेटका उत्पादन पनि पर्दछन । त्यसै गरी स्वीच गेयर र स्वीच बोर्ड प्रसारण तथा ओद्योगिक नियन्त्रण गर्ने उपकरणको उत्पादन पनि पर्दछन् । भोल्टेजको वितरण लेबल

मापन विद्युतीय उपकरणको उत्पादन पनि यसअन्तर्गत पर्दछन् ।

- विद्युत् वितरण गर्ने ट्रान्सफरमर उत्पादन
- अर्क वेल्डिङ ट्रान्सफरमर उत्पादन
- फ्लुरसेन्ट बलास्ट अर्थात् ट्रान्सफर्मरको उत्पादन
- विद्युतीय शक्ति वितरणको लागि सब स्टेसन ट्रान्सफरमर उत्पादन
- विद्युत् वितरण र प्रसारण गर्ने भोल्टेज रेगुलेटर उत्पादन
- विद्युतीय मोटर (आन्तरिक कम्बुस्टन इन्जन सञ्चालनको लागि प्रयोग हुनेबाहेक) उत्पादन
- पावर जेनरेटर (ब्याट्री चार्जको लागि आन्तरिक प्रज्वलन इन्जिनमा प्रयोग हुनेबाहेक)
- विद्युतीय मोटर जेनरेटर सेट (टरवाइन जेनेटर सेटमा प्रयोग हुनेबाहेक) उत्पादन
- मुख्य विद्युतीय जेनेरेटरको उत्पादन
- कारखानामा विद्युतीय उपकरणहरूको मर्मत
- पावर सर्किट ब्रेकर उत्पादन
- वितरण भोल्टेज लेबललाई वृद्धिगर्ने उपकरणको उत्पादन
- विद्युति वितरण गर्ने कन्ट्रोल प्यानल उत्पादन
- विद्युतीय relays (करेन्ट वा सङ्केतको सहायताले एक छेउमा खोल्ने र अर्को छेउमा बन्द गर्ने) उपकरणको उत्पादन
- विद्युतीय स्वीच बोर्डका उत्पादन
- बिजुलीको फ्यूजका उत्पादन
- विद्युतीय पावर स्वचिङका उपकरण उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- इलेक्ट्रोनिक कम्पोनेन्ट किसिमका ट्रासफर्मर र स्विचहरू (हेर्नुहोस् २६१०),
- औद्योगिक प्रक्रिया वा वातावरण नियन्त्रण गर्ने मेसिन उत्पादन (हेर्नुहोस् २६५१),
- विद्युत् सर्किटको लागि स्वीच जस्ता ढकेल्ने बटन उत्पादन (हेर्नुहोस् २७३३),
- विद्युत् वेल्डिङ तथा सोल्डिङ उपकरणहरू (हेर्नुहोस् २७९०),
- ठोस अवस्थाका इन्भटर, रेक्टीफाएर, र कनभर्टर उत्पादन गर्ने (हेर्नुहोस् २७९०),
- टरवाइन जेनेटर सेट (हेर्नुहोस् २८११)
- स्टार्टिङ मोटर (आन्तरिक कम्बुस्टनको लागि प्रयोग हुने मोटर उत्पादन) (हेर्नुहोस् २९३०),

## 272 ब्याट्री र एकुमुलेटरहरूको उत्पादन (Manufacture of batteries and accumulators)

## 2720 ब्याट्री र एकुमुलेटरहरूको उत्पादन (Manufacture of batteries and accumulators)

विभिन्न थरीका ब्याट्री र एकुमुलेटर बनाउने क्रियाकलापहरू यसअन्तर्गत समावेश गरिएका छन् ।

- अक्साइडयुक्त प्राइमरी सेल वा प्राइमरी ब्याट्रीहरू (म्याग्नेज डाईअक्साइड, मर्करी डाई अक्साइड, सिल्भर डाई अक्साइडा आदि) राखिएर उत्पादन गर्ने
- विद्युतीय एकुमुलेटर र यसका पार्टहरूको उत्पादन

- सेपारेटर, कन्ट्यानर, कभर बनाउने

- लीड एसिड ब्याट्रीहरू,
- NiCad ब्याट्रीहरू,
- NiMH ब्याट्रीहरू,
- लिथियम ब्याट्रीहरू,
- सुख्खा ब्याट्रीहरू तथा
- वेट (wet) ब्याट्रीहरू बनाउने

## 273 बिजुलीका तार र तारका सामान उत्पादन (Manufacture of wiring and wiring devices)

कुनैपनि सामग्रीले बनेको विद्युतीय सर्किटको तार जुन विद्युतीय करेन्ट वोक्ने तारका उपकरण र विद्युतीय करेन्ट नवोक्ने तार उपकरणहरूबाट हुने उत्पादन यसअन्तर्गत पर्दछ। इन्सुलेट र फाइबर अप्टिकल केबलहरूको उत्पादन पनि यसैअन्तर्गत पर्दछ।

## 2731 अप्टिकल फाइबर (सानासाना रेसा भएका तार) केबल उत्पादन (Manufacture of fibre optical cable)

अप्टिकल फाइबर (सानासाना रेसा भएका तार) केबल उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन्।

- इलेक्ट्रोकिस उपकरणहरूमा प्रयोग हुने अप्टिकल फाइबर (सानासाना रेसा भएका तार) केबल उत्पादन गर्ने क्रियाकलाप
- लाइभ प्रसारणकार्यमा प्रयोग हुने इलेक्ट्रोकिस हुने अप्टिकल फाइबर (सानासाना रेसा भएका तार) केबल उत्पादन गर्ने क्रियाकलापहरू

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ग्लास फाइबर या रेसा उत्पादन (हेर्नुहोस् २३१०),
- अप्टिकल केबल सेट वा कनेक्टर, अन्य अटेचमेन्टसँग एसम्बल गरी बनाइएका उत्पादन ( हेर्नुहोस् २६१०)

## 2732 अन्य इलेक्ट्रोनिक तथा बिजुलीका तार र केबलहरूका उत्पादन (Manufacture of other electronic and electric wires and cables)

इलेक्ट्रोनिकस तथा बिजुलीका अन्य तार र केबल उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन्।

- इन्सुलेटले वेरिएका तार र त्यसका बिजुलीका केबल उत्पादन गर्ने
- तामाको तार र त्यसको केबल उत्पादन गर्ने
- इस्पातको तार र त्यसको केबल उत्पादन गर्ने
- आल्मुनियमको तार र त्यसको केबल उत्पादन गर्ने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- वायर (drawing) उत्पादन (हेर्नुहोस् २४१०, २४२०),

- ○ कम्प्युटर केबल, प्रिन्टर केबल, यू एस वि केबल, आदि उत्पादन (हेर्नुहोस् २६१०),
- ○ एस्टेन्सन तार (हेर्नुहोस् २७९०),
- ○ अटोमोबाइलको लागि उत्पादन हुने केबल सेट (हेर्नुहोस् २९३०),

**2733 बिजुलीका वाइरिङ र वाइरिङका विभिन्न सामान उत्पादन गर्ने क्रियाकलापहरू**
**(Manufacture of wiring and wiring devices)**

बिजुलीको वाइरिङ र वाइरिङका विभिन्न सामान उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- विद्युतीयल कण्डक्टर (स्वीचगेयर किसिमबाहेक) को उत्पादन
- GFCI (ground fault circuit interrupters) bus bars, आदिको उत्पादन
- ल्याम्प होल्डरको उत्पादन
- लाइटिङ का अन्य पार्टपुर्जा र क्वाइलहरूको उत्पादन
- बिजुलीका सबै प्रकारका (थिच्ने, ठेल्ने, घुमाउने, स्न्याप) स्वीच उत्पादन
- बिजुलीका आउटलेट र सकेट उत्पादन गर्ने
- बिजुलीका स्वीच बक्स, जक्सन बक्स, फेश प्लेट, लिष्टि आदि उत्पादन
- बिजुलीका फिटिङ र कन्डक्टका सामग्री उत्पादन
- ट्रान्समिटर पोल र प्रसारण लाइनको लागि चाहिने हाडवेर आदि निमार्ण गर्ने
- बिजुलीका प्लास्टिक जक्सन बक्स, प्लास्टिक फेश प्लेट, प्लास्टिक लिष्टि आदि उत्पादन गर्ने क्रियाकलाप

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ माटोका कुचालक उत्पादन (हेर्नुहोस् २३९३),
- ○ इलेक्ट्रोनिकमा प्रयोग हुने कनेक्टर, सकेट र स्वीचहरूको उत्पादन (हेर्नुहोस् २६१०),

**274 बिजुलीबाट बल्ने बत्तीका विभिन्न उपकरण उत्पादन गर्ने क्रियाकलापहरू**
**(Manufacture of electric lighting equipment)**

**2740 बिजुलीबाट बल्ने बत्तीका विभिन्न उपकरण उत्पादन गर्ने क्रियाकलापहरू**
**(Manufacture of electric lighting equipment)**

विद्युतीय प्रकाश बल्ब र ट्युब र तिनका पार्टहरू (बिजुलीका बल्ब बनाइएका खाली बल्बहरूबाहेक) विद्युतीय प्रकाश फिक्चर, त्यसका पार्टहरू (करेन्ट बोक्ने तारका उपकरणबाहेक) हरूको उत्पादन यस वर्गअन्तर्गत पर्दछन् ।

- बिजुलीका चीम, फिलामेन्ट, अल्ट्राभायोलेट, इन्फ्रारेड चिम, इनसेक्ट ल्याम्प, ल्फास बल्ब, ट्युबलाइट, आदिजस्ता विद्युतीय प्रकाश दिने उपकरणहरू उत्पादन
- सेलिड लाइट फिक्सचर उत्पादन
- झाडफानसको उत्पादन (manufacture of chandeliers)
- टेबुल ल्याम्प (बल्ब जडान गरेको) उत्पादन

- किसमस ट्रि लाइट सेटको उत्पादन
- विद्युतीय आतशबाजीको उत्पादन
- फ्ल्यास लाइटको उत्पादन
- बिजुलीका किरा बत्ती (insect lamps) को उत्पादन
- लालटिनको उत्पादन (बिजुली, ग्याँस, तेलबाट वल्ने सबै प्रकारका)
- स्पोर्ट लाइट उत्पादन
- सडक बत्ती र फिक्स्चर (ट्राफिक सङ्केतबाहेकका) उत्पादन गर्ने
- यातायातका साधन (मोटर, हवाईजहाज, डुङ्गा आदि) मा प्रयोग हुने बत्ती र त्यसका उपकरणहरू उत्पादन गर्ने
- हाते लाइट तथा इमर्जेन्सी साइटका बल्ब, ट्युब र त्यसका उपकरणहरू उत्पादन
- तिहार विवाह वा अन्य उत्सवमा झिलिमिली बनाउने लाइटिङ सेट उत्पादन
- गैरविद्युतीय बत्तीहरूको उत्पादन गर्ने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

  - बिजुली जडानका लागि बनेका काँचका पुर्जाहरू र ग्लासवेयरका उत्पादन (हेर्नुहोस् २३१०),
  - बिजुली जडानका लागि करेन्टवाला वाइरिङ उपकरणहरूको उत्पादन (हेर्नुहोस् २७३३),
  - एकीकृत लाइटिङ फिक्सरसँग रहेको सिलिङ पंखा, वाथ पंखाका उत्पादनहरू (हेर्नुहोस् २७५०),
  - ट्राफिक लाइट, बाटोक्रस गर्ने सङ्केत लाइट जस्ता उपकाणहरूको उत्पादन (हेर्नुहोस् २७९०),

## 275 घरायसी विद्युतीय उपकरणहरू उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of domestic appliances)

### 2750 घरायसी विद्युतीय उपकरणहरू उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of domestic appliances)

घरायसी प्रयोग हुने विद्युतीय स साना उपकरणहरू जस्तैः घरायसी प्रकारका पंखा, घरायसी प्रकारका भ्याकुम क्लीनर, घरायसी प्रकारका भूँइमा रड लगाउने आदि उपकरण, घरायसी प्रकारका पकाउने उपकरणहरू, घरायसी प्रकारका लुगाधुने उपकरणहरू, घरायसी प्रकारका रेफ्रीजिरेटर, त्यसै गरी अन्य घरायसी प्रकारका उपकरणहरू डीस वासर, वाटर हिटर, फोहोर disposer आदिका उत्पादनहरू पर्दछन् । यस वर्गमा विद्युत्, ग्याँस तथा अन्य इन्धनद्वारा सञ्चालनमा आउने घरायसी सामग्रीका उत्पादनहरू पर्दछन् । घरमा प्रयोग हुने विद्युतीय, गैरविद्युतीय र electrothemic उपकरणहरू उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- घरायसी निम्न विद्युतीय सामग्री उत्पादन
  - फ्रिजर,
  - रेफ्रिजेरटर,
  - डीस वासर,
  - लुगा धुने वासिड मेसिन तथा लुगा सुकाउने मेसिन,
  - भ्याकुम क्लीनर,
  - फोहोर disposer,

- मिक्सर ग्राइनडर, फलफूलको रस निर्चोने,
- विद्युतीय रेजर, टेथ व्रस अन्य व्यक्तिगत विद्युतीय सामग्री
- भूँइमा रड लगाउने आदि उपकरण
- चक्कुमा धार लगाउने उपकरण
- विद्युतीय पंखा (एक्जिस्ट पंखाबाहेक) उपकरणको उत्पादन गर्ने

- घरमा प्रयोग हुने electrothemic सामग्री उत्पादन
    - विद्युतीय वाटर हिटर,
    - विद्युतीय व्लाडकेट,
    - विद्युतीय ड्रायर, विद्युतीय काँइयो, विद्युतीय ब्रस, विद्युतीय काँटा,
    - विद्युतीय आइरन,
    - विद्युतीय स्पेस हिटर,
    - माइक्रोवेव,
    - विद्युतीय चुलो, विद्युतीय कुकिड हट प्लेयर,
    - विद्युतीय टोष्टर,
    - विद्युतीय टि तथा कफी मेकर,
    - विद्युतीय फ्राइङ प्यान तथा रोष्टर, विद्युतीय हिटिङ रजिष्टर
- घरमा प्रयोग हुने गैरविद्युतीय सामग्री उत्पादन गर्ने
    - गैरविद्युतीय स्पेस हिटर, गैरविद्युतीय कुकिड, गैरविद्युतीय वाटर हिटर, गैरविद्युतीय स्टोभ, गैरविद्युतीय प्लेट वारमर आदि उत्पादन गर्ने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- व्यवसायिक वा अैद्योगिकरूपमा प्रयोग हुने विद्युतीय उपकारण (जस्तैः फ्रिजर, रेफ्रिजेरटर, वासिङ मेसिन, एयर कन्डिशनर, व्यवसायिक भन्टीलेसन, एकजस्ट पंखा, स्थायी माउन्ट स्पेस हिटर, व्यवसायिक, औद्योगिक भ्याकुम ल्किनर) उत्पादन गर्ने (हेर्नुहोस् डिभिजन २८),
- घरेलु प्रकारको शिलाई मेसिनहरूको उत्पादन (हेर्नुहोस् २८२६),
- केन्द्रीकृत भ्याकुम क्लीनिङ सिस्टकका उत्पादनहरू (हेर्नुहोस् ४३२९)

## 279 विद्युतीय अन्य उपकरण उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of other electrical equipment)

### 2790 विद्युतीय अन्य उपकरण उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of other electrical equipment)

यस वर्गअन्तर्गत मोटर, जेनेटर, ट्रान्सफर्मर, व्याट्री, तार, वाइरिङ उपकरण, प्रकाश उपकरण, विद्युतीय तथा गैरविद्युतीय घरेलु उपकरण उत्पादन गर्नेबाहेकाका अन्य उपकरण उत्पादन गर्ने क्रियाकलापहरूअन्तर्गत पर्दछन् ।

- ब्याट्री चार्जर ठोस आकारको उपकरणको उत्पादन
- विद्युतीय ढोका वन्दगर्ने र उघार्ने उपकरणको उत्पादन
- विद्युतीय घण्टीको उत्पादन

- अल्ट्रासोनिक क्लीनिङ मेसिन (प्रयोगशाला र डेन्टलबाहेक) का सामान बनाउने
- टेनिङ वेड उत्पादन
- ठोस आकारको इनभर्टर रेक्टीफाइङ उपकरण, फ्यूल सेल, रेगुलेटर, र अन रेगुलेटर  पावर सप्लाएर आदि उपकरणको उत्पादन
- Uninterruptible Power Supplies (UPS) को उत्पादन
- विद्युत् भोल्टलाई बढाउने उपकरण (वितरणगर्ने भोल्टको लेबलबाहेक) उत्पादन
- इन्सुलेट वायर र कनेक्टर भएको एक्सटेन्सन तार र अन्य विद्युतीय तारको सेट उत्पादन
- कार्बन तथा ग्राफिक इलेक्ट्रोड, विद्युतीय कार्बन तथा ग्राफाइट आदि उपकरण उत्पादन
- पार्टीकल एसेलेटर उत्पादन
- विद्युतीय क्यापासिटर, रजिष्टर, कन्डेन्सर आदि यस्तै प्रकारका उपकरणहरूको उत्पादन
- इलेक्ट्रोम्याग्नेट उपकरणको उत्पादन
- लाउड स्पीकरको (sirens) उत्पादन
- विद्युतीय स्कोरवोड उपकरणको उत्पादन
- विद्युतीयल चिह्न  उपकरण उत्पादन गर्ने
- विद्युतीय सङ्केतका उपकरणहरू जस्तैः ट्राफिक बत्ती, पैदल हिड्नेका लागि सङ्केत बत्ती उत्पादन
- विद्युतीय कुचालक (सिसा र प्रोसेलिनबाहेकमा) उत्पादन
- विद्युतीय वेल्डिङ तथा सोल्डरीङ गर्ने हातले सोल्डरीङ गर्नेसमेत  उपकरण उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- गैरविद्युतीय चिह्न हेर्नुहोस् प्लास्टिकको चिह्न २२२०, धातुको चिह्न २५९९),
- माटाको (प्रसोलिन) विद्युतीय इन्सुलेटिङ (हेर्नुहोस्  २३९३)
- इलेक्ट्रोनिक क्यापासिटर, रजिष्टर, कन्डेन्सर उपकरण उत्पादनहरू (हेर्नुहोस् २६१०)
- ट्रान्सफर्मर, मोटर, जेनेरेटर, स्वीच गिएर, रिले, र औद्योगिक नियन्त्रक (हेर्नुहोस् २७१०)
- व्यट्रिहरूको उत्पादन (हेर्नुहोस्  २७२०)
- करेन्ट भएको वा नभएको सञ्चार तथा इनर्जी तारको उपकरण उत्पादन (हेर्नुहोस् २७३३),
- प्रकाशका उपकरणहरू (हेर्नुहोस् २७४०)
- घरायसी प्रयोजनमा प्रयोग हुने विद्युतीय र गैरविद्युतीय उपकरणहरू (हेर्नुहोस् २७५०)
- गैरविद्युतीय सोल्डिङ, वल्डिङ मेसिनका उत्पादनहरू (हेर्नुहोस् २८१९)
- ट्रामवे, रेलवे, अन्तराष्ट्रिय जलमार्ग, सडक, पार्किङ सुविधा, एयरपोर्ट आदिमा सुरक्षा दिने यान्त्रिक वा इलेक्ट्रोनिक सङ्केतहरू आदि उपकरण उत्पादन गर्ने (हेर्नुहोस् ३०२०)

## 28 अन्यत्र उल्लेख नगरिएका मेसिन तथा उपकरण बनाउने क्रियाकलापहरू (Manufacture of machinary and equipment n .e .c)

यस डिभिजनमा यान्त्रिक उपकरणहरूको उत्पादन तथा निर्माणसम्बन्धी कार्यहरू समावेश गरिन्छ । यस्ता निर्माण कार्यहरूमा स्वतन्त्र ढंगबाट वस्तुहरू माथि यान्त्रिक वा तापीय वा वस्तुहरूको सञ्चालन गर्ने कार्यहरू जस्तैः ह्याण्डलिङ, स्प्रेयीङ, तौलिने वा प्याकिङ गर्ने गरिन्छ । यसका साथै ती यान्त्रिक

उपकरणहरूको यान्त्रिक पार्टपुर्जाहरू जसले बल उत्पन्न गरी प्रयोग गरिने र कुनै विशेष रूपबाट निर्माण गरिएका प्राथमिक पार्टहरूको निर्माण पनि समावेश गरिन्छ ।

यस डिभिजनअन्तर्गत निश्चित र चलायमान वा हाते उपकरणहरू बनाउने कार्य पनि समावेश गरिन्छ । यस उपकरणहरू बनाउँदा औद्योगिक, भवन र सिभिल इन्जिनियरिङ, कृषि, घरायसी प्रयोगका लागि डिजाइन गरिएको प्रयोजनलाई ख्याल गरिँदैन ।

यस डिभिजनअन्तर्गत निश्चित सिमा वा प्रांगणभित्र यात्रुका लागि वा जहाजी मालको ओसारपसारका लागि विशेष उपकरणहरूको निर्माण पनि पर्दछ ।

- यस डिभिजनले विशेष उद्देश्यका यान्त्रिक उपकरणहरू जस्तैः
  - औद्योगिक वर्गीकरणमा विशेष रूपमा (exclusive) प्रयोग हुने वा
  - औद्योगिक वर्गीकरणको उद्योगहरूको साना क्लस्टरका लागि प्रयोग गरिने यन्त्रहरू र
  - सामान्य उद्देश्यका लागि प्रयोग हुने जस्तैः औद्योगिक वर्गीकरणका व्यापक क्षेत्रमा प्रयोग हुने यान्त्रिक उपकरणहरूको निर्माण वीच अन्तर छुट्याइन्छ ।

यस डिभिजनअन्तर्गत अन्य विशेष उद्देश्यका मेसिनरी उपकरणहरू जुन वर्गीकरणमा कहिँ पनि उल्लेख नभएका र औद्यागीक निर्माण प्रशोधन प्रक्रियामा प्रयोग हुन पनि सक्छ र नहुन पनि सक्छ जस्तैः रोटे पिङ जस्ता मनोरञ्जनका साधन तथा उपकरणहरू (फेयरग्राउण्ड एम्युजमेण्ट उपकरण, अटोमेटिक वाउलिङ एले) उपकरण आदि बनाउने कार्यहरू पनि पर्दछ ।

## 281 सामान्य प्रयोगका मेसिनरीको उत्पादन (Manufacture of general purpose machinary)

यस समूहअन्तर्गत सामान्य उद्देश्यका लागि प्रयोग हुने जस्तैः औद्योगिक वर्गीकरणका व्यापक क्षेत्रमा प्रयोग हुने यान्त्रिक उपकरणहरूको निर्माण कार्यहरू पर्दछन् । यस समूहले अन्य व्यवसायहरूको सञ्चालनमा सहयोग गर्ने (support the operation of other businesses) यान्त्रिक उपकरणको निर्माण वा विभिन्न प्रकारका मेसिनरी उपकरणको निर्माणमा प्रयोग हुने पार्टपुर्जाहरू (components) बनाउने वा निर्माण गर्ने कार्यलाई पनि समावेश गर्न सक्दछ ।

## 2811 हवाईजहाज, मोटर, मोटरसाइकल र साइकलका ईञ्जिनबाहेक अन्य इञ्जिन वा टरवाईनको उत्पादन (Manufacture of engines and turbines, except aircraft, vehicle and cycles engines)

यस वर्गमा हवाईजहाज, मोटर मोटरसाइकल र साइकलका ईञ्जिनबाहेक अन्य इञ्जिन वा टरवाईन बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- आन्तरिक कम्बसन पिष्टन इन्जिनहरूको निर्माण (हवाईजहाज, मोटर, मोटरसाइकल र साइकलका प्रोपल्सन इन्जिनहरूबाहेक जस्तैः समुद्री जहाजका इन्जिनहरू marine engines, रेलवे इन्जिनहरू)
- पिस्टन, पिस्टनका रिंङहरू, कार्बुरेटरहरू र सबै प्रकारका डिजेल इन्जिन, आन्तरिक कम्बसन इन्जिनहरूका यस्तै प्रकारका यान्त्रिक पार्टहरू बनाउने
  - इन्टर्नल कम्बसन् इन्जिनहरूको भित्र आउने (इनलेट) तथा बाहिर निस्कने (आउटलेट) भल्वहरूको उत्पादन
- टर्वाइन र निम्न यान्त्रिक उकपकरणहरूका पार्टहरू जगेडा सामानहरूको निर्माण
  - स्टिम टरवाइन र अन्य वास्पले चल्ने टर्वाइनहरू vapour turbines

- हाइड्रोलिक टर्बाइनहरू, वाटरह्वीलहरू र रगुलेटरहरू जस्तैः पानी घट्ट
    - हावाले चल्ने वाइण्ड टर्बाइनहरू
    - ग्याँस टर्बाइनहरू (एयरक्राफ्ट प्रोपल्सनका लागि टर्बो जेटहरू र टर्बो प्रोपेलरहरूबाहेक)
- व्वाईलर टर्बाइन सेटहरू (boiler turbine sets) निर्माण गर्ने
- टवर्राइन जेनेरेटर सेटहरूको निर्माण

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- विद्युतीय जेनेरेटरहरूको उत्पादन (टर्बाइन जेनेरेटर सेटबाहेक), हेर्नुहोस् २७१०
- प्राइम जेनेरेटर सेटहरूको उत्पादन (टर्बाइन जेनेरेटर सेटबाहेक), हेर्नुहोस् २७१०
- विद्युतीय सामान तथा इन्टर्नल कम्बसन इन्जिनको उत्पादन, हेर्नुहोस् २७९०
- मोटरवाहन, हवाईजहाज, वा साइकल प्रोपल्सन इन्जिनको उत्पादन, हेर्नुहोस् २९१०, ३०३०, ३०९१
- टर्बोजेट तथा टर्बोप्रोपलरको उत्पादन, हेर्नुहोस् ३०३०

## 2812 तरल पदार्थबाट उर्जा निकाल्ने उपकरणको उत्पादन (Manufacture of fluid power equipment)

पानी वा तेल जस्ता तरल पदार्थबाट पावर उत्पादन गर्ने उपकरण बनाउने निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- हाइड्रोलिक तथा न्युमेटिक (pneumatic components) (पानी तथा वायु शक्तिबाट चल्ने) सामानहरू जस्तै : हाइड्रोलिक पम्पहरू, हाइड्रोलिक मोटरहरू, हाइड्रोलिक तथा न्युमेटिक सिलिन्डरहरू, हाइड्रोलिक र न्युमेटिक भल्बहरू, हाइड्रोलिक र न्युमेटिक होज (hose) पाइप तथा फिटिङका अन्य सामानहरू बनाउने
- न्युमेटिक प्रणालीमा प्रयोगका लागि हावा पठाउन प्रयोग गरिने उपकरण air preparation equipment बनाउने
- तरल उर्जा प्रणाली (fluid power systems) निर्माण गर्ने
- हाइड्रोलिक प्रसारणका उपकरण उत्पादन

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- कम्प्रेशर बनाउने क्रियाकलापहरू हेर्नुहोस् २८१३
- पम्प, तरलपदार्थबाहेकमा प्रयोग हुने सामानका भल्व आदि बनाउने क्रियाकलापहरू हेर्नुहोस् २८१३
- यान्त्रिक प्रसारणका औजारहरूको उत्पादन हेर्नुहोस् २८१४

## 2813 अन्य पम्प, कम्प्रेशर, धारा र भल्वको उत्पादन (Manufacture of other pump, compressors, taps and valves)

यस वर्गमा अन्य पम्प, कम्प्रेशर, धारा र भल्व बनाउने  निम्न क्रियाकलापहरू पर्दछन् ।

- हावा तथा भ्याकुम पम्पहरू (air or vacuum pumps), हावा वा अन्य ग्याँस कम्प्रेसरहरू बनाउने
- मापन गर्ने उपकरणमा फिट गरिएको वा नगरिएको तरल पदार्थको पम्पहरू बनाउने

- मोटरगाडी जस्ता सवारी साधनहरूका लागि तेल, पानी, पेट्रोलले चल्ने पम्पहरूका आन्तरिक कम्बसन् इन्जिनहरूमा फिट गर्नका लागि डिजाइन गरिएका पम्पहरूको उत्पादन

यस वर्गमा निम्न क्रियाकलापहरूसमेत समावेश हुन्छन् ।

- इन्टेक धाराहरू (ट्यापहरू) र रेगुलेटिङ भल्वहरूसहित आद्योगिक धाराहरू (ट्यापहरू) र भल्वहरू (industrial taps and valves) को उत्पादन
- घरायसी प्रयोगका स्यानीटरी धाराहरू तथा भल्वहरू बनाउने
- तातो पानी आउने (हिटिङ ट्याप) तथा भल्वहरू बनाउने
- धातुका हाते पम्पहरू/नल बनाउने

नोटः यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

  - कडा नपारिएको भल्कनाइज्ड रबर, काँच वा सेरामिकको उत्पादन, हेर्नुहोस् २२१९,२३१० वा २३९३
  - हाइड्रोलिक प्रसारण उपकरणको उत्पादन
  - आई.सी. इञ्जिनका इनलेट र धुवाँ फाल्ने भल्भको उत्पादन, हेर्नुहोस् २८११

## 2814 वियरिङ, गियर तथा ड्राईभिङसम्बन्धी वस्तुहरूको उत्पादन (Manufacture of bearings, gears, gearing and driving elements)

यस वर्गमा वियरिङ गेडी (bearings), गियर तथा ड्राइभिङसम्बन्धी वस्तुहरू उत्पादन तथा निर्माण गर्ने निम्न क्रियाकलापहरू पर्दछन् ।

- रोलर वियरिङ र वल (ball and roller bearings) साथै यसका पार्ट पुर्जाहरू बनाउने
- मेकानिकल ट्रान्समिसन अर्थात् यान्त्रिक शक्ति प्रसारण गर्ने उपकरणहरूको निर्माण जस्तै
  - क्यामशाफ्ट, क्रान्क शाफ्ट, क्रन्कहरू जस्ता ट्रान्समिसन शाफ्टहरू र क्रान्कहरू (transmission shafts and cranks)
  - वियरिङ हाउजिङ (bearing housings) र प्लेन शाफ्ट वियरिङहरू
- गियरहरू, गियर बक्सहरू र अन्य गति परिवर्तन गर्ने (speed changers) यान्त्रिक वस्तुहरूको निर्माण
- क्लचहरू र शाफ्ट कप्लिङहरू बनाउने
- फ्लाइह्वीलहरू तथा घिर्नीहरूको निर्माण गर्ने
- आर्टिकुलेटेड लिङ्क चेन (मोटरसाइकल, साइकलका चेन जस्ता) बनाउने
- शक्ति प्रसारणगर्ने चेन (power transmission chain) बनाउने

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- अन्य प्रकारका चेनको उत्पादन, हेर्नुहोस् २५९९
- क्लचहरू (इलेक्ट्रोम्याग्नेटिक) को उत्पादन, हेर्नुहोस् २९३०
- गाडी वा विमानका पुर्जाहरूको रूपमा परिचित पावर ट्रान्समिसन उपकरण उपजडानको उत्पादन, हेर्नुहोस् डिभिजन २९ र ३०

## 2815 चुलो, विद्युतीय ताप दिने फर्नेस र फर्नेस बर्नरहरूको उत्पादन (Manufacture of ovens, furnace and furnace burners)

यस वर्गमा निम्न निर्माणका क्रियाकलापहरू पर्दछन् ।

- विद्युतीय र अन्य औद्योगिक र इन्सिनेटरहरू (incinerators) सहित ल्यावोरेटरी वा प्रयोगशालामा ताप दिने फर्नेसहरू (furnaces) र ओभन चुल्होहरू बनाउने
- बर्नरहरू (burners) बनाउने
- स्थायीरूपमा माउण्ट गरिएको विद्युतीय स्पेस हिटरहरू, विद्युतीय पौडीपोखरीमा प्रयोग गरिने तापिय हिटरहरू जस्ता उपकरणहरू बनाउने
- स्थायी रूपको भित्तामा जडित (माउण्ट) गैरविद्युतीय घरायसी तापिय उपकरणहरू जस्तैः सौर्य हिटिङ, स्टिम हिटिङ, तेलबाट तताउने आयल हिट र वायु हिटिङ, तेल हिटिङ, स्टिम यस्तै प्रकारका फर्नेसहरू र तताउने हिटिङ उपकरणहरू आदि बनाउने
- घरायसी विद्युतीय तापिय फर्नेसहरू जस्तैः electric forced air furnaces र हिट पम्पहरू जस्ता उपकरणहरू र गैरविद्युतीय घरायसी फर्नेसहरू जस्तैः non-electric household forced air furnaces बनाउने
- फर्नेसमा ठोस इन्धन पठाउने भाँडो र खरानी निकाल्ने वा जम्मा गर्ने भाँडा यान्त्रिक स्टोकरहरू (Stokers), ग्रेटहरू (grates) र मकलको जाली, खरानी डिश्चार्ज गने आष्ट्रे आदि बनाउने

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- घरायसी चुलोहरूको उत्पादन, हेर्नुहोस् २७५०
- कृषि उत्पादन सुकाउने ड्रायरहरू (dryers) को उत्पादन, हेर्नुहोस् २८२५
- बेकरी बनाउने चुलोहरूको उत्पादन, हेर्नुहोस् २८२५
- काठ, कागज बनाउने काठ (paper pulp), कागज वा पेपरबोर्ड सुकाउने ड्रायरहरूको उत्पादन, हेर्नुहोस् २८२९
- औषधी बनाउने, शल्यक्रिया गर्ने वा प्रयोगशालाका रोग प्रतिरोधक (sterilizers) को उत्पादन, हेर्नुहोस् ३२५०
- दन्त प्रयोगशालाका भट्टी (furnaces) को उत्पादन, हेर्नुहोस् ३२५०

## 2816 उचाल्ने तथा समात्ने उपकरणहरूको उत्पादन (Manufacture of lifting and handling equipment)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- हातले वा बाह्य उर्जा शक्तिका सहायताबाट सञ्चालन गर्ने सामानहरू उचाल्ने, ह्याण्डलिङ गर्ने, समान लोड तथा अनलोड गर्ने मेसिनरी उपकरणहरूको निर्माण जस्तैः
- घिर्नी (pulley tackle) र उत्तोलक (hoists, winches) चर्खा, गह्रंगो सामान उठाउने यन्त्र (capstans) र ज्याक (jacks),
- भारी वा बोझ उचाल्ने यन्त्र वा गाडी, क्रेनहरू (derricks, cranes), गुडाउन मिल्ने भारी वा बोझ उचाल्ने फ्रेम (mobile lifting frames), straddle carriers आदि बनाउने
- लिफ्टिङ वा ह्याण्डलिङ उपकरण जडान गरिएको वा नगरिएको सेल्फ प्रोपेलर भएको वा नभएको कारखानाहरूमा प्रयोग गरिने प्रकारको वर्क ट्रकहरूको उत्पादन (ह्याण्ड ट्रकहरू र ह्वीलबार रोहरू

बनाउने पनि)

- विशेष गरी सामानहरू लिफ्ट वा उचाल्न, ह्याण्डलिङ गर्न, लोड, अनलोड गर्नका लागि डिजाइन गरिएका यान्त्रिक मेनुपुलेटरहरू, औद्योगिक रोवोटहरू,
- सामान सार्ने मेसिन जस्तैः कन्भेयर, टेलफर telfers (téléphériques)को उत्पादन आदि
- लिफ्ट, एस्कालेटर र चलायमान हिँड्ने बाटाहरू (moving walkways)
- विशेषत लिफ्टिङ अर्थात् उचाल्ने र ह्याण्डलिङ उपकरणका पार्टपुर्जाहरूको उत्पादन

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- भूमिगत प्रयोगका निरन्तर चलिरहने भऱ्याङहरू (elevators and conveyors) को उत्पादन, हेर्नुहोस् २८२४
- यान्त्रिक साभेल, उत्खनक (excavators), साभेल लोडरहरूको उत्पादन, हेर्नुहोस् २८२४
- बहुप्रयोगका औद्योगिक रोबोटहरूको उत्पादन, हेर्नुहोस् २८२९
- क्रेन लहरी, तैरने क्रेन (floating cranes), रेलका क्रेनहरूको उत्पादन, हेर्नुहोस् २९१०, ३०११, ३०२०
- लिफ्ट र एलिभेटरहरूको जडान, हेर्नुहोस् ४३२९

## 2817 कम्प्युटर र तत्सम्बन्धी उपकरणहरूबाहेक कार्यालयमा प्रयोग गरिने मेसिन तथा उपकरणहरूका उत्पादन (Manufacturing of office machinery and equipment (except computers and peripherical equipment)

यस वर्गमा निम्न उपकरणहरू बनाउने क्रियाकलापहरू पर्दछन :

- क्यालकुलेटिङ मेसिन बनाउने
- हिसाब जोडने मेसिन तथा क्यास रजिष्टरहरू बनाउने
- विद्युतीय या गैरविद्युतीय क्यालकुलेटरहरू
- पोष्टेज मिटर, मेल हाइण्डलिड मेसिन, खाममा भर्ने र सिल गर्ने, ठेगाना लेख्ने, स्क्यानिङ मेसिन टोनर भर्ने मेसिन, collating machinery आदि बनाउने
- टाइपराइटरहरू बनाउने
- स्टेनोग्राफी मेसिन बनाउने
- कार्यालयमा प्रयोग हुने वाइण्डिग उपकरण (प्लास्टिक वा टेप वाइण्डिग)
- चेक राइटिङ मेसिन बनाउने,
- सिक्का गणना गर्ने तथा सिक्का वेर्ने मेसिन, कागजका नोट गणना गर्ने मेसिन
- सिसाकलम तिखो बनाउने वा तास्ने सार्पेनरहरू,
- स्टाप्लर मेसिन र सोको पीन, स्टापल हटाउने उपकरण बनाउने
- मतदान गर्ने मेसिनको उत्पादन
- टेप डिस्पेन्सर मेसिनको निर्माण
- प्वाल पार्ने पन्चिङ मेसिन बनाउने

- यान्त्रिक रूपले चलाउने नगदी रजिस्टरहरू बनाउने
- फोटोकपी मेसिनहरू बनाउने
- टोनर कार्ट्रिजहरू बनाउने
- ब्ल्याकबोर्ड, ह्वाइटबोर्ड र मार्कर बोर्ड बनाउने
- डिक्टेटिङ (श्रुतिलेखन) मेसिन बनाउने

यस वर्ग निम्न कार्यहरू समावेश गरिँदैन :

- कम्प्युटर तथा यसका पेरिफेरल उपकरणहरू बनाउने, हेर्नुहोस् २६२०

## 2818 बाह्य उर्जा शक्तिका सहायताले चलाउने हाते औजारको उत्पादन (Manufacture of power driven hand tools)

यस वर्गमा हाते औजार बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- विद्युतीय वा गैरविद्युतीय हाते औजारहरू (औजारभित्र नै ब्याट्री वा चार्ज भएका वा pneumatic drive भएको) जस्तै:
    - वृत्ताकारको वा रसिप्रोकेटिङ करौँतीहरू (circular or reciprocating saws)
    - ड्रिल वा ह्याम्मर ड्रिलहरू (drills and hammer drills)
    - हातले चलाउने पावर स्याण्डरहरू/खाक्सी दल्ने मेसिन (hand held power sanders)
    - न्युमाटिक नेलरहरू (pneumatic nailers)
    - बफरहरू (buffers)
    - राउटरहरू (routers)
    - ग्रीण्डरहरू (grinders)
    - स्टाप्लरहरू (staplers)
    - न्युमाटिक रिवेट बन्दुकहरू (pneumatic rivet guns)
    - रन्दा वा प्लेनरहरू (planers)
    - कैँची शीयर र नीव्लरहरू (shears and nibblers)
    - इम्प्याक्ट रेन्चीहरू (impact wrenches)
    - पाउडर एक्च्युएटेड नेलरहरू (powder actuated nailers)
- ड्रिलिङ मेसिन, आरो, रोटर, वुफर (प्रतिरोधक) आकार बनाउने, सम्याउने वसिला, ग्राइण्डिङ्ग मेसिन, करौँती, किला ठोक्ने ह्याम्मर, पेच कस्ने रेन्चु, तरवार, हसिया, कुटो, कादालो, रामो, पिँध्ने, प्रेस गर्ने आदि बनाउने

यस वर्ग निम्न कार्यहरू समावेश गरिँदैन :

- विद्युतीय ह्याण्डहेल्ड सोल्डरीङ तथा वेल्डिङ उपकरणको उत्पादन, हेर्नुहोस् २७९०

## 2819 अरु सामान्य प्रयोजनका मेसिनरीको उत्पादन (Manufacture of other general purpose machinaries)

यस वर्गमा निम्न उपकरणहरू बनाउने क्रियाकलापहरू पर्दछन् ।

- औद्योगिक रेफ्रिजेरेटिङ वा चिस्याउने उपकरणहरू साथै यसका मुख्य कम्पोनेन्टहरूको जडान पुर्जाहरू

(assemblies major components) बनाउने कार्य

- हावा चिसो पार्ने  एयरकण्डिसनर साथै मोटरगाडीहरूमा प्रयोग हुने एयर कण्डीसन उपकरणहरू बनाउने वा उत्पादन कार्यहरू
- गैरघरायसी पंखाहरू
- तौलिने मेसिनहरू (प्रयोगशालामा प्रयोग गर्ने संवेदनशील तुलोहरूबाहेक) बनाउने कार्य जस्तैः
    - निरन्तर सामानहरू तौलिनका लागि घरायसी, पसलमा प्रयोग गरिने तराजुहरू, प्लेटफर्ममा प्रयोग हुने तराजुहरू,  तौलिने ब्रिजहरू र अन्य तौलका सामग्रीहरू आदि
- तरल पदार्थहरू छान्ने (फिल्टर गर्ने) वा शुद्धीकरण (purifying) गर्ने यान्त्रिक उपकरणहरू वा भाँडाहरू
- तरल पदार्थ वा धुलो पाउडरहरू छर्कने, स्प्रे गर्ने वा डिस्पर्स गर्ने वा प्रोजेक्टिङ गर्नका लागि उपकरणहरू बनाउने कार्य जस्तैः
    - स्प्रे गनहरू, आगो निभाउनका लागि फायर एक्स्टींगीसरहरू, स्याण्ड ब्लासटिङ मेसिनहरू, स्टिम क्लीनिङ मेसिनहरू
- प्याकिङ र ऱ्यापिङ गर्ने मेसिनरीहरू बनाउने कार्य जस्तै
    - सामान भर्ने फिलिङ गर्ने, बन्द गर्ने, सिल लगाउने, क्याप्सुलिङ गर्ने वा नाम टाँस्ने अर्थात् लेवलिङ गर्ने मेसिनहरू
- पेयपदार्थहरूमा एइरेटिङ वा हावा भर्नका लागि र बोतलहरू सफा गर्ने वा सुख्खा बनाउनका लागि प्रयोग हुने मेसिनहरू निर्माण कार्य
- पेयपदार्थका उद्योगहरू, रासायनिक र पेट्रोलियम रिफाइनरीज आदि उद्योगहरूका लागि डिस्टीलिङ वा रेक्टीफाइङ, वास्पीकरण वा थिग्राउने प्लान्टको निर्माण
- ताप आदानप्रदान हुने (heat exchangers) मेसिनहरू बनाउने
- हावा वा ग्याँसलाई तरल बनाउने मेसिनरीहरू निर्माण गर्ने
- ग्याँस उत्पादन गर्ने वा जेनेरेटरहरूका (gas generators) उत्पादन
- क्यालेन्डरिङ वा  अन्य रोलिङ मेसिनहरू र यसका सिलिण्डरहरू (धातु र सिसाकोबाहेक) बनाउने कार्य
- वस्तुहरू छुट्ट्याउनका लागि सेन्ट्रीफ्युजहरू मेसिनहरू बनाउने (क्रिम सेपेरेटरहरू र कपडा ड्रायरहरूबाहेक)
- एउटै वस्तुको तहहरू वा विभिन्न पदार्थहरूको संयोजनबाट बनाइएका उस्तै जोइन्टहरू र जोड्ने ग्याँस्केटहरूको उत्पादन (वासर)
- स्वचालित सामानहरू निस्कने भेन्डीङ मेसिनहरूको उत्पादन कार्य
- सामान्य उद्देश्यका यान्त्रिक उपकरणहरूका जगेडा पार्टपुर्जाहरू बनाउने
- ठूला तथा व्यवसायिक पंखाहरू एटिक भेन्टीलेसन पंखाहरू/ भान्सामा धुँवा जाने पंखा -ग्यावल फ्यानहरू, छानामा लगाइने भेन्टीलेटरहरू) बनाउने
- लेबल नाप्ने, नाप्ने टेप फित्ताहरू र यस्तै प्रकारका हाते ज्यावलहरू, यन्त्र चलाउनेहरूको प्रिसिजन टुल औजार/साधनहरू (अप्टिकलबाहेक)
- गैरविद्युतीय वेल्डिङ र सोल्डरिङ उपकरण बनाउने

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- प्रयोगशालामा प्रयोग हुने खालको संवेदनशील तराजुहरूको उत्पादन, हेर्नुहोस् २६५१

- घरायसी चिस्याउने उपकरणको उत्पादन, हेर्नुहोस् २७५०
- घरायसी पङ्खाहरूको उत्पादन, हेर्नुहोस् २७५०
- विद्युतीय गाँस्ने र जोड्ने (welding and soldering) उपकरणको उत्पादन, हेर्नुहोस् २७५०
- कृषिसम्बन्धी छर्कने मेसिनरी (spraying machinery) को उत्पादन, हेर्नुहोस् २८२१
- धातु वा सीसा बटार्ने मेसिनरी र त्यसका सिलिण्डरहरूको उत्पादन, हेर्नुहोस् २८२३, २८२९
- कृषि उत्पादन सुकाउने ड्रायरहरू (dryers) को उत्पादन, हेर्नुहोस् २८२५
- खाद्यान्न छान्ने र सुद्धीकरण गर्ने मेसिनरीको उत्पादन, हेर्नुहोस् २८२५
- क्रिम छुट्ट्याउने वस्तुको उत्पादन, हेर्नुहोस् २८२५
- व्यापारिक कपडा सुकाउने ड्रायरहरूको उत्पादन, हेर्नुहोस् २८२६
- टेक्सटायलमा छपाइ गर्ने मेसिनरीको उत्पादन, हेर्नुहोस् २८२६

## 282 विशेष प्रयोजनका मेसिनरी उपकरणहरूको उत्पादन (Manufacture of special purpose mechinary)

यस समूहमा  विशेष उद्देश्यका यान्त्रिक उपकरणहरू बनाउने कार्यहरूलाई समावेश गरिन्छ । यसको अर्थ औद्योगिक वर्गीकरणका exclusive use का लागि वा ती वर्गीकरणका सानो क्लस्टरमा प्रयोग हुने मेसिनहरू हुन् । जव यस प्रकारका मेसिनहरू अन्य उत्पादन वा निर्माण गर्ने प्रक्रियाहरूमा जस्तैः खाद्य बनाउने औद्योगिक प्रक्रियामा वा लुगा कपडा बनाउने टेक्सटाइल उद्योगहरूमा प्रयोग गरिन्छ भने यस समूहले अन्य विशेष प्रयोजनका लागि विशेष मेसिनहरू जस्तैः एयर क्राफ्टिङ  लन्च गर्ने गियर वा एम्युजमेन्ट पार्क उपकरणका लागि आवश्यक पर्ने विशेष मेसिनहरू बनाउने कार्यहरू पर्दछन् ।

### 2821 कृषि र वनसम्बन्धी मेसिन उत्पादन (Manufacture of agricultural and forestry machinary)

यस वर्गमा  कृषि र वनसम्बन्धी काम गर्ने मेसिन बनाउने क्रियाकलापहरू पर्दछन् ।

- कृषि र वनको काममा प्रयोग गर्ने ट्याक्टर बनाउने
- हिँड्दै चलाइने ट्र्याक्टरहरू (walking (pedestrian-controlled) tractors) को उत्पादन
- बाँस काट्ने मेसिन (mowers), चउरको घाँस काट्ने मेसिन बनाउने
- कृषि उत्पादन लोड, अनलोड गर्ने ट्रेलरहरू बनाउने
- कृषिको लागि जमिन तयार गर्ने हलो कोदालो आदि,  बाली रोप्ने, मल छर्ने (manure spreaders), बीउ छर्ने (seeders), माटोको डल्ला फोर्ने (harrows) मेसिनहरू बनाउने
- बाली काट्ने र थन्क्याउने मेसिनहरू जस्तैः  चुट्ने (थ्रेसर), बाली काट्ने (हार्भेष्टर), मकै छोडाउने रोष्टर, sorters मेसिन बनाउने
- दूध दुहने मेसिन तथा दूधलाई निर्मलीकरण गर्ने मेसिन बनाउने
- कृषि, हर्टिकल्चर वा वनमा औषधी छर्ने स्प्रेयर मेसिन बनाउने
- कृषिसम्बन्धी काम गर्ने विभिन्न मेसिनहरू जस्तैः मौरीको घार, कुखुरा तथा हाँसको व्यवस्था गर्ने मेसिन,  पशुआहार तयार गर्ने मेसिन,

- अण्डा तथा फलफूल छान्ने, सफा गर्ने, ग्रेडिङ गर्ने मेसिन बनाउने

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- गैरशक्तिबाट चल्ने कृषिका हाते औजारहरूको उत्पादन, हेर्नुहोस् २५९३
- खेतमा प्रयोग हुने सामान ओसार्ने (conveyors) हरूको उत्पादन, हेर्नुहोस् २८१६
- शक्तिबाट चल्ने कृषिका हाते औजारहरूको उत्पादन, हेर्नुहोस् २८१८
- क्रिम छुट्टयाउने वस्तुको उत्पादन, हेर्नुहोस् २८२५
- बीउ, अन्न वा सुकेका कोशेबाली तरकारीका गेडा सफा गर्ने, छान्ने वा छुट्टयाउने मेसिनरीको उत्पादन, हेर्नुहोस् २८२५
- गाडी तान्ने खालको सडकमा चल्ने ट्रयाक्टरहरूको उत्पादन, हेर्नुहोस् २९१०
- गाडी तान्ने खालको सडकमा चल्ने ट्रेलरहरूको उत्पादन, हेर्नुहोस् २९२०

## 2822 धातुका मेसिनरी र मेसिन औजार उत्पादन (Manufacture of metal-forming mechinery and machine tool)

यस वर्गमा औजार बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- अन्य गैरधातुका सामानहरू जस्तैः काठ, हाड, ढुङ्गा, कडा रबर, कडा प्लास्टिक, कडा सिसा, लेजर बिम, अल्ट्रासोनिक तरङ्गहरू, प्लाज्मा आर्क, चुम्बकीय पल्स बनाउने  कार्यमा प्रयोग हुने औजारहरू बनाउने
- धातुका सानातिना औजारहरू जस्तैः प्वाल पार्ने, वेन्डीङ गर्ने, आकारमा ल्याउने, ड्रिल गर्ने, पिस्ने औजार बनाउने
- छाप हान्ने, थिच्ने औजार बनाउने
- पन्च प्रेसर, हाइड्रोलिक प्रेसर, हाइड्रोलिक ब्रास, ड्रप ह्याम्मर, कैंची (forging machines) आदि बनाउने
- तारसम्बन्धी कार्यहरू गर्न आवश्यक पर्ने ड्र वेन्चेस, थ्रेड रोलरहरू वा मेसिनहरूको उत्पादन
- काठ, कर्क, कडा रबर, कडा प्लास्टिक, कडा सिसा जोड्नेकार्यका लागि स्थिर मेसिनहरू (stationary machines) को उत्पादन
- स्टेसनरी रोटरी वा रोटरी परक्युसन ड्रीलहरू, फिलिङ मेसिनहरू, किला गाड्ने रिभेटरहरू, पातावाला धातु काट्ने सिट मेटल कटरहरू आदिको उत्पादन
- विद्युतीय लेप/जलप लगाउने मेसिन electroplating machinery बनाउने

  माथि उल्लिखित यान्त्रिक औजारहरूका लागि आवश्यक पर्ने पार्टपुर्जाहरू र सम्बन्धित सामानहरू जस्तैः वर्क होल्टरस्, डिभाइडिङस् हेड्स र यान्त्रिक औजारहरूका लागि अन्य विशेष एट्याचमेन्ट सामानहरू बनाउने

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- प्वाल पार्ने, ताछ्ने, दोबार्ने, रङ्गाउने औजार, धारा, मिलका दाँती, आरो, चक्कू आदिजस्ता हाते औजार वा यान्त्रिक औजारका लागि अन्तरपरिवर्त्य औजारहहरूको उत्पादन, हेर्नुहोस् २५९३

- विद्युतीय हाते जडान गर्ने फलाम वा बन्दूक (soldering irons and soldering guns) हरूको उत्पादन, हेर्नुहोस् २७९०
- शक्तिचालित हाते औजारहरूको उत्पादन, हेर्नुहोस् २८१८
- धातुका मिल वा ज्यासल (foundries) हरूमा मा प्रयोग हुने मेसिनरीहरूको उत्पादन, हेर्नुहोस् २८२३
- खानी तथा उत्खननका निम्ति मेसिनरीहरूको उत्पादन, हेर्नुहोस् २८२३

## 2823 खानीबाट झिकिएका कच्चा धातुलाई शुद्धपार्ने मेसिन उत्पादन (Manufacture of machinery for metallurgy)

यस वर्गमा खानीबाट झिकिएका कच्चा धातुलाई शुद्ध पार्ने मेसिन बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- तताइएका वा पगालिएको तातो धातुलाई प्रबन्ध वा ह्याण्डलिङ अर्थात् सञ्चालन गर्नका लागि मेसिनहरू र उपकरण निर्माण गर्ने जस्तैः
    - कन्भर्टर, इनगोट माउल्ड्स (ingot moulds), ल्याडल (ladles), ढलौट गर्ने काष्टिङ मेसिन तथा उपकरण बनाउने
- धातु पट्याउने मेटल रोलिङ मिलहरू र यस्ता मिलहरूका लागि रोलहरू बनाउने

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- ड्र बेन्च (draw-benches) हरूको उत्पादन, हेर्नुहोस् २८२२
- धातुको आकार दिने साँचो (moulding boxes and moulds except ingot moulds) हरूको उत्पादन, हेर्नुहोस् २५९३
- ज्यासलमा धातुको आकार दिने साँचो बनाउने मेसिनहरूको उत्पादन, हेर्नुहोस् २८२९

## 2824 खानी, ढुङ्गा, बालुवा, गिट्टी झिक्ने वा पेल्ने र निर्माणको काममा प्रयोग हुने मेसिनरी उपकरणहरूको उत्पादन (Manufacture of mechinery for mining, quarrying and construction)

यस वर्गमा खानी, ढुङ्गा, बालुवा झिक्ने वा पेल्ने र निर्माणको काममा प्रयोग हुने उपकरण बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- भूमिगत प्रयोगको लागि निरन्तर सर्ने लिफ्ट वा एलेवटर र कन्वेयरको निर्माण
- वोरिङ गर्ने, माटो काट्ने, डुवाउने, खसाउने, सुरुङ खन्ने, उपकरण बनाउने (भुमीगत प्रयोग भए पनि वा प्रयोग नभए पनि)
- छान्ने, छुट्टाउने, धुने, टुक्र्याउने आदि कार्यका लागि आवश्यक पर्ने मेसिनरी उपकरण निर्माण
- खनिजको परीक्षण गर्ने, खनिजको ग्रेडिङ गर्ने, खनिजको छनौट, खनिजलाई पखाल्ने उपकरण बनाउने
- कन्क्रीट र मोर्टार मिक्सरहरूको उत्पादन
- माटो खन्ने, सोहर्ने वा पन्छाउने वा सम्याउने मेसिनहरूको उत्पादनः
    - बुल्डोजर, एंगल डोजर, ग्रेडरहरू, स्क्र्यापरहरू, सम्याउने लेभलर, मेकानिकल साभेल, साभेल लोडर आदि बनाउने,
- पाइल ड्राइभर, पाइल एस्ट्याक्टर, मोर्टार स्प्रेडरस्, अलकत्रा छर्ने, कंकिट सम्याउने उपकरण आदि

बनाउने

- खानीसम्बन्धी माइनिङको कार्य तथा निर्माण कार्यमा प्रयोग हुने ट्रयाक्टरहरू र ट्रयाक बनाउने tracklaying ट्रयाक्टरहरू बनाउने
- डोजर तथा वोल्डुजरको पत्ता वा व्लेड बनाउने,
- अफ रोड डम्पिङ ट्रकहरू बनाउने
- खनिजको परीक्षण गर्ने, खनिजको ग्रेडिङ्ग गर्ने, खनिजको छानौट, खनिजलाई पखाल्ने उपकरण बनाउने

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- उचाल्ने र चलाउने उपकरणको उत्पादन, हेर्नुहोस् २८१६
- अन्य ट्रयाक्टरहरूको उत्पादन, हेर्नुहोस् २८२१, २९१०
- टुक्र्याउने तथा छुट्टयाउनेसमेत काम गर्न प्रयोग गर्ने ढुङ्गाको मेसिन औजारहरूको उत्पादन, हेर्नुहोस् २८२२
- कंक्रिट मिसाउने लहरीहरूको उत्पादन, हेर्नुहोस् २९१०
- जमिनमुनि गुडने यन्त्र र रेलका डिब्बाहरूको उत्पादन, हेर्नुहोस् ३०२०

### 2825 खाद्यान्न, पेयपदार्थ तथा सुर्तीको प्रशोधनका लागि मेसिनरी उपकरण उत्पादन (Manufacture of machinary for food, beverage and tobacco processing)

यस वर्गमा खाद्यान्न, पेय पदार्थ तथा सुर्तीको प्रशोधनका लागि आवश्यक उपकण बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- कृषि उत्पादन सुकाउने उपकरण /साधन बनाउने
- दुग्ध उद्योगका लागि आवश्यक पर्ने मेसिनरी उपकरणहरू बनाउने जस्तै
  - क्रिम सेपेरेटरहरू
  - दूध प्रशोधन गर्ने मेसिनहरू जस्तैः होमोजनाइजरहरू
  - दूधलाई अन्य दुग्ध पदार्थमा परिवर्तन गर्ने मेसिन उपकरणहरू जस्तैः बटर चमहरू, बटर वर्करहरू र दुग्ध पदार्थको विभिन्न स्वरूप प्रदान गर्ने माउल्डिङ गर्ने मेसिन बनाउने
  - चिज बनाउने मेसिनहरू जस्तैः होमोजनाइजरहरू, माउल्डरहरू, थिच्ने प्रेस मेसिनहरू
- अन्न पिस्ने र छान्ने मिल उद्योग (grain milling industry) का लागि आवश्यक पर्ने मेसिनरी उपकरणहरू
  - अन्न तथा कोसा भएका सुकाएका तरकारी बाली, बीउबीजनहरूलाई सफा गर्ने, निफन्ने, छान्ने वा ग्रेड गर्ने मेसिन उपकरणहरू (वीनोअर, सिभिङ वेल्टहरू, सेपेरेटरहरू, ग्रेन ब्रसीङ मेसिनहरू आदि)
  - मैदा पिठो, र तयारी खाना उत्पादन गर्न प्रयोग गरिने मेसिनरीहरू जस्तैः ग्रीण्डिङ मिल, फिडर, सिफ्रटर, ब्रान क्लिनर, व्लेण्डर, राइस हुलर, पि स्प्लीटर आदि बनाउने
- रक्सी, वाइन, स्याउको रक्सी, फलफूलका सर्वत, जुस बनाउन प्रयोग गरिने प्रेश, क्रशरहरू आदिजस्ता उपकरणहरू बनाउने
- बेकरी उद्योगका लागि वा म्याकरोनी, स्पागेटी वा यस्तै प्रकारका पास्ता उत्पादनहरू बनाउनका लागि आवश्यक पर्ने मेसिनरी उपकरणहरूको उत्पादन

- बेकरी ओभन, डफ मिक्स्चर, डफ डिभाइडर, माउल्डर, स्लाइसर, केक डिपोजिटिङ मेसिनहरू आदि निर्माण गर्ने वा बनाउने

- विविध प्रकारका खाद्य वस्तुहरू प्रशोधन गर्न आवश्यक पर्ने मेसिनहरू तथा उपकरणहरू बनाउने
  - कन्फेक्शनरी मिठाइ, कोकोआ वा चक्लेट बनाउने मेसिन
  - बियरका लागि चिनी उत्पादन गर्ने मेसिन
  - माछा, मासु, कुखुरा मासु प्रशोधन गर्ने मेसिन
  - फलफूल, तरकारी, सुपारी जातका वस्तु प्रशोधन गर्ने मेसिन,
  - माछा, शेलफिस (समुद्री माछा) वा अन्य समुद्री खाना छान्ने तथा शुद्धीकरण गर्नका लागि प्रयोग गरिने मेसिनरी उपकरणहरू
  - अन्य खाद्य तथा पेय पदार्थको उत्पादन गर्नका लागि औद्योगिक तयारी वा प्रशोधन गर्न प्रयोग गरिने अन्य मेसिन उपकरणहरू बनाउने
- पशुपन्छीको बोसो तथा वनस्पतिको तेल निकाल्ने एवं प्रशोधन गर्ने कार्यका लागि प्रयोग गरिने मेसिनरी उपकरणहरूको निर्माण
- चुरोट, बिँडी, सिगार, पाइप, वा सुर्ती वा नश जस्ता सुर्तीजन्य पदार्थ आदि बनाउन प्रयोग हुने मेसिनहरू बनाउने
- होटल र रेष्टुराँहरूमा खाद्य तथा पेयपदार्थ तयारीमा प्रयोग हुने मेसिनरी औजारहरू निर्माण गर्ने वा बनाउने

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- खाना र दूधलाई विकिरणमुक्त पार्ने उपकरणको उत्पादन, हेर्नुहोस् २६६०
- प्याकिङ, र्‍यापिङ र जोख्ने मेसिनरीको उत्पादन, हेर्नुहोस् २८१९
- अण्डा, फलफूल र अन्य बालीहरू (बीउ, अन्न र सुकेका कोशेबाली तरकारीहरूबाहेक) सफा गर्ने, छुट्ट्याउने तह विभाजन गर्ने मेसिनरीको उत्पादन, हेर्नुहोस् २८२१

## 2826 कपडा, तयारी पोशाक र छालाका वस्तुहरू उत्पादनका लागि प्रयोग गरिने मेसिनरी उपकरणहरूको उत्पादन (Manufacture of machinery for textile, apparel, and leather production)

यस वर्गमा कपडा, पोशाक तथा छालाका वस्तुहरू उत्पादन तथा प्रशोधन गर्ने निम्न क्रियाकलापहरू पर्दछन् ।

- कपडा उत्पादन गर्ने टेक्सटाइल मेसिनहरूको निर्माण कार्य जस्तैः
- टेक्सटाइल धागोहरू तयारीका लागि धागो कात्ने यार्न मेसिनहरू, हातले कातिएका, कृत्रिम टेक्सटाइल धागोहरू तयारी गर्न, उत्पादन गर्न, धागो तान्ने, ड्इङ गर्ने, टेक्स्चराइजिङ गर्ने वा कटिङ गर्ने कार्यमा प्रयोग हुने मेसिनहरू जस्तैः कटन जिन्स, बेल विकर्स, गार्नेटर्स, कटन स्प्रिडर्स, वुल स्काउरर्स, वुल कार्बोनाइजर्स, कम्ब्स्, कार्डर्स, रोभिङ फ्रेम्स आदि।
- स्पिनिङ मेसिनहरू
- टेक्सटाइल धागोहरू (textile yarns) तयारीका लागि मेसिनहरू जस्तैः रिलरहरू, वार्पर्स र यससम्बन्धी मेसिनहरू
- हाते लुमसहित लुम अर्थात् बुन्ने मेसिनहरू,
- निटिङ /बुन्ने मेसिनहरू

- जालीको गाँठो पार्ने, तुना/लेस बनाउने, tulle बनाउने, बाटेको धागो वा दचबष्म बनाउने मेसिनहरूको उत्पादन

- कपडा उत्पादन गर्ने मेसिनका लागि जगेडा तथा सहायक मेसिनहरू वा उपकरणहरू जस्तैः
  - डोविज (dobbies), ज्याकर्डस् (jacquards), स्वचालित स्टप मोसन, सटल चेन्जिङ मेकानिज्म, स्पाइण्डल र स्पाइण्डल फ्लायर आदि बनाउने
  - कपडामा प्रिन्ट गर्ने वा छाप्ने मेसिन बनाउने
- फेव्रीकका प्रक्रियाहरू जस्तैः धुने, ब्लेचिङ, डाइङ, ड्रेसिङ, कोटिङ, रीलिङ, अनरीलिङ, काट्ने, पट्याउने आदिजस्ता प्रशोधनका कार्य गर्ने मेसिन बनाउने
- लाउण्ड्रीका मेसिनहरू जस्तैः आइरन, वासिङ तथा ड्राइङ मेसिन, ड्राइक्लिनिङ मेसिन बनाउने
- कपडा सिउने कल, कलको सियो आदि बनाउने
- फेल्ट वा नन् ओभन कपडाहरूको उत्पादन वा फिनिसिङका लागि आवश्यक पर्ने मेसिनहरूको उत्पादन वा निर्माण
- छालाका सामान उत्पादन तथा प्रशोधन गर्ने मेसिन जस्तैः छाला टेनिङ गर्ने, हाड तथा भुवादार छालाका सामान बनाउने

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- ज्याकार्ड मेसिनमा प्रयोग हुने कागज वा पेपरबोर्ड कार्डहरूको उत्पादन, हेर्नुहोस् १७०९
- घरायसी धुने र सुकाउने मेसिनहरूको उत्पादन, हेर्नुहोस् २७५०
- क्यालेण्डरिङ मेसिनहरूको उत्पादन, हेर्नुहोस् २८१९
- बुकबाइन्डिङ गर्ने मेसिनहरूको उत्पादन, हेर्नुहोस् २८२९

## 2829 अन्य विशेष उद्देश्यका मेसिनहरूको उत्पादन (Manufacture of other special purpose mechinery)

यहाँ अन्य कहीँ पनि उल्लेख नगरिएका विशेष उद्देश्यका लागि प्रयोग हुने मेसिनरी उपकरणहरूको उत्पादन वा निर्माण कार्यहरू पर्दछन् ।
यस वर्गमा मेसिनहरू बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- पेपर पल्प बनाउने मेसिन बनाउने
- कागज तथा पेपर बोर्ड तयार गर्ने मेसिन बनाउने
- काठ, पेपर पल्प, कागज तथा पेपर बोर्ड सुकाउने मेसिन बनाउने
- कागज तथा पेपर बोर्डका विभिन्न सामानहरू तयार गर्ने मेसिनहरू बनाउने
- नरम रबर, प्लास्टिकका सामान उत्पादन गर्ने मेसिन बनाउने
- छाप्ने प्रिन्टिङ मेसिन, किताब बाइण्डिङ गर्ने र विभिन्न वस्तुहरूको छपाइमा सहयोग पुऱ्याउने र यस्तै कार्यहरूका लागि प्रयोग हुने मेसिनहरू आदि बनाउने
- टायल, इँट, माटाका भाँडा, इलेक्ट्रोड पाइप, ब्ल्याकबोर्ड, ग्राफिक, चक तयार गर्ने मेसिन उत्पादन
- अर्धकुचालक सामान बनाउन प्रयोग हुने मेसिन बनाउने
- खास उद्देश्यहरूका कार्यहरूका लागि बहु कार्यहरू सम्पादन गर्ने औद्योगिक रोवोट मेसिनहरू

बनाउने

- विविध विशेष उद्देश्यहरूका लागि विभिन्न मेसिनहरू बनाउने
    - जस्तैः बिजुलीका चिम, ट्युब, भल्व, आइसोटोप विच्छेदन गर्ने, ज्यादा तातो खप्ने ग्लास, ग्लास फाइबर बनाउने मेसिन बनाउने
- टायर अलाइनमेन्ट (tire alignment) र सन्तुलन उपकरण (balancing equipment) को उत्पादन (पांग्रा सन्तुलनबाहेक)
- ग्रीज हाल्ने केन्द्रीय प्रणालीको निर्माण
- हवाईजहाज लन्चिङ गियर, एयरक्राफ्ट क्यारियर क्याटापल्टस् (aircraft launching gear, aircraft carrier catapults) र सम्बन्धित उपकरण बनाउने
- स्वचालित वाउलिङ एले (bowling alley) उपकरणको उत्पादन जस्तैः pin-setters, खास उद्देश्यका राउण्डवोटहरू (roundabouts), स्वीइङहरू (swings), सुटिङ ग्यालेरिहरू (shooting galleries), फाएरग्राउण्ड (fairground) जस्ता मनोरञ्जनका सामान बनाउने मेसिन

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- घरायसी प्रयोगका सामानहरूको उत्पादन, हेर्नुहोस् २७५०
- फोटोकपी मेसिनहरूको उत्पादन, हेर्नुहोस् २८१७
- कडा रबर, कडा प्लास्टिक वा चिसो सिसा बनाउन मेसिनरी वा उपकरण हरूको उत्पादन, हेर्नुहोस् २८२२
- इङ्गट मोल्डको उत्पादन, हेर्नुहोस् २८२३
- टेक्सटाइलमा छाप्ने मेसिनरीहरूको उत्पादन, हेर्नुहोस् २८२६

## 29 मोटरगाडी, मोटरले तान्ने ट्रेलर र सेमी ट्रेलरको उत्पादन (Manufacture of motor vehicles, trailers and semi -trailers)

यस डिभिजनअन्तर्गत यात्रुहरू वा सामान ढुवानी गर्नका लागि सवारी साधनहरू अर्थात् मोटरगाडीहरूको उत्पादन कार्य वा बनाउने कार्यहरू समावेश गरिन्छन् । यससँग सम्बन्धित विभिन्न पार्टपुर्जाहरू र जडान सामानहरू वा एसेसोरिजको उत्पादनकार्यका साथै ट्रेलर (इन्जिन नभएको गाडी) र अर्धट्रेलर गाडीहरूको उत्पादन हुने क्रियाकलापहरू पनि समावेश हुन्छन् । यस डिभिजनअन्तर्गत उत्पादन गरिएका सवारी साधन वा गाडीहरूको मर्मत तथा सम्भारका कार्यहरूलाई डिभिजन ४५२० मा वर्गीकृत गरिएको छ ।

## 291 मोटरगाडी/ सवारी साधनहरूको उत्पादन (Manufacture of motor vehicles)

## 2910 मोटरगाडी/ सवारी साधनहरूको उत्पादन (Manufacture of motor vehicles)

यस वर्गमा मोटरगाडी बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- यात्रुवाहक गाडी वा कारहरूको उत्पादन कार्य,
- व्यापारिक उद्देश्यका सवारी साधनहरू वा सामान वसार पसार गर्ने मोटरगाडी बनाउने कार्य जस्तै
    - भ्यान, लरी, अर्धट्रेलर तान्नका लागि ओभर द रोड ट्याक्टर बनाउने
- बस, ट्रलीबस, कोचहरू बनाउने

- मोटरगाडीको इन्जिनहरू बनाउने
- च्यासिस, इन्जिनहरूसँगै जडान गरिएका च्यासिस बनाउने
- अन्य प्रकारका मोटरगाडीहरूको उत्पादन
    - हिउँमा चल्ने गाडी स्नो मोबाइल्स, गल्फ कार्ट, एम्फिवियस गाडीहरू (amphibious vehicles), बनाउने
    - फायर इन्जिनहरू, सडक सफा गर्ने स्ट्रीट स्वीपर गाडीहरू, घुम्ती पुस्तकालय गाडी, हतियारजडित मजवुत गाडीहरू (armoured cars) आदि बनाउने
    - कन्क्रीट मिक्सर लरीहरू बनाउने
    - ATVs, गो कार्ट र यस्तै प्रकारका रेस कारहरू बनाउने

यस वर्गमा निम्न क्रियाकलापसमेत समावेश हुन्छन् ।

- मोटरगाडीको इन्जिनको पुनर्निर्माण गर्ने कारखाना

यस वर्गमा निम्न क्रियाकलापसमेत समावेश हुन्छन् ।

- मोटरगाडीको बत्तीका उपकरणको उत्पादन, हेर्नुहोस् २७४०
- पिस्टन, पिस्टन रिङ र कार्बोरेटरहरूको उत्पादन, हेर्नुहोस् २८११
- कृषिको काम गर्ने ट्र्याक्टरहरूको उत्पादन, हेर्नुहोस् २८२१
- निर्माण तथा उत्खननको काम गर्ने ट्र्याक्टरहरूको उत्पादन, हेर्नुहोस् २८२४
- सडकबाहिर फोहर फाल्ने ट्रकहरूको उत्पादन, हेर्नुहोस् २८२४
- मोटरगाडीको बडीहरूको उत्पादन, हेर्नुहोस् २९२०
- मोटरगाडीको विद्युतीय भागहरूको उत्पादन, हेर्नुहोस् २९३०
- मोटरगाडीको पार्टस् र एक्सेसरिजको उत्पादन, हेर्नुहोस् २९३०
- ट्याङ्क र सैनिक लडाकु गाडीहरूको उत्पादन, हेर्नुहोस् ३०४०
- मोटरगाडीको मर्मत सम्भार र हेरफेर, हेर्नुहोस् ४५२०

## 292 मोटरगाडीको बडी (कोचवर्क) बनाउने, मोटरले तान्ने ट्रेलर र सेमी ट्रेलरको उत्पादन (Manufacture of bodies (coachwork) for motor vehicles; manufacture of trailers and semi -trailers)

### 2920 मोटरगाडीको बडी (कोचवर्क) बनाउने, मोटरले तान्ने ट्रेलर र सेमी ट्रेलरको उत्पादन (Manufacture of bodies (coachwork) for motor vehicles; manufacture of trailers and semi -trailers)

यस वर्गमा मोटरगाडीको बडी बनाउने, मोटरले तान्ने ट्रेलर र सेमीट्रेलर बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- मोटरगाडीको बडी बनाउने, मोटरगाडीहरूका लागि क्याबहरू बनाउने, सबै प्रकारका मोटरगाडीहरू, ट्रेलर र सेमी ट्रेलरहरूका बाह्य फिटिङका सामानहरू उत्पादन गर्ने
- ट्रेलर र सेमी ट्रेलरहरूको उत्पादन कार्य जस्तै:

- सामानहरू ओसार पसार गर्ने  ट्याङ्करहरू, छुट्याउन मिल्ने ट्रेलरहरू आदि
- यात्रुहरू ओसार पसार गर्ने क्याराभान ट्रेलर, ट्रली आदि

- एक वा बढी माध्यमहरूबाट यातायतका क्यारिजहरूका लागि कन्टेनरहरू बनाउने कार्य

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- विशेषतः कृषि प्रयोजनका लागि डिजाइन गरिएको ट्रेलर र अर्धट्रेलरहरूको उत्पादन, हेर्नुहोस् २८२१
- मोटरगाडीको पार्टस् र एक्सेसरिजको उत्पादन, हेर्नुहोस् २९३०
- जनावरले तान्ने गाडीहरूको उत्पादन, हेर्नुहोस् ३०९९

## 293 मोटरगाडीका पार्टपुर्जाहरू तथा सहायक सामानहरूका उत्पादन (Manufacture of parts and accessories for motor vehicles)

## 2930 मोटरगाडीका पार्टपुर्जाहरू तथा सहायक सामानहरूका उत्पादन (Manufacture of parts and accessories for motor vehicles)

यस वर्गमा मोटरगाडीका पार्टपुर्जाहरू तथा जगेडा सामानहरू बनाउने निम्न क्रियाकलापहरू पर्दछन् ।

- मोटरगाडीहरूका लागि विविध प्रकारका पार्टपुर्जाहरू र सहायक सामानहरूको उत्पादन कार्य जस्तैः
  - ब्रेकहरू, गियर बक्सहरू, एक्सलहरू, रोडह्वील पाँग्राहरू, सस्पेन्सन शक एव्जर्वरहरू, रेडिएटरहरू, साइलेन्सरहरू, एक्सहस्ट पाइपहरू, क्याटालाइटिक कन्भर्टरहरू, क्लचहरू, स्टेरिङह्वीलहरू, स्टेरिङ कोलुम्न वा डण्डा,र स्टेरिङ बक्सहरू आदि
- मोटरगाडीहरूका लागि बडीहरूको पार्टपुर्जाहरू र  सहायक सामानहरूको उत्पादन कार्य जस्तैः
  - सेफ्टी वेल्टहरू, एयरब्यागहरू, ढोकाहरू, वम्परहरू आदि
- कार तथा मोटरको सिट बनाउने
- मोटरगाडीका विद्युतीय मेसिन तथा उपकरणहरू जस्तैः जेनेरेटरहरू, अल्टरनेटरहरू, स्पार्क प्लगहरू, इग्निसन वाइरिङ हारनेस, पावर वीण्डो र डोर सिस्टम, इन्स्ट्रुमेन्टल प्यानेलहरूमा खरिद गरिएका गजेजको एसेम्ब्ली सामानहरू, भोल्टेज रेगुलेटरहरू आदि बनाउने

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन्

- टायरहरूको उत्पादन, हेर्नुहोस् २२११
- नरम रबर ट्युब र फिताहरू तथा रबरका अन्य पदार्थहरूको उत्पादन, हेर्नुहोस् २२१९
- गाडीका बाट्रीहरूको उत्पादन, हेर्नुहोस् २७२०
- गाडीका बाट्रीहरूको उत्पादन, हेर्नुहोस् २७२०
- मोटरगाडीको बत्तीका उपकरणको उत्पादन, हेर्नुहोस् २७४०
- पिस्टन, पिस्टन रिङ र कार्बोरेटरहरूको उत्पादन, हेर्नुहोस् २८११
- मोटरगाडी र इन्जिनको निम्ति पम्पहरूको उत्पादन, हेर्नुहोस् २८१३
- मोटरगाडी र इन्जिनको निम्ति पम्पहरूको उत्पादन, हेर्नुहोस् २८१३
- मोटरगाडीको मर्मत सम्भार र हेरफेर, हेर्नुहोस् ४५२०

## 30 अन्य यातायातका उपकरणका उत्पादनहरू (Manufacture of other transport equipment)

यातायातका उपकरणहरू जस्तैः पानीजहाज बनाउने, डुङ्गा बनाउने, रेल रोलिङ स्टक बनाउने र locomotives बनाउने, हवाई र स्पेश जहाज निर्माण गर्ने र यी सबैका पाटपुर्जा उत्पादन गर्ने क्रियाकलापहरू यस डिभिजनमा पर्दछन् ।

## 301 पानीजहाज तथा डुङ्गाका उत्पादन (Manufacture of ships and boats)

यातायात वा अन्य व्यवसायिक प्रयोजनमा वा खेलका लागि उत्पादन गरिने पानीजहाज, डुङ्गा र अन्य पानीमा तैरने सामग्रीको उत्पादन गर्ने यस समूहमा पर्दछन् ।

## 3011 पानीजहाज तथा डुङ्गा, फेरी आदिका उत्पादनहरू (Building of ships and floating structure)

पानीजहाज तथा डुङ्गा, फेरी आदि बनाउने क्रियाकलापहरू यस वर्गअन्तर्गत पर्दछन् ।

- व्यवसायिक पानीजहाज तथा डुङ्गा, फेरी निर्माण जस्तैः
  - यात्रुवाहक डुङ्गा/पानीजहाज, फेरी डुङ्गा, कार्गो डुङ्गा, जलयातायातका सबै प्रकारका ढुवानीका साधनहरू उत्पादन
- जलयातायातका सबै प्रकारका युद्धका तथा वैज्ञानिक अनुसन्धानमा प्रयोग हुने साधनहरू उत्पादन
- माछामार्ने डुङ्गा बनाउने, माछा मार्ने प्रयोजनका अन्य जलयातायातका संरचनाको उत्पादन
- जलयातायातका अन्य संरचनाहरूको (पन्टुस, ड्रम, तखत, फ्लोटिङ ट्याङ्क, बार्ज, लाइटर, क्रेन, मनोरञ्जनकार्यमा प्रयोग नहुने हावा भर्ने डुङ्गाहरू आदि) उत्पादन
- तैरने संरचना र पानीजहाजका भागहरूको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- पानीजहाज तथा डुङ्गाहरूका पार्टपुर्जा उत्पादन (हेर्नुहोस् १३९२),
- पानीजहाजका प्रपोलर (पंखा) उत्पादन गर्ने (हेर्नुहोस् २५९९),
- फलाम वा इस्पातको अङ्कुशहरूका उत्पादन (हेर्नुहोस् २५९९),
- समुद्री इन्जन उत्पादन (हेर्नुहोस् २८११),
- डुङ्गा चलाउने उपकरणहरको उत्पादन (हेर्नुहोस् २६५१),
- पानीजहाज तथा डुङ्गाहरूको निमित्त बत्तीहरूको उत्पादन (हेर्नुहोस् २७४०),
- पानी तथा जमिनदुवैमा चल्ने मोटरहरू उत्पादन (हेर्नुहोस् २९१०),
- मनोरञ्जनको लागि हवा भर्ने डुङ्गा वा र्‍याफ्टिङ उत्पादन (हेर्नुहोस् ३०१२),
- पानीजहाज तथा डुङ्गाहरूका विशेष मर्मत तथा सम्भार (हेर्नुहोस् ३३१५),
- डुङ्गा पानीजहाजहरू स्क्राज गर्ने (हेर्नुहोस् ३८३०),
- डुङ्गा पानीजहाजहरूको आन्तरिक सजावट (हेर्नुहोस् ४३३०)

## 3012 मनोरञ्जन र खेलका लागि डुङ्गा उत्पादन (Building of pleasure and sporting boats)

मनोरञ्जन र खेलका लागि प्रयोग हुने डुङ्गा उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- इनफ्लेटेबुल डुङ्गा र रेफ्टर बनाउने
- सिलवोट (पालदार डुङ्गा) मोटर रहित वा सहित डुङ्गा उत्पादन
- मोटर डुङ्गा निर्माण गर्ने
- मनोरञ्जन प्रकारको होवर क्राफ्ट निर्माण गर्ने
- व्यक्तिगत (सानासाना एक व्यक्ति मात्र बस्न हुने) पानी डुङ्गा उत्पादन गर्ने
- मनोरञ्जन तथा खेलका लागि प्रयोग हुने अन्य डुङ्गा जस्तैः स्कफी, रोइड वोट, कायक, क्यानोज आदि उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- मनोरञ्जन वा खेलको प्रयोग हुने पानीजहाज तथा डुङ्गाहरूका पार्टपुर्जा उत्पादन (हेर्नुहोस् १३९२),
- फलाम वा इस्पातको अङ्कुशहरूका उत्पादन (हेर्नुहोस् २५०९),
- समुद्री इन्जन उत्पादन (हेर्नुहोस् २८११)
- sailboards and surfboards को उत्पादन (हेर्नुहोस् ३२३०)
- डुङ्गाको अन्य विकल्प वा मर्मतसम्भार (हेर्नुहोस् ३३१५)

## 302 रेलवे लोकोमोटिभ (इन्जिन) र रोलिङ स्टक उत्पादन (Manufacture of railway locomotives and rolling stock)

### 3020 रेलवे लोकोमोटिभ (इन्जिन) र रोलिङ स्टक उत्पादन (Manufacture of railway locomotives and rolling stock)

रेलवे लोकोमोटिभ इन्जिन र रोलिङ स्टक उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- विद्युत्, डिजेल, बाफ आदिबाट चल्ने रेल इन्जिन उत्पादन
- स्वचालित रेलवे, ट्रामवे कोच, भ्यान, ट्रक, उत्पादन वा मर्मतसम्भार
- ट्रामवे, रेलवे रोलिङ स्टक आफै नचल्ने किसिमका जस्तैः यात्रु डिब्बा, सामान राख्ने भ्यान, ट्याङ्क कार, आफै डिस्चार्जहुने खाले भ्यान, वर्कशप भ्यान, क्रेन भ्यान आदिको उत्पादन
- ट्रामवे, रेलवे रोलिङ स्टकमा प्रयोग हुने विशेष किसिमका पार्टपुर्जाहरू (जस्तैः वोगिज, एकसेल र पाँग्रा, व्रेक र व्रेक अन्य पाटपुर्जाहरू, हुक र कपलिङ उपकरण, वफर र वफरका पाटपुर्जाहरू, शक एबजोरभर, इन्जिनको फ्रेम, वडी, कोरिडोर कनेक्सन आदि) उत्पादन
- ट्रामवे, रेलवे, अन्तराष्ट्रिय जलमार्ग, सडक, पार्किङ सुविधा, एयरपोर्ट आदिमा सुरक्षा दिने यान्त्रिक सङ्केतहरू (यातायात नियन्त्रणमा प्रयोग हुने बत्ती, ट्राफिक बत्तीका) आदि उपकरण उत्पादन
- उत्खनन् इन्जिन र उत्खनन्मा प्रयोग हुने रेलकारहरूको निर्माण
- रेलवे कार सिटको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- नजोडिएका रेलका लिगहरू (हेर्नुहोस् २४१०),

- ○ जोडिएका रेलका लिगहरूका फिक्सरहरू (हेर्नुहोस् २५९९),
- ○ विद्युत् मोटर (हेर्नुहोस् २७१०),
- ○ विद्युतीय सङ्केतहरू (हेर्नुहोस् २७९०),
- ○ इन्जन, टरबाइन (हेर्नुहोस् २८११)

## 303 वायुयान, अन्तरिक्षयान र तत्सम्बन्धी मेसिन तथा उपकरणका उत्पादन (Manufacture of air and spacecraft and related machinery)

## 3030 वायुयान, अन्तरिक्षयान र तत्सम्बन्धी मेसिन तथा उपकरण उत्पादन (Manufacture of air and spacecraft and related machinery)

वायुयान, अन्तरिक्षयान र तत्सम्बन्धी मेसिन तथा उपकरण उत्पादन क्रियाकलापहरू यसअन्तर्गत पर्दछन् ।

- हवाईजहाज निर्माण (सामान ढुवानी, यात्री वाहक, सैनिक कार्य, खेल वा अन्य सबै प्रकारका कार्यको लागि)
- हेलिकोप्टर निमार्ण गर्ने
- ग्लाइडर, हेङ ग्लाइडर तथा
- वेलुनयान (dirigibles) र तातो हावा वेलुन (hot air balloons)
- हवाईजहाज, आन्तरिक्ष जहाज आदिका प्रयोग हुने पार्टपुर्जा हरूको निर्माण
  - मुख्य जडानका पार्ट जस्तैः फ्यूलेन्स, पखेटा, झ्याल, ढोका, ल्याण्डीङ गिएर, इन्धन टङ्की, नेशलेस,
  - एयर स्क्रु, हेलीकप्टर रोटर, प्रोपेल्ड रोटर पाता
  - जहाजमा प्रयोग हुने मोटर र इन्जनहरू
  - जहाजमा प्रयोग हुने टर्वोजेट र टर्वोप्रोपेलर
- प्रशिक्षणकार्यको लागि बनाइएका वायुयानका यन्त्रहरूको उत्पादन
- भू उपग्रह, खगोलीय अनुसन्धान यन्त्र, अरवेटिक स्टेशन, शटल आदिजस्ता मिसाइल उत्पादन गर्ने
- अन्तर महादेशीय ballistic missiles को निर्माण
- हवाई इन्जनको ओभरहल गर्ने वा वदल्ने कार्य
- हवाईजहाजका सिटहरू बनाउने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ प्याराशुट बनाउने (हेर्नुहोस् १३९२),
- ○ सेनाको लागि अस्त्र शस्त्र बनाउने (हेर्नुहोस् २५२०),
- ○ भूउपग्रहकोलागि दूरसञ्चारका उपकारणहरू बनाउने (हेर्नुहोस् २६३०),
- ○ हवाईजहाज उपकरण, एरोनेटिकल उपकरण बनाउने (हेर्नुहोस् २६५१),
- ○ हवाईजहाज सञ्चालन प्रणाली बनाउने (हेर्नुहोस् २६५१),
- ○ हवाईजहाजको लागि वत्तीका उपकरणहरू बनाउने (हेर्नुहोस् २७४०),
- ○ इन्जनमा प्रयोग हुने आन्तरिक स्पार्कगर्ने उपकरण बनाउने (हेर्नुहोस् २७९०),
- ○ पिस्टन, पिस्टन रिङ र कारवोरेटर बनाउने (हेर्नुहोस् २८११),

○ जहाजको लन्चीङ गिएर, एयरकाप्ट क्यरियर आदि उपकरण बनाउने (हेर्नुहोस् २८२९)

## 304 युद्धसम्बन्धी सैनिक गाडी उत्पादन (Manufacture of military fighting vehicle)

### 3040 युद्धसम्बन्धी सैनिक गाडी उत्पादन (Manufacture of military fighting vehicle)

सैनिक युद्धसम्बन्धी गाडी उत्पादन गर्ने कार्य यसअन्तर्गत पर्दछन् ।

- युद्ध ट्याङ्क, वख्तरवन्द गाडी
- हतियारले सुसज्जीत सैनिक मोटरगाडीको निर्माण
- अन्य सैनिकद्वारा युद्धमा प्रयोग हुने गाडीहरू

नोटः युद्धको लागि आवश्यक पर्ने हातहतियार उत्पादन गर्ने क्रियाकलापहरू

○ यसअन्तर्गत पर्दैन (हेर्नुहोस्  २५२०)

## 309 अन्यत्र उल्लेख नभएका यातायातका उपकरण उत्पादन (Manufacture of trasport equipment n.e.c.)

यस समूहमा मोटरगाडी, रेल, पानी, हवाई तथा अन्तरिक्षका यातायातका उपकरण बनाउनेबाहेक अन्य यातायातका उपकरणहरूको उत्पादन पर्दछन् ।

### 3091 मोटरसाइकल बनाउने क्रियाकलापहरू (Manufacture of motorcycles)

मोटरसाइकल बनाउने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- मोटर साइकल, मोपेड र सहायक इन्जिन भएका मोटरसाइकल बनाउने
- मोटरसाइकलका इन्जिन बनाउने
- साइडकार बनाउने
- मोटरसाइकल, मोपेड आदिमा  प्रयोग हुने पाटपुर्जा बनाउने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

○ साइकल बनाउने (हेर्नुहोस्  ३०९२),

○ अपाङ्गमैत्री यातायताका साधन बनाउने (हेर्नुहोस्  ३०९२),

### 3092 साइकल तथा अपाङ्गमैत्री यातायातका साधनहरू उत्पादन (Manufacture of bicycles and invalid carriages)

साइकल तथा अपाङ्गमैत्री यातायातका साधनहरूको उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- साइकलहरू, रिक्साहरू, तीन पांग्रे साइकलहरू, बच्चाको साइकल, ट्राइसाइकल, टान्डेम, आदि मोटरबिना चल्ने यातायातका साधनहरू बनाउने
- साइकल, रिक्सा तीन पांग्रे साइकलहरू, बच्चाको साइकल, ट्राइसाइकल आदिका पार्टपुर्जा तथा यसका सहायक सामानहरू बनाउने

- मोटर जडित वा रहित अपाङ्गमैत्री यातायातका साधनहरू बनाउने
- अपाङ्गमैत्री यातायातका साधनहरू पार्टपुर्जा तथा सहायक सामानहरू बनाउने
- बच्चा बोक्ने (baby carriages) साइकल बनाउने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- सहायक मोटर भएको साइकल बनाउने (हेर्नुहोस् ३०९१),
- बच्चाहरूले चढेर खेलाउन मिल्ने साइकलन वा ट्राइसाइकल खेलौना बनाउने (हेर्नुहोस् ३२४०)

## 3099 अन्यत्र उल्लेख नभएका अन्य यातायातका उपकरण उत्पादन (Manufacture of other trasport equipment n.e.c.)

अन्यत्र उल्लेख नभएका अन्य यातायातका उपकरण उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन्

- हातले धकेल्ने गाडी, सानासाना झोला राख्ने ट्रक, सामान खरिद गर्दा प्रयोग गर्ने सपिड कार्ट, ठेलागाडा, आदि बनाउने क्रियाकलाप
- जनवरले तान्ने सवारीका साधनहरू जस्तैः वग्गी, टाँगा, गोरुगाडा, लडु, लडिया, डनलप आदिको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

काम गर्ने ट्रक जुन उचाल्ने वा पकड्ने साधान जोडेको वा नजोडेको, आफै चल्ने वा नचल्ने, उद्योगमा प्रयोग हुनेखाले ट्रकको निमार्ण (हेर्नुहोस् २८१६),

रेस्टुरेन्टमा सजाउने खालका कार्ट जस्तैः डेजर्ट कार्ट, फुड वैगन बनाउने (हेर्नुहोस् ३१००),

## 31 फर्निचर बनाउने क्रियाकलापहरू (Manufacture of furniture)

यसमा डिभिजनमा सबै प्रकार फर्निचर तथा सो सम्बन्धित अन्य कुनै पनि सामग्रीका सामानहरू (ढुङ्गा, सिमेन्ट र माटाकाबाहेक) उत्पादन गर्ने क्रियाकलापहरूलार्य समावेश गरिएको छ । फर्निचर निमार्णको प्रक्रियामा निमार्ण सामग्रीलाई आकार दिने, जोड्ने, काट्ने छाट्ने, मोडलिङ गर्ने, लेमिनेसन गर्ने आदि क्रियाकलापहरू यसै डिभिजनअन्तर्गत पर्दछन् । उत्पादन गरिने वस्तुको सौन्दर्यता तथा गुणस्तरता कायम गर्न गरिने नक्साङ्कन, डिजाइन,  आदि प्रक्रियाहरू यस उत्पादनका महत्वपूर्ण पक्षहरू हुन् ।

फर्निचर निर्माणका केही प्रक्रियाहरू अन्य सामग्री उत्पादन गर्दा गरिने प्रक्रियाहरू समान हुन्छन् । जस्तैः काठका फर्निचर वनाउदा काठ काट्ने, रन्दा एसेम्वलगर्ने कार्यहरू डिभिजन १६ मा (काठ वा काठका सामग्री उत्पादन गर्ने) पनि वर्गीकृत गरिएको छ । तथापि धेरै यस्ता वहु प्रक्रियाहरू छन् जुन उत्पादन गरिने सामग्रीअनुसार काठका फर्निचर उत्पादन गर्ने वा काठका वस्तु उत्पदान गर्ने वीच विभेद गर्न सकिन्छ। त्यसै गरी धातुका फर्निचर उत्पादनमा प्रयोग गरिने प्रविधि नै डिभिजन २५ (अन्य विभिन्न टाँचामा बनेका वस्तुहरू उत्पादन गर्ने क्रियाकलाप) का सामग्रीहरू उत्पादनमा गरिएको हुन्छ। अन्य प्लास्टिकका सामानको उत्पादन गर्दा गरिने  मोडलिङ प्रक्रिया र प्लास्टिक फर्निचरको उत्पादन गर्दा गरिने  मोडलिङ प्रक्रिया समान नै हुन्छ। तर प्लास्टिक फर्निचरको उत्पादन गर्दा गरिने विशेष प्रकारको हुन्छ।

## 310 फर्निचर बनाउने क्रियाकलापहरू (Manufacture of furniture)

## 3100 फर्निचर बनाउने क्रियाकलापहरू (Manufacture of furniture)

यसमा सबै प्रकार फर्निचर (ढुङ्गा, सिमेन्ट र माटोकाबाहेक) बनाउने क्रियाकलापहरू यस वर्गमा पर्दछन् । यसमा फर्निचर भन्नाले कुर्सी, टेबुल, सोफा, सोफासेट, सोफाखाट, खाट, दराज आदिलाई वुझ्काउदछ ।

- कार्यालय, काम गर्ने कोठा, छात्रवास,रेस्टुरेन्ट, सार्वजनिक तथा घरायसी हातामा प्रयोग हुने कुर्सी तथा बस्ने सिटहरूको उत्पादन
- सिनेमाहल, नाटकघर जस्ता ठाउँमा प्रयोग हुने कुर्सी तथा बस्ने सिटहरूको उत्पादन
- सोफा, सोफा वेड तथा सोफा सेटहरूको उत्पादन
- फूलवारी वा बगैंचामा प्रयोग हुने कुर्सी तथा बस्ने सिटहरूको उत्पादन
- पसलमा प्रयोग हुने विशेष प्रकारका फर्निचरहरू जस्तैः सो केस, तखता, काउण्टर, डिस्प्ले केस आदिको उत्पादन
- स्कुल, रेस्टुरेन्ट, मन्दिर, गुम्वा, गुरुद्वारा, मस्जिद, चर्च आदिमा प्रयोग हुने फर्निचरको उत्पादन
- कार्यालयमा प्रयोग हुने फर्निचरको उत्पादन
- भन्सामा प्रयोग हुने फर्निचरको उत्पादन
- बेडरुम, बैठक, बगैंचामा प्रयोग हुने फर्निचरको उत्पादन
- सिलाइ मेसिन, टेलिभिजन, कम्प्युटर आदि राख्ने क्याविन उत्पादन
- प्रयोगशालामा प्रयोग हुने वेन्च, स्टुल अन्य बस्ने कुर्सीहरू, क्याविनेट, टेबुलजस्ता फर्निचर उत्पादन
- फर्निचरमा प्रयोग हुने (Upholstery) छोप्ने, सजाउने वुनाई वा कडाइ गरेका वस्तु उत्पादन गर्ने
- फर्निचरमा स्प्रे गर्ने, पालिस गर्ने, फिनिसिङ गर्ने कार्य
- स्प्रीङ भएको वा नभएको डसना वा म्याट्रेस फिटिङगर्ने फ्रेम उत्पादन
- खोल नभएको रबर वा प्लास्टिकले बनेका डसना, मेस्ट्रेस उत्पादन
- सजावटका फर्निचर उत्पादन गर्ने
- रेस्टुरेन्टमा  खाना, मिठाइ आदि पकवानहरू सजाएर राख्नका लागि प्रयोग गरिने गाडा आदि फर्निचर बनाउने कार्य

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- सिरानी, कुशन, पफ्स, सिरक, इडरडाउन्स आदि निर्माण (हेर्नुहोस् १३९२),
- पराल, छ्वाली आदिबाट बनाइने चकटी, मान्द्रो सुकुल, भकारी उत्पादन (हेर्नुहोस् १६२९),
- हवा भर्ने रबरका डसना, सोफाहरू निर्माण (हेर्नुहोस् २२१९),
- माटो, सिमेन्ट र रोडा, ढुङ्गा,बाट बनेका फर्निचर (हेर्नुहोस् २३९३,२३९५,२३९६),
- बत्ती फिटिङ र लैम्प बनाउने (हेर्नुहोस् २७४०),
- कालोपाटी (हेर्नुहोस् २८१७),
- कारको सिटहरू, जहाजका सिटहरू बनाउने (हेर्नुहोस् २९३०, ३०२०,२०३०),
- प्रयोगशाला उपकरणमा फर्निचर जडानगर्ने, पार्टीसनमा जडानसर्ने, मोड्यूलर फर्निचरमा जोडिएको (हेर्नुहोस् ४३३०)

## 32 अन्य उत्पादनका क्रियाकलापहरू (Other manufacturing)

यसमा डिभिजनमा अन्य भागको वर्गीकरणमा समावेश नगरिएका विभिन्न प्रकारका उत्पादनहरू समावेश गरिएको छ । यी बाँकी रहेका उत्पादनका क्रियाकलाप भएकाले उत्पादन प्रक्रिया, कच्चा सामग्री र उत्पादित सामग्रीको प्रयोगमा व्यापकरूपले फरक पर्न सक्दछ र समूहको वर्गीकरण पनि अन्य उत्पादनको वर्गीकरणमा प्रयोग गरिएको पद्धति यसमा प्रयोग भएको छैन ।

### 321 गहना, आभूषण तथा तत्सम्बन्धी उत्पादन (Manufacture of jewellery, bijouteries and related articles)

#### 3211 गहना, आभूषण तथा तत्सम्बन्धी उत्पादन (Manufacture of jewellery, bijouteries and related articles)

गहना, आभूषण तथा तत्सम्बन्धी सामान उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- बनाइएको मोती उत्पादन
- बहुमूल्य पत्थर वा अर्धबहुमूल्य पत्थर उत्पादन (worked state) वा औद्योगिक गुणस्तरका पत्थर, नक्कली पत्थर वा बहुमूल्य पत्थर वा अर्धबहुमूल्य पत्थरको पुनः उत्पादन आदि का उत्पादन गर्ने क्रियाकलापहरू
- बहुमूल्य हिरा उत्पादन
- बहुमूल्य धातुहरूका आभूषणका उत्पादन वा बहुमूल्य धातुसँग जडिएको आधार धातु (Base metal), वा बहुमूल्य वा अर्धबहुमूल्य पत्थर वा बहुमूल्य धातुको संयोजन र वहु मूल्य तथा अर्धबहुमूल्य पत्थर वा अन्य सामग्रीसँग संयोजन गरिएको हिराका आभूषणका उत्पादन
- बहुमूल्य धातुहरूका वा बहुमूल्य धातु जडित आधार धातुबाट सुनको काम गर्नेहरूले उत्पादन गर्ने आभुषणहरू,
- सुनको काम गर्नेहरूले निर्माण गर्ने Dinnerware, flatware, hollowware, सौन्दर्यका वस्तुहरू, कार्यालय वा डेस्क वस्तुहरू वा धार्मिक वस्तुहरूको उत्पादन
- प्रविधिक वा प्रयोगशालामा प्रयोग हुने बहुमूल्य धातुका वस्तुहरू (त्यसका उपकरण तथा पार्टहरूबाहेक) जस्तैः crucibles, spatulas, विद्युतीय प्लेटिङ एनोड्स आदिका उत्पादन
- बहुमूल्य धातुका नाडी घडीको चेन, नाडी व्याण्ड, नाडी घडीको स्ट्रयाप र चुरोट राख्ने वट्टाको उत्पादन
- पैसाको उत्पादन, सरकारद्वारा टेण्डरगरी बनाउन दिएका बहुमूल्य वा साधारण धातुको पैसाको उत्पादन
- बहुमूल्य वा साधारण धातुमा कुदीएर सामग्रीहरू उत्पादन गर्ने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- कपडा, छाला, प्लास्टिक, रबर जस्ता गैरधातुले बनेका घडीका वेण्ड (हेर्नुहोस् १५१२),
- धातुले बनेका वस्तुहरू (बहुमूल्य धातु जस्तैः सुन चाँदीका जलप लगाएको भएपनि) (हेर्नुहोस् डिभिजन २५),
- घडीको केस बनाउने (हेर्नुहोस् २६५२),

- ○ बहुमूल्य धातुबाहेक अन्य धातुबाट घडीको चयन बनाउने (हेर्नुहोस् ३२१२),
- ○ नक्कली गहना बनाउने (हेर्नुहोस् ३२१२),
- ○ हाते घडी, भित्तेघडी बनाउने (हेर्नुहोस् २६५२)

### 3212 नक्कली गहना तथा तत्सम्बन्धी सामान उत्पादन क्रियाकलापहरू (Manufacture of imitation jewellery and related articles)

नक्कली गहना तथा तत्सम्बन्धी सामान बनाउने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- नक्कली गहनाहरू जस्तै : औंठी, ब्रासलेट, नेकलेस, तिलहरी, सिक्री आदि बनाउने
- हिरा, मोती माणिक, मणी आदिका नक्कली पथ्थरहरू बनाउने
- साधारण धातुको घडीको चेन उत्पादन (बहुमूल्य धातुका नाडी घडीको चेनबाहेक)

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ कपडा, छाला, प्लास्टिक, रबर जस्ता गैरधातुले बनेका घडीका वेण्ड (हेर्नुहोस् १५१२),
- ○ बहुमूल्य धातुले बनेका घडीका वेण्ड (हेर्नुहोस् ३२११),
- ○ बहुमूल्य धातु वा सोका जलप लगाएको धातुमा बहुमूल्य पत्थर जडित गहनाहरू (हेर्नुहोस् ३२११)

## 322 सङ्गीत वाद्ययन्त्र सामग्रीहरू उत्पादन (Manufacture of musical instruments)

### 3220 सङ्गीत वाद्ययन्त्र सामग्रीहरू उत्पादन (Manufacture of musical instruments)

- तारवाला वाद्य यन्त्र (विद्युत्को प्रयोगबाट ध्वनि आउनेबाहेक) निर्माण जस्तैः गिता, सितार, सारङ्गी
- किबोर्ड भएको तारवाला संगितका वाद्यवादनहरू, स्वचालित पियानोसमेतहरूको उत्पादन
- किबोर्ड भएको पाइपवाला संगितका वाद्यवादनहरू, जस्तैः हार्मोनियम आदि, र यस्तै कि बोर्ड भएको खुला रिडको (Free Reeds) वाद्यवादन यन्त्रको उत्पादन
- मौरीबाजा वा यस्तै प्रकारका वाद्यवादन यन्त्रको उत्पादन
- मुखले फुकेर वज्ने वाद्य यन्त्र उत्पादन जस्तैः वासुरी, मुरली, स्याक्सोफोनहरू, शहनाइ,नरसिंङ्गा आदि
- हानेर वा ठोकेर वज्ने वाद्ययन्त्रहरूको उत्पादन जस्तैः तवला मादल, ढोल, दमाह आदि
- विद्युतीय माध्यमबाट उत्पादन हुने वाद्य यन्त्रहरूको उत्पादन जस्तैः विद्युतीय गितार आदि
- वाद्यवादन उपकरणका पार्ट वा सोका सहायक सामग्रीहरू उत्पादन गर्ने क्रियाकलापहरू :
- सिठ्ठी, मुखबाट सुसेली निकाल्ने अन्य सामान उत्पादन गर्ने क्रियाकलापहरू

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ रेकडेड ध्वनि वा भिडियोहरूको पुनः उत्पादन गर्ने (हेर्नुहोस् १८२०),
- ○ सीडि प्लेयर, डिभिडि प्लेयर जस्ता उपकरण र त्यससम्बन्धी उपकरणहरूको निमार्ण (हेर्नुहोस् २६४०),
- ○ माइक्रोफोन, एम्प्लीफाएर, लाउडस्पीकर, हेडभोन आदि उपकरणका निमार्ण (हेर्नुहोस् २६४०),

○ सङ्गीत वाद्ययन्त्रको निमार्ण (हेर्नुहोस् ३२४०),
○ अर्गन तथा ऐतिहासीक वाद्य यन्त्रहरूको पुनः निमार्ण (हेर्नुहोस् ३३१९),
○ पियानोको ट्यूनिङ (हेर्नुहोस् ९५२९)

## 323 खेलकुदका सामान उत्पादन (Manufacture of sports goods)

## 3230 खेलकुदका सामान उत्पादन (Manufacture of sports goods)

खेलकुदका सामान बनाउने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

— घर बाहिर तथा घर भित्र खेलिने खेलकुदका सामग्रीहरू

- कडा वा नरम र हावा भर्ने वल बनाउने
- रकेट, व्याट, क्लब बनाउने
- स्की, वीण्डिङ्ग, पोल,
- स्की वुट,
- सेलबोर्ड र सर्फवोड आदि बनाउने
- माछा मार्ने खेल वा जमिनमा प्रयोग हुने जालीसमेत
- शिकार खेल्न, पहाड चढ्न चाहिने सामग्रीहरूको उत्पादन
- बक्सीड खेलमा प्रयोग गर्ने पन्जा, हेडगेएर आदि उत्पादन
- आइस स्क्याट, रोलर स्क्याट आदि उत्पादन
- धनुष र धनुषवाण उत्पादन
- जीम्न्यास्टिक, फिट्नेस र एथलेटिक्स उपकरणको उत्पादन

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

○ जहाजको पाल उत्पादन गर्ने (हेर्नुहोस् १३९२),
○ खेलाडिको लागि खेलका लुगाहरू (हेर्नुहोस् १४१०),
○ घोडाचड्नको लागि काठी एवं पट्टीका बनाउने (हेर्नुहोस् १५१२),
○ खेलवाला जुत्ताहरू (हेर्नुहोस् १५२०),
○ खेल सम्बन्धित हतियारहरूको निमार्ण (हेर्नुहोस् २५२०),
○ भारत्तोलनका लागि चाहने भार (हेर्नुहोस् २५९९),
○ खेलका लागि उत्पादन गरिने मोटरगाडीहरू वा यस्तै अन्य उपकरण (हेर्नुहोस् डिभिजन २९, ३०),
○ डुङ्गा उत्पादन (हेर्नुहोस् ३०१२),
○ विलियर्ड टेबुल (हेर्नुहोस् ३०४०),
○ पौडी खेलाडीका लागि सुरक्षाका चाहिने कान, नाकमा लगाउने वस्तुहरू (हेर्नुहोस् ३२९०)

## 324 खेल र खेलौना उत्पादन (Manufacture of games and toys)

## 3240 खेल र खेलौना उत्पादन (Manufacture of games and toys)

खेलौना र खेलसामग्री  तथा गेम (इलेक्ट्रोनिक गेमसमेत), स्केल मोडल र बच्चाको गाडि खेलौना (धातुको साइकल वा ट्राइसाइकलबाहेक) उत्पादन गर्ने क्रियाकलापहरू यस वर्गअन्तर्गत पर्दछन् ।

- कपडाहरू प्रयोग गरी बनेका खेलौना वा त्यसका पार्ट र एसोसोरिजहरू उत्पादन
- Action Figure का खेलौना उत्पादन
- जनावर खेलौना उत्पादन
- संगितका खेलौना उत्पादन
- खेल्ने तासको उत्पादन
- बोर्ड गेम वा यस्तै प्रकारका गेमहरूको बोर्ड उत्पादन
- इलेक्ट्रोनिक गेम : चेस आदिको उत्पादन
- साइज (scale) घटाउने मोडल वा यस्तै प्रकारका पुनः निर्माण गर्न सकिने खेलौनाहरू, विद्युतीय ट्रेन, निर्माण सेट आदि खेलौनाको उत्पादन
- सिक्का हालेर चलाउने खेल, विलियार्ड र जुवाको लागि चाहिने विशेष टेबुल आदिको उत्पादन
- महोत्सवमा मनोरञ्जनको लागि राखिने खेलौना, टेबुल, पार्लर खेलहरूका वस्तुहरू उत्पादन
- पांग्रा भएका खेलौना जस्मा बच्चाहरू ले चढेर चलाउन सक्नेसमेत जस्तैः प्लास्टिकका साइकल, ट्राइसाइकल आदि
- इलेक्ट्रोनिक गेमहरू जस्तैः भिडियो गेमका सामान बनाउने
- पजल, नागपास, वाघचाल, उत्पादन
- अन्य उल्लेख नभएका खेलौनाहरू

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ भिडियो गेम कन्सोल बनाउने (हेर्नुहोस् २६४०),
- ○ साइकल बनाउने (हेर्नुहोस् ३०९०),
- ○ भिडियो गेम कन्सोलको लागि आवश्यक पर्ने सफ्वेयर लेख्ने वा प्रकाशन गर्ने (हेर्नुहोस् ५८२०, ६२०१)

## 325 सामान्य चिकित्सा तथा दन्त चिकित्साका उपकरण बनाउने र त्यसको आपूर्तिसम्बन्धी क्रियाकलापहरू (Manufacture of medical and dental instruments and supplies)

यस वर्गअन्तर्गत प्रयोगशालामा प्रयोग हुने उपकरण, सर्जिकल र मेडिकल चिकित्सामा प्रयोग हुने उपकरणहरू र त्यसका अन्य पार्टपुर्जाहरू, दन्त चिकित्साका उपकरण तथा त्यसका पार्टपुर्जाहरू अर्थाडेन्टीक (orthodontic) सामान तथा डेन्चर र orthodontic उपकरण बनाउने क्रियाकलापहरू यस वर्गमा पर्दछन् । मेडिकल, दन्तचिकित्सा आदिमा प्रयोग हुने फर्निचर जसमा केही विशेष उपकरण जडान गरिएको हुन्छ । जस्तैः दन्त चिकित्साको लागि प्रयोग हुने कुर्सी जसमा हाइड्रोलिक उपकरण रहेको हुन्छ जस्ता उपकरण उत्पादन गर्ने क्रियाकलापसमेत यसैअन्तर्गत पर्दछ ।

## 3250 चिकित्सा र दन्त चिकित्साका उपकरण उत्पादन (Manufacture of medical and dental instruments and supplies)

प्रयोगशालामा प्रयोग हुने उपकरण तथा पार्टपुर्जाहरू, सर्जिकल तथा मेडिकलका उपकरणहरू, सर्जिकलका सामग्री तथा त्यसमा प्रयोग आउने पाटपुर्जाहरू, दन्त चिकित्साका उपकरण बनाउने र त्यसको पार्टपुर्जाहरू, हाडसम्बन्धी सामग्री तथा उपकरणहरू मेडिकल, शल्यचिकित्सा, दन्त चिकित्सा, पशु चिकित्सा आदिमा प्रयोग हुने फर्निचरहरू बनाउनेसम्बन्धी क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- शल्यचिकित्साका उपकरण (drapes) र त्यसका निर्मलीकरण धागो, तारहरू र निर्मलीकरण टिस्यूहरू
- दाँतमा फिलिङगर्ने सिमेन्ट (दाँत टाँस्ने गमबाहेक), दन्त मोम र दाँत प्लास्टर गर्ने अन्य सामग्रीहरूको निर्माण
- हाडलाई पुनः निर्माण गर्ने सिमेन्टको निर्माण
- दन्त प्रयोगशालाका चुलोहरूको निर्माण
- प्रयोगशाला अल्ट्रासोनिक सफाइ मेसिनको निर्माण,
- प्रयोगशाला निर्मलिकरण (sterilizers) सामग्रीको निर्माण
- प्रयोगशालामा प्रयोग हुने विभिन्न प्रकारका distilling, centrifuges, आदि सामग्रीको उत्पादन
- मेडिकल, शल्यचिकित्सा, दन्त चिकित्सा, पशु चिकित्सा आदिमा प्रयोग हुने फर्निचरहरू :
    - अप्रेशन टेबुल
    - स्वास्थ्य परीक्षण टेबुल
    - अस्पताल वेड मेकानिकल जडानसहित
    - दन्त चिकित्सा कुर्सी (dentists' chairs)
- हाडको लागि चाहिने प्लेट्स (bone plates), पेच, सिरिन्ज, सुइ, क्याथेटर, क्यानल आदि बनाउने
- दाँतको चिकित्सा उपकरण (दन्त चिकित्सा कुर्सीसहित अन्य उपकरण जडान गरिएको)
- दन्त प्रयोगशालाको लागि बनाएको दाँत बाकस, अन्य दन्त प्लास्टर सामग्री, कृत्रिम दाँतहरू आदि बनाउने
- orthopedic and prosthetic उपकरणहरू बनाउने
- सिसाका आँखा निर्माण
- नेत्र चिकित्सकका सामग्रीहरू जस्तैः चस्माहरू (आइलेन्स, ग्लास आइ, सन ग्लास, कन्टाक्ट लेन्स, सुरक्षा प्रदानगर्ने चस्मा) र सोका उपकरणहरू बनाउने
- मेडिकलमा प्रयोग हुने थर्मोमिटर, रक्तचाप नाप्ने मिटर आदि बनाउने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- दाँत टाँस्ने सामग्री (हेर्नुहोस् २०२३),
- गर्भवतीले प्रयोग गर्ने चिकित्सक अस्तर, ड्रेसिङका सामानहरू (हेर्नुहोस् २१००),
- इलेक्ट्रो मेडिकल उपकरणहरू (हेर्नुहोस् २६६०)
- ह्वीलचेयर बनाउने (हेर्नुहोस् ३०९०),

## 329 अन्यत्र उल्लेख नभएका सामान उत्पादन (Other manufacture of n.e.c)

## 3290 अन्यत्र उल्लेख नभएका सामान उत्पादन (Other manufacture of n.e.c)

अन्यत्र उल्लेख नभएका सामान बनाउने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- प्रकोपमा सुरक्षित रहने सुरक्षा उपकरणहरू जस्तैः
    - आगो नलाग्ने सुरक्षित पोशाक,
    - लाइनम्यानको सुरक्षित पेटी,
    - कर्क लाइफ,
    - प्लास्टिकका कडा टोप हेलमेट,
    - फाएर फाइटिङ सुरक्षित पोशाक,
    - धातुका हेड गेएर तथा अन्य धातुका सुरक्षाका सामानहरू,
    - कान तथा नाकका प्लग,
    - ग्याँस मास्क आदि बनाउने
- कुचो, व्रस, हातले चलाउने यान्त्रिक भूइँ सफागर्ने कुचो, प्वाँकका सफागर्ने कुचो, डष्टर, रङ लगाउने व्रुस, रोलर आदि बनाउने
- जुत्ता तथा कपडामा प्रयोग गर्ने व्रुस बनाउने
- मेकानिक वा साधारण सबै प्रकारका कलम, पेन्सील उत्पादन
- पेन्सील लिड,
- मिति राख्ने, विर्को सिलगर्ने, नम्वर राख्ने मेसिन, हाते प्रिटिन्ङ उपकरण, इम्वोसिङ लेबल (embossing labels), हाते प्रिटिन्ङ सेट, टाइप राइटर रिवन, मसि प्याड आदि उत्पादन
- पन्जा उत्पादन
- घाम वा पानी प्रयोग हुने छाता, छाताको डाठ, लठ्ठी उत्पादन
- टाँक, दवाउने फास्नर, चिटपिटे टाँक, हुक टाँक, चयन (slide fasteners)
- सिगरेट  लाइटर,
- व्यक्तिगत उपयोगका वस्तुहरू जस्तैः स्मोकिङ पाइप, सेन्ट स्प्रे, भ्याकुम बोतल, अन्य भ्याकुम भएका भाँडा व्यक्तिगत वा घरायसी प्रयोगको लागि, नक्कली जुगा दाडी, आँखीभौ,आदि उत्पादन
- अन्य विविध सामग्रीहरूको उत्पादन जस्तैः मोमवत्ती/मैनवत्ती, पासो वा यस्तै अन्य वस्तु, पुष्प गुच्छा, पुष्प माला, पुष्प टोकरी, कृत्रिम पुष्प, फल र पातहरू, प्रहसनको लागि प्रयोग हुने सामग्री तथा विभिन्न प्रकारका हाते चाल्नाहरू
- ट्याक्सीडर्मी (उस्तै देखिने पशुको आकार बनाउने) कार्य

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- लाइटरको सलेदो बनाउने (हेर्नुहोस् १३२९),
- काम गर्दा लगाउने कपडाहरू जस्तैः प्रयोशालमा प्रयोग हुने अप्रोन, काम गर्ने ठाउँको ड्रेस (हेर्नुहोस् १४१०),
- नयाँ कागज बनाउने (हेर्नुहोस् १७०९),
- नयाँ प्लास्टिक बनाउने (हेर्नुहोस् २२२०)

## 33 मेसिन तथा उपकरणको जडान र मर्मत गर्ने क्रियाकलापहरू (Repair and installation of machinery and equipment)

यस डिभिजनमा औद्योगिक उत्पादन क्षेत्रका औदोगिक उत्पादन गर्ने उद्देश्यले विशेष प्रकारका मेसिन तथा उपकरणको जडान गर्ने क्रियाकलापहरू पर्दछन् । यी मेसिन तथा उपकरणहरूको कार्यदक्षता वढाउनको लागि र अनावश्यक मर्मतसम्भार रोक्नको लागि गरिने साधारण मर्मत तथा नियमित मर्मत पनि समावेश गरिएको छ ।

यस डिभिजनमा विशेष प्रकारको मर्मतसम्भार गर्ने क्रियाकलाप मात्र पर्दछ । मेसिनरी, उपकरण तथा र अन्य सामग्री उत्पादन गर्नेहरूले पनि मर्मत जस्ता अन्य काम पनि गर्दछन् । यस प्रकारको कार्यमा यी काम गर्ने र उत्पादन गर्ने क्रियाकलापमा लागेकाको वर्गीकरण मूल्य अभिवृद्धिको शिद्धान्तअनुसार गरिएको हुन्छ । यसै शिद्धान्तअनुसार यसको मर्मत सामान उत्पादनसँग जोडिएर आएको हुन्छ । यही शिद्धान्त नै संयुक्त व्यापार तथा मर्मतमासमेत लागुहुन्छ ।

मेसिनरी वा उपकरणहरूको पुनः निर्माण गर्ने वा उत्पादन गर्ने क्रियाकलाप अन्य डिभिजनमा समावेश गरिएको छ । उपभोक्ताले प्रयोग गर्ने  पूजीँगत वस्तुको रूपमा प्रयोग हुने अन्य उत्पादनलाई घरायसी सामग्रीको मर्मतसम्भार (जस्तैः कार्यालय, घरायसी फर्निचर मर्मत हेर्नुहोस् ९५२४) अन्तर्गत वर्गीकरण गरिएको छ ।

यस डिभिजनमा मेसिन तथा उपकरणहरूको विशेष प्रकारको जडान कार्य पनि समावेश गरिएको छ । तथापि घर निर्माणकै क्रममा आन्तरिक पार्टमा रहेका जडानहर जस्तैः विद्युतीय तार जडान, लिफ्ट, एस्केलेटर (escalators) को जडान, चोरी अलार्म प्रणाली, वातानकुलन यन्त्र (AC) जस्ता जडान कार्य पनि यसैअन्तर्गत समावेश गरिएको छ ।

औद्योगिक मेसिनहरूको सफाइ (हेर्नुहोस् ८१२९) र कम्प्युटर तथा सञ्चार उपकरणहरूको मर्मतसम्भार ( हेर्नुहोस् डिभिजन ९५१) र घरायसी सामग्रीहरू (हेर्नुहोस् डिभिजन ९५२) मा रहेकाले यसमा डिभिजनमा समावेश गरिएको छैन ।

## 331 धातुबाट बनेका मेसिन तथा उपकरणको  मर्मत गर्ने क्रियाकलापहरू (Repair of fabricated  metal product, machinery and equipment)

यस डिभिजनमा औद्योगिक उत्पादन क्षेत्रका औद्योगिक उत्पादन गर्ने उद्देश्यले धातुबाट बनेका विशेष प्रकारका मेसिन तथा उपकरणको मर्मत गर्ने क्रियाकलापहरू पर्दछन् । यी मेसिन तथा उपकरणहरूको कार्यदक्षता बढाउनको लागि र अनावश्यक मर्मतसम्भार रोक्नको लागि गरिने साधारण मर्मत तथा नियमित मर्मत पनि समावेश गरिएको छ ।  यस समूहमा निम्न कार्यहरू समावेश गरिएको छैन :

- मेसिनरी वा उपकरणहरूको पुनः निर्माण गर्ने वा उत्पादन गर्ने क्रियाकलाप (हेर्नुहोस् डिभिजन २५ देखि ३१ सम्मका वर्गहरूमा)
- औद्योगिक मेसिनहरूको सफाइ (हेर्नुहोस् ८१२९)
- कम्प्युटर तथा सञ्चार उपकरणहरूको मर्मतसम्भार (हेर्नुहोस् डिभिजन ९५१)
- घरायसी सामग्रीहरू (हेर्नुहोस् डिभिजन ९५२)

### 3311 धातुबाट बनेका बनेका सामानहरूको मर्मत गर्ने क्रियाकलापहरू (Repair of fabricated  metal product)

यस वर्गमा डिभिजन २५ मा उल्लेख गरिएका धातुबाट बनेका सामानहरूको मर्मत गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- पानीका ट्याङ्क, रिजर्भ्याएर र कन्टेनरको मर्मतसम्भार
- पाइप तथा पाइपलाईनको मर्मतसम्भार गर्ने
- वेल्डिङ गरिएका तर यताउता लैजान हुने सामानको मर्मतसम्भार गर्ने
- इस्पातको सिपिड ड्रमको मर्मतसम्भार गर्ने
- वाष्प तथा वाष्पीकरणबाट चल्ने जेनेरेटरका मर्मत तथा सम्भार गर्ने
- वाष्प तथा वाष्पीकरणबाट चल्ने जेनेरेटरका मर्मत तथा सम्भार गर्ने जगेडा र सहायक सामग्री जस्तैः कण्डनसर, इकोनोमाइजर, सुपरहिटर, वाष्प सङ्कलक आदिको मर्मतसम्भार गर्ने
- न्युक्लियर रिएक्टरको मर्मत तथा सम्भार गर्ने
- ब्वाइलर र ब्वाइलरको पार्टपुर्जाको मर्मत तथा सम्भार गर्ने
- मुख्य तापिय व्वाइलर र रेडिएटरको मर्मत गर्ने
- अग्नि सङ्केत अलार्म, संस्कृति वा मर्यादामा प्रयोग गरिने बन्दुक, खेल तथा मनोरञ्जनमा प्रयोग गरिने बन्दुकको मर्मत तथा सम्भार गर्ने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- केन्द्रीय हिटिङ प्रणालीको मर्मत (हेर्नुहोस् ४३२२),
- ताला बन्द गर्ने यान्त्रिक उपकरणका मर्मत (हेर्नुहोस् ८०२०)

## 3312 मेसिन तथा उपकरणको मर्मत गर्ने क्रियाकलापहरू (Repair of machinery)

यस वर्गमा उद्योग मेसिन तथा उपकरण, व्यापारिक मेसिन तथा उपकरण, कृषिमा प्रयोग हुने उपकरण तथा मेसिन जसमा काट्ने आरी वा ब्लेडहरूको प्रयोग गरिएको हुन्छ ती उपकरणहरूको मर्मत तथा सम्भारहरू यसअन्तर्गत पर्दछन् । त्यसै गरी व्यावयायिक रेफ्रिजरेशन उपकरण मर्मतसम्भार र डिभिजन २८ मा उल्लेख गरिएका उत्खनन् मेसिन तथा उपकरणको मर्मत गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- अस्वचालित पानीजहाज तथा रेलका इन्जिनको मर्मत तथा सम्भार गर्ने
- पम्प र तत्सम्बन्धी उपकरणको मर्मत तथा सम्भार गर्ने
- तरल पदार्थबाट शक्ति दिने उपकरणको मर्मत तथा सम्भार गर्ने
- भल्वहरूको मर्मतसम्भार गर्ने
- औद्योगिक चुलोहरूको मर्मतसम्भार
- सामग्रीहरूलाई व्यवस्थित गर्ने उपकरणहरूको मर्मतसम्भार
- व्यापारिक रिफ्रिजरेसन उपकरणक र हावा शुद्धीकरण गर्ने उपकरणको मर्मत तथा सम्भार
- व्यापारिक किसिमको सामान्य उद्देश्यका लागि बनेका मेसिनहरूको मर्मत तथा सम्भार
- शक्ति बढाउने (power-driven) प्रयोग हुने अन्य हाते उपकरणको मर्मत तथा सम्भार
- फलाम काट्ने, फलाम विस्तार गर्ने र त्यसका पार्टपूजको मर्मत तथा सम्भार गर्ने
- अन्य मेसिनरी उपकरणहरूको मर्मतसम्भार

- कृषि कार्यमा प्रयोग गरिने ट्याक्टरको मर्मत तथा सम्भार गर्ने
- कृषिसम्बन्धी मेसिनरी, वन तथा दाउरा काट्ने मेसिनको मर्मत तथा सम्भार गर्ने
- यसै प्रकारका अन्य धातुबाट बनेका मेसिनहरूको मर्मतसम्भार
- खानीबाट झिकिएका धातुहरूलाई शुद्ध बनाउने मेसिनको, खानी, निर्माण, तेल तथा ग्याँस झिक्ने कार्यका उपकरणको मर्मत तथा सम्भार गर्ने
- खाद्यान्न, पेयपदार्थ, सुर्तीजन्य पदार्थको प्रशोधन गर्ने उपकरणको मर्मत तथा सम्भार गर्ने
- कपडाका पोशाक तथा छालाका सामान उत्पादन गर्ने उपकरणको मर्मत तथा सम्भार गर्ने
- कागज र तत्सम्बन्धी सामान उत्पादन गर्ने मेसिनको मर्मत तथा सम्भार गर्ने
- डिभिजन २८ मा उल्लेख गरिएका खास किसिमका वस्तु बनाउने उपकरणको मर्मत तथा सम्भार
- तौल लिने मेसिनको मर्मत तथा सम्भार
- भेण्डरिङ मेसिन मर्मत तथा सम्भार
- क्यास रजिष्टर मेसिनको मर्मत तथा सम्भार
- फोटोकपी मेसिन मर्मत तथा सम्भार
- इलेक्ट्रोनिक वा साधारण क्याल्कुलेटर मेसिनको  मर्मत तथा सम्भार
- टाइपराइटरको मर्मत तथा सम्भार

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- भट्टी वा अन्य ताप उपकरणको मर्मतसम्भार र स्थापना (हेर्नुहोस् ४३२२),
- लिप्ट र हिड्ने सिढी (elevators and escalators) इल्याभटर र उपकरणको मर्मतसम्भार र स्थापना ( हेर्नुहोस् ४३२२)

## 3313 इलेक्ट्रोनिक तथा अप्टिकलसम्बन्धी उपकरणको मर्मत गर्ने क्रियाकलापहरू (Repair of electronic and optical equipment)

इलेक्ट्रोनिक तथा अप्टिकलसम्बन्धी उपकरणको मर्मत गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- ग्रुप २६५ मा उल्लेख गरिएका परिक्षण गर्ने, नाप्ने, मार्ग वा दिशा पत्ता लगाउने, नियन्त्रण गर्ने उपकरणहरू जस्तैः
  - एयरकाफ्ट इन्जिन उपकरण मर्मत तथा सम्भार
  - गाडीबाट उत्सर्गहुने प्रदुषण परीक्षण उपकरण मर्मत तथा सम्भार
  - मौसम विज्ञानका उपकरण मर्मत तथा सम्भार
  - भौतिक रासायनिक इलेक्ट्रकल विवरणको परीक्षण तथा निरीक्षण गर्ने उपकरण मर्मत तथा सम्भार
  - सर्वेका उपकरणहरू मर्मत तथा सम्भार
  - रडिएसन अनुगमन तथा नियन्त्रणका उपकरणहरूको मर्मत तथा सम्भार गर्ने
- वर्ग २६६० मा उल्लेख गरिएका प्रकाश, इलेक्ट्रोमेडिकल, इलेक्ट्रोथेरापेटिक उपकरणहरू जस्तैः
  - चुम्वकिय प्रतिध्वनि इमेजीड उपकरण मर्मत तथा सम्भार
  - मेडिकल अल्ट्रासाउण्ड मेसिन मर्मत तथा सम्भार

        - पेसमेकर मर्मत तथा सम्भार
        - हेयरीड एड मर्मत तथा सम्भार
        - इलेक्ट्रोकार्डियोग्राफ मर्मत तथा सम्भार
        - इलेक्ट्रोमेडिकल इण्डस्कोपी उपकरण मर्मत तथा सम्भार
        - प्रकाश दिने उपकरण मर्मत तथा सम्भार मर्मत तथा सम्भार
    - वर्ग २६७० मा उल्लेख गरिएका व्यापारिक प्रयाजनका अप्टिकलसम्बन्धी उपकरणहरू जस्तैः
        - वाइनाकुलर उपकरण मर्मत तथा सम्भार
        - इलेक्ट्रोन तथा प्रोटोनबाहेकका माइक्रोस्कोप उपकरण मर्मत तथा सम्भार
        - टेलिस्कोप उपकरण मर्मत तथा सम्भार
        - आँखाको रोगकोबाहेकका प्रीजम तथा लेन्स उपकरण मर्मत तथा सम्भार
        - फोटोग्राफिक उपकरण मर्मत तथा सम्भार

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- फोटोकपी मेसिन मर्मत (हेर्नुहोस् ३३१२),
- कम्प्युटर र पेरीफेरल उपकरणको मर्मतसम्भार (हेर्नुहोस् ९५११),
- कम्प्युटर प्रोजेक्टर मर्मतसम्भार (हेर्नुहोस् ९५११),
- सञ्चार उपकरणको मर्मतसम्भार (हेर्नुहोस् ९५१२),
- व्यवसायिक  टेलिभिजन भीडियो क्यामरा मर्मतसम्भार (हेर्नुहोस् ९५१२),
- सामान्य भीडियो क्यामरा मर्मतसम्भार (हेर्नुहोस् ९५२१),
- घडी, भित्ते घडीको मर्मतसम्भार (हेर्नुहोस् ९५२९)

### 3314 विद्युतीय उपकरणको मर्मत गर्ने क्रियाकलापहरू (Repair of electronical equipment)

यस वर्गमा २७५० मा उल्लेख गरिएका घरेलु प्रयोगका उपकरणबाहेक डिभिजन २७ मा उल्लेख भएका सबैप्रकारका  विद्युतीय उपकरणको मर्मत गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- विद्युत् शक्तिको वितरण गर्ने उपकरण जस्तैः ट्रान्सफरमरको मर्मत तथा सम्भार गर्ने
- मोटर, जेनेरेटर, मोटर जेनेरेटर सेटको मर्मत तथा सम्भार गर्ने
- स्वच गेयर, स्वीचबोर्ड जस्ता सामानहरूको मर्मत तथा सम्भार गर्ने
- repair and maintenance of relays and industrial controls
- प्राइमरी तथा स्टोरेज व्याट्रीको मर्मत तथा सम्भार गर्ने
- प्रकाश दिने विद्युतीय उपकरणको मर्मत तथा सम्भार गर्ने
- विद्युतीय प्रवाह गर्ने वा नगर्ने वाइरिङका समानहरूको मर्मत तथा सम्भार गर्ने

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- कम्प्युटर र पेरीफेरल उपकरणको मर्मतसम्भार (हेर्नुहोस् ९५११),
- दूरसञ्चारका उपकारण मर्मतसम्भार (हेर्नुहोस् ९५१२),
- उपभोक्ता इलेक्ट्रोनिकको मर्मतसम्भार (हेर्नुहोस् ९५२१),
- घडी, भित्ते घडीको मर्मतसम्भार (हेर्नुहोस् ९५२९)

## 3315 मोटरगाडीबाहेकका यातायातका उपकरणको मर्मत गर्ने क्रियाकलापहरू (Repair of transport equipment, except moter vehicals)

यस वर्गमा मोटरसाइकल र साइकलबाहेक डिभिजन ३० मा उल्लेख भएका सबैप्रकारका यातायातका साधनहरूको मर्मत गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् । तथापि पानीजहाजलाई कारखानामा पुनः निर्माण गर्ने वा ओभरहोल गर्ने, रेल कार, लोकोमोटिभ, र हवाई क्राप्ट आदिलाई डिभिजन ३० मा वर्गीकृत गरिएको भए तापनि यसअन्तर्गत पर्दैन ।

- पानी जहाजको नियमित मर्मतसम्भार
- मनोरञ्जनमा प्रयोग गर्ने डुङ्गाको मर्मत तथा सम्भार गर्ने
- लोकोमोटिभ र रेलकारको मर्मतसम्भार (कारखानामा पुनः निर्माण गर्ने वा ओभरहोल गर्नेबाहेक)
- हवाई क्राप्टको मर्मतसम्भार (कारखानामा पुनः निर्माण गर्ने वा ओभरहोल गर्नेबाहेक)
- हवाई इन्जनको मर्मतसम्भार
- जनावरले तान्ने वग्गी तथा गाडाको मर्मत तथा सम्भार

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- पानीजहाज, कारखानामा पुनः निर्माण (हेर्नुहोस् ३०१०),
- रेल इन्जन, रेलरोड, कारखानामा पुनः निर्माण (हेर्नुहोस् ३०२०),
- हवाईजहाज, कारखानामा पुनः निर्माण (हेर्नुहोस् ३०३०),
- पानीजहाज र रेल इन्जन मर्मतसम्भार (हेर्नुहोस् ३३१२),
- पानीजहाज, स्केलिङ र भत्काउने (हेर्नुहोस् ३८३०),
- मोटरसाइकलको मर्मतसम्भार (हेर्नुहोस्- ४५४०),
- साइकलको मर्मतसम्भार (हेर्नुहोस्- ९५२९)

## 3319 अन्य उपकरणको मर्मत गर्ने क्रियाकलापहरू (Repair of equipment)

अन्य उपकरणको मर्मत गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- माछा मार्ने जालीको स्तर उन्नतीका साथै मर्मत तथा सम्भार
- डोरी, पासो, पानीजहाज वा डुङ्गाको पाल आदि मर्मत तथा सम्भार
- रासायनिक वस्तु वा रासायनिक मल राख्ने थैलाको मर्मत तथा सम्भार
- काठबाट बनेका भाडा, पानी डुङ्गाको ड्रम, वारा आदि मर्मत र सम्भार
- पीन वल, सिक्का राखेर खेलिने खेलका सामानहरूको मर्मत तथा सम्भार
- ऐतिहासीक सांगितक उपकरणको मर्मत तथा सम्भार

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- घरेलु वा कार्यालयमा प्रयोग हुने फर्निचरहरूको मर्मतसम्भार (हेर्नुहोस् ९५२४),
- साइकलको मर्मतसम्भार (हेर्नुहोस् ९५२९)
- कपडाको मर्मत र अल्टरेसन (Alteration) (हेर्नुहोस् ९५२९)

## 332 औद्योगिक मेसिन तथा उपकरणको जडान गर्ने क्रियाकलापहरू
**(Installation of industrial mechinary and equipment)**

## 3320 औद्योगिक मेसिन तथा उपकरणको जडान गर्ने क्रियाकलापहरू
**(Installation of industrial mechinary and equipment)**

औद्योगिक मेसिन तथा उपकरणको जडान गर्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् । तर एस्केलेटरको जडान, विद्युत् तार जडान, चोरी अलार्म प्रणाली, वातानकुलन (AC) जस्ता भवन निर्माण वा यस्तै खाले संरचनाका अभिन्न अङ्ग रहेको हुन्छ त्यस्ता मेसिन तथा उपकरणहरूको जडान यसअन्तर्गत पर्दैनन् ।

- औद्योगिक प्लाण्टमा औद्योगिक मेसिनहरू जडान गर्ने काम
- औद्योगिक प्रक्रिया नियन्त्रण गर्ने उपकरण  ओच्छ्याउने जडान गर्ने काम
- अन्य औद्योगिक उपकरणहरू जस्तैः
    - सञ्चारका उपकरणहरू,
    - मेन फ्रेम र अन्य यस्तै कम्प्युटर,
    - प्रकाश दिने उपकरणहरू, इलेक्ट्रो मेडिकलका उपकरणहरू
- ठूलो स्तरका मेसिन तथा उपकरणहरू हटाउने (डिस्मेन्टिड गर्ने) काम
- मिल मर्मतगर्ने क्रियाकलाप
- मेसिनको साटफेर गर्ने
- installation of bowling alley equipment

नोटः निम्न उत्पादन गर्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ विद्युत् तार जडान, चोरी अलार्म प्रणाली जडान (हेर्नुहोस् ४३२१),
- ○ वातानकुलन (AC) सिस्टम जडान (हेर्नुहोस्- ४३२२)
- ○ एस्केलेटर, लिफ्ट, स्वचालित ढोका, भ्याकुम क्लिनिङ प्रणाली (हेर्नुहोस् ४३२९)
- ○ ढोका फिटिङ, staircases,पसल फिटिङ, फिटिङ, (हेर्नुहोस् ४३३०)
- ○ व्यक्तिगत कम्प्युटरको जडान वा सेटअप (हेर्नुहोस्- ६२०९)

# खण्ड डी : विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा
# (Electricity, gas, steam and air conditioning supply)

यस खण्डअन्तर्गत विद्युत्, बाफ, प्राकृतिक ग्याँस, तातोपानी जस्ता सुविधाहरूको आपूर्तिको लागि स्थायी प्रकृतिका नेटवर्क प्रसारण लाइनहरू एवं पाइपलाइनहरू विस्तारगर्ने क्रियाकलापहरू पर्दछन् । नेटवर्कको दायरा जस्तोसुकै भए तापनि विद्युत् वितरण, ग्याँस, बाफ, तातोपानी एवं औद्योगिक पार्क वा आवासीय भवनहरूमा आपूर्ति गर्ने क्रियाकलापहरूलाईसमेत समावेश गरिएको छ । यस खण्डमा विद्युत् तथा ग्याँसका उपयोगिताहरूको सञ्चालन जसबाट विद्युत् वा ग्याँसको उत्पादन, नियन्त्रण तथा वितरण गर्ने कार्यसमेत पर्दछ । यसका साथै बाफ तथा वातानुकूलित आपूर्तिका क्रियाकलापहरू पनि पर्दछन् ।

खानेपानी आपूर्ति तथा ढलनिकास सञ्चालनसम्बन्धी क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन् (हेर्नुहोस् ३६, ३७) । त्यसै गरी लामो दुरीको पाइपलाइनद्वारा गरिने ग्याँसको ढुवानी कार्यलाई पनि समावेश गरिएको छैन ।

## 35 विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा
**(Electricity, gas, steam and air conditioning supply)**

## 351 विद्युत् उत्पादन, प्रसारण तथा वितरण
**(Electric power generation, transmission and distribution)**

## 3510 विद्युत् उत्पादन, प्रसारण तथा वितरण
**(Electric power generation, transmission and distribution)**

यस समूहमा विद्युत् उत्पादन, उत्पादन केन्द्रबाट वितरण केन्द्रसम्मको प्रसारण र उपभोक्तासम्मको वितरण सेवाहरू पर्दछन् ।

- जलविद्युत् तथा थर्मल, परमाणु, वायु, ग्याँस, डिजेल, सौर्य, आदिबाट विद्युत् उत्पादन, सञ्चालन सुविधा प्रदान गर्ने कार्यहरू
- विद्युत् उत्पादन गृहदेखि वितरण केन्द्रसम्मको उत्पादित बिजुली प्रसारण गर्ने कार्यहरू
- वितरण प्रणालीको सञ्चालन जस्तैः पोल गाड्ने, तार तान्ने, वायरिङ तथा मिटर जडान आदि उपभोक्ताको घरसम्म बिजुली पुर्‍याउनको लागि गरिने क्रियाकलापहरू
- उपभोक्तालाई विद्युत् बिक्री गर्ने कार्यहरू
- विद्युत् ब्रोकरहरू वा एजेण्टका क्रियाकलापहरू जसअन्तर्गत अन्य निकायद्वारा सञ्चालित विद्युत् वितरण प्रणालीको माध्यमबाट विद्युत्को बिक्री गरिन्छ ।
- विद्युत् र प्रसारण क्षमताको आदान प्रदान कार्यहरू

नोटः निम्न क्रियाकलाप यसअन्तर्गत पर्दैन

- ○ फोहरमैलाबाट विद्युत् उत्पादन (हेर्नुहोस् ३८२१)

## 352 ग्याँसको उत्पादन, मुख्य वितरण प्रणालीद्वारा ग्याँस इन्धनको वितरण
**(Manufacture of gas; distribution of gaseous fuels through mains)**

## 352 ग्याँसको उत्पादन, मुख्य वितरण प्रणालीद्वारा ग्याँस इन्धनको वितरण (Manufacture of gas; distribution of gaseous fuels through mains)

यस समूहमा प्राकृतिक तथा कृत्रिम ग्याँसको उत्पादन र मुख्य वितरण प्रणालीबाट वितरण गर्ने क्रियाकलापहरू पर्दछन् । ग्याँस एजेण्ट वा ग्याँस ब्रोकरद्वारा ग्याँस वितरण प्रणाली वा अन्यद्वारा सञ्चालित प्रणालीको प्रयोग गरी ग्याँसको बिक्री तथा वितरण गर्ने क्रियाकलापहरूसमेत समावेश गरिएको छ ।

लामो दुरीको ढुवानीका लागि जोडिएको, उत्पादकबाट वितरकसम्म जोडिएको, नगर क्षेत्र बीच जोडिएका जस्ता छुट्टै सञ्चालित ग्याँस पाइपलाइनसँग सम्बन्धित क्रियाकलापहरू यस समूहअन्तर्गत पर्दैनन् ।

- ग्याँस आपूर्तिको उद्देश्यले कोइलाको कार्वोनेशन वा कृषिजन्य उपउत्पादन वा खेरगएका वस्तुबाट ग्याँसको उत्पादन गर्ने कार्यहरू
- प्राकृतिक ग्याँस लगायत अन्य ग्याँसलाई निर्धारित मापनमा प्रशोधन, शुद्धीकरण, मिश्रण गरी ग्याँस उत्पादन गर्ने क्रियाकलाप
- मुख्य वितरण प्रणालीबाट सबै प्रकारका ग्याँस इन्धनहरूको ढुवानी, वितरण र आपूर्ति गर्ने कार्यहरू
- मुख्य वितरण प्रणालीबाट उपभोक्तालाई ग्याँस बिक्री
- ग्याँस ब्रोकरहरू वा एजेण्टका क्रियाकलापहरू जसअन्तर्गत अन्य निकायद्वारा सञ्चालित ग्याँस वितरण प्रणालीको माध्यमबाट ग्याँसको बिक्री गरिन्छ ।
- ग्याँस इन्धनको लागि वस्तु वा ढुवानी क्षमता आदान प्रदान गर्ने क्रियाकलापहरू

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्
  - कोइला चुलोको सञ्चालन (हेर्नुहोस् १९१०)
  - प्रशोधित पेट्रोलियम पदार्थको उत्पादन (हेर्नुहोस् १९२०)
  - औद्योगिक ग्याँसको उत्पादन (हेर्नुहोस् २०११)
  - ग्याँस इन्धनको थोक बिक्री (हेर्नुहोस् ४६६१)
  - ग्याँस इन्धनको खुद्रा बिक्री (हेर्नुहोस् ४७७३)
  - इन्धनको सोझै बिक्री (हेर्नुहोस् ४७९९)
  - पाइपलाइनद्वारा ग्याँसको ढुवानी (लामो दुरीको लागि) (हेर्नुहोस् ४९३०)

## 353 बाफ तथा वातानुकूलितको आपूर्ति (Steam and air conditioning supply)

### 3530 बाफ तथा वातानुकूलितको आपूर्ति (Steam and air conditioning supply)

बाफ तथा वातानुकूलितको आपूर्ति सम्बन्धी क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- तताउन वा अन्य प्रयोजनको लागि बाफ तथा तातो पानीको उत्पादन, सङ्कलन र वितरण गर्ने क्रियाकलापहरू
- चिसो हावाको उत्पादन तथा वितरण गर्ने क्रियाकलापहरू
- चिसो बनाउनका लागि चिसो पानीको उत्पादन र वितरण गर्ने क्रियाकलापहरू
- खाद्य वा गैरखाद्यपदार्थ चिस्याउनको लागि वरफको उत्पादन

## खण्ड ई : पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र उपचारात्मक क्रियाकलापहरू (Water supply; sewerage, waste management and remediation activities)

यस खण्डअन्तर्गत औद्योगिक वा घरायसीका साथै प्रदुषित भएका स्थानहरूबाटसमेत उत्पादित विभिन्न प्रकारका फोहरहरू जस्तैः ठोस वा गैरठोस (तरल) फोहरहरूको व्यवस्थापनसँग सम्बन्धित विभिन्न क्रियाकलापहरू ( सङ्कलन, प्रशोधन र नष्ट गर्ने कामसमेत) पर्दछन् । फोहोर तथा ढल निकासको उपचार प्रक्रियाअन्तर्गत या त नष्ट गरिन्छ या प्रशोधित गरी अन्य उत्पादन प्रक्रियामा प्रयोग गर्न सकिन्छ । पानीको आपूर्तिसमेत यसै खण्डमा समूहक्रित गरिएको छ, तिनीहरू अक्सर जडानमा, या ढलको प्रशोधन गरी भएका पानी आपूर्तिका गतिविधिहरूसमेत यस खण्डमा पर्दछन् ।

### 36 पानीको सङ्कलन, शुद्धीकरण तथा आपूर्ति (Water collection, treatment and supply)

यस डिभिजनमा औद्योगिक वा घरायसी प्रयोजनको लागि पानीको सङ्कलन, प्रशोधन तथा वितरण गरिने कार्य पर्दछ । विभिन्न स्रोतबाट पानी सङ्कलन गर्ने र विभिन्न तरिकाबाट वितरण गर्ने कामसमेत पर्दछ ।

### 360 पानीको सङ्कलन, शुद्धीकरण तथा आपूर्ति (Water collection, treatment and supply)

### 3600 पानीको सङ्कलन, शुद्धीकरण तथा आपूर्ति (Water collection, treatment and supply)

यस वर्गअन्तर्गत औद्योगिक तथा घरायसी प्रयोजनको लागि गरिने पानीको सङ्कलन, प्रशोधन र वितरण कार्यहरू पर्दछन् । विभिन्न स्रोतबाट पानी सङ्कलन गर्ने र विभिन्न माध्यमबाट वितरण गर्ने कामसमेत पर्दछन् । सिँचाइ नहरको सञ्चालन कार्य पनि यसै वर्गमा समावेश गरिएको भए तापनि पानीको फोहरा बनाई गरिने सिँचाइ सेवा वा यस्तै प्रकारका कृषि सिँचाइसम्बन्धी सेवाहरू यसअन्तर्गत समावेश गरिएको छैन ।

निम्न क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- नदी, ताल, कुवा, आदिबाट पानी सङ्कलन
- वर्षातको पानी सङ्कलन
- पानी आपूर्तिका लागि पानी शुद्धीकरण
- औद्योगिक वा अन्य प्रयोजनका लागि पानी शुद्धीकरण
- पानी शुद्ध गर्ने प्राथमिक उद्देश्यले समुन्द्र वा जमिनमुनिको पानीबाट नून हटाउने (desalting)
- पाइप वा ट्याङ्करबाट वा अन्य तरिकाबाट पानीको वितरण
- सिँचाइ नहरको सञ्चालन

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ कृषि प्रयोजनार्थ सिँचाइ उपकरणहरूको सञ्चालन (हेर्नुहोस् ०१६१)
- ○ प्रदुषण नियन्त्रणको लागि गरिएको पानीको प्रशोधन (हेर्नुहोस् ३७००)
- ○ पाइपलाइनद्वारा पानीको ढुवानी (लामो दुरीको लागि) (हेर्नुहोस् ४९३०)

## 37 ढलनिकास (Sewerage)

यस डिभिजनमा ढलनिकास प्रणालीको सञ्चालन वा ढल व्यवस्थापनसम्बन्धी क्रियाकलापहरू जस्तैः सङ्कलन, प्रशोधन र विसर्जन गर्ने कार्यहरू पर्दछन् ।

### 370 ढलनिकास (Sewerage)

#### 3700 ढलनिकास (Sewerage)

ढलनिकाससम्बन्धी निम्न क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- ढलनिकास प्रणाली वा फोहरपानी व्यवस्थापनसम्बन्धी क्रियाकलापहरूको सञ्चालन
- मानवीय वा औद्योगिक क्रियाकलापहरूबाट निस्किएको फोहर पानी वा आकाशबाट परेको पानी आदिको सङ्कलन र यातायातका साधन प्रयोग गरेर फोहर पानीको ढुवानी सञ्चालन गर्ने क्रियाकलाप
- सेप्टीट्याङ्क वा रछ्यान वा चर्पी आदि सफा गर्ने क्रियाकलापहरू
- छान्ने, थिग्राउने, तैर्याउने आदिजस्ता भौतिक वा रासायनिक वा जैविक विधिद्वारा मानववस्ती वा उद्योग प्रतिष्ठान आदिबाट निस्केको फोहर पानीको उपचार गर्ने क्रियाकलापहरू ढल वा नालीको मर्मत र सफा गर्ने क्रियाकलापहरू

## 38 फोहरमैला सङ्कलन, प्रशोधन र विसर्जन गर्ने क्रियाकलापहरू, सामग्रीको पुनः प्राप्ति (Waste collection, treatment and disposal activities; materials recovery)

यस डिभिजनअन्तर्गत फोहरमैलाको सङ्कलन, प्रशोधन तथा विशर्जन गर्ने क्रियाकलापहरू पर्दछन् ।
स्थानीयस्तरमा सङ्कलित फोहरबाट पुनः प्रयोग गरिने पदार्थहरू छुट्याउने कार्य र यसको सञ्चालन गर्ने क्रियाकलापहरू पर्दछन् ।

### 381 फोहर सङ्कलन (Waste collection)

यस समूहअन्तर्गत फोहोर राख्ने टोकरी, चक्का जडित फोहर राख्ने टोकरी वा कन्टेनर जस्ता साधनको प्रयोग गरी घर तथा व्यापारिक केन्द्रबाट निस्कने फोहरहरू सङ्कलन गर्ने क्रियाकलापहरू पर्दछन् । हानिकारक वा गैरहानिकारक फोहर जस्तैः प्रयोग भै सकेका व्याट्री, डढ्यौलो, जहाजबाट निस्केको जलेको तेल, मोटरगाडी मर्मतस्थानबाट निस्कने जलेको तेलहरू सङ्कलनसमेत यसै समूहअन्तर्गत पर्दछन् ।

#### 3811 गैरहानिकारक फोहरको सङ्कलन (Collection of non – hazardous waste)

गैरहानिकारक फोहरको सङ्कलन गर्ने क्रियाकलापहरू यस समूहमा पर्दछन् ।

- वस्ती, उद्योग, व्यापारिक प्रतिष्ठान, सार्वजनिक स्थलबाट निस्कने गैरहानिकारक फोहोरहरू तथा पुनः प्राप्त गर्न सकिने धातुहरू मिसिएका फोहरसमेत फोहर राख्ने टोकरी, चक्काजडित फोहर राख्ने टोकरी वा कन्टेनरजस्ता साधनहरूको प्रयोग गरी सङ्कलन गर्ने क्रियाकलापहरू
- पुनः प्रयोग गर्न सकिने फोहरवस्तुको सङ्कलन

- प्रयोग गरिएको खाने तेल (डढ्यौलो) को सङ्कलन
- सार्वजनिक स्थलमा फालिएका विभिन्न किसिमका गैरहानिकारक फोहरको सङ्कलन
- निर्माण गर्दा र निर्मित संरचना भत्काउदा निस्कने फोहर सङ्कलन
- व्रस, रबर जस्ता फालिएका वस्तुहरू हटाउने वा सङ्कलनगर्ने कार्य
- कपडा कारखानाबाट निस्कने फोहरको सङ्कलन कार्य
- गैरहानिकारक फोहरमैला सङ्कलन केन्द्रको सञ्चालनसम्बन्धी क्रियाकलापहरू

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- हानिकारक फोहरहरूको सङ्कलन (हेर्नुहोस् ३८१२)
- ल्याण्ड फिलसाइडमा गैरहानिकारक फोहरहरू थुपार्ने तथा सञ्चालनगर्ने क्रियाकलाप (हेर्नुहोस् ३८२१)
- सङ्कलित फोहरबाट पुनः प्रयोग गरिने पदार्थहरू जस्तैः कागज, प्लास्टिक आदि निश्चित वर्गमा छुट्याउने कार्य (हेर्नुहोस् ३८३०)

## 3812 हानिकारक फोहरको सङ्कलन (Collection of hazardous waste)

यस वर्गअन्तर्गत ठोस तथा गैरठोस हानिकारक फोहर पदार्थ जस्तै, विस्फोटक, खियालाग्ने, प्रज्वलनशिल, विषादीयुक्त, चिड्याउने (irritant) पदार्थ, क्यान्सर उत्पन्न गराउने (carcinogenic), पगाल्ने तथा पोल्ने (corrosive), संक्रमणजन्य र अन्य पदार्थहरू जसले मानव स्वास्थ्यलाई हानि गर्ने र वातावरणलाई हानि गर्नेजस्ता हानिकारक फोहरको सङ्कलन पर्दछन् । ढुवानीको उद्देश्यले हानिकारक फोहरजन्य पदार्थको छुट्याउने प्रशोधन गर्ने, प्याकेजिङ गर्ने, लेबल लगाउने कार्यसमेत पर्दछ ।

हानिकारक फोहरहरूको सङ्कलन जस्तैः

- ग्यारेज वा मर्मत केन्द्रबाट प्रयोग गरिएको तेलको
- हानिकारक जैविक फोहर जस्तैः अस्पतालबाट निस्कने, रगत, खकार, आदि
- प्रयोग गरिएका व्याट्री
- हानिकारक फोहरको ढुवानीकेन्द्रको सञ्चालन कार्य

नोटः निम्न क्रियाकलाप यसअन्तर्गत पर्दैनन्

- प्रदुषित भवन, खानी क्षेत्र, माटो, भूमिगत जल, आदिको सफाइ गर्ने वा प्रदुषणरहित बनाउने कार्य ( हेर्नुहोस् ३९००)

## 382 फोहर प्रशोधन र विसर्जन (Waste treatment and disposal)

यस समूहमा विभिन्न तरिकाबाट विसर्जन वा प्रशोधन गर्नुअघिका विभिन्न स्वरूपका फोहरहरू जस्तैः जैविक फोहरलाई विसर्जन गर्ने उद्देश्यले प्रशोधन गर्ने; विषालु जीवित वा मरेका जनावरहरू र अन्य विषालु फोहरहरूको प्रशोधन वा विसर्जन गर्ने; अस्पताल, नर्शिङ होम आदिबाट निस्कने रेडियोधर्मी, संक्रामक फोहरहरूको प्रशोधन वा विसर्जन गर्ने; फोहरहरूलाई जमीनमा थुपार्ने, गाड्ने वा पानीमा फ्याँक्ने; लास जलाउने वा गाड्ने, प्रयोग भएका सामग्री विसर्जन गर्ने जस्तैः रेफ्रिजिरेटरको हानिकारक फोहर हटाउने; फोहर जलाउने आदि क्रियाकलापहरू पर्दछन् । फोहरहरू जलाएर बिजुली उत्पादन गर्ने कार्यसमेत यसै समूहमा पर्दछ ।

फोहर पानी प्रशोधन तथा विसर्जन यस समूहमा पर्दैन । (हेर्नुहोस्  ३७००)

## 3821 गैरहानिकारक फोहरको प्रशोधन र विसर्जन (Treatment and disposal of  non-hazardous waste)

गैरहानिकारक ठोस वा अन्य फोहरको प्रशोधन र विसर्जन वा अन्य प्रशोधन गर्ने क्रियाकलापहरू यस वर्ग पर्दछन् ।

- गैरहानिकारक फोहरको विसर्जन गर्न ल्याण्डफिल्ड साइटको सञ्चालन गर्ने
- बिजुली वा बाफ, ब्याङ्कल्पिक इन्धन, बायोग्याँस, खरानी तथा अन्य उपउत्पादनहरू हुने वा नहुने गरी गैरहानिकारक फोहर जलाउने वा अन्य विधिबाट विसर्जन गर्ने
- जैविक फोहरको विसर्जनको लागि प्रशोधन गर्ने
- जैविक फोहरबाट प्रांगारिक मलको उत्पादन गर्ने

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- हानिकारक फोहर दहन गर्ने (हेर्नुहोस् ३८२२)
- पुनः प्रयोग हुने फोहर वस्तु जस्तैः कागज, प्लास्टिक, प्रयोग भएका पेय पदार्थका क्यानहरू र धातुहरू आदि विभिन्न वर्गमा छुट्याउने कार्यको सञ्चालन (हेर्नुहोस् ३८३०)
- प्रदुषित जमिन, पानी, विषादी  पदार्थआदिको सफाइ गर्ने वा प्रदुषण रहित बनाउने ( हेर्नुहोस् ३९००)

## 3822 हानिकारक फोहरको प्रशोधन र विसर्जन (Treatment and disposal of hazardous waste)

यस वर्गअन्तर्गत ठोस तथा अन्य हानिकारक फोहर पदार्थ जस्तै, विस्फोटक, खियालाग्ने, प्रज्वलनशिल, विषादीयुक्त, चिड्याउने (irritant) पदार्थ, क्यान्सर उत्पन्न गराउने (carcinogenic), पगाल्ने तथा पोल्ने ( corrosive), संक्रमणजन्य र अन्य पदार्थहरू जसले मानव स्वास्थ्यलाई हानि गर्ने र वातावरणलाई हानि गर्ने जस्ता हानिकारक फोहरको प्रशोधन तथा विर्सजनगर्ने क्रियाकलापहरू पर्दछन् ।

- हानिकारक फोहर प्रशोधनसम्बन्धी सेवा सुविधाहरूको सञ्चालन
- विषालु जीवित वा मरेको जनावरहरू र अन्य प्रदुषित फोहरहरूको प्रशोधन वा विशर्जन
- हानिकारक फोहरको भष्मिकरण गर्ने
- प्रयोग भएका सामग्री विसर्जन गर्ने जस्तैः रेफ्रिजिरेटर, एयरकण्डीसन आदि हानिकारक फोहर हटाउने;
- आणविक रेडियोधर्मी फोहरहरूको प्रशोधन, विसर्जन र भण्डारण कार्य
  - आणविक रेडियोधर्मी फोहरको प्रशोधन र विसर्जन जस्तैः अस्पताल, नर्शिङहोम आदिबाट ढुवानी समयावधि भित्र क्षयीकरण हुनसक्ने आणविक रेडियोधर्मी फोहरहरू
  - रेडियोधर्मी फोहरलाई भण्डारणको लागि भाडाँमा वन्दगर्ने काम तथा अन्य प्रशोधन कार्यको तयारी

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- गैरहानिकारक फोहर दहन गर्ने (हेर्नुहोस् ३८२१)

- ○ प्रदुषित जमिन, पानी, विषादी  पदार्थआदिको सफाइ गर्ने वा प्रदुषण रहित बनाउने (हेर्नुहोस् ३९००)
- ○ आणविक इन्धनको पुनः प्रशोधन (हेर्नुहोस् २०११)

## 383 सामग्री पुनःप्राप्ति (Material recovery)

## 3830 सामग्री पुनःप्राप्ति (Material recovery)

फोहरबाट पुनः प्रयोगको लागि सामग्री प्राप्ति हुने क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- धातु तथा गैरधातु फोहरहरू तथा खेरगएका वा काम नलाग्ने अन्य वस्तुलाई यान्त्रिक वा रासायनिक प्रक्रियाबाट पुनः कच्चापदार्थ बनाउने
- गैरहानिकारक फोहरमैलाबाट पुनः प्राप्तगर्ने क्रियाकलाप जस्तै
  - ○ गैरहानिकारक फोहरबाट पुनः प्राप्तहुने सामग्रीहरू अलग गराउने वा छुट्याउने काम
  - ○ गैरहानिकारक फोहरबाट पुनः प्राप्तहुने विभिन्न मिश्रित सामग्रीहरू जस्तैः कागज, प्लास्टिक, प्रयोगभैसकेका पेय पदार्थका क्यान, धातुहरू विभिन्न वर्गमा अलग गराउने वा छुट्याउने काम

यान्त्रिक वा रासायनिक रूपान्तरण विधिबाट सामग्रीहरूको पुनः प्राप्तिसम्बन्धी गतिविधिहरू जस्तैः

- पुरानो कपडाबाट कपास वनाउने
- कार, वाशिङ मेसिन, मोटरसाइकल जस्ता सामग्रीहरूलाई कुच्चाउने तथा विभिन्न वर्गमा अलग गराउने वा छुट्याउने आदि
- सामानहरूको पुनः प्राप्तिका लागि अटोमोबाइल, कम्प्युटर, टेलिभिजन, यस्तै अन्य उपकरण फुकाल्ने वा भत्काउने कार्य
- ठूलाठूला फलामका वस्तुहरू जस्तैः रेलका डिब्बा, कन्टेनर आदिको टुक्रा गराउने कार्य
- पुराना काम नलाग्ने मोटर गाडीका धातुजन्यफोहरलाई ससाना टुक्रा पार्ने कार्य
- यान्त्रिक विधिबाट काट्ने, कुच्याउने कार्य
- पानीजहाजहरू फुकाल्ने भत्काउने काम
- फोटोग्राफिक फिल्म/कागज आदिबाट धातु निकाल्ने काम
- प्रयोग गरिएको टायर पगालेर रबरको कच्चापदार्थ प्राप्त गर्ने कार्य
- प्लास्टिकका ट्युब, फूल, फूलका गमला, गुन्द्री आदिको कच्चापदार्थको लागि प्लास्टिक छुट्याउने तथा प्लास्टिकका दाना बनाउने कार्य
- कच्चापदार्थ प्राप्तिको लागि प्लास्टिक तथा रबरलाई सफा गर्ने, पिस्ने, पगाल्ने जस्ता कामहरू
- काँच/सिसालाई टुक्राउने, सफा गर्ने, छुट्याउने काम
- कच्चापदार्थ प्राप्तिको लागि भत्काइएको फोहरहरूबाट निस्किएका सामग्रीहरूलाई कुच्याउने, सफा गर्ने, छुट्याउने काम
- डढ्याउलो प्रशोधन गरी कच्चापदार्थ बनाउने कार्य
- खाद्य, पेय, सुर्तीजन्य फोहर र त्यसबाट कच्चापदार्थ बनाउने कार्य

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ कच्चापदार्थ (आफ्नै वा अरुको फोहरबाट उत्पादित) प्रयोग गरी नयाँ सामग्रीको उत्पादन गर्ने जस्तैः गारनेटेट स्टकबाट धागो बनाउने काम, खेरगएको कागजबाट पल्प (कागजको लेदो) बनाउने, फालेको टायरलाई पुनः बुन्नेकाम, फालिएको धातुका स्क्रावबाट धातुका सामग्री बनाउने काम, फालिएका प्लास्टिकबाट नयाँ प्लास्टिका सामग्री बनाउने काम आदि (हेर्नुहोस् खण्ड "सी" औद्योगिक उत्पादन)
- ○ आणविक इन्धनको पुनः प्रशोधन (हेर्नुहोस् २०११)
- ○ फालिएको फलाम र फलामका टुक्रालाई पुनः पगाल्ने (हेर्नुहोस् २४१०)
- ○ गैरहानिकारक फोहरलाई प्रशोधन तथा विर्सजन (हेर्नुहोस् ३८२१)
- ○ जैविक फोहरको  प्रशोधन तथा विर्सजन (हेर्नुहोस् ३८२१)
- ○ गैरहानिकारक फोहर जलाउने वा विर्सजन गर्ने प्रक्रियाबाट उर्जा उत्पादन (हेर्नुहोस्  ३८२१)
- ○ प्रयोग भएका सामग्री विसर्जन गर्ने कार्य जस्तैः रेफ्रिजिरेटर, एयरकण्डिसन आदि  हानिकारक फोहर हटाउन (हेर्नुहोस्  ३८२२)
- ○ आणविक रेडियोधर्मी फोहरको प्रशोधन र विसर्जन(हेर्नुहोस्  ३८२२)
- ○ विषालु तथा हानिकारक फोहरको प्रशोधन र विसर्जन (हेर्नुहोस्  ३८२२)
- ○ अटोमोबाइल, कम्प्युटर, टेलिभिजन, यस्तै अन्य उपकरण पुनः बिक्रीको लागि फुकालेर प्राप्त भएका सामानहरूको  बिक्री (हेर्नुहोस् खण्ड "जी")
- ○ प्राप्त भएका सामानहरूको  थोक बिक्री (हेर्नुहोस्  ४६६९)

## 39 उपचारात्मक क्रियाकलापहरू तथा अन्य फोहर व्यवस्थापन गर्ने सेवाहरू (Remediation activities and other waste management services)

यस डिभिजनमा प्रदुषित घर, स्थल,माटो, जमिन माथि भएको पानी वा जमिन मुनीको पानीहरूको प्रशोधन तथा सफा गर्नेसम्बन्धी क्रियाकलापहरू पर्दछन् ।

## 390 उपचारात्मक क्रियाकलापहरू तथा अन्य फोहर व्यवस्थापन गर्ने सेवाहरू (Remediation activities and other waste management services)

### 3900 उपचारात्मक क्रियाकलापहरू तथा अन्य फोहर व्यवस्थापन गर्ने सेवाहरू (Remediation activities and other waste management services)

निम्न कार्यहरू यस वर्गमा पर्दछन् ।

- यान्त्रिक, रासायनिक वा जैविक प्रक्रियाद्वारा प्रदुषित माटो तथा जमिनमुनिको पानीलाई संक्रमणरहित (decontamination) गराउने क्रियाकलापहरू
- औद्योगिक कारखाना वा आणविक भट्टी  वा क्षेत्रको प्रदुषणलाई सक्रमणमुक्त गराउने काम
- सतहको प्रदुषित पानीलाई सफागर्नको लागि फोहर सङ्कलनगरी वा रसायनको प्रयोग गरी सक्रमणमुक्त गराउने काम
- जमिन, समुद्रीतट,सँगर वा महासागरमा पोखिएको तेल र अन्य प्रदुषण सफा गर्ने कार्य
- आगो नलाग्ने वस्तु (asbestos), लिड र अन्य विषादी वस्तु हटाउने कार्य
- जमिनमा विछ्याएका विष्फोटक पदार्थ (landmines)  हटाउने काम
- प्रदुषण नियन्त्रण गर्ने अन्य विशिष्टिकृत कार्यहरू

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- गैरहानिकारक फोहरको प्रशोधन तथा विर्सजन (हेर्नुहोस् ३८२१)
- हानिकारक फोहरको प्रशोधन तथा विर्सजन (हेर्नुहोस् ३८२२)
- जमिन बढार्ने र बाटोमा पानी छर्ने काम (हेर्नुहोस् ८१२९)

# खण्ड एफ : निर्माण
# (Construction)

यस खण्डमा सिभिल इन्जिनियरिङ र भवनका लागि सामान्य तथा विशेष निर्माणसम्बन्धी क्रियाकलापहरू पर्दछन् । यसअन्तर्गत नयाँ कार्य, मर्मत, थप्ने तथा हेरफेर कार्य, निर्माणस्थलमा प्रिफेब्रीकेटेड बिल्डिङ वा संरचनाहरू ठड्याउने साथै अस्थायी प्रकृतिका निर्माण कार्यहरू पनि समावेश गरिन्छ ।

सामान्य निर्माणले सम्पूर्ण आवासीय भवन, कार्यालय भवन, भण्डारण तथा अन्य सार्वजनिक भवन र अत्यावश्यक सेवा दिने भवन (युटिलिटी भवन), खेतीपाती पशुपालन गर्दा आवश्यक पर्ने फार्म भवनहरू आदिको निर्माण वा सिभिल इन्जिनियरिङसम्बन्धी निर्माणहरू जस्तैः मोटर गुड्ने बाटो, सडक, पुल, सुरुङ, रेलमार्ग, हवाईमैदान, बन्दरगाह (harbours) तथा अन्य जल आयोजनाहरू, सिँचाइ प्राणाली, ढलनिकास प्रणाली, औद्योगिक सुविधाहरू, पाइप लाइन तथा विद्युत् प्रसारण लाइन, खेलकुद सुविधाहरू आदिका निर्माण कार्यहरूलाई बुझाउँछ ।

आफ्नै लागि आफैले वा सशुल्क वा ठेक्का सम्झौताका आधारमा यस्ता कार्यहरू सञ्चालन गरिन्छ । कहिलेकहीँ सबै निर्माण कार्य वा निर्माणको केही अंश सबकन्ट्र्याक्टमा पनि दिन सकिन्छ । निर्माण आयोजनाका लागि सम्पूर्ण जिम्मेवारी बहन गर्ने एकाइहरूलाई यस खण्डमा वर्गीकृत गरिएको छ ।

यस खण्डमा भवनहरूको मर्मत तथा इन्जिनियरिङ कार्यहरू पनि समेटिएको छ ।

भवनहरूको सम्पूर्ण निर्माण (डिभिजन ४१), सिभिल इन्जिनियरिङ कार्यको सम्पूर्ण निर्माण कार्य (डिभिजन ४२) साथसाथै यदि सम्पूर्ण निर्माण प्रकृयाको कुनै अंशको रूपमा निर्माण सञ्चालन गरिएमा विशिष्टिकृत निर्माण क्रियाकलापहरू (डिभिजन ४३) यो खण्डले समेट्दछ ।

अपरेटरसहित निर्माण उपकरणको भाडामा दिने कार्यलाई यस उपकरणसहित सञ्चालन गरिने विशेष निर्माण क्रियाकलापमा वर्गीकृत गरिएको छ ।

पछि बिक्री गर्ने उद्देश्यले निर्माण कार्य सञ्चालन गर्न वित्तीय, प्राविधिक तथा भौतिक स्रोत साधनहरू एकै ठाउँमा जुटाई भवन निर्माण तथा सिभिल इन्जिनियरिङ कार्यहरूका निर्माण आयोजना विकास पनि यो खण्डले समावेश गरेको छ । यदि निर्माण आयोजनाको पछि बिक्री गर्ने उद्देश्य नभएको तर ती निर्माण आयोजनाको सञ्चालन (जस्तैः यी भवनका कोठाहरू भाडामा दिने, प्लान्टहरूमा औद्योगिक उत्पादनका क्रियाकलापहरू सञ्चालन गर्ने) उद्देश्यले यी क्रियाकलापहरू सञ्चालन गरिएका भए, ती इकाइहरू यस खण्डमा समावेश हुँदैनन् तर यसको सञ्चालन क्रियाकलापको स्थितिअनुसार तिनीहरूलाई जस्तै घरजग्गा कारोवार, औद्योगिक उत्पादन आदि खण्डहरूमा समावेश गरिन्छ ।

## 41 भवनको निर्माण (Construction of building)

यो डिभिजनमा सबै प्रकारका भवनहरूको सामान्य निर्माण कार्यलाई समावेश गरिन्छ ।
यसअन्तर्गत नयाँ कार्य, मर्मत, थप्ने तथा हेरफेर कार्य, निर्माणस्थलमा प्रिफेब्रीकेटेड बिल्डिङ वा संरचनाहरू स्थापना गर्ने साथै अस्थायी प्रकृतिका निर्माण कार्यहरू समावेश गरिन्छ ।

साथै सम्पूर्ण आवासीय भवन, कार्यालय भवन, भण्डारण तथा अन्य सार्वजनिक र अत्यावश्यक सेवा दिने भवन (युटिलिटी भवन), खेतीपाती पशुपालन गरिने फार्म भवनहरू आदिको निर्माण क्रियाकलापहरू पनि यस डिभिजनमा

समावेश गरिन्छ ।

## 410 भवन निर्माण (Construction of building)

### 4100 भवन निर्माण (Construction of building)

यस वर्गमा बिक्री गर्नका लागि आफैले बनाएको वा सशुल्क वा ठेक्का सम्झौताका आधारमा पूर्ण आवासीय तथा गैरआवासीय भवनहरूको निर्माण कार्यहरू समावेश गरिन्छ । बाह्य स्रोतमार्फत् पूर्ण वा आंशिक निर्माण कार्य गराउन पनि सम्भव हुन्छ । यदि निर्माण प्रक्रियाको विशेष खण्ड मात्र निर्माण गरिएमा यी क्रियाकलापलाई डिभिजन ४३ मा वर्गीकृत गरिन्छ ।

यो वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिन्छ :

- सबै प्रकारका आवासीय भवनहरूको निर्माण:
  - एकल परिवार बस्ने घरहरू
  - बहु परिवार बसोवास गर्ने भवन साथै अग्ला भवनहरू
- सबै प्रकारका गैरआवासीय भवनहरूको निर्माण:
  - औद्योगिक उत्पादनका लागि भवनहरू जस्तै कारखाना, वर्कसप, एसेम्ब्ली (जडान गर्ने) प्लाण्टहरू आदि
  - अस्पताल, विद्यालय, कार्यालय भवनहरू
  - होटल, भण्डार (स्टोर), शपिङ मल, रेष्टुरेण्ट भवनहरू
  - हवाई अड्डाका भवनहरू
  - इन्डोर खेल सुविधाहरूभएको भवन
  - अण्डर ग्राउण्ड (भूमिगत) सहितका  पार्किङ ग्यारेज
  - गोदाम घरहरू
  - धार्मिक भवनहरू जस्तै मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा आदि
- निर्माणस्थलमा प्रिफेव्रिकेटेड संरचनाको जोडाई तथा ठड्याउने कार्य
- स्थापित आवासीय संरचनाको मर्मतसुधार वा स्वरूप परिवर्तन (रिमोडेलिङ) कार्य

यस वर्गमा निम्न कार्यहरू समावेश गरिदैनन् :

- कंक्रीटबिनाको आफै उत्पादन गरिएका वस्तुहरूबाट पूर्ण प्रिफेव्रिकेटेड निर्माणहरू ठड्याउने, हेर्नुहोस् डिभिजन १६ र २५
- भवनहरूबाहेक औद्योगिक सुविधा निर्माण, हेर्नुहोस् ४२९०
- वास्तुकला तथा इन्जिनियरिङ क्रियाकलापहरू, हेर्नुहोस् ७११०
- निर्माणसँग सम्बन्धित परियोजना व्यवस्थापनका क्रियाकलापहरू, हेर्नुहोस् ७११०

## 42 सिभिल इन्जिनियरिङ (Civil engineering)

यस डिभिजनमा सिभिल इन्जिनियरिङ संरचनाका लागि साधारण निर्माण कार्यहरू समावेश गरिन्छ । यसअन्तर्गत नयाँ कार्य, मर्मत, थप्ने तथा हेरफेर कार्य, निर्माणस्थलमा प्रिफेब्रीकेटेड बिल्डिङ वा संरचनाहरू स्थापना गर्ने (ठड्याउने) साथै अस्थायी प्रकृतिका निर्माण कार्यहरू पनि समावेश गरिन्छ ।

साथै यस डिभिजनअन्तर्गतका निर्माणले ठूलाठूला निर्माण कार्यहरू जस्तै मोटर बाटो, सडक, पुल, सुरुङ,

रेलमार्ग, हवाईमैदान, बन्दरगाह (harbours) तथा  अन्य जल आयोजनाहरू, सिँचाइ प्राणाली, ढलनिकास प्रणाली, औद्योगिक सुविधाहरू, पाइप लाइन तथा विद्युत् प्रसारण लाइन, बाह्य खेलकुद सुविधाहरू (खेल मैदान) आदिका निर्माण कार्यहरूलाई पनि समावेश गर्दछ । यस प्रकारका कार्य आफै वा सशुल्क वा ठेक्का सम्झौताका आधारमा निर्माण गरिन्छ । कहिलेकहीँ सबै निर्माण कार्य वा निर्माणको केही अंश सबकन्ट्र्याक्टमा पनि दिन सकिन्छ ।

## 4210 सडक र रेलमार्गको निर्माण (Construction of roads and railways)


## 4210 सडक र रेलमार्गको निर्माण (Construction of roads and railways)


यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुन्छन् :

- मोटर बाटो, सडक, मार्ग, गल्ली, पैदल यात्री हिँड्ने फुटपाथ आदिको निर्माण
- सडक, बाटो, राजमार्ग, पुल वा सुरुङको सतहका निर्माण कार्य जस्तै
  - बाटोमा अलकत्रा विछ्याउने
  - सडकमा रङ्गरोगन तथा अन्य सङ्केत चिह्न लगाउने कार्य
  - दुर्घटना हुनबाट जोगाउनन क्र्याश वैरियर राख्ने, ट्राफिक चिह्न तथा यस्तै चिह्नहरू लगाउने
- सबै किसिमका पुलहरूका साथै आकाशे राजमार्गको निर्माण
- सुरुङ निर्माण
- रेलमार्ग तथा सबवे निर्माण
- हवाई मैदानका धावनमार्ग (रनवे) निर्माण

यस वर्गमा निम्न कार्यहरू समावेश गरिदैन् :

- सडक बत्ती स्थापना तथा विद्युतीय सङ्केत जडान, हेर्नुहोस् ४३२१
- वास्तुकला तथा इन्जिनियरिङ क्रियाकलापहरू, हेर्नुहोस् ७११०
- सिभिल इन्जिनियरिङ कार्यसम्बन्धी आयोजना व्यवस्थापनका क्रियाकलापहरू, हेर्नुहोस् ७११०

## 422 उपयोगिता सेवा संरचनाका आयोजना निर्माण (Construction of utility project)

## 4220 उपयोगिता सेवा संरचनाका आयोजना निर्माण (Construction of utility project)

यस वर्गमा उपयोगिता सेवाका वितरण लाइनहरू तथा यससँग सम्बन्धित भवन तथा संरचनाहरूका (जुन यस्ता उपयोगिता सेवाका सम्पूर्ण प्रणालीको अभिन्न भाग हो) निर्माण कार्यहरू समावेश गरिन्छ ।

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समावेश गरिन्छ :

- देहायका उद्देश्यका लागि सिभिल इन्जिनियरिङ संरचनाहरूका निर्माण जस्तै :
  - लामो दूरीमा पाइपलाइन, विद्युत् प्रसारण र सञ्चार लाइन
  - शहरी क्षेत्रका पाइपलाइन, सञ्चार तथा विद्युत् प्रसारण लाइन र सम्बन्धित सहायक कार्यहरू
  - पानीको मुख्य पाइपलाइन तथा अन्य पाइपलाइन
  - सिँचाइ, कुलो प्रणाली

○ जलाशय (रिजर्भाइर) को निर्माण

- निम्न निर्माणहरू:
  ○ ढल निकास प्रणाली, मर्मतसमेत
  ○ ढल विसर्जन संयन्त्र (प्लान्ट)
  ○ पानी तान्ने पम्पीङ स्टेशन (pumping stations)
  ○ विद्युत् उत्पादन संयन्त्र (प्लाण्ट)
- कुवा खन्ने, इनार वा बोरिङ (ड्रिल) गर्ने काम

यस वर्गमा निम्न कार्यहरू समावेश गरिदैन् :

○ सिभिल इन्जिनियरिङ कार्यसम्बन्धी आयोजना व्यवस्थापनका क्रियाकलापहरू, हेर्नुहोस् ७११०

## 429 अन्य सिभिल इन्जिनियरिङ आयोजनाहरूको निर्माण (Construction of other civil engineering projects)

## 4290 अन्य सिभिल इन्जिनियरिङ आयोजनाहरूको निर्माण (Construction of other civil engineering projects)

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समावेश गरिन्छ :

- भवनबाहेक औद्योगिक संरचनाहरूका निर्माण जस्तै :
  - ○ औद्योगिक उत्पादन शुद्ध गर्ने रिफाइनरीहरू
  - ○ रासायनिक प्लाण्ट
- निम्न प्रकारका निर्माणहरू
  - ○ जलमार्ग, बन्दरगाह तथा खोला नदीमा बाँध, मेरिना जस्ता मनोरञ्जनका पोर्टहरू, बाँध (लक) आदि
  - ○ बाँध तथा डाइकको निर्माण
- जलमार्गको लागि समुद्रबाट माटो निकाल्ने
- भवन बनाउनेबाहेक बाह्य (आउटडोर) खेलकुदका संरचना जस्तै खेल मैदानको निर्माण कार्य
- जग्गा सुधारसहित जग्गालाई चक्लाबन्दी गर्ने जस्तै बाटो, सडक निकाल्ने, उपयागिता सेवाका संरचना आदि स्थापना गर्ने

यस वर्गमा निम्न कार्यहरू समावेश गरिदैनन् :
सिभिल इन्जिनियरिङ कार्यसम्बन्धी आयोजना व्यवस्थापनका क्रियाकलापहरू, हेर्नुहोस् ७११०

## 43 विशिष्टीकृत निर्माणका क्रियाकलापहरू (Specialized construction activities)

यो डिभिजनमा विशिष्टीकृत निर्माणका क्रियाकलापहरू (विशेष व्यापारहरू) समावेश गरिन्छ । यसको अर्थ सम्पूर्ण आयोजनाको जिम्मेवारीमा नरहेको भवनका केही भागहरूको निर्माण तथा सिभिल इन्जिनियरिङ कार्यहरू यस डिभिजनअन्तर्गत समावेश हुन्छन् । यस्ता क्रियाकलापहरू विभिन्न संरचनाहरूलाई मिल्ने गरी एक पक्षमा प्रायः विशिष्टीकृत गरिएको हुन्छ । यस्ता क्रियाकलापहरूका लागि जस्तैः खम्बा ठोक्ने, जग निर्माण, निर्माणका लागि फ्रेम (स्ट्रक्चर) बनाउने कारकस् कार्य, ढलान कार्य, इँट विछ्याउने, ढुङ्गा छाप्ने, खट

बाँध्ने , अस्थाई घर वा टहरा निर्माण, छाना छाउने कार्य आदिजस्ता विशेष दक्षता वा साधनको आवश्यकता पर्दछ । स्टीलका छड तथा पाता जस्ता संरचनाहरू ठड्याउने कार्य पनि यसैअन्तर्गत पर्दछ । तर ती स्टीलका पाताहरू उहि एकाइले उत्पादन गर्दैनन् । विशिष्टीकृत निर्माणका क्रियाकलापहरू धेरै जसो सबकन्ट्र्याक्टबाट सञ्चालन गरिन्छ । तर विशेषगरी मर्मत निर्माणमा यस्ता विशिष्टीकृत कार्य मूल ठेकेदारले नै सम्पत्तिको स्वामित्ववालाका लागि प्रत्यक्षतः निर्माण गर्दछ ।

यस डिभिजनअन्तर्गत भवन फिनिसिङ तथा सम्पन्न गर्ने क्रियाकलापहरू पनि पर्दछन् ।

यस्ता निर्माणमा संरचनालाई सञ्चालनमा ल्याउन स्थापना गरिने धारा, बिजुली जस्ता उपयोगिता सेवाका जडानकार्यहरू पनि यसअन्तर्गत पर्दछन् । यस्ता क्रियाकलापहरू प्रायःजसो निर्माणस्थलमा नै सम्पादन गर्ने गरिन्छ । यद्यपी यस्ता क्रियाकलापका केही कार्य भने सम्बन्धित पसलहरूमा नै सम्पन्न गर्ने गरिन्छ । यस्ता क्रियाकलापहरूअन्तर्गत धारा, पाइप जडानसम्बन्धी (प्लम्बीङ), तातो चिसो वातावरणका लागि एयर कण्डिशनरको जडान, एण्टीना, अलार्म प्रणाली र अन्य विद्युतीय कार्य, फोहरा (स्प्रिङ्कलर) प्रणाली, एलेभेटर ( लिफ्ट) र इस्केलेटर (गतिशिल भऱ्याङ) आदिको जडानका कार्यहरू पर्दछन् । पानी, ताप र ध्वनिसम्बन्धी इन्सुलेसनका कार्यहरू, धातुका पाताका कार्य, व्यापारिक चिस्याउने (रेफ्रीजिरेटिङ) कार्य; सडक, रेलमार्ग, विमानस्थल, बन्दरगाह आदिका लागि प्रकाश पार्ने तथा सङ्केत गर्ने प्रणालीको जडान कार्यहरू पनि यसैअन्तर्गत पर्दछन् । माथि उल्लेखित क्रियाकलापहरू जस्तै उस्तै प्रकारका मर्मतकार्यहरू पनि यसैअन्तर्गत समावेश गरिन्छ ।
भवनको निर्माण सम्पन्न कार्यअन्तर्गत त्यस्ता क्रियाकलापहरू पर्दछन् जसले निर्माणको फिनिसिङ वा पूर्णतामा योगदान गर्दछ जस्तै सिसा लगाउने (ग्लेजिङ), प्लाष्टरिङ, रङरोगन गर्ने, भुँइ तथा भित्तामा टायल छाप्ने कार्य वा अन्य सामग्रीहरू जस्तै पार्केट, कार्पेट, वालपेपर आदि टाँस्ने, छाप्ने, कभर गर्ने कार्य, फ्लोर स्याण्डिङ, काठका कार्यहरू सम्पन्न गर्ने, ध्वनि नियन्त्रणसम्बन्धी कार्य, भवनका बाहिरी भागहरू सरसफाइ गर्ने आदि समावेश हुन्छन् । यस्तै प्रकारका मर्मतसम्बन्धी कार्य पनि पर्दछन् ।

अपरेटरसहित निर्माण उपकरण भाडामा दिने कार्यलाई सम्बन्धित निर्माण क्रियाकलापमा वर्गीकृत गरिएको छ ।

## 431 संरचना भत्काउने तथा निर्माण स्थल तयारी (Demolition and site preparation)

यो समूहअन्तर्गत पहिलेको भग्नावशेष हटाउने र तत्पश्चात्का निर्माण क्रियाकलापका लागि निर्माणस्थल तयारीका क्रियाकलापहरू समावेश गरिन्छ ।

### 4311 संरचना भत्काउने (Demolition)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- भवन तथा अन्य संरचनाहरू भत्काउने वा फोड्ने कार्य

### 4312 निर्माण स्थल तयारी (Site preparation)

यस वर्गमा संरचना भत्काइएपश्चात् निर्माण स्थल तयारीका निम्न क्रियाकलापहरू समावेश गरिन्छ :

- भवन निर्माण स्थल सफा तथा खाली गर्ने

- माटो फाल्नेः जमीन खन्ने, जमीन पुर्ने, निर्माणस्थलको सतह (लेवल) मिलाउने तथा ग्रेडिङ मिलाउने, खाडल खन्ने, चट्टान हटाउने, विष्फोट गर्ने आदि
- निर्माणका लागि भूभौतिक (जिओफिजिकल), भौगर्भिक वा यस्तै समान उद्देश्यका लागि प्वाल पार्ने कार्य (ड्रिलिङ), बोरिङ गर्ने तथा मुख्य भागको स्याम्प्लिङ गर्ने कार्यहरू
- खानीका लागि निर्माण स्थलको तयारी कार्यहरू जस्तै :
    - अनावश्यक वस्तुहरू हटाउने र अन्य सुधारका कार्य तथा खनिज सम्पत्ति र निर्माण स्थलको तयारी (ग्याँस तथा तेलबाहेक)
- निर्माणस्थलमा नाली (साइट ड्रेनेज) हरू निर्माण
- कृषि तथा वनजंगल क्षेत्रमा नाली ( ड्रेनेज ) निर्माण

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- तेल वा ग्याँस उत्खनन् गर्न कुवा खन्ने कार्य, हेर्नुहोस् ०६१०, ०६२०
- खनिज उत्खनन् सञ्चालनका लागि ड्रिलिङ तथा होल वोरिङको परीक्षण (तेल तथा ग्याँस निकाल्ने भन्दा अन्य खनिज उत्खनन्) हेर्नुहोस् ०९९०,
- माटोको दुषित पदार्थ हटाउने, हेर्नुहोस् ३९००
- कुवा खन्ने, इनार वा बोरिङ (ड्रिल) गर्ने काम, हेर्नुहोस् ४२२०
- पाता (शाफ्ट) धसाउने कार्य, हेर्नुहोस् ४३९०

    तेल तथा ग्याँस क्षेत्रको खोजी, भूभौतिक (जिओफिजिकल), भूगर्भीय, भूकम्पीय सर्वेक्षण सञ्चालन, हेर्नुहोस् ७११०

## 432 विद्युत्, पाइप तथा अन्य निर्माण सामग्रीसम्बन्धी जडानका कार्यहरू (Electrical, plumbing and other construction installation activities)

यस समूहमा जडानसम्बन्धी त्यस्ता क्रियाकलापहरू समावेश गरिन्छ जसले भवन सञ्चालनमा ल्याउन सहयोग पुग्दछ जस्तै विद्युतीय प्रणाली, पाइपसम्बन्धी (धारा, ग्याँस र ढलका लागि प्लम्बिङ), तातो चिसो वातावरणका लागि एयर कण्डिशन प्रणाली, एलेभेटर आदिको जडानका कार्यहरू ।

### 4321 विद्युत् जडानसम्बन्धी कार्यहरू (Electrical installation)

सबै प्रकारका सिभिल इन्जिनियरिङ संरचनाहरू तथा भवनहरूमा विद्युत् प्रणालीको जडानका कार्यहरू यस वर्गमा समावेश गरिन्छ । सबै प्रकारका सिभिल इन्जिनियरिङ संरचनाहरू तथा भवनहरूमा विद्युत् प्रणालीको जडानका कार्यहरू यस वर्गमा समावेश गरिन्छ ।

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- विद्युतीय तार जडान (वाईरिङ) तथा स्वीच,वत्तीहरू फिट गर्ने
- टेलिफोन तार जडान
- फाइवर अप्टिकल तारसहित कम्प्युटर नेटवर्क तथा केबल टेलिभिजन तार जडान (वाईरिङ) कार्य
- स्याटेलाइट डिस

- बत्ती वाल्ने प्रणालीको व्यवस्था (लाइटिङ सिष्टम)
- आगलागी जनाउ घण्टी (fire alarms)
- चोरी डकैती जनाउ घण्टी (burglar alarm systems)
- सडक बत्ती तथा विद्युतीय सङ्केत
- विमानस्थल धावनमार्गको प्रकाश व्यवस्था
- घरायसी उपकरण र विद्युतीय उपकरणहरू साथै वेसवोर्ड हिटिङ जोड्ने कार्य
- सोलार वा अन्य विद्युतीय उपकरण जडान कार्य

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ सञ्चार तथा विद्युत् प्रसारण लाइनको निर्माण, हेर्नुहोस् ४२२०
- ○ विद्युतीय सुरक्षा जनाउ घण्टी जस्तै फायर अलार्म बर्गलर अलार्म साथै तिनीहरूको सम्भार कार्यको अनुगमन तथा दूर अनुगमन, हेर्नुहोस् ८०२०

## 4322 प्लम्बिङ (पाइप, धारा आदि), हिटर तथा एयर कण्डिशन जडान (Plumbing, heat and air condition installation)

धारा पाइपसम्बन्धी प्लम्बिङ, तताउने हिटर तथा एयर कण्डिशन जडानका साथै यससम्बन्धी थप गर्ने, परिवर्तन गर्ने, सम्भार तथा मर्मत गर्ने कार्यहरू यस वर्गमा समावेश गरिन्छ ।

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- भवन अथवा अन्य निर्माणका आयोजनाहरूमा निम्न जडान कार्यहरू
  - ○ तापीय प्रणाली ( विद्युत्, ग्याँस र तेल)
  - ○ अग्नीकुण्ड (फर्नेस), चिस्यान स्तम्भ (कुलिङ टावर)
  - ○ गैरविद्युतीय सौर्य उर्जा सङ्कलक
  - ○ धारा पाइपसम्बन्धी प्लम्बिङ्ग तथा स्नानगृह, शौचालयका उपकरणहरू
  - ○ भेन्टिलेशन, रेफ्रीजिरेशन, वा एयर कण्डीशनका उपकरण तथा पाइप नलीहरू (ducts)
  - ○ ग्याँस जडान (फिटिङ)
  - ○ वाफ जाने स्टिम पाइपिङ
  - ○ आगोका झिल्का फाल्ने फायर स्प्रिङ्कलर प्रणाली
  - ○ चउरमा पानी चाहार्ने लन स्प्रिङ्कलर प्रणाली
- पानी निकासका लागि पाइप नलीहरू (duct) को जडान कार्य

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ विद्युतीय वेसबोर्ड हिटिङको जडान, हेर्नुहोस् ४३२१

## 4329 अन्य निर्माण उपकरण जडान (Other construction installation)

भवन तथा सिभिल इन्जिनियरिङ संरचनाहरूमा विद्युत्, प्लम्बिङ, तताउने र एयर कण्डिशन प्रणाली वा औद्योगिक यन्त्रहरू साथै यसको सम्भार र मर्मतबाहेक अन्य निर्माण उपकरणहरूको जडानसम्बन्धी कार्यहरू यस वर्गमा समावेश गरिन्छ ।

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- भवन तथा अन्य निर्माणका आयोजनाहरूमा निम्न जडानका कार्यहरू:
  - ○ एलेभेटर (लिफ्ट), इस्कालेटर (विद्युतीय भऱ्याङ)
  - ○ स्वचालित तथा घुम्ने ढोका
  - ○ लाइटिङ कण्डक्टर (उज्यालो पार्ने सुचालक)
  - ○ भ्याकुम क्लीनिङ प्रणाली (विद्युतीय उपकरणबाट सरसफाइ गर्ने)
  - ○ ताप, ध्वनि वा कम्पनलाई इन्सुलेशन गर्ने

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

○ औद्योगिक यन्त्रको जडान, हेर्नुहोस् ३३२०

## 433 भवन निर्माण सम्पन्न तथा साजसज्जा कार्य (Building completion and finishing)

### 4330 भवन निर्माण सम्पन्न तथा साजसज्जा कार्य (Building completion and finishing)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- भवन वा अन्य निर्माण आयोजनाहरूका संरचनामा आन्तरिक वा बाह्य प्लाष्टर वा चिल्लो प्लास्टर गर्ने वा वालपुट्टी लगाउने (stucco) साथै फल्याक विछ्याउने कार्य ।
- काठ वा अन्य वस्तुबाट बनेका ढोका (स्वचालित वा घुम्नेबाहेक), झ्याल, ढोका तथा झ्यालका फ्रेमहरू जडान
- भान्साका तयारी सेट, भऱ्याङ, पसलका लागि तयारी दराजहरू र यस्तै सामानहरूका जडान
- फर्निचरहरू जडान
- सिलिङ, भित्ता छोप्ने काठको कभर, चलायमान पार्टिशन आदिजस्ता आन्तरिक कार्य सम्पन्न गर्ने कार्य
- भवन वा अन्य निर्माण आयोजनाहरूका संरचनामा सामानहरू मिलाई राख्ने, टाइलिङ गर्ने, झुण्ड्याउने, वा फिटिङ गर्ने निम्न कार्यहरू:
  - ○ भित्ता वा भुँइमा सेरामिक, कंक्रिट वा कट् स्टोनका टायल छाप्ने, सेरामिक चुलो जडान
  - ○ पार्केटिङ गर्ने र भुँइमा अन्य काठको फलेक विच्छ्याउने
  - ○ कार्पेट तथा लिनोलियम भुँइमा विछ्याउने, (रवर र प्लास्टिकको समेत)
  - ○ भुँइ वा भित्तामा तेराज्जो (चिप्स् मार्वल), सिंगमर्मर, ग्रेनाइट वा स्लेट विछ्याउने
  - ○ भित्ते कागज (वालपेपर)
- भवनको भित्री वा बाहिरी रङरोगन
- सिभिल इन्जिनियरिङ संरचनाहरूको रङरोगन
- सिसा, ऐना आदि जडान ।
- निर्माण पछि नयाँ भवनको सरसफाइ
- अन्यत्र कतै वर्गीकृत नगरिएका भवन सम्पन्नका अन्य कार्यहरू
- पसल, चलायमान घर, डुंगा आदिको आन्तरिक जडानका कार्य

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

○ सडकको रङरोगन, हेर्नुहोस् ४२१०

- ○ स्वचालित तथा घुम्ने ढोकाहरू जडान, हेर्नुहोस् ४३२९
- ○ भवन तथा अन्य संरचनाहरूका सामान्य आन्तरिक सफाइ, हेर्नुहोस् ८१२१
- ○ भवनको आन्तरिक र बाह्य विशिष्टीकृत सरसफाइ, हेर्नुहोस् ८१२९
- ○ आन्तरिक सजावट डिजाइनरका क्रियाकलाप, हेर्नुहोस् ७४१०
- ○ तयारी सेल्फ स्ट्याण्डिङ फर्निचर जोड्ने, हेर्नुहोस् ९५२४

### 439 अन्य विशिष्टीकृत निर्माण क्रियाकलाप (Other Specialized construction activities)

### 4390 अन्य विशिष्टीकृत निर्माण क्रियाकलाप (Other Specialized construction activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- विभिन्न संरचनाहरूलाई मिल्ने गरी एक पक्षमा प्रायः विशिष्टीकृत गरिएका निम्न निर्माण क्रियाकलापहरू जसका लागि विशेष दक्षता वा साधनको आवश्यक पर्दछ :
  - ○ खम्बा गाड्ने समेत जगको निर्माण
  - ○ भवनमा ओस हटाउने, चिस्यान हटाउने, पानी नछिर्ने कार्य
  - ○ भवनमा आद्रता हटाउने
  - ○ जमीनमा रिङ गाड्ने (शाफ्ट गाड्ने)
  - ○ आफै उत्पादन नगरिएको स्टिलका खम्बाहरू उभ्याउने
  - ○ फलाम बँग्याउने
  - ○ इँटा विछ्याउने तथा ढुङ्गा छाप्ने
  - ○ आवास भवनका लागि छाना छाउने
  - ○ निर्माण कार्य गर्न मञ्च तथा खटहरू बाँध्ने, ठड्याउने र हटाउने (मञ्च तथा खटहरू भाडामा लगाउने कार्यबाहेक)
  - ○ चिम्नी तथा औद्योगिक भट्टीहरू ठड्याउने
  - ○ अग्ला संरचनाहरूमा चढ्ने दक्षता र सम्बन्धित उपकरणको प्रयोग गर्न सक्ने विज्ञहरूको पहुँच र आवश्यकतासहितका कार्य जस्तै अग्ला संरचनाहरूको उचाइमा कार्य गर्ने
- जमीनमुनिको कार्य
- आउटडोर पौडी पोखरीको निर्माण
- बाह्य भाग निर्माणका लागि बाफले सफाइ गर्ने (स्टिम क्लिनिङ), वालुवा टास्ने (स्याण्ड व्लाष्टिङ) तथा उस्तै प्रकार क्रियाकलापहरू
- अपरेटरसहित क्रेन(हेभी उपकरण) को भाडा लगाउने

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ बिना अपरेटरका निर्माण उपकरण तथा साधन भाडामा लगाउने कार्य, हेर्नुहोस् ७७३०

## खण्ड जी : थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतसम्भारका कार्यहरू (Wholesale and retail trade; repair of motor vehicles and motorcycles)

यस खण्डअन्तर्गत कुनै पनि प्रकारका वस्तुहरू तथा सेवामूलक वस्तुहरूको थोक तथा खुद्रामा बिक्री गर्ने

कार्यहरू पर्दछन् । यहाँ बिक्री भन्नाले वस्तुको स्वरूप परिवर्तन नगरी गरिने व्यापारलाई बुझाउँछ । वस्तुहरूको वितरणमा अन्तिम चरणहरू भनेकै थोक तथा खुद्रा व्यापार नै हो । वस्तु खरिद तथा बिक्रीलाई व्यापार भनेर बुझिन्छ ।

यो खण्डमा मोटरगाडी तथा मोटरसाइकलका मर्मतसम्भारका कार्यहरू पनि समावेश गरिएका छन् । स्वरूप परिवर्तन नगरी गरिने बिक्री कार्यले व्यापारसँग सम्बन्धित सुचारु रूपमा सञ्चालित कार्यहरू जस्तैः वस्तुहरू छुट्याउने, ग्रेडिङ गर्ने र जोड्ने (assemble) गर्ने, वस्तुहरू (जस्तै बालुवा) घुल्याउने वा मिश्रण बनाउने, बोटलिङ गर्ने (बोटल सफा गरेर वा नगरेर), पोका पार्ने (packing), ठूलाठूला प्याकेट फुकाउने र वितरणका लागि सानासाना प्याकेट बनाउने, भण्डारण गर्ने (चिस्यान पार्न वा अन्य प्रकारको), कृषि उत्पादन सफाइ गर्ने तथा सुकाउने, काठका फाइबर बोर्डहरू वा धातुका पाताहरू कटानी गर्ने क्रियाकलापहरूलाई समेट्दछ ।

डिभिजन ४५ ले बिक्रीसँग सम्बन्धित सबै प्रकारका क्रियाकलापहरू र मोटरगाडीहरू र मोटरसाइकलहरूको मर्मतसम्भारका कार्यहरू समेट्दछ भने डिभिजन ४६ र ४७ ले सबैखाले अन्य बिक्री क्रियाकलापहरू समेट्दछ ।

थोक बिक्री भन्नाले नयाँ वा प्रयोग भईसकेका वस्तुहरू खुद्रा बिक्रेता, औद्योगिक प्रयोगकर्ता, वाणिज्य प्रयोगकर्ता, संस्थागत वा व्यावसायिक प्रयोगकर्ताहरूलाई, वा अन्य थोक बिक्रेतालाई गरिने पुनः बिक्री ( वस्तुको स्वरूप परिवर्तन नगरी बिक्री) हो । यसअन्तर्गत माथि उल्लेखित व्यक्तिहरू तथा कम्पनीहरूलाई वस्तु खरिद वा बिक्री गर्दा एजेन्ट वा ब्रोकर वा दलालकोरूपमा गरिने कार्य पनि समावेश गरिन्छ । यसमा समावेश मुख्य प्रकारका व्यावसायिक कारोबारहरू जस्तै थोक बिक्रेताहरू (व्यापारीहरू) (जसले सामान बिक्री गर्ने जिम्मेवारी लिएका हुन्छन्), थोक व्यापारीहरू, औद्योगिक उत्पादनका वितरकहरू, निर्यातकर्ताहरू, आयातकर्ताहरू र  सहकारी क्रेता संघहरू, बिक्री शाखाहरू, बिक्री कार्यालयहरू (जहाँ खुद्रा कारोबार गरिदैन) पर्दछन् ।

यस्ता बिक्री शाखाहरू तथा बिक्री कार्यालयहरू, आद्योगिक उत्पादन तथा खनिज उत्पादनका एकाइहरूले तिनीहरूका उत्पादनहरूको वजार प्रवर्द्धन गर्ने उद्देश्यले सम्भार गरेका हुन्छन् । यी शाखा तथा कार्यालयले कारखाना वा खानीबाट सिधै सामान लाद्न (shipment) का लागि सामानको अर्डर लिने कार्यहरू गर्दैन । साथै यस प्रकारको मुख्य व्यापारिक कार्यहरूअन्तर्गत वस्तुकिनवेच गर्ने ब्रोकरहरू, कमिशन व्यापारीहरू तथा एजेन्टहरू, र सामान जडान गर्ने एसेम्ब्लरहरू, खरिदकर्ताहरू तथा बजार प्रवर्द्धनमा संलग्न सहकारी संघहरू पनि पर्दछन् ।

थोक बिक्रेताहरूले प्रायः ठूलो मात्रामा वस्तुहरूलाई भौतिकरूपले जडान गर्ने (assemble), छुट्याउने, ग्रेडिङ गर्ने, ठूलो मात्राका वस्तुका प्याकलाई फुकाई सानोसानो प्याकमा पुनः प्याक गर्ने, पुनः वितरण गर्ने जस्तैः औषधीजन्य वस्तुहरूको भण्डारण गर्ने, चिस्याउने, डेलिभरी गर्ने, वस्तु इन्स्टल गर्ने, बिक्री प्रवर्द्धनका लागि ग्राहकसमक्ष पुऱ्याउने र लेबल डिजाइन गर्ने कार्यहरू गर्दछन् ।

खुद्रा बिक्री भन्नाले नयाँ तथा प्रयोग गरिसकेका वस्तुहरूको (स्वरूप परिवर्तन नगरी) सर्वसाधारणलाई व्यक्तिगत वा घरायसी उपभोग वा प्रयोगका लागि पसलहरू, डिपार्टमेन्ट स्टोरहरू, स्टलहरू, मेल अर्डर हाउसहरू, सेल्स व्यक्तिहरूले घरघरमा गई व्यापार गर्ने घुमन्ते व्यापारीहरू वा डुलुवाहरू (हकरहरू) तथा पेड्लरहरू, उपभोक्ता सहकारीहरू, लिलामी पसल (auction houses) आदिबाट गरिने पुनः बिक्रीका कार्यहरूलाई बुझाउँदछ ।

धेरैजसो खुद्रा बिक्रेताहरूले तिनीहरूले बिक्री गर्ने वस्तुहरूको दायित्व लिएका हुन्छन् तर केहीले कमीशनका आधारमा वा कन्साइनमेन्टमा वस्तु बिक्री गर्ने एजेन्टको रूपमा कार्य गर्दछन् ।

## 45 मोटरगाडी तथा मोटरसाइकलको थोक एवं खुद्रा बिक्रीका र मर्मतसम्भारको कार्य (Wholesale and retail trade and repair of motor vehicles and motorcycles)

यो डिभिजनले मोटरगाडी तथा मोटरसाइकलहरू साथै लरीहरू, ट्रकहरू, ट्र्याक्टरहरूसँग सम्बन्धित सबै क्रियाकलापहरू (ती साधनहरूको औद्योगिक उत्पादन तथा भाडामा लिनेदिने कार्यबाहेक) जस्तै नयाँ वा पुराना सेकेण्डह्याण्ड गाडीहरूको थोक तथा खुद्रा बिक्री, गाडीहरूको मर्मत तथा सम्भार र मोटरगाडीहरू र मोटरसाइकलका लागि पार्टपुर्जाहरू तथा सामग्रीहरूको थोक तथा खुद्रा व्यापारका क्रियाकलापहरू समेट्दछ ।

यस्ता मोटरगाडीहरूको थोक तथा खुद्रा बिक्रीमा सामेल कमीशन एजेन्टहरूको क्रियाकलापहरू पनि यस डिभिजनले समेट्दछ । यो डिभिजनले मोटरगाडीहरू धुने, पखाल्ने, पालिस लगाउने आदिजस्ता क्रियाकलापहरूलाई पनि समेट्दछ ।

यो डिभिजनले मोटरगाडी वा मोटरसाइकलहरू भाडामा लगाउने वा चिस्याउने वस्तुहरू (cooling products) वा लुब्रिकेट गर्ने र पेट्रोल जस्ता अटोमोटिभ इन्धनको खुद्रा बिक्रीका कार्यलाई समेट्दैन् ।

### 451 मोटरगाडीको बिक्री (Sale of motor vehicles)

### 4510 मोटरगाडीको बिक्री (Sale of motor vehicles)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- नयाँ तथा प्रयोग गरिसकीएका मोटरगाडीहरूका थोक तथा खुद्रा बिक्रीः
  - यात्रुवाहक मोटरगाडीहरूको साथै एम्बुलेन्स, शव बाहन र मिनीवस आदिजस्ता विशेष यात्रुबाहक वाहनहरू
  - लरी, ट्रेलर र सेमी ट्रेलर
  - क्याराभान र मोटरहोम जस्ता क्याम्पिङ वाहनहरू
- अफ रोड मोटर गाडीहरू (जस्तै जीप, ट्याम्पो आदि) को थोक तथा खुद्रा बिक्री
- कमिशन एजेण्टहरूद्धारा गरिने मोटरगाडीहरूको थोक तथा खुद्रा बिक्री
- मोटरगाडीको लिलामी (auctions) का कार्यहरू

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैनन् :

- मोटरगाडीका लागि यसका पार्टपुर्जा सामानहरूको थोक तथा खुद्रा बिक्री, हेर्नुहोस् ४५३०
- चालकसहित मोटरगाडी भाडामा लगाउने कार्य, हेर्नुहोस् ४९२२
- चालकसहित ट्रक भाडामा लगाउने कार्य, हेर्नुहोस् ४९२३
- चालक रहित मोटरगाडी तथा ट्रक भाडामा लगाउने कार्य, हेर्नुहोस् ७७१०

### 452 मोटरगाडीको मर्मत तथा सम्भार कार्यहरू (Maintenance and repair of motor vehicles)

### 4520 मोटरगाडीको मर्मत तथा सम्भार कार्यहरू (Maintenance and repair of motor vehicles)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- मोटरगाडीको मर्मत तथा सम्भारः
  - यान्त्रिक (मेकानिकल) मर्मत
  - विद्युतीय मर्मत
  - इलेक्ट्रोनिक इन्जेक्सन प्रणालीको मर्मत
  - सामान्य सर्भिसिङ
  - मोटरगाडीको बडीको मर्मत
  - मोटरगाडीको अन्य भागहरूको मर्मत
  - धुने, पखाल्ने, रङ लगाउने, चम्काउने जस्ता पालिस लगाउने आदि
  - स्क्रीन र झ्यालहरूको मर्मत
  - मोटरगाडीका सिटहरूको मर्मत
- पाङ्ग्रा (टायर) तथा ट्युबको मर्मत, फिटिङ तथा बदल्ने कार्य
- मोटरगाडीका पार्टपुर्जाहरू खिया नलाग्ने उपचार (Anti-rust treatment)
- मोटरगाडीका पार्टपुर्जाहरूको जडान कार्यहरू (जुन औद्योगिक उत्पादनको प्रक्रियामा पर्दैनन् )

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिंदैनन् :

  - मोटरगाडीको पाङ्ग्राको retreading तथा पुनः निर्माणका कार्य, हेर्नुहोस् २२११

**453 मोटरगाडीका पार्टपुर्जाहरू तथा सहायक सामानको बिक्री (Sale of motor vehicles parts and accessories)**

**4530 मोटरगाडीका पार्टपुर्जाहरू तथा सहायक सामानको बिक्री (Sale of motor vehicles parts and accessories)**

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- गाडीका सबै किसिमका भागहरू, पार्टपुर्जाहरू, आपूर्ति, औजार र सहायक सामानहरूको थोक तथा खुद्रा बिक्री जस्तै :
  - पांग्राका रवर टायर तथा ट्युबहरूको थोक तथा खुद्रा बिक्री
  - स्पार्क प्लग, व्याट्री, गाडीको बत्तीका लाइटिङ उपकरणहरू र विद्युतीय सामानहरूको थोक तथा खुद्रा बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैनन् :

अटोमोटिभ इन्धनको खुद्रा बिक्री, हेर्नुहोस् ४७३०

**454 मोटरसाइकल र यसको पार्टपुर्जा तथा सहायक सामानहरूको बिक्री, मर्मत तथा सम्भार कार्यहरू (Sale, maintenance and repair of motorcycles and related parts and accessories)**

**4540 मोटरसाइकल र यसको पार्टपुर्जा तथा सहायक सामानहरूको बिक्री, मर्मत तथा सम्भार कार्यहरू (Sale, maintenance and repair of motorcycles and related parts and accessories)**

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- मोटरसाइकल साथै मोपेडको थोक तथा खुद्रा बिक्री
- मोटरसाइकल, मोपेडका लागि पार्टपुर्जा तथा सहायक सामानहरूको थोक तथा खुद्रा बिक्री गर्ने कार्यहरू (यसमा हुलाक वा मेलबाट अर्डर गर्ने तथा कमीशन एजेन्टहरू पनि समावेश हुन्छन् )
- मोटरसाइकल र मोपेडको मर्मत तथा सम्भार कार्यहरू
- रिक्सा, इ रिक्सा विक्रि मर्मत तथा सम्भार कार्यहरू

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ बाइसाइकल तथा यसका पार्टपुर्जाहरू र सहायक सामानहरूको थोक बिक्री, हेर्नुहोस् ४६४९
- ○ बाइसाइकल तथा यसका पार्टपुर्जाहरू र सहायक सामानहरूको खुद्रा बिक्री, हेर्नुहोस् ४६४९
- ○ मोटरसाइकल भाडामा लगाउने कार्य, हेर्नुहोस् ७७३०
- ○ बाइसाइकलका मर्मत तथा सम्भारका कार्य, हेर्नुहोस् ९५२९

## 46 मोटरगाडी र मोटरसाइकलबाहेकका थोक व्यापार (Wholesale trade, except of motor vehicles and motorcycles)

यो डिभिजनमा आफै सञ्चालन गरेको थोक व्यापार वा शुल्क लिएर वा करार आधारमा (कमीशन व्यापार) सञ्चालन गरेको आन्तरिक साथ साथै अन्तर्राष्ट्रिय थोक व्यापार (आयात ⁄निर्यात) क्रियाकलापहरू समावेश गरिन्छ ।

थोक व्यापार भन्नाले एक व्यवसायदेखि अर्को व्यवसायसम्म जस्तै औद्योगिक, ब्यापारिक, संस्थागत वा पेशागत प्रयोगकर्ताहरूलाई नयाँ वा प्रयोग भइ सकेका वस्तुहरू पुनः बिक्री गरिने (वस्तुको स्वरूपमा रिवर्तन नगरि बिक्री), वा अन्य थोक बिक्रेताहरूलाई पुनः बिक्री गरिने वा कुनै व्यक्ति वा कम्पनीहरूका लागि एजेन्ट वा दलालको रूपमा वस्तु खरिद वा बिक्री गरिने क्रियाकलापलाई बुझिन्छ । यसमा समावेश मुख्य प्रकारका व्यावसायिक कारोबारहरू जस्तै थोक बिक्रेताहरू (व्यापारीहरू) (जसले सामान बिक्री गर्ने जिम्मेवारी लिएका हुन्छन् ), थोक व्यापारीहरू, औद्योगिक उत्पादनका वितरकहरू, निर्यातकर्ताहरू, आयातकर्ताहरू र सहकारी क्रेता संघहरू, बिक्री शाखाहरू, बिक्री कार्यालयहरू (जहाँ खुद्रा कारोबार गरिदैन् ) पर्दछन् । यस्ता बिक्री शाखाहरू तथा बिक्री कार्यालयहरू, आद्योगिक उत्पादन तथा खनिज उत्पादनका एकाइहरूले तिनीहरूका उत्पादनहरूको वजार प्रवर्द्धन गर्ने उद्देश्यले सम्भार गरेका हुन्छन् । यी शाखा तथा कार्यालयले कारखाना वा खानीबाट सिधै सामान लाद्न (shipment) का लागि सामानको अर्डर लिने कार्यहरू गर्दैन । साथै यस प्रकारको मुख्य व्यापारिक कार्यहरूअन्तर्गत वस्तुकिनवेच गर्ने ब्रोकरहरू, कमिशन व्यापारीहरू तथा एजेन्टहरू र सामान जडान गर्ने एसेम्ब्लरहरू, खरिदकर्ताहरू तथा कृषि उत्पादन बजार प्रवर्द्धनमा संलग्न सहकारी संघहरू पनि पर्दछन् ।

थोक बिक्रेताहरूले प्रायः ठूलो मात्रामा वस्तुहरूलाई भौतिकरूपले जडान गर्ने (assemble), छुट्याउने, ग्रेडिङ गर्ने, ठूलो मात्राका वस्तुका प्याकलाई फुकाई सानो सानो प्याकमा रिप्याक गर्ने, पुनः वितरण गर्ने जस्तैःऔषधीजन्य वस्तुहरूको भण्डारण गर्ने, चिस्याउने, डेलिभरी गर्ने, वस्तु इन्स्टल गर्ने, बिक्री प्रवर्द्धनका लागि ग्राहक समक्ष पुऱ्याउने र लेवल डिजाइन गर्ने कार्यहरू गर्दछन् ।

यो डिभिजनले मोटर मोटरगाडीहरू, क्याराभान तथा मोटरसाइकलहरू साथसाथै मोटरगाडीका पार्टपुर्जाहरू ( हेर्नुहोस् डिभिजन ४५) को थोकबिक्री, वस्तुहरू भाडामा तथा लिजमा दिने कार्य (हेर्नुहोस् डिभिजन ७७) र ठोस वस्तुहरू प्याकिङ गर्ने र तरल वा ग्याँसयुक्त पदार्थहरूको वोटलमा भर्ने साथै तेस्रो पक्षका लागि गरिने

ब्लेण्डीङ र फिल्टरिङ गर्ने कार्य (हेर्नुहोस् वर्ग ८२९२) समावेश गर्दैन ।

## 461 शुल्क वा करारको आधारमा गरिने थोक बिक्री (Wholesale on a fee or contract basis)

### 4610 शुल्क वा करारको आधारमा गरिने थोक बिक्री (Wholesale on a fee or contract basis)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- कमिशन एजेन्ट तथा सबै अन्य थोक बिक्रेताहरू जसले अरु कम्पनीको प्रतिनीधिको रूपमा  रूपमा वा दलालको रूपमा वा अन्य किसिमले विभिन्न प्रकारका सामानको थोक बिक्री गर्ने क्रियाकलाप
- खरिदकर्ता एवं बिक्रीकर्ताबीच मध्यस्थ भई थोक बिक्री गर्ने क्रियाकलाप तथा मुख्य व्यवसायको प्रतिनीधि भई साथै इन्टरनेट मार्फत् व्यापारिक कारोवारहरू गर्ने, यस्ता एजेन्टहरूले निम्नअनुसारका व्यापारिक कार्य गर्ने गर्छन् :
    - कृषिका कच्चा सामग्रीहरू, जीवित जनावरहरू, कपडा बुन्ने कच्चापदार्थ र अर्ध प्रशोधित सामानहरूको बिक्री
    - इन्धन,अप्रशोधित धातु (ores), धातु तथा औद्योगिक रसायनहरूका साथै रासायनिक मलको बिक्री
    - खाद्य पदार्थ, पेय पदार्थ र सूर्ति जन्य वस्तुको बिक्री
    - टेक्सटाइल कपडा, कपडा, भुवादार कपडा, जुत्ता, चप्पल, छालाका वस्तुहरूको बिक्री
    - काठपात र भवन निर्माणका सामानहरूको बिक्री
    - यन्त्र उपकरणहरूका साथै कार्यालयसम्बन्धी यान्त्रिक उपकरणहरू तथा कम्प्युटरहरू, औद्योगिक उपकरणहरू, पानी जहाज तथा डुंगा र हवाई जहाज र यसका सामानहरूको बिक्री
    - फर्निचर, घरायसी सामानहरू र हार्डवेयरका सामानहरूको बिक्री
    - थोकमा लिलामीसम्बन्धी कार्यहरू (auctioneering houses)

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- आफ्नै नाममा थोक व्यापार , हेर्नुहोस् समूहहरू ४६२ देखि ४६९
- मोटरगाडीहरूका लागि कमिशन एजेन्टका क्रियाकलापहरू, हेर्नुहोस् ४५१०
- मोटरगाडीहरूको लिलाम, हेर्नुहोस् ४५१०
- भण्डार रहित कमीशन एजेन्टहरूका खुद्रा बिक्री कार्य, हेर्नुहोस् ४७९९
- बिमा एजेन्टका क्रियाकलापहरू, हेर्नुहोस् ६६२२
- घरजग्गा कारोवारका एजेन्टहरूका क्रियाकलापहरू, हेर्नुहोस् ६८२०

### 4620 अप्रशोधित कृषि उपज एवं जीवित पशुपन्छीको थोक बिक्री (करारबाहेक) (Wholesale of unmanufactured agricultural raw materials and live animals) (without contract)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- कृषि उपज जस्तै : अन्नपात, गेडागुडी, र विउविजनको थोक बिक्री
- तेलजन्य फलफूलको थोक बिक्री
- पुष्प तथा वोटबिरुवाको थोक बिक्री
- अप्रशोधित सुर्तीको थोक बिक्री

- जीवित पशुपन्छीको थोक बिक्री
- काँचो छाला, हाड, सिङ (hides and skins) आदिको थोक बिक्री
- छालाको थोक बिक्री
- कृषिजन्य वस्तु, खेरगएका उपज, रहलपहल र पशु आहारमा प्रयोगहुने उपउत्पादनहरू

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- टेक्स्टाइल फाइवरको थोक व्यापार , हेर्नुहोस् ४६६९

## 463 खाद्य पदार्थ, पेय पदार्थ र सुर्तीको थोक बिक्री (Wholesale of food, beverage and tobacco)

## 4630 खाद्य पदार्थ, पेय पदार्थ र सुर्तीको थोक बिक्री (Wholesale of food, beverage and tobacco)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- अनाज, फलफूल र तरकारी थोक बिक्री (गल्ला पसलहरु)
- दुग्ध उत्पादनको थोक बिक्री
- अण्डा र अण्डाका उत्पादनको थोक बिक्री
- वनस्पती तथा जनावरबाट उत्पादित खानहुने तेल र घ्यु तथा बोसोको थोक बिक्री
- मासु तथा मासुका उत्पादनको थोक बिक्री
- माछा र माछाका उत्पादनको थोक बिक्री
- चिनी, चकलेट र सुगर कन्फेक्सनरीको थोक बिक्री
- बेकरीहरूको थोक बिक्री
- मदिरा तथा पेय पदार्थको थोक बिक्री
- कफी, चिया, कोकोआ र मसलाहरू आदिको थोक बिक्री
- प्रशोधित सुर्ती र सुर्तीजन्य उत्पादन आदिको थोक बिक्री
- धेरैमात्रामा वाइन खरिद गर्ने र कुनै रूपान्तरणबिना वोटलमा भर्नेकार्य
- घरपालुवा वा पाल्तु जनावरहरूको खानाको थोक बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- डिस्टिल्ड स्पिरिट वा वाइनको ब्लेन्डिङ गर्ने कार्य, हेर्नुहोस् ११०१, ११०२

## 464 घरायसी सामानको थोक बिक्री (Wholesale of household goods)

यस समूहमा घरायसी सामान, टेक्स्टाइल कपडा आदिको थोक बिक्री पर्दछन् ।

## 4641 टेक्स्टाइल कपडा, तयारी वस्त्र र जुत्ता चप्पलको थोक बिक्री (Wholesale of textiles, clothing and footwear)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- कपडा बुन्ने धागोको थोक बिक्री
- बुनेको फेब्रीक कपडाको थोक बिक्री
- सनपाटबाट निर्मित घरायसी कपडा वा घरायसी प्रयोग हुने लाइनन् (सुतीको बुनेको कपडा) थोक बिक्री
- लुगा सिउने धागो, सिउने सियो आदिको थोक बिक्री
- तयारी कपडा साथै खेलकुद (स्पोर्ट्स) कपडाको थोक बिक्री
- तयारी कपडामा लगाइने पञ्जा, टाई, मोजा, ब्रेस जस्ता कपडाका एसेसोरिजहरूको थोक बिक्री
- जुत्ताचप्पलको थोक बिक्री
- भुवा भएका कपडाको थोक बिक्री
- छाताको थोकबिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैनन् :

- गरगहना तथा छालाबाट बनेका वस्तुहरूको थोक बिक्री, हेर्नुहोस् ४६४९
- टेक्स्टायल फाइबरको थोकबिक्री, हेर्नुहोस् ४६६९

### 4649 अन्य घरायसी सामानको थोक बिक्री (Wholesale of other household goods)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- घरायसी प्रयोजनका फर्निचरहरूको थोक बिक्री
- घरायसी प्रयोजनका सामान तथा उपकरणहरूको थोक बिक्री
- उपभोग्य इलेक्ट्रोनिक्सको थोक बिक्री जस्तै :
  - रेडियो तथा टेलिभिजनका उपकरण
  - सिडी तथा डिभिडी प्लेयर तथा रेकर्डर
  - स्टेरियो उपकरण
  - भिडीयो गेमका उपकर
- बिजुली बत्ती वा प्रकाश पार्ने वस्तु, उपकरणहरूको थोक बिक्री
- काँटा, चम्चा, छुरी जस्ता कट्लेरी सामानको थोक बिक्री
- चिनियाँ तथा शीशाका सामानहरूको थोक बिक्री
- काठले बनेका सामान, बेतबाँसका सामान तथा काग (कर्क) आदिका सामानको थोक बिक्री
- औषधीजन्य तथा चिकित्साका जस्तै शल्यक्रियाका सामानहरूको थोक बिक्री
- अत्तर जस्ता सुगन्धीत एवं सौन्दर्यवर्धक कस्मेटिकका सामान, साबुन प्रकारका सामानहरूको थोक बिक्री
- साइकल, तिनीहरूका पार्टपुर्जा तथा आवश्यक जडान सामानहरूको थोक बिक्री
- स्टेशनरीका सामान, पुस्तक, पत्रपत्रिकाको थोकबिक्री
- फोटो खिँच्न आवश्यक पर्ने फोटोग्राफिक सामान तथा दुरबिन, लेन्स, सनग्लास, म्याग्नीफाइ गर्ने लेन्स जस्ता अप्टिकल वस्तुहरूको थोक बिक्री
- रेकर्ड गरिएका अडियो तथा भिडियो टेप, सिडी, डिभिडीहरूको थोक बिक्री
- छालाबाट बनेका सामानहरू तथा यात्रागर्दा आवश्यक पर्ने सामानहरू जस्तै सुट्केश आदिको थोक बिक्री
- हातेघडी, भित्तेघडी तथा रत्नमणि जडित वस्तुको थोक बिक्री

- सङ्गीतका सामग्री, खेल तथा खेलौना सामग्री, खेलकुद (स्पोर्टस्) का सामानहरूको थोक बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ अडियो तथा भिडियोका खाली चक्का (टेप), खाली सीडी तथा डिभिडी चक्काहरूको थोक बिक्री, हेर्नुहोस् ४६५२
- ○ रेडियो र टेलिभिजन ब्रोडकास्टिङका सामानको थोक बिक्री, हेर्नुहोस् ४६५२
- ○ कार्यालय फर्निचरहरूको थोक बिक्री, हेर्नुहोस् ४६५९

## 465 यान्त्रिक वा मेशीनरी उपकरण तथा यससम्बन्धी आपूर्तिका सामग्रीको थोक बिक्री (Wholesale of machinery equipment and supplies)

यस समूहमा कम्प्युटरहरू, दूरसञ्चारका उपकरणहरू, सबै प्रकारका उद्योगहरूका लागि विशेष प्रकारका यान्त्रिक उपकरण र सामान्य प्रयोजनका यान्त्रिक उपकरणहरूको थोक बिक्रीका क्रियाकलापहरू समावेश गरिन्छ ।

### 4651 कम्प्युटर, कम्प्युटरसम्बन्धी सामानहरू र सफ्टवेयरको थोक बिक्री (Wholesale of computer, computer peripheral equipment and software)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- कम्प्युटर र कम्प्युटरसम्बन्धी सामानहरूको थोक बिक्री
- सफ्टवेयरको थोक बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ इलेक्ट्रोनिक पार्टपुर्जाका सामानहरूको थोक बिक्री, हेर्नुहोस् ४६५२
- ○ कम्प्युटर र यससँग सम्बन्धित सामानहरूबाहेकका कार्यालयमा प्रयोगहुने यान्त्रिक उपकरणहरूको थोकबिक्री, हेर्नुहोस् ४६५९
- ○ कम्प्युटर नियन्त्रित यान्त्रिक उपकरणहरूको थोक बिक्री, हेर्नुहोस् ४६५९

### 4652 विद्युतीय तथा दूरसञ्चारका उपकरण र त्यसका पार्टपुर्जाको थोक बिक्री (Wholesale of electronic and telecommunications equipment and parts)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- विद्युतीय भल्भ र ट्यूबको थोक बिक्री
- सेमिकण्डक्टर डिभाइसेसको थोक बिक्री
- माइक्रोचिप्स तथा इन्टिग्रेटेड सर्किटहरूको थोक बिक्री
- प्रिण्टेड सर्किटहरूको थोक बिक्री
- खाली श्रव्य तथा दृश्यका टेपहरू, डिस्केट र चुम्बकीय तथा सिडी तथा डिभिडी जस्ता अप्टिकल डिस्कहरूको थोक बिक्री
- मोबाइल, टेलिफोन तथा दूरसञ्चारका उपकरणहरूको थोक बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ रेकर्ड गरिएका अडियो तथा भिडियो टेप, सिडी, डिभिडीहरूको थोक बिक्री, हेर्नुहोस् ४६४९
- ○ उपभोग्य इलेक्ट्रोनिक्स सामानहरूको थोक बिक्री, हेर्नुहोस् ४६४९
- ○ कम्प्युटर र कम्प्युटरसम्बन्धी सामानहरूको थोक बिक्री, हेर्नुहोस् ४६५१

## 4653 कृषिसम्बन्धी यन्त्र, उपकरण तथा यससम्बन्धी आपूर्तिका सामग्रीहरूको थोक बिक्री (Wholesale of agricultural machinery, equipment and supplies)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- कृषिसम्बन्धी यान्त्रिक सामान तथा उपकरण
  - ○ हलो, कोदालो, मल छर्ने यान्त्रिक सामान, विउछर्ने मेसिन
  - ○ हार्वेस्टर,
  - ○ थ्रेशर,
  - ○ दूध दुहुने मेसिन
  - ○ कुखुरा पालनसम्बन्धी मेसिन
  - ○ माहुरीपालन गर्ने मेसिनहरू
  - ○ कृषि तथा वनजन्य कार्यमा प्रयोगगरिने ट्र्याक्टरहरू
  - ○ चउरमा दुवो वा घाँस काट्ने लन माउर मेसिन

## 4659 अन्य मेसिन तथा उपकरणहरूको थोक बिक्री (Wholesale of other machinery and equipment)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- कम्प्युटर र तत्सम्बन्धी मुख्य उपकरणहरूबाहेक कार्यालय मेसिन तथा उपकरणहरूको थोक बिक्री
- कार्यालय फर्निचरहरूको थोक बिक्री
- मोटरगाडी, मेटरसाइकल, मोपेड, स्कुटर, साइकलबाहेकका यातायातका साधनहरूको थोक बिक्री
- production-line robots को थोक बिक्री
- तार र स्वीचहरू तथा औद्योगिक प्रयोगका लागि अन्य जडान उपकरणहरूको थोक बिक्री
- विद्युतीय मोटर, ट्रान्सफरमर आदिजस्ता अन्य विद्युतीय सामानको थोक बिक्री
- कुनै पनि सामानका लागि र कुनै पनि प्रकारको यन्त्र औजारहरू (मेसिन टुल) को थोक बिक्री
- उद्योग, व्यापार तथा खोजबिन र अन्य सेवाहरूमा प्रयोगका लागि अन्यत्र कहीँ उल्लेख नगरिएका अन्य यान्त्रिक सामानहरूको थोक बिक्री
- कम्प्युटर नियन्त्रित मेसिन औजारहरूको थोक बिक्री
- कपडा उद्योगका लागि कम्प्युटर नियन्त्रित मेसिन औजारहरू र सिलाइ बुनाइका मेसिनहरूको थोक बिक्री
- नापजाँच गर्ने सामान तथा उपकरणको थोकबिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ मोटरगाडी, ट्रेलर तथा क्याराभानहरूकोथोक बिक्री, हेर्नुहोस् ४५१०

- ○ मोटरगाडीका पार्टपुर्जाहरूको थोक बिक्री, हेर्नुहोस् ४५३०
- ○ मोटरसाइकलहरूको थोक बिक्री, हेर्नुहोस् ४५४०
- ○ साइकलहरूको थोक बिक्री, हेर्नुहोस् ४६४९
- ○ कम्प्युटरहरू तथा यससम्बन्धी मुख्य उपकरणहरूको थोक बिक्री, हेर्नुहोस् ४६५१
- ○ विद्युतीय (इलेक्ट्रोनिक पार्टपुर्जा तथा टेलिफोन र सञ्चारका उपकरणको थोक बिक्री, हेर्नुहोस् ४६५२

## 466 अन्य विशेष सामानहरूको थोक बिक्री (Other specialized wholesale)

यो समूहमा यस डिभिजनको अन्य समूहहरूमा वर्गीकृत नगरिएको विशेष थोकबिक्रीका क्रियाकलापहरू समावेश गरिन्छ । यसअन्तर्गत घरायसी प्रयोगका लागि नै नभई कृषिबाहेकका मध्यवर्ती उत्पादनहरू समावेश गरिन्छ ।

### 4661 ठोस, तरल तथा ग्याँस इन्धन र तत्सम्बन्धी वस्तुको थोक बिक्री (Wholesale of solid, liquid and gaseous fuel and related product)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- इन्धनहरू, ग्रीज, लुब्रिकेन्ट्स, तेलहरू जस्ता उत्पादनहरूको बिक्री जस्तैः
  - ○ कारकोल (अँगार), कोइला, मट्टी कोइला, आगो बाल्ने दाउरा, नाप्था (छिटो जल्ने एक प्रकारको झोल पदार्थ) को थोक बिक्री
  - ○ कच्चा पेट्रोल, कच्चा तेल, डिजेल इन्धन, ग्याँसोलाइन, इन्धन तेल, तताउने तेल, मट्टीतेल
  - ○ तरलीकृत पट्रोलियम ग्याँस, विटुमिन तथा प्रोपेन ग्याँस
  - ○ लुब्रीकेटिङ तेल तथा ग्रीजहरू, प्रशोधित पेट्रोलियम पदार्थहरू

### 4662 धातु तथा अप्रशोधित धातुको थोक बिक्री (Wholesale of metal and metal ores)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- फलाम तथा गैरफलाम जन्य अप्रशोधित धातुको थोक बिक्री
- प्राथमिक स्वरूपमा फलाम तथा गैरफलाम जन्य अर्धप्रशोधित धातुको थोक बिक्री
- कहीँ कतै उल्लेख नगरिएको फलाम तथा गैरफलाम जन्य अर्धप्रशोधित धातुको थोक बिक्री
- सुन तथा अन्य बहुमूल्य धातुको थोक बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ खेरगएका धातुका कुँडा कर्कट धातुको थोक बिक्री, हेर्नुहोस् ४६६९

### 4663 निर्माण सामाग्रीहरू, हार्डवेयर, प्लम्बिङ्ग एवं तताउने उपकरणहरूको थोक बिक्री तथा आपूर्ति कार्यहरू (Wholesale of construction materials, hardware, plumbing and heating equipment and supply)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- चिरान नगरिएको सामान्य काठहरूको थोक बिक्री

- सामान्य चिरान गरिएको काठका वस्तुहरूको थोक बिक्री
- रङरोगन तथा वार्निशको थोक बिक्री
- निर्माण सामग्रीहरूको थोक बिक्री:
  - वालुवा, रोडा (ग्राभेल) जस्ता निर्माण सामाग्रीहरू
- वालपेपर (भित्ते कागज) तथा भुईं ढाक्ने वस्तुहरूको थोक बिक्री
- समलत (सादा) शिशाको थोक बिक्री
- हार्डवेयर तथा ताला साँचोहरूको थोक बिक्री
- फिटिङ तथा फिक्स्चरहरूको थोक बिक्री
- पानी तताउने हिटरहरूको थोक बिक्री कार्यहरू
- स्यानीटरी उपकरणको थोक बिक्री:
  - नुहाउने धाराका सामान, हात धुने वास वेसिनका सामान, शौचालय र अन्य स्यानिटरी पोर्सिलेन सामानहरूको थोक बिक्री
- स्यानिटरी जडानका उपकरणहरूको थोक बिक्री
  - ट्युब, पाइप, फिटिङस, धाराको टुटी, टी पिसहरू,  कनेक्सनहरू, रवर पाइपहरू, एल्वो, ट्युबर पाइप आदिजस्ता स्यानिटरीका सामानहरूको थोक बिक्री
  - औजारहरू जस्तै घन (ह्याम्मर), करौंती, पेचकश (स्क्र्यु ड्राइभर) तथा अन्य हाते औजारहरू (टुल) को थोक बिक्री

## 4669 अन्यत्र कहीँ वर्गीकृत नगरिएका खेर फालिएका तथा कुँडाकर्कट टुक्राटुक्री तथा अन्य यस्तै वस्तुको थोक बिक्री (Wholesale of waste and scrap and other products n.e.c.)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- औद्योगिक रसायनहरूको थोक बिक्री:
  - रङ बनाउने एनीलाइन्, छपाई गर्ने मसी, अत्यावश्यक तेलहरू, मेसिनमा हाल्ने तेल, औद्योगिक ग्याँसहरू, रासायनिक खोटो, चोप (ग्लु), रङाउने वस्तुहरू, सिन्थेटिक रेजिन ( चोप तथा खोटो), मेथानोल, पाराफिन, वासना बनाउने सुगन्धितहरू (सेन्ट्स) तथा सुवासकारी चिज, सोडा, औद्योगिक नून, एसिड तथा सल्फर, माडयुक्त वस्तु (स्टार्च डेरिभेटिभ) आदिको थोक बिक्री
- मल तथा कृषि रसायनका उत्पादनको थोक बिक्री
- प्रारम्भिक स्वरूपका प्लास्टिकका वस्तुहरूको थोक बिक्री
- रबरको थोक बिक्री
- कपडा बुन्ने धागो (टेक्स्टाइल फाइबर)को थोक बिक्री
- ठूलो परिमाणका कागजको थोक बिक्री
- बहुमूल्य पत्थरहरूको थोक बिक्री
- पुनः प्रयोग गर्नका लागि धातु वा गैरधातु खेर गएका वस्तु र कुँडाकर्कट टुक्राटुक्रीहरू वस्तुहरूको थोक बिक्री साथै यस क्रियाकलापअन्तर्गत त्यस्ता प्रयोग भइसकेका वस्तुहरू सङ्कलन गर्ने, समूहीकरण गर्ने (सर्टीङ गर्ने), छुट्याउने, पुनः प्रयोगमा ल्याउन सकिने वस्तुहरू निकाल्न (स्ट्रीपिङ

गर्ने), प्याकिङ तथा पुनःप्याकिङ गर्ने, भण्डारण तथा डेलिभरी गर्ने (तर वास्तविक रूपान्तरण प्रक्रियाबिना) क्रियाकलापहरू पनि समेटिन्छ । यसका अतिरिक्त खरिद गरिएका तथा बिक्री गरिएका खेर गएका सामानको शेष मूल्य रहेको हुन्छ ।

- पुनः प्रयोगगर्न मिल्ने पार्टपुर्जाहरूलाई पुनःबिक्रीगर्नका लागि पुराना खेर फालिएका अटोमोवाइल, कम्प्युटर, टेलिभिजन र यस्तै अन्य उपकरणहरू भत्काउने, फुकाल्ने र पन्छ्याउने कार्यहरू

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- घरायसी तथा औद्योगिक खेरगएका वस्तुहरूको सङ्कलन, हेर्नुहोस् समूह ३८१
- खेर गएका फोहर वस्तुहरूलाई औद्योगिक उत्पादनमा पुनः प्रयोग गर्ने प्रयोजनका लागि नभई नष्ट गर्ने उद्देश्यले ती फोहरको उपचार क्रियाकलाप, हेर्नुहोस् समूह ३८१
- जव वस्तुको वास्तविक स्वरूप रूपान्तरण प्रक्रिया आवश्यक पर्दछ तव द्धित्तीयक कच्चा पदार्थकोरूपमा खेर गएका वस्तुहरू तथा कुँडाकर्कट , धातुका टुक्राटुक्री वस्तुहरूको प्रशोधन कार्य, हेर्नुहोस् ३८३० (यस्ता द्वित्तीयक कच्चा पदार्थहरू औद्योगिक उत्पादन प्रक्रीयामा प्रत्यक्ष प्रयोग हुने भएकाले अन्तिम उत्पादन चाहीँ होइनन्)
- वस्तु पुनः प्राप्तिका लागि गरिने पुराना खेर फालिएका अटोमोवाइल, कम्प्युटर, टेलिभिजन र यस्तै अन्य उपकरणहरू भत्काउने, फुकाल्ने र पन्छ्याउने कार्यहरू, हेर्नुहोस् ३८३०
- यान्त्रिक प्रक्रियाको माध्यमबाट कारहरू धुजाधुजा वा टुक्राटुक्रा पार्नु, हेर्नुहोस् ३८३०
- पानी जहाज, डुँगा टुक्र्याउने कार्य, हेर्नुहोस् ३८३०
- अरुले प्रयोग गरिसकेको सामानहरूको खुद्रा बिक्री, हेर्नुहोस् ४७७४

## 469 विशिष्टीकृत नगरिएका वस्तुहरूको थोक व्यापार (Non- specialized wholesale trade)

### 4690 विशिष्टीकृत नगरिएका वस्तुहरूको थोक व्यापार (Non- specialized wholesale trade)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- कुनै निश्चित विशिष्टताबिनाका वा नभएका विभिन्न किसिमका सामानहरूको थोक बिक्री

## 47 मोटरगाडी तथा मोटरसाइकलबाहेकका खुद्रा व्यापार (Retail trade, except of motor vehicles and motorcycles)

यस डिभिजनले सर्वसाधारणलाई व्यक्तिगत वा घरायसी उपभोगका लागि पसल, डिपार्टमेन्ट स्टोर, स्टल, मेल अर्डर (हुलाकमार्फत् अर्डर), सडक तथा घुमन्ते व्यापारी, उपभोक्ता सहकारी आदिद्वारा नयाँ वा प्रयोग भइसकेका वस्तुहरूको पुनः बिक्री (वस्तुको स्वरूपमा परिवर्तन नगरी बिक्री) क्रियाकलापहरूलाई समेट्दछ ।

खुद्रा बिक्रीलाई प्रथमतः बिक्री केन्द्र (आउटलेट) को प्रकारअनुसार ( जस्तै भण्डारणबाट खुद्रा बिक्रीः समूह ४७१ देखि ४७७ ; भण्डारणबाहेकका स्थानहरूबाट खुद्रा बिक्रीः समूह ४७८ देखि ४७९) वर्गीकृत गरिएको छ । भण्डारबाट गरिने खुद्रा बिक्रीले प्रयोग भएका सामानहरूको खुद्रा बिक्रीलाई समेट्दछ (वर्ग ४७७४) । भण्डारबाट गरिने खुद्रा बिक्रीका लागि, विशिष्टीकृत खुद्रा बिक्री ( समूह ४७२ देखि ४७७) तथा सामान्य ( विशिष्टीकृत नगरिएका) खुद्रा बिक्री (समूह ४७१) बीच अझै भिन्नता देखिन्छ । माथि उल्लेखित समूहहरूलाई वस्तु बिक्रीको मात्राअनुसार अझै उपसमूहमा विभाजन गरिन्छ । भण्डारबाहेकका स्थानहरूबाट गरिने खुद्रा बिक्रीलाई व्यापारको किसिमअनुसार उपसमूहमा वर्गीकृत गरिन्छ जस्तै स्टल तथा वजारबाट गरिने खुद्रा बिक्री र अन्य भण्डारबाहेकका स्थानबाट गरिने खुद्रा बिक्री जस्तै हुलाक वा इमेल वा अनलाइनबाट अर्डर, दैलोदैलोमा बिक्री, भेन्डिङ मेसिन आदिबाट गरिने बिक्री आदि (समूह ४७९) ।

यस डिभिजनमा बिक्री गरिने सामानहरू प्रायः उपभोग्य सामानहरू वा खुद्रा सामानहरूमा सीमित गरिएको छ । त्यसकारण प्रायः खुद्रामा बिक्री नगरिने सामानहरू जस्तै खाद्यान्न, खनिज धातु, औद्योगिक मेसिनहरू आदि समावेश गरिँदैन । यस डिभिजनले मुख्यतया सर्वसाधारणलाई बिक्री गर्न शोरुममा प्रदर्शनमा राखिएका वस्तुहरू जस्तै कम्प्युटर, मसलन्द, रङरोगन वा काष्ठजन्य सामानहरूको बिक्रीमा संलग्न एकाइहरूलाई पनि समेट्दछ । यद्यपी यस्ता वस्तुहरू व्यक्तिगत वा घरायसी उपभोगका लागि नहुन सक्छ । यस प्रकारको बिक्रीअन्तर्गत बिक्रीको सिलसिलामा वस्तुको केही प्रशोधनका कार्य जस्तै वस्तु छान्ने/छुट्याउने, पुनः प्याकिङ गर्ने, घरायसी उपकरणहरू जडान गर्ने आदि कार्यहरू पर्न सक्दछ ।

यो डिभिजनले कमीशन एजेन्टहरूले गर्ने खुद्रा बिक्री तथा खुद्रा लिलाम बजार घरका क्रियाकलापलाई पनि समेट्दछ ।

यो डिभिजनमा निम्न क्रियाकलापहरू समावेश गरिदैन :

- कृषकहरूले बिक्री गर्ने कृषि उत्पादनहरू, हेर्नुहोस् डिभिजन ०१
- वस्तुको औद्योगिक उत्पादन तथा बिक्री जुन सामान्यतः डिभिजन १० देखि ३२ को औद्योगिक खण्डमा वर्गीकरण गरिएको छ ।
- मोटरगाडी, मोटरसाइकल तथा तिनीहरूका पार्टपुर्जाहरूको बिक्री, हेर्नुहोस् डिभिजन ४५
- खाद्यान्न, खनिजधातु, कच्चा पेट्रोलियम, औद्योगिक रसायन तथा उपकरणको व्यापार, हेर्नुहोस् डिभिजन ४६
- बिक्रीस्थलमा उपभोगका लागि गरिने खानेकुरा तथा पेयपदार्थको बिक्री तथा बिक्रीस्थलमा नभई अन्य कतै उपभोग गरिने गरी तयारी खानाको बिक्री, हेर्नुहोस् डिभिजन ५६
- सर्वसाधारणलाई व्यक्तिगत तथा घरायसी सामानहरू भाडामा दिने क्रियाकलाप, हेर्नुहोस् समूह ७७२

## 471 विशिष्टीकृत नगरिएका पसलमा गरिने खुद्रा बिक्री (Retail sale in non-specialized store)

यो समूहमा एउटै एकाइ (विशिष्टीकृत नगरिएको पसल) जस्तै सुपर मार्केट वा डिपार्टमेन्ट स्टोरहरूमा विभिन्न प्रकारका वस्तुहरूको खुद्रा बिक्री क्रियाकलापहरू समावेश गरिन्छ ।

## 4711 खाद्य, पेय पदार्थ वा सुर्तीजन्य वस्तुहरूको बाहुल्यता रहेको विशिष्टीकृत नगरिएका पसलहरूमा गरिने खुद्रा बिक्री (Retail sale in non-specialized stores with food, beverages or tobacco predominating)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- धेरै प्रकारका वस्तुहरूको खुद्रा बिक्री जहाँ खाद्य, पेय पदार्थ वा सुर्तीजन्य वस्तुहरूको वाहुल्यता हुनुपर्दछ जस्तै
    - जनरल स्टोरहरूमा खाद्य वस्तु, पेय पदार्थ वा सुर्तीजन्य वस्तुको मुख्य बिक्री भई अन्य अनेकौं प्रकारका वस्तुहरू जस्तै तयारी पोशाक, फर्निचर, घरायसी प्रयोगका वस्तु (एप्लियन्स), हार्डवेयर, श्रृंगारका सामान (कस्मेटिक्स) का खुद्रा बिक्री क्रियाकलापहरू ।

यस वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- इन्धन बिक्रीको वाहुल्यता रहेको खाद्य तथा पेय पदार्थ सँगसँगै इन्धनको खुद्रा बिक्री, हेर्नुहोस् समूह ४७३०

## 4719 विशिष्टीकृत नगरिएका पसलहरूमा अन्य खुद्रा बिक्री (Other retail sale in non-specialized stores)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन् :

- खाद्य, पेयपदार्थ वा सुर्तीजन्य वस्तुहरूका बिक्रीको वाहुल्यता नभई अन्य धेरै प्रकारका वस्तुहरूको खुद्रा बिक्री जस्तै डिपार्टमेन्ट स्टोरहरूमो सामान्य प्रकारका वस्तुहरूका साथै तयारी पोशाक, फर्निचर, घरायसी सामानहरू (एप्लियन्स), हार्डवेयर, श्रृंगारका सामान, गरगहना, खेलौना, खेलकुदका सामानहरू आदिको खुद्रा बिक्री कार्य

## 472 विशिष्टीकृत पसलहरूमा खाद्य, पेय पदार्थ र सूर्तिजन्य वस्तुको खुद्रा बिक्री (Retail sale of food, beverages and tobacco in specialized stores)

यो समूहले खाद्य, पेय पदार्थ र सुर्तीजन्य वस्तुहरू मात्र बिक्री गर्ने विशिष्टीकृत पसलहरूका खुद्रा बिक्री कार्यलाई समेट्दछ ।

### 4721 विशिष्टीकृत पसल वा स्टोरहरूमा खाद्य वस्तुको खुद्रा बिक्री (Retail sale of food in specialized stores)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- देहायअनुसारका कुनै पनि प्रकारका वस्तुहरूको खुद्रा बिक्री :
  - ताजा तथा सुरक्षित गरिएको फलफूल एवं तरकारीहरू
  - दुग्धजन्य वस्तु तथा अण्डाहरू
  - मासु तथा मासुजन्य उत्पादनहरू (कुखुरा, हाँस आदिका मासुसहित)
  - माछा, अन्य सामुन्द्रीक खाद्य वस्तु र तिनीहरूबाट वनेका उत्पादनहरू
  - बेकरी (पाउरोटी, वन, डोनट, केक आदि) उत्पादनहरू
  - चकलेट, कन्फेक्सनरीहरू
  - अन्य खाद्य वस्तुहरू

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- वेकरी उत्पादनका कार्यहरू जस्तै आफ्नै प्रांगणमा पाउरोटी बेकीङ गरी बनाउने कार्य, हेर्नुहोस् समूह १०७१

### 4722 विशिष्टीकृत पसलमा पेय पदार्थको खुद्रा बिक्री (Retail sale of beverages in specialized stores)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- अल्कोहलिक पेय पदार्थको खुद्रा बिक्री ( यस्ता पेयपदार्थ बिक्रीस्थलमा उपभोग गरिदैन् ) जस्तै :
  - रक्सीजन्य वा अल्कोहोलिक पेय पदार्थ
  - नन् अल्कोहोलिक (रक्सीको मात्रा नभएको हल्का पेय पदार्थ) पेय पदार्थ

### 4723 विशिष्टीकृत पसलमा सूर्तिजन्य वस्तुको खुद्रा बिक्री (Retail sale of tobacco products in specialized stores)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- सूर्तिको खुद्रा बिक्री
- सूर्तिजन्य वस्तुहरूको खुद्रा बिक्री

## 473 विशिष्टीकृत पसलहरूमा मोटरगाडीका (अटोमेटिभ) इन्धनको खुद्रा बिक्री (Retail sale of automotive fuel in specialized stores)

### 4730 विशिष्टीकृत पसलहरूमा मोटरगाडीका (अटोमेटिभ) इन्धनको खुद्रा बिक्री (Retail sale of automotive fuel in specialized stores)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- मोटरगाडी तथा मोटरसाइकलका लागि इन्धनको खुद्रा बिक्री जस्तै पेट्रोल पम्पहरू
- मोटरगाडीका लागि लुब्रीकेण्ट तथा पंखा जस्ता चिस्याउने वस्तुहरूको खुद्रा बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ इन्धनको थोक बिक्री , हेर्नुहोस् ४६६१
- ○ खाद्य, पेयपदार्थ आदिसहित संयुक्तरूपमा इन्धनको खुद्रा बिक्री, हेर्नुहोस् ४७११
- ○ खाना पकाउन तथा तताउन वा न्यानो पार्नका लागि तरलीकृत पेट्रोलीयम ग्याँसको खुद्रा बिक्री, हेर्नुहोस् ४७७३

## 474 विशिष्टीकृत पसलहरूमा सूचना तथा सञ्चार उपकरणहरूको खुद्रा बिक्री (Retail sale of information and communication equipment in specialized stores)

यो समूहमा विशिष्टकृत पसलहरूबाट गरिने सूचना तथा सञ्चारका उपकरणहरू जस्तै कम्प्युटरहरू तथा यसका पार्टपुर्जाहरू, दूरसञ्चारका उपकरण तथा टेलिभिजन, क्यामेरा, मोवाइल जस्ता इलेक्ट्रोनिक्स सामानहरूको खुद्रा बिक्री क्रियाकलापहरू पर्दछन् ।

### 4741 विशिष्टीकृत पसलहरूमा कम्प्युटर, कम्प्युटरका पार्टपुर्जाहरू, सफ्टवेयर र दूरसञ्चारका उपकरणहरूको खुद्रा बिक्री (Retail sale of computers, peripherial units, software and telecommunication equipment in specialized stores)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- कम्प्युटरको खुद्रा बिक्री
- कम्प्युटरसँग सम्बन्धित पार्टपुर्जाहरूको खुद्रा बिक्री
- भिडियो गेम कन्सोलको खुद्रा बिक्री
- भिडीयो गेमहरूसहित नन्कस्टमाइज्ड सफ्टवेयरको खुद्रा बिक्री
- मोवाइल फोन तथा दूरसञ्चारका उपकरणहरूको खुद्रा बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ खाली टेप तथा डिस्कहरूको खुद्रा बिक्री , हेर्नुहोस् ४७६२

### 4742 विशिष्टीकृत पसलहरूमा श्रव्य तथा दृश्यका उपकरणहरूको खुद्रा बिक्री (Retail sale of audio and video equipment in specialized stores)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- रेडियो तथा टेलिभिजनका उपकरणहरूको खुद्रा बिक्री
- स्टेरियो उपकरणहरूको खुद्रा बिक्री
- सिडी तथा डिभिडी प्लेयरहरू र रेकर्डरहरूको खुद्रा बिक्री
- टेलिभिजन, क्यामेरा, जस्ता इलेक्ट्रोनिक्स सामानहरूको खुद्रा बिक्री

**475 विशिष्टीकृत पसलहरूमा घरायसी प्रयोजनका वस्तु तथा उपकरणहरूको खुद्रा बिक्री (Retail sale of household equipment in specialized stores)**

यो समूहमा विशिष्टीकृत पसलमा घरायसी प्रयोगका वस्तु तथा उपकरणहरू जस्तै टेक्स्टायलहरू, हार्डवेयर, कार्पेट, विद्युतीय उपकरणहरू वा फर्निचरको खुद्रा बिक्री क्रियाकलापहरू समावेश गरिन्छ ।

**4751 विशिष्टीकृत पसलहरूमा कपडाको खुद्रा बिक्री (Retail sale of textiles in specialized stores)**

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- बुनेका फेब्रीक कपडाहरूको खुद्रा बिक्री
- निटिङ यार्न (बुन्ने धागो) को खुद्रा बिक्री
- कम्बल, ट्यापस्ट्री वा भित्तामा टाँग्न वा मञ्चढाक्नलाई बनाइएको पाल पर्दाका कपडा तथा बुट्टा भरिएका (इम्ब्राइडरी) कपडाहरूको खुद्रा बिक्री
- सुती तथा थान कपडाहरूको खुद्रा बिक्री
- सियो, धागो, टाँक आदिको खुद्रा बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ तयारी लुगाको खुद्रा बिक्री , हेर्नुहोस् ४७७१

**4752 विशिष्टीकृत पसलहरूमा हार्डवेयर, रङरोगनहरू र सिसाको खुद्रा बिक्री (Retail sale of hardware, paints and glass in specialized stores)**

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- हार्डवेयरको खुद्रा बिक्री
- रङरोगनका सामानहरू, वार्निस, टल्काउने लाक्वार (Lacquers) का खुद्रा बिक्री
- झ्याल आदिमा लगाउने सीसाको खुद्रा बिक्री
- भवन निर्माणका अन्य सामानहरू जस्तै ईंटा, टायल, काठ, बाथरुम, शौचालयका स्यानेटरी सामानहरूको खुद्रा बिक्री
- घरायसी प्रयोजनका आफै प्रयोग गर्ने सामान तथा उपकरणको खुद्रा बिक्री
- चौरको घाँसकाट्ने मेसिनको खुद्रा बिक्री
- वाष्प स्नान घर (साउना) का सामग्रीको खुद्रा बिक्री

**4753 विशिष्टीकृत पसलहरूमा कार्पेट (दरी, गलैंचा), कम्वल, भित्ता तथा भुँईमा ढाक्ने वा ओछ्याउने लगाइने कभरहरूको खुद्रा बिक्री (Retail sale of carpets, rugs, wall and floor coverings in specialized stores)**

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- कार्पेट तथा सिरक,डसना, कम्वलको खुद्रा बिक्री
- पर्दा र जालिदार पर्दाको खुद्रा बिक्री
- वाल पेपर तथा भुँइ ढाक्ने वा छोप्ने सामानहरूको खुद्रा बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ कर्क फ्लोर टायलहरूको खुद्रा बिक्री , हेर्नुहोस् ४७५२

**4759 विशिष्टीकृत पसलहरूमा घरायसी प्रयोजनका विद्युतीय भाँडाकुँडाहरू, फर्निचर, बिजुलीबत्तीका उपकरण र**

**अन्य घरायसी वस्तुहरूको खुद्रा बिक्री (Retail sale of electrical household appliances, furniture, lighting equipment and other household articles in specialized stores)**

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- घरायसी प्रयोजनका फर्निचरहरूको खुद्रा बिक्री
- बिजुली बत्तीका सामानहरूको खुद्रा बिक्री
- भान्सामा प्रयोग हुने खाना पकाउने भाँडाकुँडा तथा काँटा चम्चाहरू, कप प्लेट सेट (क्रोकरी), काँचका भाँडाकुँडाहरू, चिनीयाँ माटाका भाँडाकुडाहरूको खुद्रा बिक्री
- काठका सामान, कर्क, बेतबाँसका सामानहरू जस्तै नाङ्लो, कुचो आदिको खुद्रा बिक्री
- घरायसी प्रयोजनका विभिन्न सामानहरूको खुद्रा बिक्री
- सङ्गीतका वाद्ययन्त्र तथा स्कोरबोर्डहरूको खुद्रा बिक्री
- जडान वा सम्भार सेवाबाहेक सुरक्षा प्रणालीका सामानहरू जस्तैः ताला, साँचो तथा सेफ आदिको खुद्रा बिक्री
- अन्यत्र वर्गीकृत नगरिएका घरायसी प्रयोजनका विभिन्न प्रकारका सामानहरूको खुद्रा बिक्री जस्तै सिलाई मेसिन, घरायसी विद्युतीय उपकरणहरू (संचारका वाहेक)।

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ प्राचिन वा पुरातात्वीक वस्तुहरू (एन्टीक) को खुद्रा बिक्री, हेर्नुहोस् ४७७४

**476 विशिष्टीकृत पसलहरूमा सांस्कृतिक तथा मनोरञ्जनका सामग्रीहरूको खुद्रा बिक्री (Retail sale of cultural and recreation goods in specialized stores)**

यो समूहमा विशिष्टीकृत पसलहरूमा सांस्कृतिक तथा मनोरञ्जनात्मक सामानहरू जस्तै पुस्तक, समाचारपत्रहरू, सङ्गीत तथा भिडियो रेकर्डिङ, खेलकुदका सामग्रीहरू, खेल तथा खेलौनाहरूको खुद्रा बिक्री कार्य समावेश गरिन्छ।

**4761 विशिष्टीकृत पसलहरूमा पुस्तक, समाचारपत्रहरू तथा मसलन्द सामानको खुद्रा बिक्री (Retail sale of books, newspapers and stationary in specialized stores)**

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- सबै प्रकारका पुस्तकहरूको खुद्रा बिक्री
- पत्रपत्रिकाहरू तथा स्टेशनरी सामानको खुद्रा बिक्री
- कार्यालयका लागि आपूर्ति गरिने सामानहरू जस्तै : कलम, सिसाकलम, कागज, रबर स्ट्याम्प, आदिको खुद्रा बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ सेकण्ड ह्याण्ड तथा प्राचिन पुस्तकहरूको खुद्रा बिक्री, हेर्नुहोस् ४७७४

**4762 विशिष्टीकृत पसलहरूमा सङ्गीत तथा भिडियो रेकर्डिङ्गहरूको खुद्रा बिक्री (Retail sale of music and video recordings in specialized stores)**

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- संङ्गीत रेकर्डहरू, अडियो टेप, कम्प्याक्ट डिस्क (सिडी) तथा क्यासेटको खुद्रा बिक्री
- भिडियो टेप तथा डिभिडिहरूको खुद्रा बिक्री
- खाली टेप तथा डिस्कको खुद्रा बिक्री

**4763 विशिष्टीकृत पसलहरूमा खेलकुद उपकरणहरूको खुद्रा बिक्री (Retail sale of sporting equipments in specialized stores)**

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- खेलकुदका सामानहरू, माछामार्ने वल्छी (फिसिङ गीयर), क्याम्पिङका सामानहरू, जल विहारका लागि डुंगाहरू, मनोरञ्जनका लागि कुदाइने साइकलहरूको खुद्रा बिक्री

**4764 विशिष्टीकृत पसलहरूमा खेल तथा खेलौनाको खुद्रा बिक्री (Retail sale of games and toys in specialized stores)**

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- सबै प्रकारका वस्तुहरूबाट बनाइएको खेल तथा खेलौनाहरूको खुद्रा बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ भिडियो गेम कन्सोलहरूको खुद्रा बिक्री, हेर्नुहोस् ४७४१
- ○ भिडियो गेमहरूसहित नन्कस्टमाइज्ड सफ्टवेयरको खुद्रा बिक्री, हेर्नुहोस् ४७४१

**477 विशिष्टीकृत पसलहरूमा अन्य सामानहरूको खुद्रा बिक्री (Retail sale of other goods in specialized stores)**

यस समूहमा अन्यत्र वर्गीकरण नगरिएका निश्चित वस्तुहरू विशिष्टीकृत पसलहरूमा बिक्री गरिने क्रियाकलापलाई समावेश गरिन्छ । जस्तै लत्ताकपडा, जुत्ता चप्पल तथा छालाबाट वनेका वस्तुहरू, औषधी ( फर्मास्युटिकल) र चिकित्साजन्य वस्तु, घडि, उपहार सामग्री, सरसफाइ गर्ने सामान, हतियार, फूल तथा सौखका लागि पालिएका जनावर (flowers and pets) आदि । प्रयोग भइसकेका सामानहरूको खुद्रा बिक्री गर्ने विशिष्टीकृत पसलहरू पनि समावेश गरिन्छ ।

**4771 विशिष्टीकृत पसलहरूमा लत्ताकपडा, जुत्ताचप्पल र छालाका सामानहरूको खुद्रा बिक्री (Retail sale of clothing, footwear and leather articles in specialized stores)**

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- लत्ताकपडाहरूको खुद्रा बिक्री गर्ने फेन्सी स्टोर सहित
- भुवादार कपडाहरूको खुद्रा बिक्री
- कपडाका सामानहरू (एसेसोरिज) जस्तै गन्जी, मोजा, पन्जा, टाइ, व्रा आदिको खुद्रा बिक्री
- छाताको खुद्रा बिक्री
- जुत्ताचप्पलको खुद्रा बिक्री
- छालाका वस्तुहरूको खुद्रा बिक्री
- यात्रामा प्रयोग गरिने छाला र छालाको सट्टामा प्रयोग गरिने सामानहरूको खुद्रा बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- ○ टेक्सटायल कपडाको खुद्रा बिक्री, हेर्नुहोस् ४७५१

**4772 विशिष्टीकृत पसलहरूमा औषधी (फर्मास्युटिकल) र चिकित्साजन्य (मेडिकल) सामानहरू, सौन्दर्यवर्द्धक**

**सामान र सरसफाइका वस्तुहरूको खुद्रा बिक्री (Retail sale of pharmaceutical and medical goods, cosmetic and toilet articles in specialized stores)**

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- औषधीहरूको खुद्रा बिक्री
- चिकित्सा (मेडिकल) तथा हाडजोर्नीका (अर्थोपेडिक) सामग्रीहरूको खुद्रा बिक्री
- सुगन्धित एवं सौन्दर्यवर्धक सामग्रीहरूको खुद्रा बिक्री
- सरसफाइसम्बन्धी ट्वाइलेटका सामानहरूको खुद्रा बिक्री

### 4773 विशिष्टीकृत पसलहरूमा नयाँ प्रकारका सामग्रीहरूको खुद्रा व्यापार (Other retail trade of new goods in specialized stores)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- फोटोग्राफिक, चश्मासम्बन्धी (अप्टिकल) र शुक्ष्म वस्तु देखाउने उपकरणहरूको खुद्रा बिक्री
- चस्मासम्बन्धी काम गर्ने क्रियाकलापहरू
- नाडीघडी, भित्तेघडी तथा घडी जडित गहनाहरूको खुद्रा बिक्री
- फूल, बिरुवा, विउ, मल, सौखका रूपमा पालिने जनावरहरू र तिनका खानाको खुद्रा बिक्री
- उपहारका सामग्री, सजावटका सामान (क्राफ्टवर्क), धार्मिक सामाग्रीहरू (मुर्ति, माला आदि) को खुद्रा बिक्री
- व्यापारिक आर्ट ग्यालरी (कलाका) सामानहरूको खुद्रा बिक्री
- घरायसी उपभोग्य इन्धन मट्टीतेल, सिलिण्डर ग्याँस, कोइला तथा बाल्ने दाउराको खुद्रा बिक्री
- सफाइ गर्ने सामानहरूको खुद्रा बिक्री
- हातहतियार तथा गोलाबारुदको खुद्रा बिक्री
- पुराना हुलाक टिकट तथा सिक्काको खुद्रा बिक्री
- अन्यत्र कहीँकतै वर्गीकरणमा नपरेका गैरखाद्य वस्तुहरूको खुद्रा बिक्री

### 4774 प्रयोग भईसकेको (सेकेण्ड ह्याण्ड) सामानहरूको खुद्रा बिक्री (Retail sale of second- hand goods)

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- प्रयोग भईसकेका किताबहरूको खुद्रा बिक्री
- प्रयोग भईसकेका अन्य प्रकारका सामानहरूको खुद्रा बिक्री
- प्राचिन वा पुरातात्विक सामानहरूको खुद्रा बिक्री
- लिलाम बिक्री घरको खुद्रासामानका बिक्री क्रियाकलापहरू

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- सेकण्ड ह्याण्ड मोटरगाडीहरूको खुद्रा बिक्री, हेर्नुहोस् ४५१०
- अनलाइन मार्फत् गरिने लिलामी तथा अन्य गैरभण्डारबाट गरिने लिलाम खुद्रा बिक्री, हेर्नुहोस् ४७९१, ४७९९
- ब्याजमा रकम लगानी गर्ने पसलहरू (pawn shop) को क्रियाकलाप हेर्नुहोस् ६४९२

## 478 स्टल (सानो पसल) वा फुटपाथे बजार मार्फत् वस्तुको खुद्रा बिक्री (Retail sale via stalls and market)

यस समूहले कुनै पनि नयाँ वा प्रयोग गरिएका सेकेण्ड ह्याण्ड वस्तुको प्रायः सडक तथा निश्चित बजार क्षेत्रमा रहेका चलायमान पसल (साइकल, गाडामा राखिएको पसल) वा स्टलबाट गरिने खुद्रा बिक्रीको क्रियाकलापहरूलाई समेट्दछ ।

### 4781 स्टल (सानो पसल) वा फुटपाथे बजारमार्फत् खाद्य, पेयपदार्थ र सूर्तिजन्य वस्तुहरूको खुद्रा बिक्री (Retail sale via stalls and markets of food, beverage and tobacco products)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- स्टल वा फुटपाथका बजारबाट खाद्यपदार्थ, पेयपदार्थ र सूर्तिजन्य उत्पादनहरूको खुद्रा बिक्री जस्तैः पान पसल, जुस, लस्सी तथा सातुलाई पेय बनाएर फुटपाथमा बेच्ने पसल

  यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

  - एक स्थानबाट अर्को स्थानमा चलायमान भइरहने घुम्ती खाना पसलहरूमा तुरुन्त उपभोग गरिने तयारी खानेकुराको खुद्रा बिक्री, हेर्नुहोस् ५६१०

### 4782 स्टल (सानो पसल) वा फुटपाथे बजार मार्फत् टेक्सटायल कपडा, लत्ता कपडा र जुत्ताचप्पलको खुद्रा बिक्री (Retail sale via stalls and markets of textiles, clothing and footware)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- स्टल (सानो पसल) वा फुटपाथे बजारमार्फत् टेक्सटायल कपडा, लत्ताकपडा र जुत्ता चप्पलको खुद्रा बिक्री

### 4789 स्टल (सानो पसल) वा फुटपाथे बजार मार्फत् अन्य सामानहरूको खुद्रा बिक्री (Retail sale via stalls and markets of other goods)

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समेटिन्छन्:

- स्टल (सानो पसल) वा फुटपाथे बजार मार्फत् अन्य सामानहरूको खुद्रा बिक्री जस्तैः
  - कार्पेट तथा कम्बल
  - पुस्तक
  - खेल तथा खेलौना सामान
  - घरायसी प्रयोगका उपकरण तथा मोवाइल, टिभि जस्ता विद्युतीय सामानहरू
  - सङ्गीत तथा भिडियो रेकर्डिङ

## 479 पसल, स्टल र फुटपाथ बजारबाहेक भिन्दै रूपले गरिने सामानको खुद्रा बिक्री (Retail sale not in store, stalls and markets)

### 4791 हुलाक, मेल अर्डर वा इन्टरनेट (अनलाइन) , इमेल मार्फतबाट गरिने वस्तुको खुद्रा बिक्री (Retail sale via mail order houses or via internet)

यस वर्गअन्तर्गत हुलाक, मेल अर्डर वा अनलाइन (इन्टरनेट), इमेलमार्फत् गरिने वस्तुको खुद्रा बिक्री क्रियाकलापहरू पर्दछन् । यसअन्तर्गत विज्ञापन, क्याट्लग, वेबसाइटमा जारी गरिएको विज्ञापन, कुनै मोडल वा विज्ञापनका माध्यमहरूका आधारमा खरिदकर्ताले वस्तुको छनौट गर्दछ र छनौट गरेको वस्तु पाउनका लागि हुलाक, मेल, फोन वा अनलाइन (इन्टरनेट) (प्राय वेबसाइटमा दिइएको विशेष माध्यम) मार्फत् सम्बन्धित व्यवसायी वा बिक्रेतालाई अर्डर गरिन्छ । यसरी अर्डर गरिएका वस्तुहरू ग्राहक रहेको स्थानमा

भौतिकरूपमै पुऱ्याउने गरिन्छ ।

यो वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- मेल अर्डरमार्फत् जुनसुकै प्रकारका वस्तुहरूको खुद्रा बिक्री
- इन्टरनेटमार्फत् जुनसुकै प्रकारका वस्तुहरूको खुद्रा बिक्री
- टेलिभिजन, रेडियो र टेलिफोनमार्फत् प्रत्यक्ष बिक्री
- इन्टरनेटमार्फत् खुद्रा लिलामी

## 4799 पसल, स्टल (सानो पसल) वा फुटपाथे बजारबाहेक अन्य खुद्रा बिक्री (Other retail sale not in store, stalls, or markets)

यो वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- यसभन्दा अघिका वर्गहरूमा उल्लेख नगरिएका जुनसुकै प्रकारको वस्तुको खुद्रा बिक्री जस्तै
    - बिक्रेताले घरघरमा गई गरिने प्रत्यक्ष बिक्री
    - भेन्डिङ मेसिन आदिबाट गरिने बिक्री
- इन्धन (तताउने तेल, दाउरा आदि) को बिक्री र उपभोक्ताको घरपरिसरमै प्रत्यक्ष पुऱ्याउने ( डेलिभरी)
- भण्डारण नगरी (नन्स्टोर) अन्य माध्यममार्फत् गरिने लिलामीका क्रियाकलापहरू (खुद्रा लिलामी)
- कमीशन एजेन्टले सामान भण्डारण नगरीकन गर्ने खुद्रा बिक्री

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिदैनन् :

- भण्डार (स्टोर) बाट गरिने सामानहरूको डेलिभरी, हेर्नुहोस् समूह ४७१ - ४७७

# खण्ड एच : यातायात तथा भण्डारण
# (Transportation and Storage)

यस खण्डमा यात्री वा सामान ढुवानी गर्ने यातायातका क्रियाकलापहरू पर्दछन् । रेलमार्ग, पाइपलाइन, स्थलगत मार्ग, जलमार्ग, हवाईमार्गद्वारा प्रदान गरिने विभिन्न सेवाहरू का साथै यसैसँग सम्बन्धित अन्य क्रियाकलाप जस्तैः टर्मिनल तथा पार्किङ सुविधा, भण्डारण सेवा, आदि क्रियाकलापहरू पनि पर्दछन् । यसका साथसाथै ढुवानीका लागि चालकसहित भाडामा दिने यातायात सेवासमेत यसैअन्तर्गत पर्दछ । त्यसै गरी हुलाक वा कुरियर सेवाहरू पनि यसैअन्तर्गत पर्दछन् ।

निम्न लिखित क्रियाकलापहरू यस खण्डले समेट्दैन : मोटरगाडी तथा अन्य ढुवानीका साधनहरूको मर्मतसम्भार ( हेर्नुहोस् ४५२० र ३३१५), सडक, रेलको बाटो, एयरपोर्ट आदिको निर्माण, मर्मत तथा सम्भार (हेर्नुहोस् ४२१० र ४२९०), साथै चालक रहित ढुवानीका साधन भाडामा लिनेदिने (हेर्नुहोस् ७७१० र ७७३०) ।

## 49 स्थल यातायात तथा पाइप लाइन एवं तारमार्फत् चल्ने यातायात (Land transport and transpot via pipelines)

यस डिभिजनमा रेलमार्ग, पाइपलाइन, स्थलगत मार्गद्वारा प्रदान गरिने यात्रुवाहक सेवा एवं माल वाहक सेवा समावेश गरिएको छ ।

### 491 रेल यातायात (Transport via railways)

व्यापक भौगोलिक क्षेत्रमा फैलिएको मुख्यमार्ग सञ्जाल (मेन लाइन नेटवर्क) मा सञ्चालित यात्रुवाहक वा मालवाहक रेल यातायातका साधनका क्रियाकलापहरू यसअन्तर्गत समावेश गरिएको छ । छोटो लाइनमा चल्ने यात्रुवाहक वा मालवाहक रेल यातायातसमेत समावेश गरिएको छ ।

यस समूहमा निम्न लिखित क्रियाकलापहरू समावेश गरिएको छैन । नगर तथा उपनगर यात्री जमिनको यातायात हेर्नुहोस् ४९२१, सवारी टर्मिनल गतिविधि (हेर्नुहोस् ५२२१), स्वीचिङ र सनटिङ (switching and shunting) सँग सम्बन्धित क्रियाकलापहरू हेर्नुहोस् ५२२१)

#### 4911 अन्तरनगर यात्रुवाहक रेल यातायात (Passenger rail transport, inter-urban)

यात्रुवाहक रेल यातायातका निम्न सेवाहरू यस वर्गमा पर्दछन् ।

- नगर क्षेत्रहरू बीच सञ्चालित यात्रुवाहक रेल यातायात
- खाने तथा सुत्नेसमेतको एकीकृतसेवा भएको यात्रुवाहक रेल यातायात

नोटः निम्न उल्लिखित यसअन्तर्गत पर्दैनन्

- नगर र उपनगर जोड्ने यात्रुवाहक सेवा (हेर्नुहोस् ४९२१),
- सवारी टर्मिनल गतिविधि (हेर्नुहोस् ५२२१),
- खाना तथा सुत्नको लागि अलग व्यवस्था भएको यात्रुवाहक रेलसेवाहरू (हेर्नुहोस् ५५९०, ५६१०)

## 4912 ढुवानी सेवाको रेलयातायात (Freight rail transport)

ढुवानी सेवाको रेलयातायतका निम्न सेवाहरू यस वर्गमा पर्दछन् ।

- मुख्य रेलमार्ग सञ्जाल तथा सहायक रेलमार्ग भएर ढुवानी सेवा सञ्चालन गर्ने रेल यातायात

नोटः निम्न उल्लिखित यसअन्तर्गत पर्दैनन्

- भण्डारण तथा गोदाम (हेर्नुहोस् ५२१०),
- ढुवानी टर्मिनल गतिविधि (हेर्नुहोस् ५२२१),
- कार्गो सामान व्यवस्थापन, (हेर्नुहोस् ५२२४)

## 492 अन्य स्थल यातायात (Other land transport)

यस समूहमा रेल यातायातबाहेक सबै स्थलगत यातायातका क्रियाकलापहरू समावेश गरिएको छ । साथै नगर र उपनगर क्षेत्रमा सञ्चालन हुने रेल यात्रुवाहक सेवालाई पनि समावेश गरिएको छ ।

## 4921 नगर र उपनगर क्षेत्रमा सञ्चालन हुने यात्रुवाहक स्थल यातायात (Urban and suburban passenger land transport)

नगर र उपनगर क्षेत्रमा सञ्चालन हुने यात्रुवाहक स्थल यातायातका निम्न सेवाहरू यस वर्गमा पर्दछन् ।

- समय तालिकाबमोजिम नियमितरूपले निश्चित गरिएका स्थानहरूमा मात्र रोकिने गरी सञ्चालित नगर, उपनगर क्षेत्रमा सञ्चालन हुने विभिन्न किसिमका यात्रुवाहक स्थल यातायातका साधनहरू जस्तैः मोटर, बस, ट्राम, ट्रलीबस, नगर बस, एयरपोर्ट बस सेवाहरू, रेल स्टेशनसम्म सञ्चालन हुने बस सेवा आदि
- तारको माध्यमबाट चल्ने यातायात जस्तैः केबुलकार, तुइन आदिबाट प्रदान गरिने सेवाहरू तथा एरियल केबल आदि ।

नोटः यसअन्तर्गत अन्तर नगर सञ्चालन यात्री रेल सेवाहरू पर्दैन (हेर्नुहोस् ४९११)।

## 4922 अन्य यात्रुवाहक स्थल यातायात (Other passenger land transport)

अन्य यात्रुवाहक स्थल यातायातसम्बन्धी निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- समय तालिकाबमोजिम चल्ने लामो दुरीका बस सेवा
- चार्टर, मनोरञ्जनयुक्त यात्रा, बेलामौकामा मात्र सञ्चालन गरिने कोच सेवा
- ट्याक्सी सञ्चालन
- एयरपोर्ट सटल बस सेवा
- टेलफरको सञ्चालन

- चालकसहितको भाडाका निजी कार सेवा
- स्कूल बस तथा कर्मचारी बस सेवा
- मानिस वा जनावरले तान्ने यात्रुवाहक यातायातका सेवाहरू जस्तैः रिक्सा, टाँगा आदि

नोटः यसअन्तर्गत एम्बुलेन्स सेवाहरू पर्दैनन् (हेर्नुहोस् ८६९०) ।

## 4923 सडकमार्गबाट मालसामान ढुवानी (Freight transport by road)

सडकमार्गबाट मालसामान ढुवानीका निम्न सेवाहरू यस वर्गमा पर्दछन् ।

– सडकमार्गमा सञ्चालन गरिने सबै किसिमका ढुवानी सेवाहरूको सञ्चालन जस्तैः
  - काठका मुढा ओसारपसार गर्ने काम
  - विभिन्न किसीमका सामान ओसारपसार गर्ने काम
  - चिस्यान गरिएका सामान ओसारपसार गर्ने काम
  - ट्याङ्कर, ट्रकमा सामान राख्नेसहित गह्रौं तथा सामानको थुप्रो ओसारपसार गर्ने काम
  - फोहरमैला तथा खेर फालिएका सामानहरूको ओसारपसार गर्ने काम (सङ्कलन तथा व्यवस्थापन गर्नेबाहेक)
  - फर्निचरहरू हटाउने काम
  - चालकसहित मालवाहक ट्रक भाडामा लगाउने
  - मानिस वा जनावरहरूले तान्ने यातायातका साधनहरूबाट मालसामान ओसारपसार

नोटः निम्न उल्लिखित यसअन्तर्गत पर्दैनन्

- ○ जङ्गलभित्र गरिने ढुवानी (हेर्नुहोस् ०२४०),
- ○ ट्रक, ट्याङ्करबाट पानी वितरण (हेर्नुहोस् ३६००),
- ○ ढुवानी व्यवस्थापनको लागि टर्मिनलको सुविधा सञ्चालन (हेर्नुहोस् ५२२१),
- ○ ढुवानीको लागि क्रेटिङ तथा प्याकिङ (crating and packing) सुविधा दिने क्रियाकलाप (हेर्नुहोस् ५२२९)
- ○ हुलाक तथा कुरिएर सेवा (हेर्नुहोस् ५३१०, ५३२०),
- ○ फोहर सङ्कलनको लागि ट्रक ढुवानी सेवा (हेर्नुहोस् ३८११, ३८१२)

## 493 पाइपलाइनबाट सञ्चालन गरिने यातायात (Transport via pipeline)

## 4930 पाइपलाइनबाट सञ्चालन गरिने यातायात (Transport via pipeline)

पाइपलाइनबाट सञ्चालन गरिने ढुवानीका निम्न सेवा यस वर्गमा पर्दछन् ।

- पाइपलाइन प्रयोग गरी ग्याँस, पानी, तेल तथा अन्य तरल पदार्थ आदिको ढुवानी
- पम्प स्टेसनको सञ्चालन

नोटः निम्न उल्लिखित यसअन्तर्गत पर्दैनन्

- ○ प्राकृतिक वा उत्पादन गरिएको ग्याँस, खानेपानी वा बाफ आदि पाइपबाट वितरण गरिने कार्य ( हेर्नुहोस् ३५२०, ३५३०, ३६००),
- ○ ट्रक, ट्याङ्करबाट गरिने पानी वा तरल पदार्थको ढुवानी (हेर्नुहोस् ४९२३)

## 50 जल यातायात (Water transport)

यस डिभिजनअन्तर्गत समुद्र, तटीय क्षेत्र, नदी, ताल आदि जलाशयमा सञ्चालित यात्रु तथा मालवाहक जल यातायात सेवा समावेश गरिएको छ । समुद्रमा तानेर वा धकेलेर गरिने यातायातका सेवाहरू, फेरी, दृश्यावलोकन डुङ्गा, जल ट्याक्सी, आदिका क्रियाकलापहरू पनि समावेश गरिएको छ ।

यसका साथै जल यातायातको साधनअनुसार जमिनको पानीमा सञ्चालन हुने र समुद्रमा सञ्चालन हुने गरी वर्गीकरण गरिएको छ । जसमा समुद्री यातायातको लागि उपयुक्त यातायातका साधनहरू प्रयोग गरी सञ्चालन गरिनेलाई समूह ५०१ मा र समुद्री यातायातको लागि अनउपयुक्त यातायातका साधनहरू प्रयोग गरी सञ्चालन गरिनेलाई समूह ५०२ वर्गीकरण गरिएको छ ।

निम्न क्रियाकलापहरू यहाँ समावेश गरिएको छैन : डुङ्गा वा पानीजहाजमा अलग्गै सञ्चालनमा भएको वार, होटल सेवाहरू (हेर्नुहोस् ५६१०, ५६३०),

## 501 सामुद्रिक र तटीय जल यातायात (Sea and costal water transport)

यस समूहअन्तर्गत समुद्र वा तटीय क्षेत्रको जलमार्गमा सञ्चालन भएका यात्रु तथा मालवाहक यातायातका क्रियाकलापहरूलाई समावेश गरिएको छ। सामुद्री यातायातको लागि उपयुक्त यातायातका साधनहरू प्रयोग गरी ठूला तालतलैयामा यात्रु तथा मालवाहक सेवाप्रदान गरिएको भएमात्र यसमा समावेश गरिएको छ ।

## 5011 सामुद्रिक र तटीय यात्रुवाहक जल यातायात (Sea and costal passenger water transport)

- समय तालिकाबिना वाअनुसार समुद्र र तटीय क्षेत्रमा सञ्चालित यात्रुवाहक सेवा
- समुद्रमा सञ्चालित यात्रु सेवा  जस्तैः फेरी, जल ट्याक्सी, जहाज आदिका सुविधाहरू
- समुद्रमा यात्रु वोक्नको लागि फेरी, जल ट्याक्सी, डुङ्गा आदिका चालकसहित भाडामा लगाउने काम

नोटः  निम्न उल्लिखित यसअन्तर्गत पर्दैनन्

- ○ डुङ्गा वा पानीजहाजमा अलग्गै सञ्चालनमा भएको वार होटल सेवाहरू (हेर्नुहोस् ५६१०, ५६३०),
- ○ डुङ्गा वा पानीजहाजमा सञ्चालित जुवाघर (हेर्नुहोस्  ९२००)

## 5012 समुद्र तथा तटीय ढुवानी (Sea and costal freight  water transport)

- समय तालिका बिना वा अनुसार समुद्र र तटीय क्षेत्रमा सञ्चालित मालसामान ढुवानी
- समुद्रमा तानेर वा धकेलेर गरिने जस्तैः नौका वा तेलबाट चल्ने डुङ्गाबाट गरिने सामान ढुवानी

नोटः  निम्न उल्लिखित यसअन्तर्गत पर्दैनन्

- ○ ढुवानी गरिने सामानको भण्डारण (हेर्नुहोस् ५२१०),
- ○ वन्दरगाह सञ्चालनसँग सम्बन्धित तथा अन्य सहायक क्रियाकलापहरू जस्तैः डोकिङ, पाइलोटेज, बत्ती देखाउने, पानीजहाज, डुङ्गा डुब्नबाट वचाउने क्रियाकलापहरू (हेर्नुहोस् ५२२२),

- ○ कार्गोका सामान व्यवस्थापन, (हेर्नुहोस् ५२२४)

## 502 आन्तरिक जल यातायात (Inland water transport)

यस समूहअन्तर्गत जमिनमा रहेको जलमार्गमा सञ्चालन भएका यात्रु तथा मालवाहक यातायातका क्रियाकलापहरू समावेश गरिएको छ । यसमा सञ्चालनहुने यातायातका साधनहरू समुद्री यातायातको लागि उपयुक्त हुँदैनन् ।

## 5021 आन्तरिक जल यात्रु यातायात सेवाहरू (Inland passenger water transport)

आन्तरिक  जल यातायातका निम्न सेवाहरू यस वर्गमा पर्दछन् ।

- नदी, ताल, नहर, आदि र अन्य आन्तरिक जलमार्गका साथै बन्दरगाहभित्र सञ्चालित यात्रुवाहक यातायात
- आन्तरिक जल यातायातका लागि चालकदलसहित सञ्चालन भएका प्लेजरबोट जस्ता मनोरञ्जनका डुङ्गा भाडामा लगाउने

## 5022 आन्तरिक जल यातायात ढुवानी (Inland freight water transport)

नदी तथा तालका जल यातायातमार्फत् सञ्चालन गरिने निम्न ढुवानीसेवाहरू यस वर्गमा पर्दछन् ।

- नदी, ताल, नहर र अन्य जलमार्गका साथै बन्दरगाह क्षेत्र भित्र सञ्चालन गरिने ढुवानी

## 51 हवाई यातायात सेवाहरू (Air transport)

यस डिभिजनमा हवाई वा आकाशबाट यात्रु वा मालवाहक यातायात सेवाका क्रियाकलापहरूलाई समावेश गरिएको छ ।

निम्न क्रियाकलापहरू यस डिभिजनमा समावेश गरिएको छैन ।

- ○ हवाई यातायातका साधनहरूको मर्मत तथा ओभरहाउल मर्मत गर्ने क्रियाकलापहरू (हेर्नुहोस् ३३१५),
- ○ विमानस्थल सञ्चालनका साथै सहयोगी क्रियाकलापहरू (हेर्नुहोस् ५२२३),
- ○ हवाई साधनको प्रयोग गरी अनाज बालीमा औषधी वा यस्तै अन्य छर्कने क्रियाकलापहरू (हेर्नुहोस् ०१६१),
- ○ हवाईमार्गबाट गरिने विज्ञापन (हेर्नुहोस् ७३१०),
- ○ हवाई साधनको प्रयोग गरी तस्विर लिने (हेर्नुहोस् ७४२०)

## 511 यात्रुवाहक हवाई यातायात (Passenger air transport)

## 5110 यात्रुवाहक हवाई यातायात (Passenger air transport)

यात्रुवाहक हवाई यातायातका निम्न सेवाहरू यस वर्गमा पर्दछन् ।

- नियमित मार्ग र समयतालिकाबमोजिम सञ्चालन हुने यात्रुवाहक हवाई यातायात सेवाहरू जस्तैः जेट प्लेन, हवाईजहाज, हेलीकप्टर आदि
- यात्रुवाहक चार्टर उडान
- रमणीय दृश्यावलोकनका लागि सञ्चालन गरिने हवाई सेवाहरू
- यात्रु वोक्नको लागि चालकदलसहित हवाई यातायातका साधन भाडामा दिने
- सामान्य उड्डयन क्रियाकलाप जस्तैः प्रशिक्षण वा मनोरञ्जनका लागि एरो क्लबबाट गरिने यात्रुहरूको ओसारपसार

**512 हवाई यातायातबाट गरिने ढुवानी (Freight air transport)**

**5120 हवाई यातायातबाट गरिने ढुवानी (Freight air transport)**

हवाई यातायातमार्फत् निम्न ढुवानी सेवाहरू यस वर्गमा पर्दछन् ।

- नियमित मार्ग वा समयतालिकाबमोजिम सञ्चालन गरिने हवाई यातायातबाट गरिने ढुवानी
- नियमित समय तालिकाबाहेक सञ्चालन गरिने हवाई यातायातबाट गरिने ढुवानी
- भू-उपग्रह तथा अन्तरिक्ष यान प्रक्षेपण
- अन्तरिक्ष यातायात
- सामान ढुवानीको लागि चालकदलसहित हवाई यातायातका साधन भाडामा दिने

## 52 यातायात सेवाका गोदाम तथा तत्सम्बन्धी सहयोगी क्रियाकलापहरू (Warehousing and support activities for transportation)

यस डिभिजनमा यातायात सेवाका गोदाम तथा तत्सम्बन्धी सहयोगी क्रियाकलापहरू पर्छन् जस्तैः यातायातका पुर्वाधार सञ्चालन (विमानस्थल, बन्दरगाह, सुरुङ, पुल आदि), तथा यातायात संस्था तथा कार्गो व्यवस्थापनका क्रियाकलापहरू पर्दछन् ।

**521 गोदामघर तथा भण्डारण (Warehousing and storage)**

**5210 गोदामघर तथा भण्डारण (Warehousing and storage)**

गोदामघर तथा भण्डारसम्बन्धी निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन्

- सबै प्रकारका सामानहरूको लागि भण्डारण र गोदाम सुविधाहरूको सञ्चालन जस्तै
  - अनाज भण्डार, सामान्य व्यापारिक वस्तुहरूको गोदाम, शीतभण्डार, ट्याङ्क भण्डारण आदि
- वैदेशिक व्यापारिक क्षेत्रमा वस्तुहरूको भण्डारण
- खाद्यवस्तुलाई उच्च गतिमा विशेष किसिमले चिस्याई भण्डारण गर्ने

नोटः निम्न उल्लिखित यसअन्तर्गत पर्दैनन्

- मोटर गाडिको लागि पार्किङ सुविधा (हेर्नुहोस् ५२२१),

- ○ स्वयं भण्डारण गर्ने सुविधा सञ्चालन (हेर्नुहोस् ६८१०),
- ○ खाली स्थान भाडामा दिने (हेर्नुहोस् ६८१०)

## 522 यातायातका लागि सहयोगी क्रियाकलापहरू (Support activities for transportation)

यस समूहअन्तर्गत यात्रु वा मालवाहकका लागि आवश्यक पर्ने सहयोगी क्रियाकलापहरू जस्तैः यातायात पुर्वाधारहरूको सञ्चालन, मालसामान ढुवानी अगाडि वा पछाडी तत्कालै आवश्यक पर्ने ढुवानी व्यवस्थापन सञ्चालनका क्रियाकलापहरू पर्दछन् । त्यसै गरी सबै प्रकारका यातायातका सुविधाहरूको सञ्चालन वा मर्मतसम्भार गर्ने क्रियाकलापहरू यसैअन्तर्गत समावेश गरिएको छ ।

### 5221 स्थल यातायातका लागि भैपरिआउने सेवाहरू (Service activities incidental to land transportation)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन्:

- यात्रु, जनावर,वा सामान ढुवानीका स्थल यातायातसम्बन्धी क्रियाकलापहरू :
  - स्थलगत सामान ढुवानीको लागि प्रयोग गरिने रेलवे स्टेशन, बस स्टेशन, आदिका टर्मिनल सुविधाहरूको सञ्चालन
  - रेलमार्गका पूर्वाधारहरूको सञ्चालन
  - सडक, पुल, सुरुड, कार पार्क वा ग्यारेज, साइकल पार्किङको सञ्चालन
- स्वीचिङ र सन्टिङ
- रोडसाइडका सहयोगी सेवाहरू जस्तैः मोटरगाडी तान्ने, वोक्ने आदि कार्यहरू
- ढुवानी गर्ने उद्देश्य राखी ग्याँसलाई तरल बनाउने
  नोटः कार्गो व्यवस्थापन यसअन्तर्गत पर्दैन (हेर्नुहोस् ५२२४)

### 5222 जल यातायातका लागि भैपरि आउने सेवाहरू (Service activities incidental to water transportation)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन्:

- यात्रु, जनावर तथा सामान ढुवानीका जल यातायातसम्बन्धी क्रियाकलापहरूः
  - ○ बन्दरगाह र जहाज चढ्ने ओर्लने पायर जस्ता टर्मिनल सुविधाको सञ्चालन
  - ○ जलमार्गको लागि पानीको वहाव रोक्ने वाटर लक आदिको सञ्चालन
  - ○ दिशा निर्देश गर्ने, राडार नियन्त्रणसम्बन्धी पाइलटेज गर्ने, जहाज पार्किङ गर्ने वा बाँध्ने (बर्थिङ)
  - ○ प्रकाशगृह (Lighthouse) का कार्य

नोटः निम्न उल्लिखित यसअन्तर्गत पर्दैनन्

- ○ कार्गो व्यवस्थापन (हेर्नुहोस् ५२२४),
- ○ पानीजहाज सञ्चालन (हेर्नुहोस् ९३२९),

### 5223 हवाई यातायातका लागि भैपरि आउने सेवाहरू (Service activities incidental to air

**transportation)**

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन्:

– यात्रु, जनावर तथा सामान ढुवानीका हवाई यातायातसम्बन्धी क्रियाकलापहरू:

- हवाई टर्मिनल सुविधा दिने क्रियाकलाप
- एयरपोर्ट तथा हवाई ट्राफिक कार्यहरू, हवाई ग्राउण्डका एयर फिल्डका कार्यहरू
- जहाज वा एयरपोर्टको लागि प्रदान गरिने अग्नी नियन्त्रण कार्यहरू

नोटः निम्न उल्लिखित क्रियाकलाप यसअन्तर्गत पर्दैनन्

- ○ कार्गो सञ्चालन (हेर्नुहोस् ५२२४),
- ○ उड्यन विद्यालय सञ्चालन (हेर्नुहोस् ८५३०,८५४९),

## 5224 कार्गो सञ्चालन (Cargo handling)

कार्गो सञ्चालनसम्बन्धी निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन्

– ढुवानीका लागि प्रयोगहुनै सबै किसिमका यातायातका साधनमा गरिने मालसामान वा यात्रीका सामानहरू चढाउने र उतार्ने कार्य

- मानिसद्वारा जहाजमा मालसामान चढाउने तथा उतार्ने कार्यहरू
- विभिन्न साधनद्वारा जहाजमा मालसामान चढाउने तथा उतार्ने कार्यहरू
- रेलका कारहरूबाट सामान लोडिङ तथा अनलोडिङ गर्ने कार्यहरू

नोटः टर्मिनल सुविधाको सञ्चालन यसअन्तर्गत पर्दैन (हेर्नुहोस् ५२२१, ५२२२, ५२२३)

## 5229 अन्य ढुवानी सेवाका सहयोगी क्रियाकलापहरू(Other transportation support activities)

निम्न अन्य ढुवानीका सहयोगी क्रियाकलापहरू यस वर्गमा पर्दछन्

- ढुवानीका सामानहरू पठाउने
- रेलमार्ग, सडकमार्ग, जलमार्ग तथा हवाई मार्गद्वारा सामान ढुवानीको व्यवस्थापन वा व्यवस्था मिलाउने कार्यहरू
- व्यक्तिगत वा सामुहिक मालसामान ढुवानीका लागि सङ्कलन तथा वितरणगर्ने आदिको व्यवस्थापन कार्यहरू
- गोदामघर वा अन्य ठाउँमा मालसामान पुऱ्याउने वा वितरण गर्ने कार्ययोजना वा कार्यक्रम बनाउने क्रियाकलापहरू
- ढुवानीका कागजात र वे विलहरू खरिद गर्ने र वितरण गर्ने कार्यहरू
- भन्सार एजेन्टका कार्यगर्ने
- समुद्री वा हवाई मार्गबाट प्राप्त सामान सम्बन्धित ठाउँमा पठाउने एजेन्टका कार्यहरू
- सामान हेन्डलिङ सञ्चालन जस्तैः ढुवानीगर्दा गरिने सामानको निरीक्षण, सामान तौलने, नमुना जाँच्ने आदिजस्ता कार्यहरूबाट सामानलाई सुरक्षित राख्ने उद्देश्यले अस्थायीरूपमा गरिने प्याकिङ कार्य

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैन

- कुरियर गतिविधि (हेर्नुहोस् डिभिजन ५३),
- मोटर, जहाज आदि यातायातका साधनहरूको बिमा (हेर्नुहोस् ६५१२),
- ट्राभल एजेन्सी गतिविधि (हेर्नुहोस् ७९११),
- टुर एजेन्सी गतिविधि (हेर्नुहोस् ७९१२),
- टुरिस्ट एजेन्सी अन्य गतिविधि (हेर्नुहोस् ७९२०)

## 53 हुलाक सेवा एवं कुरियर सेवा सम्बन्धित क्रियाकलापहरू (Post and courier activities)

यस डिभिजनमा विभिन्न प्रकारले व्यवस्थितगरी हुलाक र कुरियर गतिविधिहरू जस्तैः चिठ्ठी पत्र, पार्सल आदि सङ्कलनगर्ने, पठाउने र वितरण क्रियाकलापहरू पर्दछन् । स्थानिय वितरण र सूचना प्रदानगर्ने क्रियाकलापहरू पनि यसैमा समावेश गरिएको छ ।

## 531 हुलाक सेवासम्बन्धी क्रियाकलापहरू (Post services)

## 5310 हुलाक सेवासम्बन्धी क्रियाकलापहरू (Post services)

विश्वव्यापी/सार्वजनिक हुलाक मान्यताअनुसार चलेका हुलाकसम्बन्धी क्रियाकलापहरू यस वर्गअन्तर्गत पर्दछन् । यस गतिविधिअन्तर्गत विश्वब्यापि सेवा संरचनाको प्रयोग, खुद्रा स्थान, सुद्रिढ र प्रोसेसीङ सुविधा, सङ्कलन तथा वितरण वाहक रुट भएकालाई पनि समावेश गरिएको छ । यातायातको विभिन्न माध्यमबाट हुलाक वस्तु (चिठी पत्र, पोस्टकार्ड, अखवार, पत्रपत्रीका, पर्चा पम्पलेट, साना प्याकेज, सामान तथा कागजपत्र) सम्बन्धित ठाउँमा वितरण गर्ने र वितरणको व्यवस्थापन गर्ने कार्यहरू पर्दछन् । विश्वव्यापी हुलाक मान्यताअनुसार चल्ने अन्य सेवाहरूलाई आवश्यक सहयोगी क्रियाकलापहरूसमेत यसअन्तर्गत पर्दछन् ।

- राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठीपत्र, पार्सल इत्यादि सङ्कलन गर्ने, सर्टिङ गर्ने डलिभरी गर्ने क्रियाकलापहरू । एक वा एकभन्दा बढी किसिमका ढुवानी साधनका माध्यमहरू (आफ्नै निजी साधन वा सार्वजनिक साधन) प्रयोग भएको पनि हुन सक्दछ ।
- सार्वजनिक पत्रमञ्जुसा वा हुलाक कार्यालयबाट पत्र वा पार्सलहरूको सङ्कलन कार्य
- पत्र वा पार्सलहरूको वितरणकार्य

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- हुलाक बचत, मनिट्रान्सफर जस्ता मौद्रिक कार्यहरू (हेर्नुहोस् ६४१९)

## 532 कुरियर सेवासम्बन्धी क्रियाकलापहरू (Courier activities)

## 5320 कुरियर सेवासम्बन्धी क्रियाकलापहरू (Courier activities)

विश्वव्यापी हुलाक मान्यताअनुसार चल्नैपर्ने वाध्यता नभएका कुरियर सेवासम्बन्धी निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठीपत्र, पुलिन्दा इत्यादि सङ्कलन गर्ने, सर्टिङ गर्ने, डलिभरी गर्ने क्रियाकलापहरू । एक वा एकभन्दा बढी किसिमका ढुवानी साधनका माध्यमहरू (आफ्नै निजी साधन वा सार्वजनिक साधन) प्रयोग भएको पनि हुन सक्दछ ।
- पत्र वा पुलिन्दाहरूको वितरणकार्य
- घरमा नै पुलिन्दा वा पत्र पुऱ्याउने सेवाहरू

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- मालसामान ढुवानी (यातायातका प्रकारअनुसार अलग अलग वर्गमा पर्दछन् (हेर्नुहोस् ४९१२, ४९२३, ५०१२, ५०२३, ५१२९)

# खण्ड आई : आवास तथा भोजन सेवासम्बन्धी क्रियाकलापहरू
# (Accommodation and food services activities)

यस खण्डअन्तर्गत यात्रीहरूको लागि खान, पीउन तथा छोटो अवधिको लागि आवासको सुविधा प्रदानगर्ने क्रियाकालापहरू पर्दछन् । तत्कालै उपभोग गर्ने खाद्य तथा पेयपदार्थको सेवा प्रदान गरिने क्रियाकलापहरू यसअन्तर्गत पर्दछन् । यसरी प्रदान गरिने सेवाको मूल्य तथा सुविधाकोस्तर धेरै नै फरक हुन सक्दछ ।

यस डिभिजनमा दीर्घकालीन निवासको प्रावधान सम्बन्धित क्रियाकलापहरू समावेश गरिएको छैन जुन घरजग्गा कारोवार (खण्ड L) अन्तर्गत समावेश गरिएको छ । तत्काल उपभोग नगर्ने खानेकुराहरूको बिक्री थोक वा फुटकर व्यापारअन्तर्गत (खण्ड G) पर्दछ भने सोको उत्पादन गर्ने काम उद्योग (खण्ड C) अन्तर्गत वर्गीकरण गरिएको छ ।

## 55 आवास सुविधा (Accommodation)

यस डिभिजनअन्तर्गत यात्रीहरूको आवासको सुविधा प्रदान गर्ने क्रियाकालपहरूका पर्दछन् । यसका साथै लामो अवधिको लागि प्रयोग हुने आवास सुविधा जस्तैः छात्रावास, मजदुर आवास, आदि आवास जहाँ कसैले वस्नको लागि मात्र सुविधा दिएको हुन्छ भने कसैले वस्न र खान पिउनको सुविधा पनि दिएको हुन्छ ती क्रियाकलाप पनि यसैअन्तर्गत पर्दछन् ।

यस डिभिजनमा मासिक वा वार्षिक आधारमा भाडामा लिइएको अपार्टमेन्ट वा यसै प्रकारका अन्य आवास सुविधाहरूमा जसमा दीर्घकालीन निवाससम्बन्धी क्रियाकलापहरू समावेश गरिएको छैन जुन घरजग्गा कारोवार (खण्ड L) अन्तर्गत समावेश गरिएको छ ।

### 551 अल्पकालीन आवाससम्बन्धी क्रियाकलापहरू (Short term accommodation activities)

### 5510 अल्पकालीन आवाससम्बन्धी क्रियाकलापहरू (Short term accommodation activities)

यस वर्गअन्तर्गत आगन्तुकको लागि दैनिक वा साप्ताहिक किसिमका छोटो अवधिको आवास प्रबन्धलाई समावेश गरिएको छ । पाहुना कक्ष र सुइट वा भान्सामा चाहिने सम्पूर्ण सामानसहितको भान्साकोठा भएको आवास, दैनिक नियमित हाउस किपिङ सेवा भएको आवास, खाद्य तथा पेय पदार्थ सेवा, पार्किङ, लुगा धुने जस्ता थप सेवाहरू भएको आवास, स्विमिङ पुल, व्यायाम कोठा, मनोरञ्जन सेवासमेत सुविधा भएको आवासीय क्रियाकलापहरू यसमा पर्दछ । अल्पकालीनरूपमा प्रदान गरिने आवास सुविधासम्बन्धी निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- होटल
- रिसोट होटल
- स्वीट (Suite)/अपार्टमेण्ट होटल
- मोटल
- मोटर होटल
- पाहुनाघर, धर्मशाला

- पेन्सन्स् आवास (pensions)
- विछौना र खाजा
- कहीलेकाहीँ (visitor) आउनेहरूको फ्ल्याट र बङ्गला
- होलिडे होम
- कटेज तथा क्याविन
- यूवा आवास तथा हिमाली आश्रय

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

○ स्थायी उपभोगको लागि मासिक वा वार्षिक आधारमा आवास उपलब्ध गराउने क्रियाकलाप (हेर्नुहोस् ६८१०, ६८२०)

## 552 शिविर स्थल, मनोरञ्जनका साधनयुक्त उद्यान, टेलर पार्क (Camping ground, recreational vehicle park and trailer parks)

### 5520 शिविर स्थल, मनोरञ्जनका साधनयुक्त उद्यान र टेलर पार्क (Camping ground, recreational vehicle park trailer parks)

निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- यसअन्तर्गत आवास शिविर, अस्थायी घर (स्थानान्तरण गर्न मिल्ने) उद्यान (टेलर पार्क), मनोरञ्जन शिविर का साथै माछा मार्न तथा शिकार खेल्नका लागि अल्पकालीन आवास सुविधाको व्यवस्था गर्ने
- मनोरञ्जनयुक्त साधनको लागि चाहिने ठाउँ तथा सुविधाको व्यवस्था गर्ने
- सुरक्षित आवासको लागि पाल हालेर बस्ने, पालको सुविधाको व्यवस्था

## 559 अन्य आवास सुविधा (Other accommodation)

### 5590 अन्य आवास सुविधा (Other accommodation)

यस वर्गअन्तर्गत अस्थायी वा लामो समयावधिको लागि  आवास सुविधा एक्लै वा दुई वा सोभन्दा बढीसँग मिलेर, विद्यार्थीहरूको संयुक्त आवास (dormitories), आप्रवासी (मौसमी) कामदारहरू र अन्य व्यक्तिहरूलाई प्रदान गरिएको हुन्छ ।

निम्न आवास सुविधासम्बन्धी अन्य क्रियाकलापहरू यस वर्गमा पर्दछन् :

- विद्यार्थीहरूको आवास,
- विद्यालयभित्र सामुहिकरूपको बसोबास (school dormitories),
- कामदारहरूको आवास गृह,
- खानेबस्ने सुविधा भएका आवास (rooming and boarding)
- रेलवे यात्री सुत्ने डिब्बा (railway sleeping cars)

## 56 भोजन तथा पेय पदार्थको सेवाका क्रियाकलापहरू (Food and beverage service activities)

तत्कालै उपभोग गर्ने किसिमका भोजन तथा पेय पदार्थको सेवा प्रदान गर्ने परम्परागत किसिमका रेस्टुरेन्ट, आफै लिने (self-services) वा साथै लिएर जाने (take-away) रेस्टुरेन्ट, स्थायी वा अस्थायी किसिमको बस्ने सुविधा वा उभिने मात्र सुविधा भएका रेस्टुरेन्ट, यस डिभिजनमा पर्दछन् ।

यस डिभिजनमा वर्गीकृत हुनको लागि ग्राहकहरूलाई प्रदान गरिएको सुविधाको आधारमा नभई तुरुन्त उपभोग गर्ने किसिमका खानाहरूको आधारमा निर्णय लिनु पर्दछ ।

तत्काल उपभोग गर्न नसकिने वा तत्काल उपभोग गर्ने योजना नभएका वा तयारी खाद्यान्न तर खानाको रूपमा नलिइने किसीमका खानाहरूको उत्पादन यसअन्तर्गत पर्दैनन् (हेर्नुहोस् खाद्य पदार्थको उत्पादन डिभिजन १०, पेय पदार्थको उत्पादन डिभिजन ११) तत्काल उपभोग गर्न नसकिने वा तयारी खाद्यान्न तर खानाको रूपमा नलिइने किसीमका खानाहरूको उत्पादनहरूको बिक्री पनि यस डिभिजनमा समावेश गरिँदैन (हेर्नुहोस् खण्ड G : थोक बिक्री वा खुद्रा बिक्री) ।

### 561 रेष्टुरेण्ट तथा घुम्ती खाना सेवा (Restaurant and mobile Food service)

### 5610 रेष्टुरेण्ट तथा घुम्ती खाना सेवा (Restaurant and mobile food service)

ग्राहकहरूलाई ग्राहक बसेको स्थानमा गै भोजन सेवा प्रदान गर्ने वा ग्राहक स्वयंले तयारी भोजन राखिएको ठाउँबाट भोजन लिई ग्रहण गर्ने कार्य वा साथै लिएर जान पनि सक्ने क्रियाकलापहरू यस वर्गमा पर्दछन् । यस्तो सेवा भोजन सञ्चालकको निश्चित हाताभित्र मात्र सीमित रहन्छ । मोटरगाडी वा ठेलागाडाबाट तुरुन्त उपभोग गर्नको लागि प्रदान गरिने भोजन सेवा पनि यसैअन्तर्गत पर्दछ ।
यस वर्गमा निम्न वस्तुको क्रियाकलाप पर्दछन् ।

- चमेना गृह,
- क्याफे,
- फाष्ट फुड रेष्टुरेण्ट
- पिजा पुऱ्याउने
- खाना आफै लिएर जाने पसल,
- आइसक्रीम ट्रकका पसल,
- खानाको घुम्ती पसल,
- बजारमा राख्नको लागि खाना तयार गर्ने,
- यातायातसँग जोडिएको तर अलग्गै एकाइमा सञ्चालित रेस्टुरेन्ट र वारको क्रियाकलाप

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

छुटमा वा अनुदानमा खानाको सुविधा दिने क्रियाकलाप (हेर्नुहोस् ५६२९)

### 562 विशेष समारोहमा गरिने क्याटरिङ तथा अन्य भोजन सेवाका क्रियाकलापहरू (Event catering and other food service activities)

व्यक्तिगत घटना वा विशिष्ट समय वा कार्य, खेल वा यस्तै प्रकारका समारोहको लागि प्रदान गरिने क्याटरिङ सेवाहरूलाई यस समूहअन्तर्गत समावेश गरिएको छ ।

## 5621 कुनै चाडपर्व, उत्सव तथा विशेष समयमा प्रदान गर्ने क्याटरिङ सेवाहरू (Event catering)

विशेष समारोहको लागि ग्राहकसँग गरिएको सम्झौताअनुसार र  ग्राहकले चाहेको स्थानमा  भोजन सेवाको प्रबन्ध गर्ने क्रियाकलापहरू यस वर्गअन्तर्गत समावेश गरिएको छ ।
निम्न क्याटरिङ क्रियाकलापहरू यस वर्गमा पर्दछन् :

- विशेष समारोह जस्तैः विवाह, ब्रतवन्ध, उत्सव, चाडपर्व, आदिमा प्रदान गरिने क्याटरिङ सेवा

निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैन

- ○ चाँडै बिग्रने खाद्य पदार्थको पुनः बिक्रीको लागि तयार गर्नेकाम (हेर्नुहोस् १०७९),
- ○ चाँडै बिग्रने खाद्य पदार्थको खुद्रा बिक्री गर्ने क्रियाकलाप (हेर्नुहोस् डिभिजन ४७)

## 5629 भोजन सेवाका अन्य क्रियाकलापहरू (Other food  service activities)

संस्थागत क्याटरिङ सेवा जस्तैः निश्चित अवधिको लागि संस्थागत ग्राहकसँग (स्कुल, कार्यालय, अस्पताल, आदि) गरिएको सम्झौताअनुसार र भोजन सुविधा आदिको लागि प्रदान गरिने क्याटरिङ सेवाहरूलाई यसवर्गअन्तर्गत समावेश गरिएको छ ।

खेलकुद वा यस्तै प्रकारका कार्यक्रममा प्रदान गरिने  भोजन सुविधा पनि समावेश गरिएको छ । प्रायजसो यस प्रकारका भोजन केन्द्रीय पाकशालामा  तयार गरिन्छ ।

निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् :

- भोजन सेवा प्रदान गर्ने ठेकेदारका क्रियाकलाप (जस्तैः खाना ढुवानी गर्ने कम्पनी)
- खेलकुद वा यस्तै प्रकारका कार्यक्रममा प्रदान गरिने  भोजन सुविधा
- कारखाना, कार्यालय, स्कूल तथा कलेज, हस्पिटल आदि स्थानमा सहुलियतदरमा सञ्चालन गर्ने क्यान्टिन तथा  क्याफटेरियासम्बन्धी क्रियाकलापहरू

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ चाँडै बिग्रने खाद्य पदार्थको पुनः बिक्रीको लागि तयार गर्नेकाम (हेर्नुहोस् १०७९),
- ○ चाँडै बिग्रने खाद्य पदार्थको खुद्रा बिक्रीको गर्ने क्रियाकलाप (हेर्नुहोस् ४७११–४७९९)

## 563 पेयपदार्थ सेवासम्बन्धी क्रियाकलाप (Beverage  service activities)

## 5630 पेयपदार्थ सेवासम्बन्धी क्रियाकलाप (Beverage  service activities)

यस वर्गमा प्राङ्गणमा नै तत्काल उपभोग गर्नको लागि पेय पदार्थको तयारी र सेवा प्रदान गर्ने निम्न क्रियाकलापहरू पर्दछन् ।

- वारसम्बन्धी क्रियाकलापहरू
- मद्यपान भट्टी

- कक्टेल लाउन्ज
- डिस्कोथेक्स (जहाँ प्रमुख रूपमा पेय पदार्थ सेवा प्रदान गरिन्छ)
- बियर पार्लर तथा पव
- कफी सप,
- फलफूलका जुसको वार,
- पेय पदार्थ घुम्ती बिक्री सेवा प्रदायक

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

  - प्याकेट वा बोतलमा वन्द भएका पेय पदार्थको बिक्री (हेर्नुहोस् ४७११,४७२२,४७८१,४७९९)
  - पेय पदार्थको सेवाबिना नै सञ्चालित डिस्कोथेक र डान्स फ्लोरको सञ्चालनगर्ने (हेर्नुहोस् ९३२९)

# खण्ड जे : सूचना तथा सञ्चार
# (Information and Communication)

यस खण्डमा सूचना उत्पादन तथा वितरण गर्ने, प्रसारण तथा वितरण गर्ने उद्देश्यले बनाइएका साँकृतिक उत्पादन, साथसाथै तथ्याङ्क वा सूचना उत्पादन,प्रविधिसम्बन्धी क्रियाकलापहरू, लगत प्रशोधन र अन्य सूचनामुलक सेवा क्रियाकलापहरू पर्दछन ।

यस खण्डका मुख्य घटकअन्तर्गत प्रकाशन (सफ्टवेयर प्रकाशनसमेत)सम्बन्धी क्रियाकलाप (डिभिजन ५८), चलचित्र, भिडियो र ध्वनि रेकर्डिङ, रेडियो, टेलिभिजन कार्यक्रम उत्पादन, सङ्गीत प्रकाशनसम्बन्धी क्रियाकलाप ( डिभिजन ५९), रेडियो, टेलिभिजन, कार्यक्रम प्रसारण गतिविधि (डिभिजन ६०), दूरसञ्चार गतिविधिहरू (डिभिजन ६१), कम्प्युटर प्रोग्रामिङ, परामर्शदाता र तत्सम्बन्धी क्रियाकलापहरू (डिभिजन ६२), र सूचना सेवासम्बन्धी क्रियाकलाप (डिभिजन ६३) रहेका छन् ।

प्रकाशनअन्तर्गत उत्पादित सूचनाको लागि प्रतिलिपि अधिकार प्राप्त गर्ने, प्रतिलिपि अधिकार प्राप्त सूचनाहरू सर्वसाधारणको लागि उपलब्ध गराउने, पुनः उत्पादन गर्ने तथा विभिन्न स्वरूपमा वितरण गर्ने क्रियाकलापहरू समावेश गरिएको छ । यसअन्तर्गत चलचित्र प्रकाशनबाहेक सबै प्रकारका सम्भावित प्रकाशनका स्वरूपहरू (छापा, इलेक्ट्रोनिक, श्रव्य, इन्टरनेट, मल्टिमिडिया उत्पादनहरू जस्तैः सिडी रोम, सन्दर्भ पुस्तिका आदि) पर्दछन् । टेलिभिजन कार्यक्रमको उत्पादन र प्रसारणहरूसँगसम्बन्धित क्रियाकलापहरू उत्पादन र प्रसारणका प्रक्रियाको विभिन्न चरणअनुसार  डिभिजन ५९, ६० र ६१ मा वर्गीकृत हुन्छन् । चलचित्र, टेलिभिजन सिरियल आदि कार्यक्रम उत्पादन गतिविधिहरू डिभिजन ५९ का क्रियाकलापअन्तर्गत पर्दछन् । त्यसै गरी टेलिभिजन च्यानलका पूर्ण कार्यक्रम उत्पादन गर्ने क्रियाकलापहरू डिभिजन ५९ मा पर्दछन् र डिभिजन ६० मा उत्पादकले उत्पादन गरेका कार्यक्रमहरूको प्रसारणसम्बन्धी क्रियाकलाप र अन्य क्रियाकलाप (समाचारका प्रत्यक्ष प्रसारण) समेत समावेश गरिएको छ । विषयवस्तुलाई कुनै पनि परिवर्तन नगरी तेस्रो पक्षद्वारा पूर्ण टेलिभिजन कार्यक्रमको वितरण डिभिजन ६१ मा समावेश गरिएको छ । त्यसै गरी वितरण गरिएको कार्यक्रमको प्रसारण भू उपग्रह वा केबल नेटवर्कमार्फत् गरिने क्रियाकलापलाई पनि डिभिजन ६१ मै समावेश गरिएको छ ।

## 58 प्रकाशनका क्रियाकलापहरू (Publishing activities)

यस डिभिजनमा पुस्तक पुस्तिका, पर्चाहरू, शब्दकोष, इनसाइक्लोपेडिया, एटलस, नक्साहरू, चाटहरूको प्रकाशन समावेश गरिएको छ । त्यसै गरी यसअन्तर्गत अखवार, पत्रपत्रिका, आवधिक रूपमा प्रकासन हुने अन्य पत्रपत्रिका (periodicals), डाइरेक्ट्री, पत्राचार सूची  र सफ्टवेयहरूको प्रकाशनलाईसमेत समेटेको छ । प्रकाशनअन्तर्गत उत्पादित सूचनाको लागि प्रतिलिपि अधिकार प्राप्त गर्ने, प्रतिलिपि अधिकार प्राप्त सूचनाहरू सर्वसाधारणको लागि उपलब्ध गराउने, पुनः उत्पादन गर्ने तथा विभिन्न स्वरूपमा वितरण गर्ने क्रियाकलापहरू समावेश गरिएको छ । यसअन्तर्गत चलचित्र प्रकाशनबाहेक सबै प्रकारका सम्भावित प्रकाशनका स्वरूपहरू (छापा, इलेक्ट्रोनिक, श्रव्य, इन्टरनेट, मल्टिमिडिया उत्पादनहरू जस्तैः सिडी रोम, सन्दर्भ पुस्तिका आदि) पर्दछन् ।

**<u>यस डिभिजनमा निम्न क्रियाकलापहरू पर्दैनन्</u>**

चलचित्र, भिडियोटेप र डिभिडिमा गरिने सिनेमा प्रकाशन वा यस प्रकारका मिडिया प्रकाशन गर्ने कार्य (

हेर्नुहोस् डिभिजन ५९) तथा रेकर्ड वा श्रव्य सामग्रीका लागि मूलकपी उत्पादन कार्य (हेर्नुहोस् डिभिजन ५९) यसअन्तर्गत समावेश गरिएको छैन । त्यस्तै छपाइ (हेर्नुहोस् १८११), वृहतरूपमा गरिने रेकर्डेड सञ्चारहरूको पुनःउत्पादन कार्य (हेर्नुहोस् १८२०) समेत यस डिभिजनमा समावेश गरिएको छैन ।

## 581 पुस्तक, आवधिक–प्रकाशन र अन्य प्रकाशनका क्रियाकलापहरू (Publishing of books, periodicals and other publishing activities)

यस समूहअन्तर्गत पुस्तक, अखवार, म्यागजिन र अन्य आवधिक प्रकाशन, डाइरेक्ट्री र पत्राचार सूची र अन्य कार्यहरू जस्तैः पोस्टकार्ड, चित्राङ्कन (engravings), समय तालिका, फाराम, पोस्टर प्रकासन गर्ने र कलात्मक कार्यको पुनः उत्पादन गर्ने क्रियाकलापहरू पर्दछन् । उल्लिखित कार्यहरूबाट प्राप्त उत्पादनहरूमा बौद्धिक सृजनाहरूको प्रतिलिपि अधिकारद्वारा प्रायः सुरक्षित गरिएका हुन्छन् ।

### 5811 पुस्तकको प्रकाशन (Books publishing)

यस वर्गमा किताबहरूको प्रकाशन (छपाइ, इलेक्ट्रोनिक, श्रव्य, इनटरनेट) गर्ने गतिविधि आदि क्रियाकलापहरू पर्दछन् ।

- पुस्तक, ब्रोसर, लिफलेट, शब्दकोश, इनसाइक्लोपेडिया आदि प्रकाशनसम्बन्धी क्रियाकलापहरू
- एटलस, नक्सा, चार्ट आदि प्रकाशनसम्बन्धी क्रियाकलापहरू
- श्रव्य पुस्तक प्रकाशनसम्बन्धी क्रियाकलापहरू
- इन्साइक्लोपेडिया सी.डी. रोममा प्रकाशन

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ग्लोवको प्रकाशन (हेर्नुहोस् ३२९०),
- विज्ञापन सामग्रीहरू प्रकाशन (हेर्नुहोस् ५८१९),
- सङ्गीत सामग्रीहरू प्रकाशन (हेर्नुहोस् ५९२०)
- स्वतन्त्र लेखकसम्बन्धी क्रियाकलाप (हेर्नुहोस् ७४९०, ९०००)

### 5812 डाइरेक्ट्री तथा पत्राचार सूचीहरूको प्रकाशन (Publishing of directories and mailing lists)

यो वर्गमा तथ्य/सूचना (डाटावेस) हरूको सूचीहरूको प्रकासनलाई समावेश गरिन्छ । यस्ता प्रकासनहरूको विषयवस्तु (content) हरूलाई नभई तिनीहरूको स्वरूप सुरक्षित गरिएको हुन्छ । यस्ता सूचीहरू छापा वा विद्युतीय माध्यममा प्रकासन गर्न सकिन्छ ।

- चिठ्ठीपत्र पठाउने ठेगानाहरूको सूची प्रकाशनसम्बन्धी क्रियाकलापहरू
- टेलिफोन डाइरेक्ट्रीहरूको सूची प्रकाशनसम्बन्धी क्रियाकलापहरू
- अन्य डाइरेक्ट्रीहरूको प्रकाशनसम्बन्धी क्रियाकलापहरू जस्तैः
  - नजीरहरूको सूची
  - औषधीको सारसंक्षेप

**5813 अखवार, आवधिक-प्रकाशन  र जर्नलहरूको प्रकाशन**
**(Publishing  of newspaper, journals and periodical)**

छपाइ वा विद्युतीयस्वरूप, इन्टरनेटसमेतबाट प्रकाशन गर्न सकिने छ ।

- अखवार (पत्रपत्रिका) प्रकाशन, विज्ञापनको लागि छापिने पत्रपत्रिकासमेत
- आवधिकरूपमा प्रकाशित हुर्ने पत्रपत्रिका, रेडियो तथा टेलिभिजनको समयतालिका प्रकाशनसमेत
- छपाइ वा विद्युतीयस्वरूप, इन्टरनेटसमेतबाट प्रकाशन गर्न सकिने छ ।

**5819 अन्य प्रकाशनसम्बन्धी  क्रियाकलापहरू (Other publishing  activities)**

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

अन्य  प्रकाशन (अनलाइनसहित)सम्बन्धी :

- क्याटलग,
- फोटो, चित्राङ्कन र पोष्टकार्ड,
- शुभकामना कार्ड,
- फारामहरू
- पोष्टर, चित्रकलाहरूको पुनः उत्पादन
- विज्ञापन सामग्रीहरू
- अन्य छापिएका सामग्रीहरू
- तथ्याङ्क वा अन्य सूचनाहरूको  अनलाइन प्रकाशन

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ सफ्टवेयरको खुद्रा बिक्री (हेर्नुहोस् ४७४१),
- ○ विज्ञापन प्रत्रपत्रिकाको प्रकाशन (हेर्नुहोस् ५८१३)
- ○ सफ्टवेयरको अनलाइन प्रावधान (एप्लिकेसन होस्टिङ वा सेवा दिने) (हेर्नुहोस् ६३११)

**582** सफ्टवेर प्रकाशन **(Software publishing)**

**5820** सफ्टवेर प्रकाशन **(Software publishing)**

यस वर्गमा सफ्टवेर प्रकाशनसम्बन्धी निम्न क्रियाकलापहरू पर्दछन् ।
रेडिमेट (इच्छाअनुसार परिवर्तन गर्न नसकिने) सफ्टवेर प्रकाशन :

- अपरेटिङ सिष्टम
- व्यवसायिक र  अन्य एप्लीकेशनहरू
- कम्प्युटर गेम

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ सफ्टवेयरको पुनः उत्पादन (हेर्नुहोस् १८२०),
- ○ non-customized सफ्टवेयरको खुद्रा बिक्री (हेर्नुहोस् ४७४१)

- ○ प्रकाशनसँग असम्बन्धित सफ्टवेयरको उत्पादन (हेर्नुहोस् ६२०१),
- ○ सफ्टवेयरको अनलाइन प्रावधान (एप्लिकेसन होस्टिङ वा सेवा प्रावधान) (हेर्नुहोस् ६३११)

## 59 चलचित्र, भिडीयो र टेलिभिजन कार्यक्रम उत्पादन, ध्वनि रेकर्डिङ र सङ्गीत प्रकाशन गर्ने क्रियाकलापहरू (Motion picture, video and television programme production, sound recording and music publishing activities)

यस डिभिजनअन्तर्गत सिनेमा घरमा प्रदर्शन गर्ने वा टेलिभिजनमा प्रसारण गर्नको लागि नाट्य र गैरनाट्य चलचित्रहरूको रिल, भिडियो टेप वा डिस्कको उत्पादन पर्दछन् । साथै सहयोगी क्रियाकलापहरू जस्तैः चलचित्रको सम्पादन, कटिङ, डविङ आदि क्रियाकलापहरू, अन्य व्यवसायहरूलाई गरिने वितरण तथा प्रदर्शनसम्बन्धी कार्यहरू पर्दछन् । चलचित्र वा अन्य फिलिमहरूको वितरण अधिकारको खरिद, बिक्रीसम्बन्धी क्रियाकलापलाई पनि यसैमा समावेश गरिएको छ । स्टुडियो वा अन्य ठाउँमा गरिने ध्वनि रेकर्डिङहरूको क्रियाकलाप जस्तैः मुल सिडीको उत्पादन, प्रसारण गर्ने, प्रवर्द्धन, वितरण, सङ्गीत प्रकाशन का साथै ध्वनि रेकर्डिङ सेवा प्रदान गर्ने क्रियाकलापहरूसमेत यसैमा समावेश गरिएको छ ।

## 591 चलचित्र, भिडियो, र टेलिभिजन कार्यक्रम उत्पादन गर्ने क्रियाकलापहरू (Motion picture, video and television programme production activities)

यस समूहअन्तर्गत नाट्य र गैरनाट्य चलचित्र वा फिलिमको उत्पादन, भिडियो टेप, डिभिडि डिस्क, वा अन्य मिडिया, डिजिटल वितरणसमेत, सिनेमा घरमा प्रदर्शन गर्ने वा टेलिभिजनमा प्रसारण गर्ने क्रियाकलाप, यस कार्यलाई सहयोग गर्ने क्रियाकलाप जस्तैः चलचित्रको सम्पादन, कटिङ, डविङ आदि क्रियाकलापहरू, चलचित्र र अन्य फिलिमहरूको उत्पादनहरूलाई अन्य व्यवसायहरूलाई गरिने वितरण तथा प्रदर्शनसम्बन्धी कार्यहरू पर्दछन् । चलचित्र वा अन्य फिलिमहरूको वितरण अधिकारको खरिद, बिक्रीसम्बन्धी क्रियाकलापलाई पनि यसैमा समावेश गरिएको छ ।

## 5911 चलचित्र, भिडियो, र टेलिभिजन कार्यक्रम उत्पादन गर्ने क्रियाकलापहरू (Motion picture, video and television programme production activities)

चलचित्र, भिडियो र टेलिभिजन कार्यक्रम उत्पादन गर्ने निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- चलचित्र, भिडियो, र टेलिभिजन कार्यक्रम वा व्यापारिक विज्ञापनको उत्पादन गर्ने

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ फिल्मको प्रतिलीपी उत्पादन (सिनेमा घरका लागि गरिने चलचित्रको पुनः उत्पादनबाहेक) अडियो, भिडियो टेप, सीडी
- ○ मुलकपीबाट पुनः उत्पादन (हेर्नुहोस् १८२०),
- ○ अडियो, भिडियो टेप, सीडी आदिको थोक बिक्री गर्ने (हेर्नुहोस् ४६४९),
- ○ अडियो, भिडियो टेप, सीडी आदिको खुद्रा बिक्री गर्ने (हेर्नुहोस् ४७६२),
- ○ पोष्टप्रोडक्सनरु (हेर्नुहोस् ५९१२),
- ○ सिनेमा घरको लागि गरिने चलचित्रको पुनः उत्पादन क्रियाकलापहरू (हेर्नुहोस् ५९१२),
- ○ ध्वनिरेकर्डिङ, पुस्तक टेपरेकर्डिङ (हेर्नुहोस् ५९२०)

- ○ टेलिभिजन च्यानलको पुर्ण कायर्क्रम निर्माण गर्ने (हेर्नुहोस् ६०२०)
- ○ टेलिभिजन प्रसारण (हेर्नुहोस् ६०२०)
- ○ चलचित्र उद्योगकाबाहेक अन्य चलचित्रहरूको प्रोसेसिङ कार्यहरू (हेर्नुहोस् ७४२०)
- ○ व्यक्तिगत नाट्यशाला वा रङमञ्चको एजेन्सीसम्बन्धी (हेर्नुहोस् ७४९०),
- ○ भिडियो टेप सीडी किरायमा दिने क्रियाकलाप (हेर्नुहोस् ७७२२),
- ○ बैठक, कन्फ्रेन्स आदिको टेलिभिजनको प्रत्यक्ष प्रसारणमा रियल टाइम (एकै साथ) क्याप्सनिङ गर्ने (हेर्नुहोस् ८२९९),
- ○ आफ्नै व्यवसायमा आफै काम गर्ने कलाकार (own account actors), निर्देशक, कार्टुनिस्ट, स्टेज डिजाइनर, प्रविधिक विशेषज्ञ (हेर्नुहोस् ९०००)

## 5912 चलचित्र, भिडियो र टेलिभिजन कार्यक्रम उत्पादन पछिका क्रियाकलापहरू (Motion picture, video and television programme post-production activities)

चलचित्र, भिडियो, र टेलिभिजन कार्यक्रम उत्पादन पछिका निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- पोष्ट प्रोडक्सनका कार्यहरू जस्तैः
  - ○ इडिटिङ गर्ने, शीर्षक तथा उपशीर्षक राख्ने र आभार लेख्ने काम
  - ○ क्याप्सनिङ गर्ने कार्यहरू,
  - ○ कम्प्युटर ग्राफिक, एनिमेसन र विशेष आकर्षण (special effects) राख्ने
- चलचित्र तथा भिडियो फिल्म ट्रान्सफर
- एनिमेसन चलचित्रको लागि चलचित्र प्रयोगशाला तथा विशेष प्रयोगशालामा गरिने क्रियाकलापहरू :
  - ○ चलचित्र प्रशोधन तथा विकाससम्बन्धी कार्यहरू
  - ○ सिनेमाघरको वितरणका लागि चलचित्रहरूको पुनः उत्पादन गर्ने कार्य stock footage चलचित्र लाइब्रेरिसम्बन्धी क्रियाकलापहरू

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ सिनेमाघरको वितरणका लागि चलचित्रहरूको पुनः उत्पादन गर्ने कार्यबाहेक फिल्म, अडियो, भिडियो टेप, सीडी मुलकपीबाट पुनः उत्पादन (हेर्नुहोस् १८२०),
- ○ अडियो, भिडियो टेप, सीडी आदिको थोक बिक्री गर्ने क्रियाकलाप (हेर्नुहोस् ४६४९),
- ○ अडियो, भिडियो टेप, सीडी आदिको खुद्रा बिक्री गर्ने क्रियाकलाप (हेर्नुहोस् ४७६२),
- ○ खाली टेप, सीडी आदिको थोक बिक्री गर्ने क्रियाकलाप (हेर्नुहोस् ४६५२),
- ○ चलचचित्र उद्योगभन्दाबाहेकका फिल्म प्रशोधन क्रियाकलापहरू (हेर्नुहोस् ७४२०),
- ○ सर्वसाधारणको लागि भिडियो टेप डिभिडी भाडामा दिने क्रियाकलाप (हेर्नुहोस् ७७२२),
- ○ आफ्नै व्यवसायमा आफै काम गर्ने कलाकार (own account actors), निर्देशक, कार्टुनिस्ट, स्टेज डिजाइनर, प्रविधिक विशेषज्ञ (हेर्नुहोस् ९०००)

## 5913 चलचित्र, भिडियो र टेलिभिजन कार्यक्रमको वितरण क्रियाकलापहरू (Motion picture, video and television programme distribution activities)

निम्न क्रियाकलापहरू यस वर्गमा समावेश गरिएका छन् :

- चलचित्र थिएटरको लागि, भिडियो टेप, डिभिडि र अन्य यस्तै माध्यमबाट चलचित्र वितरणगर्ने, टेलिभिजन नेटवर्कहरू र स्टेशनहरू र प्रदर्शकहरूसम्बन्धी क्रियाकलाप
- चलचित्र, भिडियो र टेलिभिजनका चलचित्र वितरण अधिकार क्रियाकलाप

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ फिलिमहलको वितरणका लागि चलचित्रहरूको पुनः उत्पादन गर्ने कार्यबाहेक फिल्म, अडियो, भिडियो टेप, सीडी मुलकपीबाट पुनः उत्पादन (हेर्नुहोस् १८२०),
- ○ सिनेमा घरको लागि गरिने चलचित्रको पुनः उत्पादन क्रियाकलापहरू (हेर्नुहोस् ५९१२),

### 5914 चलचित्र प्रदर्शन क्रियाकलापहरू (Motion picture projection activities)

निम्न क्रियाकलापहरू समावेश गरिएका छन् :

- सिनेमाघर वा खुला स्थानमा गरिने प्रदर्शन वा अन्य प्रदर्शन स्थलमा चलचित्र तथा भिडियो प्र्दशन गरिने क्रियाकलापहरू ।
- सिने क्लबका क्रियाकलापहरू

## 592 ध्वनि रेकर्डिड तथा सङ्गीत प्रकाशन गर्ने क्रियाकलापहरू (Sound recording and music publishing activities)

### 5920 ध्वनि रेकर्डिड तथा सङ्गीत प्रकाशन गर्ने क्रियाकलापहरू (Sound recording and music publishing activities)

निम्न क्रियाकलापहरू यस वर्गमा समावेश गरिएका छन् :

- ध्वनि रेकर्डिडका मास्टर वा ओरिजनल सिडीको उत्पादन
- स्टुडियो वा अन्य ठाउँमा ध्वनि रेकर्डिकका विभिन्न क्रियाकलापहरू जस्तैः रेडियो तथा टेलिभिजन कार्यक्रम आदिको सिडीको उत्पादन (प्रत्यक्ष प्रसारणबाहेक) र चलचित्र, टेलिभिजन आदिको ध्वनि प्रकाशन
- सङ्गीत प्रकाशनका विभिन्न क्रियाकलापहरू जस्तैः
  - ○ सङ्गीतका कम्पोजिशनको प्रतिलिपि अधिकार दर्ता तथा प्राप्ती
  - ○ यी सांगितिक कम्पोजिशनको प्रवर्धन गर्ने, अख्तियारी दिने र रेकर्डिङ, रेडियो, टेलिभिजन, भिडियो, चलचित्र, प्रत्यक्ष प्रदर्शन, छापा वा अन्य माध्यममा प्रयोग गर्ने क्रियाकलापहरू
  - ○ ध्वनि रेकडिङ्गहरू थोक बिक्रेता, खुद्रा बिक्रेता वा सर्वसाधारणलाई सिधै वितरण गर्ने
    यस प्रकारका क्रियाकलापमा संलग्न रहने व्यवसायी एकाइहरूले आफ्नै प्रतिलिपि अधिकार वा प्रतिलिपि प्राप्त अधिकारीको तर्फबाट प्रतिलिपिगर्ने अधिकार प्राप्त गरेको ।
  - ○ सङ्गीत का सिटवुकको प्रकाशन

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ सिनेमाघरको वितरणका लागि चलचित्रहरूको पुनः उत्पादन गर्ने कार्यबाहेक फिल्म, अडियो, भिडियो टेप, सीडी मुलकपीबाट पुनः उत्पादन (हेर्नुहोस् १८२०),

○ अडियो, भिडियो टेप, सिडी आदिको थोक बिक्री गर्ने क्रियाकलाप (हेर्नुहोस् ४६४९)

## 60 कार्यक्रम निर्माण तथा प्रसारण (Programming and broadcasting)

यस डिभिजनमा टेलिभिजन, रेडियो, एफ एम आदिबाट मनोरञ्जन, समाचार, कुराकानी आदिजस्ता कार्यक्रमहरू निर्माण तथा प्रसारण गर्ने वा निर्माण गरिएको कार्यक्रम वितरणको अधिकार प्राप्तगरी प्रसारण गर्ने क्रियाकलापहरू पर्दछन् । खास गरी रेडियो वा टेलिभिजनबाट एकीकृतरूपमा कार्यक्रम प्रसारण गर्ने क्रियाकलापहरू पनि यही डिभिजनमा पर्दछन् । यस्ता प्रसारणहरू विभिन्न प्रविधिहरू जस्तैः भू-उपग्रह, केबल नेटवर्क वा इन्टरनेट आदि माध्यमहरूको प्रयोग गरी वायुमण्डलमा (over-the-air) प्रसारण गरेको हुन सक्दछ । यसका साथै यस डिभिजनमा निधारित ढाँचामा विशेषगरी लक्षितवर्गको लागि उत्पादन गरिएका कार्यक्रम जस्तैः समाचार, खेलकुद, शैक्षिक गतिविधि र यूवामूलक कार्यक्रम पनि पर्दछन् । यस प्रकारका कार्यक्रमहरूको उत्पादन ग्राहक वा तेस्रो पक्षको लागि शुल्क लिएर प्रसारणको उद्देश्यले तयार गरिएको पनि हुन सक्दछ । यस डिभिजनमा केबल नेटवर्क र यस्तै प्रकृतिका (other subscription) कार्यक्रमहरूको वितरण समावेश गरिएको छैन (हेर्नुहोस् डिभिजन ६१) ।

### 601 रेडियो प्रसारण (Radio broadcasting)

### 6010 रेडियो प्रसारण (Radio broadcasting)

रेडियो प्रसारणसम्बन्धी निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- रेडियो प्रसारण स्टुडियोद्वारा श्रोताको लागि श्रवणसम्बन्धी कार्यक्रमहरूको प्रसारण गर्ने
- रेडियो नेटवर्कका गतिविधिहरू जस्तैः वायुमण्डल, केबल तथा भू-उपग्रहरूका माध्यमबाट हुने रेडियो कार्यक्रम तयार (assembling) तथा प्रसारण
- इन्टरनेटको माध्यमबाट रेडियो प्रसारणका क्रियाकलापहरू
- रेडियो प्रसारणसँग एकीकृत गरी डाटाको प्रसारण गर्ने

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

○ रेडियो कार्यक्रमको रेकर्डिड गरी उत्पादन गर्ने क्रियाकलापहरू (हेर्नुहोस् ५९२०),

### 602 टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण क्रियाकलापहरू (Television Programming and broadcasting activities)

### 6020 टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण क्रियाकलापहरू (Television Programming and broadcasting activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन्

– पूर्ण टेलिभिजन च्यानल प्रोगाम तयार गर्नेः यस्तो कार्यक्रम खरिद गरिएका कार्यक्रमका भागहरू (उदाहरणको लागि चलचित्र, वृत्तचित्र आदि), आफै उत्पादित कार्यक्रमका भागहरू (जस्तैः स्थानिय समाचार, प्रत्यक्ष प्रसारण) वा तिनिहरूको संयोजनगरी तयार गरिएका, यस प्रकारका टेलिभिजनका पूर्ण कार्यक्रमहरू उत्पादनकर्ताले नै

प्रसारण गर्ने वा तेस्रो पक्षद्वारा (केबल कम्पनी वा सेटलाइट टेलिभिजन प्रदान कर्ता) प्रसारण गर्ने गरी उत्पादन गरिएका हुन्छन्  कार्यक्रमहरू साधारण वा विशेष प्रकृतीका (सीमित ढाँचामा उत्पादन गरिएका कार्यक्रम जस्तैः समाचार, खेलकुद, शैक्षिक गतिविधि र यूवामूलक कार्यक्रमहरू) हुन सक्दछन् । यी कार्यक्रमहरू प्रयोगकर्ताहरूलाइ  निःशुल्क वा सदस्य ग्राहकहरूको लागि मात्र उपलब्ध भएको हुन सक्दछ ।

- भिडियो अन डिमाण्ड, टेलिभिजन प्रसारण गर्ने क्रियाकलापहरू
- टेलिभिजन प्रसारणसँग एकीकृत गरी डाटाको प्रसारण गर्ने

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- टेलिभिजन कार्यक्रमहरू जस्तैः सिरियल चलचित्र, वृत्तचलचित्र आदि उत्पादन गर्ने क्रियाकलापहरू ( हेर्नुहोस् ५९११),
- चेनलहरू प्याकेजको रूपमा तयारगरी केबल वा सेटलाइटका दर्शकहरूको लागि वितरण गर्ने क्रियाकलाप (हेर्नुहोस् डिभिजन ६१)

## 61 दूरसञ्चार (Telecommunication)

यस डिभिजनमा दूरसञ्चार र सोसम्बन्धी सेवाप्रदान गर्ने क्रियाकलापहरू जस्तैः आवाज, डाटा, टेक्स्ट, स्वर, ध्वनि र भिडिओ पठाउने (transmitting) पर्दछ । यस्ता प्रसारण सुविधाहरू एक वा सोभन्दा बढी प्रविधिहरूको आधारमा गरिएको हुन सक्दछ । यस डिभिजनमा वर्गीकरण गरिएका क्रियाकलापहरूको साझापन विषयवस्तुको सृजनामा नभई विषयवस्तु प्रसारणमा मात्र रहेको हुन्छ  । यस डिभिजनका खण्डहरू सञ्चालन गरिएको संरचनाको किसिममा आधारित भएर गरिएको छ । टेलिभिजन सङ्केतको प्रसारण सन्दर्भमा वितरणका लागि  पूर्ण प्रोगामिङ च्यानलहरूलाई (डिभिजन ६० मा उत्पादन भएको) कार्यक्रम प्याकेजहरूमा वन्डलिङ गर्ने कार्य यसमा समावेश गरिएको हुन सक्दछ ।

### 611 तारको माध्यमबाट गरिने दूरसञ्चारका क्रियाकलापहरू (Wired telecommunication activities)

### 6110 तारको माध्यमबाट गरिने दूरसञ्चारसम्बन्धी क्रियाकलापहरू (Wired telecommunication activities)

निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।
तारयुक्त दूरसञ्चारका पूर्वाधारहरू प्रयोग गरी बोली, डाटा, टेक्स्ट, ध्वनि र भिडियोको प्रसारण गर्ने सुविधामा पहुँच, सञ्चालन, सम्भार गर्ने र साथै :

- ल्याण्डलाइन, शुक्ष्मतरङ्ग (microwave) वा ल्याण्डलाइन र भू-उपग्रहसँग लिङ्क गरी एक बिन्दुबाट अर्को विन्दुसम्म सञ्चार प्रदान गर्न स्वीचीङ एवं प्रसारण सुविधाको सञ्चालन र सम्भार गर्ने ।
- डाटा र टेलिभिजनको सङ्केत वितरणको लागि केबल वितरण प्रणालीको सञ्चालन गर्ने
- आफ्नो सुविधाहरूको प्रयोग गरी टेलीग्राफ र अन्य बोलीरहित सञ्चार प्रदान गर्ने

यी गतिविधि सञ्चालन गर्ने प्रसारण सुविधाहरू एक वा सोभन्दा बढी प्रविधिहरूको आधारमा गरिएको हुन सक्दछ ।

- नेटवर्कको अपरेटर र स्वामित्ववालाबाट नेटवर्क क्षमता र पहुँचको खरिदगर्ने । यी क्षमता प्रयोगरेर व्यापार व्यवसाय तथा घरपरिवारहरूलाई दूरसञ्चार सेवा प्रदानगर्ने
- तारयुक्त संरचनाको प्रयोग गरी सञ्चालकद्वारा प्रदान गरिने इन्टरनेट पहूँचको प्राबधान

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- दूरसञ्चारको resellers (हेर्नुहोस् ६१९०),

## 612 तार रहितको दूरसञ्चार क्रियाकलापहरू (Wireless telecommunication activities)

### 6120 तार रहितको दूरसञ्चार क्रियाकलापहरू (Wireless telecommunication activities)

ताररहित दूरसञ्चारका पूर्वाधारहरू प्रयोग गरी बोली, डाटा, टेक्स्ट, ध्वनि र भिडियोको प्रसारण गर्ने सुविधामा पहुँच, सञ्चालन, सम्भार गर्ने र साथै :

- पेजिङ साथसाथै मोबाइल र अन्य ताररहित सञ्चारका नेटवर्कहरूकासम्भार तथा सञ्चालन ।

यस्ता प्रसारण सेवा सुविधाहरूले वायुतरङ्गद्वारा सबै दिशामा सङ्केत प्रसारण गर्दछ । यी सुविधाहरू एक वा सोभन्दा बढी प्रविधिहरूमा आधारित हुन सक्दछ ।

- नेटवर्कको अपरेटर र स्वामित्ववालाबाट नेटवर्क क्षमता र पहुँचको खरिदगर्ने । यी क्षमता प्रयोगरेर व्यापार व्यवसाय तथा घरपरिवारहरूलाई दूरसञ्चार सेवा (स्याटलाइटबाहेक) प्रदानगर्ने
- ताररहित संरचनाको प्रयोग गरी सञ्चालकद्वारा प्रदान गरिने इन्टरनेट पहूँचको प्राबधान

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- दूरसञ्चारको resellers (हेर्नुहोस् ६१९०)

## 613 भू-उपग्रह दूरसञ्चार क्रियाकलापहरू (Satellite telecommunication activities)

### 6130 भू-उपग्रह दूरसञ्चार क्रियाकलापहरू (Satellite telecommunication activities)

निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- भू-उपग्रह माध्यमबाट बोली, डाटा, टेक्स्ट, ध्वनि र भिडियोको प्रसारण गर्ने सुविधामा पहुँच, सञ्चालन, सम्भार गर्ने ।
- केबल नेटवर्क, स्थानिय टेलिभिजन केन्द्र, रेडियो सञ्जालद्वारा प्राप्त दृष्य, श्रव्य, वा टेक्स्ट कार्यक्रमहरू सङ्केत सोझै उपभोक्ताको घरसम्म (direct-to-home) भू-उपग्रह पद्दतिमार्फत् पुऱ्याउने (यस वर्गमा पर्ने एकाइहरूले सामन्यता आफै कार्यक्रम सामग्री तयार गर्दैनन्)
- भू–उपग्रह संरचनाको प्रयोग गरी सञ्चालकद्वारा प्रदान गरिने इन्टरनेट पहूँचको प्राबधान

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- दूरसञ्चारको resellers (हेर्नुहोस् ६१९०)

## 619 अन्य दूरसञ्चार क्रियाकलापहरू (Other telecommunication activities)

### 6190 अन्य दूरसञ्चार क्रियाकलापहरू (Other telecommunication activities)

अन्य दूरसञ्चारसम्बन्धी निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- भू-उपग्रह ट्र्याकिङ, दूरसञ्चार टेलिमेट्री, राडार स्टेशन सञ्चालनजस्ता विशिष्टीकृत दूरसञ्चार एप्लीकेशनको प्राबधान
- भु-उपग्रह टर्मिनल स्टेशन सञ्चालन र सोसँग जोडिएका सेवाहरूको सञ्चालन जुन एक वा एकभन्दा धेरै किसिमका टेरेस्ट्रीयल दूरसञ्चारका प्रणालीसँग जोडिएका हुन्छन् र भु-उपग्रह प्रणालीमा दूरसञ्चार प्रसारणगर्न वा भु-उपग्रह प्रणालीबाट सञ्चार प्राप्तगर्न सक्षम हुन्छन् ।
- नेटवर्कमार्फत् ग्राहक र इन्टरनेट सेवा प्रदायक (ISP) वीच इन्टरनेट सेवा प्रदान गर्ने व्यवस्था भएको जस्तैः डाएलगरी (dial-up) प्रदान गरिने इन्टरनेटको सुविधा आदि क्रियाकलापहरू । यस प्रकारको सेवा प्रदायकले दिएको सेवाको आफ्नो स्वमित्व र नियन्त्रण रहेको हुँदैन ।
- सर्वसाधारणको प्रयोगको लागि टेलीफोन र इन्टरनेट सुविधाहरूका प्रावधानहरू जस्तैः टेलीफोन बुथ, साइवर क्याफे आदि
- भइरहेको दूरसञ्चारको कनेक्सनबाट प्रदान गर्ने दूरसञ्चारका सेवा हरूका प्रावधान जस्तैः VOIP सेवाको प्रावधान
- दूरसञ्चारका सेवाहरू पुनःबिक्रेता (resellers) (जस्तैः अतिरिक्त सेवाहरू प्रदान नगरीकन दूरसञ्चार सेवा खरिद बिक्री गर्ने)

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- दूरसञ्चारका पूर्वाधारका सञ्चालकबाट दिइने इन्टरनेट पहुँचको प्रावधानहरू
- तारको माध्यमबाट इन्टरनेटको सुविधा प्रदान गर्ने (हेर्नुहोस् ६११०),
- विनातार इन्टरनेटको सुविधा प्रदान गर्ने (हेर्नुहोस् ६१२०),
- स्याटलाइट माध्यमबाट इन्टरनेटको सुविधा प्रदान गर्ने (हेर्नुहोस् ६१३०)

## 62 कम्प्युटर प्रोग्रामिङ, परामर्श र सम्बन्धित क्रियाकलापहरू (Computer programming, consultancy and related activities)

यस डिभिजनअन्तर्गत सूचना प्रविधि क्षेत्रका विशेषज्ञहरूले प्रदान गर्ने निम्न क्रियाकलापहरू पर्दछन् : सफ्टवेयरको लेखन, परिमार्जन, परीक्षण र सहयोगी कार्यहरू । कम्प्युटरको हाडवेयर, सफ्टवेयर र सञ्चारका प्रविधिलाई एकीकृत गर्ने कम्प्युटर प्रणालीको योजना तथा डिजाइनिङ गर्ने । ग्राहकको कार्यक्षेत्रमा नै गई कम्प्युटर प्रणालीको व्यवस्थापन तथा सञ्चालन गर्ने र डाटा प्रशोधनको सेवा दिने र अन्य कम्प्युटरसँग सम्बन्धित पेशागत र प्राविधिक क्रियाकलापहरू पर्दछन् ।

### 620 कम्प्युटर प्रोग्रामिङ, परामर्श रसम्बन्धी क्रियाकलापहरू (Computer programming, consultancy and related activities)

### 6201 कम्प्युटर प्रोग्रामिङका क्रियाकलापहरू (Computer programming activities)

सफ्टवेयरको लेखन, परिमार्जन, परीक्षण र सहयोगी कार्यहरू समावेश गरिएको छ।
निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन्।

- तलका क्रियाकलापहरू सृजना तथा लागु गर्नलाई आवश्यक पर्ने ढाँचा र विषयवस्तुको साथै कम्प्युटर कोडको लेखन :
  - सिस्टम सफ्टवेर (system software) (अपडेट र प्याचसहित)
  - सफ्टवेर एप्लिकेसन (software applications) (अपडेट र प्याचसहित)
  - डाटावेस
  - वेबपेज
- कस्टोमाइजीङ सफ्टवेर जस्तैः हाल भएको एप्लीकेसनलाई ग्राहकको चाहना र सूचना प्रणाली वातावरणअनुसार परिमार्जन गर्ने क्रियाकलापहरू

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- "प्याकेज सफ्टवेयर" प्रकाशन (हेर्नुहोस् ५८२०),
- कम्प्युटरको हाडवेयर, सफ्टवेयर र सञ्चारका प्रविधिहरूलाई एकीकृत गर्ने कम्प्युटर प्रणालीको योजना तथा डिजाइनिङ गर्ने यद्यपि उक्त सफ्टवेयर उक्त प्रणालीको एउटा अभिन्न अङ्ग हुन सक्दछ।(हेर्नुहोस् ६२०२)

## 6202 कम्प्युटर परामर्श तथा कम्प्युटर सेवा सुविधाहरू व्यवस्थापन क्रियाकलापहरू (Computer consultancy and computer facilities management activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछनः

- कम्प्युटर हार्डवेयर, सफ्टवेयर र सञ्चार प्रविधिलाई एकीकृत गर्ने कम्प्युटर प्रणालीको योजना तयारी तथा डिजाइनिङ गर्ने
- यस वर्गमा वर्गीकृत गरिएका व्यावसायिक एकाइहरूले दिने एकीकृत सेवाहरूको अङ्गको रूपमा त्यस प्रणालीको हार्डवेयर तथा सफ्टवेयर कम्पोनेन्टहरू पनि प्रदान गर्न सक्दछ वा तेस्रो पक्षहरू वा भेन्डरहरूद्वारा यी कम्पोनेन्टहरू प्रदान गर्न सक्दछ।

यस वर्गमा वर्गीकृत एकाइहरूले प्रायः सिस्टम इन्स्टल गर्न र सिस्टमका प्रयोगकर्तालाई त्यस सिस्टमको बारे तालिम तथा सहयोगसमेत गर्दछन्।

- ग्राहकको कार्यक्षेत्रमा नै गई कम्प्युटर प्रणालीको व्यवस्थापन तथा सञ्चालन गर्ने र डाटा प्रशोधनको सेवा दिने र/वा सम्बन्धित सेवासुविधाहरू प्रदान गर्ने क्रियाकलापहरू पर्दछन्।

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- कम्प्युटरका हार्डवेयर, सफ्टवेयरहरू अलग अलग बिक्री कार्य (हेर्नुहोस् ४६५१, ४७४१)
- मेनफ्रेम वा उस्तै किसिमका कम्प्युटरमा छुट्टै सिस्टमको इन्स्टल गर्ने क्रियाकलापहरू (हेर्नुहोस् ३३२०)
- व्यक्तिगत कम्प्युटरमा कम्प्युटर सिस्टमको छुट्टै इन्स्टल गर्ने क्रियाकलापहरू (हेर्नुहोस् ६२०९),
- छुट्टै सफ्टवेयरहरू इन्स्टल गर्ने क्रियाकलापहरू (हेर्नुहोस् ६२०९)

## 6209 अन्य सूचना प्रविधि तथा कम्प्युटर सेवासम्बन्धी क्रियाकलापहरू (Other information technology and Computer services activities)

कहीँ पनि वर्गीकरण नगरिएका अन्य सूचना प्रविधि तथा कम्प्युटरसम्बन्धी क्रियाकलापहरू यस वर्गमा पर्दछन् । जस्तैः

- कम्प्युटर प्रकोप (बिग्रेको) रिकोभरी
- निजी कम्प्युटरमा इन्स्टल वा सेट अप गर्ने
- सफ्टवेयर इन्स्टल गर्ने

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- मेनफ्रेममा तथा उस्तै कम्प्युटरमा कम्प्युटर सिस्टमको इन्स्टल गर्ने क्रियाकलापहरू (हेर्नुहोस् ३३२०),
- कम्प्युटर प्रोग्रामिङ गर्ने क्रियाकलापहरू (हेर्नुहोस् ६२०१),
- कम्प्युटरसम्बन्धी परामर्श सेवाका क्रियाकलापहरू (हेर्नुहोस् ६२०२),
- कम्प्युटर सेवा सुविधाहरूको व्यवस्थापन (हेर्नुहोस् ६२०२),
- डाटा प्रशोधन तथा होस्टिङ गर्ने क्रियाकलापहरू (हेर्नुहोस् ६३११)

## 63 सूचना सेवा क्रियाकलापहरू (Information services activities)

यस डिभिजनअन्तर्गत वेब सर्च पोर्टल, डाटा प्रशोधन तथा होस्टिङसम्बन्धी क्रियाकलापका साथसाथै मुख्यतः सूचना आपूर्ति गर्ने अन्य क्रियाकलापहरू पर्दछन् ।

## 631 डाटा प्रशोधन, होस्टिङ र सम्बन्धित क्रियाकलापहरू, वेब पोर्टल (Data processing, hosting and related activities; web portals)

### 6311 डाटा प्रशोधन, होस्टिङ र सम्बन्धित क्रियाकलापहरू (Data processing, hosting and related activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- होस्टिङ, डाटा प्रशोधन सेवा र सम्बन्धित क्रियाकलापहरूका लागि पूर्वाधारको प्रावधान
- विशिष्टीकृत होस्टिङ क्रियाकलापहरू जस्तैः
    - वेब होस्टिङ,
    - स्ट्रिमिङ (streaming) सेवा
    - एप्लीकेशन होस्टिङ
- एप्लीकेशन सेवाका व्यवस्था गर्ने
- ग्राहकहरूलाई मेनफ्रेम सेवा सुविधाहरूको लागि सामान्य समय बाँडफाँड गर्ने प्रावधान
- डाटा प्रशोधन क्रियाकलापहरू
    - ग्राहकहरूले उपलब्ध गराएको डाटाको पूर्ण प्रशोधन
    - ग्राहकहरूले उपलब्ध गराएको डाटाबाट विशिष्टीकृत प्रतिवेदन तयार गर्ने
- डाटा इन्ट्री गर्ने सेवाको प्रावधान/व्यवस्था

### 6312 वेब पोर्टल (Web portals)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- सजिलैसँग खोजी गर्न सकिने ढाँचामा विस्तृत विषयवस्तुहरू र इन्टरनेट ठेगानाहरूको डाटाबेस बनाउन तथा सम्भार गर्न सर्च इन्जिन प्रयोग गर्ने वेबसाइटहरूको सञ्चालन
- इन्टरनेटको पोर्टलको रूपमा काम गर्ने अन्य वेबसाइटहरूको सञ्चालन जस्तैः आवधिकरूपमा विषयवस्तु अद्यावधिक गर्ने मिडिया साइटहरूको सञ्चालन

### 639 अन्य सूचना सेवाका क्रियाकलापहरू (Other Information services activities)

यस समूहमा समाचार एजेन्सीहरू र अन्य सबै बाँकी रहेका सूचना सेवाका क्रियाकलापहरू पर्दछन् । अभिलेख तथा पुस्तकालयसम्बन्धी क्रियाकलापहरू (हेर्नुहोस् ९१०१) यसमा वर्गीकरण गरिएको छैन् ।

### 6391 समाचार एजेन्सीका क्रियाकलापहरू (News agency activities)

समाचार एजेन्सीसम्बन्धी निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- समाचार सिन्डीकेट तथा समाचार एजेन्सीका क्रियाकलापहरू जस्तैः मिडियाका लागि समाचार, तस्विर तथा समाचार सामग्रीहरू उत्पादन कार्यहरू

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ स्वतन्त्र फोटोपत्रकारहरूको क्रियाकलापहरू (हेर्नुहोस् ७४२०),
- ○ स्वतन्त्र पत्रकारहरूको गतिविधिहरू (हेर्नुहोस् ९०००),
- ○ अभिलेख तथा पुस्तकालयसम्बन्धी क्रियाकलापहरू (हेर्नुहोस् ९१०१)

### 6399 अन्यत्र उल्लेख नगरिएका अन्य सूचना सेवाका विभिन्न क्रियाकलापहरू (Other Information services activities n.e.c.)

अन्यत्र वर्गीकरण नगरिएका अन्य सूचना सेवाका निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- टेलिफोनमा आधारित सूचना सेवाहरू
- शुल्क वा करारका आधारमा सूचनाको खोजी गर्ने सेवाहरू
- अर्को समाचार बनाउन समाचार पत्र काट्ने (क्लीप बनाउने), प्रेसका साधन काट्ने (क्लीप) सेवाहरू आदि

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ कल सेन्टरका क्रियाकलापहरू (हेर्नुहोस् ८२२०),

# खण्ड के : वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरू
# (Financial and insurance activities)

यस खण्डअन्तर्गत बिमा, पुनर्बिमा तथा पेन्सन कोष, सामाजिक सुरक्षा कोष लगायतका वित्तीय सेवा र ती सेवाहरूलाई सहयोग गर्ने क्रियाकलापहरू पर्दछन् । त्यसै गरी यसमा होल्डिङ कम्पनीसँगको व्यावसायिक वित्तीय गतिविधि, ट्रस्ट, कोष र यस्तै वित्तीय गतिविधि समेतलाई समावेश गरिएको छ ।

## 64 बिमा एवं पेन्सन कोषबाहेकका वित्तीय सेवाका क्रियाकलापहरू (Financial service activities, except insurance and pension funding)

यस डिभिजनअन्तर्गत बिमा, पेन्सन कोष, अनिवार्य सामाजिक सुरक्षा कोष प्रयोजनबाहेकका लागि कोष प्राप्त गर्ने र पुनः वितरण गर्ने क्रियाकलाप पर्दछन् ।

नोटः राष्ट्रिय संस्थागत व्यवस्थापनले यस डिभिजनको वर्गीकरण निर्धारणमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ ।

### 641 मौद्रिक मध्यस्थता (Monetary intermediation)

यस समूहमा केन्द्रीय ब्याङ्किङ लगायत गैरवित्तीय स्रोतबाट दैनिकरूपमा प्राप्त गर्ने, नगदमा निश्चित गरिएका कोषहरू जस्ता हस्तान्तरणीय (transferable) निक्षेप सङ्कलन गर्ने क्रियाकलापहरू पर्दछन् ।

### 6411 केन्द्रीय ब्याङ्कका क्रियाकलाप (Central banking)

केन्द्रीय ब्याङ्कका निम्न कारोवारहरू (नेपाल राष्ट्र ब्याङ्क) यस वर्गमा पर्दछन् ।

- देशको मुद्राको निष्काशन र व्यवस्थापन गर्ने
- मुद्रा आपूर्तिको अनुगमन र  नियन्त्रण गर्ने
- वित्तीय संस्थाहरू (बाणिज्य ब्याङ्क, विकास ब्याङ्कहरू, फाइनान्स कम्पनी) बीच क्लेरेन्स गर्न निक्षेप सङ्कलन गर्ने
- ब्याङ्किङ कार्य सञ्चालनहरूको सुपरिवेक्षण गर्ने
- अन्तर्राष्ट्रिय मुद्रा सञ्चित गर्ने
- सरकारको ब्याङ्कको रूपमा काम गर्ने केन्द्रीय ब्याङ्कहरूका क्रियाकलापहरू संस्थागत कारणले गर्दा फरकफरक हुन सक्दछ ।

### 6419 अन्य मौद्रिक मध्यस्थतासम्बन्धी क्रियाकलाप (Other monetary Interamediation)

यसअन्तर्गत निक्षेप प्राप्त गर्ने, निक्षेपका लागि substitutes वन्द गर्ने र ऋणको सिमा वढाउने  वा कोष सापटी दिने क्रियाकलापहरू पर्दछन् । ऋण दिने स्वरूपहरू फरकफरक हुन सक्दछन् जस्तै ऋण प्रदान गर्ने, धितो स्वीकार गर्ने, क्रेडिट कार्डहरू जारी गर्ने ।

सामान्यतया यस्ता क्रियाकलापहरू केन्द्रीय ब्याङ्कबाहेक अन्य वित्तीय संस्थाहरूले सञ्चालन गरेका हुन्छन् । जस्तैः

- ब्याङ्कहरू (वाणिज्य ब्याङ्क, विकास ब्याङ्क, वित्तीय संस्था, बचत तथा ऋण सहकारी आदि)
- बचत ब्याङ्कहरू

- ऋण प्रदान गर्ने केन्द्रहरू (credit unions)
- मौद्रिक मध्यस्थता संवन्धी कार्य गर्ने
- पोष्टल गिरो र हुलाक बचत ब्याङ्कका क्रियाकलाप
- विशेष निक्षेप सङ्कलन गर्ने संस्थाहरूमार्फत् घर खरिदका लागि ऋण प्रदान गर्ने
- धनादेश सेवा (रेमिट, ड्राफ्ट, टीटी आदि)

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ निक्षेप सङ्कलन नगर्ने विशेष प्रकारका निकायद्वारा प्रदान गरिने घर ऋण (हेर्नुहोस् ६४९२),
- ○ क्रेडिट कार्ड कारोवार प्रक्रिया र व्यवस्थापनगर्ने क्रियाकलाप (हेर्नुहोस् ६६१९)

## 642 मुख्य कम्पनीका क्रियाकलापहरू (Activities of holding companies)

## 6420 मुख्य कम्पनीका क्रियाकलापहरू (Activities of holding companies)

यस वर्गमा मुख्य कम्पनीका क्रियाकलापहरू पर्दछन् । होल्डिङ कम्पनीका क्रियाकलापहरू जस्तै : यसका अधिनस्थ कम्पनीको सम्पत्ति जमानीको रूपमा आफ्नो नाममा राख्ने, भोग चलनगर्ने र ऋण प्रवाह गर्ने । होल्डिङ कम्पनीको मुख्यकाम त्यस्ता अधिनस्थ कम्पनीलाई नियन्त्रण गर्ने हो । मुख्य कम्पनीहरूले अधिनस्थ कम्पनीको व्यवसायमा अन्य सेवा प्रदान गर्दैन । जस्तै अन्य एकाइको प्रशासन तथा व्यवस्थापन कार्य गर्दैन ।

नोटः निम्न क्रियाकलाप यसअन्तर्गत पर्दैनन्

- ○ कम्पनी वा प्रतिष्ठानको सक्रिय व्यवस्थापन, रणनीतिक योजना र निर्णय गर्ने (हेर्नुहोस् ७०१०)

## 643 ट्रष्ट, कोष, तथा यस्तै किसिमका वित्तीय निकायहरूको क्रियाकलाप (Trust, funds and similar financial entities)

## 6430 ट्रष्ट, कोष, तथा यस्तै किसिमका वित्तीय एकाइहरू (Trust, funds and similar financial entities)

यस वर्गमा व्यवस्थापनबाहेक सेयरधनी तथा लाभग्राहीहरूका तर्फबाट अन्य वित्तीय सम्पत्तिहरू वा सुरक्षणहरूलाई एकत्रित गर्न संगठित गरिएका कानूनी एकाइहरू पर्दछन् । यी एकाइहरूलाई लगानी विविधता, जोखिम, प्रतिफल दर, मूल्य अस्थिरता जस्ता लगानीका विशेष चरित्रहरू हासिल गर्न अनुकुल वनाइएका हुन्छन् ।

यी वित्तीय एकाइहरूले ब्याज, लाभांश र अन्य सम्पत्तिबाट आय आर्जन गर्दछ । तर यी एकाइहरूमा केही रोजगारी हुन वा नहुन पनि सक्दछ र सेवा बिक्रीबाट आय हुदैन ।

यस वर्गमा समावेश गरिएका छन् :

- असिमित लगानी कोषहरू
- सिमित लगानी कोषहरू
- इच्छापत्र वा एजेन्सी सम्झौतापत्र, ट्रष्ट सम्झौतापत्रको सर्तनामाअन्तर्गत लाभग्राहीका तर्फबाट सञ्चालित ट्रष्ट, इस्टेटस् (अचल सम्पत्ति) वा एजेन्सी निकायका खाताहरू

- इकाइ लगानी ट्रष्ट कोषहरू

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैन

- ○ सेवा तथा वस्तुको बिक्रीबाट आय आर्जन गर्ने कोष र ट्रष्टहरू, (हेर्नुहोस् तिनीहरूको मुख्य क्रियाकलापअनुसार NSIC का वर्गहरूमा)
- ○ मुख्य (होल्डिङ) कम्पनीका क्रियाकलापहरू (हेर्नुहोस् ६४२०),
- ○ पेन्सन फण्ड (हेर्नुहोस् ६५३०),
- ○ कोष व्यवस्थापन (हेर्नुहोस् ६६३०)

## 649 बिमा एवं पेन्सन कोषबाहेकका अन्य वित्तीय सेवा क्रियाकलापहरू (Other financial service activities, except insurance and pension funding)

मौद्रिक संस्थाबाट सञ्चालित क्रियाकलापहरूबाहेकका वित्तीय सेवा क्रियाकलापहरू यस समूहअन्तर्गत पर्दछन् । बिमा तथा पेन्सन कोषका क्रियाकलापहरू (हेर्नुहोस् डिभिजन ६५) यस समूहअन्तर्गत पर्दैनन् ।

### 6491 वित्तीय ठेक्कापट्टा (Financial leasing)

वित्तीय ठेक्कापट्टासम्बन्धी निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- वित्तीय ठेक्कापट्टा (निश्चित अवधिको लागि गरिने करार) को प्रयोजनका लागि सम्पत्तिको अपेक्षित आयुअनुसार अधिकार पत्रवालाले सबै प्रकारका प्रयोगबाट प्राप्त लाभ लिने र यस्को स्वामित्वसँग सम्वन्धित सबै जोखिम व्यहोर्ने गरी ठेक्कापट्टा कार्य गर्ने । अन्ततः यस प्रकारका सम्पत्तिको स्वामित्व हस्तान्तरण हुन वा नहुन पनि सक्दछ । यस्ता ठेक्कापट्टाले ब्याजसहित लगभग सम्पूर्ण लागतहरू समेट्दछ ।

नोटः यसअन्तर्गत निम्न क्रियाकलाप पर्दैन ।

- ○ सञ्चालन ठेक्कापट्टा का क्रियाकलाप (हेर्नुहोस् डिभिजन ७७),

### 6492 अन्य कर्जा स्वीकृत गर्ने क्रियाकलाप (Other credit granting)

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिन्छन् :

मौद्रिक मध्यस्थतामा संलग्न नभएका ऋण प्रदान गर्ने मुख्य उद्देश्य भएका संस्थाका वित्तीय सेवासम्बन्धी क्रियाकलापहरू, जहाँ यी संस्थाहरूद्वारा विभिन्न प्रकारले कर्जा प्रदान गर्न सक्दछन् जस्तै ऋण, धरौटी, क्रेडिट कार्ड आदिजस्ता निम्न प्रकारका सेवाहरू प्रदान गर्दछ :

- उपभोक्तालाई ऋण प्रदान गर्ने
- अन्तराष्ट्रिय वित्तीय व्यापार
- औद्योगिक ब्याङ्कद्वारा दीर्घकालीनरूपमा उद्योगहरूलाई वित्तीय लगानीको प्रावधान
- ब्याङ्किङ प्रणालीभन्दा बाहिर रहेर सापटी दिने काम
- निक्षेप सङ्कलन नगर्ने विशेष संस्थाहरूद्वारा घर खरिद गर्न ऋण स्वीकृत गर्ने क्रियाकलाप
- व्यक्तिगत सम्पत्ति धितो लिई ब्याजमा रकम लगानी गर्ने पसल वा साहू महाजन (pawn shops and pawn brokers)

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ निक्षेप सङ्कलन गर्ने विशेष संस्थाहरूद्वारा घर खरिद गर्न ऋण प्रवाह गर्ने क्रियाकलाप (हेर्नुहोस् ६४१९),
- ○ सञ्चालन ठेक्कापट्टा (leasing) (हेर्नुहोस् डिभिजन ७७),
- ○ सदस्य संस्थाहरूलाई अनुदान दिने क्रियाकलापहरू (हेर्नुहोस् ९४९९)

## 6499 बिमा र पेन्सन कोषबाहेकका अन्यत्र वर्गीकृत नभएका अन्य वित्तीय सेवा क्रियाकलापहरू (Other financial service activities, except insurance and pension funding n.e.c.)

बिमा एवं पेन्सन कोषबाहेकका अन्यत्र उल्लेख नभएका अन्य वित्तीय सेवाका निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- ऋण प्रदान गर्नेबाहेक कोष वितरणसँग मुख्यतः सरोकार राख्ने अन्य वित्तीय सेवाका निम्न क्रियाकलापहरू :
- फ्याक्टरिङ (factoring) कार्य (उठाउन बाँकी रकम तेस्रो पक्षलाई छुटमा बिक्री गर्ने कार्य)
- स्वाप लेखन (writing of swaps, options and other hedging arrangements)
- भइरहेको जीवन बिमा पोलिसी तेस्रो पक्षलाई बिक्री गर्ने क्रियाकलाप
- संयुक्त लगानीमा सञ्चालित क्यापिटल कम्पनी, लगानीका क्लव आदिले आफ्नै उपयोगको लागि गरेका लगानी कार्यहरू (own-account investment activities)

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ वित्तीय ठेक्कापट्टा (हेर्नुहोस् ६४९१),
- ○ अरुका तर्फबाट भएका सुरक्षण कारोवार (हेर्नुहोस् ६६१२),
- ○ घरजग्गा व्यापार, लिजमा दिने, भाडामा लगाउने (हेर्नुहोस् डिभिजन ६८),
- ○ ऋण खरिदबिना रसिद वा कर्जा सङ्कलन गर्ने क्रियाकलापहरू(हेर्नुहोस् ८२९१),
- ○ सदस्य संस्थाहरूलाई ऋण प्रवाह गर्ने क्रियाकलापहरू (हेर्नुहोस् ९४९९)

## 65 अनिवार्य सामाजिक सुरक्षाबाहेकको बिमा, पुनर्बीमा र निवृत्तिभरण कोषका क्रियाकलाप (Insurance, reinsurence and pension funding except compulsory social security)

यस डिभिजनमा भविष्यमा हुने बिमा दाबीलाई ध्यानमा राखी वार्षिक बिमाङ्कन रकम निर्धारण (underwriting annuities), बिमालेख तथा प्रिमियम लगानी, वित्तीय सम्पत्तीको सूची तयार गर्न नियम बनाउने क्रियाकलापहरू पर्दछन । प्रत्यक्ष बिमा र पुनः बिमाको प्रवधान समेत यसैअन्तर्गत पर्दछन् ।

## 651 बिमा (Insurance)

यस समूहमा जीवन बिमा, पुनः जीवन बिमा आधारभूत बचतसहित वा रहित र अन्य निर्जीवन बिमाका क्रियाकलापहरू यसमा पर्दछन ।

## 6511 जीवन बिमा (Life insurance)

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिन्छः

○ वार्षिक बिमाङ्कन रकम निर्धारण (underwriting annuities) र जीवन बिमालेख, अपाङ्गता आय बिमा पोलीसीका साथै दुर्घटना मृत्यु, अङ्गभङ्ग बिमा पोलिसी (आधारभूत बचतसहित वा रहित) हरूसमेत यस वर्गमा पर्दछन् ।

## 6512 निर्जीवन बिमा (Non -life insurance)

जीवन बिमाबाहेकका अन्य निर्जीवन बिमाका प्रावधानहरू यसअन्तर्गत पर्दछन् ।

- दुर्घटना, अग्नी बिमा
- स्वास्थ्य बिमा
- यातायात बिमा
- सम्पत्ति बिमा
- मोटर, जल, उड्यन र स्थलगत यातायातका बिमाहरू
- आर्थिक क्षति तथा दायित्व कम गर्नेसम्बन्धी निर्जीवन बिमाहरू

## 652 पुनर्बीमा (Reinsurance)

## 6520 पुनर्बीमा (Reinsurance)

पुनर्बीमाअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन् ।

- हाल भइरहेका बिमा पोलीसीहरू जुन मुख्यतया अन्य बिमा कम्पनीबाट निर्धारण गरेका बिमाङ्कन रकमसँग सम्वन्धित सम्भावित सबै वा आँशिक जोखिमहरू पहिचान गर्ने गतिविधिहरू

## 653 निवृत्तिभरण कोषका क्रियाकलाप (Pension funding)

## 6530 निवृत्तिभरण कोषका क्रियाकलाप (Pension funding)

यस वर्गअन्तर्गत विशेषगरी प्रयोजकका कर्मचारी वा सदस्यहरूको लागि निवृत्तिभरण आय सुविधाहरू वितरणको लागि गठित कानूनी एकाइहरू (कोष, योजना तथा कार्यक्रम) पर्दछन् ।

यसमा निर्धारित सुविधासहितको निवृत्तिभरण योजनाहरू पर्दछन् । साथै सदस्यहरूको योगदानमा आधारित सुविधा दिने व्यक्तिगत योजना पनि पर्दछन् ।
यस वर्गअन्तर्गत निम्न योजनाहरू पनि पर्दछन् :

- कर्मचारी लाभ योजना
- निवृत्तिभरण कोष र योजना
- अवकाश योजना
- नागरिक लगानी कोष
- सञ्चय कोष
- सामाजिक सुरक्षा कोष

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ निवृत्तिभरण कोष को व्यवस्थापन (हेर्नुहोस् ६६३०),
- ○ अनिवार्य सामाजिक सुरक्षा कार्यक्रम (हेर्नुहोस् ८४३०)

## 66 वित्तीय सेवा तथा बिमासम्बन्धी सहायक क्रियाकलापहरू (Activities auxiliary to financial service and insurance activities)

यस डिभिजनमा वित्तीय सेवा गतिविधिमा संलग्न वा घनिष्ट सम्वन्ध रहेका सेवाहरूका प्रावधानलाई समावेश गरिन्छ तर वित्तीय सेवा प्रदानगर्ने ती आफै पर्दैनन् ।

वित्तीय कारोवार वा कोष परिचालनको प्रकारअनुसार यसको प्राथमिक विभाजन गरिएको छ ।

## 661 बिमा एवं निवृत्तिभरण कोषबाहेकका वित्तीय सेवा गतिविधिका सहायक क्रियाकलाप (Activities auxiliary to financial service activities except insurance and pension funding)

स्टकको खरिद तथा बिक्री, स्टक अप्सन, वोण्ड वा वस्तु सम्भौता आदि कार्यलाई सहजीकरण गराउने उद्देश्यको लागि भौतिक तथा विद्युतियरूपमा वजार स्थान उपलब्ध गराउने क्रियाकलापहरू यस समूहअन्तर्गत पर्दछन् ।

### 6611 वित्तीय बजार प्रशासन (Administration of financial market)

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन्:

- सार्वजनिक निकायहरूबाट गरिनेबाहेक वित्तीय बजारको सञ्चालन तथा सुपरिवेक्षण  जस्तैः
  - ○ वस्तु विनिमय संभ्कौताहरू
  - ○ भविष्यकालीन वस्तु (futures commodity) बजार संभ्कौताहरू
  - ○ सुरक्षण विनिमय (securities exchanges)
  - ○ धितोपत्र विनिमय (stock exchanges)
  - ○ धितोपत्र वा वस्तु विनिमयसम्बन्धी क्रियाकलापहरू

### 6612 सुरक्षण तथा वस्तु सम्भौता दलाली (Security and commodity contracts brokerage)

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन्:

- अरुको तर्फबाट (जस्तैः स्टक ब्रोकिङ्ग) र वित्तीय वजार कारोवारसँग सम्वन्धित क्रियाकलापहरू
- सुरक्षण दलाली
- वस्तु सम्भौता दलाली
- मुद्रा सटही  कारोवार

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- ○ आफ्नै लागि वजारको कारोवार गर्ने (हेर्नुहोस् ६४९९),
- ○ सशुल्क वा सम्भौताको आधारमा पोर्टफोलियो व्यवस्थापन (हेर्नुहोस् ६६३०)

**6619 वित्तीय सेवा गतिविधिका अन्य सहायक क्रियाकलापहरू**
**(Other activities auxiliary to financial service activities)**

अन्यत्र कही वर्गिकृत नगरिएका वित्तीय सेवाका अन्य सहायक क्रियाकलापहरू यस वर्गमा पर्दछन् । जस्तैः

- वित्तीय कारोवार प्रकृया र वित्तीय निवारण क्रियाकलापहरू, क्रेडिटकार्ड कारोवार समेत
- लगानी सल्लाह सेवा
- वन्धकी सल्लाहकार वा दलालका कार्यहरू,
- सः शुल्क वा सम्झौताका आधारमा संरक्षक (trustee), विश्वास दिलाउने (fiduciary) र जमानत सेवा (custody services)

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

  - ○ बिमा एजेन्ट र दलाली क्रियाकलाप (हेर्नुहोस् ६६२२),
  - ○ कोषको व्यवस्थापन (हेर्नुहोस् ६६३०)

**662 बिमा तथा निवृत्तिभरणका सहायक क्रियाकलापहरू**
**(Activities auxiliary to insurance and pension funding)**

यस समूहअन्तर्गत एन्विटी, बिमालेख बिक्री गर्ने एजेन्ट वा दलाल भै काम गर्ने वा कामदारलाई दिइने अन्य सुविधाहरू र बिमा तथा निवृत्तिभरणसम्बन्धी सेवा जस्तैः बिमा दाबीको समायोजन र तेस्रो पक्षको व्यवस्थापन पर्दछन् ।

**6621 जोखिम तथा क्षति मूल्याङ्कन (Risk and damage evaluation)**
बिमा दाबी लेखाजोखा तथा निवारणजस्ता बिमाका प्रशासनिक सेवाहरूको प्रावधानहरू यस वर्गमा पर्दछन् ।

- बिमादाबीको लेखाजोखा
  - ○दाबी समायोजन
  - ○जोखिम आकलन
  - ○जोखिम र क्षतिको मूल्याङ्कन
  - ○औसत निकाल्ने र घाटा समायोजन
- बिमा दाबीको निराकरण (settling) गर्ने

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

  - ○घरजग्गाको मूल्याङ्कन (हेर्नुहोस् ६८२०),
  - ○अन्य उद्देश्यको लागि गरिने मूल्याङ्कन (हेर्नुहोस् ७४९०),
  - ○ अनुसन्धान क्रियाकलाप (हेर्नुहोस् ८०३०)

**6622 बिमा अभिकर्ता तथा दलालका क्रियाकलापहरू**
**(Activities of insurance agent and brokers)**
यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन्:

- एन्विटी र बिमा एवं पुनर्बिमाको बिक्रीका लागि वार्ता गर्ने वा विश्वस्त पार्ने, बिमा अभिकर्ता तथा दलालका ( बिमा मध्यस्थकर्ता) कार्यहरू ।

## 6629 बिमा तथा निवृत्तिभरण कोषका अन्य सहायक क्रियाकलापहरू (Other activities auxiliary to insurance and pension funding)

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन्:

- बिमा र निवृत्तिभरण कोषका क्रियाकलाप वा सोसँग घनिष्ट सम्वन्धित क्रियाकलाप (बिमा दाबी समायोजन र बिमा दलालले गर्ने क्रियाकलापबाहेक)
  - क्षतिहुन लागेको सम्पत्तिको व्यवस्थापन (salvage administration)
  - बिमांकिक सेवाहरू (actuarial services)

नोटः निम्न क्रियाकलाप यसअन्तर्गत पर्दैन

- क्षति हुन लागेको पानीजहाज वा त्यसको सम्पत्ति जोगाउने (marine salvage) क्रियाकलाप ( हेर्नुहोस् ५२२२)

## 663 कोष व्यवस्थापन क्रियाकलापहरू (Fund management activities)

## 6630 कोष व्यवस्थापन क्रियाकलापहरू (Fund management activities)

यस वर्गअन्तर्गत व्यक्ति, व्यवसाय वा अन्यहरूको लागि सशुल्क वा सम्भौताको आधारमा पोर्टफोलियो र कोष व्यवस्थापन गर्ने क्रियाकलापहरू पर्दछन् ।

- निवृत्तिभरण कोषको व्यवस्थापन
- म्यूच्यूल कोषको (Mutual fund) व्यवस्थापन
- अन्य लगानी कोषको व्यवस्थापन

# खण्ड एल : घरजग्गा कारोवारका व्यवसायिक क्रियाकलापहरू
# (Real estate business activities)

यस खण्डमा जग्गा जमिनको खरिद बिक्री, जग्गा जमिन भाडामा लगाउने, अन्य घरजग्गा कारोवारका सेवा दिने कार्यहरू जस्तैः घरजग्गा कारोवारको लागि मूल्याङ्कन सेवा प्रदान गर्ने वा घरजग्गा कारोवारको खरिद बिक्रीको लागि तेस्रो व्यक्तिको लागि जमानी बस्ने एजेण्ट (escrow agents) क्रियाकलाप आदि मध्ये एक वा सोभन्दा अधिक क्रियाकलाप गर्ने एजेण्ट वा मध्यस्तकर्ताको कार्यलाई समावेश गरिएको छ । शुल्क तथा सम्झौताका आधारमा घरजग्गा कारोवारको खरिद बिक्री तथा भाडा लिनेदिने कार्यको मध्यस्थता कार्यसमेत पर्दछन् । भवनका स्ट्रकचरहरूको स्वमित्व प्राप्तगरी वा सम्झैतामा गर्ने घरजग्गा कारोवारका क्रियाकलापलाई पनि समावेश गरिएको छ । यस खण्डमा घरजग्गा कारोवार सम्पत्ति व्यवस्थापक कार्यसमेत पर्दछन् ।

## 68 घरजग्गा कारोवारका व्यवसायिक क्रियाकलापहरू (Real estate business activities)

## 681 आफ्नै वा कबुलियत घरजग्गा कारोवारका क्रियाकलापहरू (Real estate activities with own or leased property)

## 6810 आफ्नै वा कबुलियत घरजग्गा कारोवारका क्रियाकलापहरू (Real estate activities with own or leased property)

आफ्नै वा कबुलियत घरजग्गा कारोवारका क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- खरिद, बिक्री वा भाडामा लगाउने आफ्नै वा कबुलियत घरजग्गा कारोवारका क्रियाकलापहरू
- आवासीय घर तथा अपार्टमेण्ट
- गैरआवासीय भवन, प्रदर्शनी हल, बिक्रीका लागि सामान राख्न सक्ने सुविधा (self-storage facilities), मल, सपिङ सेन्टरहरू आदि
- जग्गा जमिन
- पूर्ण वा अर्धरूपमा सजावट गरिएका आवासीय घर, अपार्टमेन्ट, फ्ल्याट आदिको मासिक वा वार्षिकरूपमा वहालमा लगाउने क्रियाकलापहरू
- भवन वा स्थान भाडामा दिनको लागि आफैद्वारा सञ्चालन हुने भवन परियोजनाको विकास
- जमिनको सुधार नगरीकनै चरणवद्ध प्लटिङ गर्ने
- आवासीय घुम्ती घरको सञ्चालन

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- बिक्रीको लागि आवास विकास परियोजना (हेर्नुहोस् ४१००),
- जमिनको सुधार गरी प्लटिङ गर्ने क्रियाकलाप(हेर्नुहोस् ४२९०)
- होटल, सुट होटल र यस्तै आवास सञ्चालन (हेर्नुहोस् ५५१०),
- क्याम्प जमिन, टेलर पार्क र यस्तै आवास सञ्चालन (हेर्नुहोस् ५५२०),
- कामदारको आवास गृह, कोठा वहालमा दिने काम र यस्तै आवास सञ्चालन (हेर्नुहोस् ५५९०),

## 682 शुल्क वा सम्झौताका आधारमा गरिने घरजग्गा कारोवारका क्रियाकलापहरू (Real estate activities on a fee or contract basis)

### 6820 शुल्क वा सम्झौताका आधारमा गरिने घरजग्गा कारोवारका क्रियाकलापहरू (Real estate activities on a fee or contract basis)

शुल्क वा सम्झौताकका आधारमा गरिने घरजग्गा कारोवारको  वा सोसँग सम्बन्धित क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- घरजग्गा कारोवार एजेण्ट र दलालका क्रियाकलापहरू
- शुल्क तथा सम्झौताका आधारमा घरजग्गा कारोवारको खरिद बिक्री तथा भाडा लिनेदिने कार्यको मध्यस्थता
- शुल्क वा सम्झौताका आधारमा घरजग्गा कारोवार कार्यको व्यवस्थापन गर्ने
- घरजग्गा कारोवारको लागि मूल्याङ्कन सेवा प्रदान गर्ने
- घरजग्गा कारोवारको खरिद बिक्रीको लागि तेस्रो व्यक्तिको लागि जमानी बस्ने एजेण्ट (escrow agents) क्रियाकलाप

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- कानुनी क्रियाकलापहरू (हेर्नुहोस् ६९१०),
- सुविधा प्रदान गर्ने सहयोगी सेवाहरू (हेर्नुहोस् ८११०),
- कम्प्युटर सेवा सुविधा व्यवस्थापनबाहेकका सैन्यालय वा वन्दीगृह वा अन्यको लागि दिइने यस्तै प्रकारका सुविधाहरूको व्यवस्थापन (हेर्नुहोस् ८११०),

# खण्ड एम : पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू
# (Professional, scientific and technical activities)

यस खण्डमा विशिष्टीकृत पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू समावेश गरिएका छन् । यस्ता क्रियाकलापहरू सम्पादन गर्नका लागि उच्चस्तरीय तालिम तथा विशेष प्रकारको ज्ञान, दक्षता र सिपको आवश्यकता पर्दछ ।

## 69 कानून तथा लेखासम्बन्धी क्रियाकलापहरू (Legal and accounting activities)

यस डिभिजनमा एक पक्षको कानूनी प्रतिनिधित्व गरी अर्को पक्षको विरुद्ध अदालत वा अन्य कुनै न्यायिक निकायमा वा बारका सदस्यहरूको सुपरिवेक्षणमा, देवानी वा फौजदारी मुद्दामा आफ्नो पक्षको प्रतिनिधित्व रहने गरी वहस, पैरवी गर्ने, श्रमिकहरूको विवादमा वहस पैरवी गर्ने, सल्लाह सुझाव दिने क्रियाकलापहरू पर्दछन् । त्यसै गरी कम्पनी दर्ता गर्ने वा साझेदारी सम्झौता वा यस्तै प्रकारका अन्य कानूनी लिखतहरू, पेटेन्ट तथा प्रतिलिपिका अधिकार, कार्यविधि, वसियतनामा, इच्छापत्र, तमसुक वा यस्तै प्रकारका अन्य कानूनी लिखतहरू तयार गर्ने तथा नोटरी पब्लिक, कानूनी अधिकारी (bailiffs), मध्यस्थकर्ता (arbitrators), जाँचकी वा रेफ्रीका क्रियाकलापहरू पनि यसैअन्तर्गत पर्दछन् । त्यसै गरी लेखा र श्रेस्ताराख्ने (accounting and bookkeeping) सेवा जस्तैः लेखापरीक्षण, वित्तीय प्रतिवेदन तयार गर्ने तथा हिसाबकिताब राख्ने आदि क्रियाकलाप पनि यसैमा समावेश गरिएको छ ।

## 691 कानून तथा लेखासम्बन्धी क्रियाकलापहरू (Legal and accounting activities)

## 6910 कानूनी क्रियाकलापहरू (Legal activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- अर्को पक्षको विरुद्ध एक पक्षको कानूनी प्रतिनिधित्व गरी अदालत वा अन्य कुनै न्यायिक निकायमा वा बारका सदस्यहरूको सुपरिवेक्षणमा, देवानी वा फौजदारी मुद्दामा आफ्नो पक्षको प्रतिनिधित्व रहने गरी वहस, पैरवी गर्ने जस्तैः
    - देवानी मुद्धामा सल्लाह दिने तथा प्रतिनिधित्व गर्ने
    - फौजदारी मुद्धामा सल्लाह दिने तथा प्रतिनिधित्व गर्ने
    - श्रम विवाद सम्बन्धमा सल्लाह दिने तथा प्रतिनिधित्व गर्ने
- सामान्य परामर्श तथा सल्लाह प्रदान गर्ने, कानूनी लिखत तयार गर्ने जस्तैः
    - कम्पनी स्थापना सम्बन्धमा प्रबन्धपत्र, विधान जस्ता कागजातहरू, साझेदारी सम्झौता, कानूनी लिखतहरू
    - पेटेण्ट तथा प्रतिलिपि अधिकार
    - तमसुक, वसियतनामा, इच्छापत्र, गुठी (ट्रष्ट) भरोसापत्र आदि
- नोटरी पब्लिक, कानूनी अधिकारी (bailiffs), मध्यस्थकर्ता (arbitrators), जाँचकी वा रेफ्री का अन्य क्रियाकलापहरू
- अधिवक्ता, अभिवक्ता, ल फर्म सञ्चालन गर्ने कानुनी परामर्श केन्द्र

नोटः यसअन्तर्गत निम्न क्रियाकलापहरू पर्दैनन् ।

- ○ न्यायलय वा अदालतका गतिविधिहरू (हेर्नुहोस् ८४२३),

## 692 लेखा, श्रेस्ता (बहिखाता), लेखापरीक्षण र कर परामर्शसम्बन्धी क्रियाकलापहरू (Accounting, book-keeping and auditing activities, tax consultancy)

### 6920 लेखा, श्रेस्ता (बहिखाता), लेखापरीक्षण र कर परामर्शसम्बन्धी क्रियाकलापहरू (Accounting, book-keeping and auditing activities, tax consultancy)

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिन्छ ।

- व्यवसायहरू वा अन्य संस्थाहरूका ब्यापारिक कारोवारहरूको श्रेस्ता राख्ने
- वित्तीय लेखाको तयारी तथा लेखा परीक्षण गर्ने
- लेखा श्रेस्ताको जाँच गर्ने र दुरुस्त/ शुद्धता भएको प्रमाणित गर्ने
- निजी तथा व्यावसायिक आयकर फिर्ता (income tax returns) सम्बन्धी प्रतिवेदन तयारी
- कर निकायहरूमा ग्राहकको तर्फबाट प्रदान गरिने सल्लाह तथा प्रतिनिधित्वका कार्यहरू

यसअन्तर्गत निम्न क्रियाकलापहरू पर्दैनन्

- ○ तथ्याङ्क प्रशोधन तथा तालिकीकरणका गतिविधिहरू (हेर्नुहोस् ६३११),
- ○ व्यवस्थापन परामर्शका क्रियाकलापहरू जस्तैः लेखा प्रणालीको डिजाइन गर्ने, लागत लेखाङ्कन कार्यक्रमहरू, वजेट नियन्त्रणका कार्यविधीहरू (हेर्नुहोस् ७०२०)
- ○ विल विजक सङ्कलन (हेर्नुहोस् ८२९१)

# 70 केन्द्रीय कार्यालयको गतिविधि तथा व्यवस्थापन परामर्शसम्बन्धी क्रियाकलापहरू (Activities of head office; management consultancy activities)

यस डिभिजनमा व्यवस्थापन मुद्दाहरूमा ब्यावसायिक तथा अन्य सङ्गठनहरूलाई सल्लाह तथा सहायता प्रदान गर्ने क्रियाकलापहरू समावेश गरिन्छ । जस्तैः

- ○ रणनीतिक एवं सङ्गठनात्मक योजना,
- ○ वित्तीय योजना र वजेट निर्माण,
- ○ बजारीकरण उद्देश्य तथा नीतिहरू,
- ○ मानव संशाधनको नीति, योजना र अभ्यास,
- ○ उत्पादन कार्यसूची, र
- ○ नियन्त्रण योजना

यसका साथै एउटै कम्पनी वा प्रतिष्ठानअन्तर्गतका अन्य एकाइहरूको रेखदेख तथा व्यवस्थापन गर्ने अर्थात् केन्द्रीय कार्यालयको क्रियाकलापहरू पनि यसैअन्तर्गत समावेश गरिएको छ ।

## 701 केन्द्रीय कार्यालयका क्रियाकलापहरू (Activities of head office)

### 7010 केन्द्रीय कार्यालयका क्रियाकलापहरू (Activities of head office)

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिन्छ ।

- कम्पनी वा प्रतिष्ठानअन्तर्गतका अन्य एकाइहरूको रेखदेख (overseeing) तथा व्यवस्थापन;
- कम्पनी वा इन्टरप्राइजको रणनीतिक तथा सांगठनिक योजना र निर्णय गर्ने भूमिका निर्वाह;
- तिनीहरूसँग सम्बन्धित एकाइहरूको सञ्चालन तथा नियन्त्रण र दैनिक क्रियाकलापहरूको व्यवस्थापन

यस वर्गमा निम्न निकायहरूका क्रियाकलापहरू पर्दछन् :

- केन्द्रीय कार्यालयहरू
- केन्द्रीकृत प्रशासनिक कार्यालयहरू
- कर्पोरेट कार्यालयहरू
- क्षेत्रीय तथा जिल्ला कार्यालयहरू
- सहायक व्यवस्थापन कार्यालयहरू

नोटः यसअन्तर्गत निम्न क्रियाकलापहरू पर्दैनन् ।

- व्यवस्थापनमा संलग्न नभएका तर सञ्चालनमा रहेका कम्पनीहरू (हेर्नुहोस् ६४२०),

## 702 व्यवस्थापन परामर्शका क्रियाकलापहरू (Management consultancy activities)

### 7020 व्यवस्थापन परामर्शका क्रियाकलापहरू (Management consultancy activities)

यस वर्गमा व्यवस्थापन विषयहरूहरूमा ब्यावसायिक तथा अन्य सङ्गठनहरूलाई सल्लाह तथा सञ्चालन सहायता र मार्गदर्शन प्रदान गर्ने जस्ता प्रावधान समावेश गरिन्छ । जस्तैः

- रणनीतिक एवं सङ्गठनात्मक योजना,
- वित्तीय प्रकृतिका निर्णय क्षेत्रहरू
- बजारीकरण उद्देश्य तथा नीतिहरू,
- मानव संशाधनको नीति, योजना र अभ्यास
- उत्पादन कार्यसूची, र
- नियन्त्रण योजना

यस व्यावसायिक सेवाका प्रावधानअन्तर्गत व्यवसायलाई प्रदान गरिने सल्लाह, मार्गदर्शन तथा सञ्चालन सहयोग र निम्न सार्वजनिक सेवाका क्रियाकलापहरू समावेश हुन सक्दछन् ।

- सार्वजनिक सम्बन्ध तथा सञ्चार
- समर्थनमा प्रभाव पार्ने वा पैरवी गर्ने (यिददथष्लन) क्रियाकलापहरू
- लेखा प्रणालीका विधी वा प्रक्रियाको रूपरेखा तयार गर्ने, लागत लेखाङ्कनका कार्यक्रमहरू तयार गर्ने, वजेट नियन्त्रणका कार्यविधिहरू तयार गर्ने
- व्यवसायहरू तथा सार्वजनिक सेवाका लागि योजना, सङ्गठन, कार्यदक्षता (भााष्अष्भलअथ० र नियन्त्रण, व्यवस्थापन सूचना आदिसम्बन्धी सल्लाह तथा सहयोग गर्ने

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- लेखा प्रणालीको लागि कम्प्युटर सफ्टवेयर डिजाइन गर्ने (हेर्नुहोस् ६२०१),
- कानूनी सल्लाह र प्रतिनिधित्व (हेर्नुहोस् ६९१०),
- लेखा राख्ने, श्रेस्ता राख्ने (bookkeeping), लेखापरीक्षण गर्ने क्रियाकलाप, कर परामर्श सेवा (हेर्नुहोस् ६९२०),
- आर्किटेक्चरल (भवननिर्माण कला), इन्जिनियरिङ र अन्य प्राविधिक सल्लाह दिने क्रियाकलाप ( हेर्नुहोस् ७११०, ७४९०),
- विज्ञापन क्रियाकलापहरू (हेर्नुहोस् ७३१०),
- बजार अनुसन्धान तथा जनमत लिने (हेर्नुहोस् ७३२०),
- कार्यकारिणी पदस्थापन वा परामर्श सेवाको खोजी (हेर्नुहोस् ७८१०),
- शैक्षिक परामर्शसम्बन्धी क्रियाकलापहरू (हेर्नुहोस् ८५५०)

## 71 भवन निर्माण कला र इन्जिनियरिङ क्रियाकलापहरू तथा प्राविधिक परीक्षण र विश्लेषण (Architectural and engineering activities ; technical testing and analysis)

यस डिभिजनअन्तर्गत निम्न प्रावधानहरू पर्दछन् : भवननिर्माण कला सेवा, इन्जिनियरिङ सेवा, मस्यौदा तयार गर्ने (ड्राफ्टिङ) सेवा, भवन निरीक्षण तथा सर्भे र नक्साङ्कन सेवा । भौतिक, रासायनिक, अन्य विश्लेषणात्मक परीक्षणसम्बन्धी सेवाहरूको सम्पादन पनि यसैअन्तर्गत पर्दछन् ।

## 711 भवन निर्माण कला र इन्जिनियरिङ क्रियाकलापहरू तथा सम्बन्धित प्राविधिक परामर्श सेवा(Architectural and engineering activities and related technical consultancy)

## 7110 भवन निर्माण कला र इन्जिनियरिङ क्रियाकलापहरू तथा सम्बन्धित प्राविधिक परामर्श सेवा (Architectural and engineering activities and related technical consultancy)

यस वर्गअन्तर्गत निम्न प्रावधानहरू समावेश गरिन्छ : भवननिर्माण कला सेवा, इन्जिनियरिङ सेवा, मस्यौदा नक्सा तयार गर्ने (ड्राफ्टिङ) सेवा, भवन निरीक्षण तथा सर्भे र नक्साङ्कन सेवा ।

- यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन् :जस्तैः
  - भवननिर्माण कला परामर्श दिने
  - भवन नक्सा डिजाइन र मस्यौदा तयार गर्ने (ड्राफ्टिङ)
  - नगर तथा शहरी योजना र जमिनको नक्साङ्कन (landscape architecture)
- निम्न क्रियाकलापहरूका लागि इन्जिनियरिङ डिजाइन (प्रचलित कानून र इन्जिनियरिङ सिद्धान्तबमोजिम यान्त्रिक डिजाइन, साधन, औजार, संरचना, प्रक्रिया र पद्दति लागु गरी तयार गरिएको डिजाइन) र परामर्श क्रियाकलापहरू
  - मेसीनरी, औद्योगिक प्रक्रिया, तथा औद्योगिक प्लान्ट
  - सिभिल, हाइड्रोलिक, ट्राफिक इन्जिनियरिङ समावेश भएका आयोजनाहरू
  - जल व्यवस्थापन आयोजनाहरू
- विद्युतीय र इलेक्ट्रोनिक, माइनिङ, रासायनिक इन्जिनियरिङ, मेकानिकल, औद्योगिक र प्रणाली इन्जिनियरिङ, सुरक्षा इन्जिनियरिङ आदिसम्बन्धी विस्तृत आयोजना तयारी (elaboration and realization)

- निर्माणसम्बन्धी आयोजना व्यवस्थापनका क्रियाकलापहरू

- वातानुकूलित, चिस्यान (रेफ्रिजिरेशन), सरसफाइ (स्यानिटरी) तथा प्रदुषण नियन्त्रण इन्जिनियरिङ, ध्वनिसम्बन्धी (अक्वास्टिकल) इन्जिनियरिङ आदि प्रयोग गरी आयोजनाहरूको विस्तार
- भूबनोट, भूगर्भ र भुकम्प मापन सर्वेक्षणहरू
- खगोल तथा भूमापन सर्वेक्षण क्रियाकलापहरू
  - जमिन र सिमाना सर्वेक्षण क्रियाकलाप
  - जलमापन (हाइड्रोलजीक) सर्वेक्षण क्रियाकलाप
  - भूमिगत सर्वेक्षण क्रियाकलाप
  - कार्टोग्राफिक तथा भौगोलिक (स्पासियल) सूचना क्रियाकलाप

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- खानी सञ्चालन सम्वन्धमा उत्खनन् कार्यको परीक्षण (ड्रिलिङ परीक्षण गर्ने) (हेर्नुहोस् ०९१०, ०९९०)
- सम्बन्धित सफ्टवेयरको निर्माण वा प्रकाशन (हेर्नुहोस् ५८२०, ६२०१),
- कम्प्युटर परामर्शका गतिविधि (हेर्नुहोस् ६२०२, ६२०९)
- प्राविधिक परीक्षण (हेर्नुहोस् ७१२०),
- इन्जिनियरिङसम्बन्धी अनुसन्धान तथा विकास क्रियाकलाप (हेर्नुहोस् ७२१०),
- औद्योगिक डिजाइन (हेर्नुहोस् ७४१०),
- आन्तरिक सजावट (हेर्नुहोस् ७४१०),
- हवाई फोटोग्राफी (हेर्नुहोस् ७४२०)

## 712 प्राविधिक परीक्षण एवं विश्लेषण (Technical testing and analysis)

### 7120 प्राविधिक परीक्षण एवं विश्लेषणका कार्यहरू (Technical testing and analysis)

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिन्छन् :

- सबै प्रकारका सामग्री तथा उत्पादनहरूको भौतिक, रासायनिक तथा अन्य विश्लेषणात्मक परीक्षण कार्यको सम्पादन (निम्न कार्यहरूबाहेक)
  - ध्वनि (acoustics) र कम्पन (vibration) को परीक्षण
  - खनिजहरूको शुद्धता एवं सम्मिश्रणको परीक्षण
  - खाद्य उत्पादनका सम्बन्धमा स्वस्थकर खाद्यपदार्थको क्षेत्रमा परीक्षणका क्रियाकलापहरूका साथै भेटेरिनरी (पशु) परीक्षण तथा नियन्त्रण
  - भौतिक गुणहरू तथा पदार्थको प्रभावकारिताको परीक्षण जस्तैः पदार्थको बलियोपन, मोटाई, टिकाउपन, रेडियोधर्मिता (radioactivity) आदि
  - योग्यता तथा विश्वसनीयताको परीक्षण
  - पुर्ण यान्त्रिक वस्तुहरू जस्तैः मोटर, अटोमोबाइलस, विद्युतीय उपकरणहरू आदिको कार्य क्षमताको परीक्षण ।

- वेल्डिङ र जडान गरिएका जोर्नीहरूको रेडियोग्राफिक परीक्षण
- असफलताको विश्लेषण
- वातावरणीय सूचकहरू जस्तैः वायु तथा जल प्रदुषण आदिको परीक्षण र मापन कार्यहरू

- उपभोग्य वस्तुहरू, मोटरगाडीहरू, हवाईजहाज, चापयुक्त कन्टेनरहरू (pressurized containers), आणविक भट्टीहरूसहितका वस्तुहरूको प्रमाणीकरण
- सडक सुरक्षाका लागि मोटरगाडीहरूको आवधिक परीक्षण गर्ने कार्यहरू
- मोडल वा नक्कली मोडल प्रयोग गरेर परीक्षण (वायुयान, पानीजहाज, बाँध आदि)
- प्रहरी प्रयोगशालाहरूको सञ्चालन

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- नमूना पशुहरूको परीक्षण (हेर्नुहोस् ७५००),
- चिकित्सा प्रयोगशालाको परीक्षण (हेर्नुहोस् ८६९०),

## 72 वैज्ञानिक अनुसन्धान तथा विकास (Scientific research and development)

यस डिभिजनमा तीन प्रकारका अनुसन्धान तथा विकाससम्बन्धी क्रियाकलापहरू पर्दछन्

यस डिभिजनमा तीन प्रकारका अनुसन्धान तथा विकाससम्बन्धी क्रियाकलापहरू पर्दछन्

१. आधारभुत अनुसन्धानः विशेष प्रयोगबिना घटना र अवलोकनिय तथ्यको आधारमा नयाँ ज्ञान हासिल गर्ने उद्देश्यले सञ्चालित प्रयोगात्मक तथा सैद्धान्तिक कार्य

२. व्यवहारिक (applied) अनुसन्धान : नयाँ ज्ञान हासिल गर्नका लागि सञ्चालन गरिएका विशिष्ठ व्यवहारीक लक्ष्य वा उद्देश्य उन्मुख नयाँ अनुसन्धान र

३. प्रयोगात्मक विकास : अनुसन्धान वा व्यावहारिक अनुभव र मौजुदा ज्ञानको सहयोग लिइ नयाँ सामग्री, वस्तु र उपकरणको उत्पादन तर्फ नयाँ प्रक्रिया, प्रणाली र सेवाहरू स्थापित गर्ने तथा पहिलेका उत्पादित तथा स्थापित प्रणाली र सेवाहरूको प्रर्याप्त मात्रामा सुधार तथा व्यवस्थित कार्य ।

यस डिभिजनमा अनुसन्धान र प्रयोगात्मक विकासका गतिविधिहरूलाई दुई भागमा विभाजन गरिएको छ ।

- प्राकृतिक विज्ञान र इन्जिनिरिङ
- सामाजिक विज्ञान र मानविकी

यस डिभिजनमा बजार अनुसन्धानलाई समावेश गरिएको छैन (हेर्नुहोस् ७३२०)

## 721 प्राकृतिक विज्ञान र इन्जिनियरिङ विषयामाथि अनुसन्धान एवं प्रयोगात्मक विकास (Research and experimental development on natural sciences and engineering)

## 7210 प्राकृतिक विज्ञान र इन्जिनियरिङ विषयामाथि अनुसन्धान एवं प्रयोगात्मक विकास (Research and experimental development on natural sciences and engineering)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- प्राकृतिक विज्ञान र इन्जिनियरिङ विषय माथि  अनुसन्धान र प्रयोगात्मक विकास:
    - प्राकृतिक विज्ञानको अनुसन्धान र विकास
    - इन्जिनियरिङ एवं प्रविधिसम्बन्धी अनुसन्धान र विकास
    - चिकित्सा विज्ञानसम्बन्धी अनुसन्धान र विकास
    - जैवीक प्रविधिसम्बन्धी अनुसन्धान र विकास
    - कृषि विज्ञानसम्बन्धी अनुसन्धान र विकास
    - प्राकृतिक विज्ञान तथा इन्जिनियरिङसम्बन्धी बाहुल्य रहेको अन्तरविषयक अनुसन्धान र विकास

## 722 सामाजिक विज्ञान एवं मानविकीसम्बन्धी अनुसन्धान एवं प्रयोगात्मक विकास (Research and experimental development on social sciences and humanities)

### 7220 सामाजिक विज्ञान एवं मानविकीसम्बन्धी अनुसन्धान एवं प्रयोगात्मक विकास (Research and experimental development on social sciences and humanities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- सामाजिक विज्ञानसम्बन्धी अनुसन्धान र विकास
- मानविकी शास्त्रसम्बन्धी अनुसन्धान र विकास
- मानविकी तथा सामाजिक विज्ञानको प्रधानता रहेको अन्तरविषयक अनुसन्धान र विकास

यसअन्तर्गत निम्न क्रियाकलापहरू पर्दैनन् ।

- बजार अनुसन्धान (हेर्नुहोस् ७३२०)

## 73 विज्ञापन, बजार अनुसन्धान तथा जनमत सङ्कलन (Advertising, market research and public opinion polling)

यस डिभिजनमा विज्ञापन अभियानको सृजना तथा यस्ता विज्ञापनहरूलाई आवधिक पत्रिकाहरू, पत्रपत्रिकाहरू, रेडियो र टेलिभिजन वा अन्य सञ्चारका साधनको व्यवस्थापन साथसाथै प्रर्दशन संरचनाहरू तथा स्थलको डिजाइन गर्ने क्रियाकलापहरू पर्दछन् ।

## 731 विज्ञापन (Advertising)

### 7310 विज्ञापन (Advertising)

यस वर्गमा सम्पूर्ण विज्ञापन सेवाहरू (जस्तैः आन्तरिक क्षमता वा पेटी ठेक्काद्वारा), साथै सरसल्लाह, सृजनात्मक सेवाहरू, विज्ञापन सामग्रीहरूको उत्पादन, सञ्चार माध्यमको (मिडिया) योजना र खरिदकार्यहरू समावेश गरिन्छ ।

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिन्छ ।

- विज्ञापन अभियानको सृजना र आवश्यकताको बोध गर्ने:

- दैनिक तथा आवधिक पत्रपत्रिकाहरू, रेडियो, टेलिभिजन, इन्टरनेट र अन्य सञ्चार माध्यमहरूमा विज्ञापन सृजना, उत्पादन, र प्रकाशन तथा प्रसारण गर्ने
- प्रचारप्रसारको लागि गरिने बाहिरी विज्ञापनका  कार्यहरू जस्तैः विलबोर्ड (डिजिटल डिस्प्ले बोर्ड), होर्डिङबोर्ड, प्यानल, वुलेटिन (मुखपत्र) तथा फ्रेम, झ्यालमा विज्ञापन सामग्री जस्तैः स्टीकर टाँस्ने (window dressing), शोरुम डिजाइन, कार तथा वसमा गरिने विज्ञापन
- मिडियाको प्रतिनिधित्व जस्तैः विभिन्न विज्ञापनसम्बन्धी सरसल्लाह प्रदान गर्नका लागि समय र स्थान बिक्री गर्ने
- हवाईजहाज, हेलिकप्टर, वेलुन आदि माध्यम प्रयोग  गरिने हवाई (aerial) विज्ञापन
- विज्ञापन सामग्री वा नमूनाहरूको वितरण वा प्रदान गर्ने
- विलबोर्ड (डिस्प्ले बोर्ड) आदिमा  विज्ञापन स्थानको प्रावधान
- स्ट्यान्ड र अन्य प्रदर्शन संरचना (होर्डिङ बोर्ड) र स्थलहरूको निर्माण गर्ने

- ग्राहकहरूलाई आकर्षित गरी टिकाउने उद्देश्यले बजार अभियान (campaigns) तथा विज्ञापन सेवाहरू सञ्चालन गर्ने जस्तैः
  - उत्पादित वस्तुहरूको प्रवर्द्धन
  - कम मूल्यका वस्तुहरू पाइने बजार तोक्ने
  - हुलाक माध्यमबाट गरिने प्रत्यक्ष विज्ञापन
  - बजारीकरणसम्बन्धी परामर्श

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू समावेश गरिँदैनन्

- विज्ञापन सामग्रीको प्रकाशन (हेर्नुहोस् ५८१९),
- रेडियो, टेलिभिजन र चलचित्रको लागि व्यापारिक संदेश उत्पादन (हेर्नुहोस् ५९११),
- जनसम्पर्कसम्बन्धी क्रियाकलापहरू (हेर्नुहोस् ७०२०),
- बजार अनुसन्धान (हेर्नुहोस् ७३२०),
- ग्राफिक डिजाइन क्रियाकलापहरू, (हेर्नुहोस् ७४१०),
- फोटोग्राफीसम्बन्धी विज्ञापन (हेर्नुहोस् ७४२०),
- आयोजकहरूबाट सभा, प्रदर्शन कक्ष र व्यापार मेला (हेर्नुहोस् ८२३०),
- हुलाक गतिविधिहरू (हेर्नुहोस् ८२१९),

## 732 बजार अनुसन्धान तथा जनमत सङ्कलन (Market research and public opinion polling)

## 7320 बजार अनुसन्धान तथा जनमत सङ्कलन (Market research and public opinion polling)

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिन्छ :

- उत्पादित नयाँ वस्तुहरूको विकास तथा बिक्री प्रवर्द्धन लगायत अनुसन्धानका नतीजाहरूको तथ्याङ्कीय विश्लेषण गर्ने उद्देश्यले बजार सम्भाव्यता, उत्पादित वस्तुको लोकप्रियता र स्वीकार्यता तथा उपभोक्ताहरूको खरिद व्यवहारको अनुसन्धान
- राजनैतिक, आर्थिक र सामाजिक विषयहरूमा सामूहिक धारणासम्बन्धी खोजअनुसन्धान र तिनीहरूको तथ्याङ्कीय विश्लेषण

## 74 अन्य पेशागत, वैज्ञानिक र प्राविधिक क्रियाकलापहरू
## (Other professional, scientific and technical activities)

यस डिभिजनमा पेशागत वैज्ञानिक र प्रविधिक सेवाहरूका प्रावधान समावेश गरिन्छ । तर कानूनी तथा लेखापालन क्रियाकलापहरू, भवननिर्माण कला तथा इन्जिनियरिङ क्रियाकलापहरू, प्राविधिक परीक्षण तथा विश्लेषण, व्यवस्थापन तथा व्यवस्थापन परामर्श, अनुसन्धान तथा विकास र विज्ञापन क्रियाकलापहरू यस डिभिजनमा समावेश गरिँदैनन् ।

### 741 विशिष्टीकृत डिजाइन कार्यहरू (Specialized design activities)

### 7410 विशिष्टीकृत डिजाइन कार्यहरू (Specialized design activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- कपडा (टेक्स्टाइल), तयारी पोशाक, जुत्ता, गरगहना, फर्निचर र अन्य आन्तरिक सजावट तथा अन्य फेशनका सामानहरू साथसाथै अन्य व्यक्तिगत वा घरायसी वस्तुहरूसँग सम्बन्धित फेशन डिजाइन
- औद्योगिक डिजाइन जस्तैः वस्तुको डिजाइन तथा स्पेसिफकेशनहरूको सृजना तथा विकास जसले वस्तुहरूको प्रयोग, मूल्य र स्वरूपलाई अधिकतम उपयोगी बनाउँछ ।
- यसका साथै डिजाइन सृजना तथा विकास गर्दा उत्पादित वस्तुहरूको सामग्री, निर्माण, संयन्त्र, आकृति, रङ तथा बाहिरी भागको अन्तिम सजावट (फिनिसिङ) लाई पनि निर्धारण गरिन्छ ।
- यस्तै डिजाइनको सृजना र विकास गर्दा वस्तुको उत्पादन, वितरण, प्रयोग र सम्भारमा मानवीय गुण तथा आवश्यकता, सुरक्षा, बजारको माग (appeal) तथा क्षमतालाई मध्यनजर राखिन्छ ।
- ग्राफिक डिजाइन सम्वन्धिका कार्यहरू
- आन्तरिक सजावटसम्बन्धी कार्यहरू

यस वर्गअन्तर्गत निम्न क्रियाकलाप पर्दैनन्

- वेब पेजको प्रोगाम र डिजाइन (हेर्नुहोस् ६२०१),
- भवननिर्माण कला डिजाइन (हेर्नुहोस् ७११०),
- इन्जिनियरिङ डिजाइन जस्तैः डिजाइन गर्दा यान्त्रिक, साधन, औजार, संरचना, प्रक्रिया र प्रणालीको डिजाइन गर्दा प्रचलित कानून तथा इन्जिनियरिङ सिद्धान्त लागु गर्ने (हेर्नुहोस् ७११०),
- रङमञ्चको लागि गरिने मञ्चको डिजाइन (हेर्नुहोस् ९०००)

### 742 फोटो खिच्ने (फोटोग्राफीक) क्रियाकलापहरू (Photographic activities)

### 7420 फोटो खिच्ने (फोटोग्राफीक) क्रियाकलापहरू (Photographic activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

– व्यापारिक तथा उपभोक्ता फोटो उत्पादनः

- पासपोर्ट, विद्यालय, विवाह, वर्तवन्ध, पिकनिक आदिमा खिचिने फोटोग्राफी कार्य
- व्यवसायको लागि खिचिने फोटोग्राफी कार्य जस्तैः प्रकाशक, फेसन, घरजग्गा कारोवार वा पर्यटनको उद्देश्यले फोटो खिच्ने क्रियाकलापहरू
- एरीयल फोटोग्राफिक क्रियाकलापहरू
- विवाह, वर्तवन्ध, मिटिङ आदिका अवसरमा खिचिने भिडियोग्राफीहरू

फोटो रिल प्रशोधनः

- ग्राहकसँग लिइएको नेगेटीभ वा चलचित्रको, डेभलोपिङ, प्रशोधन र फोटो छपाइसम्बन्धी क्रियाकलापहरू
- फोटो डेभलोपिङ, प्रशोधन र फोटो छपाइ प्रयोगशालाको क्रियाकलाप
- एक घण्टामा फोटो दिने क्रियाकलाप
- फोटोको माउन्टिङ गर्ने क्रियाकलाप
- फोटोसँग सम्बन्धित  प्रतिलिपि बनाउने र परिस्कृत गर्ने वा पारदर्शी बनाउने
- फोटो पत्रकारका क्रियाकलापहरू
- माइको फिल्म डकुमेण्टका क्रियाकलापहरू

नोटः निम्न क्रियाकलाप यसअन्तर्गत पर्दैनन्

- ○ सिनेमा चलचित्र तथा टेलिभिजन चलचित्रको प्रोसेसिङ गर्ने क्रियाकलाप (हेर्नुहोस् ५९१२),
- ○ कार्टोग्रफिक र भौगोलिक/स्थानिक सूचनासम्बन्धी क्रियाकलाप (हेर्नुहोस् ७११०)

## 749 अन्यत्र कतै वर्गीकरण नगरिएका अन्य पेशागत तथा वैज्ञानिक र प्राविधिक क्रियाकलापहरू (Other professional, scientific and technica activities n.e.c.)

## 7490 अन्यत्र कतै वर्गीकरण नगरिएका अन्य पेशागत तथा वैज्ञानिक र प्राविधिक क्रियाकलापहरू (Other professional, scientific and technical  activities n.e.c.)

यस वर्गअन्तर्गत सामान्यतया व्यवसायिक ग्राहकलाई प्रदान गरिने सेवाका धेरै प्रकारका क्रियाकलाप समावेश गरिन्छ । यी सेवाअन्तर्गत उच्च श्रेणीका व्यावसायिक, वैज्ञानिक र प्राविधिक सीपको  आवश्यक परे तापनि सामान्यता छोटो अवधिमा सञ्चालित व्यापार, नियमित व्यापारिक क्रियाकलापहरू यहाँ समावेश गरिएको छैन ।

निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् :

- भाषा अनुवाद, भाषा सम्पादनसम्बन्धी क्रियाकलापहरू
- व्यापारिक (घरजग्गा कारोवारबाहेक) दलाली कार्य जस्तैः साना वा मध्यम प्रकारका व्यवसायहरूको खरिद बिक्रीको प्रबन्ध मिलाइदिने कार्य
- पेटेण्ट दलाली क्रियाकलाप (पेटेण्ट आधिकारको खरिद बिक्री मिलाउने कार्य)
- घरजग्गा कारोवार र बिमाको मूल्याङ्कनबाहेक अचल सम्पत्ति (पूरातात्वियक सामग्री, गरगहना आदि) को मूल्याङ्कन गर्ने क्रियाकलाप
- विल लेखापरीक्षण, ढुवानी दरको सूचना दिने कार्य
- परिमाण सर्वेक्षकहरूसम्बन्धी क्रियाकलापहरू

- मौसम भविष्यवाणी गर्ने क्रियाकलाप
- सुरक्षा परामर्श
- कृषि विज्ञान परामर्श
- वातावरणीय परामर्श
- अन्य प्राविधिक परामर्श
- भवन निर्माण कला, इन्जिनियरिङ र व्यवस्थापन परामर्शबाहेकका अन्य परामर्श
- सिनेमा चलचित्र, नाटक बनाउने वा अन्य मनोरञ्जनात्मक वा खेल आकर्षण र पुस्तक व्यवस्थापन, कलात्मक कार्य, खेलहरू, फोटोग्राफिक आदि कार्यहरूमा व्यक्तिको तर्फबाट एजेन्ट तथा एजेन्सीद्वारा प्रकाशक र उत्पादक आदिसँग गरिने कार्यहरू,

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- लिलामीद्वारा मोटरगाडीको थोकबिक्री (हेर्नुहोस् ४५१०),
- अनलाइनद्वारा लिलामी (खुद्रा) क्रियाकलापहरू (हेर्नुहोस् ४७९१),
- घरहरूको लिलामी (खुद्रा) (हेर्नुहोस् ४७९९),
- घरजग्गा कारोवारको दलाल (हेर्नुहोस् ६८२०),
- वहीखाता क्रियाकलाप (हेर्नुहोस् ६९२०)
- व्यवस्थापन परामर्श क्रियाकलाप (हेर्नुहोस् ७०२०),
- भवन निर्माण कला र इन्जिनियरिङ परामर्श (हेर्नुहोस् ७११०),
- इन्जिनियरिङ डिजाइन क्रियाकलाप (हेर्नुहोस् ७११०),
- विज्ञापन र अन्य विज्ञापन प्रदर्शन गर्ने क्रियाकलाप (हेर्नुहोस् ७३१०),
- स्टान्ड र अन्य प्रदर्शन गर्ने संरचना र साइडहरूको सृजना (हेर्नुहोस् ७३१०),
- औद्योगिक डिजाइन क्रियाकलाप (हेर्नुहोस् ७४१०),
- सभा सम्मेलन र व्यापारिक प्रदर्शन आयोजक क्रियाकलाप (हेर्नुहोस् ८२३०),
- स्वतन्त्र लिलामीकर्ताहरूको क्रियाकलाप (हेर्नुहोस् ८२९९),
- व्यवसायले आफ्ना ग्राहकहरूको लागि सञ्चालन गरेको छुट पुरुस्कारसम्बन्धी कार्यक्रमको प्रशासनिक व्यवस्थापन (हेर्नुहोस् ८२९९),
- उपभोक्ता बचत तथा ऋण परामर्श (हेर्नुहोस् ८८९०),
- वैज्ञानिक तथा प्रविधिक पुस्तक लेखकहरूको गतिविधि (हेर्नुहोस् ९०००),
- स्वतन्त्र पत्रकारहरूको गतिविधि (हेर्नुहोस् ९०००),

## 75 पशु चिकित्सासम्बन्धी क्रियाकलापहरू (Veterinary activities)

यस डिभिजनमा फार्म वा घरपालुवा जनावरहरूको पशु स्वास्थ्य हेरचाह वा नियन्त्रण गतिविधि पर्दछ । योग्य पशु चिकित्सकद्वारा पशु चिकित्सालयका साथसाथै फार्म, कुकुर घर (kennels), आफ्नै परामर्श तथा सल्यक्रिया कक्षमा वा अन्यत्र कतै यी क्रियाकलापहरू सञ्चालन गरिन्छन् । यसमा पशु एम्बुलेन्स सेवासमेत पर्दछ ।

## 750 पशु चिकित्सासम्बन्धी क्रियाकलापहरू (Veterinary activities)

## 7500 पशु चिकित्सासम्बन्धी क्रियाकलापहरू (Veterinary activities)

निम्न क्रियाकलापहरू यस वर्गमा पर्दछन् ।

- फार्म वा गोठमा पालिएका पशुहरूको स्वास्थ्य हेरचाह र रोग नियन्त्रणका क्रियाकलापहरू
- शौखका लागि पालिएका (pet animals) पशुहरूको स्वास्थ्य हेरचाह तथा रोग नियन्त्रणका क्रियाकलापहरू

  योग्य पशुचिकित्सकद्वारा पशुचिकित्सालयका साथसाथै फार्म, कुकुर घर (kennels), आफ्नै परामर्श तथा शल्यक्रिया कक्षमा वा अन्यत्र कतै यी क्रियाकलापहरू सञ्चालन गरिन्छन् ।
- पशु स्वास्थ्य सहायकहरू वा अन्य सहयोगी पशुस्वास्थ सेवा कर्मीहरूका क्रियाकलापहरू
- पशु रोग निदान र प्रयोगशालासम्बन्धी क्रियाकलापहरू
- पशु एम्बुलेन्स सञ्चालनका क्रियाकलापहरू
- घरपालुवा पशुलाई खोप (एन्टीरेबिज आदि) दिने कार्यहरू

नोटः निम्न क्रियाकलापहरू यसअन्तर्गत पर्दैनन्

- पशु स्वास्थ्य चिकित्साबिनाको फार्म पशुपालन क्रियाकलापहरू (हेर्नुहोस् ०१६२),
- पशु वथान परीक्षण सेवा, गाईवस्तुको वथान हेरचाह, पशु चरण, भाले वन्ध्याकरण (हेर्नुहोस् ०१६२),
- भेडाको ऊन निकाल्ने (sheep shearing) (हेर्नुहोस् ०१६२)
- पशुलाई कृत्रिम गर्भधारण गराउने क्रियाकलाप (हेर्नुहोस् ०१६२),
- पशु स्वास्थ्य चिकित्साबिनाको सौखका लागि पालिएका पशुपालन क्रियाकलापहरू (हेर्नुहोस् ९६०९)

# खण्ड एन : प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू
# (Administrative and Support Service Activities)

यो खण्डमा सामान्य व्यवसाय सञ्चालनका कार्यहरूको सहयोग गर्ने विविध प्रकारका क्रियाकलापहरू समावेश गरिन्छ । खण्ड N का क्रियाकलापहरूको प्राथमिक उद्देश्य विशेष ज्ञानको हस्तान्तरण नभएकोले यसमा समावेश गरिएका क्रियाकलापहरू खण्ड M का क्रियाकलापहरूभन्दा पृथक छ ।

## 77 भाडा तथा लिजमा बन्धकी वा ठेक्कापट्टामा लिनेदिने क्रियायकलापहरू (Rental and leasing activities)

यस डिभिजनमा भौतिक (स्पर्शयोग्य) वा र गैरवित्तीय अभौतिक (स्पर्श नहुने) सम्पत्तिहरूको भाडा तथा लिजमा वा वन्धकी वा ठेक्कापट्टामा लिनेदिने क्रियायकलापहरू पर्दछन् । ग्राहकहरूसँगको विस्तृत प्रकारका भौतिक सामानहरू जस्तैः मोटरगाडीजस्ता अटोमोबाइल्स, कम्प्युटरहरू, उपभोग्य सामानहरू, औद्योगिक मेसिनरी सामानहरू तथा पार्टपुर्जाहरूको कारोवारसमेत यस डिभिजनमा पर्दछ । यस्ता कारोवार वा क्रियाकलपाहरू कुनै अवधिका लागि भाडामा लिनेदिने वा लिजको भुक्तानी गरिन्छ । यस डिभिजनलाई निम्न चार उपवर्गमा विभाजन गरिएको छ ।

१. मोटरगाडी जस्ता सवारी साधनहरूको भाडामा लिनेदिने क्रियाकलापहरू
२. मनोरञ्जनात्मक तथा खेलकुदका सामानहरू साथै व्यक्तिगत र परिवारमा प्रयोग गरिने मालसामानहरू
३. व्यवसाय सञ्चालनका क्रियाकलापहरू साथै अन्य यातायातका सामानहरूका लागि प्राय प्रयोग गरिने प्रकारका अन्य मेसिनरी वा पार्टपुर्जा सामानहरूको लिजमा लिनेदिने कार्यहरू
४. बौद्धिक सम्पत्तिका वस्तुहरू वा यस्तै प्रकारका वस्तुहरूको लिजमा लिनेदिने कार्य

यो डिभिजनमा विद्यमान सञ्चालनमा रहेका लिजमा लिएदिएका क्रियाकलापहरू समावेश गरिन्छन् ।
यो डिभिजनमा वित्तीय लिजमा लिनेदिने क्रियाकलापहरू (हेर्नुहोस् ६४९१), घरजग्गाको भाडामा लिनेदिने ( हेर्नुहोस् खण्ड L) अपरेटरसहित मेसिनरी सामानको भाडामा लिनेदिने क्रियाकलापहरू समावेश गरिँदैन । अपरेटरसहित मेसिनरी सामानको भाडामा लिनेदिने क्रियाकलापहरू निर्माण क्रियाकलापहरूका निर्माण (खण्ड F) लागि हो वा यातायात क्रियाकलापका यातायात (खण्ड H) लागि हो यसको आधारमा वर्गीकरण गरिन्छ ।

## 771 मोटरगाडीको भाडा तथा ठेक्कासम्बन्धी क्रियाकलापहरू (Renting and leasing of motor vehicles)

यसका लागि वर्ग ७७१० हेर्नुहोस् ।

## 7710 मोटर गाडीको भाडा तथा ठेक्कासम्बन्धी क्रियाकलाप (Renting and leasing of motor vehicles)

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिन्छन् :

- चालक अर्थात् ड्राइभरबाहेक यात्रुवाहक मोटर, कार, जीप, भ्यान आदिको भाडा तथा सञ्चालन ठेक्कासम्बन्धी क्रियाकलापहरू
- ट्रक, ट्रली, ठेलागाडा वा ट्रेलर (utility trailers), कन्टेनर आदिको भाडा तथा सञ्चालन ठेक्कासम्बन्धी क्रियाकलापहरू
- मनोरन्जनका लागि प्रयोग हुने गाडीको भाडा तथा सञ्चालन ठेक्कासम्बन्धी क्रियाकलापहरू

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैनन् :

- ○ चालक अर्थात् ड्राइभरसहितको मोटर, कार, ट्रक जस्ता मोटरगाडीको भाडा तथा सञ्चालन ठेक्कासम्बन्धी क्रियाकलापहरू (४९२२, ४९२३ हेर्नुहोस्)
- ○ वित्तीय कार्यका (financial leasing) लागि लिजिङ कार्य (६४९१ हेर्नुहोस्)

## 772 व्यक्तिगत तथा घरायसी सामानहरूको भाडा तथा ठेक्कासम्बन्धी क्रियाकलाप (Renting and leasing of personal and household goods)

यस समूहअन्तर्गत व्यक्तिगत तथा घरायसी सामानहरूको भाडामा वा लिजमा वा ठेक्कामा लिनेदिने क्रियाकलापहरूका साथै क्रिडा तथा मनोरञ्जन गर्ने साधनहरू, खेलकुदका सामानहरू र विडियो सामग्रीहरूको भाडामा लिनेदिने क्रियाकलापहरू पनि समेटिन्छन् । यस्ता सामग्रीहरूको भाडामा लिनेदिने क्रियाकलापहरू सामान्यतः छोटो अवधिका लागि हुन्छन् । कुनै कुनै अवस्थामा यस्ता सामग्रीहरू केही लामो समयका लागि भाडामा वा लिजमा लिनेदिने क्रियाकलापहरू पनि पर्दछन् ।

## 7721 क्रिडा वा मनोरन्जन गर्ने साधनहरू तथा खेलकुदका सामानहरूको भाडा तथा लिज वा ठेक्कासम्बन्धी क्रियाकलापहरू (Renting and leasing of recreational and sports goods)

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन् :

- निम्न मनोरन्जन गर्ने साधनहरू तथा खेलकुदका सामानहरूको भाडामा लिनेदिने क्रियाकलापहरू
  - ○ प्लीजर वोट, क्यानोज, सेलवोटहरू
  - ○ साइकल
  - ○ समुद्र वा नदी वा तलाउका किनारामा राखिएका मेच (beach chairs) तथा छाता
  - ○ अन्य खेलकुदका सामानहरू
  - ○ स्की (हिउँ खेल) का सामग्रीहरू

यो वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैनन् :

- भिडियो टेपहरू, डिस्कहरूको भाडामा दिने क्रियाकलापहरू, हेर्नुहोस् ७७२२
- अन्यत्र कतै उललेख नभएका अन्य व्यक्तिगत र घरायसी सामग्रीहरूको भाडामा दिने क्रियाकलापहरू, हेर्नुहोस् ७७२९
- क्रिडा वा मनोरञ्जन गर्ने सुविधाहरूको अभिन्न अङ्गको रूपमा फुर्सदमा चलाउने वा आनन्दका लागि प्रयोग गरिने सामानहरूको भाडामा दिने क्रियाकलापहरू, हेर्नुहोस् ९३२९

## 7722 भिडियो टेप तथा डिस्कको भाडामा दिनेसम्बन्धी क्रियाकलापहरू (Renting of video tapes and disks)

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन् :
भिडियो टेप, रेकर्डहरू, सीडीहरू, डीभीडीहरू आदि भाडामा दिने क्रियाकलापहरू

## 7729 अन्य व्यक्तिगत तथा घरायसी वस्तुको भाडा तथा ठेक्कासम्बन्धी क्रियाकलापहरू (Renting and leasing of other personal and household goods)

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश छन् :

- सबै प्रकारका व्यक्तिगत वा घरायर्सी व्यक्तिगत सामग्रीहरू, घरपरिवार वा उद्योगहरूलाई भाडामा दिने क्रियाकलापहरू जस्तै
    - लुगालत्ता, कपडा, जुत्ता फर्निचर, माटोको भाँडा, शीशाका सामानहरू, भान्साघर र भान्सा टेबलका सामग्रीहरू, पकाउने भाँडाकुडा, विद्युतीय सामग्री र अन्य घरायसी सामग्रीहरू house wares
    - गरगहना, सङ्गीत सामग्री, सजावटका तस्वीरहरू तथा कलात्मक मूर्तिहरू
    - किताब, जर्नल, म्यागाजिन पत्रपत्रिकाहरू
    - सौखिनहरूले प्रयोग गरेका वा शौखको रूपमा प्रयोग गडिङ्गदृढरएका मेसिनरी यान्त्रिक सामग्रीहरू वा उपकरणहरू जस्तैः घरमर्मतसम्भारमा प्रयोग हुने उपकरण वा ज्यावलहरू
    - सजावटका फूलहरू वा बिरुवाहरू
    - घरायसी प्रयोगका लागि इलेक्ट्रोनिक सामग्रीहरू

यो वर्गमा निम्न भाडामा दिने क्रियाकलापहरू समावेश हुँदैनन् :

- ड्राइभरबाहेकको मोटर गाडी कारहरू, ट्रक, ट्रेलर र मनोरञ्जनका लागि प्रयोग हुने सवारीसाधनहरू, हेर्नुहोस् ७७१०
- मनोरञ्जन र खेलकुदका सामग्रीहरू, हेर्नुहोस् ७७२१
- भिडियो टेपहरू र डिस्कहरू, हेर्नुहोस् ७७२२
- ड्राइभरबाहेकको मोटरसाइकलहरू तथा क्याराभानहरू, हेर्नुहोस् ७७३०
- कार्यालयमा प्रयोग हुने फर्निचरहरू, हेर्नुहोस् ७७३०
- लाउन्ड्रीज वा ड्राइ क्लिनरहरूले प्रदान गर्ने लाइनेन (linen), कार्यस्थलमा लगाइने वर्क युनिफर्म, र यस्तै सम्बन्धित आइटमहरूको व्यवस्था, हेर्नुहोस् ९६०१

## 773 अन्य मेसिन यान्त्रिक सामान तथा उपकरणहरू र स्पर्शबोध गर्न सकिने वस्तुहरू भाडामा दिनेसम्बन्धी क्रियाकलापहरू

**(Renting and leasing of other machinery, equipment and tangible goods)**

हेर्नुहोस् ७७३०

## 7730 अन्य मेसिन यान्त्रिक सामान तथा उपकरणहरू र स्पर्शबोध गर्न सकिने वस्तुहरू भाडामा दिनेसम्बन्धी क्रियाकलापहरू

**(Renting and leasing of other machinery, equipment and tangible goods)**

यस वर्गमा भाडामा दिनेसम्बन्धी निम्न क्रियाकलापहरू समावेश हुन्छन् :

- उद्योग कलकारखानाहरूले पुँजीगत सामानको रूपमा सामान्यत प्रयोग गर्ने निम्न अन्य मेसिन यान्त्रिक सामान तथा उपकरणहरूको अपरेटरबिना सञ्चालनको लागि भाडामा वा लिजमा दिने क्रियाकलापहरू जस्तै
    - इन्जिन तथा टरवाइनहरू
    - यान्त्रिक साधनहरू
    - खानीमा प्रयोग हुने तथा खनिज तेल उत्खनन् गर्ने यान्त्रिक सामग्रीहरू
    - व्यावसायिक क्षेत्रमा प्रयोग हुने रेडियो, टेलीभिजन, सञ्चारका सामग्रीहरू

- चलचित्र उत्पादनका सामग्रीहरू
- नाप जाँच गर्ने तथा नियन्त्रण गर्ने उपकरणहरू
- अन्य वैज्ञानिक, व्यापारिक र औद्योगिक मेसिनरी सामानहरू

- स्थल यातायातमा प्रयोग हुने चालकबिनाको (मोटरगाडीबाहेक) उपकरण सामग्रीहरू
  - मोटरसाइकल, काराभान र क्याम्परहरू आदि

  रेलरोड मोटरगाडीहरू (railroad vehicles)
- अपरेटरबिना जल यातायातका उपकरणहरूको भाडामा दिने वा लिजमा सञ्चालन गर्न दिने कार्य जस्तैः
  - व्यापारिक तथा व्यवसायिक डुङ्गा तथा पानीजहाजहरू
- अपरेटरबिना हवाई यातायातका उपकरणहरूको भाडामा दिने वा लिजमा सञ्चालन गर्न दिने कार्य जस्तैः
  - हवाईजहाज, हेलिकप्टर
  - हट एयर वेलुन
- अपरेटरबिना कृषि तथा वनसम्बन्धी यान्त्रिक उपकरणहरूको भाडामा दिने वा लिजमा सञ्चालन गर्न दिने कार्य जस्तैः
  - वर्ग २८२१ अनुसार उत्पादित उत्पादनहरू जस्तैः कृषि ट्र्याक्टरहरू आदि
- अपरेटरबिना निर्माण तथा सिभिल इन्जिनियरिङसम्बन्धी यान्त्रिक उपकरणहरूको भाडामा दिने वा लिजमा सञ्चालन गर्न दिने कार्य जस्तैः
  - क्रेन, लरीहरू
  - नठड्याइएको र आवरण (erection and dismantling) नभएको स्क्याफोल्ड र वर्क प्लेटफर्महरू (scaffolds and work platforms)
- अपरेटरबिनाको कार्यालयसम्बन्धी यान्त्रिक उपकरणहरूको भाडामा दिने वा लिजमा सञ्चालन गर्न दिने कार्य जस्तैः
  - कम्प्युटर र कम्प्युटरसम्बन्धी पेरिफेरल उपकरणहरू
  - फोटोकपी जस्तो डुप्लिकेटिङ यन्त्रहरू, टाइपराइटरहरू र वर्ड प्रोसेसिङ मेसिनहरू
  - एकाउन्टिङ मेसिनरी उपकरणहरू जस्तैः क्यास रजिष्टर, क्यालकुलेटरहरू आदि
- एकोमोडेशन र अफिस कन्टेनरहरूको भाडामा दिने कार्यहरू
- कन्टेनरहरू भाडामा दिने कार्यहरू
- प्यालेटहरू भाडामा दिने कार्यहरू

यो वर्गमा निम्ने कार्यहरू समावेश हुँदैनन् :

- अपरेटरसहित कृषि तथा वनसम्बन्धी यान्त्रिक उपकरणहरू भाडामा दिने कार्यहरू, हेर्नुहोस् ०१६१, ०२४०
- अपरेटरसहित निर्माण तथा सिभिल इन्जिनियरिङसम्बन्धी यान्त्रिक उपकरणहरूको भाडामा दिने कार्यहरू, हेर्नुहोस् ४३
- अपरेटरसहित जल यातायातका उपकरणहरूको भाडामा दिने कार्यहरू, हेर्नुहोस् ५०
- अपरेटरसहित हवाई यातायातका उपकरणहरूको भाडामा दिने कार्यहरू, हेर्नुहोस् ५१
- वित्तीय लिजका कार्यहरू, हेर्नुहोस् ६४९१

- ○ प्लिजर वोट भाडामा दिने कार्यहरू, हेर्नुहोस् ७७२१
- ○ साइकल भाडामा दिने कार्यहरू, हेर्नुहोस् ७७२१

### 774 कपिराइट कार्यबाहेक बौद्धिक सम्पत्ति र तत्सम्बन्धी उत्पादनको लिज वा ठेक्कासम्बन्धी क्रियाकलापहरू (Leasing of intellectual property and similar product, except copyright works)

### 7740 कपिराइट कार्यबाहेक बौद्धिक सम्पत्ति र तत्सम्बन्धी उत्पादनको लिजवा ठेक्कासम्बन्धी क्रियाकलापहरू (Leasing of intellectual property and similar product, except copyright works)

यो वर्गमा बौद्धिक सम्पत्ति उत्पादनहरू वा यस्तै प्रकारको उत्पादनहरू, यस्ता सम्पत्तिका मालिकहरूले रोयल्टी भुक्तानी लिने गरी वा प्रयोगबापत अनुमति शुल्क लिने गरी अरुलाई प्रयोग गर्न दिने क्रियाकलापहरू समावेश हुन्छन् । यस्ता उत्पादनहरूको स्वरूपहरू विभिन्न प्रकारका हुन्छन् जस्तैः पुनः उत्पादनका लागि अनुमति, use in subsequent processes or products, फ्रान्चाइस्अन्तर्गत व्यवसायको सञ्चालन आदि । यस्ता उत्पादनहरू वर्तमान उत्पादनका धनीहरूले सृजना गरेका हुन पनि सक्छ वा नगरेका पनि हुन सक्छ ।

यो वर्गमा निम्न कार्यहरू समावेश हुन्छन् :

- किताब, सफ्टवेयरजस्ता उत्पादनको कपिराइट कार्यहरूबाहेक बौद्धिक सम्पत्तिका उत्पादनका लिज वा ठेक्कामा दिने कार्यहरू
- निम्न कुराहरूको प्रयोगबापत रोयल्टी वा अनुमति शुल्क प्राप्त गर्ने
  - ○ नयाँ आविष्कारको अस्तित्व (पेटेन्ट इन्टीटी)
  - ○ ट्रेडमार्क वा सर्विस मार्क
  - ○ ब्राण्ड नामहरू
  - ○ खनिज अन्वेषण तथा मूल्याडकन
  - ○ विशेषाधिकार सम्झौता (franchise agreements)

यो वर्गमा निम्ने कार्यहरू समावेश हुँदैनन् :

- सर्वाधिकार र छपाइको प्राप्ति, हेर्नुहोस् डिभिजन ५८ र ५९
- पुस्तक, सफ्टवेयर, फिल्मका सर्वाधिकार प्राप्त कार्यहरूको उत्पादन, पुनरोत्पादन र वितरण, हेर्नुहोस् डिभिजन ५८ र ५९
- घरजग्गा कारोवार लिजमा दिने काम, हेर्नुहोस् समूह ६८१
- मूर्त उत्पादन (सम्पत्ति) लिजमा दिने काम, हेर्नुहोस् समूह ७७१, ७७२, ७७३
- भिडियो टेप र डिस्क भाडामा दिने काम, हेर्नुहोस् ७७२२
- पुस्तक भाडामा दिने काम, हेर्नुहोस् ७७२९

## 78 रोजगारसम्बन्धी क्रियाकलापहरू (Employment activities)

यो डिभिजनमा करार वा आवश्यक शुल्कका आधारमा रोजगारी दरबन्दी पदपूर्तिसम्बन्धी सूचीकरणका कार्यहरू, राजगारका लागि दरखास्तवालाहरूलाई रिफर गर्ने वा पदपूर्ति गर्ने कार्यहरू (ती निवेदक व्यक्तिहरू रोजगार संस्थाका कामदारहरू होइनन्), ग्राहक व्यवसायीहरूलाई सीमित वा निश्चित अवधिका लागि उनीहरूको कामलाई मद्दत गर्ने

परिपूरकका लागि कामदारहरू आपूर्ति गर्ने कार्यहरू र  जनशक्ति प्रदान गर्ने वा जनशक्तिको व्यवस्थापन सेवाहरू अरुलाई उपलब्ध गर्ने क्रियाकलापहरू पर्दछन् । यो डिभिजनमा नाटक वा फिल्म वा यस्तै थियटरमा प्रदर्शन गर्ने एजेन्सीहरूका लागि जनशक्ति खोजीदिने वा परिपूर्ति गर्ने कार्यहरू पनि समावेश हुन्छन् । तर यो डिभिजनमा व्यक्तिगत कलाकारहरूका लागि एजेन्टको रूपमा गरिने क्रियाकलापहरू समावेश हुँदैनन् ।

## 781 रोजगारी उपलब्ध गराउने एजेन्सीका क्रियाकलापहरू (Activities of employment placement agencies)

## 7810 रोजगारी उपलब्ध गराउने एजेन्सीका क्रियाकलापहरू (Activities of employment placement agencies)

यो वर्गमा रोजगारी दरबन्दी पदपूर्तिसम्बन्धी सूचीकरणका कार्यहरू, रोजगारका लागि दरखास्तवालाहरूलाई रिफर गर्ने वा पदपूर्ति गर्ने कार्यहरू (ती निवेदक व्यक्तिहरू राजगार संस्थाका कामदारहरू होइनन्) समावेश गरिन्छन् ।

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- कार्यकारी कर्मचारीसहित अन्य कर्मचारीको खोजी गर्ने, योग्यता जाँच गरी छनोट गर्ने र पदस्थापना गर्ने
- casting agencies and bureaus जस्तैः theatrical casting agencies को क्रियाकलापहरू गर्ने
- अनलाइन रोजगारी उपलब्ध गराउने

यो वर्गमा निम्ने कार्यहरू समावेश हुँदैनन् :

व्यक्तिगत कलाकारहरूका लागि एजेन्टको रूपमा गरिने क्रियाकलापहरू, हेर्नुहोस् ७४९०

## 782 अस्थायी रोजगारी उपलब्ध गराउने एजेन्सीका क्रियाकलापहरू (Temporary employment agencies activities)

## 7820 अस्थायी रोजगारी उपलब्ध गराउने एजेन्सीका क्रियाकलापहरू (Temporary employment agencies activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

कामदार माग गरेका उद्योग वा व्यवसायलाई सीमित वा निश्चित अवधिका लागि उनीहरूको कामलाई मद्दत गर्ने supplement का लागि वा व्यवसायको अन्य कामदार कर्मचारीको सट्टामा अस्थायी कामदारहरू आपूर्ति गर्ने कार्यहरू

## 783 अन्य जनशक्ति वा मानव स्रोतको व्यवस्था (Other human resource provision)

## 7830 अन्य जनशक्ति मानव स्रोतको व्यवस्था (Other human resource provision)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- कामदार माग गरेका उद्योग वा व्यवसायलाई जनशक्ति वा मानव स्रोतको व्यवस्था गरिदिने कार्यहरू यस प्रकारको जनशीक्तको व्यवस्था खासगरी दीर्घकालीन वा स्थायी रूपमा पदपूर्ति गर्ने आधारमा

क्रियाकलापहरू सञ्चालन गरिन्छन् । यो व्यवस्थाअन्तर्गत उद्योग व्यवसायलाई आवश्यक पर्ने विभिन्न प्रकारका वा विभिन्न क्षमताका जनशक्तिहरूको व्यवस्थागर्ने क्रियाकलापहरू सञ्चालन गरिन्छन् ।

## 79 ट्राभल एजेन्सी, टुर अपरेटर, रिजर्भेसन सेवा, र तत्सम्बन्धी क्रियाकलापहरू (Travel agency, tour operator, reservation service and related activities)

यो डिभिजनअन्तर्गत सामान्य नागरिकहरू तथा व्यापारिक ग्राहकहरूका लागि ट्राभल, टुर, ट्रान्सपोर्टेशन र एकोमोडेशन (बस्ने खानेको व्यवस्था) को सेवाहरू बिक्री गर्ने क्रियाकलापहरू, ट्राभेल एजेन्सीहरूद्वारा वा टुर अपरेटरहरू जस्ता एजेन्टहरू वा अन्य ट्राभेलसम्बन्धी सेवाहरू जस्तैः रिजर्भेशन सेवा प्रदान गर्ने एजेन्टहरूद्वारा बिक्री गरिएका टुर वा यात्राहरूको व्यवस्थापन गर्ने वा संयोजन गर्ने कार्यहरू समावेश हुन्छन् । पर्यटन गाइड र पर्यटन प्रवर्द्धन गर्ने क्रियाकलापहरू पनि यस डिभिजनमा समावेश हुन्छन् ।

## 791 ट्राभल एजेन्सी र टुर अपरेटर क्रियाकलापहरू (Travel agency and tour operator activities)

यो समूहअन्तर्गत सामान्य नागरिकहरू तथा व्यापारिक ग्राहकहरूका लागि ट्राभल, टुर, ट्रान्सपोर्टेशन र एकोमोडेशन (बस्ने खानेको व्यवस्था) को सेवाहरू प्राथमिक रूपमा बिक्री गर्ने क्रियाकलापहरू र ट्राभेल एजेन्सीहरूद्वारा वा टुर अपरेटरहरू जस्ता एजेन्टहरूद्वारा प्रत्येक्ष बिक्री गरिएका टुर वा यात्राहरूको व्यवस्थापन गर्ने वा संयोजन गर्ने कार्यहरू समावेश हुन्छन् ।

### 7911 ट्राभल एजेन्सीका क्रियाकलापहरू (Travel agency activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

सामान्य नागरिकहरू तथा व्यापारिक ग्राहकहरूका लागि ट्राभल, टुर, ट्रान्सपोर्टेशन र एकोमोडेशन (बस्ने खानेको व्यवस्था) को सेवाहरू प्राथमिक रूपमा बिक्री गर्ने क्रियाकलापहरू (पदयात्रा, घुमघाम, पदयात्रा तथा घुमघाममा प्रयोग गरिने यातायात र सुविधाका सेवाहरू उपलब्ध गराउने क्रियाकलापहरू), यातायातका साधनहरूको टिकट विक्रिगर्ने क्रियाकलापहरु

### 7912 टुर अपरेटरसम्बन्धी क्रियाकलापहरू (Tour operator activities)

यस वर्गमा निम्न टुर अपरेटरका क्रियाकलापहरू पर्दछन् ।

- ट्राभेल एजेन्सीहरूद्वारा वा टुर अपरेटरहरू जस्ता एजेन्टहरूद्वारा प्रत्येक्ष बिक्री गरिएका टुर वा यात्राहरूको व्यवस्थापन गर्ने वा संयोजन गर्ने क्रियाकलापहरू
- यस्ता टुरहरू वा पदयात्रा तथा घुमघामकाअन्तर्गत निम्न कुनै वा सबै क्रियाकलापहरू पर्दछन् :
    - यातायात
    - होटल वुकिड सुविधा/बस्ने खाने (बास) व्यवस्था
    - खाना
    - संग्रहलाय, सांस्कृतिक तथा ऐतिहासिक स्टलमा भ्रमण
    - नाटकमंच, सङ्गीत, खेलकुद आदि क्रियाकलापहरूमा भ्रमण

## 799 अन्य रिजरभेसन सेवा, र तत्सम्बन्धी क्रियाकलापहरू (Other reservation service and related activities)

### 7990 रिजरभेसन सेवा, र तत्सम्बन्धी क्रियाकलापहरू (Other reservation service and related activities)

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश हुन्छन् ।

- अन्य ट्राभल अर्थात् यात्रासम्बन्धी रिजर्भेशन सेवाहरूको व्यवस्था जस्तै
    - यातायात, होटल, रेष्टुरेन्ट, मोटर, कार भाडा, मनोरञ्जन, खेलकुद आदिजस्ता कार्यक्रमको रिजर्भेसन क्रियाकलापहरू
- समय व्यतित गर्ने (time-share exchange) सेवाहरूको व्यवस्था जस्तै
    - थियटर, मनोरञ्जन, खेलकुद, नाटक, संगित आदिजस्ता मनोरञ्जन कार्यक्रमको टिकट रिजर्भेसन क्रियाकलापहरू
- यात्री वा पर्यटकहरूका लागि सहायता गर्ने सेवा क्रियाकलापहरू
    - यात्रा वा ट्राभलसम्बन्धी सूचना सेवा
    - टुरिष्ट गाइडसम्बन्धी क्रियाकलापहरू
- पर्यटन प्रवर्द्धन (tourism promotion) सम्बन्धी क्रियाकलापहरू

# 80 सुरक्षा एवं छानबिन अनुसन्धानका क्रियाकलापहरू (Security and Investigation activities)

यो डिभिजनअन्तर्गत सुरक्षासँग सम्बन्धित सेवाहरू जस्तैः अनुसन्धान तथा गुप्तचर सेवाहरू, गार्ड र प्याट्रोल सेवाहरू, ट्रान्जिटमा रहँदा व्यक्तिसँग रहेका रुपियाँ पैसाहरू, भुक्तानीहरू, वा अन्य मूल्यवान् वस्तुहरू र यस्ता धन सम्पत्तिहरू सुरक्षा गर्ने उपकरणहरूको उठाउने र डेलिभरी प्रदान गर्ने सेवाका क्रियाकलापहरू, इलेक्ट्रोनिक सेक्युरिटी अलार्म प्रणाली जस्तैः burglar and fire alarms को सञ्चालन गर्ने क्रियाकलापहरू ( जहाँ रिमोट अनुगमन प्रणाली छ यस्ता क्रियाकलापहरूमा प्रणालीको बिक्री, इन्स्टालेसन, मर्मत पनि पर्दछन्) समावेश हुन्छन् । यदि पछिल्ला कम्पोनेन्टहरू छुट्टै उपलब्ध गराइएको छ भने ति क्रियाकलापहरू यस डिभिजनमा समावेश गरिँदैन र तिनीहरूलाई खुद्रा बिक्री, निर्माण आदिमा वर्गीकरण गरिन्छ ।

## 801 निजी सुरक्षाका क्रियाकलापहरू (Private security activities)

### 8010 निजी सुरक्षाका क्रियाकलापहरू (Private security activities)

यस वर्गमा एक वा एकभन्दा बढी सेवाहरू जस्तैः गार्ड र पेट्रोल सेवाहरू, ट्रान्जिटमा रहँदा व्यक्तिसँग रहेका रुपियाँ पैसाहरू, भुक्तानीहरू, वा अन्य मूल्यवान् वस्तुहरू र यस्ता धन सम्पत्तिहरू सुरक्षा गर्ने उपकरणहरूको उठाउने र डेलिभरी प्रदान गर्ने सेवाका क्रियाकलापहरू समावेश हुन्छन् ।

यस वर्गमा निजी सुरक्षाका निम्न क्रियाकलापहरू पर्दछन् ।

- आर्मोड कार सेवा (armored car services)
- अङ्गरक्षक सेवा (bodyguard services)

- पोलिग्राफ सेवा (polygraph services)
- औंठाछाप सेवा (fingerprinting services)
- सुरक्षा गार्ड सेवा (security guard services)

### 802 सुरक्षा प्रणाली सेवाका क्रियाकलापहरू (Security system security activities)

### 8020 सुरक्षा प्रणाली सेवाका क्रियाकलापहरू (Security system security activities)

यो वर्गमा सुरक्षा प्रणाली सेवाका निम्न क्रियाकलापहरू पर्दछन् ।

- वर्गलर, अग्नि अलार्म जस्ता इलेक्ट्रोनिक सेक्युरिटी अलार्म प्रणालीको अनुगमन तथा दूर अनुगमन, ती प्रणालीको स्थापना (installation), मर्मतसम्भार, पुनःनिर्माण, यान्त्रिक वा इलेक्ट्रोनिक लकिङ उपकरणहरू, सेफहरू र सुरक्षा भल्टहरूको जडान वा एड्जस्टमेन्ट गर्ने क्रियाकलापहरू,

यस प्रकारको सुरक्षा प्रणाली सेवाका क्रियाकलापहरू सञ्चालन गर्ने एकाइ वा निकायहरूले यस्ता सुरक्षा प्रणाली जस्तैः इलेक्ट्रोनिक लकिङ उपकरणहरू, सेफहरू र सुरक्षा भल्टहरूको बिक्री गर्ने क्रियाकलापहरूमा संलग्न भएका हुनपनि सक्छन् ।

### 803 छानबिन वा अनुसन्धानका क्रियाकलापहरू (Investigation activities)

### 8030 छानबिन वा अनुसन्धानका क्रियाकलापहरू (Investigation activities)

यस वर्गमा छानबिनका निम्न क्रियाकलापहरू पर्दछन् ।

- छानबिन तथा गोप्य जासुसी (detective) सेवाको क्रियाकलापहरू

सबै प्रकारका प्राइभेट वा निजी क्षेत्रका छानबिनकर्ताहरूका छानबिनसम्बन्धी क्रियाकलापहरू (यस्ता क्रियाकलापहरू, छानबिनको उद्देश्य वा सेवाग्राही वा पीडकको प्रकारअनुसार स्वतन्त्र हुन्छन्)

## 81 भवन तथा ल्याण्डस्केप वा भूदृष्य (जग्गा जमीन बगैंचा आदि) क्रियकलापका लागि सेवासम्बन्धी क्रियाकलापहरू (Service to building and landscape activity)

यो डिभिजनअन्तर्गत धैरैजसो सामान्य सहयोगी सेवाहरूको व्यवस्था जस्तैः सेवाग्राहीहरूको सुविधाहरूभित्र सहयोगी सेवाहरूको संयुक्त व्यवस्था, सबै प्रकारका भवनहरूमा आन्तरिक वा बाह्य सरसफाइको कार्य, औद्योगिक मेसिनरीहरूको सरसफाइ, ट्रेन, वस, हवाईजहाजहरू आदिको सरसफाइ, सडकको भित्री भागमा सरसफाइ, समुद्री ट्याङ्करभित्रको सरसफाइ, भवनहरू, पानीजहाजहरू, ट्रेनहरू आदिका लागि रोगको सङ्क्रमण रोक्ने र उन्मूलन गर्ने क्रियाकलापहरू, बोटल सफा गर्ने क्रियाकलापहरू, सडक बाटो सफा गर्ने कियाकलापहरू, हिउँ र बरफ हटाउने कार्यहरू, जग्गाजमीन, प्राकृतिक वा कृत्रिम भू वनोटहरूको हेरविचार तथा सम्भार सेवाको व्यवस्था, ल्याण्डस्केप योजनाहरूको डिजाइन गर्ने, हिँड्ने बाटोको निर्माण गर्ने, रिटेनिङ पर्खाल, जहाजको डेक वा तलाहरू, तारवारहरू, पोखरीहरू र यस्तै प्रकारका संरचनाहरूको निर्माण गर्ने जस्ता सेवा कार्यहरूको व्यवस्था भएका क्रियाकलापहरू समावेश हुन्छन् ।

भूदृश्य चित्रण भन्नाले जमिनको कुनै क्षेत्रफलको दृश्य अवस्थाको परिवर्तन कुनै क्रियाकलाप बुझिन्छ ।

१. वनस्पति वा प्राणीजस्ता जीवित तत्वहरू, भूदृश्यमा सुन्दर वातावरणको निर्माणको लागि वनस्पति हुर्काउने कला वा सीप लगाई गरिने बगैँचा संरक्षण

२. भूस्वरूप, भूधरातल, भूउन्नति वा जलक्षेत्रजस्ता प्राकृतिक तत्वहरू

३. भौतिक संरचना, भवन, तारबार वा अन्य मानवनिर्मित वस्तुहरूजस्ता मानवीय तत्वहरू

४. मौसम र चट्याङको स्थितिजस्ता अमूर्त तत्वहरू

## 811 संयुक्त सुविधाका सहयोगी क्रियाकलापहरू (Combined facilities support activity)

## 8110 संयुक्त सुविधाका सहयोगी क्रियाकलापहरू (Combined facilities support activity)

यस वर्गमा संयुक्त सुविधाका सहयोगी निम्न क्रियाकलापहरू पर्दछन् ।

- ग्राहक (क्लायन्ट) हरूको सुविधाभित्र रहेका सहयोगी सेवाहरूको संयुक्त व्यवस्था जस्तैः सामान्य आन्तरिक सरसफाइ, सम्भार सञ्चालन, कसिंगर तथा वेकारका वस्तुहरूको विसर्जन, गार्डसहितको सुरक्षा व्यवस्था, पत्राचारको व्यवस्था, प्रवेशद्वारमा स्वागत सत्कारको क्रियाकलापहरू (reception), कपडा धुने तथा इस्त्री लगाउने र सम्बन्धित अन्य लाउण्ड्री सेवाको व्यवस्था जस्ता सहयोगी सुविधा प्रदान गर्ने क्रियाकलापहरू

यस प्रकारको कार्य गर्ने एकाइ वा निकायहरूले यस्ता सपोर्ट क्रियाकलापहरू गर्नका लागि सम्बन्धित कर्मचारी वा कामदारहरू उपलब्ध गराउने गर्दछ । तर क्लियन्ट वा ग्राहकको सम्पूर्ण व्यवसाय वा क्रियाकलापहरूका लागि जिम्मेवार वा संलग्न हुँदैनन् ।

यो वर्गमा निम्न कार्यहरू समावेश हुँदैनन्

- सहयोग सेवाहरूमध्ये एक मात्र व्यवस्था (जस्तैः सामान्य भित्री सफाइ सेवाहरू) वा एकल क्रियालाई सम्बोधन गर्ने (जस्तैः तताउने), हेर्नुहोस् सेवा प्रदान गरिएअनुसारको उपयुक्त वर्ग
- होटल, रेष्टुराँ, खानी वा अस्पतालजस्ता ग्राहकको उद्योग प्रतिष्ठानको सम्पूर्ण सञ्चालनको व्यवस्थापनको थिति र कामदारको सञ्चालन, हेर्नुहोस् सञ्चालन गरिएको एकाइको वर्ग
- ग्राहकहरूको कम्प्युटर प्रणालीहरू र/वा आँकडा प्रशोधन सुविधाहरूको स्थलगत व्यवस्थापन र सञ्चालनको व्यवस्था, हेर्नुहोस् ६२०२
- ठेक्का वा शुल्कका आधारमा सच्याउने सुविधाहरूको सञ्चालन, हेर्नुहोस् ८४२३

## 812 सरसफाइसम्बन्धी क्रियाकलापहरू (Cleaning activities)

यो समूहअन्तर्गत सबै प्रकारका भवनहरूको सामान्य आन्तरिक सरसफाइको क्रियाकलापहरू, भवनहरूको बाह्य सरसफाइ, भवनहरूको विशेष सरसफाइका क्रियाकलापहरू वा अन्य विशिष्टीकृत क्रियाकलापहरू, औद्योगिक मेसिनरीहरूको सरसफाइ, सडकको भित्री भागमा सरसफाइ, समुद्री ट्याङ्करभित्रको सरसफाइ, भवनहरू र औद्योगिक मेसीनरीहरूको disinfecting and exterminating गर्ने क्रियाकलापहरू, बोटल सफा गर्ने क्रियाकलापहरू, सडक बाटो सफा गर्ने क्रियाकलापहरू, हिउँ र वरफ हटाउने कार्यहरू समावेश गरिन्छन् ।

## 8121 भवनको सफाइसम्बन्धी क्रियाकलापहरू (General cleaning of buildings)

यो वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- सबै प्रकारका भवनहरूको सामान्य सरसफाइहरू जस्तैः
    - कार्यालय भवनको सरसफाइ
    - घर तथा अपार्टमेण्टको सरसफाइ
    - फ्याक्ट्रीको सरसफाइ
    - पसल तथा
    - प्रतिष्ठान, संघ, संस्था आदिको सरसफाइ
- अन्य व्यावसायिक वा व्यापारिक भवनको प्रांगणहरू र बहुएकाइ आवासीय भवनहरूको सामान्य (non-specialized) सरसफाइ

  ती क्रियाकलापहरूले सम्बन्धित बाह्य क्षेत्रहरू जस्तैः झ्याल वा प्यासेजबाटोहरूको सरसफाइसमेत समावेश गर्ने भए पनि यस्ता क्रियाकलापहरूले धेरैजसो आन्तरिक सरसफाइलाई समेट्दछ ।

### 8129 अन्य भवन तथा औद्योगिक कार्यको सरसफाइसम्बन्धी क्रियाकलापहरू (Other building and industrial cleaning activities)

यस वर्गमा अन्य भवन तथा औद्योगिक कार्यको सरसफाइसम्बन्धी निम्न क्रियाकलापहरू पर्दछन् ।

- कार्यालय भवन, घर तथा अपार्टमेण्ट, पसल, व्यावसायिक एवं व्यापारिक प्रतिष्ठान, संघ, संस्था आदिको बाहिरी भागको सरसफाइ
- भवनको झ्याल ढोका, चिम्नी, भान्छा, स्टोभ, इन्सीनेटर, व्वाइलर, भ्याण्टिलेशन आदिको सरसफाइ
- पौडीपोखरीको सरसफाइ तथा सञ्चालन सेवाहरू
- औद्योगिक मेसिनहरूको सरसफाइ
- शिशि तथा बोतलहरूको सरसफाइ
- रेल, बस, गाडी आदिको सरसफाइ
- सरसफाइका साथै किटाणुनाशक औषधी छर्कने क्रियाकलापहरू
- सडक सफाइ
- सडक बढार्ने र हिउँ पन्छाउने तथा बरफ हटाउने कार्यहरू
- अन्य भवन तथा औद्योगिक कार्यको सफाइसम्बन्धी अन्यत्र उल्लेख नगरिएका कार्यहरू

## 813 ल्याण्डस्केप वा भूदृष्य (जग्गा जमीन बगैंचा आदि) को हेरचाह तथा सम्भार, सञ्चालनसम्बन्धी क्रियाकलापहरू (Landscape care and maintenance service activities)

### 8130 भूदृष्य (बगैंचा आदि) को हेरचाह तथा सम्भार, सञ्चालनसम्बन्धी क्रियाकलापहरू (Landscape care and maintenance service activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- निम्न स्थानहरू वा संरचनाहरूको पार्क वा फूलवारीमा बोट बिरुवा रोप्ने, हेरचाह गर्ने र सम्भार गर्ने
    - निजी तथा सार्वजनिक भवन

- ○ सार्वजनिक वा अर्धसार्वजनिक भवनहरू (विद्यालयहरू, अस्पतालहरू, प्रशासनिक भवनहरू, धार्मिक भवनहरू जस्तै: मन्दिर, चर्च आदि,)
- ○ नगरपालिकाका खुल्ला मैदानहरू (पार्क, हरियाली क्षेत्र, चिहान आदि)
- ○ राजमार्ग सडकको हरियाली भूभागहरू (सडक, सामुद्रिक किनार, वन्दरगाह, रेलको लाइन, जलमार्ग आदि)
- ○ औद्योगिक तथा व्यापारिक भवनहरू

- निम्न स्थानहरू वा संरचनाहरूमा हरियाली कायम गर्ने वा बनाउने कार्यहरू
  - ○ भवनहरू (भवनको छानामा फूलवारीहरू, façade greenery, आन्तरिक फूलवारीहरू)
  - ○ खेलकुद मैदानहरू (फुठबल मैदानहरू, गल्फ मैदानहरू आदि), खेल्ने मैदानहरू, सनवाथ गर्ने चउरहरू र अन्य मनोरञ्जन क्रिडाहरू गर्ने पार्कहरू
  - ○ स्थिर वा चलायमान वगीरहने पानी (वेसीनहरू, alternating wet areas, पोखरीहरू, पौडीपोखरीहरू, ditches, watercourses, ढल प्रशोधन प्लान्ट (plant sewage systems)
- ध्वनि आवाजको नियन्त्रण, हावाको उचित व्यवस्था, जमीन क्षयीकरणबाट बचाउन, आवश्यक देख्न सकिने स्थिति र उचित उज्यालो बनाउने जस्ता संरक्षणका लागि वोटबिरुवा लगाउने कार्यहरू
- वगैंचा तथा हरियाली क्षेत्रको उचित वातावरणीय अवस्था कायम गर्न उक्त क्षेत्रको सम्भार, संरक्षणका कार्यहरू

यो वर्गमा निम्न कार्यहरू समावेश हुँदैनन्

- बिरुवा, रुखहरूको व्यापारिक उत्पादनको लागि व्यापारिक उत्पादन र रोपण, हेर्नुहोस् डिभिजन ०१ र ०२
- रुखहरूको नर्सरी (जङ्गली रुखका नर्सरीबाहेक), हेर्नुहोस् ०१३०
- कृषि प्रयोजनको लागि राम्रो अवस्थामा राख्न जमिनको सम्भार, हेर्नुहोस् ०१६१
- भूदृश्य चित्रको प्रयोजनको लागि गरिने निर्माणका क्रियाकलापहरू, हेर्नुहोस् खण्ड F
- भूदृश्य चित्रको डिजाइन र आर्किटेक्चरका क्रियाकलापहरू, हेर्नुहोस् ७११०
- बोटनिकल गार्डेनको सञ्चालन, हेर्नुहोस् ९१०३

## 82 कार्यालयको प्रशासनिक, कार्यालयका लागि सहयोगी तथा व्यवसायिक कार्यका लागि सहयोगी क्रियाकलापहरू (Office administrative, office support and other business support activities)

यस डिभिजनमा दैनिक सञ्चालन हुने प्रशासनिक कार्यहरूक साथै करारमा वा आवश्यक शुल्क लिई चलिरहेको नियमित व्यावसायिक सहायता गर्ने व्यवस्था भएको क्रियाकलापहरू समावेश गरिन्छ । यो डिभिजनमा कहिँ पनि उल्लेख नगरिएका व्यवसायहरूका लागि मात्र प्रदान गरिने सबै प्रकारका सहायता सेवा क्रियाकलापहरू पनि समावेश गरिन्छ । यो डिभिजनमा वर्गीकृत भएका एकाइहरू वा निकायहरूले एउटा व्यवसाय पुर्णरूपमा सञ्चालन गर्नका लागि सञ्चालन कर्मचारीहरू उपलब्ध गराउँदैन ।

## 821 कार्यालयको प्रशासनिक तथा सहयोगी क्रियाकलापहरू (Office administrative and support activities)

यस समूहमा करारमा वा आवश्यक शुल्क लिई अरु निकायहरूका लागि दैनिक सञ्चालन हुने प्रशासनिक सेवाका कार्यहरू जस्तैः वित्तीय योजना, विलिङ, रेकर्ड वा अभिलेख राख्ने कार्यको व्यवस्था गरिदिने क्रियाकलापहरू समावेश हुन्छन् ।

यस समूहमा करारमा वा आवश्यक शुल्क लिई अरुहरूका लागि सहायता गर्ने क्रियाकलापहरू समावेश गरिन्छ । ती क्रियाकलापहरू चलिरहेको नियमित व्यावसायिक सहायता गर्ने व्यवस्था भएको हुन्छ । यो डिभिजनमा वर्गीकृत भएका एकाइहरू वा निकायहरूले एउटा व्यवसाय पुर्णरूपमा सञ्चालन गर्नका लागि सञ्चालन कर्मचारीहरू उपलब्ध गराउँदैन । यी क्रियाकलापहरूको कुनै एक निश्चित पक्षमा संलग्न भएका एकाइहरू व निकायहरूलाई निश्चित क्रियाकलापअनुसार नै वर्गीकरण गरिन्छ ।

## 8211 कार्यालयको प्रशासनिक तथा सहयोगी संयुक्त क्रियाकलापहरू (Combined office administrative service activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- शुल्क वा करारका आधारमा सञ्चालन गरिने दैनिक प्रशासनिक सेवाहरूको संयुक्त व्यवस्था जस्तैः सत्कारसम्बन्धी कार्य, वित्तीय योजना, वील बनाउने तथा अभिलेख वा रेकर्ड राख्ने कार्यहरू, कर्मचारी तथा भौतिक सामानको वितरण (चिठ्ठीपत्र पुऱ्याउने) र अन्य लजिष्टिक सेवाहरू उपलब्ध गराउने कार्यहरू

## 8219 फोटोकपी गर्ने, आवश्यक कागजपत्रहरू तयार गर्ने र अन्य विशेष कार्यालयसम्बन्धी सहयोगी क्रियाकलापहरू (Photocopying, document preparation and other specialized office support activities)

यो वर्गमा विविध प्रकारका प्रतिलिपि बनाउने वा फोटोकपी गर्ने, कागजपत्र तयारी गर्ने र अन्य विशेष कार्यालयसम्बन्धी सहयोगी क्रियाकलापहरू समावेश गरिन्छ । यहाँ समावेश गरिएको डकुमेन्ट कपी गर्ने वा प्रिन्ट गर्ने क्रियाकलापहरू छोटोसमयका लागि प्रिन्टिङ गरिने कार्यहरू हुन् ।

यो वर्गमा निम्न कार्यहरू समावेश हुन्छन् :

- कागजपत्र, डकुमेन्ट तयारी
- कागजातको सम्पादन तथा प्रूफरिडिङ
- टाइपिङ तथा डेस्कटप प्रकाशन कार्य गर्ने
- सचिवालय सहायता सेवाहरू
- डकुमेन्टका प्रतिलिपिहरू उतार्ने तथा अन्य सचिवालयसम्बन्धी कार्यहरू
- चिठ्ठीपत्र लेख्ने, वायोडाटा तयार गर्ने कार्यहरू
- भाडामा मेलबक्स, पोष्टबक्स उपलब्ध गराउने कार्यहरू वा अन्य चिठ्ठीपत्र पठाउने कार्यहरू (except direct mail advertising)
- फोटोकपी गर्ने
- डुप्लीकेटिङ गर्ने
- व्लु प्रिनटिङ गर्ने

छपाइ सेवाहरू जस्तैः अफसेट प्रीण्टिङ, डिजिटल प्रीन्टिङ, प्रीप्रेश सेवाहरू आदिजस्ता सेवाहरूबाहेक अन्य डकुमेन्ट कपी गर्ने सेवाहरू

यो वर्गमा निम्न कार्यहरू समावेश हुँदैनन्

- कागजातहरूको छपाइ (अफसेट छपाइ, द्रुत छपाइ आदि), हेर्नुहोस् १८११
- प्रत्यक्ष हुलाकी विज्ञापन, हेर्नुहोस् ७३१०
- विशिष्टकृत शीघ्रलेखन सेवा जस्तैः कोर्ट प्रतिवेदन, हेर्नुहोस् ८२९९
- सार्वजनिक शीघ्रलेखन सेवा, हेर्नुहोस् ८२९९

## 822 कल सेन्टरका क्रियाकलापहरू (Activities of call centers)

## 8220 कल सेन्टरहरूका क्रियाकलापहरू (Activities of call centers)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- कुनै निश्चित स्थानमा राखिएको आन्तरिक कल सेन्टरहरू, अपरेटरहरूको सहयोगद्वारा सञ्चालन गरिने ग्राहकहरूबाट गरिने जबाफी कलहरू, स्वचालित कल वितरण, कम्प्युटर टेलिफोनको एकीकरण, अन्तरक्रिया गर्न मिल्ने भोइस रेन्स्पोन्स गर्ने प्रणालीहरू व यस्तै प्रकारको विधिहरूबाट आदेशहरू ग्रहण गर्ने, कुनै वस्तुहरूको बारेमा जानकारी प्रदान गर्ने, सहयोगका लागि ग्राहकहरूका अनुरोधहरूलाई साथ दिने कार्य, वा ग्राहकहरूको गुनासोहरूलाई सम्बोधन गर्ने कार्यहरू
- उस्तै उस्तै विधीहरू प्रयोग गरी बाह्य कल सेन्टरहरूबाट सम्भावित ग्राहकहरूलाई वस्तु वा सेवाहरू बिक्री गर्न वा बजारमा पुऱ्याउन, बजार अनुसन्धानका कार्यहरू गर्न, वा ग्राहकहरूको रुचि सङ्कलन गर्ने र ग्राहकहरूका लागि यस्तै प्रकारका कार्यहरू गर्ने ।

## 823 सभा वा सम्मेलन र व्यापारिक प्रदर्शनीहरूको आयोजना (Organization of convention and trade shows)

## 8230 सभा वा सम्मेलन र व्यापारिक प्रदर्शनीहरूको आयोजना (Organization of convention and trade shows)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- व्यापार तथा व्यापार प्रदर्शनीहरू, सभा सम्मेलनहरू, बैठकहरू जस्ता कार्यक्रमहरूको आयोजना, सङ्गठन गर्ने, प्रवर्द्धन गर्ने र/वा व्यवस्थापन गर्ने कार्यहरू
- जहाँ यी कार्यक्रमहरू सञ्चालन गरिन्छ त्यहाँ कर्मचारीको प्रावधान र व्यवस्थापनसहित वा यी सुविधाहरू बाहेक ती आयोजनाहरू सञ्चालन गर्ने गरिन्छ ।

## 829 अन्यत्र उल्लेख नगरिएका व्यवसायिक सेवाका सहयोगी क्रियाकलापहरू (Business support service activities n.e.c.)

यो समूहले सङ्कलन गर्ने एजेन्सीहरू, क्रेडिट व्युरोहरूका क्रियाकलापहरू र सबै प्रकारका सहयोगी क्रियाकलापहरू समेट्दछ जुन कहीँ पनि वर्गीकरणमा नपरेका व्यवसायहरूलाई प्रदान गरिन्छ ।

## 8291 सङ्कलन एजेन्सी तथा क्रेडिट व्यूरोहरूका क्रियाकलापहरू (Activities of collection agencies and credit bureaus)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- भुक्तानी गर्नु पर्ने ग्राहकहरूले दावि गरेका रकमहरू तथा विप्रेशणका रकमहरूको सङ्कलन गर्ने जस्तैः रसिद वा कर्जा सङ्कलन सेवाहरू
- व्यक्तिगत ऋण तथा रोजगारीका विगतका विवरणहरू र व्यवसायहरूका विगतको ऋणका विवरणहरू जस्ता सूचनाहरू संग्रह गर्ने, ती सूचनाहरू वित्तीय संस्थाहरू, खुद्रा व्यवसायीहरू र अन्य संस्थाहरू प्रदान गर्ने कार्यहरू
- आर्थिक कारोवार गर्ने संस्थाहरूलाई ती व्यक्तिहरू वा व्यवसायहरूलाई ऋण उपलब्ध गर्न उचित छ वा छैन भनि पहिचान गर्न यी विवरणहरू आवश्यक पर्दछ ।

## 8292 वस्तुहरू पोका पार्ने क्रियाकलापहरू (Packaging activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- शुल्क लिएर वा करारका आधारमा स्वचालित प्रक्रियाबाट वा योबिना नै वस्तुहरू पोका पार्ने वा प्याक गर्ने निम्न क्रियाकलापहरूः
  - तरल रूपका खाद्य तथा पेयपदार्थहरूलाई बोतलमा भर्ने कार्यहरू
  - ठोस वस्तुहरूलाई प्याक गर्ने जस्तैः व्लिष्टर प्याक गर्ने, फोइलले कभर गर्ने आदि)
  - औषधीजन्य वस्तुहरूको सुरक्षित प्याकिङ गर्ने कार्यहरू
  - नाम टाँस गर्ने (लेबल लगाउने), छाप लगाउने कार्यहरू
  - हुलाक तथा कुरियरहरूबाट पठाइने सामानहरू (पार्सल) प्याक गर्ने, उपहारहरू कागजले वेर्ने कार्यहरू

नोटः यो वर्गले निम्न क्रियाकलापहरू समेट्दैन् ।

- हल्का पेय पदार्थहरू तथा मिनरल वाटर/शुद्ध प्रशोधित पानीको उत्पादन, हेर्नुहोस् ११०४
- आकस्मिक रूपमा पठाइने यातायातका साधनहरूबाट पठाइने सामानहरू पोका पार्ने/ प्याक गर्ने कार्य हेर्नुहोस् ५२२९

## 8299 अन्यत्र कहीँ उल्लेख नगरिएका अन्य व्यवसायिक सहयोगी सेवाका क्रियाकलापहरू (Other business support service activities n.e.c.)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- प्रत्यक्ष कानूनी कारवाहीहरूको जस्ताको तस्तै उतार गर्ने वा (भर्वाटिम) रिपोर्ट तयार गर्ने र स्टेनोटाइप रेकर्ड गर्ने, र यस पछि रेकर्ड गरिएका चिजहरूको उतार गर्ने जस्तैः
  - अदालती विवरणहरूको प्रतिवेदन तयारी तथा स्टेनोटाइप रेकर्ड गर्ने सेवाहरू
  - सार्वजनिक स्टेनोग्राफी सेवाहरू

- सभा, सम्मेलन, बैठकहरूको प्रत्यक्ष टेलिभिजन प्रसारण कार्यक्रमहरूको वास्तविक समयको वन्द क्याप्सनिङ कार्य
- एड्रेसबार कोडिङ सेवाहरू
- पुन अधिकार प्राप्त गर्ने सेवाहरू
- पार्किङ मिटर सिक्का सङ्कलन सेवाहरू
- स्वतन्त्र रूपमा लिलाम गर्ने क्रियाकलापहरू
- भक्ति कार्यक्रमको प्रशासन सञ्चालन गर्ने कार्यहरू
- व्यवसायलाई सहयोग गर्ने अन्यत्र कहीँ वर्गीकरण नगरिएको खास खास किसिमका अन्य सहयोगी क्रियाकलापहरू

नोटः यो वर्गले निम्न क्रियाकलापहरू समेट्दैन्

- ○ लिखतहरू उतारगर्ने सेवाहरूको प्रावधान भएको, हेर्नुहोस् ८२१९
- ○ फिल्म वा टेपमा क्याप्सनिङ गर्ने वा सवटाइटल लेख्ने सेवाहरू उपलब्ध गराउने, हेर्नुहोस् ५९१२

# खण्ड ओ : सार्वजनिक प्रशासन तथा सुरक्षा; अनिवार्य सामाजिक सुरक्षासम्बन्धी क्रियाकलापहरू (Public administration and defense; compulsory social security)

यो खण्डमा सामान्यतः सार्वजनिक प्रशासनिक निकायद्वारा सञ्चालन गरिने सरकारी प्रकृतिका क्रियाकलापहरू समावेश छन् । यस्ता कार्यहरूअन्तर्गत ऐन कानूनहरू र सम्बन्धित नियमावलीहरूको कानूनी व्याख्या, यसलाई क्रियाशील गर्ने कार्यहरू, साथै यस्ता ऐन, कानून, नियमावलीहरूमा आधारित कार्यक्रमहरूको प्रशासनिक कार्यहरू, व्यवस्थापिकाका क्रियाकलापहरू (legislative activities), करसम्बन्धी कार्यहरू, राष्ट्रिय सुरक्षाका कार्यहरू, सार्वजनिक आदेश तथा सुरक्षाका कार्यहरू, अध्यागमन सेवाहरू, वैदेशिक मामिलाका कार्यहरू र सरकारी कार्यक्रमहरूका प्रशासनिक कार्यहरू पर्दछन् । यो खण्डमा अनिवार्य सामाजिक सुरक्षाका क्रियाकलापहरू पनि समावेश गरिन्छ ।

अघिल्लो अनुच्छेदमा उल्लिखित प्रकृतिका कार्यहरूभन्दाबाहेक कुनै क्रियाकलापहरू यो खण्डमा पर्दछन् वा पर्दैनन् भन्ने कुरा कानूनी वा संस्थागत स्थिति आफैमा निर्धारण तत्व होइनन् । यसको अर्थ औद्योगिक वर्गीकरणमा कतै वर्गीकृत भएका क्रियाकलापहरू सार्वजनिक निकायहरूले सञ्चालन गर्ने भए तापनि यो खण्डमा पर्दैनन् । उदाहरणका लागि विद्यालय प्रणालीको प्रशासनिक कार्यहरू (निमावलीहरू तर्जुमा, नियन्त्रण, पाठ्यक्रम विकास) यस खण्डमा पर्दछ भने शिक्षण कार्य आफै यस खण्डमा पर्दैन बरु खण्ड P मा पर्दछ र वन्दी वा सैनिक अस्पताललाई स्वास्थ्य क्षेत्र (खण्ड Q) मा वर्गीकृत गरिएको छ । यस्तै यो खण्डमा वर्णन गरिएका केहि क्रियाकलापहरू गैरसरकारी एकाइहरूबाट सञ्चालन भएका हुन सक्छन् ।

## 84 सार्वजनिक प्रशासन तथा सुरक्षा; अनिवार्य सामाजिक सुरक्षा (Public administration and defense; compulsory social security)

## 841 सार्वजनिक प्रशासन तथा समुदायका लागि आर्थिक तथा सामाजिक नीति (Administration of the state and the economic and social policy of the community)

यो समूहमा सामान्य प्रशासनसम्बन्धी (जस्तैः सम्पूर्ण सरकारी तहका कार्यकारी, विधायकी, वित्तीय प्रशासनका कार्यहरू आदि) र सामाजिक तथा आर्थिक जीवनका क्षेत्रमा सुपरिवेक्षणका क्रियाकलापहरू पर्दछन् ।

### 8411 सामान्य सार्वजनिक प्रशासनका क्रियाकलापहरू (General public administration activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- केन्द्रीय, क्षेत्रीय र स्थानीय निकायहरूबाट सञ्चालन हुने कार्यकारी तथा न्यायिक प्रशासन
- आर्थिक मामिलासम्बन्धी प्रशासनिक तथा सुपरिवेक्षण कार्य जस्तैः
    - कर योजनाका कार्यक्रमहरूको सञ्चालन,
    - मालसामानमा लाग्ने कर/अन्तः शुल्क सङ्कलन,
    - कर छलिसम्बन्धी अनुसन्धान तथा छानबिन
    - भन्सार प्रशासन
- बजेट कार्यान्वयन तथा सार्वजनिक कोष तथा ऋण व्यवस्थापन

    - रकम उठाउने (सङ्कलन गर्ने) वा प्राप्त गर्ने र तिनीहरूको भुक्तानी खर्चको (disbursement) नियन्त्रण
- सम्पूर्ण अनुसन्धान तथा विकाससम्बन्धी नीति र त्यससम्बन्धी कोषको प्रशासनिक कार्य
- सरकारका विभिन्न तहमा आर्थिक तथा सामाजिक योजना र तथ्याङ्कीय सेवाहरूको सञ्चालन तथा प्रशासनिक कार्य

नोटः यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दैनन् ।

- सरकारी स्वामित्वका वा सरकारी निकायले ओगटेका भवनहरूको सञ्चालन कार्यहरू हेर्नुहोस् ६८१०, ६८२०
- व्यक्तिगत कल्याण र सम्बद्ध कोषहरू (personal well-being and of associated funds) बृद्धि गर्ने उद्देश्यले गरिएका अनुसन्धान तथा विकास नीतिहरूको प्रशासनिक कार्यहरू हेर्नुहोस् ८४१२
- आर्थिक सम्पादन र प्रतिस्पर्धात्मकतालाई सुधार गर्ने उद्देश्यले गरिएका अनुसन्धान तथा विकास नीतिहरूको प्रशासनिक कार्यहरू हेर्नुहोस् ८४१३
- सुरक्षासम्बन्धी अनुसन्धान तथा विकास नीतिहरू तथा सम्बद्ध कोषहरूको प्रशासनिक कार्यहरू हेर्नुहोस् ८४२२
- सरकारी अभिलेखहरू (government archives) को सञ्चालन हेर्नुहोस् ९१०१

**8412 सामाजिक सुरक्षाबाहेकका स्वास्थ्य हेरचाह, शिक्षा, सांस्कृतिक सेवा तथा अन्य सामाजिक सेवाहरू प्रदान गर्ने क्रियाकलापहरूको सञ्चालन (Regulation of the activities of providing health care, education, cultural services and other social services excluding social security)**

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- व्यक्तिगत समृद्धि अभिवद्धि गर्ने उद्देश्यले अभिप्रेरित कार्यक्रमहरूको सार्वजनिक प्रशासनका कार्यहरू जस्तै
    - स्वास्थ्य
    - शिक्षा
    - संस्कृति
    - खेलकुद
    - मनोरञ्जन
    - वातावरण
    - आवास
    - सामाजिक सेवा
- यी क्षेत्रहरूका लागि अनुसन्धान तथा विकास नीति र यससँग सम्बद्ध कोषहरूको सार्वजनिक प्रशासनका कार्यहरू
- सांस्कृतिक तथा मनोरञ्जनका क्रियाकलापहरूको प्रायोजन
- कलाकारहरूलाई सार्वजनिक अनुदान वितरण
- स्वच्छ पिउने पानी आपूर्ति कार्यक्रमको प्रशासन
- फोहर सङ्कलन तथा विसर्जन कार्यको प्रशासन

- बातावरण संरक्षण कार्यक्रमको प्रशासन
- आवास कार्यक्रमको प्रशासन

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दैनन् ।

- ढलनिकास, फोहरमैलाको विसर्जन तथा रोकथामसम्बन्धी कार्यहरू, हेर्नुहोस् ३७, ३८, ३९
- अनिवार्य सामाजिक सुरक्षाका कार्यहरू, हेर्नुहोस् ८४३०
- शैक्षिक क्रियाकलापहरू, हेर्नुहोस् डिभिजन ८५
- मानव स्वास्थ्यसम्बन्धी क्रियाकलाप, हेर्नुहोस् डिभिजन ८६
- निजी, सरकारी वा सार्वजनिकरूपमा सञ्चालित पुस्तकालय र अभिलेखालयको क्रियाकलाप, हेर्नुहोस् ९१०१
- संग्रहालयहरू तथा सांस्कृतिक संस्थाको सञ्चालनसम्बन्धी क्रियाकलाप, हेर्नुहोस् ९१०२
- खेलकुद तथा अन्य मनोरञ्जनका क्रियाकलाप, हेर्नुहोस् डिभिजन ९३

## 8413 अधिक दक्षताका साथ व्यवसाय सञ्चालन गर्न गरिने योगदान तथा यसको नियमन (Regulation of and contribution to more efficient operation of business)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- विभिन्न आर्थिक क्षेत्रहरूका लागि अनुदान  बाँडफाँडसहित सार्वजनिक प्रशासन र नियमनः
    - कृषि
    - भू उपयोग
    - उर्जा तथा खनिज संसाधनहरू
    - पूर्वाधारहरू
    - यातायात
    - सञ्चार
    - होटल तथा पर्यटन
    - थोक तथा खुद्रा व्यापार
- आर्थिक कार्य सम्पादनस्तरमा सुधार गर्न गरिने अनुसन्धान तथा विकास र यससँग सम्बद्ध कोषहरू सञ्चालनको प्रशासनिक कार्यहरू
- सामान्य श्रम मामिलाको प्रशासन
- बेरोजगारी घटाउने जस्ता क्षेत्रीय विकास नीतिगत उपायको कार्यान्वयन

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दैनन् ।

अनुसन्धानात्मक तथा प्रयोगात्मक विकाससम्बन्धी कार्यहरू, हेर्नुहोस् डिभिजन ७२

## 842 सम्पूर्ण समुदायलाई सेवा प्रदान गर्ने प्रावधान (Provision of services to the community as a whole)

यस समूहअन्तर्गत परराष्ट्र मामिला, रक्षा र सार्वजनिक आदेश र सुरक्षाका क्रियाकलापहरू पर्दछन् ।
यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- परराष्ट्र मन्त्रालयबाट गरिने कार्यहरू, विदेश अवस्थित कुटनैतिक नियोग तथा कन्सुलर मिसनहरू र अन्तराष्ट्रिय संघ सङ्गठनहरूको कार्य सञ्चालन तथा प्रशासन
- देशको सूचना एवं सांस्कृतिक सेवा वितरण गर्ने उद्देश्यले देश बाहिर रहेकाहरूका लागि गरिएका सहयोग, सञ्चालन तथा प्रशासन
- अन्तराष्ट्रिय सङ्गठनहरूमार्फत् भए वा नभए पनि विदेशी मुलुकहरूलाई गरिने सहायता
- विदेशी मुलुकहरूलाई सैनिक सहायताको प्रावधान
- वैदेशीक व्यापार, अन्तर्राष्ट्रिय वित्तीय र वैदेशिक प्राविधिक मामीलाहरूको व्यवस्थापन

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दैनन् ।

- अन्तर्राष्ट्रिय विपत वा द्वन्दबाट विस्थापितहरूलाई प्रदान गरिने सेवासम्बन्धी कार्यहरू, हेर्नुहोस् ८८९०

## 8422 सुरक्षासम्बन्धी क्रियाकलापहरू (Defense activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- सैन्य सुरक्षाका मामिलाहरू तथा देहायका स्थल, जल, हवाई र अन्तरिक्ष रक्षा बलहरूको सञ्चालन, सुपरिवेक्षण तथा यसको प्रशासनिक कार्यहरू
    - स्थल, जल र हवाई सेनाका लडाकु बल (कम्व्याट फोर्स)
    - सैन्य क्षेत्रका इन्जिनियरिङ, यातायात, सञ्चार, गुप्तचर (इन्टेलीजेन्स), भौतिक, व्यक्तिगत र अन्य गैरलडाकु बल (नन् कम्व्याट फोर्स) र कमाण्डका कार्य
    - सुरक्षा प्रतिष्ठानका (defence establishment) जगेडा तथा सहायक बल
    - सैन्य सामग्री (उपकरण, संरचना, आपूर्ति आदिको प्रावधान)
    - कार्य स्थलमा सैनिक कर्मचारीहरूका लागि स्वास्थ्य सेवासम्बन्धी कार्य
- नागरिक सुरक्षा बल (जनपद प्रहरी) को सहयोग, सञ्चालन र प्रशासन
- नागरिक संस्था तथा जनतासँगै आकस्मिक योजनाको लागि र सुरक्षा अभ्यासका लागि सहयोग
- सुरक्षासम्बन्धी अनुसन्धान तथा विकास नीतिहरू र यससँग सम्बद्ध कोषहरूको प्रशासन

नोटः यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दैनन् ।

- अनुसनधान तथा प्रयोगात्मक विकासका क्रियाकलापहरू हेर्नुहोस् डिभिजन ७२
- विदेशी मुलुकहरूलाई सैन्य सहायताका कार्यहरू हेर्नुहोस् ८४२१
- सैन्य अदालतसम्बन्धी कार्यहरू हेर्नुहोस् ८४२३
- शान्तिपुर्ण समयमा भएका विपतहरूको अवस्थामा आपत्कालीन घरेलु प्रयोगका लागि आपूर्तिहरूको व्यवस्था हेर्नुहोस् ८४२३
- सैन्य विद्यालयहरू, कलेजहरू तथा एकडेमीहरूको शैक्षिक क्रियाकलापहरू हेर्नुहोस् ८५३०
- सैन्य अस्पतालहरूसम्बन्धी क्रियाकलापहरू हेर्नुहोस् ८६१०
- वैदेशीक व्यापार, अन्तर्राष्ट्रिय वित्तीय र वैदेशिक प्राविधिक मामीलाहरूको व्यवस्थापन
- नागरिक सुरक्षा फोर्सको सञ्चालन तथा प्रशासन
- सैनिक अनुसन्धान र विकास नीति र तत्सम्बन्धी कोषको प्रशासन

### 8423 सार्वजनिक आदेश तथा सुरक्षासम्बन्धी क्रियाकलाप (Public order and safety activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- नियमित तथा सहयोगी प्रहरी बल प्रशासन सञ्चालन
- यातायात सञ्चालन कार्य, एलियन्स दर्ता, था पक्राउ परेका व्यक्तिहरूको रेकर्डहरूको राख्ने कार्यहरू, अग्नी नियन्त्रण र आगलागि हुनबाट बचाउनेसहित सिमा सुरक्षा, वन्दरगाह, कोस्टगार्ड र अन्य विशेष प्रहरी सुरक्षा ब्लको प्रशासनका कार्यहरू जस्तैः
    - आगलागिबाट बचाउन, अग्नी नियन्त्रण, व्यक्ति तथा पशुहरूको उद्धारका कार्यहरू, बाढी, पहिरो, सडक दुर्घटनाहरू आदिजस्ता विपदहरूमा सहायताकार्यहरूको नियमित र सहायक कार्यहरूको सञ्चालन तथा प्रशासन
- देवानी तथा फौजदारी अदालतहरूको अदालती कार्य सञ्चालन एवं प्रशासनिक कार्य गर्ने, सैनिक अदालतहरू तथा न्याय प्रणालीसम्बन्धी कानूनी कार्यहरू, सरकारका तर्फबाट कानूनी प्रतिनिधित्व र परामर्शका कार्यहरू र  कानूनको व्याख्या र अनुमानका कार्यहरू
- नागरिक विवादहरूको मध्यस्थतासम्बन्धी कार्यहरू
- जेल वा सुधार गृह वा पुनःस्थापना सेवा केन्दको सन्चालन एवं प्रशासनिक कार्य

शान्तिका समयमा पनि आकस्मीक तथा प्राकृतिक प्रकोप नियन्त्रण गर्न अभ्यास गरिने आवश्यक समानको आपूर्ति कार्यहरू

नोटः यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दैनन् ।

- वनलाई आगोलाग्नबाट सुरक्षित गर्ने कार्य र वनमा लागेको अग्नी नियन्त्रण सेवाका क्रियाकलापहरू (fire-fighting services) हेर्नुहोस् ०२४०
- तेल तथा ग्याँस उत्पादनमा लागेको अग्नी नियन्त्रण सेवाका क्रियाकलापहरू (fire-fighting services) हेर्नुहोस् ०९१०
- विमानस्थलमा आगो लाग्नबाट बचाउन र अग्नी  नियन्त्रण गर्न गैरविशेषज्ञ एकाइहरूले प्रदान गर्ने सेवाका क्रियाकलापहरू हेर्नुहोस् ५२२३
- नागरिक, अपराधिक र अन्य मुद्दाहरूमा प्रतिनीधित्व र परामर्श सल्लाह दिने कार्य हेर्नुहोस् ६९१०
- प्रहरी प्रयोगशालाहरूको संञ्चालन हेर्नुहोस् ७१२०
- सैन्य हतियारबन्द बलहरूको (military armed forces) सञ्चालन र प्रशासन, हेर्नुहोस् ८४२२
- बन्दीगृहमा रहेका विद्यालयहरूको सञ्चालन, हेर्नुहोस् डिभिजन ८५
- बन्दीगृहमा रहेका अस्पतालहरूको सञ्चालन, हेर्नुहोस् ८६१०

### 843 अनिवार्य सामाजिक सुरक्षासम्बन्धी क्रियाकलापहरू (Compulsory Social security activities)

### 8430 अनिवार्य सामाजिक सुरक्षासम्बन्धी क्रियाकलापहरू (Compulsory Social security activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- सरकारले प्रदान गर्ने सामाजिक सुरक्षाअन्तर्गत कार्यक्रमहरूको प्रशासन र बजेट/कोष उपलब्ध गर्ने कार्यहरू जस्तैः
    - बिरामी हुने, कार्यस्थलमा दुर्घटनामा पर्ने र वेरोजगारीसम्बन्धी बिमा,
    - सेवाबाट निवृत्तिभरण, उपदानहरू
    - सुत्केरी, अस्थायी प्रकृतिको अपाङ्गता, विधवा भएको अवस्थाबाट भएका क्षतिहरूलाई परिपूर्ति गर्ने कार्यक्रमहरू वा आर्थिक सहायताको प्रबन्ध मिलाउने र यससम्बन्धी प्रशासनिक कार्यहरू

नोटः यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दैनन् ।

- अनिवार्य नभएका सामाजिक सुरक्षा हेर्नुहोस् ६५३०
- एकोमोडेसनबिनाको कल्याणकारी सेवाहरू र सामाजिक कार्यको व्यवस्था हेर्नुहोस् ८८१०, ८८९०

# खण्ड पी : शिक्षा
# (Education)

यो खण्डले कुनै पनि तहका वा कुनै पेशा वा व्यवसायका लागि मौखिक, वा लिखित साथसाथै रेडियो र टेलिभिजन वा सञ्चारका अन्य माध्यमहरूद्वारा प्रदान गरिएको शिक्षालाई समेट्दछ । यसअन्तर्गत नियमित विद्यालय प्रणालीबाट विभिन्न विद्यालय संस्थाहरूले  प्रदान गर्ने विभिन्न तहहरूको शिक्षा साथसाथै प्रौढ शिक्षा, साक्षरता कार्यक्रमहरू आदि समावेश गरिन्छ । साथै यसअन्तर्गत क्रमश तहहरूअनुसारका सैनिक विद्यालयहरू र शैक्षिक प्रतिष्ठानहरू, वन्दीगृहमा सञ्चालित विद्यालयहरू पनि समावेश गरिन्छ । यसअन्तर्गत सार्वजनिक तथा निजी शिक्षालाई समावेश गरिन्छ । प्रारम्भिक शिक्षाको प्रत्येक तहका लागि ती कक्षाहरूले शारिरीक वा मानसिकरूपबाट अशक्त वा अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रदान गरिने विशेष शिक्षालाई पनि यस खण्डमा समावेश गरिन्छ ।

यो खण्डमा वर्गीकृत भागहरूको ब्रेकडाउनह ISCED 1997 को स्तरहरूले परिभाषित गरेकोअनुसार प्रदान गरिने शिक्षामा आधारित छ । ISCED को ० र १ तहहरूमा शिक्षा प्रदान गर्ने शैक्षिक निकायहरूको क्रियाकलापहरूलाई समूह ८५१ मा वर्गीकृत गरिएको छ भने ISCED को तहहरू २ र ३लाई समूह ८५२ मा, ISCED को तहहरू ४, ५ र ६लाई समूह ८५३ मा वर्गीकृत गरिएको छ । यो खण्डले खेलकुद र मनोरञ्जनात्मक क्रियाकलापहरूका साथै ब्रिज वा गल्फ र शैक्षिक सहयोग क्रियाकलापहरूसँग प्राथमिकरूपमा चासो वा सम्बन्ध हुने निर्देशन (instruction) पनि समावेश गरिएका छन् ।

## 85 शिक्षा (Education)

## 851 पूर्व प्राथमिक तथा प्राथमिक तहको  शिक्षा (Pre-primary and Primary Education)

### 8510 पूर्व प्राथमिक तथा प्राथमिक तहको  शिक्षा (Pre-primary and Primary Education)

यो वर्गले एकदम कम उमेरका शिशुहरूलाई विद्यालय जस्तैः वातावरण र विधिहरूलाई प्रारम्भिकरूपमा प्रवेश गराउने हेतुले डिजाइन गरिएको विधिहरूको व्यवस्थालाई समेट्दछ । यस्ता विधिहरूले पढ्ने, लेख्ने र हिसाव साथसाथै अन्य विषयवस्तुहरू जस्तैः इतिहास, भूगोल, प्राकृतिक विज्ञान, सामाजिक विज्ञान, कला र सङ्गीतको प्राथमिक (elementary) बुझाइसहित शिशु विद्यार्थीहरूलाई प्रभावकारी आधारभूत शिक्षा प्रदान गर्दछ । उमेर गइसकेको बच्चाहरू (जो प्रारम्भिक विद्यालयहरूमा भर्ना हुन उमेरको हदले भ्याउदैन) का लागि विद्यालय प्रणाली भित्र वा बाहिर साक्षरता कार्यक्रमहरूको व्यवस्था भए तापनि ती विद्यार्थीहरूका लागि प्रदान गरिने शिक्षा पनि यसमा समावेश गरिन्छ । विशेष शिक्षाको आवश्यकता भएका बालबालिकाहरूलाई (children with special needs education) मिल्दो उस्तै स्तरको शैक्षिक कार्यक्रमहरूको व्यवस्था छ भने पनि यो वर्गमा समावेश गरिन्छ । यस्तो शिक्षा कक्षा कोठाहरूमा वा रेडियो, टेलिभिजन प्रसारण, इन्टरनेट, correspondence को माध्यमद्वारा वा घर मै प्रदान गरिन्छ ।

यो वर्गअन्तर्गत निम्न शैक्षिक क्रियाकलापहरू पर्दछन् ।

- पूर्व प्राथमिक शिक्षा जस्तैः शिशु कक्षाहरू ल्पे ग्रुप, नर्सरी, एल के.जी, यु के.जी. आदि
- प्राथमिक शिक्षा
- यस तहमा अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शिक्षा

- प्रौढहरूका लागि साक्षरता कार्यक्रमहरू

नोटः यो वर्गमा निम्न क्रियाकलापहरूलाई समावेश गरिदैंन ।

- समूह ८५४ मा परिभाषित गरिएको प्रौढ शिक्षा
- बालबालिकाहरूको दिवा हेरचाह क्रियाकलापहरू, हेर्नुहोस् ८८९०

## 852 माध्यमिक तहको शिक्षा (Secondary education)

यो समूहमा सामान्य माध्यमिक र प्राविधिक तथा व्यावसायिक माध्यामिक शिक्षाको व्यवस्थालाई समावेश गरिन्छ ।

## 8521 साधारण माध्यमिक तहको शैक्षिक क्रियाकलापहरू (General secondary education)

यो वर्गले त्यस प्रकारको शिक्षाको व्यवस्था वा प्रावधानलाई समेट्दछ जसले जीवनभरिको सिकाई र मानव विकासका लागि जग खडा गर्दछ र यसले अरु उच्च शिक्षाका लागि अवसरहरू प्रदानगर्न सक्षम हुन्छ । यस प्रकारको शैक्षिक व्यवस्थाले त्यस्तो शैक्षिक कार्यक्रमहरू प्रदान गर्दछ जुन प्रायः बढी विषय केन्द्रित शिक्षा प्रणालीहुन्छ र बढी विशेष विषयविज्ञ शिक्षकहरूको व्यवस्था हुन्छ । विषय केन्द्रित शैक्षिक क्षेत्रमा विभिन्न विषयहरू पढाउन धेरै शिक्षकहरू नियुक्त गरिएकाहुन्छन् । यस प्रकारको शिक्षा कक्षा कोठाहरूमा वा रेडियो, टेलिभिजन प्रसारण, इन्टरनेट, correspondence को माध्यमद्वारा वा घर मै प्रदान गरिन्छ । यो तहमा सामान्य शैक्षिक कार्यक्रमको शैक्षिक अनुभव माथि प्रभाव पार्न पनि प्रायः विषय विज्ञता शुरु गरिन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि वा कुनै विशेष विषयको योग्यताविना उच्च शिक्षामा प्रवेशका लागि विद्यार्थीहरूको योग्यता निर्धारण गर्नका लागि यस प्रकारका शैक्षिक कार्यक्रमहरू डिजाइन गरिएका हुन्छन् ।

यो वर्गअन्तर्गत निम्न शैक्षिक क्रियाकलापहरू पर्दछन् ।

- अनिवार्य विद्यालयको हाजिरी पुग्ने गरी माध्यमिक तहको पहिलो चरणमा सामान्य विद्यालय शिक्षा ( साधारण किसिमका कक्षा ६ देखि कक्षा ७ सम्म पढाइने निम्न माध्यमिक विद्यालयका शैक्षिक क्रियाकलापहरू)
- मुख्यतः उच्च शिक्षामा प्रवेश गर्ने उद्देश्यले प्रदान गरिने माध्यमिक तहको दोस्रो चरणमा सामान्य विद्यालय शिक्षा (कक्षा ८ र सोभन्दा माथि एस. एल. सी. सम्म पढाइने माध्यमिक तहका शैक्षिक कार्यक्रमहरू)
- यस तहमा अशक्तहरू व अपाङ्गता भएका बालबालिकाहरूका लागि प्रदान गरिने विशेष शिक्षा

यो वर्गमा निम्न क्रियाकलापहरूलाई समावेश गरिदैंन ।
समूह ८५४ मा परिभाषित गरिएको प्रौढ शिक्षा

## 8522 प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा (Technical and vocational secondary education)

प्रावधानलाई समेटिन्छ जुन शिक्षाले विशेषत सैद्धान्तिक पृष्टभूमि र व्यवहारिक दक्षता दुवै दृष्टीकोणबाट विषयगत क्षेत्रमा विज्ञताहासिल गर्नमा जोड दिइन्छ । साथै यस प्रकारको शिक्षा बर्तमान वा भविष्यमा रोजगारी सृजना गर्ने विषयसँग सम्बन्धित हुन्छ । यस्ता शैक्षिक कार्यक्रमको उद्देश्य सामान्य रोजगारीको

क्षेत्रका लागि तयारीदेखि विशेष क्षेत्रको रोजगारीको लागि तयारी गर्नु रहेको हुन्छ । यस प्रकारको शैक्षिक कार्यक्रमहरूमा विविध परिदृश्यहरू वा बातावरण जस्तैः शैक्षिक संस्थाको तालिम केन्द्रहरूमा, शैक्षिक प्रष्ठिानहरूमा, कार्यस्थलमा, वा घरमा वा correspondence, टेलिभिजन, इनटरनेट वा यस्तै अन्य माध्यमहरूद्वारा शिक्षण कार्य गरिन्छ ।

यो वर्गअन्तर्गत निम्न प्राविधिक तथा व्यावसायिक शैक्षिक क्रियाकलापहरू पर्दछन् ।

- समूह ८५३ मा परिभाषित उच्च शिक्षाको तहभन्दामूनीको प्राविधिक तथा व्यावसायिक शिक्षा
- पर्यटनको पथप्रदशक (टुरिष्ट गाइड) को प्रशिक्षण
- भान्छे वा सेफ, होटल सञ्चालक, रेष्टुरेन्ट सञ्चालकहरूका लागि प्रशिक्षण (होटल, रेष्टुरेन्टसम्बन्धी तालिम)
- यस तहमा अपाङ्गता भएका व्यक्तिहरूका लागि दिइने प्राविधिक वा व्यावसायिक शिक्षासम्बन्धी विशेष शिक्षा
- कपाल काट्ने तथा व्युटिपार्लर वा व्यूटिशियनसम्बन्धी प्रशिक्षण
- कम्प्युटर मर्मत गर्ने तालिम
- बस, ट्रक वा कोच तथा अन्य गाडीहरू ड्राइभिङ गर्न प्रशिक्षण दिने ड्राइभिङ विद्यालयहरूका क्रियाकलापहरू

नोटः यो वर्गमा निम्न क्रियाकलापहरूलाई समावेश गरिदैंन ।

- माध्यमिक तहपश्चात् र विश्वविद्यालय तहमा प्रदान गरिने प्राविधिक तथा व्यावसायिक शिक्षा हेर्नुहोस् ८५३०
- समूह ८५४ मा परिभाषित प्रौढ शिक्षा
- मनोरञ्जन, सौख र आत्म विकासको उद्देश्यका लागि सम्पादन गरिने कला प्रशिक्षणहरू हेर्नुहोस् ८५४२
- पेशागत ड्राइभरहरूलाई प्रशिक्षण दिने उद्देश्य नराखिएका अटोमोबाइल ड्राइभिङ स्कुलहरू हेर्नुहोस् ८५४९
- कुनै एकोमोडेशन सुविधाबिना सामाजिक कार्यको क्रियाकलापहरूको अङ्गको रूपमा सञ्चालित रोजगारी तालिम हेर्नुहोस् ८८१०, ८८९०

## 853 उच्च शिक्षा (Higher Education)

## 8530 उच्च शिक्षा (Higher Education)

यो वर्गमा माध्यामिक तहपश्चात्को नन् टर्सियरी, तथा टर्सियरी शिक्षा साथै पोष्ट ग्राड्युयेट, ग्राड्युयेट र baccalaureate तहमा डिग्री प्रदान गरिने शिक्षासमेतलाई समेटिन्छ । यस तहमा भर्ना हुनका लागि न्युनतम माध्यामिक विद्यालय शिक्षा उत्तीर्ण गरेको हुनुपर्ने वा सामान्य शैक्षिक तालिम समानस्तरको श्रेणी उत्तीर्ण गरेको हुनुपर्दछ । यस प्रकारको शिक्षा शैक्षिक संस्थाको कक्षाकोठाहरूमा वा रेडियो, टेलिभिजन प्रसारण, इन्टरनेट वा correspondenceद्वारा प्रदान गर्न सकिन्छ ।

यो वर्गअन्तर्गत निम्न उच्च माध्यमिक तथा उच्च शिक्षाका शैक्षिक क्रियाकलापहरू पर्दछन् ।

- माध्यमिक तहपश्चात् नन् टर्सियरी शिक्षा
- प्रथम चरणको टर्सियरी शिक्षा (एडभान्स् रिसर्च योग्यताका लागि उन्मुख नभएको)
- दोस्रो चरणको टर्सियरी शिक्षा (एडभान्स् रिसर्च योग्यताका लागि उन्मुख भएको) अर्थात् उच्च माध्यमिक तथा विश्वविद्यालयका सम्पूर्ण शैक्षिक क्रियाकलापहरू
- उच्च शिक्षा दिइने कला विद्यालयहरू

नोटः यो वर्गमा निम्न शैक्षिक क्रियाकलापहरू पर्दैनन् ।

  - समूह ८५४ मा परिभाषित प्रौढ शिक्षा

## 854 अन्य शैक्षिक कार्यक्रमहरू (Other education)

यो समूहमा कुनै पनि पेशा वा व्यवसाय गर्नका लागि सामान्य निरन्तर शिक्षा र निरन्तर सञ्चालन भइरहेको व्यवसायिक शिक्षा तथा तालिमहरू समावेश गरिन्छ । यस पकारका शिक्षाका लागि मौखिक वा लिखित विधिबाट शिक्षण गर्न सकिन्छ र यस्तो शिक्षा कक्षाकोठाहरूमा वा रेडियो, टेलिभिजन, इन्टरनेट, करेस्पोन्डेन्स वा सञ्चारका कुनै माध्यमहरूद्वारा दिन सकिन्छ । यो समूहमा ८५१ देखि ८५३ मा उल्लिखित शिक्षाहरू बाहेक व्यक्ति वा समूहहरूलाई प्रदान गरिने एथलेटिक्ससम्बन्धी प्रशिक्षणहरू, वैदेशिक भाषाको प्रशिक्षण, कला, नाटक वा सङ्गीत विषयहरूमा प्रशिक्षण वा अन्य विषयमा प्रशिक्षण वा तालिमको प्रावधानलाई समावेश गरिन्छ ।

यो वर्गमा निम्न क्रियाकलापहरूलाई समावेश गरिदैंन ।
प्राथमिक शिक्षा, माध्यामिक शिक्षा वा उच्च शिक्षाको प्रावधान, हेर्नुहोस् ८५१, ८५२, ८५३

## 8541 खेलकुद तथा मनोरञ्जनसम्बन्धी शैक्षिक कार्यक्रमहरू (Sports and recreation education)

यो वर्गमा कुनै क्याम्पहरू वा विद्यालयहरूद्वारा व्यक्ति वा समूहहरूलाई प्रदान गरिने एथलेटिक्स क्रियाकलापहरूसम्बन्धी प्रशिक्षणहरूको प्रावधानलाईलाई समेटिन्छ । यस वर्गमा रात्रीकालीन वा दिवाकालीन खेलकुद प्रशिक्षण केन्द्रहरूलाई पनि समेटिन्छ । यो वर्गले विद्यालय प्रतिष्ठानहरू, कलेजहरू र विश्वविद्यालयहरूको क्रियाकलापहरूलाई समेट्दैन । यस्ता सीप वा शिक्षाहरू विविध परिदृश्य वा सेटिङ्समा जस्तैः तालिम केन्द्रहरू वा शैक्षिक प्रतिष्ठानहरू वा यस्तै कुनै माध्यमहरूमार्फत् प्रशिक्षण प्रदान गरिन्छ । यो वर्गमा यस प्रकारको प्रशिक्षण औपचारिक संगठितरूपमा प्रदान गरिन्छ ।

यस वर्गमा खेलकुद तथा मनोरञ्जनसम्बन्धी निम्न शैक्षिक कार्यक्रमहरू पर्दछन् ।

- फुटवल, भलिवल, क्रिकेट, वास्केटवल, वेसवल आदिजस्ता खेलहरूको प्रशिक्षण
- क्याम्पहरूमा खेलाइने खेलहरूको प्रशिक्षण
- उत्सवहरूमा प्रदर्शन गरिने जिम्न्याष्टीक जस्तो चियरलिडिङ खेलहरूको प्रशिक्षण
- जिम्न्याष्टीकको प्रशिक्षण
- घोडाचडीको प्रशिक्षण दिने तालिमकेन्द्र, विद्यालय तथा प्रतिष्ठानहरू
- पौडीखेलको प्रशिक्षण
- व्यवसायिक खेलका प्रशिक्षक वा शिक्षक वा कोचहरूको प्रशिक्षण

- मार्शल आर्ट तथा कुस्तीको प्रशिक्षण
- ब्रिज जस्ता कार्डगेमहरूको प्रशिक्षण
- योगाको प्रशिक्षण

नोटः यो वर्गमा निम्न क्रियाकलापहरूलाई समावेश गरिदैंन ।

- ○ सांस्कृतिक शिक्षा, हेर्नुहोस् ८५४२

## 8542 सांस्कृतिकसम्बन्धी शैक्षिक कार्यक्रमहरू (Cultural education)

यो वर्गमा कला, नाटक र सङ्गीतको क्षेत्रमा प्रशिक्षण गर्ने प्रावधानलाई समेट्दछ । यस प्रशिक्षण प्रदान गर्ने निकायहरूलाई विद्यालय, स्कुल वा स्टुडियो वा वर्ग आदि नामहरूबाट चिनिन्छ । यस्ता निकायहरूले मुख्यत शौखका लागि वा मनोरञ्जनका लागि वा आत्म विकासको उद्देश्यका लागि औपचारिक संगठित प्रशिक्षण प्रदान गर्ने गरिन्छ । तर यस प्रकारको प्रशिक्षणको व्यावसायिक डिप्लोमा वा दिक्षान्त प्रमाणपत्र baccalaureate वा ग्र्याजुयट डिग्रीको उद्देश्यका लागि मुख्य भूमिका हुँदैन ।

यस वर्गमा निम्न सांस्कृतिक शैक्षिक कार्यक्रमहरू पर्दछन् ।

- पियानो, वाद्यवादन तथा अन्य सङ्गीतसम्बन्धी प्रशिक्षण
- कलाका प्रशिक्षण
- नृत्यको प्रशिक्षण र नृत्य स्टुडियोहरू
- नाटकको प्रशिक्षण दिने नाट्य पाठशालाहरू, ललित कलाका प्रशिक्षण (एकेडमीकबाहेक)
- कला विद्यालयहरू सञ्चालन (एकेडमीकबाहेक)
- फोटोग्राफीको प्रशिक्षण (व्यापारिकबाहेक)

## 8549 अन्यत्र उल्लेख नगरिएका अन्य शैक्षिक कार्यक्रमहरू (Other education n.e.c.)

यो वर्गमा ८५१ देखि ८५३ मा उल्लिखित शैक्षिक कार्यक्रमहरू बाहेक व्यक्ति वा समूहहरूलाई (सामान्यत प्रौढहरूका लागि प्रदान गरिने) विशेष प्रशिक्षणहरू वा तालिमको प्रावधानलाई समावेश गरिन्छ । यो वर्गले विद्यालयहरू, कलेजहरू र विश्वविद्यालयहरूले सञ्चालन गर्ने क्रियाकलापहरूलाई समेट्दैन । यस्ता शैक्षिक कार्यक्रमहरू विविध परिदृश्य वा सेटिङ्समा जस्तैः तालिम केन्द्रहरू वा शैक्षिक प्रतिष्ठानहरू वा कार्यस्थल वा घरमै र रेडियो, टेलिभिजन, इन्टरनेट वा यस्तै कुनै माध्यमहरूमार्फत् कक्षाकोठाहरूमा वा यस्तै सुविधमहरू भएको स्थानहरूमा प्रशिक्षण प्रदान गरिन्छ । यस प्रकारको प्रशिक्षण व्यावसायिक डिप्लोमा वा दिक्षान्त प्रमाणपत्र baccalaureate वा ग्र्याजुयट डिग्रीको उद्देश्यका लागि सञ्चालन भएका हुँदैनन् ।

यस वर्गमा अन्यत्र उल्लेख नगरिएका अन्य शैक्षिक कार्यक्रमहरू पर्दछन् ।

- तह उल्लेख नगरिने वा गर्न नसकिने शैक्षिक क्रियाकलापहरू
- उच्च शिक्षाका लागि दिइने ट्युसन कक्षासम्बन्धी शैक्षिक सेवाहरू
- कलेजको प्रवेश परीक्षाको तयारी गर्ने शैक्षिक क्रियाकलापहरू
- लर्निङ सेन्टरका शैक्षिक क्रियाकलापहरू
- व्यवसायिक परीक्षाको रिभ्यु गर्ने कोर्सहरू

- भाषा प्रशिक्षण तथा वोलिचालीका प्रशिक्षण क्रियाकलापहरू
- छिटो पढ्ने (speed reading) प्रशिक्षण क्रियाकलापहरू
- धार्मिक प्रशिक्षणका क्रियाकलापहरू
- ड्राइभिङसम्बन्धी अटोमोबाइलको प्रशिक्षण क्रियाकलापहरू
- उड्डयनसम्बन्धी विद्यालय (flying school)
- स्वीमिंगसम्बन्धी लाइफगार्डको तालिम
- सैनिकहरूलाई दिइने जस्ता जीवन रक्षासम्बन्धी तालिम (survival training)
- सार्वजनिक भाषणका तालिमहरू
- कम्प्युटर तालिम

नोटः यो वर्गमा निम्न क्रियाकलापहरूलाई समावेश गरिदैंन ।

- ○ प्रौढ साक्षरताका कार्यक्रमहरू हेर्नुहोस् ८५१०
- ○ सामान्य माध्यामिक विद्यालय शिक्षा हेर्नुहोस् ८५२१
- ○ पेशागत ड्राइवरहरूका लागि ड्राइभिङ विद्यालयहरू हेर्नुहोस् ८५२२
- ○ उच्च शिक्षा हेर्नुहोस् ८५३०
- ○ सांस्कृतिक शिक्षा हेर्नुहोस् ८५४२

## 855 शैक्षिक कार्यक्रमहरूलाई सहयोग पुऱ्याउने क्रियाकलापहरू (Education support activities)

## 8550 शैक्षिक कार्यक्रमहरूलाई सहयोग पुऱ्याउने क्रियाकलापहरू (Education support activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- गैरप्रशिक्षणका सेवाहरू जसले शैक्षिक प्रक्रीयाहरू वा पद्दतिलाई सहयोग पुऱ्याउँछ त्यस्ता प्रावधान भएका क्रियाकलापहरू समेटिन्छन् जस्तै
  - ○ शैक्षिक परामर्श
  - ○ शैक्षिक सहायता तथा सल्लाहसुझावका सेवाहरू
  - ○ शैक्षिक परीक्षण मूल्याङ्कनका सेवाहरू
  - ○ शैक्षिक परीक्षणका सेवाहरू
  - ○ विद्यार्थीहरूको शैक्षिक एक्सचेन्ज कार्यक्रमहरू (student exchange programs) को आयोजना

  यो वर्गमा निम्न क्रियाकलापहरूलाई समावेश हुँदैनन ।

  मानविकी तथा सामाजिक विज्ञान माथि अनुसन्धान तथा प्रयोगात्मक विकास हेर्नुहोस् ७२२०

## खण्ड क्यू : मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरू
## (Human health and social work activities)

यस खण्डले स्वास्थ्य तथा सामाजिक कार्यसम्बन्धी क्रियाकलापहरूको प्रावधानलाई समेट्दछ । यसअन्तर्गत स्वास्थ्य क्षेत्रका वृहत्तर क्रियाकलापहरू जस्तैः अस्पताल तथा अन्य स्वास्थ्य सुविधा प्रदायक संस्थाहरूमा तालिम प्राप्त चिकित्साकर्मीहरूद्वारा प्रदान गरिने स्वास्थ्य हेरचाहबाट शुरु भएर आवासीय हेरचाह क्रियाकलापहरू र स्वास्थ्यकर्मीहरूको संलग्नताबिना पनि प्रदान गरिने सामाजिक कार्यसम्मका क्रियाकलापहरू समेटिएका हुन्छन् ।

### 86 मानव स्वास्थ्य क्रियाकलापहरू (Human health activities)

यो डिभिजनले अस्थायी (घुम्ती स्वास्थ्य शिविर) वा स्थायी अस्पतालहरू, सामान्य वा विशेष मेडिकल, सर्जिकल, मनोचिकित्सा र दुर्व्यसनको उपचारका लागि सञ्चालित अस्पताल वा स्वास्थ्य केन्द्र, दीर्घरोगीहरूका लागि उपचारकेन्द (Sanatoria), कुनै रोग जस्तैः क्षयरोगीहरूको लागि स्थापना गरिएको अलग उपचार केन्द्र (preventoria), मेडिकल नर्सिङ होमहरू, शरणार्थी आश्रम (asylum), मानसिक अस्पताल वा उपचार संस्थाहरू, पुनर्स्थापना केन्द्र, कुष्ठरोग उपचार केन्द्र र अन्य मानव स्वास्थ्यसम्बन्धी संस्थाका क्रियाकलापहरूलाई समेट्दछ । यस्ता स्वास्थ्य संस्थाहरूमा आवास सुविधाहरू भएको र भर्ना भएका बिरामीहरूलाई विभिन्न स्वास्थ्य अवस्थाहरूअनुसार निदानात्मक र उपचारात्मक सेवा प्रदान गरिन्छ । यो डिभिजनले सामान्य स्वास्थ्यकर्मी तथा मेडिकल विशेषज्ञ चिकित्सक र शल्यचिकित्सकहरूद्वारा साधारण तथा विशेष औषधोपचार क्षेत्रमा प्रदान गरिने स्वास्थ्य परामर्श र उपचारका क्रियाकलापहरूलाई पनि समेट्दछ ।यसले सामान्य तथा विशेष प्रकृतिका दन्त चिकित्सा र दाँत बनाउने (अर्थोडोन्टिक) क्रियाकलापहरू समेट्दछ । यसका अतिरिक्त यो डिभिजनले मानव स्वास्थ्यका लागि अस्पताल वा चिकित्सकहरूले सेवा प्रदान नगरी कानूनी अधिकारप्राप्त प्यारामेडिकल स्वास्थ्यकर्मीद्वारा मात्र बिरामीहरूलाई उपचार प्रदान गर्ने क्रियाकलापहरू समेट्दछ ।

### 861 अस्पतालका क्रियाकलापहरू (Hospital activities)

### 8610 अस्पतालका क्रियाकलापहरू (Hospital activities)

यो वर्गले निम्न स्वास्थ्यसम्बन्धी क्रियाकलापहरू समेट्दछ ।

- अस्थायी (घुम्ती स्वास्थ्य शिविर) वा स्थायी अस्पतालहरूका क्रियाकलापहरू जस्तैः साधारण अस्पतालहरू ( सामुदायिक अस्पताल, क्षेत्रीय अस्पताल, नाफा नकमाउने संस्थाद्वारा सञ्चालित अस्पताल, विश्वविद्यालयका अस्पताल, सैन्य अस्पताल र कैदीबन्दी अस्पताल) र रोग विशेषका अस्पतालहरू (मानसिक स्वास्थ्य र दुर्व्यसनको उपचार गर्ने अस्पताल, सरुवा रोगहरूका लागि उपचार गरिने अस्पताल , प्रसुती अस्पताल, दीर्घरोगीहरूका लागि उपचारकेन्द्र जस्तैः विशेष स्यानोटोरियमहरू) का मेडिकल, निदानात्मक र उपचारात्मक क्रियाकलापहरू
- यी क्रियाकलापहरू मुख्यतः चिकित्सकहरूको प्रत्यक्ष निगरानीमा भर्ना भएका बिरामीहरूको स्वास्थ्य सेवामा केन्द्रित भई निम्न सेवाहरू प्रदान गरिन्छन् ।
  - मेडिकल र प्यारामेडिकल कर्मचारीहरूको सेवाहरू
  - रेडियोलोजिक तथा एनेस्थेसियोलोजिकसहित प्रयोगशाला र प्राविधिक सुविधाहरूको सेवाहरू

- आकस्मिक कक्षहरूको सेवाहरू
- शल्य कक्षका सेवाहरू, औषधी पसल (फार्मेसी) का सेवाहरू, खाना र अस्पतालका अन्य सेवाहरू
- आवास सुविधासहितका परिवार नियोजनसम्बन्धीसेवाहरू जस्तैः बन्ध्याकरण र गर्भनिरोधक औषधोपचारको सेवा

नोटः यो वर्गले निम्न क्रियाकलापहरू समेट्दैन ।

- मेडिकलबाहेक सबै प्रकारका पदार्थ तथा उत्पादित वस्तुहरूको प्रयोगशाला परीक्षण र जाँच, हेर्नुहोस् ७१२०
- पशु चिकित्साका क्रियाकलापहरू, हेर्नुहोस् ७५००
- फिल्डमा खटिएका सैनिकहरूका लागि स्वास्थ्यसम्बन्धी क्रियाकलापहरू, हेर्नुहोस् ८४२२
- सामान्य र विशेष प्रकृतिका दन्त चिकित्सासम्बन्धी क्रियाकलापहरू जस्तैः दन्तचिकित्सा (dentistry), एन्डोडोन्टिक (endodontic) र बाल दन्तचिकित्सा (pediatric dentistry); मुखसम्बन्धी प्याथोलोजी (oral pathology), दाँत बनाउने मिलाउने अर्थोडोन्टिक (orthodontic) क्रियाकलापहरू, हेर्नुहोस् ८६२०
- भर्ना भएका बिरामीहरूका लागि निजी परामर्शका सेवाहरू, हेर्नुहोस् ८६२०
- मेडिकलसम्बन्धी प्रयोगशाला परीक्षण, हेर्नुहोस् ८६९०
- एम्बुलेन्स यातायात सेवाका क्रियाकलापहरू, हेर्नुहोस् ८६९०

## 862 चिकित्सा तथा दन्त चिकित्साका अभ्यास (Medical and dental practice)

### 8620 चिकित्सा तथा दन्त चिकित्साका अभ्यास (Medical and dental practice)

यो वर्गले निम्न स्वास्थ्यसम्बन्धी क्रियाकलापहरू समेट्दछ ।

- साधारण चिकित्सक (प्राक्टिसनर), विशेषज्ञ चिकित्सकहरू तथा शल्यचिकित्सक (सर्जन) हरूद्वारा सामान्य तथा विशेष चिकित्सा क्षेत्रमा प्रदान गरिने मेडिकल परामर्श र उपचारका कार्यहरू
- सामान्य र विशिष्ट प्रकृतिका दन्त चिकित्साका क्रियाकलापहरू जस्तैः दन्त उपचार, दाँतको जरासम्बन्धी उपचार (endodontic) र बाल दन्तचिकित्सा (pediatric dentistry); मुखसम्बन्धी रोगहरूको उपचार (oral pathology),
- दाँत बनाउने मिलाउने अर्थोडोन्टिक (orthodontic) क्रियाकलापहरू
- आवास सुविधा प्रदान नगरी परिवार नियोजनसम्बन्धी सेवाहरू जस्तैः बन्ध्याकरण र गर्भपतन जस्ता औषधोपचारको सेवा
- शल्यक्रिया कक्षमा गरिने दन्त चिकित्साका क्रियाकलापहरू
- अन्तरङ्ग बिरामीका लागि निजी परामर्श सेवाहरू

यी क्रियाकलापहरू निजी अभ्यास, सामूहिक अभ्यास र अस्पतालका वहिरङ्ग क्लिनिकहरूमा सञ्चालन गर्न सकिन्छ । यसका साथै यी क्रियाकलापहरू वृद्धवृद्धा, श्रम तथा भातृ (fraternal) सङ्गठनहरू, फर्म, विद्यालय, निजी घरमा रहेका क्लिनीकहरू तथा बिरामी कै घरमा सञ्चालन गर्न सकिन्छ ।

नोटः यो वर्गले निम्न क्रियाकलापहरू समेट्दैन ।

- ○ डेन्टल प्रयोगशालाहरूले उत्पादन गर्ने कृत्रिम दाँतहरू, डेन्चर र प्रोस्थेटिक उपकरणहरू (denture and prosthetic appliances), हेर्नुहोस् ३२५०
- ○ अन्तरङ बिरामीहरू उपचार गर्ने अस्पतालका क्रियाकलापहरू, हेर्नुहोस् ८६१०
- ○ स्वास्थ्यसेवीका (सुडेनी), नर्सहरू र फिजियोथेरापिष्टहरूले प्रदान गर्ने प्यारामेडिकल क्रियाकलापहरू, हेर्नुहोस् ८६९०

## 869 मानव स्वास्थ्यसम्बन्धी अन्य क्रियाकलापहरू (Other human health activities)

## 8690 मानव स्वास्थ्यसम्बन्धी अन्य क्रियाकलापहरू (Other human health activities)

यस वर्गमा मानव स्वास्थ्यसम्बन्धी निम्न अन्य क्रियाकलापहरू पर्दछन् ।

- अस्पताल वा चिकित्सक वा दन्त चिकित्सकबाहेक अन्य स्वास्थ्य सेवाकर्मीहरूबाट सञ्चालित मानव स्वास्थ्य सम्बधी क्रियाकलापहरू जस्तैः
  - ○ चश्माको पावरसँग सम्बन्धित उपचार विधी (optometry), पानीबाट गरिने उपचार विधि (hydrotherapy), मेडिकल मसाज, अकुपेशनल थेरापी, स्पीच थेरापी, खुट्टाको पैतालासम्बन्धी उपचार गरिने चिकित्सा विधा (chiropody), होमीयोपेथी, कम्मर, ढाड र टाउको दुख्ने तथा उच्च रक्तचापको उपचारका गरिने उपचार (chiropractic), एक्युपंचर आदिजस्ता स्वास्थ्यसेवाका क्षेत्रमा नर्स, स्वास्थ्यसेवीका (मिडवाइभ्स), फिजीयोथेरापीस्ट र अन्य प्यारामेडिकलका स्वास्थ्यकर्मीहरूको स्वास्थ्यसेवासम्बन्धी क्रियाकलापहरू

    यस्ता स्वास्थ्य सेवाका क्रियाकलापहरू कुनै फर्म वा विद्यालय, वृद्धाश्रम, श्रम सङ्गठन यस्तै सङ्गठनहरूमा खोलिएका स्वास्थ्य सेवाका क्लिनिकहरू, अस्पतालबाहेकका आवासीय स्वास्थ्य सुविधाहरू (residential health facilities) साथै आफ्नै परामर्श कक्ष, बिरामीको घर वा अन्यत्र सञ्चालन गरिएका हुनसक्छन् ।

    यस्तो स्वास्थ्य सेवाका क्रियाकलापहरूमा मेडिकल उपचार (medical treatment) गर्ने कार्य समावेश गरिँदैन् ।
- दन्त चिकित्सासम्बन्धी प्यारामेडिकल स्वास्थ्यकर्मीको क्रियाकलापहरू जस्तैः आवधिक रूपमा दन्त चिकित्सकको सुपरिवेक्षणमा दन्त सहायक चिकित्सक, दन्त थेरापिष्टहरू, विद्यालयमा कार्यरत डेन्टल नर्सहरू, डेन्टल हाइजेनिष्टबाट गरिने दन्त उपचारहरू
  - ○ यी दन्त पेशामा संलग्न स्वास्थ्य सेवाकर्मीहरूले टाढाका स्थानमा रहेरपनि काम गर्न सक्छन् र उनीहरूको कार्यलाई दन्त चिकित्सकबाट समय समयमा सुपरीवेक्षण भइरहेको हुन्छ ।
- मेडिकल प्रयोगशालासम्बन्धी क्रियाकलापहरू जस्तैः एक्सरे प्रयोगशालाहरू र अन्य निदानात्मक इमेजिङ (भिडियो एक्सरे, सिटीस्क्यान, एमआरआई) केन्द्रहरू
- रगत परीक्षण तथा विश्लेषण गर्ने प्रयोगशालाहरू
- ब्लड ब्याङ्क, विर्य ब्याङ्क, अङ्ग प्रत्यारोपण ब्याङ्कहरू आदिका क्रियाकलापहरू
- कुनै पनि यातायातका माध्यमबाट(जल, स्थल, हवाई) बिरामीलाई प्रदान गरिने एम्बुलेन्स सेवा तुरुन्त चिकित्सा सेवा दिनुपर्ने आकश्मिक अवस्थामा यस्ता सेवाहरू प्रदान गरिन्छ ।

नोटः यो वर्गले निम्न क्रियाकलापहरू समेट्दैन ।

- ○ डेन्टल प्रयोगशालाहरूद्वारा प्रयोग गर्ने कृत्रिम दाँतहरू, डेन्चर र प्रोस्थेटिक सामानहरू (denture and prosthetic appliances) को उत्पादनहरू, हेर्नुहोस् ३२५०
- ○ चिकित्साकर्मीहरू र चिकित्सा साधनविना बिरामीहरूको स्थानान्तर, हेर्नुहोस् डिभिजन ४९, ५०, ५१
- ○ गैरचिकित्सा प्रयोगशाला परीक्षण, हेर्नुहोस् ७१२०
- ○ स्वस्थ खानाको परीक्षणका क्रियाकलापहरू, हेर्नुहोस् ७१२०
- ○ अस्पतालका क्रियाकलापहरू, हेर्नुहोस् ८६१०
- ○ मेडिकल र डेन्टल प्राक्टीसका क्रियाकलापहरू हेर्नुहोस् ८६२०
- ○ नर्सीङ सेवासुविधाहरू, हेर्नुहोस् ८७१०

## 87 आवासीय हेरचाहका क्रियाकलापहरू (Residential care activities)

यो डिभिजनअन्तर्गत कुनै वासिन्दाहरूलाई आवश्यक पर्ने नर्सीङ, सुपरिवेक्षण वा अन्य यस्तै प्रकारका हेरचाहवा यस्ता संयुक्त सेवासुविधाहरू भएको आवासीय हेरचाहको व्यवस्थालाई समेटिन्छ । यस्ता सेवासुविधाहरू, उत्पादन प्रक्रियाको एक महत्वपुर्ण भाग हो । यसरी प्रदान गरिने सेवाहरूमा नर्सीङ सेवा र सामाजिक सेवा मिश्रित रहेको हुन्छ जसमा नर्सीङ सेवाको हिस्सा अधिक रहेको हुन्छ ।

## 871 आवासीय नर्सिङ हेरचाहका सुविधाहरू (Residential nursing care facilities)

### 8710 आवासीय नर्सिङ हेरचाहका सुविधाहरू (Residential nursing care facilities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- वृद्धवृद्धाहरूलाई नर्सिङ हेरचाह सेवा भएको घरहरू
- कोन्भालिसेन्ट घरहरू (convalescent homes)
- नर्सिङ केयरसहितको विश्राम गृहहरू
- नर्सिङ केयरका सुविधाहरू
- नर्सिड होमका सेवाहरू

नोटः यो वर्गले निम्न क्रियाकलापहरू समेट्दैन ।

- ○ स्वास्थ्य सेवाकर्मीहरूद्वारा घर मै प्रदान गर्ने स्वास्थ्य सेवाहरू, हेर्नुहोस् डिभिजन ८६
- ○ न्यूनतम नर्सिङ केयरसहित वा यसबाहेक वृद्धवृद्धाहरूका लागि घरका क्रियाकलापहरू, हेर्नुहोस् ८७३०
- ○ असहाय टुहुराहरू, बालबालिकाहरूको आवास गृहहरू वा होस्टेलहरू, घरवार विहिनका लागि अस्थायी टहराहरू वा वसोवासको लागि व्यवस्था भएको खानेबस्नेसहितको सामाजिक कार्यका क्रियाकलापहरू हेर्नुहोस् ८७९०

## 872 मानसिक रोगी र लागुपदार्थ दुर्व्यसनीहरूका लागि आवासीय हेरचाहका क्रियाकलापहरू (Residential care activities for mental retardation, mental health and substance abuse)

### 8720 मानसिक रोगी र लागुपदार्थ दुर्व्यसनीहरूका लागि आवासीय हेरचाहका क्रियाकलापहरू (Residential care activities for mental retardation, mental health and substance abuse)

यस वर्गअन्तर्गत मानसिक अस्वस्थता भएका व्यक्तिहरू, मानसिक रोगीहरू र लागुपदार्थका दुर्व्यसनीहरूका लागि आवासीय हेरचाहको व्यवस्थालाई समेटिन्छ । यसअन्तर्गतको  कोठा, बोर्ड, सुरक्षित सुपरिवेक्षण र सल्लाह सुझाव र केही स्वास्थ्य हेरचाह जस्ता सुविधाहरूको व्यवस्था गरिन्छ। यसअन्तर्गत आवासीय हेरचाह र मानसिक अस्वस्थता भएका व्यक्तिहरू र दुर्व्यसनीहरूका लागि उपचारको व्यवस्थालाई पनि समेटिन्छ।

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- मादकपदार्थ तथा लागुऔषधका दुर्व्यसनीहरूका लागि उपचार सुविधाहरू प्रदान गर्ने
- मनोरोग उपचारका लागि कन्भालिसेन्ट गृह
- उत्तेजनात्मक रूपमा डिस्टर्व भएका हरूका लागि सामूहिक आवास गृह
- मानसिक असन्तुलन गुमाएकाहरूका लागि सुविधाहरू
- मानसिक स्वस्थ्य उपचार सेवा (mental health halfway houses) जहाँ मानसिकरूपमा अस्वस्थ व्यक्तिहरूका लागि समाजमा पुनःस्थापित गर्न विभिन्न सामाजिक तथा अन्य सीपहरू सिकाइन्छ।

A **halfway house** is a place that allows people with physical, mental and emotional disabilities to learn the necessary social and other skills necessary to integrate or re-integrate unto society.

नोटः यो वर्गले निम्न क्रियाकलापहरू समेट्दैन ।

- असहाय टुहुराहरू, बालबालिकाहरूको आवास गृहहरू वा होस्टेलहरू, घरवार विहिनका लागि अस्थायी टहराहरू वा वसोवासको लागि व्यवस्था भएको खानेबस्नेसहितको सामाजिक कार्यका क्रियाकलापहरू, हेर्नुहोस् ८७९०

## 873 वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आवासीय हेरचाह क्रियाकलापहरू (Residential care activities for the elderly and disabled)

## 8730 वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आवासीय हेरचाह क्रियाकलापहरू (Residential care activities for the elderly and disabled)

यस वर्गअन्तर्गत वृद्धवृद्धाहरू र अपाङ्गता भएका व्यक्तिहरू जो आफ्नो स्वास्थ्यको हेरचाह आफै गर्न सक्दैनन् र स्वतन्त्ररूपले एक्लै पनि वस्न रुचाउँदैनन् ति व्यक्तिहरूका लागि आवासीय र व्यक्तिगत हेरचाहको प्रावधान वा व्यवस्थालाई समेटिन्छ । यस प्रकारको सेवाअन्तर्गत कोठा, बोर्ड, सुपरिवेक्षण र दैनिक जीवनयापनमा सहायता जस्तैः  घरयासी कामकाजकासेवाहरूको (housekeeping services) व्यवस्था गरिन्छ । कुनै अवस्थामा यस्तो सेवा प्रदायक एकाइले आवासमा बस्ने व्यक्तिहरूका लागि दक्ष नर्सिङ केयरका सेवाहरू पनि प्रदान गर्ने गर्दछ।

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन् :

- सजिलोसँग जीवनयापनका लागि आवासीय हेरचाह सुविधाहरू (assisted-living facilities)
- वृद्धवृद्धाहरूका लागि न्युनतम नर्सिङ केयर सुविधा भएको गृहको व्यवस्था
- नर्सिङ केयर सुविधा नभएको विश्राम गृहको व्यवस्था

नोटः यो वर्गले निम्न क्रियाकलापहरू समेट्दैन ।

- ○ वृद्धवृद्धाहरूका लागि नर्सिङ केयरको सुविधासहित घरहरूको व्यवस्थासम्बन्धी क्रियाकलापहरू, हेर्नुहोस् ८७१०
- ○ खानपिन र बाससहितको सामाजिक क्रियाकलापहरू जहाँ औषधी उपचार र खानपिन र बासलाई महत्वपूर्ण पक्ष हुँदैनन् । हेर्नुहोस् ८७९०

## 879 आवासीय हेरचाहसम्बन्धी अन्य क्रियाकलापहरू (Other residential care activities)

### 8790 आवासीय हेरचाहसम्बन्धी अन्य क्रियाकलापहरू (Other residential care activities)

यस वर्गअन्तर्गत वृद्धवृद्धाहरू र अपाङ्गता भएका व्यक्तिहरूबाहेक अन्य व्यक्तिहरू जो आफ्ना पुर्ण हेरचाह आफै गर्न सक्दैनन् र स्वतन्त्ररूपले एक्लै वस्न पनि रुचाउँदैनन् ति व्यक्तिहरूका लागि आवासीय र व्यक्तिगत हेरचाहको प्रावधान वा व्यवस्थालाई समेटिन्छ ।

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन् ।

- चौबीसै घण्टा सेवाका आधारमा बालबालिकाहरू र विशेष वर्गका व्यक्तिहरू जो आफ्नो हेरचाहका लागि आफ्नो सामर्थ्यतामा सीमितता हुन्छ ती व्यक्तिहरूका लागि सामाजिक सहायता प्रदान गर्ने उद्देश्यले प्रेरित क्रियाकलापहरू (यस्ता एकाइहरूमा औषधी उपचार र बालबालिकाहरूको शिक्षा महत्वपूर्ण पक्ष हुँदैनन्)
- अनाथ बालगृहहरू (orphanages)
- बालबालिकाहरूको बोर्डिङ वा होस्टलहरू (children’s boarding homes and hostels)
- घरवास नभएका लागि अस्थायी प्रकृतिको टहराहरू temporary homeless shelters
- कुमारी आमाहरू र तिनीहरूको बालबच्चाहरूको स्याहारसुसार र हेरचाह गर्ने संस्थाहरू (institutions that take care of unmarried mothers and their children)
  यी क्रियाकलापहरू सार्वजनिक वा निजी प्राइवेट संस्था वा सङ्गठनहरूले सञ्चालन गरेका हुन सक्छन् ।
- सामाजिक वा व्यक्तिगत समस्याहरू भएकाव्यक्तिहरूका लागि धर्मशाला जस्ता हाफवे सामुहिक आश्रमहरू (halfway group homes) को सञ्चालन
- अपराधीहरू र समाजमा खलल् पु्याउने व्यक्तिहरूका लागि हाफवे सामुहिक सुधार घरहरू (halfway group homes) को सञ्चालन
- व्यक्तिको चालचलन र अनुशासनमा सुधार ल्याउन सञ्चालन गरिएका अनुशासन क्याम्पहरू (disciplinary camps)

नोटः यो वर्गले निम्न क्रियाकलापहरू समेट्दैन ।

- ○ अनिवार्य सामाजिक सुरक्षा कार्यक्रमहरूको कोष र प्रशासनका क्रियाकलापहरू, हेर्नुहोस् ८४३०
- ○ नर्सिङ केयर सुविधाहरूका क्रियाकलापहरू हेर्नुहोस् ८७१०
- ○ मानसिक रोगीहरू र लागुपदार्थका दुर्व्यसनीहरूका लागि आवासीय हेरचाहसम्बन्धी क्रियाकलापहरू, हेर्नुहोस् ८७२०
- ○ वृद्धवृद्धाहरू तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आवासीय हेरचाह सुविधाहरू, हेर्नुहोस् ८७३०

- धर्मपुत्रपुत्री पाल्ने वा अँगाल्ने क्रियाकलापहरू, हेर्नुहोस् ८८९०
- प्राकृतिक प्रकोपहरूबाट पिडितहरूका लागि अल्पकालीन बसोबासको व्यवस्था, हेर्नुहोस् ८८९०

## 88 गाँसबासबाहेकका सामाजिक कार्यका क्रियाकलापहरू (Social work activities without accommodation)

यो डिभिजनले सेवाग्राहीहरूलाई प्रत्यक्ष रूपमा प्रदान गरिने विभिन्न खाले सामाजिक सहायता सेवाहरूको प्रावधान भएको व्यवस्थालाई समावेश गरिन्छ । यो डिभिजनमा उल्लिखित क्रियाकलापहरूले अस्थायी रूपमा व्यवस्था गरिएको खानपिन र वासको व्यवस्थाबाहेक स्थायी तवरले खानपान र वसोवासको व्यवस्थालाई समेट्दैन ।

## 881 वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि गाँसवासको व्यवस्थाबाहेक सामाजिक कार्यका क्रियाकलापहरू

**(Social work activities without accommodation for the elderly and disable)**

## 8810 वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि गाँसवासको व्यवस्थाबाहेक सामाजिक कार्यका क्रियाकलापहरू

**(Social work activities without accommodation for the elderly and disable)**

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन् :

- राष्ट्रिय वा स्थानीय स्व-मद्दत सङ्गठनहरू, सार्वजनीक वा प्राइवेट सङ्गठनहरू र विशेषज्ञहरूद्वारा वृद्धवृद्धाहरू र अपाङ्गता भएका व्यक्तिहरूलाई परामर्श दिने उद्देश्यले सञ्चालित सामाजिक, मनोपरामर्श, कल्याण, रिफरल र यस्तै सेवाहरू जस्तै:
  - वृद्धवृद्धाहरू र अपाङ्गता भएका व्यक्तिहरूसँग भेटघाट
  - वृद्धवृद्धाहरू र अपाङ्गता भएका वयस्कहरूका लागि दिवा हेरचाहको क्रियाकलापहरू
  - अपाङ्गता भएका वयस्कहरूका लागि व्यावसायिक पुनर्वास र स्थापित गर्ने क्रियाकलापहरू (vocational rehabilitation and habilitation activities) (यस प्रकारको क्रियाकलापहरूमा शिक्षाको भाग (education component) सीमित हुन्छ ।)

नोट: यो वर्गले निम्न क्रियाकलापहरू समेट्दैन ।

- अनिवार्य सामाजिक सुरक्षा कार्यक्रमहरूको कोष (funding) र प्रशासनका क्रियाकलापहरू, हेर्नुहोस् ८४३०
- मानसिक रोगीहरू र लागुपदार्थका दुर्व्यसनीहरूका लागि आवासीय हेरचाहसम्बन्धी क्रियाकलापहरू, हेर्नुहोस् ८७२०
- यो वर्गमा उल्लिखित समान प्रकारका क्रियाकलापहरू जहाँ आवासीय सुविधाहरू, हेर्नुहोस् ८७३०
- अशक्त बालबालिकाहरूका (handicapped children) लागि दिवा हेरचाहका क्रियाकलापहरू, हेर्नुहोस् ८८९०

## 889 गाँसवासबाहेकका अन्य सामाजिक क्रियाकलापहरू (Other social work activities without

**accommodation)**

## 8890 गाँसवासबाहेकका अन्य सामाजिक क्रियाकलापहरू (Other social work activities without accommodation)

यस वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन् :

- राष्ट्रिय वा स्थानीय स्व-मद्दत सङ्गठनहरू, प्राकृतिक प्रकोप उद्दार सङ्गठनहरू, सार्वजनिक वा प्राइवेट सङ्गठनहरू र विशेषज्ञहरूद्वारा पिडित व्यक्तिहरू वा परिवारहरूलाई परामर्श दिने उद्देश्यले सञ्चालित सामाजिक, मनोपरामर्श, कल्याणकारी, शरणार्थी, रिफरल र यस्तै सेवाहरू उपलब्ध गराउने कार्यहरू जस्तै:
    - बालबालिका तथा किशोर किशोरीहरूका लागि कल्याणकारी र मार्ग निर्देशनका क्रियाकलापहरू
    - धर्मपुत्र वा धर्मपत्री लिने adoption activities क्रियाकलापहरू साथै बालबालिकाहरू र अन्य व्यक्तिहरूलाई क्रुर व्यभिचारबाट रोक्ने क्रियाकलापहरू
    - घरायसी वजेटको परामर्श, विवाह, परिवारको मार्गनिर्देशनका कार्यहरू, ऋण लिने वा दिने परामर्शका सेवाहरू जस्ता समुदाय र छरछिमेकका क्रियाकलापहरू
    - अस्थायी वा लामो समयसम्मका लागि आश्रय दिने कार्यहरूसहित शरणाथीहरू, प्राकृतिक प्रकोपबाट पिडित व्यक्तिहरू, आप्रवासीहरूका लागि प्रदान गरिने क्रियाकलापहरू
    - वेरोजगार व्यक्तिहरूका लागि व्यावसायिक पुनर्वास र स्थापित गर्ने क्रियाकलापहरू (vocational rehabilitation and habilitation activities) (यस प्रकारको क्रियाकलापहरूमा शिक्षाको भाग (education component) सीमित हुन्छ ।)
    - कल्याणकारी सहायता, रेन्टल सप्लीमेन्ट्स वा rent supplements or food stamps को सन्दर्भमा योग्यता निर्धारण
    - अशक्त बालबाबलिकाहरूसहित अन्य बालबालिकाहरूलाई दिवा हेरचाहका क्रियाकलापहरू
    - घरवारविहिनहरू तथा अन्य सामाजिकरूपले पिछडिएका समूहहरूलाई प्रदान गरिने दिवा सुविधाहरू
    - सामाजिक कल्याणका कार्यहरूको उद्देश्यले चन्दा सङ्कलन वा कोष स्थापना गर्ने वा अन्य त्यसलाई सहयोग पुग्ने कार्यहरू गर्ने जस्ता परोपकारी गतिविधिहरू सञ्चालन गर्ने ।

नोटः यो वर्गले निम्न क्रियाकलापहरू समेट्दैन ।

- अनिवार्य सामाजिक सुरक्षा कार्यक्रमहरूको कोष (funding) र प्रशासनका क्रियाकलापहरू, हेर्नुहोस् ८४३०
- यो वर्गमा उल्लिखित समान प्रकारका क्रियाकलापहरू जहाँ आवासीय सुविधाहरू पनि हुन्छ, हेर्नुहोस् ८७९०

# खण्ड आर : कला, मनोरञ्जन तथा मनोविनोद
# (Arts, entertainment and recreation)

यो खण्डमा विविध सांस्कृतिक, मनोविनोद, मनोरञ्जन तथा नागरिकहरूको रुचिका मनोरञ्जन तथा क्रिडालाई पूरा गर्ने व्यापक क्रियाकलापहरू समावेश गरिन्छ । यसअन्तर्गत जीवन्त प्रदर्शनहरू, संग्रहालय साइटहरू सञ्चालन, जुवा, खेलकुदहरू तथा अन्य मनोरञ्जनात्मक तथा मनोविनोद क्रियाकलापहरू पनि समावेश गरिन्छ ।

## 90 सृजनात्मक कलाहरू तथा मनोरञ्जन क्रियाकलापहरू (Creative arts and entertainment activities)

## 900 सृजनात्मक कलाहरू तथा मनोरञ्जन क्रियाकलापहरू (Creative arts and entertainment activities)

## 9000 सृजनात्मक कलाहरू तथा मनोरञ्जन क्रियाकलापहरू (Creative arts and entertainment activities)

यो वर्गमा ग्राहकहरूका सांस्कृतिक तथा मनोरञ्जन आकाक्षाहरूलाई परिपुर्ति गर्न सुविधा तथा सेवा सञ्चालनका क्रियाकलापहरू समावेश गरिन्छन् । यसअन्तर्गत सार्वजनिक प्रदर्शनीका लागि गरिने कार्यक्रमहरूमा सहभागिता गराउन, जीवन्त अभिनय, प्रदर्शनीहरू वा कार्यक्रमहरूको उत्पादन र प्रवर्द्धनका क्रियाकलापहरू पर्दछन् । यस्तै यो वर्गअन्तर्गत कलात्मक वस्तुहरू तथा जीवन्त अभिनयहरूको उत्पादनका लागि कलात्मक, सिर्जनात्मक वा प्राविधिक शीपहरूको प्रावधानहरू पनि समावेश हुन्छन् ।

यो वर्गअन्तर्गत निम्न क्रियाकलापहरू पर्दछन् :

- प्रत्यक्ष रङमञ्च अर्थात् नाट्यशालाका प्रस्तुतिहरू, कन्सर्टहरू, तथा ओपेरा (गीति नाटक), नृत्य तथा अन्य स्टेज कार्यक्रमहरूको उत्पादन
- सर्कसहरू वा कम्पनी, गाउने वजाउने (अर्केष्ट्रा) वा व्याण्ड वा पञ्चेवाजा आदि समूहहरूको क्रियाकलाप
- कलाकारहरूको व्यक्तिगत क्रियाकलापहरू जस्तैः लेखक, कलाकार, निर्देशक, सङ्गीतकार, प्रवाचक वा वक्ता, स्टेज–सेट डिजाइनर तथा निर्माणकर्ताहरू आदि
    - कन्सर्ट, नाट्यशाला र अन्य कला प्रदर्शनसम्बन्धी सुविधाहरूको सञ्चालन
    - मुर्तिकारहरू, पेन्टरहरू, कार्टुनिष्टहरू, बुट्टा कुँद्ने (engravers), धातुको पातामा चित्र कुँद्ने (etchers)] आदि कालिगढहरूका क्रियाकलापहरू
    - काल्पनिक, प्राविधिक लगायत सबै विषयमा लेख्ने व्यक्तिगत लेखकका क्रियाकलापहरू
    - स्वतन्त्र पत्रकारहरूको क्रियाकलापहरू
    - पेन्टिङ आदिजस्ता कलासम्बन्धी कार्यहरूको पुरानै अवस्थामा पुनर्स्थापित गर्ने कार्य
    - साइनवोर्ड लेख्ने, आर्ट गर्ने आदिजस्ता क्रियाकलाप
- सुविधाहरूसहित वा रहित प्रत्यक्ष कला प्रस्तुति गर्ने उद्यमी वा उत्पादक/निर्माताहरूको क्रियाकलापहरू

नोटः यो वर्गमा निम्न क्रियाकलापहरू समावेश हुँदैनन् :

- दागलागेको झ्यालको सिसालाई पुर्व अवस्थामा ल्याउने कार्य (restore) गर्ने, हेर्नुहोस् २३१०
- मुल कलात्मकभन्दा अन्य प्रतिमा/मुर्तिहरूको निर्माण, हेर्नुहोस् २३९६
- अन्य ऐतिहासिक वाद्ययन्त्रहरू र यसका अङ्गहरूको पुनःस्थापना, हेर्नुहोस् ३३१९
- ऐतिहासिक स्थलहरू र भवनहरूको पुनःस्थापना, हेर्नुहोस् ४१००
- चलचित्र तथा भिडियो निर्माणका कार्यहरू, हेर्नुहोस् ५९११, ५९१२
- सिनेमाहरूको सञ्चालन, हेर्नुहोस् ५९१४
- व्यक्तिगत थियटर वा नाट्यकला वा कलाकारिता एजेन्टहरू वा ऐजेन्सीहरूको क्रियाकलापहरू, हेर्नुहोस् ७४९०
- शुरु प्रर्दशनिका क्रियाकलापहरू, हेर्नुहोस् ७८१०
- टिकट एजेन्सीहरूका क्रियाकलापहरू, हेर्नुहोस् ७९९०
- सबै प्रकारका सङ्ग्रहालयका क्रियाकलापहरू, हेर्नुहोस् ९१०२
- खेलकुद र मनोरञ्जन तथा मनोविनोदका क्रियाकलापहरू, हेर्नुहोस् डिभिजन ९३
- फर्निचरको पुनःस्थापना (संग्रहलाय प्रकारका पुनःस्थापनाबाहेक), हेर्नुहोस् ९५२४

## 91 पुस्तकालय, पूरातत्व, संग्रहालय तथा अन्य साँस्कृतिक क्रियाकलापहरू (Library, archives, museum, and other cultural activities)

यो डिभिजनमा निम्न क्रियाकलापहरू समावेश गरिन्छ ।

- पुस्तकालय तथा अभिलेखहरू राख्ने क्रियाकलापहरू,
- प्राणी तथा वनस्पति उद्यान लगायत सबै प्रकारका संग्रहालयहरूको सञ्चालन
- ऐतिहासिक स्थलहरू तथा प्रकृति आरक्षणहरूसम्बन्धी क्रियाकलापहरूको सञ्चालन
- ऐतिहासिक, सांस्कृतिक वा शैक्षिक अभिरुचीका वस्तु, स्थल तथा आश्चर्यजनक प्राकृतिक दृश्यहरूको प्रदर्शन तथा संरक्षणसम्बन्धी क्रियाकलापहरू (जस्तैः विश्व सम्पदाका स्थलहरू आदि)

यो डिभिजनमा खेलकुद, आमोद प्रमोद, मनोरञ्जनका क्रियाकलापहरू जस्तैः समुद्री किनारहरूमा स्नान गृह तथा क्रिडा उद्यान (recreation parks) को सञ्चालन आदि पर्दैनन् । (डिभिजन ९३ हेर्नुहोस्)

## 910 पुस्तकालय, पूरातात्वीक अभिलेखालय, संग्रहालय, तथा अन्य साँस्कृतिक क्रियाकलापहरू (Library, archives, museum, and other cultural activities)

### 9101 पुस्तकालय, पूरातात्वीक अभिलेखालयसम्बन्धी क्रियाकलापहरू (Library and archives activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- सबै प्रकारका पुस्तकालयहरूका अभिलेख तथा सूचनासम्बन्धी क्रियाकलापहरू जहाँ सामान्य नागरिक वा विशेष पाठकहरू जस्तैः विद्यार्थीहरू, वैज्ञानिकहरू, कर्मचारीहरूका लागि अध्ययन, श्रवण तथा दृश्यावलोकन कक्षसहित सार्वजनिक अभिलेखहरूका सेवासुविधा प्रदान गरिनुका साथै सरकारी अभिलेखहरू राख्ने कार्यसमेत गरिन्छ ।
  - सूचीकृत वा सूचीकृत नगरिएका वा विशेष प्रकारका अभिलेख तथा सामग्रीहरूको व्यवस्थित क्याटलगहरू तयार गरी राख्ने

- ○ पुस्तक, नक्सा, नियमित पत्रपत्रिका, चलचित्र, रेकर्ड, टेप, कलाकृतिहरू आदिको भण्डारण तथा दिने वा लिने कार्य
- ○ माग भएका सूचनाको आधारमा सम्बन्धित सामग्रीहरू खोजी उपलब्ध गराउने
- ○ मौज्दात फोटो पुस्तकालय तथा सेवाहरू

## 9102 संग्रहालयका क्रियाकलापहरू तथा ऐतिहासिक स्थल र भवनहरूको सञ्चालन (Museums activities and operation of historical sites and buildings)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- सबै प्रकारका संग्रहालयहरूको सञ्चालन
  - ○ कला संग्रहालय, गरगहनाहरू, फर्निचर, सजावटयुक्त भेषभुषाहरू, माटाका भाँडाकुँडाहरू तथा चाँदीका भाँडाकुँडाहरूको संग्रहालय
  - ○ प्राकृतिक इतिहास, विज्ञान तथा प्रविधियुक्त संग्रहालय, ऐतिहासिक संग्रहालयका साथै सैन्य संग्रहालय
  - ○ अन्य विशेष प्रकारका संग्रहालय
  - ○ खुल्ला संग्रहालय
- ऐतिहासिक स्थलहरू तथा भवनहरूको सञ्चालन

नोटः यो वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिँदैन ।

- ○ ऐतिहासिक स्थलहरू तथा भवनहरूको पुनर्निर्माण/जिर्णोद्धार तथा पुनस्थापना (खण्ड एफ हेर्नुहोस्)
- ○ कलाकृतिका कार्यहरू तथा संग्रहालयमा संग्रहित वस्तुहरूको पुनःस्थापना, हेर्नुहोस् ९०००
- ○ पुस्तकालय तथा अभिलेखालयका क्रियाकलापहरू, हेर्नुहोस् ९१०१

## 9103 वनस्पति, वन्यजन्तु उद्यानहरू तथा प्रकृती संरक्षणका क्रियाकलापहरू (Botanical and zoological gardens and nature reserves activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- वन्यजन्तु (प्राणी) तथा वनस्पति उद्यानहरूका साथै बालबालिकाहरूका लागि बनाइएको चिडियाखानाको सञ्चालन
- प्रकृती संरक्षणका साथै वन्यजन्तु आरक्ष आदि कार्यको सञ्चालन

नोटः यो वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिँदैन ।

- ○ फूलबारी स्याहार सम्भार तथा जमीन सम्याउने, मिलाउने सेवाहरू (हेर्नुहोस् ८१३०)
- ○ माछामार्ने तथा शिकार आरक्षहरूको सञ्चालन (हेर्नुहोस् ९३१९)

## 92 जुवा तथा बाजी लगाउने क्रियाकलापहरू (Gambling and betting activities)

यो डिभिजनमा जुवा खेल्ने सुविधाहरू जस्तैः क्यासिनोहरू, विन्गो हलहरू तथा भिडियो गेम खेल्ने टर्मिनलहरूको सञ्चालन र जुवा खेलका सेवाहरू जस्तैः लोटरी/ चिठ्ठाहरू र बाजी ठोक्ने अर्थात् च्याँखे थाप्ने सेवाहरूको प्रावधान भएका कार्यहरू समावेश गरिन्छन् ।

## 920 जुवा तथा बाजी थाप्ने क्रियाकलापहरू (Gambling and betting activities)

### 9200 जुवा तथा बाजी थाप्ने क्रियाकलापहरू (Gambling and betting activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- बुकमेकीङ (एक प्रकारको बाजी) र अन्य बाजीका खेलहरू सञ्चालन
- च्याँखे थाप्ने
- क्यासिनोहरू साथै समुद्री जहाजमा सञ्चालित फ्लोटिङ क्यासिनोको सञ्चालन
- चिठ्ठाको टिकटहरू विक्री
- सिक्काबाट सञ्चालन गरिने जुवाखेलका मेसिनहरूको सञ्चालन
- वेव साइटबाट खेलिने अवास्तविक (virtual) जुवाखेलको सञ्चालन

नोटः यो वर्गमा निम्न क्रियाकलापहरू पर्दैनन् ।

- ○ सिक्काबाट चल्ने खेलहरूको सञ्चालन (हेर्नुहोस् ९३२९)

## 93 खेलकुद, मनोविनोद तथा मनोरञ्जनका क्रियाकलापहरू (Sporting activities and amusement and recreation activities)

यो डिभिजनमा मनोरञ्जनात्मक, मनोविनोद र खेलकुद क्रियाकलापका प्रावधान समावेश गरिन्छ । यो डिभिजनमा नाट्य कलाहरू, सङ्गीत तथा अन्य कलाहरू र मनोरञ्जनात्मक क्रियाकलापहरू जस्तैः प्रत्यक्ष नाट्यशालामा देखाइने प्रस्तुतिहरू, कन्सर्टहरू र ओपेराहरू वा नृत्यहरूको उत्पादनहरू तथा अन्य स्टेज कार्यत्रक्रमहरूको निर्माण क्रियाकलापहरू समावेश गरिँदैन । (हेर्नुहोस् डिभिजन ९०)

### 931 खेलकुदसम्बन्धी क्रियाकलापहरू (Sporting activities)

यो समूहमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- खेलकुद सुविधाहरूको सञ्चालन,
- शुल्क तिरेर हेर्ने दर्शकहरूलाई प्रत्यक्ष देखाउनुभन्दा अगाडि मुख्यतः सहभागी भएका खेलकुद टिमहरू वा क्लबहरूको क्रियाकलापहरू,
- शुल्क तिरेर हेर्ने दर्शकहरूलाई प्रत्यक्ष देखाउनुभन्दा अगाडि दौड प्रतियोगितामा सहभागी भएका स्वतन्त्र खेलाडीहरू,
- दौड प्रतियोगितामा भाग लिने कार, कुकुर, घोडा, हात्ती आदिका मालिकहरू जो मुख्यतः दौड प्रतियोगिता वा अन्य दर्शकहरूले हेर्ने खेलकुद कार्यक्रमहरूमा संलग्न रहेका,
- खेलकुद प्रतियोगिताहरूमा सहभागीहरूलाई सहयोग गर्न विशिष्टीकृत सेवाहरू प्रदान गर्ने खेलकुद प्रशिक्षकहरू,
- खेल मैदान (arenas) र खेलकुद स्टेडियमहरूको सञ्चालकहरू,
- अन्यत्र कतै वर्गीकरण नगरिएका खेलकुदहरूको आयोजना, प्रवर्द्धन वा व्यवस्थापन गर्ने अन्य क्रियाकलापहरू

## 9311 खेलकुद क्रियाकलापहरूको सञ्चालन (Operation of sports activities)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- आन्तरिक वा बाह्य खेलकुद कार्यक्रमहरू (खुल्ला, बन्द, वा कभर गरिएको, दर्शकहरू बस्ने सिट भएको वा नभएको) का लागि सुविधाहरूको सञ्चालन
  - फुटवल, हकी, क्रिकेट, वेसबल, जयअलय (jai-alai) रङ्गशालाहरू
  - कारहरू, कुकर तथा घोडा दौडहरूका लागि दौडिने रेसर ट्र्याकहरू
  - स्वीमिङ पुल र यससम्बन्धी रंगशालाहरू
  - ट्र्याक र फिल्ड रंगशालाहरू
  - जाडोमा खेलिने खेलमैदानहरू र त्यसका रंगशालाहरू
  - आइस हक्की खेलमैदानहरू
  - बक्सीङ खेलमैदानहरू,
  - गल्फ कोर्सहरू
  - बाउलिङ लेनहरू
  - व्यायामशालाहरू
- पेशागत तथा सौखिन खेलाडीहरूका लागि निजी संस्थाहरूले आफ्नै सुविधाहरू प्रदान गरी आन्तरिक वा बाह्य खेलहरूको आयोजना तथा सञ्चालन

यस वर्गमा माथि उल्लिखित सुविधाहरू सञ्चालनका लागि कर्मचारीहरू उपलब्ध गराउने तथा व्यवस्थापन गर्ने क्रियाकलापहरू समावेश गरिन्छ ।

नोटः यो वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिँदैन ।

- मनोविनोद तथा खेलकुद सामग्रीहरू भाडामा लगाउने कार्यहरू (हेर्नुहोस् ७७२१)
- स्की हिलहरू (हिँउमा खेलिने चिप्लेटी) को सञ्चालन (हेर्नुहोस् ९३२९)
- उद्यान तथा समुद्री किनारहरूका क्रियाकलापहरू (हेर्नुहोस् ९३२९)

## 9312 खेलकुद क्लबका क्रियाकलापहरू (Activities of sports clubs)

यस वर्गमा खेलकुद क्लबहरूका क्रियाकलापहरूलाई समावेश गरिन्छ जसले व्यावसायिक, अर्धव्यावसायिक वा एमेच्योर (सौखका लागि खोलिएको) क्लबहरूलाई सदस्यता प्रदान गरी खेलकुद क्रियाकलापहरूमा क्रियाशील गराइराख्दछ ।

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् :

- खेलकुद क्लबहरूको सञ्चालनः
  - फुटबल क्लबहरू
  - वउलिङ क्लबहरू
  - स्वीमिङ क्लबहरू
  - गल्फ क्लबहरू
  - बक्सिङ क्लबहरू

- ○ शारीरिक सुगठन (बडीबिल्डीङ) क्लबहरू
- ○ शितकालीन (winter) खेलकुद क्लबहरू
- ○ बुद्धिचाल (चेस), बाघचाल क्लबहरू आदि
- ○ ट्र्याकमा खेलिने एथलेटिक्स खेलहरूका क्लबहरू
- ○ सुटिङ क्लबहरू आदि

नोटः यो वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिँदैन ।

- ○ शिक्षक तथा प्रशिक्षकहरूद्वारा प्रदान गरिने खेलकुद प्रशिक्षणहरू (हेर्नुहोस् ८५४१)
- ○ खेलकुद सुविधाहरूको सञ्चालन (हेर्नुहोस् ९३११)
- ○ पेशागत खेलाडीहरू तथा सौखिन खेलाडीहरूका लागि निजी संस्थाहरूले आफ्नै सुविधाहरू प्रदान गरी आन्तरिक वा बाह्य खेलहरूको आयोजना तथा सञ्चालन (हेर्नुहोस् ९३११)

## 9319 अन्य खेलकुदका क्रियाकलापहरू (Other sports activities)

यसवर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- सुविधासहित वा रहित खेलकुद कार्यक्रमहरूका प्रवर्द्धक वा आयोजकहरूको क्रियाकलापहरू
- आफ्नै लागि खेल्ने खेलाडीहरू तथा एथलेट्स, रेफ्रीहरू, निर्णायकहरू (जज्हरू), समयपालकहरू आदिका क्रियाकलापहरू
- खेलकुद लिगहरू तथा नियामक संस्थाहरूको क्रियाकलापहरू
- खेलकुद कार्यक्रमहरूको प्रवर्द्धनसँग सम्बन्धित क्रियाकलापहरू
- दौडमा खेल्ने घोडाका तवेला, दौडमा खेल्ने कुकुरका केनेल र रेसिङ कारको ग्यारेजसम्बन्धी क्रियाकलापहरू
- माछा मार्ने तथा शिकार आरक्षको सञ्चालन
- हिमाल आरोहणका गाइड (पथ प्रदर्शक)सम्बन्धी क्रियाकलापहरू
- खेलकुद वा मनोरञ्जनका लागि शिकार वा माछामार्न सहयोग गर्ने क्रियाकलापहरू

नोटः यो वर्गमा निम्न क्रियाकलापहरू समेटिँदैनन् ।

- ○ दौडमा खेलाइने घोडाहरूको प्रजनन् (ब्रिडिङ) गर्ने (हेर्नुहोस् ०१४२)
- ○ खेलकुद सामग्रीहरूको भाडामा दिने (हेर्नुहोस् ७७२१)
- ○ खेल तथा खेलकुद विद्यालयहरूको क्रियाकलापहरू (हेर्नुहोस् ८५४१)
- ○ खेलकुद प्रशिक्षकहरू, शिक्षकहरू, कोचहरूका क्रियाकलापहरू (हेर्नुहोस् ८५४१)
- ○ पेशागत खेलाडीहरू तथा सौखिन खेलाडीहरूका लागि निजी संस्थाहरूले आफ्नै सुविधाहरू प्रदान गरी आन्तरिक वा बाह्य खेलहरूको आयोजना तथा सञ्चालन (हेर्नुहोस् ९३११, ९३१२)
- ○ उद्यान तथा समुद्री किनारहरूको क्रियाकलापहरू (हेर्नुहोस् ९३२९)

# 932 मन रमाउने वा अन्य मनोरञ्जनात्मक क्रियालापहरू (Other amusement and recreation activities)

यो समूहमा कुनै संस्थाहरूका फराकिलो दायरा भएका क्षेत्रका क्रियाकलापहरू समावेश गरिन्छ जसअन्तर्गत ती संस्थाहरूले आफ्ना ग्राहकहरूको विविध मनोररञ्जनात्मक चाहनाहरू पूरागर्न आवश्यक सेवाहरू प्रदान

वा सुविधाहरू सञ्चालन गर्दछन् । यसका साथै ती संस्थाहरूले विविध प्रकारका आकर्षणहरू जस्तैः यान्त्रिक सवार, डुङ्गा, खेल, प्रदर्शन, विषयगत प्रदर्शनी तथा वनभोज स्थलहरूको सेवा सुविधा पनि प्रदान गर्ने गर्दछ ।

नोटः यो वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिँदैन् ।

- खेलकुद क्रियाकलापहरू (हेर्नुहोस् ९३१)
- नाट्यकला, सङ्गीत तथा अन्य कला र मनोरञ्जनात्मक क्रियाकलापहरू, (हेर्नुहोस् ९०००)

## 9321 मनोरञ्जन तथा विषयगत उद्यानहरूका क्रियाकलापहरू (Activities of amusement parks and theme parks)

यस वर्गमा निम्न क्रियाकलापहरू पर्दछन् ।

- मनोरञ्जन वा विषयगत उद्यानहरूका क्रियाकलापहरू
- विभिन्न आकर्षण क्रियाकलापहरूको सञ्चालन जस्तैः
- मनोरञ्जनात्मक यान्त्रिक साधनहरू चढेर उद्यान घुम्ने व्यवस्था
- जलविहारको व्यवस्था
- खेलहरू खेल्ने व्यवस्था
- प्रदर्शन वा विषयगत प्रदर्शनीको व्यवस्था
- वनभोज स्थलको व्यवस्था

## 9329 अन्यत्र कतै वर्गीकरण नगरिएका अन्य मनोरञ्जन र मनोविनोदका क्रियाकलापहरू (Other amusement and recreation activities n.e. c.)

यस वर्गमा निम्न क्रियालापहरू पर्दछन् ।

- मनोरञ्जन पार्कहरू, समुद्री किनारामा हुने क्रियाकलापका साथै सुविधाहरू जस्तैः स्नानघर, लकर तथा कुर्सीहरू आदि भाडामा लगाउने क्रियाकलाप
- मनोविनोद/मनोरञ्जनका यातायातका साधनहरूको सञ्चालन जस्तैः मेरिना, डुङ्गा, ऱ्याफ्टिङ आदि
- हिँउमा खेलिने चिप्लेटी पहाडको (ski hills) सञ्चालन
- फुर्सद र आनन्दका क्षणमा एकीकृत मनोरञ्जनका सुविधाहरूका साधनहरूको भाडामा दिने कार्यहरू
- मनोविनोद प्रकृतिका मेलाहरू तथा प्रदर्शनीहरूको सञ्चालन
- डिस्को, पुल हाउस तथा नृत्यशाला, दोहरी, रोदीघरको सञ्चालन
- मेसिनमा सिक्का छिराएर खेलिने खेलहरूको सञ्चालन
- अन्यत्र कतै वर्गीकृत नभएका अन्य रमाइला वा आनन्ददायक तथा मनोरञ्जनका क्रियालापहरू
- आयोजक वा उद्यमीद्वारा आयोजित कलाहरू वा खेलकुदहरूका कार्यक्रमहरूबाहेकका सुविधाहरूसहित वा रहित प्रत्यक्षरूपमा प्रस्तुति गर्ने क्रियाकलापहरू

नोटः यो वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिँदैन ।

- माछा मार्ने पानीजहाजहरू (cruises), हेर्नुहोस् ५०११, ५०२१

- मनोरञ्जनका उद्यानहरू र जङ्गलहरू तथा क्याम्पचौरहरूमा भ्रमणकर्ताहरूका लागि छोटो अवधिका लागि स्थान तथा सुविधाहरूको प्रावधान भएको, हेर्नुहोस् ५५२०
- डिस्कोशालाहरूमा मदिरा तथा पेयपदार्थ सेवा वितरण गर्ने क्रियाकलापहरू, हेर्नुहोस् ५६३०
- ट्रेलर उद्यानहरू, क्याम्पचौरहरू, मनोरञ्जनात्मक क्याम्पहरू, शिकार खेल्ने तथा माछा मार्ने क्याम्पहरू, क्याम्पसाइटहरू तथा क्याम्पचौरहरू, हेर्नुहोस् ५५२०
- फुर्सद र आनन्दका क्षणमा खेलिने साधनहरूको अलग अलग भाडामा दिने कार्य, हेर्नुहोस् ७७२१
- मेसिनमा सिक्का छिराएर खेलिने जुवाखेलहरूको सञ्चालन, हेर्नुहोस् ९२००
- मनोविनोद उद्यान तथा विषयगत उद्यानहरूको सञ्चालन, हेर्नुहोस् ९३२१

# खण्ड एस : अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरू
# (Other service activities)

यो खण्डले बाँकी रहेको क्रियाकलाप समूहको रूपमा सदस्य सङ्गठनहरूको क्रियाकलापहरू, व्यक्तिगत तथा घरपरिवारको सामानहरू र कम्प्युटरहरूको मर्मत तथा यस वर्गीकरणमा कहिँ कतै उल्लेख नगरिएका विविध प्रकारका व्यक्तिगत सेवा क्रियाकलापहरू समावेश गरिन्छ ।

## 94 व्यवसायिक संस्थाहरूका क्रियाकलापहरू (Activities of membership organizations)

यो डिभिजनले विशेष समूहहरूको अभिरुचीलाई प्रतिनीधित्व गर्ने वा सामान्य नागरिकमा चेतना जगाउने तथा प्रवर्द्धन गर्ने क्रियाकलापहरू समावेश गरिन्छ । यस्ता सङ्गठनहरू तथा संस्थाहरूका प्रायः सदस्यहरूको विधान बनेको हुन्छ तर ती संस्थाहरूका क्रियाकलापहरूले गैरसदस्यहरू तथा उनीहरूलाई लाभ हुने क्रियाकलापहरू पनि समावेश गरिन्छ । प्राथमिकरूपल यो डिभिजनको वर्गीकरण, ती संस्थाहरूले पुऱ्याउने सेवाको उद्देश्य, विशेषतः रोजगारदाताहरूको अभिरुचीहरू, स्वरोजगार व्यक्तिहरू तथा वैज्ञानिक समुदाय ( समूह ९४१), श्रमिक कर्मचारीहरूको अभिरुचिहरू (समूह ९४२) वा धार्मिक, राजनैतीक, सांस्कृतिक, शैक्षिक वा मनोरञ्जनात्मक विचारहरू तथा क्रियाकलापहरू (समूह ९४९) को प्रवर्द्धन गर्ने क्रियाकलापहरूबाट निर्धारण गरिन्छ ।

## 941 व्यावसायी, रोजगारदाता तथा पेशागत सदस्य संस्थाका क्रियाकलापहरू (Activities of business, employers and professional membership organizations)

यो समूहमा रोजगारदाता सङ्गठनहरू तथा व्यवसायहरूको अभिरुचिहरूलाई प्रवर्द्धन गर्ने एकाइहरूको क्रियाकलापहरूलाईसमावेश गरिन्छ । पेशागत सदस्य संस्थाहरूको सन्दर्भमा पेशागत सदस्यहरूका पेशा व्यवसाय अभिरुचिहरू प्रवर्द्धन गर्ने क्रियाकलापहरू पनि यो समूहमा समावेश गरिन्छ ।

## 9411 व्यावसायी तथा रोजगारदाता सदस्य संस्थाका क्रियाकलापहरू (Activities of business and employers membership organizations)

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिन्छ ।

- व्यवसाय सङ्गठनहरू जसका सदस्यहरूले आफ्नो व्यापार तथा व्यवसायको निश्चित कार्यक्षेत्रमा इन्टरप्राइजेजहरू साथै कृषि व्यवसायको समृद्धि तथा विकासमा र आफ्नो व्यवसायको कार्यक्षेत्रबाहेक कुनै भौगोलिक तथा राजनैतीक उपक्षेत्रको जलवायु र आर्थिक बृद्धिका लागि गरिने क्रियाकलापहरू
- यस्ता सङ्गठनहरूको फडरेसनहरूका क्रियाकलापहरू
- व्यापार संघहरू, उद्योग परिसंघ, च्याम्वर अफ कमर्स, FNCCI, उद्योग तथा बाणिज्य महासंघ जस्ता सङ्गठनहरूका क्रियाकलापहरू
- व्यावसायी तथा रोजगारदाता सदस्य संस्थाको सार्वजनिक सम्बन्धमा, व्यवसायमा श्रम सम्झौता जस्ता विषयहरू र व्यवसायी तथा रोजगारदाता सदस्य संस्थाहरूका सम्बन्धका बारेमा सूचनाको प्रसारण तथा वितरण गर्ने कार्य

नोटः यसअन्तर्गत निम्न क्रियाकलापहरू समावेश गरिँदैन ।

○ ट्रेड युनियनहरूको क्रियाकलापहरू, हेर्नुहोस् ९४२०

## 9412 पेशागत सदस्य सङ्गठनहरूका क्रियाकलापहरू (Activities of professional membership organizations)

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिन्छ ।

- त्यस्ता सङ्गठनहरू जसका सदस्यहरूको अभिरुची मुख्यरूपले निश्चित वैज्ञानीक क्षेत्रमा, पेशागत अभ्यासमा वा प्राविधिक क्षेत्रमा जस्तैः मेडिकल सङ्गठनहरू (एशोसिएसन), कानूनी सङ्गठनहरू, लेखा सङ्गठनहरू जस्तैः Institute of charter accountant of Nepal, इन्जिनियरिङ सङ्गठनहरू (एशोसिएसन), आर्किटेक्चर संघ सङ्गठनहरू आदिका क्रियाकलापहरू
- सांस्कृतिक क्रियाकलापहरूमा आवद्ध विशेषज्ञहरूको सङ्गठनहरू जस्तैः लेखकहरू, चित्रकार, विभिन्न प्रकारका कलाकर्मीहरू, अभिनेताहरू, पत्रकारहरू, आदिका पेशागत संघ/संस्थाहरूको क्रियाकलापहरू
- सरकारी निकायहरू तथा पेशागत सङ्गठनहरूको सार्वजनिक सङ्गठनहरूको अगाडि प्रतिनिधित्व गर्दै स्तरीकृत/स्टाण्डर्ड अभ्यासको स्थापना तथा सुपरिवेक्षण तथा सुचनाको प्रसारण तथा वितरण
- स्थापित समाजहरूको क्रियाकलापहरू

नोटः यसअन्तर्गत निम्न क्रियाकलापहरू समावेश गरिँदैन ।

○ यस्ता सङ्गठनहरूले प्रदान गर्ने शिक्षासम्बन्धी क्रियाकलापहरू, हेर्नुहोस् डिभिजन ८५

## 942 श्रमिक सङ्गठनहरू वा ट्रेड युनियनहरूका क्रियाकलापहरू (Activities of trade unions)

हेर्नुहोस् वर्ग ९४२०

## 9420 श्रमिक सङ्गठन वा ट्रेड युनियनहरूका क्रियाकलापहरू (Activities of trade unions)

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिन्छ ।

- सङ्गठित श्रमिक तथा युनियनका मजदुरहरू वा कर्मचारीहरूको आभिरुचिहरूको प्रवर्द्धन गर्ने
- त्यस्ता सङ्गठनहरू जसका सदस्यहरू मुख्यतः ती सङ्गठनहरूमार्फत् त्यस संस्थाका कर्मचारीहरूको हक हित, तलव र कार्य स्थलको स्थितिबारे आवाज उठाउने क्रियाकलापहरू
- एउटै प्रतिष्ठानका श्रमिक सङ्गठनहरू वा शाखा संस्थाहरूका ट्रेड युनियनहरू, क्षेत्रीय, पेशागत क्षेत्र, सांगठनीक संरचना वा अन्य आधारमा सम्बद्ध युनियनहरूको क्रियाकलापहरू

नोटः यसअन्तर्गत निम्न क्रियाकलापहरू समावेश गरिँदैन ।

○ यस्ता सङ्गठनहरूले प्रदान गर्ने शिक्षासम्बन्धी क्रियाकलापहरू, हेर्नुहोस् डिभिजन ८५

## 949 अन्य सदस्य संस्थाका क्रियाकलापहरू (Activities of other membership organization)

यो समूहमा व्यापार तथा रोजगारदाताहरूका सङ्गठनहरू, पेशागत सङ्गठनहरू, ट्रेड युनियनहरूबाहेकका सांगठनीक एकाइहरू जसले आफ्ना सदस्यहरूको अभिरुचिहरूलाई प्रवर्द्धन गर्दछन् ती एकाइहरूको क्रियाकलापहरूलाई समावेश गरिन्छ ।

## 9491 धार्मिक संस्थाका क्रियाकलापहरू (Activities of religious organization)

यस वर्गमा निम्न क्रियाकलापहरू समावेश गरिन्छ ।

- धार्मिक संस्थाहरू वा व्यक्तिहरू जसले प्रत्यक्षरूपमा चर्चहरू, मस्जिदहरू, मन्दिरहरू, गुम्बाहरू synagogues वा यस्तै अन्य स्थानहरूमा भक्तजनहरूलाई सेवा पुर्‍याउने क्रियाकलापहरू
- धार्मिक रूपमा गरिने मृत्युसम्बन्धी क्रियाकलापहरू

नोटः यसअन्तर्गत निम्न क्रियाकलापहरू समावेश गरिँदैन ।

- ○ यस्ता सङ्गठनहरूले प्रदान गर्ने शिक्षासम्बन्धी क्रियाकलापहरू, हेर्नुहोस् डिभिजन ८५
- ○ यस्ता सङ्गठनहरूले प्रदान गर्ने स्वास्थ्यसम्बन्धी क्रियाकलापहरू, हेर्नुहोस् डिभिजन ८६
